## प्रदेश सभा सचिवालय

गण्डकी प्रदेश सभा
नदिपुर, पोखरा
फोन नम्बरः ९८५६०११८४२
ईमेलः pacgandaki12@gmail.com

सार्वजनिक लेखा समिति
वार्षिक प्रतिवेदन २०८१

गण्डकी प्रदेश सभा

# सार्वजनिक लेखा समिति

पोखरा, नेपाल




# वार्षिक प्रतिवेदन २०८१

प्रदेश सभा सचिवालय
गण्डकी प्रदेश सभा
नदिपुर, पोखरा
फोन नम्बरः ९८५६०११८४२
ईमेलः pacgandaki12@gmail.com

गण्डकी प्रदेश सभा

# सार्वजनिक लेखा समिति

पोखरा, नेपाल

# बार्षिक प्रतिवेदन २०८१

## प्रदेश सभा सचिवालय

गण्डकी प्रदेश सभा

नदिपुर, पोखरा

फोन नम्बर: ९८५६०११८४२

ईमेल: pacgandaki12@gmail.com

## मन्तव्य

**माननीय सभामुख महोदय,**

सार्वजनिक लेखा समितिको कार्यक्षेत्रभित्र विभिन्न निकायका सार्वजनिक लेखा सम्बन्धित अध्ययन तथा महालेखा परिक्षकको वार्षिक प्रतिवेदनले देखाएका वेरुजु सम्बन्धी विषयहरु रहेको कुरा त सम्मानीत सदनलाई अवगत नै छ। सोही अनुसार प्रदेश सरकारका मन्त्रालय र अन्तरगतका निकायको सार्वजनिक लेखासँग सम्बन्धित नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्याङ्कन गरी प्रदेश सरकारलाई जनउत्तरदायी र जवाफदेही वनाउनका लागि ती क्रियाकलापको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनु समितिको मुख्य कार्य रहेको छ । साथै महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परिक्षकद्वारा सम्पादित काम कारवाही र सो सम्बन्धमा सम्बन्धित निकायवाट हुनु पर्ने काम कारवाही कानूनसङ्गत र औचित्यपूर्ण तवरवाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिने तथा समितिका कार्यक्षेत्र भित्रका विषयमा प्राप्त उजुरी, निवेदन, सञ्चार माध्ययममा आएका विषय, सरोकारवालाका चासोका विषयमा छलफल जाँच गरी आवश्यक निर्देशन दिने लगायतका कार्यक्षेत्र रहेका छन ।

**माननीय सभामुख महोदय,**

समितिको कार्यक्षेत्रभित्रका महालेखापरीक्षकको हालसम्मका वार्षिक प्रतिवेदनमाथि विचार विमर्श गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा यसको नियमितता, औचित्यता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता तथा त्यसको कार्यान्वयन गर्नेतर्फ वाञ्छित प्रगति हुन सकेको छ वा छैन ? आर्थिक अनुशासन उल्लंघनकर्तालाई कानूनको दायराभित्र ल्याउन सकेको छ वा छैन ? सुशासन अभिवृद्धि गर्नेतर्फको काम कारबाहीको स्थिति सन्तोषजनक छ वा छैन ? भन्ने विषय अध्ययन गरी उल्लिखित कार्यहरुलाई दक्षतापूर्वक सञ्चालन गराउन अवलम्बन गर्नुपर्ने नीति वा कार्यप्रणाली बारे खुलाई सदनमा प्रतिवेदन पेश गर्नु यस समितिको कार्य क्षेत्र भित्र पर्दछ । यस प्रतिवेदनमा हालसम्म समितिद्वारा सम्पादित कार्यहरुलाई समेटिएको छ ।

एकातर्फ प्रदेशमा बेरुजुको आकार बढ्दै गइरहेको अवस्था छ भने अर्कोतर्फ महालेखापरीक्षकको छलफल हुन बाँकी रहेका हालसम्मका पाँचवटै वार्षिक प्रतिबेदनमा बेरुजु फछ्यौटका लागि समितिले योजनावद्ध ढङ्गबाट निरन्तररुपमा छलफल गरिरहेको व्यहोरा अवगत नै छ। यस अवधिमा विभिन्न मन्त्रालयहरु, संवैधानिक निकाय, समिति तथा सचिवालयको नाममा रहेका महालेखा परीक्षकको पहिलो देखि पाचौं वार्षिक प्रतिवेदनसम्मका महालेखापरीक्षकका प्रतिवेदनहरुमा उल्लिखित बेरुजु उपर छलफल गरी नीतिगत तथा प्रणालीगत विषयहरुमा सुधार गर्न, सुशासन तथा आर्थिक अनुशासन कायम गर्ने दिशामा आवश्यक राय, सुझाव तथा निर्देशनहरु दिएको छ ।

महालेखा परीक्षकको प्रतिवेदनका सम्बन्धमा विभिन्न मितिमा भएका समिति र समिति अन्तर्गत गठित उपसमितिको वैठकमा भएको छलफलका आधारमा समितिले विभिन्न सुधारका विषयहरु समेत पहिचान गरेको छ। प्रदेश सरकारको राजस्वको नयाँ श्रोतहरु पहिचान गरी सरकारको आम्दानी र हालको कार्यप्रणालीमा व्यापक सुधार गरी सरकारको खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्ने, प्रचलित कानुनको पूर्ण कार्यान्वयन गर्न गराउन तथा कानुन कार्यान्वयन नगर्दा दण्डित हुने व्यवस्था मिलाउनुपर्ने, प्रदेश सभाले स्वीकृत गरेभन्दा फरक शीर्षकमा रकमान्तर गर्न नपाईने कानुनी व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने, सार्वजनिक खरिद कार्य खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनिय वनाउन टुक्रा टुक्रा पारी गरिने खरिद कार्यलाई नियन्त्रण गर्नुपर्ने, प्रदेश सरकारले प्रदान गरेको क्षेत्रगत अनुदानको हालसम्मको उपलब्धी मापन गरी अनुदानलाई खुला, पारदर्शी, वस्तुनिष्ठ, लक्षित वर्ग केन्द्रित तथा विश्वसनिय बनाउन मापदण्ड सहितको उपयुक्त कार्यविधि तयार गरी विवेकपूर्ण ढंगले अनुदान प्रदान गर्ने गरी अनुदान नीतिमा पुनरावलोकन गर्नुपर्ने, अनुगमन मुल्याङ्कनलाई वस्तुनिष्ठ, तथ्यपरक, पारदर्शी, समस्या केन्द्रित र उपलब्धीमुलक वनाउन उपयुक्त अनुगमन मुल्याङ्कन कानून वनाई लागु गर्नुपर्ने, वेरुजु फर्छ्यौटलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्ने, कार्यालयसँग विशेषज्ञ जनशक्ति उपलब्ध हुँदाहुँदै पनि परामर्श सेवा खरिद गरी गरिने कार्य तत्काल नियन्त्रण गर्नुपर्ने, प्रदेश गौरवका आयोजनालाई तोकिएको लक्ष्य अनुरुप समयमै सम्पन्न हुनेगरी प्राथमिकतामा राखी बजेट विनियोजन गर्नुपर्ने लगायतका विषयमा समितिमा एकमत रहेको छ।

**माननीय सभामुख महोदय,**

सार्वजनिक लेखा समितिले प्रदेश सरकारले गर्ने रकमान्तरको विषय, चक्लावन्दी, कृषि अनुदान कार्यक्रम, होमस्टे कार्यक्रम र उपभोक्ता समितिबाट कार्यान्वयन भैरहेका आयोजनाहरुका अनियमितता सम्बन्धी गुनासाका विषय, निरन्तर वेरुजु फर्छ्यौटको अनुगमन गर्ने विषय, प्रदेश सरकारले अनुगमन मुल्याङ्कनमा गरेको खर्च र सोको उपलब्धी सम्बन्धित विषय, आर्थिक विषयसँग सम्बन्धित कानूनहरुको पालना भए नभएको विषय, समितिले समय समयमा दिएका निर्देशनको कार्यान्वयनको अवस्थाको नियमित निगरानी गर्ने विषयलाई समेत आगामी दिनमा प्राथमिकतामा राखी कार्यान्वयन गर्दै लैजाने व्यहोरा समेत सदनलाई जानकारी गराउन चाहान्छु ।

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गर्नुहुने माननीय सभामुखज्यूप्रति म हार्दिक आभार व्यक्त गर्दछु । साथै समितिका हरेक क्रियाकलापहरुमा सक्रियतापूर्वक सहभागी भई आ-आफ्नो भूमिका निर्वाह गर्नु हुने समितिका सम्पूर्ण माननीय सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। समितिका विभिन्न बैठकहरुमा उपस्थित भई प्रदेश सरकारका काम कारबाहीका बारेमा जानकारी एवं समितिका निर्देशनहरु कार्यान्वयनमा सहयोग पुर्‍याउनु हुने प्रदेश सरकारका माननीय मन्त्रीज्यू, संवैधानिक निकायका पदाधिकारीहरु, प्रदेश सरकारका प्रमुख सचिव, सचिव

लगायत मन्त्रालय मातहतका निकायका कर्मचारीहरुलाई समिति र मेरो तर्फबाट हार्दिक आभार प्रकट गर्दछु। समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने गण्डकी प्रदेश सभा सचिवालयका प्रदेश सभा सचिव, एवं प्रतिवेदन तयारीमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सचिवालयका कर्मचारी, पत्रकार र विभिन्न संघ संस्थाका प्रतिनिधिहरुसमेतलाई समितिको तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु। समितिका हरेक क्रियाकलापमा साथ रही कार्य गर्दै यस प्रतिवेदनलाई यो रुपमा तयार गर्ने समिति सचिव लगायत समिति सचिवालयका सम्पूर्ण कर्मचारीहरुलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

**माननीय सभामुख महोदय,**

माननीय सभामुख महोदयको अनुमतिले अब म सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०८१ सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

धन्यवाद ।

मितिः २०८१ साल जेठ २९ गते

.............................................

सार्वजनिक लेखा समिति

गण्डकी प्रदेश सभा

# विषय सूची


| | पेज नं. |
|---|---|
| **खण्ड एक : सार्वजनिक लेखा समितिको परिचय** | **१-४** |
| १.१. सार्वजनिक लेखा समितिको परिचय | १ |
| १.२. सार्वजनिक लेखा समितिको कार्यक्षेत्र | २ |
| १.३. सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार | २ |
| १.४. सार्वजनिक लेखा समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली | ३ |
| १.५. समिति सचिवालय | ३ |
| **खण्ड दुई : सार्वजनिक लेखा समितिले हालसम्म सम्पन्न गरेका मुख्य-मुख्य गतिविधि** | ५-१९ |
| २.१. गतिविधि सारांश | ५ |
| २.२. महालेखा परीक्षकको प्रतिवेदन छलफलको लागि समितिले अपनाएको कार्यविधि | ६ |
| २.३. महालेखा परीक्षकको विभिन्न वार्षिक प्रतिवेदनहरुमा औल्याइएका बेरुजुका सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिको विवरण | ७ |
| २.४. सार्वजनिक लेखा समिति/उपसमितिमा हाल सम्मका बैठक सम्बन्धी विवरण | ८ |
| २.५. कार्यप्रगति विवरण | १७ |
| २.६. समितिमा माननीय सदस्यको उपस्थिति विवरण | १८ |
| **खण्ड तीन : निष्कर्ष र सुझाव** | **२०-२१** |
| ३.१. महालेखा परीक्षकको प्रतिवेदनका सम्बन्धमा समितिको निष्कर्ष र सुझाव | २० |
| **खण्ड चार : महालेखा परीक्षकको प्रतिवेदन उपर भएका निर्यणहरु** | **२२-४४०** |
| ४.१ गण्डकी प्रदेश सभा सचिवालय | २२ |
| ४.२ मुख्यमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय | ३२ |
| ४.३ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७५ |
| ४.४ प्रदेश लोक सेवा आयोग | १२४ |
| ४.५ मुख्य न्याधिवक्ताको कार्यालय | १२७ |
| ४.६ प्रदेश नीति तथा योजना आयोग | १३४ |
| ४.७ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | १४० |
| ४.८ उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय | २१३ |
| ४.९ आर्थिक मामिला मन्त्रालय | २२९ |
| ४.१० भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३०१ |
| ४.११ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | ३७० |
| **अनूसूची (फोटोहरु)** | **४४१-४४३** |
| अनूसुची १ - सार्वजनिक लेखा समितिका पदाधिकारी | ४४१ |
| अनूसुची २ - सचिवलायका कर्मचारीहरु | ४४२ |
| अनूसुची ३ - सार्वजनिक लेखा समितिको बैठकका केही झलकहरु | **४४३** |

# खण्ड एक
# सार्वजनिक लेखा समितिको परिचय

## १.१. सार्वजनिक लेखा समितिको परिचय

संसदीय अभ्यासको एक महत्त्वपूर्ण विशेषता संसदीय समितिहरूको व्यवस्था हो। नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रदेश सभा नियमावली, २०८० को नियम १५२ ले विभिन्न चार विषयगत समितिको व्यवस्था गरेको छ । यि विषयगत समितिमध्ये सार्वजनिक लेखा समिति एक महत्वपूर्ण समिति रहेको छ । नियमावलीको व्यवस्था अनुसार नै मिति २०८० साल साउन ३० गते गठन भई गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिले आफ्नो कार्यक्षेत्र अनुसारका कामकारवाही निरन्तर सम्पादन गर्दै आएको छ ।

विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतमा सन् १८६१ मा भएको थियो । सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनीतिक रूपमा काम गर्ने अपेक्षा गरिएको थियो । राज्यकोषको खर्च संसदले चाहेबमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य रहेको थियो। बेलायतमा स्थापित परम्परा अनुसार सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने गरिएको छ ।

नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो । राज्य पुनर्संरचनामा गएसँगै नेपालको संविधानले प्रत्येक प्रदेशमा एक प्रदेश सभा रहने तथा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार गण्डकी प्रदेश सभा नियमावली, २०८० ले बढीमा १५ सदस्य रहने गरी सार्वजनिक लेखा समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ । नियमावलीको व्यवस्था अनुसार समितिमा १५ जना सदस्य रहने गरी गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समिति गठन भएको छ ।

## १.२. सार्वजनिक लेखा समितिको कार्यक्षेत्र

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ अनुसार सार्वजनिक लेखा समितिको कार्यक्षेत्र सार्वजनिक लेखा, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र सार्वजनिक लेखा सम्बन्धि विषय र निकाय रहेको छ ।

## १.३. सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ ।

क) प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धित नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने तथा समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन सभामा पेस गर्ने,

ख) प्रदेश सरकारलाई जनउत्तरदायी र जवाफदेही बनाउनका लागि प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सुझाव दिने,

ग) सार्वजनिक लेखा समितिले सभामा पेस गरिएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परीक्षकद्वारा सम्पादित काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानूनसङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिने,

घ) सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

ण) समितिको कार्यक्षेत्रभित्रका विषयमा प्राप्त उजुरी, निवेदन, सञ्चार माध्यममा आएका विषय, सरोकारवालाको चासो एवम् समितिले आवश्यक ठानेका विषयमा जाँच गरी आवश्यक निर्देशन दिने,

च) प्रदेश भित्रका सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन, राय वा सुझाव दिने र सभामा प्रतिवेदन पेस गर्ने,

छ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

ज) सार्वजनिक वा सरकारी आय व्यय, खर्च प्रणाली, सार्वजनिक सम्पत्ति, ऋण सहायताको कानुन अनुसार सुरक्षा, व्यवस्थापन र सञ्चालनको नियमनलाई दायरा मानिने,

झ) समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी सभामा प्रतिवेदन पेस गर्ने,

ञ) सभाद्वारा तोकिएको अन्य कार्य गर्ने ।

## १.४. सार्वजनिक लेखा समितिमा रहनुभएका माननीय सदस्यको नामावली

| क्र.सं. | नाम, थर | पदाधिकार | सम्बद्ध दल |
|---|---|---|---|
| १ | मा. सुधिर कुमार पौडेल | सभापति | नेपाल कम्युनिष्ट पार्टी एमाले) |
| २ | मा. कल्पना तिवारी | सदस्य | नेपाली काँग्रेस |
| ३ | मा. कृष्ण प्रसाद पाठक | सदस्य | नेपाल कम्युनिष्ट पार्टी एमाले) |
| ४ | मा. खगराज अधिकारी | सदस्य | नेपाल कम्युनिष्ट पार्टी एमाले) |
| ५ | मा. जित बहादुर शेरचन | सदस्य | नेपाली काँग्रेस |
| ६ | मा. डा. टकराज गुरुङ | सदस्य | नेपाली काँग्रेस |
| ७ | मा. टिका कुमारी बस्याल | सदस्य | नेपाली काँग्रेस |
| ८ | मा. दमयन्ती रुचाल | सदस्य | नेपाल कम्युनिष्ट पार्टी |
| ९ | मा. दोर्ण कुमार कुँवर | सदस्य | नेपाली काँग्रेस |
| १० | मा. नन्दकला दमै नेपाली | सदस्य | नेपाल कम्युनिष्ट पार्टी एमाले) |
| ११ | मा. निर्मला थापा | सदस्य | नेपाल कम्युनिष्ट पार्टी एमाले) |
| १२ | मा. पञ्चराम गुरुङ | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १३ | मा. भीम बहादुर कार्की | सदस्य | नेपाल कम्युनिष्ट पार्टी एमाले) |
| १४ | मा. सरस्वती गुरुङ | सदस्य | नेपाली काँग्रेस |
| १५ | मा. हरि बहादुर चुमान | सदस्य | नेपाल कम्युनिष्ट पार्टी |

## १.५. समिति सचिवालय

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १७१ मा समिति सचिवालयको व्यवस्था रहेको छ । उक्त नियममा प्रदेश सभा सचिवालय अन्तर्गत प्रत्येक समितिको सचिवालय रहने, प्रदेश सभा सचिव प्रत्येक समितिको पदेन सचिव हुने, सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने र समितिको सचिवले

समितिको कार्य सम्पादनमा सहयोग पुर्याउन सभापतिसँगको समन्वय गरी सम्बन्धित मन्त्रालय, विभाग वा निकायकसँग आवश्यक जानकारी माग गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार सार्वजनिक लेखा समिति सचिवालयमा निम्नानुसारका कर्मचारी कार्यरत रहेका छन् ।

| क्र.स. | पद | नाम थर | समिति सविवालयमा |
|---|---|---|---|
| १ | प्रदेश सभा सचिव | श्री हरिराज पोखरेल | पदेन सचिव |
| २ | उपसचिव | श्री प्रेम सुबेदी | समिति सचिव |
| ३ | लेखा अधिकृत | श्री पदमराज बराल | अधिकृत कर्मचारी |
| ४ | अधिकृत आठौं | श्री शशिधर सुबेदी | अधिकृत कर्मचारी |
| ५ | अधिकृत छैठौं | श्री चन्द्रकला बस्नेत | अधिकृत कर्मचारी |
| ६ | नायव सुब्बा | श्री विमल के.सी. | सहायक कर्मचारी |
| ६ | कार्यालय सहयोगी | श्री सुनिता मुक्तान राई | कार्यालय सहयोगी |

# खण्ड दुई
# सार्वजनिक लेखा समितिले हालसम्म सम्पन्न गरेका मुख्य-मुख्य गतिविधि

## २.१. गतिविधि सारांश

गण्डकी प्रदेश सभाका ४ वटा विषयगत समिति मध्येको एक समिति सार्वजनिक लेखा समिति हो। प्रदेश सभा नियमावली, २०८० को नियम १५२ ले व्यवस्था गरे बमोजिम यो समिति गठन भई २०८० असोज २१ मा पहिलो बैठक बसे पश्चात हालसम्मका ८ महिनामा समितिले कार्यविधि निर्माण, सार्वजनिक लेखा सम्बन्धी र महालेखा परीक्षकको बार्षिक प्रतिवेदनहरु माथि छलफल गरी निर्देशन दिने कार्यहरुमा व्यापक, निरन्तर र सक्रिय रुपमा काम गरिरहेको छ । समितिले गरेका कामकारवाही र दिएका निर्देशनहरुको संकलन गरी यो वार्षिक प्रतिवेदन समितिले प्रकाशन गरेको छ ।

समिति गठनको सुरुवातमा यस समितिको कामकारवाही व्यवस्थित, अनुशासित तथा मर्यादित रुपमा सञ्चालन गर्न सार्वजनिक लेखा समितिको कार्यविधि, २०८० निर्माण गरी समितिमा प्रतिवेदन पेश गर्न समितिले उपसमिति गठन गरेको थियो । उक्त उपसमितिले पेश गरेको कार्यविधिलाई समितिले २०८०।०९।१९ मा पारित गरी कार्यान्वयनमा ल्याएको छ ।

यस अवधिमा समितिले धेरै लामो समयदेखि छलफल नभई थाँती रहेका महालेखा परीक्षकको गण्डकी प्रदेशका पहिलो देखि पाचौं बार्षिक प्रतिवेदनहरुमा रहेका बेरुजु उपर गण्डकी प्रदेश सरकारका पदाधिकारी, निमित्त महालेखापरिक्षक, महालेखा परिक्षकको कार्यालयका प्रतिनिधि लगायतका सरोकारवालाहरुसँग छलफल गरी देखिएका बेरुजु सम्परीक्षण तथा फरफारक गर्ने, नियमित गर्ने लगायतका कार्यमा सम्बन्धित लेखाउत्तरदायी अधिकृत, प्रदेश सरकार र अन्य सम्बन्धित व्यक्ति तथा निकायहरुलाई निर्देशन दिन ३ वटा उपसमितिहरु गठन गरी तोकिएका कार्यहरु पुरा गरी प्रतिवेदन पेश भई समितिबाट पारित भैसकेको छ ।

समितिले "भ्रष्ट्राचार नियन्त्रणमा सार्वजनिक लेखा समितिको भूमिका सम्बन्धी नागरिक संवाद कार्यक्रम" सञ्चालन गरी आर्थिक मामिला मन्त्री, विभिन्न सरकारी निकायका प्रतिनिधि, प्रदेश स्थित पत्रकार, नागरिक समाजका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, विभिन्न सरकारी निकायका प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि तथा प्रदेश स्थित बौद्धिक व्यक्तित्व समेतको राय सुझाव ग्रहण गरेको थियो । साथै, यस अवधिमा समितिले, बेरुजु फस्यौंटमा तदारुकताका साथ कार्ययोजना बनाई कार्य गर्न र समयमै सम्परीक्षण गराई फरफारक गर्न/गराउन तथा आर्थिक प्रशासन सञ्चालन गर्दा कम भन्दा कम बेरुजु कायम गर्ने गराउने तर्फ ध्यान दिन समेत निर्देशन दिईएको छ ।

त्यसै गरी प्रदेशको आर्थिक गतिविधिको विषयमा राजस्व संकलन, वजेट खर्चको प्रवृति, सेवा प्रवाहको अवस्था, कार्यक्रम कार्यान्वयनको अवस्था, प्रत्यक्ष अनुदानवाट प्राप्त उपलब्धी, अनुगमनको प्रभावकारीता जस्ता विभिन्न क्षेत्रहरुका सन्दर्भमा आर्थिक मामिला मन्त्री र आर्थिक मामिला मन्त्रालयका सचिवसँग समेत छलफल गरी विभिन्न विषयमा निर्देशन दिएको छ।

**२.२. महालेखा परीक्षकको प्रतिवेदन छलफलको लागि समितिले अपनाएको कार्यविधि**

महालेखा परीक्षकको प्रतिवेदनहरुको समितिमा अध्ययन र छलफलको सुरुवात मिति २०८० साल पुस १९ गतेको वैठकवाट भएको थियो । समितिको उक्त वैठकको अवधिसम्म महालेखा परीक्षकको पहिलो देखि पाँचौ सम्म गरी जम्मा पाँच प्रतिवेदन समितिमा प्राप्त भएका थिए भने दोस्रो प्रतिवेदनको सन्दर्भमा उपसमिति गठन भई सवै मन्त्रालय तथा निकायको वेरुजु सम्बन्धमा छलफल भएको तर सो सम्बन्धि प्रतिवेदन तयार नभएको अवस्था थियो । यस अवस्थालाई मध्येनजर गर्दै प्राप्त भएका सवै प्रतिवेदन अध्ययन गरी सभामा प्रस्तुत गर्न निम्नानुसारको कार्यसूची तयार गरी कार्यतालिका स्वीकृत गरी महालेखा परीक्षकको प्रतिवेदनहरुको अध्ययन र छलफलको कार्यक्रम शुरु समितिको उक्त वैठकवाट भएको थियो ।

१. महालेखा परीक्षकको गण्डकी प्रदेशको पहिलो देखि पाँचौ सम्मका वार्षिक प्रतिवेदनमा देखिएको वेरुजुको कारण, मुख्य समस्या, समस्या समाधानका उपाय तथा वेरुजु फर्छ्यौटको हालसम्मको अवस्था लगायत अन्य सम्बन्धित विषयहरुमा प्रदेश सरकारका सवै मन्त्रालय, आयोग, सचिवालय, अन्य संस्था तथा सम्बद्ध निकायहरुका लेखा उत्तरदायी अधिकृतसँग छलफल गरिएको,

२. महालेखा परीक्षकका कार्यालयका प्रतिनिधिको उपस्थितिमा पाँचवटै महालेखा परीक्षकको गण्डकी प्रदेशको प्रतिवेदनहरुमा छलफल गरिएको । उक्त वैठकमा प्रदेश प्रमुख प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख लगायत सवै लेखा उत्तरदायी अधिकृत समेतलाई आमन्त्रण गरिएको,

३. बेरुजु सम्बन्धि विस्तृत छलफल गर्न उपसमिति गठन गरिएको,

४. उपसमितिमा सम्बन्धित मन्त्रालय, निकाय तथा सचिवालयको बेरुजु सम्बन्धमा विस्तृत छलफल गरिएको, मौखिक तथा लिखित स्पष्टिकरण माग गरिएको र ति विषय समेटी समिति समक्ष प्रतिवेदन पेश गरिएको,

५. उपसमितिको प्रतिवेदन अनुसार समितिमा छलफल गरी निकालिएको निष्कर्षअनुसार सुधार र सम्परिक्षणको लागि निर्देशन दिईएको । उपरोक्त निर्देशनहरु समेत समावेश गरी अन्तिम प्रतिवेदन तयार गरी प्रदेश सभामा पेश गर्ने ।

## २.३. महालेखा परीक्षकको विभिन्न वार्षिक प्रतिवेदनहरुमा औंल्याइएका बेरुजुका सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिको विवरण

महालेखा परीक्षकको हालसम्मका सवै बार्षिक प्रतिवेदनले औंल्याएको गण्डकी प्रदेश अन्तर्गतका मन्त्रालय तथा निकायहरुमा देखिएको बेरुजु र बेरुजु फर्छ्यौटका लागि गरिएका कार्यहरुको विस्तृत विवरण तयार गरी २०८० फागुन १५ गते भित्र समिति समक्ष प्रतिवेदन पेश गर्नेगरी तपशिल बमोजिमका मन्त्रालय तथा निकायहरु हेर्ने गरी उपमितिहरु गठन भएको थियो। उपसमितिले तोकिएको म्यादमा केही समय थप गरी समिति समक्ष प्रतिवेदन पेश गरेको छ ।

**बेरुजु सम्बन्धी छलफल गर्न गठित उपसमितिहरु**

| क्र. स. | मन्त्रालय/ निकायहरु | माननीय सदस्यको नाम | पद |
|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय साविक आन्तरिक मामिला मन्त्रालय, प्रदेश सभा मामिला, सञ्चार तथा कानुन विषय हेर्ने मन्त्रालय समेत) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश लोक सेवा आयोग, मुख्या न्याधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग । | मा. पञ्चराम गुरुङ | संयोजक |
| | | मा. जित बहादुर शेरचन | सदस्य |
| | | मा. टिका कुमारी वस्याल | सदस्य |
| | | मा. निर्मला थापा | सदस्य |
| २ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, आर्थिक मामिला मन्त्रालय । | मा. कृष्ण प्रसाद पाठक | संयोजक |
| | | मा. दमयन्ती रुचाल | सदस्य |
| | | मा. दोर्ण कुमार कुँवर | सदस्य |
| | | मा. सरस्वती गुरुङ | सदस्य |
| ३ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय साविक युवा तथा खेलकुद मन्त्रालय समेत) । | मा. कल्पना तिवारी | संयोजक |
| | | मा. डा. टकराज गुरुङ | सदस्य |
| | | मा. नन्दकला नेपाली | सदस्य |
| | | मा. भिम बहादुर कार्की | सदस्य |

## २.४. सार्वजनिक लेखा समिति/उपसमितिमा हाल सम्मका बैठक सम्बन्धी विवरण

समिति तर्फ

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| १ | २०८०।०६।२१ | कार्यविधि निर्माण गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको। |
| २ | २०८०।०६।३२ | सार्वजनिक लेखा समिति कार्यविधि २०८० को मस्यौदा निर्माणको लागि उपसमिति गठन गरिएको । |
| ३ | २०८०।०८।११ | सार्वजनिक लेखा समिति कार्यविधि २०८० कार्यविधि निर्माण उपसमितिले आफ्नो प्रतिवेदन पेश गरेको प्रतिवेदन उपर छलफल भएको तथा समितिको कार्यतालिका निर्माण गर्ने । |
| ४ | २०८०।०९।१९ | १) सार्वजनिक लेखा समिति कार्यविधि, २०८० कार्यविधि निर्माण उपसमितले पेश गरेको प्रतिवेदन पारित गर्ने ।<br>२) महालेखा परिक्षकको प्रतिवेदनहरुको अध्ययन र छलफलको लागि कार्यतालिका बनाई सम्बन्धित मन्त्रालय/ निकायहरुलाई छलफलका लागि पत्राचार गर्ने ।<br>३) समितले आयोजना गरेको "भ्रष्ट्राचार नियन्त्रणमा सार्वजनिक लेखा समितिको भूमिका सम्बन्धी नागरिक संवाद कार्यक्रम" मा समितिले तयार गरेको प्रतिवेदन अनुसार सरोकारवालाहरुले उठाउनु भएका महत्वपूर्ण सवालहरु पहिचान गरी सार्वजनिक लेखा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयहरुको बारेमा सम्बन्धित नियकायसँग छलफल गर्ने र अन्य विषयहरु सम्बन्धित समितिलाई जानकारी गराउने । |
| ५ | २०८०।०९।२४ | महालेखा परिक्षकको पाँचौ वार्षिक प्रतिवेदनमा यस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि तथा भूमि व्यवस्था मन्त्रालय तथा प्रदेश लोक सेवा आयोगका वेरुजुको अध्यावधिक विवरण र हालको अवस्थाको सम्बन्धमा सम्बन्धित कार्यालय/मन्त्रालय/ आयोगका लेखा उत्तरदायी अधिकृतहरुसँग छलफल भई उपरोक्त विषयमा थप अध्ययन गर्न लेखा उत्तरदायी अधिकृतहरुलाई निर्देशन दिइएको । |
| ६ | २०८।०९।२६ | १) उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई आफ्नो र |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | मातहतको कार्यालयहरुको वेरुजु सम्बन्धी विस्तृत विवरण सहित यहि पौष २९ गते बस्ने समितिको बैठकमा प्रस्तुत गर्ने गरी उपस्थित हुन निर्देशन दिईएको ।<br>२) भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई आफ्नो र मातहतका निकायहरुको बेरुजु सम्बन्धी विस्तृत विवरण १५ दिन भित्र तयार गरी समितिमा पठाउन निर्देशन दिईएको । |
| ७ | २०८०।०९।२९ | महालेखा परिक्षकको पाँचौ प्रतिवेदनमा औंल्याइएको गण्डकी प्रदेश अन्तर्गतका सरकारी कार्यालय, समिति तथा अन्य संस्थाहरुमा देखिएको बेरुजुको कारण, बेरुजु फछ्र्यौटको हालको अवस्था, मुख्य समस्या, समाधानका उपाय लगायत अन्य सम्बन्धित विषयहरुमा छलफल हुँदा उठेका विषयवस्तु लगायतका विषयमा केन्द्रित भई महालेख परिक्षकको गण्डकी प्रदेश हेर्ने प्रतिनिधि समेतको उपस्थितिमा गण्डकी प्रदेश सरकारका विभिन्न मन्त्रालय/ आयोग/ सचिवालयका लेखाउत्तरदायी अधिकृतहरु र प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख लेखा नियन्त्रक सहितको सहभागितामा तोकिएको मितिमा छलफलको लागि समितिको बैठकमा उपस्थितिको लागि सम्बन्धित निकायहरुलाई पत्राचार गर्ने निर्णय भएको। |
| ८ | २०८०।१०।०७ | १) महालेखा परिक्षकको पाँचौ प्रतिवेदनमा औंल्याइएको गण्डकी प्रदेश अन्तर्गतका प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र कृषि तथा भूमि व्यवस्था मन्त्रालयसँग सम्बन्धित महालेखा परीक्षकको पाँचौ प्रतिवेदनले औंल्याएको बेरुजु सम्बन्धमा सम्बन्धित मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखा परिक्षकको कार्यालयका प्रतिनिधि |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | समेतको उपस्थितिमा छलफल भएको । |
| ९ | २०८०।१०।०८ | महालेखा परिक्षकको पाँचौ प्रतिवेदनमा औंल्याइएको गण्डकी प्रदेश अन्तर्गतका प्रदेश लोक सेवा आयोग, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयसँग सम्बन्धित बेरुजु सम्बन्धमा सम्बन्धित मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र महालेखा परिक्षकको कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा छलफल भएको । आगामी दिनमा बैठकमा उपस्थित हुँदा बेरुजु फछ्र्यौट सम्बन्धी वस्तुनिष्ठ विवरण सहित उपस्थित हुने तथा बेरुजु फछ्र्यौटमा तदारुकता देखाई प्रगति हाँसिल गरी सोको विवरण समेत पेश गर्न लेखा उत्तरदायी अधिकृतलाई निर्देशन दिइएको। |
| १० | २०८०।१०।०९ | समितिको अघिल्ला बैठकहरुमा यस प्रदेशका सरकार अन्तर्गतका मन्त्रालय/निकायहरुका लेखा उत्तरदायी अधिकृतहरु, महालेखा परिक्षक कार्यालयका प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख तथा आर्थिक मामिला मन्त्रालयका माननीय मन्त्री तथा सचिवज्यूसँगको छलफल तथा अन्तर्क्रिया क्रममा उठेका विषयहरुको आगामी बैठकमा समिक्षा गर्ने निर्णय गरिएको । |
| ११ | २०८०।१०।१० | १) गण्डकी प्रदेश सरकारका मन्त्रालय तथा गण्डकी प्रदेश लोक सेवा आयोगको बेरुजु फछ्र्यौट गर्ने काममा लेखा उत्तरदायी अधिकृतले तदारुकता देखाई असुल उपर गर्नुपर्ने बेरुजु यथाशिघ्र उसुल उपर गर्ने र म्याद नाघेको पेश्की बेरुजु यथाशिघ्र फछ्र्यौट गर्ने । साथै, नियमित गर्ने बेरुजुको हकमा आवश्यक कागजात तथा प्रमाण संकलन गरी बेरुजु नियमित गरी सोको प्रगति प्रत्येक महिनाको पहिलो हप्ताभित्र समितिलाई जानकारी गराउन **मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश सरकारका सवै मन्त्रालय र गण्डकी प्रदेश लोक** |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | **सेवा आयोग**लाई निर्देशन दिईएको।<br>२) प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी नियमावली, २०७९ को नियम ८३ बमोजिम प्रदेश सरकारको सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान जग्गा, भवन, गाडी लगायत) को लगत अद्यावधिक गरी सोको अभिलेख राखि २ महिना भित्र समितिलाई जानकारी गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिईएको ।<br>३) गण्डकी प्रदेशका मन्त्रालय, निर्देशनालय, कार्यालय, प्रतिष्ठान र प्रदेश सभा सचिवालय लगायतका निकायहरुको वेबसाईटमा राखिएका विवरणहरु तथा सूचनाहरु अद्यावधिक नभएको जनगुनासो रहेकोले प्रदेश सरकार तथा मातहतका निकायका सवै सूचना प्रवाहलाई व्यवस्थित, अद्यावधिक तथा पारदर्शी बनाई खुल्ला सरकारको अवधारणालाई मुर्तरुप दिन सरकारी कार्यालयको वेवसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८ ले तोकेका वेवसाईटमा राखुपर्ने विषयवस्तु, सूचना तथा विवरणहरु यथाशिघ्र र नियमितरुपमा वेबसाईटमा अद्यावधिक गर्ने/गराउने व्यवस्था मिलाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिईएको ।<br>४) देहाय बमोजिमका कार्यक्रमहरुमा सम्बन्धित निकायहरुबाट थप विवरण माग गरी थप अध्ययन गर्ने निर्णय गरिएको।<br>१. चक्लाबन्धी कार्यक्रमः यस कार्यक्रम संचालन गर्ने कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई कार्यक्रमको कार्यविधि, हाल संचालनमा रहेका कार्यक्रमहरुको प्रगति विवरण, हालसम्म संचालन गरि पुरा भएका योजनाहरुको विवरण र ती कार्यक्रमहरुको अनुगमन, मूल्यांकन र प्राप्त उपलब्धी मापनको अवस्थाको बारेमा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | एकहप्ताभित्र समितिलाई जानकारी गराउन निर्देशन दिईएको ।<br>२. कृषि अनुदान कार्यक्रमः यस कार्यक्रम संचालन गर्ने कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई कृषिमा अनुदान दिन मन्त्रालयले तयार गरेको कार्यविधि,अनुदानको लागि छनौटको मापदण्ड, यस आ.व.मा अनुदान शिर्षकमा विनियोजित बजेट र सोको कार्यान्वयनको अवस्था, हालसम्म अनुदान कार्यक्रम मार्फत अनुदान प्रदान गरिएका फर्म/कम्पनी आदिको नाम, ठेगाना, अनुदान रकम र उदेश्य सहितको आर्थिक वर्ष अनुसारको विस्तृत विवरण १५ दिनभित्र समितिलाई जानकारी गराउन निर्देशन दिईएको ।<br>३. उपभोक्ता समितिबाट कार्यान्वयन भैईरहेका आयोजनाहरुः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई यस आ.व.मा संचालन भैरहेका उपभोक्ता समितिबाट सम्पन्न गरिने योजनाहरुको नाम, विनियोजित बजेट, ठेगाना र कार्यान्वयन गर्ने कार्यालय सहितको विस्तृत विवरण र उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने अपनाईएको कार्यविधि एक हप्ता भित्र समितिलाई उपलब्ध गराईएको ।<br>४. होमस्टे कार्यक्रमः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट हालसम्म अनुदान दिइएका होमस्टेहरुको नाम, विनियोजित बजेट, ठेगाना र कार्यान्वयन गर्ने कार्यालय सहितको विस्तृत विवरण, योजना कार्यान्वयन गर्न अपनाइएको कार्यविधि एक हप्ता भित्र समितिलाई उपलब्ध गराईएको । |
| १२ | २०८०।१०।१४ | समितिले विभिन्न बैठकहरुमा भएको छलफलबाट सम्बन्धित नियकायहरुलाई देहाय बमोजिमको निर्देशन दिईएको ।<br>१) प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी ऐन २०७८ को दफा ४० बमोजिमको बेरुजु फछ्यौंट |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | समितिलाई सक्रिय बनाई बेरुजु फछ्र्यौटको काम कारवाहीलाई अगाडि बढाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिईएको।<br>२) प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी ऐन २०७८ को दफा ३९ बमोजिम महालेखा परिक्षकको बार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुको सन्दर्भमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल हुँदा समितिको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, सो सम्बन्धमा आफ्नो राय, प्रतिक्रिया वा लिखित धारणा पेश गर्ने तथा बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने वा गराउँने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको भएकोमा सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका लेखा उत्तरदायी अधिकृतले सार्वजनिक लेखा समितिको वैठकमा उपस्थित हुने विषयलाई प्राथमिकता नदिएकाले वैठकमा अनिवार्य उपस्थित हुन तथा विशेष कारणले बैठकमा उपस्थित हुन नसक्ने भएमा सोको स्पष्ट व्यहोरा सहित सभापति वा सचिवालयलाई जानकारी गराई समितिको वैठकमा अख्तियारी सहित प्रतिनिधि खटाउने व्यवस्था गर्न गराउन सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिईएको ।<br>३) आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा पूँजीगत बजेट तर्फ अवण्डा रकम नराख्ने व्यवस्था गर्ने । विशेष कारणले पूँजिगत अवण्डा वजेट राख्नुपर्ने भएमा सोको कारण र उक्त वजेट खर्च गर्दा अपनाउने कार्यविधि विनियोजन विधेयकमा व्यवस्था गर्न आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिईएको ।<br>४) सार्वजनिक खरिदमा प्रतिष्पर्धा सिमित हुनेगरी कामलाई टुक्रा टुक्रा पारी कार्य गर्ने तथा सिमित आपूर्तिकर्ता तथा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | ठेकदारले मात्र प्रतिष्पर्धा गर्न सक्ने गरी स्पेशिफिकेशन तयार गरी खरिद गर्ने कार्य नगर्ने नगराउने र यस सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिईएको।<br>५) महालेखा परिक्षकको पाँचौं वार्षिक प्रतिवेदनमा कन्टिजेन्सी खर्चको अभिलेख नराखेको विषयमा समेत वेरुजु रहेकाले कन्टिजेन्सीवाट खर्च हुने रकमको अभिलेख राख्न तत्काल सुरु गर्ने तथा सो को अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्ने व्यवस्था मिलाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिईएको।<br>६) प्रदेश गौरवका आयोजनाको बजेट विनियोजन प्रयाप्त नदेखिएको र प्रगति सन्तोषजनक नदेखिएकोले बजेट विनियोजनमा प्रदेश गौरवका आयोजनालाई प्राथमिकतामा राखि तोकिएकै अवधिमा गौरवका आयोजना सम्पन्न हुने व्यवस्था मिलाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिईएको ।<br>७) आर्थिक अनुशासन कायम गराउने सन्दर्भमा तयार तथा कार्यविधिहरु तदारुकता साथ पूर्णरुपमा कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिने। साथै कार्यविधिले निर्धारण गरेका जटिल प्रक्रियाले गर्दा कार्यसम्पादनमा अनावश्यक ढिलाई भइरहेको गुनासो सम्बोधन गर्न आवश्यकता अनुसार प्रक्रिया सरलिकरण हुनेगरी नियम, निर्देशिका तथा कार्यविधिहरु संशोधन गरी सेवा प्रवाहलाई छिटो छरितो तथा चुस्त दुरुस्त बनाउन निर्देशन दिईएको ।<br>८) अतिरिक्त भत्ता, खाजा खर्च, अतिथि सत्कार, विविध खर्च, अन्तरप्रदेश भ्रमण, इन्धन, सवारी साधन मर्मत लगायतका शिर्षकमा चालु खर्च विनियोजन गर्दा प्रदेश कानूनमा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | तोकिएको वाहेक स्पष्ट औचित्य खुलेको अवस्थामा मात्र वजेट विनियोजन गरी यस्ता खर्चमा मितव्ययिता अपनाई आर्थिक अनुशासन कायम गर्न आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिईएको ।<br>९) प्रदेशको वार्षिक विकास कार्यक्रम अन्तर्गत वजेट विनियोजन भई कार्यान्वयनमा रहेका आयोजनाको अनुगमन प्रदेश सभा सदस्यले गर्ने विषयलाई कार्यान्वयन गर्न तथा अनुगमनलाई मितव्ययी, वस्तुनिष्ठ र पारदर्शी वनाउन अनुगमन तथा मूल्याङ्कन निर्देशिका यथाशिघ्र तयार गरी लागू गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिईएको।<br>१०) महालेखा परिक्षकको पाँचौ बार्षिक प्रतिवेदनले औल्याएको गण्डकी प्रदेश अन्तर्गतका मन्त्रालय/निकायहरुमा देखिएको बेरुजु र बेरुजु फर्छ्यौटका लागि गरिएका कार्यहरुको विस्तृत विवरण तयार गरी २०८० फागुन १५ गते भित्र समिति समक्ष प्रतिवेदन पेश गर्नेगरी ३ वटा उपसमितिहरु गठन गर्ने निर्णय भएको।<br>११) समितिले मिति २०८०।०८।१९ मा आयोजना गरेको नागरिक संवाद कार्यक्रममा सरोकारवालहरुले उठाउनु भएका महत्वपूर्ण सवालहरुको बारेमा सम्बन्धित गण्डकी प्रदेश सभाका विषयगत समितिहरुलाई जानकारी गराउने निर्णय भएको । |
| १३ | २०८१।०२।२४ | महालेखा परिक्षकको प्रतिवेदनहरुमा औल्याईएको बेरुजु सम्बन्धमा छलफल गर्न गठित उपसमितिहरुको म्याद जेठ २४ गतेसम्म थप गर्ने तथा उपसमितिले पेश गरेको प्रतिवेदन पारित गर्ने र सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन तयार गर्ने निर्णय भएको । |

उपसमिति तर्फः

| उपसमितिका माननीयहरुको नामावली | बैठक संख्या | बैठक बसेको मिति |
|---|---|---|
| **"सार्वजनिक लेखा समितिको कार्यविधि, २०८०" को मस्यौदा लेखन सम्बन्धि उपसमिति** | | |
| मा. पञ्चराम गुरुङ - संयोजक | १ | २०८०।०६।२४ |
| मा. दमयन्ती रुचाल - सदस्य | २ | २०८०।०६।२५ |
| मा. निर्मला थापा - सदस्य | ३ | २०८०।०६।२६ |
| मा. सरस्वती गुरुङ - सदस्य | ४ | २०८०।०६।२९ |
| | ५ | २०८०।०६।३० |
| | ६ | २०८०।०७।०२ |
| | ७ | २०८०।०७।२२ |
| | | |
| **महालेखा परिक्षकको प्रतिवेदनमा उल्लेखित बेरुजु सम्बन्धी उपसमिति १)** | | |
| मा. पञ्चराम गुरुङ - संयोजक | १ | २०८०।१०।१६ |
| मा. जितबहादुर शेरचन - सदस्य | २ | २०८०।१०।२३ |
| मा. टिकाकुमारी बस्याल - सदस्य | ३ | २०८०।१०।२४ |
| मा. निर्मला थापा - सदस्य | ४ | २०८०।११।०२ |
| | ५ | २०८०।१२।११ |
| **महालेखा परिक्षकको प्रतिवेदनमा उल्लेखित बेरुजु सम्बन्धी उपसमिति २)** | | |
| मा. कृष्ण प्रसाद पाठक - संयोजक | १ | २०८०।११।०३ |
| मा. दमयन्ती रुचाल - सदस्य | २ | २०८०।११।१३ |
| मा. दोर्ण कुमार कुँवर - सदस्य | ३ | २०८०।११।१८ |
| मा. सरस्वती गुरुङ — सदस्य | ४ | २०८०।१२।०९ |
| **महालेखा परिक्षकको प्रतिवेदनमा उल्लेखित बेरुजु सम्बन्धी उपसमिति ३)** | | |
| मा. कल्पना तिवारी - संयोजक | १ | २०८०।१०।२५ |
| मा. डा. टकराज गुरुङ - सदस्य | २ | २०८०।१०।२८ |
| मा. नन्दकला नेपाली - सदस्य | ३ | २०८०।१०।२९ |
| मा. भिमबहादुर कार्की — सदस्य | ४ | २०८०।१२।०४ |
| | ५ | २०८०।१२।११ |

## २.५. कार्यप्रगति विवरण

समितिको विभिन्न समयमा बसेको बैठकहरुको निर्देशन बमोजिम प्रदेश मातहतका मन्त्रालय/कार्यालय/आयोग/निकायहरुबाट तदारुकता देखाई तपशिल बमोजिमको निकायहरुमा भएको बेरुजु फछ्र्यौट तथा अन्य निर्देशनको कार्यप्रगति विवरणः

| क्र.सं. | मन्त्रालय/निकाय | प्राप्त प्रगति विवरण |
|---|---|---|
| १. | उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालय | समितिको निर्देशन अनुसार आर्थिक वर्ष आर्थिक वर्ष २०७८/७९ सम्म मन्त्रालयले वजेट विनियोजन गरका होमस्टे सम्बन्धि विवरण प्राप्त भएको। |
| २. | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | बेरुजुको अद्यावधिक विवरण तयार गरेको तथा वेरुजु फछ्र्यौट तदारुकता देखाएको। लेखा सम्बद्ध कर्मचारीलाई वेरुजु सम्बन्धि तालिम प्रदान गरेको । समितिको निर्देशन वमोजिम उपभोक्ता समितिवाट कार्यान्वयन भईरहेका चालु आर्थिक वर्षका आयोजना विवरण उपलब्ध गराएको । |
| ३. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | विभिन्न कार्यालयमा रहेको वेरुजु फछ्र्यौटमा तत्परता देखाई केही वेरुजु फछ्र्यौट समेत गरेको महालेखा परिक्षकको गण्डकी प्रदेशको छैटौं प्रतिवेदनमा अभिलेखिकरण भएको। |
| ४. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १. गण्डकी प्रदेश सरकारको लागि स्वीकृत एकिकृत कार्यविधि २०७७ सँग बाझिने गरी बनेको सहकारी संघ-संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड २०७७ माननीय मन्त्रिस्तरको निर्णयबाट खारेज भएको ।<br>२. प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत ढुवानी तथा खर्च रकम भुक्तानीमा बेरुजु फर्छ्यौटमा उल्लेख्य प्रगति भएको।<br>३. समितिले माग गरेअनुसार चाक्लावन्दी कार्यक्रम तथा कृषि अनुदानका कार्यक्रमहरुको विवरण उपलब्ध गराएको । |

| | | |
|---|---|---|
| ५. | प्रदेश लोक सेवा आयोग | कार्यालयले ०७८/७९ सम्मको बाँकी बेरुजु रु ३,०२,९७६ मध्ये संपरिक्षणका लागि नेपाल लेखापरिक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेको । |
| ६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय साविक आन्तरिक तथा कानून मन्त्रालय समेत) | कार्यालयले महालेखा परिक्षकको विभिन्न प्रतिवेदनमा औल्याएको बेरुजु मध्ये विभिन्न शिर्षकमा गरी जम्मा रु ७३,०५,०५६.८१ बेरुजु संपरिक्षण भएको । |
| ७ | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय | मन्त्रालय र अन्तर्गतका निकायको वेरुजुको लगत अद्यावधिक गरेको । |
| ८ | गण्डकी प्रदेश सभा सचिवालय | समितिको निर्देशनअनुसार सचिवालयको वेवसाईट परिमार्जन गरेको । |

### २.६. समितिमा माननीय सदस्यको उपस्थिति विवरण

समितिको कार्यसम्पादनको सिलसिलामा विभिन्न समयमा बसेको समिति तथा उपसमिति बैठकहरुमा उपस्थित माननीयहरुको उपस्थिति विवरण २०८१ साल जेठ २५ गते सम्म)

| क्र.सं. | नाम, थर | कूल बैठक संख्या | उपस्थित बैठक संख्या | अनुपस्थित बैठक संख्या |
|---|---|---|---|---|
| १ | मा. सुधिर कुमार पौडेल | १९ | १९ | ० |
| २ | मा. कल्पना तिवारी | १८ | १६ | २ |
| ३ | मा. कृष्ण प्रसाद पाठक | १७ | १३ | ४ |
| ४ | मा. खगराज अधिकारी | १३ | ७ | ६ |
| ५ | मा. जित बहादुर शेरचन | १८ | ९ | ९ |
| ६ | मा.डा.टकराज गुरुङ | १८ | ६ | १२ |
| ७ | मा. टिका कुमारी वस्याल | १८ | १२ | ६ |
| ८ | मा. दमयन्ती रुचाल | २४ | १४ | १० |
| ९ | मा. दोर्ण कुमार कुँवर | १७ | १० | ७ |

| क्र.सं. | नाम, थर | कूल बैठक संख्या | उपस्थित बैठक संख्या | अनुपस्थित बैठक संख्या |
|---|---|---|---|---|
| १० | मा. नन्द कला दमै नेपाली | १८ | १६ | २ |
| ११ | मा. निर्मला थापा | २५ | २५ | ० |
| १२ | मा. पंचराम गुरुङ | २५ | २३ | २ |
| १३ | मा. भिम बहादुर कार्की | १८ | १६ | २ |
| १४ | मा. सरस्वती गुरुङ | २४ | २० | ४ |
| १५ | मा. हरि बहादुर चुमान | १३ | १२ | १ |

**मा. डा. टकराज गुरुङ प्रदेश सरकारको मन्त्री पदमा नियुक्त भएकाले गण्डकी प्रदेश सभा नियमावली, २०८० को व्यवस्था अनुसार मन्त्री पदमा नियुक्त भएको मितिवाट यस समितिको सदस्य नरहनुभएको ।*

# खण्ड तीन

# निष्कर्ष र सुझाव

## ३.१. महालेखा परीक्षकको प्रतिवेदनका सम्बन्धमा समितिको निष्कर्ष र सुझाव

महालेखा परीक्षकको प्रतिवेदन सम्बन्धमा विभिन्न मितिमा भएका समिति र उपसमितिको वैठकमा भएको छलफलका आधारमा समितिले निम्न निष्कर्ष निकालेको छ । उपसमितिको वैठकले गरेका निर्णय तथा निर्देशनको विवरण प्रतिवेदनको खण्ड चारमा उल्लिखित छन्।

१) प्रदेश सरकारको राजस्व संकलन अत्यन्तै न्यून रहेको तथा विनियोजित वजेट खर्च गर्ने क्षमता समेत कमजोर रहेको देखिएकाले आगामी वर्षहरुमा राजस्वको नयाँ श्रोतहरु पहिचान गरी सरकारको आम्दानी वृद्धि गर्न र हालको कार्यप्रणालीमा व्यापक सुधार गरी सरकारको खर्च गर्ने क्षमतामा वृद्धि गर्न आवश्यक छ ।

२) प्रदेश सरकारको जनशक्ति व्यवस्थापन चुस्त दुरुस्त नहुँदा समग्र प्रदेशको विकासको गतिलाई नै असर पर्ने देखिएकाले यस सम्बन्धमा विस्तृत अध्ययन गरी समग्र संगठन संरचना पुनरावलोकन गर्न तथा रिक्त दरवन्दी यथाशिघ्र पुर्ति गर्न आवश्यक देखिन्छ । कार्यरत जनशक्तिलाई थप उत्प्रेरणा प्रदान गर्न कार्यसम्पादनमा आधारित पुरस्कार र दण्डको व्यवस्था लागु गर्नुपर्छ ।

३) प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८, सार्वजनिक खरिद ऐन, २०६३ तथा विनियोजन ऐनको पुर्ण रुपमा पालना नगरिएको विषय महालेखा परिक्षकको प्रतिवेदनमा समेत परेको र सो सम्बन्धमा समितिको समेत ध्यान आकर्षण भएकाले ति ऐनको पूर्ण कार्यान्वय गर्न गराउन तथा ऐन कार्यान्वयन नगर्दा कानून अनुसार दण्डित गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४) प्रदेश सभाले स्वीकृत गरेभन्दा फरक शिर्षकमा रकमान्तर गर्न नपाईने कानुनी व्यवस्थाको पूर्ण रुपमा कार्यान्वय गर्नुपर्दछ ।

५) सार्वजनिक खरिद कार्य खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनिय वनाउन टुक्रा टुक्रा पारी गरिने खरिद कार्यलाई नियन्त्रण गर्नुपर्ने ।

६) प्रदेश सरकारले प्रदान गरेको क्षेत्रगत अनुदानको हालसम्मको उपलब्धि मापन गरी अनुदानलाई खुला, पारदर्शी, वस्तुनिष्ठ, लक्षित वर्ग केन्द्रित तथा विश्वसनिय बनाउन मापदण्ड सहितको उपयुक्त कार्यविधि तयार गरी विवेकपूर्ण ढंगले अनुदान प्रदान गर्ने गरी अनुदान नीतिमा पुनरावलोकन गर्नुपर्ने ।

७) उपभोक्ता समितिवाट हुने निर्माण कार्यको नियमित अनुगमन गरी तोकिएको शर्त अनुसार नै त्यस्ता समितिवाट हुन सक्ने काम मात्रै उपभोक्ता समितिमार्फत गराउनु पर्ने तथा यसमा भएका अनियमितता तत्काल नियन्त्रण गर्नुपर्ने ।

८) अनुगमन मुल्याङ्कनलाई वस्तुनिष्ठ, तथ्यपरक, पारदर्शी, समस्या केन्द्रित र उपलब्धीमुलक वनाउन उपयुक्त अनुगमन मुल्याङ्कन कानून वनाई लागु गर्ने र अनुगमन मुल्याङ्कन प्रतिवेदनका मुख्य मुख्य विषयवस्तुहरु सर्वसाधारणको पँहुचमा रहने गरी आवधिक रुपमा प्रकाशन गर्नुपर्ने ।

९) प्रदेश सरकारको समग्र वेरुजु फर्छ्यौट अत्यन्तै न्यून रहेकोले वेरुजु फर्छ्यौटलाई प्राथमिकतामा राखी कार्यान्वय गर्नुपर्ने ।

१०) समितिले दिएका निर्देशन कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने ।

११) प्रदेश सरकारलाई आर्थिक अनुशासन कायम गराउन समितिले नियमित निगरानी गर्नुपर्ने ।

१२) कार्यालय वा प्रदेश सरकारसँग विशेषज्ञ जनशक्ति उपलब्ध नहुने एकिन गरेर मात्रै परामर्श सेवा खरिद गर्नुपर्ने । कार्यालयसँग विशेषज्ञ जनशक्ति उपलब्ध हुँदाहुँदै पनि परामर्श सेवा खरिद गरी गरिने कार्य तत्काल नियन्त्रण गर्नुपर्ने ।

१३) कन्टिजेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख राखि नापि किताबमा उल्लेख गर्नुपर्ने व्यवस्था यथाशिघ्र लागू गर्नुपर्ने ।

१४) सेवा प्रवाहलाई छिटो छरितो बनाई कार्यसम्पादनमा भइरहेको ढिलाईको गुनासो सम्बोधन गर्न तथा समय सारिणी  Time Card) लागू गरी सेवा प्रवाहको समयलाई सुनिश्चितता गरी र सेवा प्रवाहलाई विश्वसनिय बनाउन प्रदेश सरकारले तत्काल आवश्यक कार्यहरु गर्नुपर्ने ।

१५) प्रेदश गौरवका आयोजनालाई तोकिएको लक्ष्य अनुरुप समयमै सम्पन्न हुनेगरी प्राथमिकतामा राखि बजेट विनियोजन गर्नुपर्ने ।

१६) सार्वजनिक लेखा समितिले आगामी वैठकमा निम्न विषयमा थप अध्ययन गरी आवश्यक निर्देशन दिने कामलाई निरन्तरता दिनुपर्ने ।

क) प्रदेश सरकारले गर्ने रकमान्तरको विषय,

ख) चक्लावन्दी, कृषि अनुदान कार्यक्रम, होमस्टे कार्यक्रम र उपभोक्ता समितिबाट कार्यान्वयन भैरहेका आयोजनाहरुका अनियमितताका सम्बन्धी गुनासाका विषय,

ग) निरन्तर वेरुजु फर्छ्यौटको अनुगमन गर्ने विषय,

घ) प्रदेश सरकारले अनुगमन मुल्याङ्कनमा गरेको खर्च र सोको उपलब्धी सम्बन्धित विषय,

ङ) आर्थिक विषयसँग सम्बन्धित कानूनहरुको पालना भए नभएको विषय,

च) समितिले समय समयमा दिएका निर्देशनको कार्यान्वयनको अवस्था ।

# खण्ड चार

## महालेखा परीक्षकको विभिन्न वार्षिक प्रतिवेदनहरुमा औंल्याइएका बेरुजुका सम्बन्धमा भएका काम कारवाहीहरुको विवरण

उपसमिति गठन मितिः
२०८० साल माघ १४ गते

गण्डकी प्रदेश सभा

**सार्वजनिक लेखा समिति**

**बेरुजु सम्बन्धी उपसमिति १)**

**खण्ड चार**

**महालेखा परीक्षकको प्रतिवेदन उपर भएका निर्यणहरु**

**४.१ गण्डकी प्रदेश सभा सचिवालय**

**४.१.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | कानुन निर्माण - प्रदेश सभाको आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म १० वटा - अधिवेशन बसी सभामा कानुन निर्माणको लागि ६२ विधेयक दर्ता भएको मध्ये ५९ विधेयक पारित भई ३ बाँकी रहेका छन् । | केही गर्नु नपर्ने । |
| २ | निर्णय कार्यान्वयन - संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश मामिला, अर्थ तथा विकास, सार्वजनिक लेखा समिति लगायतका समितिको गठन गरेको छ । यसरी गठन भएका समितिहरूले आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मको अवधिमा विभिन्न ८५१ निर्णयहरू गरेको छ । समितिका निर्णय एवं निर्देशनहरूको कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन गरेको छैन । निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न गराउन सचिवालयलाई निर्देशन दिने । |
| ३ | कर्मचारी दरबन्दी र पदपूर्ति सचिवालय अन्तर्गत ३६ कर्मचारी दरबन्दी रहेकोमा २९ पदपूर्ति भई २-उपसचिव समेत ७ पद रिक्त छन् । दरबन्दी अनुसार पदपूर्ति गरी जनशक्ति व्यवस्थापन हुनुपर्दछ । | रिक्त स्वीकृत दरवन्दी पदपूर्तीको लागि पदपूर्ती गर्ने निकायलाई समयमै पदपूर्ति गर्न माग गरी पठाउने तथा कर्मचारीलाई लामो |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | | समय सम्म सचिवालयमा सेवा गर्न उत्प्रेरित गर्नको लागि गर्न आवश्यक प्रोत्साहन/सेवा सुविधाहरु व्यवस्था गर्ने तर्फ ध्यान दिन निर्देशन दिने । |
| ४ | रकमान्तर - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ । प्रदेश सभा सचिवालयले आषाढ महिनामा रू.१० लाख रकमान्तर गरेको छ भने बजेट विनियोजन नभएको खर्च शीर्षकमा ५ आयोजनाको लागि रू.३ करोड १७ लाख १४ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये बजेट विनियोजन नभएको खर्च शीर्षकमा रू.२ करोड ८० लाख रकमान्तर गरी ४ सवारी साधन रू.२ करोड ३४ लाख ७१ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७" को नियम ३२ को उपनियम १) को तदारुकताका साथ कार्यान्वयन गरी सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर नगर्न प्रदेश सरकारलाई निर्देशन दिने । |
| ५ | बेरुजु स्थिति - सचिवालयको यो वर्षको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । | - |

**४.१.२ महालेखा परीक्षकको चौथौं बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७९ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | **कानुन निर्माण** - प्रदेश सभाको २०७४।७५ देखि २०७७।७८ सम्म ८ वटा अधिवेशन बसी सभामा कानुन निर्माणको लागि ५३ विधेयक दर्ता भएको मध्ये ५० विधेयक पारित गरेको छ । | केही गर्नु नपर्ने । |
| २ | संसदीय समितिको निर्णय कार्यान्वयन संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश मामिला, अर्थ तथा विकास, सार्वजनिक लेखा समिति लगायतका समितिको गठन गरेको छ । यसरी गठन भएका समितिहरूले २०७४।७५ देखि २०७७।७८ को अविधमा विभिन्न ८५१ निर्णयहरू गरेको छ । समितिका निर्णय एवं निर्देशनहरूको कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन गरेको छैन । निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ । | नियमित अनुगमन गर्न निर्देशन दिने । |
| ३ | कर्मचारी दरबन्दी र पदपूर्ति सचिवालय अन्तर्गत ३६ कर्मचारी दरबन्दी रहेकोमा ३० पदपूर्ति भई २ उपसचिव समेत ६ पद रिक्त छन् । दरबन्दी अनुसार पदपूर्ति गरी जनशक्ति व्यवस्थापन हुनुपर्दछ । | सुझाव कार्यान्वयन गर्ने । |
| ४ | बेरुजु स्थिति - सचिवालयमा यो वर्ष रु.१ लाख २८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनबाट फछ्र्यौट नभएकोले सो बेरुजु बाँकी रहेको छ । | बाँकी बेरुजु तत्काल फछ्र्यौट गर्न निर्देशन दिने । |

**४.१.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७८ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | कानुन निर्माण : आर्थिक वर्ष २०७४।७५ मा पहिलो पटक गठित प्रदेश सभाको २०७६। ७७ सम्म ७ वटा अधिवेशन बसी सभामा कानुन निर्माणको लागि ४९ विधेयक दर्ता भएको मध्ये ४६ विधेयक पारित गरेको छ । | - |
| २ | भूतप्रभावी कानुन : गण्डकी प्रदेश सभाका पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २३ ले प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्ने व्यवस्था गरे अनुरूप गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को २०७६।०९।०९ को निर्णयले अनुसूची १ लाई संशोधन गरी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधामा २०७६।०४।०१ देखि लागू हुने गरी वृद्धि गरी २०७६ श्रावण १ देखि कार्तिकसम्म थप पारिश्रमिक वापत रु.३० लाख ७० हजार भुक्तानी गरेको छ । भूतप्रभावी कानुन निर्माण मार्फत सेवा सुविधा थप गर्ने कार्य कानुनको सिद्धान्त विपरीत देखिन्छ । | कानून निर्माणको प्रचलित सिद्धान्तको पूर्ण अनुशरण गरी कानून निर्माण गर्न निर्देशन दिने । |
| ३ | समितिको निर्णय कार्यान्वयनः संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश मामिला, अर्थ तथा विकास, सार्वजनिक लेखा समिति लगायतका समितिको गठन गरेको छ । यसरी गठन भएका समितिहरूले २०७४।७५ देखि २०७६।७७ को अविधमा विभिन्न ६६१ निर्णयहरू गरेको छ । समितिका निर्णय एवं निर्देशनहरूको कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन गरेको छैन । निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ । | निर्णय कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| ४ | रकमान्तर : अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा बजेटमा पूँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख छ साथै आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं. १४ मा पूँजीगततर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर गरिने छैन भनी उल्लेख भएकोमा अर्थ विविध भैपरी आउने पूँजीगत) बाट अन्य भत्ता तथा सवारी साधन मर्मतमा रु.१२ लाख रकमान्तर गरेको छ । कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | दरबन्दी र पदपूर्ति : सचिवालय अन्तर्गत ३६ दरबन्दी रहेकोमा ३० पदपूर्ति भई सचिव १ र २ उपसचिव समेत ६ पद रिक्त छ । मर्यादापालकको दरबन्दी ७ रहेकोमा पदपूर्ति नभएको र प्रहरीबाट ४७ जना काजमा खटाई कार्यसम्पादन गरेको छ । दरबन्दी बमोजिम पदपूर्ति नहुँदा दैनिक कार्यसञ्चालन, अनुगमन मूल्याङ्कन लगायतका कार्यमा समस्या देखिएको छ । कर्मचारी दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन हुनुपर्दछ । | दरबन्दी अनुसारका कर्मचारी व्यवस्थापन गर्न निर्देशन दिने । |
| ६ | बैठक भत्ता : प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ को दफा ४ मा पदाधिकारी तथा सदस्यलाई प्रदेश सभा वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता उपलब्ध गराउने उल्लेख छ । सोही ऐनको दफा २ ङ) को सदस्यको परिभाषा अनुसार सदस्य भन्नाले प्रदेश सरकारका मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्यलाई सम्झनुपर्ने व्यवस्था रहेकोले समितिको बैठकमा उपस्थित मन्त्रीलाई बैठक भत्ता उपलब्ध गराउन मिल्ने देखिँदैन । सचिवालयले यस वर्ष विभिन्न समितिका बैठकमा सहभागी भएका ७ मन्त्रीहरूलाई रु.३ लाख ६ हजारमा कर कट्टी गरी रु.२ लाख ६० हजार बैठक भत्ता भुक्तानी भएको छ । उक्त रकम असुल हुनुपर्दछ । | उक्त रकम असुल उपर भइसकेको भन्ने जानकारी प्राप्त भएकोले हाल केही गर्नु नपर्ने । |

| | | |
|---|---|---|
| ७ | बेरुजु स्थिति : सचिवालयमा यो वर्ष रु.९ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ लाख २४ हजार फस्यौट गरेकोले रु.२ लाख ६० हजार बेरुजु बाँकी रहेको छ। | उल्लिखित सबै बेरुजू फछ्यौंट भइसकेकोले केही गर्नु नपर्ने । |

**४.१.४ महालेखा परीक्षकको दोस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७७ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | दरवन्दी र पदपूर्ति सचिवालय अन्तर्गत ३६ दरवन्दी रहेकोमा ७ मर्यादापालक समेत २५ पदपुर्ति भई ११ दरबन्दी रिक्त छ । दरवन्दी वमोजिम पदपुर्ति नहुँदा दैनिक कार्यसंचालन, अनुगमन मूल्याङ्कन जस्ता कार्यमा समस्या देखिएको छ । कर्मचारी दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन हुनुपर्दछ । | दरबन्दी अनुसारका कर्मचारी व्यवस्थापन गर्न निर्देशन दिने । |
| २ | पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ बमोजिम निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भएकोमा यो वर्ष सभामुख र उपसभामुखको पारिश्रमिक तथा इन्धनमा क्रमशः रु.१३ लाख ५७ हजार र रु.३ लाख ७ हजार तथा प्रदेश सभा सदस्यको पारिश्रमिकमा रु.३ करोड ६७ लाख ३५ हजार खर्च भएको छ । | - |
| ३ | सीमित प्रतिस्पर्धा - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्वन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने उल्लेख छ । फोर ह्वील जिप ४ को लागि रु.२ करोड ३४ लाख लागत अनुमान स्वीकृत भई दर्ता भएको एक मात्र बोलपत्रदाताको प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कनबाट रु.२ करोड २० लाखमा खरिद भएको छ । महेन्द्रा स्करपियोको फोर ह्वील जीपसँग मिल्ने गरी टेक्निकल स्पेशिफिकेशन सहितको लागत अनुमान तयार गरी बोलपत्र आह्वान भएकोले अन्य प्रतिस्पर्धी | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | कम्पनीले प्रतिस्पर्धा गर्न सक्ने स्थिति देखिएन । सबै उत्पादक कम्पनी वा आपूर्तकले समेत प्रतिस्पर्धा गर्न पाउने गरी स्पेशिफिकेशन तयार गरी प्रतिस्पर्धालाई सुनिश्चित गर्नुपर्दछ । | |
| ४ | खर्चको मापदण्ड - नेपाल सरकारवाट २०७५११।२६ मा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ जारी गरेको छ । भवन, पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराइने सवारी साधनको किसिम एवं मर्मत खर्चमा एकरुपता ल्याउने । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

**४.१.५ महालेखा परीक्षकको पहिलो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७५ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | दरवन्दी र पदपूर्ति सचिवालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारीको दरवन्दी स्वीकृत गरी पदपुर्ति हुनुपर्नेमा सचिवालयको स्वीकृत दरवन्दी ३६ रहेकोमा ३० पदपूर्ति भएकोले, दरवन्दीबमोजिम पदपूर्ति हुनुपर्दछ । | दरबन्दी अनुसारका कर्मचारी व्यवस्थापन गर्न निर्देशन दिने । |
| २ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ बमोजिम निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भएकोमा यो वर्ष सभामुख र उपसभामुखको पारिश्रमिक तथा इन्धनमा क्रमशः रु.५ लाख ८४ हजार र रु.१ लाख ९ हजार तथा प्रदेश सभा सदस्यको पारिश्रमिकमा रु.१ करोड ३२ लाख २६ हजार खर्च भएको छ । | - |
| ३ | समिति गठन र कार्यक्षेत्र - प्रदेश सभा सञ्चालन नियमावली, २०७४ को नियम १४६ अनुसार गठन भएका समिति र त्यसको कार्यक्षेत्र निम्नानुसार रहेको छ ।<br>विधायन समिति<br>आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कानुन तथा न्याय सम्बन्धी विषय, | - |

| | | |
|---|---|---|
| | विधेयक उपर दफावार छलफल र प्रत्यायोजित व्यवस्थापन सम्बन्धि<br>सार्वजनिक लेखा समिति<br>प्रदेश लोकसेवा आयोग बाहेक प्रादेशीक संवैधानिक आयोगका प्रतिवेदन र सार्वजनिक लेखा सम्बन्धि ।<br>प्रदेश मामिला समिति<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको शान्ति सुरक्षा सम्बन्धी विषय, प्रदेश लोकसेवा आयोग, सामाजिक विकास मन्त्रालय तथा मानव अधिकार, सामाजिक सुरक्षा, श्रम र महिला, युवा, जेष्ठ नागरिक, बालबालिका र अल्पसंख्यकहरुको कल्याण सम्बन्धी ।<br>अर्थ तथा विकास समिति<br>आर्थिक मामिला तथा योजना, भौतिक पूर्वाधार विकास, उद्योग पर्यटन, वन तथा वातावरण, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित विषय क्षेत्र । | |
| ४ | बेरुजू - छलफल गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ देखि ४० सम्म बेरुजू फछ्र्यौट सम्बन्धी व्यवस्था रहेको तर प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ अन्तरगत गठित सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा महालेखापरीक्षकको प्रतिवेदन उल्लेख नभएकोले आर्थिक कार्यविधि ऐन र प्रदेश सभा नियमावलीमा सामन्जस्यता हुने गरी कानुनको तर्जुमा गर्नुपर्दछ । | सुझाव अनुसार हाल उल्लेख रहेकोले केही गर्नु नपर्ने । |
| ५ | बढी भुक्तानीः सचिवलायले एक निर्माण सेवालाई विल भुक्तानी गर्दा उक्त फर्मले पेश गरेको दरभाउपत्रमा उल्लेखित रकम भन्दा बढी भुक्तानी भएको रकम असुल गर्न आन्तरिक लेखापरीक्षणबाट औंल्याएकोमा लेखापरीक्षण अवधिसम्म पनि नियमित तथा फछ्र्यौट नभएको रु.१७ हजार ४३७ असुल गरी दाखिला गर्नुपर्दछ। | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित बेरुजु रकम असूल उपर भई दाखिला भएको जानकारी प्राप्त भएको । |
| ६ | आन्तरिक नियन्त्रण आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित |

| | | |
|---|---|---|
| | प्रदेश सभा सचिवालय र अन्तर्गत निकायवाट सम्पादन गरिने कार्यादेश मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | सिधै खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९ क) बमोजिम खरिदसम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकिन गरेर मात्र खरिद गर्नुपर्नेमा यकिन नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजवाट रु.२६ लाख ४२ हजारको कार्य सिधै पटक पटक खरिद गरेको नियमसम्मत नदेखिएकोले नियमानुसार खरिद कार्य गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | पेस्की : आर्थिक वर्षको अन्त्यसम्म एक निर्माण व्यवसायीको नाममा रहेको रु.४ लाख ५२ हजार फछ्यौट नभई बाँकी रहेकोले उक्त रकम फछ्यौट गर्नुपर्दछ । | फछ्यौंट भइसकेको । |
| ९ | बेरुजू स्थिति - सचिवालयको लेखापरीक्षणवाट रु.४ लाख ६९ हजार बेरुजु देखिएको छ। | फछ्यौंट भइसकेको । |

## ४.२ मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

### ४.२.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन - प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ। मन्त्रिपरिषदबाट आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९ सम्मको अवधिमा १६७ बैठक सञ्चालन गरी ९८१ निर्णय भएका छन्। ती निर्णयहरूको कार्यान्वयन सम्बन्धमा कार्यालयले अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । अनुगमनको अभावमा निर्णय कार्यान्वयनको अवस्था जानकारी हुनसक्ने अवस्था छैन। मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको अनुगमनको व्यवस्था मिलाउनु पर्दछ । | मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको नियमित अनुगमनको व्यवस्था मिलाउन निर्देशन दिने। |
| २ | कार्य जिम्मेवारी - प्रदेश सरकार कार्य विभाजन) नियमावली , २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी तोकिएको मध्ये प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन मापदण्ड तर्जुमा एवं कार्यान्वयन, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन, गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धि कानुन तर्जुमा | "गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४" ले तोके अनुसारका कार्यजिम्मेवारी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | लगायतको कार्य हुन बाँकी रहेको छ । कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ । | |
| ३ | अनुगमन मूल्यांकन - प्रदेश सरकार कार्यविभाजन) नियमा वली, २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश सरकारको नीति कार्यान्वयन अनुगमन र मूल्यांकन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्यांकन गरी सोको प्रतिवेदन समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष सञ्चालित कार्यक्रमको अनुगमनमा रू.७८ लाख ९५ हजार खर्च गरेको छ। कार्यालयले अनुगमन मूल्यांकन सूचकाङ्क तयार गरी सोही आधारमा नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्यांकन गरी प्रतिवेदन तयार गरेको छैन। प्रतिवेदन तयार गरी कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | कर्मचारी व्यवस्थापन - प्रदेश सरकार अन्तर्गत प्रदेश सभा सचिवालय, मन्त्रालय, आयोग, र अन्तर्गतका कार्यालय सहित १७५ सरकारी निकायमा ३ हजार १७८ कर्मचारी दरबन्दी रहेकोमा २ हजार २९५ पदपूर्ति भई ८८३ रिक्त रहेको छ । पदपूर्ति मध्ये ७२९ जना करारसेवामा कार्यरत छन्। स्वीकृत दरबन्दीको तुलनामा २७.७८ प्रतिशत जनशक्ति रिक्त रहेकोले सरकारी निकायहरूको सेवा प्रवाहमा असर पर्ने देखिएको छ । प्रदेश सरकारको कार्य व्यवस्थित तरिकाले सञ्चालनको लागि दरबन्दी अनुसार पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | कार्यसम्पादन करार - प्रदेश सरकारको समृद्ध प्रदेश र सुखी नागरिक भन्ने दीर्घकालिन सोच, प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकार कार्य सम्पादन नियमावली), २०७४ ले तोकेको कार्य जिम्मेवारी र प्रदेश सुशासन ऐन, २०७६ | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | समेतको व्यवस्थालाई आत्मसाथ गर्न मन्त्रालयले लक्ष्य अनुसारको वार्षिक प्रगति हासील गर्न मुख्यमन्त्रीले मन्त्रीसँग, मन्त्रीले सचिवसँग, सचिवले महाशाखा प्रमुखसँग, महाशाखा प्रमुखले शाखा प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता गरी कार्य सञ्चालन तथा सम्पादन सम्झौता गर्नुपर्ने व्यवस्था अनुसार मुख्यमन्त्रीले मन्त्रीसँग कार्य सम्पादन करार गरेको उल्लेख गरेतापनि सम्झौता अनुसारको कार्य प्रगति पेश गरी/गर्न लगाई मूल्यांकन भएको छैन। सम्झौता अनुसारको अनुगमन तथा मूल्यांकन नगर्दा कार्यसम्पादन प्रभावकारी भए नभएको एकीन हुँदैन। कार्यसम्पादन सम्झौता गर्ने र सो को कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्यांकन गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| ६ | वित्तीय तथा भौतिक प्रगति - प्रदेश सरकार अन्तर्गत सञ्चालित आयोजनाहरूको कार्यान्वयनको भौतिक प्रगतिका आधारमा ४२ प्रतिशत आयोजनाहरूको भौतिक प्रगति ९० प्रतिशत भन्दा बढी, १३ प्रतिशत आयोजनाहरूको भौत्तिक प्रगति ४० प्रतिशत भन्दा कम र १३ प्रतिशत आयोजनाहरू शुरु नै हुन सकेका छैनन्। चालुतर्फ रू.१२ अर्व ८४ करोड ४२ लाख १० हजार बजेट विनियोजन भएकोमा ५९.०१ प्रतिशत, पुँजीगत तर्फ रू.१८ अर्ब ५० करोड ८६ लाख ७५ हजार बजेट विनियोजन भएकोमा ७८.१५ प्रतिशत र समग्रमा रू.३१ अर्ब ३५ करोड २८ लाख ८५ हजार बजेट मध्ये ७०.३१ प्रतिशत वित्तीय प्रगति भएको ले विनियोजन दक्षता प्रभावकारी देखिएन । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आवश्यक अनुगमन, मूल्यांकन, सहजीकरण तथा समन्वय गरी बजेट अनुसार खर्च गर्नु तथा गराउनु पर्दछ। | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ७ | प्रदेश विकास परिषद - प्रदेश नीति तथा योजना आयोग गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा ९ मा आयोगले तर्जुमा गरेको नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका सरकारी र निजी क्षेत्रका व्यक्तिहरू सदस्य रहने गरी प्रदेश विकास परिषद गठन भएको छ। आदेशको बुँदा नं. १० मा परिषदको बैठक आवश्यकता अनुसार बस्ने व्यवस्था भएता पनि हालसम्म परिषदको बैठक बसेको छैन्। प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रादेशिक योजनाबारे छलफल गर्ने, प्रदेश विकासका प्रमुख योजनाहरू पारित गर्ने, प्रदेश सरकारलाई विकासका नीतिहरू र प्रदेश गौरवका आयोजनाहरू, रुपान्तरणकारी आयोजनाहरू तथा महत्वपुर्ण विकास आयोजनाहरू सञ्चालनको लागि सुझाव जस्ता महत्वपुर्ण जिम्मेवारी भएको परिषदको बैठक नबस्दा उपरोक्त कामहरू भएका छैनन्। नियमानुसार बैठक प्रदेशका विकास आयोजनाहरूको बारेमा छलफल गरी भएका निर्णयहरू कार्यान्वयन गर्न गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आफ्नो भुमिका निर्वाह गर्नुपर्दछ । | आवश्यकता अनुसार प्रदेश विकास परिषद्को बैठक बसी परिषद्को जिम्मेवारी अनुसारका काम कारबाहीलाई चुस्त दुरुस्त अगाडि बढाउन निर्देशन दिने । |
| ८ | **प्रदेश समन्वय परिषद् -** संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध) ऐन , २०७७ को दफा २४ र २५ मा क्रमशः प्रदेश तथा स्थानीय तहविच वा प्रदेशभित्रका एक भन्दा बढी जिल्लाभित्रका स्थानीय तहबिचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषदको बैठक वर्षको कम्तिमा एक-पटक बस्ने व्यवस्था भएकोमा यो बर्ष बैठक बसेको छैन। परिषदले प्रदेश तथा स्थानीय निकायहरू बिचका साझा अधिकार क्षेत्रका विषयमा उत्पन्न विवाद समाधानको लागि आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ । | प्रदेश समन्वय परिषद्को नियमित बैठक गरी प्रदेश तथा स्थानीय तहहरु बीचका साझा अधिकारका क्षेत्रमा उत्पन्न विवाद समाधानमा समन्वयकारी भूमिका निर्वाह गर्ने विषयलाई प्राथमिकतामा राख्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ९ | **प्रदेश विकास समस्या समाधान समिति** - प्रदेश तथा स्थानीय तहमा सञ्चालित विकास कार्यक्रम र आयोजनाहरू कार्यान्वयन गर्दा देखा परेका नीतिगत, व्यवहारगत, कानूनी, कार्यविधिगत तथा अन्य समस्याहरू समाधानका लागि प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था छ। माननीय मुख्यमन्त्रीको अध्यक्षतामा गठन भएको उक्त समितिको बैठक आर्थिक वर्ष २०७८।७९ मा ३ पटक बस्ने कार्यक्रम रहेकोमा २ पटक मात्र बसेको छ। ती बैठकहरूमा प्रदेश कार्यालयहरूको लागि भवनको अभाव भएको, स्थानीय तहमा पठाईएको सशर्त, विशेष र समपुरक अनुदानको प्रगति तथा बाँकी रहेको रकम स्थानीय तहले फिर्ता नपठाउने गरेको, आयोजनाहरूको अनुगमन तथा मूल्यांकन प्रभावकारी नभएको, विपद व्यवस्थापनको लागि बजेटको अभाव हुने गरेको, स्रोतको आँकलन नगरी बहुवर्षीय आयोजना थप्ने प्रवृत्ति रहेको, सवारी चालक अनुमतिपत्रको परीक्षा माग बमोजिम गर्न नसकिएको लगायत पहिलो बैठकले ९ बटा र दोस्रो बैठकले ८ वटा समस्याहरूको सम्बन्धमा छलफल गरी निर्णय गरेको छ। पहिलो बैठकमा निर्णय भई कार्यान्वयन गर्नुपर्ने ९ विषयहरू मध्ये ४ विषयहरू दोस्रो बैठकमा पुनः निर्णय भएका छन्। यसले निर्णयको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ। कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रदेश तथा स्थानीय तहहरूले झेल्नु परेका समस्याहरूको सहि पहिचान, निर्णय कार्यान्वयनमा जिम्मेवार निकाय, बजेट आवश्यक भए स्रोतको व्यवस्था, अनुगमन संयन्त्र तथा परिचालनको व्यवस्था सहितको निर्णय तथा सोको प्रभावकारी अनुगमन तथा मूल्यांकन गरी समितिको काम कारबाहीलाई प्रभावकारी बनाउनु पर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १० | **तहगत दोहोरो संरचना** - संघीय व्यवस्था अनुरुप स्थानीय तथा प्रदेशमा हस्तान्तण | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्नेकार्य र साझा रुपमा गर्ने कार्य स्पष्ट रुपमा उल्लेख गरिएको छ। स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएको छ। जस्तै कास्कीमा भवनतर्फको संघीय आयोजना कार्यान्वयन इकाई रहेकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेशमा शहरी विकास तथा भवन कार्यालयको स्थापना गरेको छ। संघीय संरचनाको सुरुवात हुनुपूर्व कास्कीमा "यातायात व्यवस्था कार्यालय गण्डकी" एउटा कार्यालय रहेकोमा हाल प्रदेश सरकारले यातायात व्यवस्था कार्यालय सवारी र यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र गरी २ वटा कार्यालयको संरचना खडा गरेको छ। यसबाट समग्र शासकीय प्रणालीको खर्च बढ्ने र कार्यक्षेत्रमा दोहोरोपना हुने तर्फ विचार गरेको देखिएन। स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएका उदाहरणहरू छन ।स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि एवं संघीय सरकारबाट खारेज भएका कार्यालय समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपना एवं प्रशासनिक खर्चमा वृद्धि हुने जस्ता अवस्था देखिन्छ। संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी दोहोरो संरचना खारेज गरी सरकारी कार्यालयहरूको संरचनालाई मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ। | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ११ | **व्यवसाय जीवन रक्षा कोष** - प्रदेश सरकारले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले पर्यटन, यातायात, कृषि उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय जीवन रक्षा कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | जीवन रक्षा कोष सञ्चालन) कार्यविधि , २०७७ लागु गरेको छ। कार्यविधि अनुसार छनौट भएका उद्यमी तथा व्यवसायीहरूलाई वाणिज्य बैंकहरूले अधिकतम १५ लाखसम्म ऋण उपलब्ध गराउने र सोमा लाग्ने ३ वर्षसम्मको ब्याज नेपाल राष्ट्रबैंक मार्फत् कोषले वाणिज्य बैंकहरूलाई उपलब्ध गराउने व्यवस्था छ । हालसम्म १ हजार ४३३ जना व्यवसायीहरू छनौट भई रू.१ खर्ब ६२ करोड ९८ लाख ऋण प्रवाह भएको छ। तर ब्याज बापत पहिलो र दोस्रो वर्ष रू.१/१ अरब बजेट विनियोजन गरिएता पनि विगत वर्षमा शोधभर्ना खातामा जम्मा गरिएको रू.२५ करोड पनि खर्च भएको छैन्। हाल सम्मको ऋण प्रवाह र ब्याज खर्चको विश्लेषण गर्दा प्रदेश सरकारको तयारी र अपेक्षा अनुसार उद्यमी तथा व्यवसायीले यस कार्यक्रमबाट लाभ लिन नसकेको देखिन्छ। कार्यविधिको शर्तहरू जटिल हुनु, कार्यक्रमबारे प्रचार प्रसारको कमी लगायतको कारणले अपेक्षा अनुसार कार्यक्रम सफल नभएको अवस्था रहेको छ। कार्यक्रमको सन्दर्भिकता अझै बाँकी रहेकोले कार्यविधि सरलीकरण, प्रचार प्रसार, वाणिज्य बैंकहरू सँगको सहकार्यमा जोड दिई कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्दछ । | |
| १२ | **पर्यटन काज** - गण्डकी प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई बिदा- पर्यटनको माध्यमबाट उत्प्रेरित गरी जिम्मेवारीप्रति उत्साह बढाउन तथा प्रदेशभित्रको भौगोलिक, प्राकृतिक, सामाजिक, धार्मिक, सास्कृतिक एंव ऐतिहासिक पर्यटकीय स्थलहरूको उजागर गरी आन्तरिक पर्यटनलाई प्रभावकारी औजारको रुपमा प्रवर्द्धन गर्न बिदा पर्यटन सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ। सो अनुरुप यो वर्ष गण्डकी प्रदेश सरकार अन्तर्गतका मुख्यमन्त्री तथा | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार मुल्याङ्कन गरी विदा पर्यटन सम्बन्धी कार्यविधिलाई आवश्यकता अनुसार परिमार्जन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मन्त्रिपरिषदको कार्यालय समेत १२ मन्त्रालयका १३९ र मातहतका कार्यालयहरूका ३७८ गरी ५१७ जना कर्मचारीलाई बिदा पर्यटन कार्यक्रम बापत रू.२ करोड ४० लाख १२ हजार खर्च गरेको छ। हालसम्मको कार्यक्रम कार्यान्वयनबाट कर्मचारी उत्प्रेरणा स्तरमा देखिएको प्रभावको मूल्यांकन र त्यसबाट परेको प्रभावको सम्बन्धमा मूल्यांकन गर्नुपर्दछ । | |
| १३ | **विद्युतीय सुशासन आयोजना** - मुख्यमन्त्री कार्यालयबाट ई-गभरनेन्स लागु गरी पेपरलेस डिजिटल गण्डकी प्रदेश बनाउने उद्देश्यले घोषणा भएको विद्युतीय सुशासन आयोजना अन्तर्गत गत वर्ष रू.१८ लाख १३ हजार खर्च गरी विद्युतीय सुशासन गुरुयोजना तयार गरिएको छ। E- Governance Master Plan अनुसार सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई प्रदेशलाई डिजिटल प्रदेशको रूपमा विकास गर्न विद्युतीय गण्डकी प्रदेश Digital Gandaki Province) को अवधारणापत्र स्वीकृत गरी प्रदेश गौरवको आयोजनाको रुपमा कार्य अगाडि बढाइएको छ। सो बमोजिम यस कार्यालयले प्रदेशका सबै कार्यालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमको प्रगतिको अनुगमन, जनताको गुनासो सुन्न तथा पृष्ठपोषण लिन एक्सन रुम, जनतासँग मुख्यमन्त्री कार्यक्रम र हेलो मुख्यमन्त्री कक्ष सञ्चालन, प्रदेशमा कार्यरत निजामती कर्मचारीको व्यक्तिगत अभिलेख प्रणाली सफ्टवेयर निर्माण गरी तथ्याङ्क प्रविष्टि गरेको उल्लेख छ। यस प्रयोजनको लागि यो वर्ष रू.४३ लाख ४० हजार खर्च गरेको छ। सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउन गुरुयोजनामा भएका बाँकी कामहरूलाई योजनाबद्ध रुपमा अगाडि बढाउनुपर्दछ। | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १४ | **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। कार्यालयले बजेट विनियोजन नभएको शीर्षकमा २६६ आयोजनाको लागि रू.९३ करोड ४९ लाख १ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये बजेट नभएको खर्च शीर्षकमा रू.२ करोड १५ लाख रकमान्तर गरी २ सवारी साधन रू.१ करोड ४४ लाखमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन । प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७" को नियम ३२ को उपनियम १) को तदारुकताका साथ कार्यान्वयन गरी सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर नगर्न प्रदेश सरकारलाई निर्देशन दिने । |
| **गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान** | | |
| १५ | दरबन्दी तथा पदपुर्ती - प्रतिष्ठानको स्वीकृत कर्मचारी दरबन्दी २० रहेकोमा ८ पदपूर्ति भई १२ पद रिक्त रहेको देखिन्छ । जनशक्तिको अभावमा प्रतिष्ठानको कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त दरबन्दी पूर्ति गर्नुपर्दछ । | नियमानुसार यथाशिघ्र पदपूर्ति गर्न निर्देशन दिने । |
| १६ | लक्ष्य प्रगति - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २५ मा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानको चालु तर्फको प्रगति ४०.३९ प्रतिशत, पूँजीगत तर्फको ४९.७९ प्रतिशत र औषतमा ४५.०९ प्रतिशत मात्र प्रगति रहेको छ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अभिमुखीकरण, तालिम प्रभावकारिताको मूल्यांकन, स्थानीय तहको सुशासन कार्यविधि निर्माणको लागि अभिमुखीकरण लगायत रू.१ करोड ९ लाख बजेटको ७ | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यक्रमहरू सञ्चालन भएको पाईएन। रू.१ करोड २७ लाख ५० हजार बजेटको स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने कार्यक्रमको प्रगति ४१ प्रतिशत, रू.३३ लाख बजेट भएको कार्य स्थलमा हुने लैंगिक हिंसा विरुद्धको आचार संहिताको निर्माण कार्यक्रमको प्रगति १०.८७ प्रतिशत मात्र रहेको छ। लक्ष्य अनुसार प्रगति हाँसिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | |
| १७ | **नर्म्स -** भ्रमण खर्च नियमावली, २०६४ को दफा १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले तोकिएबमोजिम दैनिक तथा भ्रमण खर्च भुक्तानी पाउने व्यवस्था छ। प्रतिष्ठानद्धारा विभिन्न तालिममा सहभागी कर्मचारीहरूलाई तालिमको पुरा अवधिको दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी गर्नुको साथै तालिम अवधिभर खाना तथा खाजा समेत उपलब्ध गराउने गरेको छ। विभिन्न १२ तालिम कार्यक्रममा दैनिक भत्ता बापत कुल रू.३२ लाख १४ हजार र खाना/खाजा बापत रू.२३ लाख ४ हजार खर्च भएको छ। यसरी एउटै प्रयोजनको लागि दोहोरो खर्च गर्दा बढी व्ययभार पर्ने देखिन्छ। यस सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गरी तालिमलाई मितव्ययी तथा प्रभावकारी बनाउनुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार नीतिगत व्यवस्था गर्न निर्देशन दिने । |
| १८ | बेरुजु स्थिति कार्यालयमा यो वर्ष रू.१ करोड ७९ लाख ६४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनबाट फस्यौंट नभएकोले सो बेरुजु बाँकी रहेको छ। | बाँकी रहेको बेरुजु यथाशिघ्र फर्छ्यौट गरी समितलाई जानकारी गराउन निर्देशन दिने । |
| **आन्तरिक मामिला मन्त्रालय** | | |
| १ | **कार्य जिम्मेवारी -** मन्त्रालयले गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली , २०७४ अनुसार तोकिएको विभिन्न कार्यहरू मध्ये प्रदेश सुरक्षा नीति निर्माण, प्रदेश | "गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४" ले तोके अनुसारका |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्रहरी ऐन निर्माण, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, सामुदायिक प्रहरी गठन, अपराध तथा यातना पीडितको पुर्नस्थापना र क्षतिपूर्ति, निवारक नजरबन्द र स्थान हद सम्बन्धी कार्य, ईन्टरनेट सेवा सञ्चालन र नियमन सम्बन्धी कानुन निर्माण, जग्गा अधिग्रहण सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, जग्गा विवाद समाधान सम्बन्धी, व्यक्तिको पहिचान सम्बन्धी, प्रदेशस्तरका ईन्टरसेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, नवीकरण र अनुगमन, साइबर सुरक्षा अनुगमन, केवुल वितरणको इजाजत नवीकरण र नियमन, चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन लगायतका कार्य शुरुवात गरेको छैन। कार्यविभाजन नियमावली अनुसार कार्य योजना बनाई तोकिएका कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ । | कार्यजिम्मेवारी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **निजी आवास पुन निर्माण -** मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माण तथा पुनःस्र्थापना अनुदान कार्यविधि, २०७७ मा लाभग्राही छनौट गरी निजी आवास पुनःनिर्माणको लागि हिमाली, पहाडी र तराई जिल्लामा क्रमश रू.५ लाख, ४ लाख र ३ लाख अनुदान दिने र अनुदान मध्ये स्थानीय तहले नगरपालिकाको हकमा १५ प्रतिशत र गाउँपालिकाको हकमा १० प्रतिशत व्यहोर्ने तथा ३० प्रतिशत प्रदेश सरकारले र बाँकी संघीय सरकारले व्यहोर्ने गरी लागत साझेदारी गर्ने व्यवस्था छ। प्रदेश भरिमा २ हजार ६५३ घरधुरी लाभग्राही रहेकोमा २०७७।७८ मा रू.७ करोड ४० लाख ७० हजार र २०७८। ७९ मा रू.९ करोड ५५ लाख ४५ हजार निकासा भएको छ । उपरोक्त रकमबाट घर निर्माण सम्पन्न भएको र निर्माण गर्न बाँकी रहेको विवरण मन्त्रालयले अद्यावधिक गरेको छैन । जिल्ला स्तरमा | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्राविधिक कर्मचारीको अभाव, स्थानीय तहसँग आवश्यक समन्वयको अभाव, प्राथमिकतामा कमी लगायत कारणले कार्यक्रमको प्रभावकारिता सन्तोषजनक छैन्। सरोकारवालाहरूसँग आवश्यक समन्वय गरी छनौट भएका घरधुरीको आवास पुनःनिर्माण कार्य सम्पन्न गर्नुपर्दछ । | |
| ३ | **गौरवको आयोजना** - प्रदेश गौरवको आयोजनाको रुपमा पहिचान भई विगतमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सञ्चालन हुँदै आएको प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण आयोजना सञ्चालनको जिम्मेवारी आन्तरिक मामिला मन्त्रालयलाई तोकिएको छ। सो आयोजनाको लागि आर्थिक वर्ष २०७७।७८ मा रू.५ करोड ७१ लाखको सम्झौता भई निर्माण कार्य सुरु भएकोमा हालसम्मको भौतिक प्रगति ६० प्रतिशत रहेको छ । २०७८।७९ मा रू.३ करोड बजेट विनियोजन भएकोमा वित्तीय प्रगति ८२ प्रतिशत रहेको छ। अनुगमन, मूल्यांकन र सम्बन्धित निकायहरू तथा निर्माण व्यवसायीसँग आवश्यक समन्वय गरी समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **सवारी साधन खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१) मा पहिलो चौमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाईने व्यवस्था छ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा ९२) मा नेपाल सरकारको अनुदानबाट स्वास्थ्य सेवा सञ्चालन तथा निर्वाचन कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि बाहेक अन्य अवस्थामा ४ पाङ्ग्रे सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । मन्त्रालयले शुरु बजेट विनियोजन नभएको | मापदण्ड र कानूनी व्यवस्था पालना गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | शीर्षकमा रू.६० लाख बजेट रकमान्तर गरी रू. ५९ लाख ९० हजारको एक ४ पाङ्ग्रे सवारी साधन खरिद गरेको छ। मापदण्ड तथा कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ५ | **बेरुजु स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट लगति बेरुजु देखिएको छैन्। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ । | - |
| **कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्रालय** | | |
| १ | कार्य जिम्मेवारी - प्रदेश सरकार कार्यविभाजन नियमावली संशोधन समेत) , २०७४ बमोजिम कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयले प्रदेश स्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन नीति कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, छापा सञ्चार माध्यम र इन्टरनेटमा आधारित अनलाईन सञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, प्रदेशस्तरमा तारयुक्त र तार रहित ब्रोडव्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन, प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सञ्चालन र नियमन, केवलमा आधारित टेलिभिजनको इजाजत, नवीकरण र नियमन, सूचनाको हकसम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन जस्ता सञ्चारसंग सम्बन्धित कार्य सम्पादन गर्नुपर्ने नियमावलीले व्यवस्था गरेकोमा ति कार्य जिम्मेवारीलाई पुरा गर्ने कानून नीति तथा कार्ययोजना तयार गरेको देखिएन। कार्य विभाजन नियमावली, २०७४ मा संशोधन भईसकेको अवस्थामा तोकिएको कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ । | "गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४" ले तोके अनुसारका कार्यजिम्मेवारी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | कानुन तर्जुमा - संघीय संरचना अनुसार प्रदेशको सञ्चालन र व्यवस्थापनको लागि आर्थिक वर्ष २०७८।७९ सम्म ५९ ऐन, १७ नियमावली, ५ गठन आदेश र १४३ | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | निर्देशिका तथा कार्यविधि निर्माण भएका छन् । प्रदेशको सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कानुन र कार्यविधि पहिचान गरी तर्जुमा गर्नुपर्दछ । | |
| ३ | **वार्षिक लक्ष्य प्रगति** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुसूची-३ को ढाँचामा प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले भौतिक लक्ष्य र प्रगति देखिने गरी तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको छैन। तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ । | नियमित रुपमा तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्न निर्देशन दिने । |
| ४ | **दरबन्दी र पदपूर्ति** - मन्त्रालयको स्वीकृत दरबन्दी २९ मध्ये २५ पदपूर्ति भई प्रशासनिक २ र प्राविधिक २ पद रिक्त रहेको देखिन्छ । दरबन्दी रिक्त रहँदा मन्त्रालयको कार्यसम्पादनमा असर पर्ने भएकाले रिक्त दरबन्दी पूर्ति गरिनुपर्दछ । | रिक्त दरबन्दीमा पदपूर्ति गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ५ | **प्रदेश गौरवका आयोजना** - प्रदेश गौरवको आयोजनाहरू मध्ये यस मन्त्रालयले सूचना प्रविधि पार्क निर्माण र सञ्चालन आयोजना कार्यान्वयन गर्ने जिम्मेवारी पाएको छ। उक्त आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरेको भएता पनि निर्माण स्थलमा पर्खाल लगाउने काम बाहेक थप प्रगति भएको छैन। पर्खाल निर्माण गर्नको लागि यो वर्ष रू.१ करोड ७० लाख बजेट विनियोजन गरिएकोमा रू.३७ लाख ६ हजार मात्र खर्च भएको छ। सूचना प्रविधि पार्कको भौतिक संरचना निर्माणमा रू.६५ लाख र प्रदेश डाटा सेन्टर / सर्भर खरिदको लागि रू.४ करोड ७० लाख बजेट विनियोजन गरिएकोमा दुबै कार्य गरेको देखिएन। मन्त्रालयले डाटा सेन्टर राखे स्थानको सुनिश्चितता नगरी बजेट व्यवस्था गरेबाट खर्च नभएको स्थिति छ । प्रदेश गौरवको आयोजनालाई प्राथमिकताको साथ सम्पन्न गर्नुपर्दछ । | प्रदेश गौरवका आयोजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ६ | **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा १ हजार ३१ आयोजनाको लागि रू.७५ करोड १७ लाख ७५ हजार बजेट रकमान्तर गरेको छ । प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७" को नियम ३२ को उपनियम १) को व्यवस्था कार्यान्वयन गरी सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर नगर्न प्रदेश सरकारलाई निर्देशन दिने । |
| ७ | **बेरुजु स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट रू.५ लाख ६४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फस्यौंट नभई सो बेरुजु बाँकी रहेको छ । | बाँकी बेरुजु यथाशिघ्र फछ्यौंट गर्न निर्देशन दिने । |

**४.२.२ महालेखा परीक्षकको चौथौं बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७९ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी** - प्रदेश सरकार कार्य विभाजन) नियमावली , २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी तोकिएकोमध्ये प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन, प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन मापदण्ड तर्जुमा एवं कार्यान्वयन, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन, गाउँपालिका तथा | "गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४" ले तोके अनुसारका कार्यजिम्मेवारी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा लगायतको कार्य हुन बाँकी रहेको छ । कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ । | |
| २ | **अनुगमन मूल्याङ्कन** - प्रदेश सरकार कार्य विभाजन) नियमावली , २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश सरकारको नीति कार्यान्वयन अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्याङ्कन गरी सोको प्रतिवेदन समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले अनुगमन मूल्याङ्कन सूचकाङ्क तयार गरी सोही आधारमा नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरेको छैन । यसमा सुधार गर्नुपर्दछ । | अनुगमन मूल्याङ्कन सूचकाङ्क तयार गरी नियमित नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न निर्देशन दिने । |
| ३ | **कर्मचारी व्यवस्थापन** - प्रदेश सरकार अन्तर्गत प्रदेश सभा सचिवालय, मन्त्रालय, आयोग, र अन्तर्गतका कार्यालय सहित १५५ सरकारी निकायमा ३ हजार १७८ कर्मचारी दरवन्दी रहेकोमा २ हजार २९५ पदपूर्ति भई ८८३ रिक्त रहेको छ । स्वीकृत दरवन्दीको तुलनामा २७.७८ प्रतिशत जनशक्ति रिक्त रहेकोले सरकारी निकायहरूको सेवा प्रवाहमा असर पर्ने देखिएको छ । प्रदेश सरकारको कार्य व्यवस्थित तरिकाले सञ्चालनको लागि दरबन्दी अनुसार पदपूर्ति गरि जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **बजेट तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सरकारको २०७७/७८ को बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा प्रदेश विकास प्राधिकरण स्थापना र संचालन, प्रदेश कानुन फैसला कार्यान्वयन समिति गठन तथा संचालन, प्रदेश समन्वय परिषद् बैठक र | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कर्मचारीहरूको अभिलेख व्यवस्थापन कार्यको लागि रु.११ करोड ७६ लाख ५० हजार बजेट विनियोजन भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् । व्यवसाय जीवन रक्षा कोषको कार्यक्रम संचालन गर्न रु.१ अर्ब विनियोजन भएकोमा नेपाल राष्ट्रबैंकमा सोधभर्ना खाता खोली रु.२५ करोड जम्मा गरेकोमा खर्च भएको छैन । बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । | |
| ५ | **निर्णय कार्यान्वयन** - प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ । मन्त्रिपरिषदबाट २०७४ देखि २०७८ को अवधिमा १६७ बैठक सञ्चालन गरी ९८१ निर्णय भएका छन्। ती निर्णयहरूको कार्यान्वयन सम्बन्धमा कार्यालयले अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । अनुगमनको अभावमा निर्णय कार्यान्वयनको अवस्था जानकारी हुनसक्ने अवस्था छैन। मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको अनुगमनको व्यवस्था मिलाउनु पर्दछ । | मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको नियमित अनुगमनको व्यवस्था मिलाउन निर्देशन दिने । |
| ६ | **प्रदेश समन्वय परिषद्** - संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ को दफा २४ र २५ मा क्रमशः प्रदेश तथा स्थानीय तहबीच वा प्रदेशभित्रका एक भन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्वन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषदको बैठक बर्षको कम्तिमा एक-पटक बस्ने व्यवस्था भएकोमा यो वर्ष बैठक बसेको छैन। परिषदले प्रदेश तथा स्थानीय निकायबीचका साझा अधिकार क्षेत्रका विषयमा उत्पन्न विवाद समाधानको लागि आवश्यक समन्वयकारी | प्रदेश समन्वय परिषद्को नियमित बैठक गरी प्रदेश तथा स्थानीय तह बीचका साझा अधिकारका क्षेत्रमा उत्पन्न विवाद समाधानमा समन्वयकारी भूमिका निर्वाह गर्ने विषयलाई प्राथमिकतामा राख्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | भूमिका निर्वाह गर्नुपर्दछ । | |
| ७ | **संगठन संरचना** - संघीय व्यवस्था अनुरूप स्थानीय तथा प्रदेशमा हस्तान्तण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्ने कार्य र साझा रूपमा गर्ने कार्य संविधानमा स्पष्ट उल्लेख छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएको छ । कास्की जिल्लामा संघको भवनतर्फको संघीय आयोजना कार्यान्वयन इकाई रहेकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेशमा शहरी विकास तथा भवन कार्यालयको स्थापना गरेको छ । यस वर्ष ६ जिल्लामा पूर्वाधार विकास कार्यालय, ५ जिल्लामा कृषि ज्ञानकेन्द्र, ४ जिल्लामा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, १ ताल संरक्षण तथा विकास प्राधिकरण, १ सवारी जाँचपास कार्यालय, १ क्षेत्रीय उपाचार केन्द्र र १ गण्डकी प्राविधिक प्रतिष्ठान गरी जम्मा १९ नयाँ कार्यालय स्थापना भएका छ । यसबाट समग्र शासकीय प्रणालीको खर्च बढ्ने र कार्यक्षेत्रमा दोहोरोपना हुनेतर्फ विचार गरेको छैन । एकै प्रकृतिका कार्यको लागि तीनै तहमा कार्यालय स्थापना भएबाट काममा दोहोरोपन एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था रहेको छ । यसमा सुधार गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **आर्थिक सहायता** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्डभित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधि उपचार खर्च प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | व्यक्ति तथा संस्थालाई दोहोरो सुविधा उपलब्ध गराउन नहुने र उक्त व्यवस्था प्रदेश सरकारका सबै कार्यालयहरूले पालना गर्नुपर्ने उल्लेख छ। प्रदेश सरकारले जारी गरेको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ मा व्यक्तिगत सहायता रु.२५ हजार मुख्यमन्त्रीको तोकआदेशबाट सोझै, सोभन्दा माथिको रकम मन्त्रिपरिषद्को निर्णयबाट दिन सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष व्यक्तिगत सहायतातर्फ विपन्न परिवारका सदस्यलाई औषधि उपचार, खेलकुदका प्रतियोगिता, लोकसेवा तयारी कक्षा लगायतका कार्यमा २६८ जनालाई रु.२ करोड आर्थिक सहायता वितरण गरेको छ । गत वर्ष रु.५८ लाख १५ हजार वितरण गरेकोमा यो वर्ष गत वर्षको तुलनमा ३.४४ गुणा भन्दा बढी सहायता वितरण गरेको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९ | **व्यवसाय जीवन रक्षा कोष** - व्यवसाय जीवन रक्षा कोष संचालन) कार्यविधि , २०७७ मा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले पर्यटन, यातायात, कृषि उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय जीवन रक्षा कर्जा उपलब्ध गराउने उदेश्यले नेपाल राष्ट्र बैंकमा एक सोधभर्ना खाता खोली मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले एक अर्ब रुपैयाँको व्यवसाय जीवन रक्षा कोष स्थापना गरी सो कोषबाट व्यवसायीहरूलाई ऋण उपलब्ध गराउने, बाणिज्य बैंकहरूलाई बैंकको आधार दरमा ३ प्रतिशत व्याज थप गरी सोधभर्नाको रुपमा नेपाल राष्ट्र बैंकले सम्बन्धित बैंकलाई व्याज उपलब्ध गराउने उल्लेख छ । उक्त कोषबाट उद्यमी तथा व्यवसायीहरूलाई बढीमा रु.१५ लाख कर्जाको ३ वर्षसम्मको | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | व्याज भुक्तानी गर्ने गरी यस वर्ष १७६ व्यवसायीहरू छनौट भएका छन् । यो वर्ष सोधभर्ना खातामा रु.२५ करोड जम्मा गरेकोमा खर्च भएको छैन । कार्यालयले कोषबाट भुक्तानी गर्नुपर्ने दायित्व यकिन गरेको छैन । कोषबाट खर्च हुन नसकी बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| १० | **पर्यटन काज** - गण्डकी प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई बिदा पर्यटनको माध्यमबाट उत्प्रेरित गरी जिम्मेवारीप्रति उत्साह बढाउन तथा प्रदेश भित्रको भौगोलिक, प्राकृतिक, सामाजिक, धार्मिक, सास्कृतिक एंव ऐतिहासिक पर्यटकीय स्थलहरूको उजागर गरी आन्तरिक पर्यटनलाई प्रभावकारी औजारको रुपमा प्रवर्द्धन गर्न बिदा पर्यटन सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ । सो अनुरुप गत वर्ष मुख्यमन्त्री कार्यालय समेत ७ मन्त्रालयबाट ६३ जना र मातहत कार्यालयबाट ९६ गरी जम्मा १५९ जनाको लागि रु.५९ लाख ३७ हजार खर्च गरेकोमा यस वर्ष मुख्यमन्त्री कार्यालय समेत ७ मन्त्रालयबाट १४५ र मातहत कार्यालयबाट २३३ गरी जम्मा ३७८ जनालाई रु.१ करोड ३३ लाख ७७ हजार खर्च लेखेको छ । | - |
| ११ | **विद्युतीय सुशासन गुरुयोजना** - मुख्यमन्त्री कार्यालयबाट ई-गभरनेन्स लागु गरी पेपरलेस डिजिटल गण्डकी प्रदेश बनाउने उद्देश्यले घोषणा भएको विद्युतिय सुशासन आयोजना अन्तर्गत यो वर्ष विद्युतीय सुशासन गुरुयोजना तयारीको लागि रु.२० लाख बजेट विनियोजन भएकोमा रु.१८ लाख १३ हजार खर्च भई विद्युतीय सुशासन सम्बन्धी अध्ययन प्रतिवेदन तयार भएको छ । विद्युतीय सुशासन सम्वन्धी प्रतिवेदनको कार्यान्वयन गरी सरकारबाट प्रदान गरिने सेवा, सुविधा तथा सूचनालाई | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सरल, सुलभ, पारदर्शी तथा नागरिकमैत्री बनाउन विद्युतीय सुशासन आयोजना कार्यान्वयन गर्नुपर्दछ । | |
| १२ | **बेरुजु स्थिति** - कार्यालय तथा मातहत समेत २ निकायमा यो वर्ष रु.८० लाख २७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनबाट फछ्यौट नभएकोले सो बेरुजु बाँकी रहेको छ । | बाँकी रहेको बेरुजु फछ्यौंट गर्न निर्देशन दिने । |
| **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | | |
| १ | **कार्य जिम्मेवारी** - प्रदेश सरकार कार्य विभाजन) नियमावली , २०७४ बमोजिम आन्तरिक मामिला तथा कानुन मन्त्रालयले संघीय कानुन वमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यावस्थापन र नियमन, प्रदेश भित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय, संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन, प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडल्याण्ड पूर्वाधारको विकास व्यवस्थापन र नियमन, प्रदेशभित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन, फौजदारी कार्यविधि कानुनको कार्यान्वयन, अपराध तथा यातना पीडितको पुनर्स्थापना क्षतिपूर्ति, निवारक नजरबन्द र स्थानहद सम्बन्धी अन्तर प्रदेश सम्बन्ध, स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय लगायतका कार्य जिम्मेवारी कार्यान्वयन हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ । | "गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४" ले तोके अनुसारका कार्यजिम्मेवारी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **कानुन निर्माण** - प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २ मा मन्त्रालयको कार्यक्षेत्र उल्लेख रहेको छ । संघीय संरचना अनुसार प्रदेशको संचालन र व्यवस्थापन कार्यको लागि २०७७।७८ सम्म ५० ऐन, १२ नियमावली स्वीकृत भएका छन् भने यस वर्ष ११ कार्यविधि २ निर्देशिका, २ गठन आदेश | प्रदेश सरकारले निर्माण गरेका कानूनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | निर्माणका लागी सहमति प्रदान गरिएको छ। मन्त्रालयले प्रदान गर्ने सेवा प्रवाह प्रभावकारी र गुणस्तरीय तुल्याउन आवश्यक कानुन तर्जुमा र स्वीकृतिको साथै कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| ३ | **वार्षिक लक्ष्य प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुसूची-३ को ढाँचामा प्रगति विवरण तयार गरी समिक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले भौतिक लक्ष्य र प्रगति देखिने गरी तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको छैन। तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ । | नियमित रुपमा तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्न निर्देशन दिने । |
| ४ | **दरबन्दी र पदपूर्ति** - मन्त्रालयको स्वीकृत दरवन्दी ३८ मध्ये ३० पदपूर्ति भई उप-सचिव १ सहित ८ पद रिक्त रहेको देखिन्छ । दरबन्दी रिक्त रहँदा मन्त्रालयको कार्यसम्पादनमा असर पर्ने भएकाले रिक्त दरबन्दी पूर्ति गरिनुपर्दछ । | रिक्त दरबन्दीमा पदपूर्ति गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ५ | **सवारी साधन खरिद** - मन्त्रालयले यस वर्ष ५ पिकअप गाडी, एक स्कारपियो जिप र एक बस सहित ७ वटा सवारी साधन ३ प्याकेजमा खरिद गर्न रु.३ करोड ११ लाख ४० हजारको ३ वटा लागत अनुमान तयार गरी बोलपत्र माग गरेकोमा रु.३ करोड ११ लाख ९ हजारमा खरिद गरेको छ । खरिद गरिएका सवारी साधनहरू मध्ये जिप र एउटा पिक अप गाडी मन्त्रालयले प्रयोग गरेको छ भने ४ वटा पिक गाडी र एउटा बस गण्डकी प्रदेश प्रहरी कार्यालयलाई हस्तान्तरण गरेको छ । मन्त्रालयले एउटै लागत अनुमान तयार गरी सवारी साधन खरिद गर्न सकिनेमा ३ प्याकेजमा खरिद गरेको छ ।सवारी साधन खरिदको मापदण्ड तयार गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ६ | **प्रदेश गौरवका आयोजना** - यस मन्त्रालयले कार्यान्वयन गर्ने जिम्मेवारी पाएको प्रदेश गौरवका आयोजनाहरूको कार्यान्वयन अवस्था निम्नानुसार रहेको छः<br>६.१. पोखरा महानगरको जामुने बोटमा सूचना प्रविधि पार्क निर्माण र सञ्चालन गरी डिजिटल गण्डकी प्रदेश बनाउने र प्रदेशलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने उद्देश्य रहेको, पार्क निर्माण कार्यको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार पारिएको, पर्खाल निर्माण कार्य भएको, विस्तृत परियोजना प्रतिवेदन तयार तयार गर्ने कार्यारम्भ गरीएको भएतापनि निर्माण कार्य शुरु गरेको पाइएन । उक्त आयोजनामा यो वर्ष रु.३५ लाख बजेट व्यवस्था भएकोमा रु. १४ लाख २८ हजार ४०.८० प्रतिशत) र हालसम्म रु.१५ लाख ५९ हजार खर्च भएको छ । कार्यतालिका बनाई निर्माण कार्य गरिनुपर्दछ ।<br>६.२. प्रदेश प्रहरी तालिम केन्द्र निर्माण गरी प्रहरी प्रशासनलाई दक्ष बनाउने उद्देश्य रहेको प्रदेश प्रहरी तालिम केन्द्रको भौतिक संरचना निर्माण कार्यको लागि यो वर्ष रु.५ करोड ७१ लाख बजेट व्यवस्था भएकोमा रु.४ करोड ३० लाख २७ हजार खर्च गरी ७५.३५ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । उक्त तालिम केन्द्रमा हालसम्म रु.५ करोड ७८ लाख ४ हजार खर्च भए पनि निर्माण कार्य सम्पन्न भएको छैन । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **बेरुजु स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट रु.३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फछ्र्यौट नभई सो बेरुजु बाँकी रहेको छ । | बाँकी बेरुजु यथाशिघ्र फछ्र्यौट गर्न निर्देशन दिने । |

**४.२.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७८ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरु:**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी** : प्रदेश सरकार कार्यविभाजन) नियमावली , २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी तोकिएको छ । उक्त नियमावलीमा उल्लेख भएबमोजिम प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन एवं गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा लगायतको कार्य हुन बाँकी रहेको छ । कार्यान्वयन तालिका बनाई तोकिएको कार्य जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ । | “गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४” ले तोके अनुसारका कार्यजिम्मेवारी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **संगठन र व्यवस्थापन** - प्रदेश अन्तर्गतका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन र दरबन्दी निश्चित गर्नुपर्दछ । प्रदेश सरकार अन्तर्गका १४३ सरकारी निकायमा २ हजार ८१३ दरबन्दी रहेकोमा २ हजार ३९ अर्थात् ७२ प्रतिशत पदपूर्ति भई ७७४ पद रिक्त रहेको छ । स्वीकृत दरबन्दीको करिब एक चौथाई पद रिक्त रहेकोले प्रदेश कार्यालयहरूको सेवा प्रवाहमा असर पर्ने देखिएको छ । यो वर्ष प्रदेश संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि रु.४० लाख बजेट व्यवस्था भएकोमा खर्च भएको छैन । संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत प्रदेश सरकारको कार्य सञ्चालनको लागि आवश्यक जनशक्ति प्रदेश लोक सेवा आयोग मार्फत पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ३ | **अनुगमन मूल्याङ्कनः** प्रदेश सरकार कार्यविभाजन) नि यमावली, २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश सरकारको नीति कार्यान्वयन अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्याङ्कन गरी सोको प्रतिवेदन समेत पेस गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले अनुगमन मूल्याङ्कनको सूचकांक तयार गरी सोही आधारमा नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरेको छैन । यसमा सुधार गर्नुपर्दछ । | अनुगमन मूल्याङ्कन सूचकाङ्क तयार गरी नियमित नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न निर्देशन दिने । |
| ४ | **निर्णय कार्यान्वयन** - प्रदेश सरकार कार्यविभाजन) नियमावली अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ । २०७४ देखि २०७७ को अवधिमा १२९ बैठक सञ्चालन गरी विभिन्न ८०७ निर्णय गरेकोमा कार्यालयले मन्त्रिपरिषद्बाट भएका निर्णयहरू कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । अनुगमनको अभावमा निर्णय कार्यान्वयनको सम्बन्धमा जानकारी हुनसक्ने अवस्था छैन । मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको अनुगमनको व्यवस्था मिलाउनु पर्दछ । | मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको नियमित अनुगमनको व्यवस्था मिलाउन निर्देशन दिने । |
| ५ | **परिषद्को निर्णय कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषद्को बैठक वर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था भएबमोजिम २०७६ पौष | प्रदेश समन्वय परिषद्को नियमित बैठक गरी प्रदेश तथा स्थानीय तह बीचका साझा अधिकारका क्षेत्रमा उत्पन्न विवाद समाधानमा समन्वयकारी भूमिका निर्वाह गर्ने विषयलाई प्राथमिकतामा राख्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ३ र ४ मा परिषद्को बैठक बसेकोमा प्रदेशका योजना छनौट, तर्जुमा र कार्यान्वयन गर्दा संविधानको मर्म र भावना अनुसार गर्ने, दिगो विकासका लक्ष्यहरू हासिल गर्न प्रदेश र स्थानीय तहले प्राथमिकताका आधारमा स्रोत साधन विनियोजनको व्यवस्था गर्ने, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सिद्धान्ततः संघीयताको भावना र मर्म विपरीत भएकोले यसलाई पुनर्विचार गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने लगायत निर्णयहरू गरेको छ । उक्त निर्णयको कार्यान्वयन गर्नुपर्दछ । | |
| ६ | **तहगत दोहोरो संरचना** : संघीय व्यवस्था अनुरूप स्थानीय तथा प्रदेशमा हस्तान्तण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्ने कार्य र साझा रूपमा गर्ने कार्य संविधानमा स्पष्ट उल्लेख छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएको छ । कास्की जिल्लामा संघको भवनतर्फको संघीय आयोजना कार्यान्वयन इकाई रहेकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेशमा शहरी विकास तथा भवन कार्यालयको स्थापना गरेको छ । संघीय संरचनाको शुरुवात हुनुपूर्व कास्कीमा यातायात व्यवस्था कार्यालय, गण्डकी, एउटा मात्र रहेकोमा हाल प्रदेश सरकारले यातायात व्यवस्था कार्यालय सवारी, कास्की र यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, गण्डकी गरी २ कार्यालयको संरचना खडा गरेको छ । यसबाट समग्र शासकीय प्रणालीको खर्च बढ्ने र कार्यक्षेत्रमा दोहोरोपना हुनेतर्फ विचार गरेको छैन ।स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि एवं संघीय सरकारबाट खारेज भएका कार्यालय समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था रहेको छ । यसमा सुधार गर्नुपर्दछ । | कार्यक्षेत्र दोहोरोपना हुनेगरी कार्यालयको संरचना स्थापना नगर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ७ | **आर्थिक सहायताः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्डभित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधि उपचार खर्च बापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति तथा संस्थालाई दोहोरो सुविधा उपलब्ध गराउन नहुने र उक्त व्यवस्था प्रदेश सरकारका सबै कार्यालयहरूले पालना गर्नुपर्ने उल्लेख छ । प्रदेश सरकारले जारी गरेको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ मा व्यक्तिगत सहायता रु.२५ हजार र संस्थागत सहायता रु.१ लाखसम्म मुख्यमन्त्रीको तोकआदेशबाट सोझै, सोभन्दा माथिको रकम मन्त्रिपरिषद्को निर्णयबाट दिन सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष व्यक्तिगततर्फ ६९ जनालाई रु.८ लाख १५ हजार तथा ३८ संस्थालाई रु.१ करोड ९१ लाख ७९ हजार समेत रु.१ करोड ९९ लाख ९४ हजार आर्थिक सहायता वितरण गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **विद्युतीय सुशासन गुरुयोजनाः** मुख्यमन्त्री कार्यालयबाट ई-गभनेंस लागू गरी पेपरलेस डिजिटल गण्डकी प्रदेश बनाउने उद्देश्यले घोषणा भएको ई-गभरनेस आयोजना अन्तर्गत यस वर्ष विद्युतीय सुशासन गुरुयोजना तयारीको लागि रु.२० लाख विनियोजन भएकोमा यस सम्बन्धी कुनै काम भएको छैन । | बिद्युतीय सुशासन गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ९ | **बेरुजु स्थिति** : कार्यालय तथा मातहत समेत ३ निकायमा यो वर्ष रु.२ लाख २० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायबाट रु.६ | बाँकी बेरुजु यथाशिघ्र फछ्र्यौट गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हजार फस्यौट गरेकोले रु.२ लाख १४ हजार बेरुजु बाँकी रहेको छ । | |
| **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | | |
| १ | **कार्य जिम्मेवारी** : प्रदेश सरकार कार्य विभाजन) नियमावली बमोजिम प्रदेश प्रहरी सञ्चालन, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय, संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजना तथा विष्फोटक पदार्थको नियमन, पारिवारिक मामिला सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडव्याण्ड पूर्वाधारको विकास, साइवर सुरक्षा अनुगमन, श्रमजीवि सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन, केवुल वितरणको इजाजत, नवीकरण र नियमन, सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा लगायतका कार्यहरू कार्यान्वयन हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ । | "गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४" ले तोके अनुसारका कार्यजिम्मेवारी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **कानुन तर्जूमा** : संघीय संरचना अनुसार प्रदेशको सञ्चालन र व्यवस्थापनको लागि २०७६ । ७७ सम्म ४६ ऐन, १० नियमावली, ३ गठन आदेश र १४३ निर्देशिका तथा कार्यविधि निर्माण भएका छन् । प्रदेशको सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कानुन र कार्यविधि पहिचान गरी तर्जुमा गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **नीति तथा कार्यक्रमको कार्यान्वयनः** यस वर्षको नीति तथा कार्यक्रममा उल्लेख भएका कारागार हिरासत तथा बाल सुधार गृहको नियमित अनुगमन गरी सुधार गृहको रूपमा रुपान्तरण गर्ने कार्य र संघसँगको सहकार्यमा आवश्यक भौतिक संरचना निर्माण तथा स्तरोन्नति गर्ने कार्यको लागि बजेट व्यवस्था गरेको पाइएन । आवश्यक बजेटको | नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यको लागि अनिवार्य बजेट व्यवस्था गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | व्यवस्थापन गरी घोषित नीति र कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | |
| ४ | **लक्ष्य प्रगति** : गण्डकी प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा बजेट कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको यस वर्षको समग्र भौतिक प्रगति देखिने गरी प्रगति विवरण तयार गरेको छैन । विभिन्न ५१ क्रियाकलापहरू मध्ये सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि गण्डकी प्रदेशमा भित्रिने सीमा नाकामा सिसिटिभि खरिद तथा जडान, प्रदेश स्तरीय संचार ग्राम स्थापना, सूचना प्रविधि पार्कका लागि आधारभूत पूर्वाधार निर्माण, प्रदेशभित्रका सुरक्षाकर्मीहरूका लागि विपद् उद्धार सामाग्री खरिद लगायत ११ क्रियाकलापमा कार्य नभई प्रगति शून्य रहेको छ । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **प्रदेश गौरवका आयोजना** : यस मन्त्रालयले कार्यान्वयन गर्ने जिम्मेवारी पाएको प्रदेश गौरवका आयोजनाहरूको कार्यान्वयन अवस्था निम्नानुसार रहेको छः-<br>५.१. पोखरा महानगरको जामुने बोटमा सूचना प्रविधि पार्क निर्माण र सञ्चालन गरी डिजिटल गण्डकी प्रदेश बनाउने र प्रदेशलाई अन्तराष्ट्रिय बजारसँग जोड्ने उद्देश्य रहेको पार्क निर्माणको लागि जग्गा प्राप्ति<br>नभएकोले आयोजना शुरु हुन सकेको छैन ।<br>५.२. प्रदेश प्रहरी तालिम केन्द्र निर्माण गरी प्रहरी प्रशासनलाई दक्ष बनाउने कार्यका लागि रु.३ करोड बजेट व्यवस्था भएकोमा निर्माणाधीन ५ वटा भवनको ट्रस र भुइँ ढलान कार्यमा रु.१ करोड ४७ लाख ७८ हजार खर्च भई यो वर्ष ६० प्रतिशत भौतिक प्रगति भएको छ । प्रदेश गौरवका रूपमा घोषणा भएको उल्लिखित दुई | प्रदेश गौरवका आयोजनाहरुको कुल लागत र सम्पन्न हुने अवधी निर्धारण गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आयोजनाहरूको कूल लागत र सम्पन्न हुने अवधि निर्धारण गरेको छैन । | |
| ६ | मूल्य अभिवृद्धि कर मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा पचास प्रतिशतले हुने रकम कट्टा गरी राजस्व दाखिला गर्नुपर्नेमा विभिन्न सात निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई पूरै भुक्तानी दिएकोले रु.१२ लाख ६३ हजार राजस्व जम्मा भएको सुनिश्चित गर्नुपर्दछ । | राजस्व जम्मा भएको सुनिश्चित गरी जानकारी गराउन निर्देशन दिने । |
| ७ | **विपद् व्यवस्थापन कोषः** प्रदेश विपद् व्यवस्थापन कोषमा गत वर्षको जिम्मेवारी रु.१ करोड ६५ लाख ९५ हजार र यो वर्ष प्राप्त रु.१ करोड १ लाख ५० हजार समेत रु.२ करोड ६७ लाख ४५ हजार आम्दानी गरेकोमा राहत तथा उद्धार कार्यमा रु.५२ लाख ६२ हजार खर्च भई रु.२ करोड १४ लाख ८३ हजार बाँकी रहेको छ । कोष परिचालन सम्बन्धी कार्यविधि तयार नगरी खर्च गरेकोले कार्यविधि तर्जुमा गर्नुपर्दछ । | तत्काल कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **सवारी साधन खरिद** मन्त्रालयले बोलपत्रको माध्यमबाट रु.१ करोड ५१ लाख १५ हजारको ४ पिकअप गाडी, क्याटलग विधिबाट रु.४० लाख ७५ हजारको १ थान कार र रु.६ लाख ४४ हजारको ३ स्कुटर समेत रु.१ करोड ९८ लाख ३४ हजारको सवारी साधन खरिद गरेको छ । सवारी साधन खरिदको मापदण्ड तयार गरी यस्तो खर्च व्यवस्थित गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ९ | **सोझै खरिद** : सार्वजनिक खरिद कानुन अनुसार प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी वस्तु तथा सेवा खरिद गर्नुपर्नेमा मन्त्रालयले रु.५३ लाख ५६ हजारको फर्निचर तथा मेशिनरी औजार पटक पटक सिधै खरिद गरेको छ । सार्वजनिक निकायले | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन गर्नुपर्दछ । | |
| १० | **बेरुजु स्थिति** : मन्त्रालयको लेखापरीक्षणबाट रु.४७ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया साथ रु.३० लाख १४ हजार फस्योंट भएकोले रु.१७ लाख ७० हजार बाँकी रहेको छ । | बाँकी बेरुजु यथाशिघ्र फछ्यौंट गर्न निर्देशन दिने । |

**४.२.४ महालेखा परीक्षकको दोस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७७ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | **कार्यकम कार्यान्वयन** - आर्थिक वर्ष २०७५।७६ को बजेटमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरीय विकास समस्या समाधान समिति गठन गरी आयोजना तथा कार्यक्रमको प्रगति मुल्यांकन गरिने उल्लेख भएकोमा उक्त समिति गठन भएको देखिएन। विभिन्न मन्त्रालय तथा मातहत कार्यालयहरुको व्यवस्थापन परीक्षण गर्न रु.९ लाख, विद्युतीय सुशासन गुरुयोजना तयारीको लागि रु.५० लाख र एकीकृत प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न रु.२ करोड विनियोजन भएकोमा उक्त कार्य भएको छैन। प्रदेश लोक सेवा आयोग स्थापना र सञ्चालन गर्न अर्थ विविधवाट रु.१ करोड बजेट विनियोजन भएकोमा आयोग स्थापना भएको छैन । वार्षिक विकास कार्यक्रम अनुसारका कार्यहरु कार्यान्वयन गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **बजेट तथा कार्यक्रमको मूल्याङ्कन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्गत गरी अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गर्नुपर्ने उल्लेख छ। प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका सार्वजनिक स्रोतको प्राप्ती, परिचालन, कार्यक्रमहरुको कार्यान्वयन अवस्था सम्वन्धमा मूल्याङ्कन गरेको देखिएन | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | । बजेट तथा कार्यक्रमको मूल्याङ्कन गरी आगामी कार्ययोजना तयार गर्नुपर्दछ । | |
| ३ | **नीति कार्यान्वयन** - प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २ ४) अनुसार प्रदेश सरकारको नीतिको कार्यान्वयन अवस्थाको मूल्यांकन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकेको छ । आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था मूल्यांकन भएको देखिएन । नीति कार्यान्वयनको मूल्याङ्कन गर्नुपर्दछ । | आवधिक नीति कार्यक्रमको मुल्याङ्कन गरी सो को पृष्ठपोषण अनुसार नीति कार्यान्वयनको अवस्थालाई निरन्तर सुधार गर्न निर्देशन दिने । |
| ४ | **संगठन तथा व्यवस्थापन** - यो वर्ष प्रदेश सरकार अन्तर्गत ११ रणनीतिक कार्यालयहरु र सो अन्तर्गत १३९ कार्यालयहरु रहेको विवरण पेश भएको छ। प्राप्त विवरण अनुसार उक्त कार्यालयहरुको लागि कुल २ हजार ८१२ दरवन्दी रहेकोमा २ हजार ३४ मात्र पदपूर्ति भई ७७८ रिक्त रहेको देखिन्छ । दरवन्दी अनुसार कर्मचारी पदपुर्ति गर्नुपर्नेमा हालसम्म प्रदेश लोकसेवा आयोग समेत गठन गरेको छैन। संगठन तथा व्यवस्थापन सर्वेक्षण बाट आवश्यक दरवन्दी यकिन गरी दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ । | रिक्त दरबन्दीमा पदपूर्ति गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ५ | **अनुगमन मूल्याङ्कन** - यो वर्ष सञ्चालित कार्यक्रमको अनुगमनमा २ बजेट उपशीर्षकबाट रु.४७ लाख ५२ हजार खर्च गरेकोमा अनुगमन प्रतिवेदन तयार गरेको छैन। कार्यालय तथा अन्य मन्त्रालय अन्तर्गत भएका कमी कमजोरी तथा सुझावहरु कार्यन्वयन गर्न अनुगमन प्रतिवेदन तयार गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ वमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | खर्चको दक्षता बढाउनुपर्नेमा स्पष्ट कारण वेगर विनियोजन भएको रकम मध्ये चालुतर्फ ५५.१२ र पूँजीगत तर्फ ६३.२३ प्रतिशतमात्र खर्च गरेकोले विनियोजन एवं खर्च दक्षता कमजोर देखियो। विनियोजन एवं खर्च दक्षतामा प्रभावकारीता ल्याउनुपर्ने देखिएको छ । | |
| ७ | **निजी सचिवालयका कर्मचारी** - प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीले पाउने पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १४ क मा योग्यता नपुगेका व्यक्तिलाई नियुक्त दिन नहुने र तोकेभन्दा बढी सुविधा दिन नहुने उल्लेख छ। निजी सचिवायलका कर्मचारीलाई ऐनले तोकेअनुसार १ उपसचिवको लागि रु.४ लाख ४५ हजार र ७ शाखा अधिकृतको लागि रु.२७ लाख ७६ हजार समेत रु.३२ लाख २१ हजार पारिश्रमिकमा खर्च भएको छ भने ७ कार्यालय सहयोगीको लागि रु.१४ लाख ७७ हजार खर्च भएको छ ।कार्यालयले मन्त्रीहरुले निजी सविचालयमा राखेका उपसचिव र शाखा अधिकृतको शैक्षिक योग्यताको विवरण र मापदण्ड तयार गरेको छैन । | मन्त्रीहरुले निजी सचिवालयमा राखेका उपसचिव र शाखा अधिकृतको शैक्षिक योग्यताको विवरण र मापदण्ड तयार गरी लागु गर्न निर्देशन दिने । |
| ८ | **सीमित प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा पारी खरिद कार्य गर्न नहुने उल्लेख छ । ऐनको व्यवस्था विपरीत कार्यालयले रु.३४ लाखको फर्निचर तथा फिक्चर्स र रु.३७ लाख ९९ हजार मूल्यको मेशिनरी औजार समेत रु.७१ लाख ९९ हजारको मालसामान सोझै खरिद गरेको छ । प्रदेश नीति तथा योजना आयोगले मेशिनरी औजार रु.१९ लाख ६२ हजार र फर्निचर रु.१४ लाख ९३ हजार समेत रु.३४ लाख ५६ हजारको टुक्रा टुक्रा लागत अनुमान तयार गरी सोझै खरिद गरेको छ । वार्षिक कार्ययोजना तयार | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गरी एउटै प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिवाट खरिद कार्य गर्नुपर्दछ । | |
| ९ | **खर्चमा मितव्ययिता** खर्चमा मितव्ययीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुदा ११ अनुसार कुनैपनि सभा, सम्मेलन, गोष्ठी, सेमिनार गर्दा सरकारी कार्यालयमा गर्नुपर्ने उल्लेख भएकोमा विना प्रतिष्पर्धा प्रदेश विकास परिषद्को बैठक एक होटलमा रु.१६ लाख ९० हजार खर्च गरी आयोजना गरेको छ । साथै प्रदेश सरकार स्थापना दिवसको लागि समेत रु.१० लाख २८ हजार खर्च गरेको छ । सरकारी पुर्वाधारको उपयोग गरी सार्वजनिक स्रोतको मितव्ययी प्रयोग गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १० | **शासकीय सुधार** प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्य मन्त्रालय र मातहतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन, वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था, एकद्धार सेवा प्रणाली कार्यान्वयन, सेवाको गुणस्तर सुधारको लागि उपयूक्त उपायको अबलम्बन, सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर लगायतको अनुगमन गरी प्रदेशको शासकीय अवस्था र शुसासनको लागि विषयगत प्रगति विवरण तयार गर्नु पर्नेमा तयार गरेको देखिएन । वजेट वक्तव्य मार्फत प्रस्तुत भएको नीति तथा कार्यक्रमको कार्यान्वयन सम्वन्धमा समिक्षा गरेको पनि देखिएन । | नीति तथा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा नियमित समिक्षा गर्न निर्देशन दिने । |
| ११ | **प्रदेश समन्वय परिषद** - स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नितिगत सामन्जस्यता, योजना व्यवस्थापनमा | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार निर्णय कार्यान्वयन गर्न |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रणनितिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धि विषयमा प्रदेश र स्थानीय तहविच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद रहने र परिषदको बैठक बर्षको कम्तिमा एक पटक वस्ने व्यवस्था रहेको छ । प्रदेश र स्थानीय तह विचको नीतिगत सामाजस्यता, योजना व्यवस्थापन, साझा अधिकार जस्ता मुलभुत विषयमा नितिगत रुपमा समन्वय हुन नसकेको, प्राकृत्तिक श्रोत र साधनको उपयोग एवं बाँडफाँड तथा सो को स्रोत संकलनमा प्रभावकारिता नआएको जस्ता व्यहोरा स्थानीय तहमा देखिएका छन् । परिषदको मिति २०७५।८।११ र १२ को बैठकवाट सवै स्थानीय तहको लागि भवन निर्माण गर्न नेपाल सरकार संग वजेट माग गर्ने, उत्पादन, रोजगारीमा वृद्धि र गरिवी निवारण हुने योजनालाई प्राथमिकता दिने, समग्र विकासको लागि गुरुयोजना र आयोजना बैंक स्थापना गर्ने जस्ता निर्णय भएपनि प्रदेश र स्थानीय तह एवं स्थानीय र स्थानीय तह विच समन्वय गर्ने, सोको अभिलेख अध्यावधिक गर्ने र भएका निर्णयको कार्यान्वयन गर्नुपर्दछ । | निर्देशन दिने । |
| १२ | **बेरुजू स्थिति** - कार्यालय र मातहतका कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजू देखिएको छैन । | केही गर्न् नपर्ने । |
| **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | | |
| १ | **कानुन तर्जुमा** - गण्डकी प्रदेश कार्य विभाजन) नियमावली , २०७४ को नियम २ बमोजिम २९ ऐन र ३ विधेयक प्रदेश सभाबाट पारित भएका छन । १७ विधेयकमा सहमति प्रदान, ५ विधेयक सहमतीको लागि प्राप्त र ३ विधेयक प्रदेश सभामा विचाराधीन रहेका छन् । पहिचान गरिएका कानुनहरु समयमै निर्माण गरी | यस विषयमा हाल केही गर्नु नपर्ने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यान्वयन गर्नुपर्दछ । | |
| २ | **कार्यकमगत खर्चको स्थिति** मन्त्रालयलाई यो वर्ष विभिन्न १५ कार्यक्रम सञ्चालन गर्न रु.१४ करोड ५९ लाख ५१ हजार बजेट व्यवस्था भएकोमा २१.४४ प्रतिशत मात्र कार्य प्रगति देखिएको छ। स्वीकृत बजेट र कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | शत प्रतिशत खर्च हुनेगरी बजेट विनियोजन र सोही अनुसार कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **सूचना र सन्चार** - आर्थिक वर्ष २०७५।७६ को बजेट बक्तव्यमा विकासका लागि सूचना र सञ्चार अन्तर्गत पोखरामा सूचना प्रविधी पार्कको निर्माण र सञ्चालन, प्रदेशभित्र रहेका सूचना र सञ्चारका संस्थालाई दर्ता, अभिलेख, अनुमति, नविकरण र नियमन गर्न आवश्यक नीति तर्जुमा गर्ने, टेलिभिजन र रेडियो प्रसारण सेवाको स्थापनाका लागि कानुन निर्माण गर्ने, टेलिफोन, मोवाईल तथा इन्टरनेट सेवालाई प्रभावकारी र व्यवस्थित बनाउन सेवा प्रदायक निकायहरुसँग सहजीकरण गरी थप पूर्वाधार विस्तारका लागि पहल गर्ने गरी व्यवस्था मिलाउने उल्लेख भएको छ । उल्लेखित कार्यको लागि सूचना र सञ्चार सम्बन्धी कानुन तर्जुमाको कार्य अगाडी बढेको देखिएन । बजेट वक्तव्यमा उल्लेखित नीति कार्यान्वयन गर्न कानुनको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । | हाल कानून निर्माण भइसकेकोले केही गर्नु परेन । |
| ४ | **विपद् व्यवस्थापन** - प्रदेश विपद् व्यवस्थापन कोषमा गत वर्षको जिम्मेवारी रु.८५ लाख र यो वर्ष प्राप्त रु.१ करोड समेत रु.१ करोड ८५ लाख आम्दानी गरेकोमा राहत तथा उद्धार कार्यमा रु.१९ लाख ५ हजार खर्च भई रु.१ करोड ६५ लाख ९५ हजार बाँकी देखिएको छ । विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि तयार नगरी खर्च गरेकोले कार्यविधि तयार गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार कार्यविधि तयार गर्न निर्देशन दिने । |
| ५ | **सोझै खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक | किन सिधै खरिद गर्नुपरेको हो छानविन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । एउटै प्याकेजबाट हुनसक्ने रु.४० लाख २२ हजारको कार्य पटक-पटक सिधै खरिद गरेको नियमसम्मत् देखिएन । | गरी छानविनको निष्कर्ष कार्यान्वयन गर्न र सो को जानकारी समितिलाई गराउन निर्देशन दिने |
| ६ | **परामर्श सेवा** - गण्डकी प्रदेशका ८५ स्थानीय तहमा विपद् जोखिम क्षेत्र पहिचान तथा वैज्ञानिक नक्साङ्कन गर्ने कार्यको लागत अनुमानको आधार तयार गरेको छैन। छनौट भएको एक परामर्शदातालाई रु.१७ लाख ८३ हजार भुक्तानी भएको छ । स्थानीय तहको विपद् जोखिम क्षेत्र पहिचान तथा वैज्ञानिक नक्साङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सामान्य व्यहोरा र गुगल साइटबाट डाउनलोड गरेको नक्साको प्रतिलिपी राखि प्रतिवेदन पेश भएको र मन्त्रालयले प्रतिवेदन उपर कुनै राय समेत नदिएको हुँदा खर्चको उपादेयता र उपलव्धी सम्बन्धमा छानवीन गर्नुपर्ने देखिन्छ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार छानविन गरी छानविनको निष्कर्ष अनुसार आवश्यक कारबाही अगाडि बढाउन र सोको जानकारी समितिलाई गराउन निर्देशन दिने । |
| ७ | **बेरुजू स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट रु. २७ लाख ४६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियासाथ रु. ३ हजार प्रमाण पुष्ट्याइँ प्राप्त भएकोले फछ्यौट गरी रु. २७ लाख ४३ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १० मा रहेको छ । | बाँकी रहेको बेरुजु यथाशिघ्र फछ्यौंट गर्न निर्देशन दिने । |

**४.२.५ महालेखा परीक्षकको पहिलो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७५ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | **लक्ष्य तथा प्रगति प्रदेश** - आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यविधि नियमावली नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २००८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ। तर मन्त्रालयहरुले बजेट उपशिर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुजिगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समिक्षा गर्न नसकिएकोले तोकिएको ढाँचामा प्रगति विवरण तयार गरिनुपर्दछ । | |
| २ | **प्रदेश सरकारको नीति कार्यान्वयन** - प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २ ४) अनुसार प्रदेश सरकारको नीतिको कार्यान्वयन अवस्थाको मूल्यांकन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकेको छ । आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यान्वयनको अवस्था सम्बन्धमा मूल्यांकन भएको नदेखिदा नीति कार्यान्वयनको सम्बन्धमा मूल्यांकन गरिनु पर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **सरकारी निकायको संगठन तथा व्यवस्थापन** प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ को अनुसूची २२०) अनुसार प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी विभिन्न मितिमा सम्बन्धित संघीय मन्त्रालयमा पठाएकोमा लेखापरीक्षण अवधिसम्म पनि स्वीकृत भै सकेको छैन। संगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **सेवाग्राही सन्तुष्टी सर्भेक्षणः** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २ २२) अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | निर्धारण र सन्तुष्टी सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने गरी कार्यविभाजन नियमावलीमा उल्लेख भएकोमा, लेखापरीक्षण अवधिसम्म कार्यविधि स्वीकृत नभएकोले स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ५ | **मुख्यमन्त्री तथा मन्त्रीको सुविधा** : मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०७४ बमोजिम निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भएकोमा चालु वर्ष मुख्य मन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा इन्धन खर्चमा क्रमशः रु.१६ लाख २९ हजार र रु. ३ लाख ६५ हजार खर्च भएको छ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **कार्यालय स्थापना** - स्थानीय तह हस्तान्तरण भएका कृषि तथा स्वास्थ्य कार्यालय प्रदेशअन्तर्गत कृषि ज्ञान केन्द्र र स्वास्थ्य कार्यालयको रुपमा स्थापना भएको सन्दर्भमा कार्यालयहरु खप्टिने, दोहोरिने र टुक्रिने कार्य संख्यात्मकभन्दा कामको आवश्यकताअनुसार हुनुपर्दछ । संघ र प्रदेश दुवैले एउटै प्रकृतिको कार्य जस्तै सडक निर्माण तथा पुर्वाधार सम्वन्धी कार्य) गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार विकास कार्यालय स्थापना गरेको, साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्यलगायतका कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनः स्थापना गरेको आदि अवस्था देखिएकोले खर्चमा मितव्ययीता हुने देखिएन । साथै कार्यमा समेत दोहोरोपन हुने देखिंदा दोहोरोपन नहुनेगरी कार्यालयको स्थापना र सञ्चालन गर्नुपर्दछ ।<br>स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि एवं संघीय सरकारबाट खारेज भएका कार्यालय समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन एवं | कार्यक्षेत्र दोहोरोपना हुनेगरी कार्यालयको संरचना स्थापना नगर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिन्छ । प्रदेश सरकार अन्तर्गतका कार्यालय स्थापना संख्यात्मकभन्दा कामको आवश्यकता अनुसार हुनुपर्दछ । | |
| ७ | **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउन उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस कार्यालयको लागि पहिचान गरिएका नयाँ कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, कार्यालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण कार्यालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । कार्यालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **आन्तरिक नियन्त्रण** - आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मुख्यमन्त्री तथा - मन्त्रीपरिषद्को कार्यालय र अन्तर्गतका निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृति अनुसारको | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ९ | **बेरुजू स्थिति** - कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । | - |
| **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | | |
| १ | **कानुन तर्जूमा** : प्रदेश सरकार गण्डकी प्रदेश कार्य विभाजन) नियमावली , २०७४ को नियम २ अन्तरगत आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कानुन निर्माणको लागि पहिचान गरिएको ४१ वटा कानुनहरु मध्ये १९ वटा पारित भएको, विचाराधिन ३ वटा, सहमति प्रदान गरिएका ११ वटा समेत ३३ कानुन मध्ये १४ वटा निर्माणको चरणमा रहेको र नियमावली २ तथा गठन आदेश २ समेत ४ वटा कानुन प्रदेश सरकारवाट जारी भएको छ। पहिचान गरिएका कानुनहरु समयमै निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **सूचना र सञ्चार सम्बन्धी कानुनः** आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्य अनुसार विकासका लागि सूचना र सञ्चार अन्तर्गत पोखरामा सूचना प्रविधी पार्कको निर्माण र सञ्चालन, प्रदेश भित्र रहेका सूचना र सञ्चारका संस्थालाई दर्ता, अभिलेख, अनुमति, नविकरण र नियमन गर्न आवश्यक नीति तर्जुमा गर्ने, टेलिभिजन र रेडियो प्रसारण सेवाको स्थापनाका लागि कानुन निर्माण गर्ने, टेलिफोन, मोवाईल तथा इन्टरनेट सेवालाई प्रभावकारी र व्यवस्थित बनाउन सेवा प्रदायक निकायहरुसँग सहजीकरण गरी थप पूर्वाधार विस्तारका लागि पहल गर्ने गरी व्यवस्था मिलाउने उल्लेख भएको छ । तर उल्लेखित कार्यको लागि सूचना र सञ्चार सम्बन्धी कानुन तर्जुमाको कार्य अगाडी बढेको देखिएन । बजेट वक्तव्यमा उल्लेखित नीति कार्यान्वयन गर्ने गरी कानुनको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ३ | **विपद् व्यवस्थापन कार्यविधिः** चालु वर्ष प्रदेश विपद् व्यवस्थापन कोष स्थापनाको लागि रु. १ करोड बजेट व्यवस्था भएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको खातामा २०७५।३।२० मा उक्त रकम दाखिला भएकोमा ११ जिल्लाका सबै जिल्ला प्रशासन कार्यालयमा रु. १ लाखको दरले रु. ११ लाख अनुदान खर्च लेखेको छ । प्रदेश विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने गरी रु.३ लाख बजेट समेत व्यवस्था भएकोमा सोको कार्यविधि बनाएको छैन। अतः कार्यविधि तयार गरी खर्च गर्नुपर्दछ । | तत्काल कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **४. शिर्षक फरक** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ २) क अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्चको लागि निकासा दिन सकिनेमा १२ वटा उपशीर्षकको रु.२४ लाख ४७ हजार असम्बन्धित खर्च शिर्षकवाट खर्च लेखेको नियमसंगत नदेखिएकोले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **सिधै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ वमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९ क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा कामपिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट हुनसक्ने रु.२२ लाख २६ हजारको कार्य सिधै पटक पटक | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | खरिद गरेको नियमसम्मत नदेखिएकोले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ | |
| ६ | **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन कार्य हुन बाँकी रहेको लगायतको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **आन्तरिक नियन्त्रण-** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन आन्तरिक मामिला तथा कानुन मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यादेश मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । | महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **बेरुजू स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट रु.४८ हजार रहेको छ । | बाँकी रहेको बेरुजु यथाशिघ्र फछ्र्यौट गर्न |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | | निर्देशन दिने । |

### ४.३ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ४.३.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।१०।२४ गते भएका छलफलका निर्णयहरुः

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| **पर्यटन, उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय** | | |
| १ | **कार्य जिम्मेवारी** - प्रदेश सरकार कार्य विभाजन) नियमावली , २०७४ अनुसार प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा उल्लेख भएकामध्ये ढुवानी परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, खनिज तथा खनिज पदार्थको अन्वेषण सम्बन्धि प्रदेश नीति, कानुन र मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेश तथा जिल्ला स्तरका उपभोक्ता अदालत गठन र सञ्चालन, लक्षित क्षेत्र र वर्गको लागि वस्तु तथा सेवामा प्रादेशिक अनुदान र नियमन, प्रदेश स्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन, प्रदेश स्तरमा इन्धनको गुणस्तर अनुगमन, संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी, औधोगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन, उद्योगमा श्रममूलक प्रविधि र नेपाली श्रमिकहरू उपयोग, स्वरोजगारका लागि उद्यमशिलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन तथा सहायता लगायतका कार्यक्रमहरू सञ्चालन गरेको पाईएन। उक्त कार्यक्रमहरू नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ । | मन्त्रालयको कार्य जिम्मेवारीमा रेहेका कार्यहरुलाई नीति तथा कार्यक्रम र बार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजान निर्देशन दिने । |
| २ | **कानुन निर्माण तथा कार्यान्वयन** - मन्त्रालयले आफ्नो कार्यक्षेत्र अन्तर्गतको विषयहरूमा आवश्यक कानुन निर्माण तथा सहजिकरण गर्नुपर्दछ । मन्त्रालयले यो वर्ष गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता ऐन, २०७८, नियमावली, २०७९, स्विकृत | आवश्यक कानून निर्माणको प्रक्रिया यथाशिघ्र शुरु गर्न र निर्माण भएका कानून यथाशिघ्र कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८, प्याराग्लाईडिङ सोलो पाईलट तालिम सञ्चालन सम्बन्धि कार्यविधि, २०७९ र उद्यमी तथा लगानीकर्ता सम्मेलनको मापदण्ड, २०७८ गरी ५ कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। मन्त्रालयको कार्यक्षेत्र अनुसार उपरोक्त कानुनी व्यवस्थाहरू अपर्याप्त देखिन्छ। आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ३ | **आवधिक योजना कार्यान्वयन** - प्रदेशको चालु प्रथम पञ्चवर्षीय योजना २०७६/७७-२०८०/८१ लागु भएको छ। मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विभिन्न २७ कार्यक्रमहरू मध्ये अधिकांश कार्यक्रमहरू कार्यान्वयन भएको छैन। कास्कीको पूँडिटार र तनहुँको घारी क्षेत्र तथा नवलपुरको लोकाहा खोला क्षेत्र प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण गर्न जग्गा प्राप्तिको प्रक्रियामा रहेको छ भने धौवादी फलाम खानी तीन तहको सरकारको सह-लगानीमा सञ्चालन गर्ने गरी प्रदेशले रू.१५ करोड विनियोजन गरेकोमा कार्यान्वयन भएको छैन। नारायणी नदी किनारमा बिच पार्क निर्माण, खानी तथा खनिज जन्य पदार्थको सम्भाव्यता अध्ययन, पोखरा- काठमाडौं-लुम्बिनीलाई गौतम बुद्ध स्वर्णिम त्रिकोणको रुपमा विकास, प्रदेश भित्रका मुख्य उपत्यकाहरूको एकीकृत विकासको लागि बृहत र परियोजना सञ्चालन लगायतका ११ कार्यक्रमहरूमा बजेट विनियोजन नै भएको देखिएन। आवधिक योजना, नीति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **बजेट र नीति तथा कार्यक्रम** - प्रदेश सरकारले २०७८।७९ को नीति तथा कार्यक्रम मार्फत् घोषणा गरेका यस मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विभिन्न २७ वटा कार्यक्रमहरू मध्ये खानी तथा खनिज उद्योगको अन्वेषण तथा विकास, न्यून | बार्षिक नीति तथा कार्यक्रममा घोषणा गरिएका कार्यक्रममा अनिवार्य बजेट व्यवस्था गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गुणस्तरमा चलेका व्यवसायको क्षमता अभिवृद्धि, अन्नपुर्ण, धौलागिरी र मनास्लु चक्रीय पदमार्ग तथा अन्य पर्यटकीय गन्तव्यहरूमा पदमार्ग निर्माण, स्तरोन्नती र सौन्दर्गीकरण गर्ने कार्यलाई निरन्तरता दिने, प्रदेश भित्रका मुख्य उपत्यकाहरूको एकीकृत विकासको लागि बृहत्तर परियोजना सञ्चालन गर्न संघ र स्थानीय तहसँग सहकार्य गर्ने, नारायणी नदीमा बीच पार्क निर्माण गर्न अध्ययन गर्ने, काठमाण्डौ-पोखरा-लुम्बिनीलाई गौतम बुद्ध स्वर्णिम त्रिकोणको रुपमा विकास गर्न नेपाल सरकार र अन्तर प्रदेश सरकारको सहकार्यलाई निरन्तरता दिने लगायत १२ कार्यक्रमहरू बजेटमा समावेश भएको छैन भने बजेटमा समावेश भएका विभिन्न ११ कार्यक्रमहरू मध्ये ३ कार्यक्रममा बजेट निकासा नै भएन्। बजेट विनियोजन भएका कार्यक्रमहरू पनि पुर्ण रुपमा सञ्चालन भएका छैनन्। स-साना योजनाहरूमा बजेट टुक्याउँदा योजनाले पूर्णता नपाउने र सोबाट प्राप्त हुने उपलब्धी दीर्घकालिन हुँदैन्। वार्षिक नीति तथा कार्यक्रम र बजेट बिच तालमेल ल्याउने र बजेट कार्यान्वयनमा उचित ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | **प्रदेश गौरवका आयोजना** - प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनाको रुपमा पहिचान गरी कार्यान्वयनमा ल्याएको छ । यस मन्त्रालयले कार्यान्वयन गर्ने गरी २ आयोजनामा यो वर्ष रू.६ करोड बजेट विनियोजन भएकोमा रू.४ करोड ४० लाख खर्च गरेको छ। सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन्:<br>५.१. ग्रामीण पर्यटनलाई टेवा पुन्याउने उद्देश्यले होमस्टे विस्तार तथा सुदृढीकरण आयोजनाको रुपमा प्रदेश गौरबका आयोजना घोषणा भएको छ । आयोजनाको | अनुदानबाट पर्यटन प्रबर्द्धनमा परेको प्रभावको मूल्यांकन गरी कार्यक्रमलाई पुनरावलोकन गर्ने लगायतका महालेखा परीक्षकको सुझाव अनुसार नै कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | लागत अनुमान रू.५५ करोड रहेकोमा यो वर्ष होमस्टेहरूको पूर्वाधार विकास कार्यमा रू.३ करोड २३ लाख खर्च भई हालसम्म रू.४६ करोड २ लाख ४३ हजार खर्च गरी १३३ होमस्टे व्यवस्थापन गरेको उल्लेख छ । खर्च भएकोमध्ये अधिकांश होमस्टेमा सामुदायिक भवन निर्माण, भ्यू टावर निर्माण, पद मार्ग निर्माण, शौचालय निर्माण आदिमा खर्च भएको देखिन्छ भने केही होमस्टेले निजी जग्गामा संरचना बनाएको, अनुदान रकम निजी प्रयोजनमा खर्च गरेको, होटल संचालकले नै होमस्टे सञ्चालन गरेको, अपायक स्थानमा सामुदायिक भवन बनाएको, अनुदान प्राप्तिका लागिमात्र कानूनी प्रक्रिया पुरा गरी अनुदान लगेको, पर्यटक जाने सम्भावना नरहेको, होमस्टेको घरधुरी संख्या कम र व्यवस्थापन पक्ष कमजोर रहेको जस्ता समस्याहरू देखिएकोले अनुदानको सही उपयोग भएको छ भन्न सकिएन। अनुदानबाट पर्यटन प्रबर्द्धनमा परेको प्रभावको मूल्यांकन गरी कार्यक्रमलाई पुनरावलोकन गर्नुपर्दछ ।<br>५.२.<br>प्रदेश औद्योगिक क्षेत्रको विकास गर्ने उद्देश्यले कास्की र तनहुँको बिचमा पर्ने तल्लो पुडिटार र नवलपुरको लोकाहामा औद्योगिक क्षेत्र निर्माणको लागि गत वर्ष रू.१ करोड १५ लाख विनियोजन भएकोमा खर्च भएन भने यो वर्षको बजेट रू.१ करोड मध्ये ४२ लाख मात्र खर्च भएको छ। नवलपुरमा जग्गाको नापी कार्य सम्पन्न भएको छ भने कास्कीमा जग्गा टुंगो लागेको छैन। प्रदेश गौरवका आयोजनामा पर्याप्त बजेट विनियोजन गरी समयमै कार्यान्वयन गर्नुपर्दछ । | |
| ६ | **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बमोजिममन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालय र मातहतका कार्यालयको लागि रू.४७ करोड ३६ लाख ६० हजार बजेट विनियोजन भएकोमा रू.३४ करोड ९५ लाख २४ हजार अर्थात् बजेटको ७३.७९ प्रतिशत खर्च भएको छ। उक्त खर्चमध्ये ३९.०७ प्रतिशत चालु र ६०.९३ प्रतिशत पूँजीगत खर्च रहेको छ । बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण गरी खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ । | |
| ७ | **प्रदेश पर्यटन गुरुयोजना** गण्डकी प्रदेश सरकारले प्रदेश पर्यटन गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याएको छ। गुरुयोजना अनुसार यस मन्त्रालयले आफ्नो कार्यक्षेत्र अन्तर्गत यो वर्ष सञ्चालन गर्ने गरी विभिन्न १० क्रियाकलापहरू तोकिएकोमा ५ क्रियाकलापहरूको लागि बजेट नै विनियोजन भएन भने बजेट विनियोजन भएका कार्यक्रमहरूको समेत लक्ष्य अनुसार प्रगति भएको छैन्। गुरुयोजना कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **सवारी साधन खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१) मा पहिलो चौमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाईने व्यवस्था छ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा ९२) मा नेपाल सरकारको अनुदानबाट स्वास्थ्य सेवा सञ्चालन तथा निर्वाचन कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि बाहेक अन्य अवस्थामा ४ पाङ्ग्रे सवारी | मन्त्रालयको संख्या बढ्न गएको विशेष परिस्थितिमा खरिद गर्नुपर्ने अवस्था आएकोले खरिद गरिएको भन्ने जवाफ प्राप्त भएको समेत अवस्थालाई मध्यनजर गर्दै अब आइन्दा यसरी रकमान्तर नगर्न निर्देशन दिने तथा हाल कायम रहेको |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | साधन खरिद गर्न नपाईने व्यवस्था छ। कार्यालयले शुरु बजेट विनियोजन नभएको शीर्षकमा रू.१ करोड ४५ लाख बजेट रकमान्तर गरी रू.१ करोड ४४ लाख ८९ हजारको २ वटा ४ पाङ्ग्रे सवारी साधन खरिद गरेको छ। मापदण्ड तथा कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ । | बेरुजुलाई नियमानुसार लगत कट्टा गर्न निर्देशन दिने । |
| ९ | **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ । मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा १७७ आयोजनाको लागि रू.९ करोड ५३ लाख ११ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ । प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | विद्यमान ऐन कानूनमा भएको व्यवस्था बाहेक प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर नगर्न/नगराउन निर्देशन दिने । |
| **पर्यटन कार्यालय पोखरा** | | |
| १० | **सार्वजनिक जग्गा संरक्षण** साविक संघीय कार्यालयको रुपमा रहेको पर्यटन कार्यालय, पोखराको नाममा कास्कीमा १०० रोपनी, लमजुङ्गमा १६ रोपनी, मनाङमा ५ रोपनी र म्याग्दीमा ५ रोपनी जग्गाहरू रहेको छ । मालपोत कार्यालयको न्यूनतम मूल्यांकन नै प्रति रोपनी रू.६५ लाख सम्म रहेको उक्त जग्गाहरूको उचित संरक्षण गरेको देखिएन। जग्गाको लालपुर्जा तथा नक्सा बमोजिम क्षेत्रफल कायम गरी तारजाली लगाई तथा सरकारी जग्गा रहेको जानकारी दिने सुचना टाँस गरी संरक्षण तथा उपयोग गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ११ | **बेरुजु स्थिति** - कार्यालय तथा मातहत समेत ३ निकायमा यो वर्ष रू.१ करोड ५४ लाख ३० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.५४ हजार फछ्र्यौट गरेकोले रू.१ करोड ५३ लाख ७६ हजार बेरुजु बाँकी छ । सोमध्ये रू.२ लाख ८५ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । | बाँकी रहेको बेरुजु यथाशिघ्र फछ्र्यौट गर्न निर्देशन दिने । |
| **वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय** | | |
| १ | **कार्य जिम्मेवारी** - प्रदेश सरकार कार्य विभाजन) नियमावली , २०७४ अनुसार प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा उल्लेख भएकामध्ये वन, वातावरण तथा भू-संरक्षण सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन र नियमन लगायतका कार्य गर्न बाँकी देखिन्छ । कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ । | कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पुरा गर्न निर्देशन दिने । |
| २ | **दरबन्दी र पदपूर्ति** - मन्त्रालय र अन्तर्गतका १७ कार्यालयको लागि कुल ६६१ दरबन्दी रहेकोमा ३२७ पदपूर्ति भई ३३७ रिक्त रहेको छ । स्वीकृत दरबन्दी मध्ये प्राविधिक जनशक्तिको दरबन्दी ५२८ रहेकोमा २७० मात्र स्थायी पदपूर्ति भएको छ । कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नहुँदा समयमा कार्य सम्पन्न गर्न कठिनाई हुने भएकोले स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **नीति तथा कार्यक्रम** - प्रदेश सरकारले आर्थिक वर्ष २०७८। ७९ को नीति तथा कार्यक्रम मार्फत् घोषणा भएका काष्ठ तथा गैरकाष्ठ वन पैदावारजन्य उद्योगको स्थापना गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने, नवलपुर, कास्की, तनहुँमा एक वन एक वन पैदावारमा आधारित उद्योग स्थापना गर्ने, जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने, गण्डकी प्रदेशको वायोडाइभरसिटी प्रोफाइल तयार गर्ने, भू तथा जलाधार कार्यालयहरूको | कार्यान्वयन गर्न सकिने मात्रै नीति अख्तियार गर्ने र घोषणा गरिएका नीति बमोजिमका कार्यक्रममा आवश्यकता अनुसार बजेट विनियोजन गरी कार्यान्वयनमा लैजान निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | विस्तार गर्ने, प्राणी उद्यान निर्माण तथा मानव वन्यजन्तु द्धन्द्ध न्यूनिकरण गर्ने, नेपाल सरकारसँग समन्वय गरी मुस्ताङ्ग जिल्लामा कस्तुरी मृग संरक्षण तथा प्रजनन् केन्द्र स्थापना गर्ने लगायतका नीति लिएकोमा कार्यान्वयन हुन सकेको छैन । कार्यान्वयन गर्न सकिने नीति निर्माण गरी नीति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ । | |
| ४ | **आवधिक योजना कार्यान्वयन** - प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६।७७-२०८०।८१ लागु भएको छ। योजनामा उल्लेख भएका वातावरणमैत्री उत्पादनलाई हरित सर्टिफिकेटको व्यवस्था, प्रदुषण मापन गर्ने प्रयोगशाला निर्माण तथा उपकरण जडान, सुधारिएको चुल्हो तथा वैकल्पिक उर्जा प्रबर्द्धन कार्यक्रम, प्लाष्टिकजन्य वस्तुको प्रयोग सम्बन्धी मापदण्ड निर्माण तथा प्लाष्टिकबाट डिजल बनाउन निजी क्षेत्रसंग सहकार्य गर्ने, ध्वनी तथा वायु प्रदुषण नियन्त्रणको लागि मापदण्ड निर्धारण गरी लागु गर्ने, रेडियोधर्मी तथा विकिरणीय वस्तुको व्यवस्थापन गर्न प्रवन्ध मिलाउने, राष्ट्रिय वनको सीमा निर्धारण, वनमा आधारित ठूला उद्योग स्थापना सहयोग लगायतका कार्यक्रम कार्यान्वयन हुन सकेको छैन । आवधिक योजना, नीति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **बजेट वक्तव्यको कार्यान्वयन** - प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यमा वनमा आधारित उद्योग स्थापनाको लागि रू.१ करोड विनियोजन भएकोमा वनमा आधारित उद्योग स्थापना गरिएको छैन । भू तथा जलाधार संरक्षण सम्बन्धी कार्यमा रू.३ करोड बजेट व्यवस्था गरिएकोमा उक्त बजेट रकमान्तर गरी अन्य शीर्षकबाट खर्च गरेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रममा मात्र बजेट | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | विनियोजन गर्नुपर्दछ । | |
| ६ | **प्रदेश गौरवका आयोजना** - प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनाको रुपमा पहिचान गरी कार्यान्वयनमा ल्याएको छ । कार्यान्वयन गर्ने जिम्मेवारी पाएका ४ आयोजनामा यो वर्ष रू.३ करोड ९० लाख बजेट विनियोजन भएकोमा रू.३ करोड २ लाख ३४ हजार खर्च भएको छ। सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।<br>६.१. फेवातालको क्षेत्र निर्धारण गर्ने, दायाँबायाँ ढल निर्माण गर्ने, जलाधार क्षेत्र संरक्षण गर्ने र दाँयाबाँया सौन्दर्गीकरण गरी पर्यटक आकर्षण गर्ने उद्देश्यले सञ्चालित फेवातालको संरक्षण र सौन्दर्गीकरण आयोजनाको लागि रू.४ अर्ब ९२ करोड लागत अनुमान रहेकोमा यस वर्षको खर्च रू.४६ लाख २८ हजार समेत कुल रू.१५ करोड ३६ लाख ३३ हजार खर्च भएको छ । हालसम्म लागत अनुमानको ३.१२ प्रतिशत मात्र खर्च भएको छ।<br>६.२. पचभैया प्राणी उद्यान र वन्यजन्तु उद्धार केन्द्र स्थापनाको लागि रू.२७ करोड ५६ लाखको लागत अनुमान रहेकोमा यस वर्ष रू.१ करोड ६६ लाख २१ हजार खर्च समेत हालसम्म रू.८ करोड ४७ लाख ५१ हजार खर्च भएको छ । हालसम्म लागत अनुमानको ३०.७५ प्रतिशत कार्य भएको देखिन्छ ।<br>६.३. ताल तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रमका लागि रू.१५ करोड ६९ लाख लागत अनुमान रहेकोमा यस वर्ष रू.१ करोड ७० लाख विनियोजन भएकोमा ८९ लाख ८५ हजार खर्च भएको देखिन्छ । हालसम्म लागत अनुमानको ५.०९ प्रतिशत मात्र प्रगति भएको देखिन्छ । | प्रदेश गौरवका आयोजनमा पर्याप्त बजेट विनियोजन गरी तोकिएको समयमा नै सम्पन्न गर्ने अवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ६.४. कस्तुरी मृग पालन तथा प्रजनन कार्यक्रमको लागि रू.२२ करोड ५५ लाख लागत अनमान रहेको देखिन्छ । यस वर्ष बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएन । आर्थिक वर्ष २०७७।७८ सम्म रू.६९ लाख खर्च भएको देखिन्छ । कुल लागत अनुमानको ३.०६ प्रतिशत मात्र कार्य भएकोमा यस वर्ष बजेट नै विनियोजन नगर्नु उपयुक्त देखिएन । | |
| ७ | **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालय र मातहतका कार्यालयको लागि रू.९१ करोड ९२ लाख ४७ हजार बजेट विनियोजन भएकोमा रू.६९ करोड ८० लाख ७६ हजार अर्थात् बजेटको ७५.९४ प्रतिशत खर्च भएको छ। उक्त खर्चमध्ये ६३.१८ प्रतिशत चालु र ३६.८२ पुँजीगत खर्च रहेको छ । बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण गरी खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **वनको क्षेत्र प्रयोग** - वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोलको माध्यमबाट वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । गण्डकी प्रदेश अन्तर्गतको वन क्षेत्र विकास र वातावरणबीच सन्तुलन कायम गर्ने उद्देश्यले पूर्वाधार निर्माणमा सहजीकरण गर्नका लागि हाइड्रोपावर आयोजना संख्या २५, सडक आयोजना संख्या २ र अन्य संस्था ७ वटा समेत विभिन्न ३४ वटा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आयोजनालाई ५२४.६८ हेक्टर वन क्षेत्र भोगाधिकारको लागि संघिय सरकारले दिएको जनाएको छ। | |
| ९ | **काठ मौज्दात** - मन्त्रालयबाट प्राप्त विवरण अनुसार डिभिजन वन कार्यालय कास्की, नवलपुर, लमजुङ, स्याङ्जा र गोरखामा कुल २ लाख ६७ हजार २६९ क्युबिक फिट मौज्दात रहेको देखिन्छ । उक्त मौज्दात रहेको काठ समयमै लिलाम बिक्री नगर्दा गुणस्तरमा ह्रास आई प्रयोगमा ल्याउन नसकिने र बिक्रीबाट प्राप्त हुने राजस्व घट्न जाने हुँदा सम्बन्धित डिभिजन वन कार्यालयले काठको मूल्यांकन गरी समयमै लिलाम बिक्री गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १० | **विरुवा संरक्षण** - मन्त्रालय मातहतका कार्यालयहरूले आर्थिक वर्ष २०७८।७९ मा १४ लाख ८० हजार ३८ विरुवा उत्पादनमा रू.२ करोड ८५ लाख ९२ हजार खर्च गरेकोले प्रति विरुवा लागत रू.१९.३२ परेको छ । प्रत्येक वर्ष नियमित कार्यक्रमको रूपमा बिरुवा उत्पादन गरी वितरण एवं रोपण गर्ने गरेको भएपनि विरुवा संरक्षणमा उचित ध्यान पुर्याउन सकेको देखिदैन । रोपिएका बिरुवाहरूको संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ११ | **वन क्षेत्र अतिक्रमण नियन्त्रण** - मन्त्रालयबाट प्राप्त विवरण अनुसार डिभिजन वन कास्की, म्याग्दी, तनहुँ, नवलपुर र लमजुङको मातहतमा रहेको कुल ४ हजार २ सय १४ हेक्टर वन क्षेत्र विभिन्न संस्था तथा व्यक्तिबाट अतिक्रमण भएकोमा चालु आर्थिक वर्षमा ७.९५ हेक्टर मात्र नियन्त्रण गरी फिर्ता आएको देखिन्छ । मन्त्रालयले वन अतिक्रमण हटाउनको लागि वार्षिक कार्यक्रम नै राखी सरोकारवाला समेतको संयुक्त प्रयासबाट अतिक्रमित वन क्षेत्र फिर्ता ल्याउनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १२ | **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ १) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा २४१ आयोजनाको लागि रू.१३ करोड ५९ लाख बजेट रकमान्तर गरी कुल खर्चको रू.१९.४७ प्रतिशत खर्च गरेको छ । प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | विद्यमान ऐन कानूनमा भएको व्यवस्था बाहेक प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर नगर्न/नगराउन निर्देशन दिने । |
| **डिभिजन वन कार्यालयहरू** | | |
| १३ | **सम्झौताको कार्यान्वयन** - राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ मा विगतमा नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिईएका आयोजनाले सट्टा भर्ना जग्गा उपलब्ध गराउन नसके सोहि कार्यविधिको व्यवस्था अनुसार सट्टा भर्ना जग्गा बराबरको मुल्याङ्कन भई कायम हुँने खुद वर्तमान मुल्य बराबरको रकम बुझाउनु पर्ने व्यवस्था रहेको छ। डिभिजन वन कार्यालय तनहुँ र एक जलविद्युत बिचको सम्झौता अनुसार वन क्षेत्र प्रयोग गरे बापत सट्टाभर्ना जग्गा बापत रू.५१ करोड ६९ लाख १३ हजार, ४१७.३१ हेक्टर वन क्षेत्र प्रयोग गरे बापत प्रति हेक्टर १६ सय गोटा विरुवा दरले वृक्षारोपण, पुनरोपण र ५ वर्षसम्मको स्याहार सम्भार बापत रू.२४ करोड ४३ लाख २७ हजार र कटान हुने जम्मा रुख संख्या १ लाख ८१ हजार ५७१ गोटाको १:२५ का दरले हुने विरुवा रोपण र पुनरोपण | दाखिला हुन बाँकी रकम यथाशिघ्र दाखिला गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बापत रू.१ अर्ब ५३ करोड ६५ लाख ४० हजार गरी जम्मा रू.२ अर्ब २९ करोड ७७ लाख ८१ हजार बुझाउनु पर्नेमा २ करोड दाखिला भएकोले बाँकी रू.२ अर्ब २७ करोड ७७ लाख ८१ हजार प्राप्त हुन बाँकी देखिन्छ। उक्त रकम प्राप्त गर्नुपर्दछ । | |
| १४ | **अनुगमन** - वन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ को दफा २२ को उपदफा १ मा उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, नवलपरासी बर्दघाट सुस्तापूर्व) ले विभिन्न ३३ सामुदायिक वन उपभोक्ता समुहहरूलाई काठ दाउरा बिक्रीबाट प्राप्त रकममा मूल्य अभिवृद्धि कर, अग्रिम कर, कटान मुछान शुल्क रकम कट्टा गरी रू.२ करोड ५३ लाख ६४ हजार रकम भुक्तानी दिएकोमा ती समुहले ऐनबमोजिम वनको विकास संरक्षण, गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा तोकिएको रकम खर्च गरे नगरेको अनुगमन गर्नु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १५ | **बेरुजु स्थिति** - मन्त्रालय तथा मातहतका समेत ७ निकायमा रू.९ लाख ३६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फस्यौट नभई सो बेरुजु बाँकी रहेको छ । बेरुजु मध्ये रू.१ लाख म्याद नाघेको पेश्की रहेको छ। | बाँकी रहेको बेरुजु याथाशिघ्र फर्छ्यौट गर्न निर्देशन दिने । |

४.३.२ महालेखा परीक्षकको चौथौं बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७९ उपर मिति २०८०।१०।२४ गते भएका छलफलका निर्णयहरुः

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी** - प्रदेश सरकार कार्य विभाजन) नियमावली , २०७४ अनुसार प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा उल्लेख भएकामध्ये सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन र नियमन, औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन, उपभोक्ता अदालत गठन र सञ्चालन, हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन लगायतका कार्य गर्न बाँकी देखिन्छ । कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ । | "गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४" ले तोके अनुसारका कार्यजिम्मेवारी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **नीति तथा कार्यक्रम** - प्रदेश सरकारले २०७७/७८ को नीति तथा कार्यक्रम मार्फत घोषणा भएका गण्डकी प्रदेशलाई नेपालको पर्यटन हव र पोखरालाई नेपालको पर्यटकीय राजधानीको रुपमा विकास गर्ने, नेपाल सरकार र अन्तर प्रदेश सहकार्यमा काठमाण्डौ-पोखरा-लुम्बिनीलाई गौतमबुद्ध स्वर्णिम त्रिकोणको रुपमा र मुक्तिनाथ-पोखरा-देवघाट-जनकपुरलाई धार्मिक साँस्कृतिक पर्यटकीय मार्गको रुपमा विकास गर्ने, प्रदेशको राजधानी पोखरालाई नेपालका प्रमुख शहर, प्रादेशिक राजधानी र छिमेकी देशका शहरसँग हवाई मार्गद्धारा जोड्ने प्रमुख पर्यटकीय स्थललाई सुरक्षित गन्तव्यको रुपमा विकास गर्न स्थानीय तहसँगको सहकार्यमा हेलिप्याड लगायतका पूर्वाधार निर्माण गर्ने, मुस्ताङ् जिल्लामा जियो पार्क र मिनि मुस्ताङको स्थापना तथा व्यवस्थापन गर्न नेपाल सरकार, स्थानीय तह र निजी क्षेत्र तथा गैरसरकारी संस्थासँग | कार्यान्वयन गर्न सकिने मै नीति अख्तियार गर्ने र घोषणा गरिएका निति बमोजिमका कार्यक्रममा आवश्यकता अनुसार बजेट विनियोजन गरी कार्यान्वयनमा लैजान निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सहकार्य गर्ने, विपन्न परिवारलाई लक्षित गरी आगामी आर्थिक वर्षमा सुपथ मूल्य कार्ड वितरण कार्यक्रम प्रारम्भ गर्ने लगायतका कार्यक्रमहरूका लागि बजेट विनियोजन नभएको कारण कार्यान्वयन गरेको देखिएन । नीति तथा कार्यक्रम बीच तालमेल हुने गरी बजेट बिनियोजन गर्नुपर्दछ । | |
| ३ | **आवधिक योजना कार्यान्वयन** - प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६।७७-२०८०/८१ लागु भएको छ। योजनामा उल्लेख भएका वातावरणमैत्री उत्पादनलाई हरित सिर्टिफिकेटको व्यवस्था, प्रदुषण मापन गर्ने प्रयोगशाला निर्माण तथा उपकरण जडान सुधारिएको चुल्हो तथा वैकल्पिक उर्जा प्रर्वद्धन कार्यक्रम, महत्वपुर्ण तथा संवेदनशिल क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गरी संरक्षण गर्ने, प्लाष्टिकजन्य वस्तुको प्रयोग सम्वन्धी मापदण्ड निर्माण तथा प्लाष्टिकबाट डिजल बनाउन निजी क्षेत्रसंग सहकार्य गर्ने, रेडियोधर्मी तथा विकिरणीय वस्तुको व्यवस्थापन गर्न प्रवन्ध मिलाउने, राष्ट्रिय वनको सीमा निर्धारण, वनमा आधारित ठूला उद्योग स्थापना सहयोग लगायतका कार्यक्रम कार्यान्वयन हुन सकेको छैन । आवधिक योजना, नीति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **बजेट वक्तव्यको कार्यान्वयन** - प्रदेश सरकारको २०७७/०७८ को बजेट वक्तव्यमा प्रदेशको हिमाली क्षेत्रका कस्तुरी मृग संरक्षण तथा प्रजननका लागि फार्म स्थापना, धौवादी फलाम खानी सञ्चालन र मुस्ताङको लोमान्थाङ र गोरखाको गोरखा दरवारलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्ने तथा नेपाल ट्रष्ट अन्तर्गत रहेको हिमागृह रत्न मन्दिरको व्यवस्थापन गर्ने कार्यको लागि रु.१६ करोड ६० लाख बजेट विनियोजन भएकोमा कार्यान्वयन गरेको छैन। कस्तुरी मृग पालन तथा प्रजनन | बार्षिक विनियोजित बजेट असारका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाई भौतिक र वित्तिय प्रगति शतप्रतिशत हाराहारी हुने अवस्था सिर्जना गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यक्रममा यो वर्ष रु.१ करोड ५० लाख विनियोजन गरेकोमा रु.५८ लाख ५ हजार अर्थात ३९ प्रतिशत मात्र खर्च गरेको छ । त्यस्तै ताल सिमसार संरक्षण कार्यक्रमका लागि यस वर्ष रु.१ करोड २४ लाख बजेट विनियोजन रु.६९ लाख अर्थात ५६ प्रतिशत खर्च गरेको छ । धौलागिरी क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गर्न सम्भाव्यता अध्ययनमा बजेट व्यवस्था नभएको कारण कार्यान्वयनमा आएको छैन । | |
| ५ | **प्रदेश गौरवका आयोजना** - प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनाको रुपमा पहिचान गरी कार्यान्वयनमा ल्याएको छ । कार्यान्वयन गर्ने जिम्मेवारी पाएका ४ आयोजनामा यो वर्ष रु.१५ करोड ३० लाख बजेट विनियोजन भएकोमा रु.१४ करोड ७ लाख खर्च भएको छ। सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।<br>५.१. फेवातालको क्षेत्र निर्धारण गर्ने, दायाँबायाँ ढल निर्माण गर्ने, जलाधार क्षेत्र संरक्षण गर्ने र दाँयाबाँया सौन्दर्यकरण गरी पर्यटक आकर्षण गर्ने उद्देश्यले संचालित फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजनाको लागि रु.४ अर्ब ९२ करोड लागत अनुमान रहेकोमा यस वर्षको खर्च रु.८२ लाख समेत कुल रु.१४ करोड ९० लाख ५ हजार खर्च भएको छ । हालसम्म लागत अनुमानको ३.०३ प्रतिशत मात्र खर्च भएको छ।<br>५.२. ग्रामीण पर्यटनलाई टेवा पुरयाउने उद्देश्यले संचालित होमस्टे पर्वद्धन कार्यक्रम २०७५।७६ मा शुरु भई रु.२८ करोड १७ लाख ४२ हजार खर्च भएकोमा पहिलो पञ्चवर्षिय योजना २०७६।७७ बाट घरबास होमस्टे विस्तार तथा सुदृढीकरण आयोजनाको रुपमा राष्ट्रिय गौरवका आयोजना घोषणा भएको छ । आयोजनाको | प्रदेश गौरवका आयोजनमा पर्याप्त बजेट विनियोजन गरी तोकिएको समयमा नै सम्पन्न गर्ने अवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रु.५५ करोड लागत अनुमान रहेकोमा यो वर्ष होमस्टेहरूको पूर्वाधार विकास कार्यहरूमा रु.१२ करोड ७३ लाख ९ हजार खर्च भई हालसम्म रु.४० करोड ९० लाख ५१ हजार खर्च भएको छ । अनुदानबाट पर्यटन प्रर्वद्धनमा भएको प्रभावको मूल्याङ्कन गरेको छैन ।<br>५.३. प्रदेश औद्योगिक क्षेत्रको विकास गर्ने उद्देश्यले कास्की र तनहुँको विचमा पर्ने तल्लो पुडिटार र नवलपुरको लोकाहामा औद्योगिक क्षेत्र निर्माणको लागि यस वर्ष रु.१ करोड १५ लाख बजेट विनियोजन भएकोमा जग्गा प्राप्ती नभएको कारण खर्च भएको छैन । उक्त २ स्थानको विस्तृत परियोजना प्रतिवेदन कार्यको लागि रु.१५ लाख विनियोजन भएकोमा प्रतिवेदन तयार भएको छैन। प्रदेश गौरवका आयोजनामा पर्याप्त बजेट बिनियोजन गरी समयमै कार्यान्वयन गर्नुपर्दछ । | |
| ६ | **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ वमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालय र मातहतका कार्यालयको लागि रु.१ अर्ब ८८ करोड ६४ लाख बजेट विनियोजन भएकोमा रु.१ अर्ब ४२ करोड ८० लाख अर्थात बजेटको ७५.७० प्रतिशत खर्च भएको छ । उक्त खर्चमध्ये ६३.५१ प्रतिशत चालु र ३६.४९ पूँजीगत खर्च रहेको छ । बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण गरी खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **वनको जग्गा उपयोग** - वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल माध्ययमवाट बन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । गण्डकी प्रदेश अन्तर्गतको वन क्षेत्र विकास र वातावरणबीच सन्तुलन कायम गर्ने उद्देश्यले पूर्वाधार निर्माणमा सहजिकरण गर्नका लागि हाइड्रो पावर, हाइटेन्सन लाइन, खानेपानी, स्वास्थ्य केन्द्र र रिसोर्ट लगायतका विभिन्न ४३ वटा आयोजनालाई ३६१.८१ हेक्टर वन क्षेत्र उपलब्ध गराउन र भोगाधिकारका लागि सिफारिस गरिएकोमा सम्झौता बमोजिमको रोयल्टी/शुल्क प्राप्त भए नभएको विवरण पेश भएन । सम्झौताको शर्तहरू पूर्ण रुपमा पालना गराउनुपर्दछ । | गर्न निर्देशन दिने । |
| ८ | **काठ मौज्दात** - मन्त्रालयबाट प्राप्त विवरण अनुसार राष्ट्रिय गौरवका आयोजना अन्तर्गत कटान भएको, जिल्ला आपुर्ति समितिलाई दिनुपर्ने काठ, साझेदारी वन, सामुदायिक वन तथा सरकारद्वारा व्यवस्थित वन आदिमा कुल १ लाख ९ हजार ५५९ क्युबिक फिट मौज्दात रहेको देखिन्छ । उक्त मौज्दात रहेको काठ समयमै लिलाम बिक्री नगर्दा गुणस्तरमा ह्रास आई प्रयोगमा ल्याउन नसकिने र बिक्रीबाट प्राप्त हुने राजस्व घट्न जाने हुँदा समयमै लिलाम बिक्री गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ९ | **विरुवा संरक्षण** - मन्त्रालय र मातहतका कार्यालयहरूले २०७७।७८ मा २५ लाख १७ हजार ३२१ विरुवा उत्पादनमा रु.५ करोड ६१ लाख ८४ हजार खर्च गरेकोले प्रति विरुवा लागत रु.२२.३२ परेको छ । प्रत्येक वर्ष नियमित कार्यक्रमको रूपमा बिरुवा उत्पादन गरी वितरण एवं रोपण गर्ने गरेको भएपनि विरुवा संरक्षणमा उचित ध्यान पुर्याउन सकेको देखिदैन । रोपिएका बिरुवाहरूको संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| **डिभिजन वन कार्यालयहरू** | | |
| १० | **वन पैदावार शुल्क** - वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार वन पैदावारको लिलाम बिक्रीबाट प्राप्त रकममध्ये ९० प्रतिशत रकम नेपाल सरकारको राजस्व खातामा र १० प्रतिशत स्थानीय निकायलाई पठाउनुपर्ने व्यवस्था रहेको छ । डिभिजन वन कार्यालय, नवलपुरले स्थानीय तहलाई पठाउनुपर्ने रु.५४ लाख ७० हजार धरौटी खातामा जम्मा गरी राखेको छ । उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ । | यथाशिघ्र रकम खातामा दाखिला गर्ने व्यवस्था गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ११ | **सम्झौता कार्यान्वयन** - वन तथा भू संरक्षण विभाग र एक प्रा. लि. बीच २०७६।७।२४ मा तनहुँमा चुनढुंगा उत्खनन कार्यका लागि वन क्षेत्रको भोगाधिकार उपलब्ध गराउने र सोमा रहेका रुख हटाउने स्वीकृति दिने सम्बन्धमा सम्झौता भएको छ । वन क्षेत्र स्थायी रुपमा प्रयोग गरे वापत ४.८५ हेक्टर क्षेत्रफल नेपाल सरकारलाई सट्टा उपलब्ध गराउने र उक्त जग्गामा प्रतिहेक्टर १६०० गोटाको दरले प्रा. लि.को खर्चमा वृक्षारोपण गर्ने, उत्खनन गर्दा हटाउनुपर्ने ९७९ रुख विरुवा हटाउन सक्ने र उक्त विरुवाको सट्टा १:२५ का दरले वृक्षारोपण गरी पाँच वर्षपछि डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्ने गरी सम्झौता भएको थियो । प्रा. लि. ले सट्टा जग्गा उपलब्ध गराएको भएतापनि सो जग्गा र उत्खनन गर्ने स्थानमा वृक्षारोपण गरेको देखिएन। कार्यालयले सट्टा जग्गामा वृक्षारोपण र स्याहार संभार गर्न रु.४८ लाख ६० हजार र खानीस्थलको ९७९ रुख विरुवाको १:२५ का दरले सट्टा वृक्षारोपण र सम्भार गर्न रु.१ करोड १७ लाख ३७ हजार गरी जम्मा रु.१ करोड ६५ लाख ९६ हजार खर्च लाग्ने लागत अनुमान पेश गरेको | सम्झौता बमोजिमको काम गरे नगरेको अनुगमन गरी नगरेको भएमा लागत असुल गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | छ। सम्झौता मितिले २ वर्षभित्र गरिसक्नुपर्ने कार्य नगरेकाले सम्बन्धितलाई जिम्मेवार गराई सम्झौता बमोजिमको कार्य यथाशिघ्र गर्नुपर्ने अन्यथा कार्यालयले लागत असुल गर्नुपर्दछ । | |
| १२ | **वन क्षेत्रको जग्गा प्रयोग** - वन नियमावली, २०५१ को अनुसुची २० मा कबुलियती वनको वार्षिक दस्तुर उल्लेख गरिएको छ र उक्त शुल्क प्रत्येक १० वर्षमा पुनरावलोकन गर्न सकिने व्यवस्था रहेको छ। साविक वन्दिपुर ४ मा रहेको १९ रोपनी जग्गा एक रिसोर्टलाई होटल व्यवसाय सञ्चालन गर्न २०५४।११।२० मा प्रति हेक्टर प्रतिवर्ष रु.७७२ का दरले ४० वर्षलाई लिजमा दिने सम्झौता भएको देखियो । सम्झौता भएको वखतकै मूल्यलाई आधार मानी हालसम्म रोयल्टी संकलन हुँदै आएकोमा समयानुकुल सम्झौता परिमार्जन र पुनरावलोकन गर्नुपर्ने देखिन्छ । | सुझाव अनुसार समयानुकुल सम्झौता परिमार्जन गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १३ | **होमस्टे कार्यक्रम** - होमस्टे क्षमता तथा अभिवृद्धि सशक्तिकरण तथा पूर्वाधार विकास कार्य संचालन कार्यविधि २०७६ को दफा ११ अनुसार होमस्टे क्षमता तथा अभिवृद्धि सशक्तिकरणको लागि एकल परियोजनालाई बढीमा रु.१५ लाख र संयुक्त परियोजनालाई बढीमा रु.३५ लाखसम्म अनुदान दिने व्यवस्था छ । यो वर्ष ११७ होमस्टेहरूको पूर्वाधार निर्माणको लागि पर्यटन कार्यालय मार्फत रु.१२ करोड ७३ लाख रकम खर्च गरेको देखिन्छ । खर्च भएकोमध्ये अधिकांश होमस्टेमा सामुदायिक भवन निर्माण, भ्यू टावर निर्माण, पद मार्ग निर्माण, शौचालय निर्माण आदिमा खर्च भएको देखिन्छ । निश्चित व्यक्ति र समूहलाई मात्र फाइदा हुने गरी अनुदान दिने र अनुदान प्राप्त गरेपश्चात होमस्टेबाट दिइने सेवा, सुविधा सुनिश्चित नहुँदा अनुदानको सही उपयोग भएको छ भन्न सकिएन। यस्तो अनुदान बितरणमा नियन्त्रण गर्नुपर्दछ । | अनुदान प्रदान गरे पश्चात होमस्टेबाट दिईने सेवा सुविधा सुनिश्चित गर्न नियमित अनुगमन गर्ने र त्यस्तो सेवा सुविधा नदिने होमस्टेलाई उचित कारवाही गर्ने गरी कार्यविधि परिमार्जन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १४ | **बेरुजु स्थिति** - मन्त्रालय तथा मातहतका समेत १९ निकायमा रु. २ करोड ३३ लाख ७० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु.१२ लाख ८६ हजार फस्यौट गरेकोले रु.२ करोड २० लाख ८४ हजार बेरुजु बाँकी छ । सोमध्ये रु.१ लाख २० हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । | बाँकी रहेको बेरुजु यथाशिघ्र फछ्यौंट गर्न निर्देशन दिने । |

**४.३.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७८ उपर मिति २०८०।१०।२४ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी** : प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा उल्लेख भएका मध्ये सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन र नियमन, औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन, उपभोक्ता अदालत गठन र सञ्चालन, हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन लगायतका कार्य गर्न बाँकी देखिन्छ । कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ । | "गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४" ले तोके अनुसारका कार्यजिम्मेवारी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **नीति तथा कार्यक्रम** : प्रदेश सरकारको २०७६/७७ को नीति तथा कार्यक्रममा घोषणा भएका मुस्ताङ्ग, मनाङ्ग र उत्तरी गोरखालाई फिल्मसिटी र विशेष पर्यटन क्षेत्रको रूपमा विकास गर्ने, लोमान्थाङ क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न पहल गर्ने, गण्डकी प्रदेशको पर्यटनलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धी बनाउन डिजिटल पर्यटन कार्यक्रम सञ्चालन, प्रदेशको उत्पादन तथा पर्यटकीय स्थलको प्रचारप्रसार गर्न विश्वका प्रमुख भाषामा वेभपोर्टल निर्माण गरी सञ्चालन गर्ने, लघुउद्यम, घरेलु तथा साना | कार्यान्वयन गर्न सकिने मात्रै नीति अख्तियार गर्ने र घोषणा गरिएका निति बमोजिमका कार्यक्रममा आवश्यकता अनुसार बजेट विनियोजन गरी कार्यान्वयनमा लैजान निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उद्योगको प्रतिष्पर्धात्मक क्षमता वृद्धि गरी बजार पँहुच तथा विस्तारका लागि सक्षम बनाउन लघु उद्यम सेवा विस्तारलाई निरन्तरता दिईने, लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादनको पहिचानको लागि सामूहिक चिन्ह प्रयोग गर्न सहजीकरण गर्ने, स्थानीय तहसँगको समन्वयमा अन्तर्राष्ट्रियस्तरको हरित उद्यान निर्माण गरी सञ्चालनमा ल्याइने लगायतका कार्यक्रमहरू कार्यान्वयन गरेको देखिएन । | |
| ३ | **आवधिक योजना कार्यान्वयन -** यसै वर्षदेखि कार्यान्वयनमा आएको पहिलो आवधिक योजना २०७६।७७- २०८०।८१ मा उल्लेख भएका वातावरणमैत्री उत्पादनलाई हरित सर्टिफिकेटको व्यवस्था, ईट्टाभट्टा, उद्योग लगायत वायु प्रदूषकहरूको अनुगमन तथा नियन्त्रण, प्रदुषण मापन गर्ने प्रयोगशाला निर्माण तथा उपकरण जडान, प्लाष्टिक जन्य वस्तुको प्रयोग सम्बन्धी मापदण्ड निर्माण तथा प्लाष्टिकबाट डिजल बनाउन निजी क्षेत्रसँग सहकार्य गर्ने, रेडियोधर्मी तथा विकिरणीय वस्तुको व्यवस्थापन गर्न प्रबन्ध मिलाउने, वनमा आधारित ठूला उद्योग स्थापनामा सहयोग, तालहरूको विस्तृत अभिलेख तयार गर्ने र अभिलेखलाई डिजिटाईजेशन गर्ने, वन पैदावारमा आधारित उद्योग स्थापनामा प्रोत्साहन सहयोग गर्ने, पर्यटक आपतकालीन उद्धार केन्द्रको आवश्यकता भएका ठाउँ पहिचान र निर्माण गर्नु लगायतका १९ कार्यहरू पहिलो वर्षको बजेट तथा कार्यक्रममा समावेश नभएका कारण कार्यान्वयनमा गएको छैन । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **सवारी साधन खरिद -** मन्त्रालय र मातहत कार्यालयको लागि सवारी साधन खरिद गर्न पर्यटन कार्यक्रम एवं पूर्वाधार संरचना निर्माणको लागि विनियोजन भएको रु.२ करोड ५० लाख र भवन निर्माण कार्यको लागि विनियोजन भएको रु.१ करोड समेत रु.३ करोड ५० लाख रकमान्तर गरी रु.५५ लाख ६६ हजारको १ इलेक्ट्रिक | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार र रु.२ करोड ६७ लाख ५० हजारको ५ जीप समेत रु.३ करोड २३ लाख १६ हजारमा सवारी साधन खरिद गरेको छ । सवारी साधन खरिदको मापदण्ड तयार गरी यस्तो खर्च व्यवस्थित गर्नुपर्दछ । | |
| ५ | **प्रदेश गौरवका आयोजना** प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनाको पहिचान गरी कार्यान्वयनमा ल्याएको छ ।<br>यस सम्बन्धमा निम्नानुसार देखिएको छः-<br>५.१. ग्रामीण क्षेत्रमा गरिबी निवारण र पर्यटन क्षेत्रको विविधीकरण गर्न घरबास होमस्टेको विस्तार र सुदृढीकरण गर्ने उद्देश्य रहेको घरबास होमस्टे विस्तार र सुदृढीकरण आयोजनामा २०७४।७५ मा रु.२८ करोड ८७ लाख ४२ हजार अनुदान प्रदान भएको छ । यो वर्ष रु.२५ करोड बजेट व्यवस्था भएकोमा खर्च भएको छैन।<br>५.२. औद्योगिक क्षेत्र निर्माण गरी आयात प्रतिस्थापन र मझौला तथा ठुला उद्योग स्थापना गर्न निजी क्षेत्रलाई आव्हान गर्ने उद्देश्यले नवलपुरको लोकाहामा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजनाको लागि आवश्यक जग्गा प्राप्त नभएको एवं डिपिआर तयार नभएको कारण कार्यान्वयनमा आएको छैन । यो वर्ष रु.२ करोड बजेट विनियोजन भएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन कार्यमा रु.४ लाख ७३ हजार खर्च गरेको छ ।<br>५.३. प्रदेश पर्यटकीय गन्तव्यको पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने | प्रदेश गौरवका आयोजनमा पर्याप्त बजेट विनियोजन गरी तोकिएको समयमा नै सम्पन्न गर्ने अवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उद्देश्यले सञ्चालन भएको पर्यटन गन्तव्य विकास तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्रदेशको प्रत्येक निर्वाचन क्षेत्र समेटिने गरी प्रमुख पर्यटकीय गन्तव्यहरूको घोषणा भई पर्यटन पूर्वाधार निर्माण भइरहेको छ । यस कार्यक्रममा हालसम्म रु.२७ करोड ६४ लाख ६५ हजार खर्च भएको छ ।<br>५.४. प्रदेशभित्रका ताल तथा सिमसार संरक्षण गर्ने उद्देश्यले संचालित ताल तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रम अन्तर्गत संस्थागत संरचनातर्फ ताल संरक्षण तथा विकास प्राधिकरणको स्थापना, कानुन निर्माण एवं आवश्यक कर्मचारीको व्यवस्था भएको छ । विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान तयार नगरी यो वर्ष रु.५० लाख बजेट विनियोजन भई कार्यालय सामान खरिदमा रु.६ लाख ३६ हजार खर्च भएको छ ।<br>५.५. फेवातालको क्षेत्र निर्धारण गर्ने, दायाँबायाँ ढल निर्माण गर्ने, जलाधार क्षेत्र संरक्षण गर्ने र दाँयाबाँया सौन्दर्यकरण गरी पर्यटक आकर्षण गर्ने उद्देश्यले संचालित फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजना अन्तर्गत यस वर्ष पोखरा महानगरपालिकासँगको समन्वयमा सिल्टेशन ड्याम र चेक ड्याम निर्माण कार्य भएको छ। आयोजनाको रु.१ करोड ४८ लाख पोखरा महानगरपालिकालाई उपलब्ध गराएको र महानगरपालिकाले सोही बराबर रकम थप गरी निर्माण कार्य गरेको छ । आयोजनाको खर्चमा महानगरपालिकाबाट भएको खर्च समेत समावेश गर्नुपर्दछ ।<br>५.६. निजी क्षेत्रलाई उद्योग खोल्न आमन्त्रण गर्ने उद्देश्यले कास्की र तनहुँको | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बीचमा पर्ने तल्लो पुडिटार क्षेत्रको करिब २ हजार ८०० रोपनी क्षेत्रमा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण गर्न यो वर्ष रु.१ करोड ५० लाख बजेट व्यवस्था भएकोमा जग्गा प्राप्ति नभएको कारण खर्च भएको छैन । आयोजनाको डिपिआर समेत तयार भएको छैन । | |
| **डिभिजन वन कार्यालयहरू** | | |
| ६ | **काठ मौज्दात** : प्रदेश अन्तर्गत मुस्ताङ्ग बाहेक १० कार्यालयहरूमा गत वर्षको मौज्दात सहित ५ लाख ३१ हजार १४१.८६ क्यू फिट साल तथा ३ लाख ८ हजार २९०.५९ क्यू फिट अन्य जातका काठ रहेकोमा यो वर्ष ३ लाख ८४ हजार ६३७.६१ क्यू फिट साल तथा २ लाख ५२ हजार ४७०.०१ क्यू फिट अन्य जातका काठ बिक्री गरी १ लाख ४६ हजार ५०४.२५ क्यू फिट साल तथा ५५ हजार ८२०.५८ क्यू फिट अन्य जातका काठ मौज्दात रहेको देखिन्छ । यसरी मौज्दात रहेको काठको न्यूनतम मूल्य रु.१६ करोड ५ लाख ६४ हजार रहेको छ । उक्त मौज्दात रहेको काठ समयमै लिलाम बिक्री नगर्दा घामपानीको कारणले गुणस्तरमा ह्रास आई प्रयोगमा ल्याउन नसकिने र बिक्रीबाट राजस्व आम्दानी घट्न जाने हुँदा समयमै लिलाम बिक्री गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **वनको जग्गा लिजमा** : वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्वारा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । प्रदेश अन्तर्गत ५० संस्थालाई ४२८.०४ हेक्टर जग्गा लिजमा दिएको मध्ये ३९ संस्थाबाट रु.१३ करोड ५७ लाख ६९ हजार ५२५ रोयल्टी प्राप्त भएको बाँकी | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ११ बाट प्राप्त नभएकोले सम्झौता बमोजिमको रोयल्टी असुल गर्नुपर्दछ । लिजमा उपलब्ध गराएको जग्गा सम्झौता अनुसार प्रयोग भए नभएको र क्षतिपूर्ति वापत ६ लाख ८५ हजार वृक्षरोपण गरेकोमा सोको रेखदेख र संरक्षण भए नभएको सम्बन्धमा मन्त्रालयबाट अनुगमन गर्नुपर्दछ । | |
| ८ | **बिरुवा संरक्षण** मन्त्रालय र मातहतका कार्यालयहरूले यस वर्ष विभिन्न प्रजातिका ६१ लाख ८० हजार बिरुवा उत्पादन गरी रु.९ करोड ८८ लाख ७५ हजार खर्च गरेको छ । नियमित कार्यक्रमको रूपमा प्रत्येक वर्ष बिरुवा उत्पादन गरी वितरण एवं रोपण गरिने गरेकोमा यसरी भएको कार्यको संरक्षणमा पर्याप्त ध्यान नदिएको कारण यसको प्रभावकारिता न्यून रहेको छ । रोपिएका बिरुवाहरूको संरक्षणमा बढी ध्यान दिनुपर्ने देखिन्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ९ | **वन पैदावार शुल्क** : वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार वन पैदावारको लिलाम बिक्रीबाट प्राप्त रकम मध्ये ९० प्रतिशत रकम नेपाल सरकारको राजस्व खातामा र १० प्रतिशत स्थानीय निकायलाई पठाउनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहलाई पठाउनुपर्ने रु.१ करोड ५४ लाख ५७ हजार डिभिजन वन कार्यालय, नवलपुरले विविध धरौटी खातामा जम्मा गरी राखेको छ । उक्त रकम सम्बन्धित स्थानीय तहमा पठाउनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| **भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू** | | |
| १० | **तारजाली वितरणः** जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्वर्द्धन गर्न बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपहरूको जोमिखलाई कम गर्न भू तथा जलाधार व्यवस्थापन कार्यालय, पर्वतले यसवर्ष रु.२४ लाख ९९ हजारको ७ हजार वर्ग मिटर तार जाली | तारजाली प्रयोग तथा उपयोग सम्बन्धमा कार्यालयबाट नियमित अनुगमन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उपभोक्ताहरूलाई वितरण गरेकोमा तारजालीको प्रयोग तथा उपयोग सम्बन्धमा कार्यालयवाट अनुगमन भएको छैन । | |
| ११ | **गुरु योजना कार्यान्वयन** - भू तथा जलाधार व्यवस्थापन कार्यालय, पर्वतले एक परामर्शदाताबाट जलजला क्षेत्रको पर्यटन गुरुयोजना र जलजला तालको विस्तृत परियोजना प्रतिवेदन गराई रु.१९ लाख ६६ हजार भुक्तानी गरेको छ । प्राप्त प्रतिवेदन अनुसार निर्माण कार्यका लागि रु.६६ करोड १० लाख ८३ हजार लागत लाग्ने उल्लेख भएकोमा उक्त कार्यको थालनी भएको छैन। | विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन दिने । |
| **घरेलु तथा साना उद्योग कार्यालयहरू** | | |
| १२ | **दर्ता र नवीकरणः** प्रदेश अन्तर्गतका ११ घरेलु तथा साना उद्योग कार्यालयमा उद्योग र वाणिज्य दर्ता क्रमशः ६ हजार २०७ र ८ हजार १३१ रहेकोमा क्रमशः ३ हजार १७९ र ४ हजार ६७४ ले नवीकरण गराएका छन् । दर्ता गरी नवीकरण नगराउने उद्योग एवं वाणिज्य संस्थाको अनुगमन गरी नवीकरण गराउने तर्फ ध्यान दिनुपर्दछ । दर्ता भएका उद्योगमा ७ हजार ४९५ रोजगारी सिर्जना भएको उल्लेख छ । यसरी दर्ता भएका उद्योग र वाणिज्यले दर्ता गर्दाका बखत उल्लेख गरेका कार्यहरू गरे नगरेको अनुगमन गर्नुपर्दछ । | दर्ताका बखत उल्लेख गरेका शर्तहरु पालनाको अवस्थाको नियमित अनुगमन गर्न निर्देशन दिने । |
| १३ | **प्रदेश गौरवको आयोजना** - प्रदेशमा कार्यान्वयन गर्ने गौरवका आयोजना पहिचान र छनौट गर्ने गरी मापदण्ड बनाई सोहि आधारमा उपयुक्त आयोजनाहरूलाई प्रदेश गौरवको आयोजनाको रूपमा पहिचान गर्नुपर्नेमा मापदण्ड लागू गर्न बाँकी रहेकोले आयोजना छनौटको आधार स्पष्ट छैन । आयोजनाको लाभ लागत विश्लेषण, कार्यक्रमको लागत, कार्यान्वयन गर्न अवधि लगायतका कुराहरू निश्चित नगरी | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सञ्चालन भएको छ । प्रदेश गौरवका आयोजना छनौट सम्बन्धी मापदण्ड निर्धारण गरी गरी सोही आधारमा आयोजना छनौट एवं कार्यान्वयन गर्नु पर्दछ । | |
| १४ | **होमस्टे प्रवर्द्धन** - मन्त्रालयले होमस्टे प्रवर्द्धनको लागि २०७५।७६ मा रु.२८ करोड ८७ लाख ४२ हजार अनुदान प्रदान भएको एवं २०७६। ७७ मा सो प्रयोजनको लागि रु.२५ करोड बजेट व्यवस्था भई प्रस्ताव आह्वान गरेकोमा कोभिड १९ को कारण कार्यक्रम सञ्चालन भएको छैन । यो वर्ष भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले होमस्टेमा अर्गानिक खेती गरी खानपीनको बन्दोबस्त गर्न कृषि कार्यका लागि स्याङ्जा तनहुँ लगायत ७ जिल्लाका २५ होमस्टेलाई रु.१ करोड ३५ लाख २ हजार अनुदान प्रदान गरेको छ ।<br>यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले होमस्टे पर्यटनलाई सहयोग पुग्ने गरी प्रदेश सरकारका १६१ कर्मचारीहरूलाई पर्यटन विदा प्रदान गरी एक महिनाको तलवले हुने रु.५९ लाख ३७ हजार खर्च गरेको छ । यसरी होमस्टे प्रवर्द्धन सम्बन्धी कार्य प्रदेशका तीन मन्त्रालयहरूबाट सञ्चालन भई रहेको देखिन्छ । समन्वय र एकरूपताको लागि होमस्टे प्रवर्द्धन सम्बन्धी कार्यक्रम एकै निकायबाट सञ्चालन गर्नपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १५ | **होमस्टे दर्ता र नवीकरणः** प्रदेश सरकारले जारी गरेको होमस्टे कार्यविधि २०७५ को बूँदा नं.४ र १३ अनुसार होमस्टेको दर्ता र नवीकरण स्थानीय तहमा हुने व्यवस्था रहेको छ । होमस्टेहरू पर्यटन प्रबर्द्धनसँग सम्बन्धित व्यवसायिक संस्था हुन वा सामाजिक संस्था हुन स्पष्ट छैन । स्थानीय तहमा दर्ता हुने तर व्यवसायको रूपमा सञ्चालन नगर्ने हो भने २०७५।७६ मा प्रदेशभित्रका ११ जिल्लाका २७४ | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | होमस्टेलाई प्रदान गरेको रु.२८ करोड ८७ लाख ४२ हजार अनुदानबाट अपेक्षित नतिजा प्राप्त हुने अवस्था रहँदैन। मन्त्रालयसँग प्रदेशभित्र दर्ता र नवीकरण भएका निजी तथा सामुदायिक होमस्टेको अभिलेख रहेको छैन । प्रदेशभित्र दर्ता र नवीकरण भएको होमस्टे सम्बन्धी जानकारी नराखी होमस्टेको सुधारको लागि गौरवको कार्यक्रम सञ्चालन गरेको अवस्था छ । साथै अपेक्षा गरे अनुरूपको उपलब्धि हासील गर्नको लागि व्यवसायिक ढंगले संञ्चालन हुने व्यवस्था मिलाउनु पर्दछ । | |
| १६ | **मापदण्डको पालना** - गण्डकी प्रदेश होमस्टे सञ्चालन कार्यविधि, २०७५ मा होमस्टे दर्ताका लागि पूरा गर्नुपर्ने न्यूनतम र दर्ता पश्चात पूरा गर्नुपर्ने अन्य मापदण्डहरू उल्लेख छन् । अनुदान प्राप्त गर्ने २७४ मध्ये बाग्लुङ, पर्वत, स्याङ्जा, गोरखा लगायत ६ जिल्ला स्थित ४० होमस्टेको स्थलगत निरीक्षण गर्दा पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड हुनुपर्ने र बढीमा चार कोठा र आठ बेड मात्र राख्न पाइने, शौचालयको अनिवार्य व्यवस्था भएको हुनुपर्ने, स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने लगायतका होमस्टे दर्ताका लागि पूरा गर्नुपर्ने न्यूनतम ६ मापदण्डहरूको पालना अवस्था औसत ६७.५ प्रतिशत र सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनुपर्ने, पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नुपर्ने, सामुदायिक होमस्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनुपर्ने लगायत होमस्टे दर्ता पश्चात पूरा गर्नुपर्ने विभिन्न ७ मापदण्डहरूको पालना अवस्था औसतमा ७० प्रतिशत रहेको छ । यस आधारमा करिब एक तिहाई होमस्टेहरू तोकिएको मापदण्ड पूरा नगरी सञ्चालनमा रहेको पाइयो । | तोकिएको मापदण्ड पुरा भए नभएको एकिन गरी मात्रै अनुदान प्रदान गर्ने व्यवस्था गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | यसरी कार्यविधि बमोजिम होमस्टे दर्ता अघि र पश्चात पालना गर्नुपर्ने न्यूनतम मापदण्डहरू पूर्णरूपमा पालना नभएको एवं सो कार्यको लागि समेत अनुदान प्रदान गरेको कारण होमस्टेहरू न्यूनतम मापदण्ड समेत पूरा नगरी दर्ता भएका र यसरी मापदण्ड पूरा नभई दर्ता भएका होमस्टेहरू अनुदानको लागि छनौट भएको देखिन्छ । तोकिएका मापदण्ड पूरा नभएका होमस्टेबाट गुणस्तरीय सेवा प्रदान गर्न नसक्ने हुँदा मापदण्ड पालनामा पर्याप्त ध्यान दिई मापदण्ड पूरा भएकाहरूलाई मात्र अनुदान प्रदान गर्नुपर्दछ । | |
| १७ | **होमस्टे सञ्चालन र व्यवस्थापनः** गण्डकी प्रदेश होमस्टे सञ्चालन कार्यविधि, २०७५ मा होमस्टे सञ्चालन र व्यवस्थापनको लागि विभिन्न कार्य गर्नुपर्ने उल्लेख छ । अनुदान प्राप्त गर्ने २७४ मध्ये बाग्लुङ, पर्वत, स्याङ्जा, गोरखा लगायत ६ जिल्लास्थित ४० होमस्टेको स्थलगत निरीक्षण गर्दा होमस्टे व्यवस्थापन र सञ्चालन सम्बन्धमा गर्नुपर्ने पर्यटकीय क्रियाकलापहरू र पर्यटक र संचालकहरूले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने, पाहुनाको दर्ता र रेकर्डको व्यवस्था गर्ने, आय-व्ययको स्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने लगायतका विभिन्न ९ कार्यहरूको सम्पादन स्थिति औसतमा ६२.५ प्रतिशत रहेको छ । यसरी कार्यविधिले गरेको व्यवस्था नियमित रूपमा पालना भएको सुनिश्चित नभई अनुदान उपलब्ध गराउने एवं अनुदान प्राप्ति पश्चात् पनि कार्यविधिको पालनामा पर्याप्त ध्यान नदिने स्थितिले होमस्टेको दिगो सञ्चालन र व्यवसायीकरणमा असर पर्ने देखिएकोले कार्यविधिमा तोकिएबमोजिम होमस्टेको व्यवस्थापन र सञ्चालनमा समितिहरू क्रियाशील रहनु पर्दछ। | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १८ | **होमस्टे छनौट :** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ६ सम्म प्रत्येक स्थानीय तहमा कम्तिमा एउटा परियोजना पर्नेगरी आयोजना छनौट गर्ने उल्लेख छ । प्रस्ताव आह्वानको सूचना अनुसार विभिन्न स्थानीय तहमा दर्ता भएका ३१६ होमस्टेले प्रस्ताव पेस गरेकोमा ६४ स्थानीय तहका २७४ प्रस्ताव छनौट भएको छ । यसरी भएको छनौट विश्लेषण गर्दा कास्की र पर्वत जिल्लाका सबै स्थानीय तहमा दर्ता भएका होमस्टे छनौट भएकोमा अन्य जिल्लाका सबै स्थानीय तहमा दर्ता भएका होमस्टे छनौट भएका छैनन् । स्थलगत निरीक्षण र सम्भाव्यताको आधारमा होमस्टे छनौट गर्ने व्यवस्था नगरेको अवस्थामा छनौट नभएका सबै होमस्टे पहुँच लगायतका आधारमा सम्भाव्य रहे नरहेको विश्लेषण गरेको छैन । साथै केही स्थानीय तह भित्रका धेरै होमस्टे छनौट गर्दा क्षेत्रगत विविधतालाई ध्यान दिएको पाइएन । उदाहरणको लागि स्याङजाका ४४ होमस्टेले अनुदान पाएको मध्ये गल्याङ नगरपालिका भित्रका १७ होमस्टे छनौट गरेको छ । एक स्थानीय तहभित्र यति होमस्टे दिगो रूपमा सञ्चालन हुन सक्ने नसक्ने विश्लेषण नगरी छनौट गरेको छ । होमस्टे छनौट गर्दा क्षेत्रगत विविधता र सम्भाब्यतालाई समेत ध्यान दिनुपर्दछ । | गर्न निर्देशन दिने । |
| १९ | **प्रस्ताव मूल्याङ्कन आधार** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिने कार्यविधि, २०७५ अनुसार अनुदानको लागि प्राप्त प्रस्ताव, लागत सहभागिता, कार्य अनुभव, व्यवस्थापन क्षमता, समावेशिता र वातावरणमैत्री समेत पाँच आधारबाट अधिकत्तममा ९० अङ्कमा न्यूनतम ५० अङ्क प्राप्त भए छनौट हुने उल्लेख छ । पर्यटनको सेवा सुविधा विस्तारको लागि अनुदान प्रदान गर्ने कार्यक्रमको प्रस्ताव छनौट गर्दा पर्यटक आमगनलाई मूल्याङ्कनको आधारमा समावेश गरेको | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | देखिएन । फलस्वरूप पर्यटक आगमनको तुलनात्मक रूपमा अत्यन्त न्यून भएका होमस्टेहरूमा बढी अनुदान प्रदान भएको छ । उदाहरणको लागि होमस्टे सञ्चालन भएका प्रतिघर वर्ष भरीमा २, ५ र ७ जना मात्र पर्यटक आएका पर्वत, गोरखा र बागलुङमा पर्यटक संख्याको आधारमा सबैभन्दा बढी अनुदान प्रदान भएको छ । पाहुना संख्या नगण्य भएका होमस्टेहरूमा अनुदानबाट भएका कार्यक्रमहरू निजी प्रयोगमा मात्र आउने देखिएकोले अनुदान प्रदान गर्ने प्रस्ताव मूल्याङ्कन गर्ने आधारमा पर्यटनको आवागमनलाई समेत समावेश गरी उच्चतम भार दिनुपर्दछ । | |
| २० | **अनुदान वितरण र उपयोग** - होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम पर्यटन पूर्वाधार निर्माणको लागि २०७५। ७६ मा २७४ होमस्टेलाई रु.२८ करोड ८७ लाख ४२ हजार अनुदान प्रदान गरेको छ । अनुदान प्राप्त विभिन्न ४० होमस्टेको स्थलगत निरीक्षण गरेकोमा अनुदानबाट निर्माण भएका पूर्वाधारको अवस्था निम्नानुसार देखिएको छः<br><br>२०.१. मारुनी सामुदायिक होमस्टे, जैमिनी नगरपालिका ३. बाग्लुङ्गलाई सामुदायिक भवन निर्माणको लागि प्रदेश सरकारबाट रु.१० लाख अनुदान प्राप्त भएकोमा स्थानीय तहबाट रु.१ लाख ५० हजार र होमस्टे संचालकबाट रु.१४ लाख लागत सहभागिता समेत रु.२५ लाख ५० हजार खर्च भएको छ। यसरी प्राप्त अनुदानभन्दा निकै बढी खर्च हुँदाको अवस्थामा समेत सामुदायिक भवनको पहिलो तला ढलान र दोस्रो तलाको पिलर उठाउने कार्य मात्र भई अनुदान प्रदान गरेको २ वर्षसम्म पनि अधुरो | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।<br><br>किन यस्तो भएको हो आवश्यक छानविन गरी छानबिनको निष्कर्ष अनुसारको |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | अवस्थामा रहेको छ।<br>२०.२. पिप्रहर सामुदायिक होमस्टे, देवचुली-१७, नवलपुरको सामुदायिक भवन निर्माण कार्यको लागी रु.१० लाख अनुदान प्रदान भएको र सोबाट साविकको सामुदायिक भवनमा तला थप गरेकोमा तला थप कार्य अनुदान प्रदान गरेको २ वर्षसम्म पनि निर्माणाधीन अवस्थामा रहेको छ ।<br><br>२०.३. भमरकोट सामुदायिक होमस्टे, मोदी गाउँपालिका, पर्वतले रु.१२ लाख अनुदान र होमस्टे संचालकको रु.२ लाख लागत सहभागिता समेत रु.१२ लाखबाट सामुदायिक भवन, सौचालय र भ्यू टावर निर्माण कार्य गरेको छ । उल्लिखित कार्य मध्ये भ्यू टावरको निर्माण उपयुक्त स्थानमा नभएकोले दृश्यावलोकन हुन सक्ने देखिएन । निर्माण भएको उक्त टावर प्रयोगमा पनि आएको पाइएन जसले गर्दा अनुदान रकमको उपादेयता रहेन ।<br>२०.४. जयगाउँ सामुदायिक होमस्टे, मोदी गाउँपालिका-६, पर्वतले रु.१० लाख अनुदान र होमस्टे संचालकको रु.२ लाख लागत सहभागिता समेत रु.१२ लाखबाट सामुदायिक होमस्टे निर्माण, ईन्टरनेट जडान, पानी टंकी निर्माण सम्बन्धी कार्य गरेकोमा पानीको स्रोत अभावमा निर्माण गरेको पानी टंकी प्रयोगमा आएको छैन । यसरी पानीको श्रोत उपलब्धताको व्यवस्था नगरी ट्याङ्की मात्र बनाएको उपलब्धिमूलक देखिएन ।<br><br>कार्यक्रम अनुसार अनुदान प्रदान गर्दा उपलब्ध रकमबाट गर्ने निर्माण कार्य सम्पन्न हुने कुराको सुनिश्चितता नभई अनुदान प्रदान गरेको कारण कतिपय निर्मित संरचना | कारवाही गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | पूरा नभई अधुरो रहेको, निर्मित संरचनाहरू उपयुक्त स्थानमा नरहेको एवं प्रयोगमा नआएको अवस्था देखिएको छ । यसैगरी कतिपय सामुदायिक भवन लगायतका संरचनाहरू निजी जग्गामा निर्माण भएको लगायतका व्यहोराहरू देखिएका छन् । यस प्रकारको स्थिति देखिएबाट अनुदानको प्रभावकारी उपयोग हुन नसकेको देखिन्छ । तसर्थ अनुदान प्रदान गर्दा निर्माण कार्य सम्पन्न हुने एवं प्रयोगमा आउने कार्यमा प्रदान गर्नेगरी कार्यविधिमा सुधार गर्नुपर्दछ । | |
| २१ | **निर्माण तथा अन्य कार्यः** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ अनुसार पर्यटक सूचना केन्द्र, सामुदायिक भवन, बहुउद्देश्यीय भवन, सार्वजनिक सभागृह, प्रदर्शनी स्थल, हस्तकला केन्द्र, कोसेली घर, सौगात गृह, सांस्कृतिक संग्रहालय, सार्वजनिक पुस्तकालय, इन्टरनेट, टेलिफोन, विद्युत सुविधा, लागायतका पूर्वाधार निर्माणका लागि अनुदान उपलब्ध गराउने उल्लेख छ । आर्थिक वर्ष २०७५।७६ मा प्रदान गरेको अनुदानबाट भएका निर्माण तथा कार्यको अवस्था निम्नानुसार छन् :<br>२१.१. विभिन्न पूर्वाधारका क्षेत्रमध्ये सबैभन्दा बढी १४० सामुदायिक भवन निर्माणको लागि रु.७ करोड २५ लाख ४५ हजार र रकमगतरूपमा सबैभन्दा बढी पदमार्ग निर्माणको लागि रु.८ करोड ३६ लाख २५ हजार अनुदान प्रदान भएको छ । यसैगरी अन्य शीर्षकमा खर्च भएको रु.११ करोड ४४ लाख ६४ हजार होमस्टे सञ्चालनको लागि आवश्यक कुर्सी टेवल लगायतका फर्निचर, बेड बिस्तरा लगायत फर्निसिङ्गका सामग्री, साँस्कृतिक पोशाक खरिद, इन्टरनेट, सोलार र विद्युत जडान, होमस्टेका कोठा निर्माण एवं मर्मत, शौचालय र स्नानगृह निर्माण, आँगनमा ढुंगा छाप्ने | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | लगाएको कार्यको लागि अनुदान प्रदान गरेको छ । जसअनुसार सामुदायिक भवन, स्वागत द्वार, सांस्कृतिक संग्रहालय र पदमार्ग लगायतका निर्माण कार्यमा ६० प्रतिशत र बाँकी ४० प्रतिशत अन्य कार्यमा खर्च भएको छ । निर्माण बाहेक अन्य क्षेत्रमा प्रदान गरेको अनुदानबाट सामुदायिक रूपमा लाभ नपुगी होमस्टे सञ्चालन गर्ने व्यक्तिलाई व्यक्तिगत रूपमा लाभ पुग्ने अवस्था रहेको छ । होमस्टे संचालन गर्दा पूरा गर्नुपर्ने मापदण्ड भित्रका कार्य गर्न २०७५।७६ को अनुदानमध्ये ४० प्रतिशत रकम प्रदान भएको छ । होमस्टे दर्ता गर्दा पूरा गर्नुपर्ने कार्यको लागि समेत अनुदान प्रदान गरेको र यस्तो अनुदानबाट सामुदायिक संरचनाभन्दा पनि व्यक्तिको घरमा निर्माण सुधार भएको अवस्था देखिएको छ । यसरी प्रदान हुने अनुदान सार्वजनिक पूर्वाधार निमार्णमा मात्र खर्च गर्न पाउने व्यवस्था गर्नुपर्दछ ।<br>२१.२. सामुदायिक भवनको लागि १४० होमस्टेहरूलाई प्राप्त रु.७ करोड २५ लाख ४५ हजार अनुदानबाट सामुदायिक लगायतका भवन निर्माण गरेका छन् । यसरी भवन निर्माणको लागि आवश्यक जग्गा समुदायको नाममा हुनुपर्ने गरी कार्यविधिमा व्यवस्था नभएको कारण व्यक्तिको जग्गामा समेत भवन निर्माणको लागि अनुदान प्रदान गरेको छ । उदाहरणको लागि स्थलगत निरीक्षणको क्रममा बेतनी सामुदायिक होमस्टे शहीद लखन गाउँपालिका गोरखाले अनुदान प्राप्त रु.१० लाखमा निर्माण गरेको सामुदायिक भवनको जग्गा समुदायको नाममा नभई व्यक्तिको नाममा रहेको छ । यसैगरी लम्जुङको राई नासकोट सामुदायिक होमस्टेले रु.१५ लाख अनुदानमा निर्माण गरेको सामुदायिक भवन, बाग्लुङको मारुनी सामुदायिक होमस्टे जैमिनी र बेलढुङ्गा सामुदायिक होमस्ट काठेखोलाले प्राप्त दश दश लाख अनुदानबाट | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | निर्माण गरेको सामुदायिक भवन समेत निजी जग्गामा निर्माण भएका छन् । यसरी व्यक्तिको नाममा रहेको जग्गामा सरकारी कोषबाट सामुदायिक प्रयोजनको लागि भवन निर्माण गर्न अनुदान प्रदान गरेको उपयुक्त देखिएन । यसबाट भवनको भोगचलनमा समस्या आउन सक्ने अवस्था समेत रहेकोले यस प्रकार भवन निर्माणको लागि अनुदान प्रदान गर्न आवश्यक जग्गा समुदायको नाममा हुनुपर्ने व्यवस्था गर्नुपर्दछ ।<br>२१.३. पदमार्ग अन्तर्गत प्राप्त अनुदान रकमवाट होमस्टे सञ्चालन भएका घरहरूमा जान ढलान गरी सिँढी निर्माण एवं होमस्टे सञ्चालन भएको गाउँको बाटो ढलान गरेका छन् । होमस्टेको मौलिकता कायम राख्न होमस्टे सञ्चालन भएका एक घरबाट अर्को घरमा जाने सिँढी निर्माण गर्दा ढुंगा लगायतका स्थानीय सामग्री प्रयोगमा ध्यान नदिई ढलान गरेको देखिन्छ । सम्झौता बमोजिमको लागत सहभागिता समेत जुटाई तोकिएको कार्य सम्पन्न गर्न नसकेको एवं बढी लागत पर्ने आयोजना भएको कारण प्राप्त अनुदान रकम अपर्याप्त भएको कारण अधुरो रहेको देखिन्छ। अनुदानबाट संचालित कार्य अधुरो रहेबाट संरचनाको उपयोग नहुने तथा अनुदानको प्रभावकारिता न्यून हुने देखिएकोले सम्झौता बमोजिमको कार्य सम्पन्न गर्नु पर्दछ । | |
| २२ | **होमस्टे पाहुना संख्या:** प्रदेश होमस्टे सञ्चालन कार्यविधि, २०७५ मा समितिले होमस्टेमा आएका पाहुनाको दर्ता र रेकर्डको अवस्था समेत अनुगमन गर्ने उल्लेख छ । अनुदान प्राप्त गर्ने २७४ होमस्टेमा २०७५।७६ मा ८ हजार १५२ पाहुना आएको मध्ये ५ हजार ९१० विदेशी पाहुना रहेका छन् । होमस्टे संख्या र होमस्टे | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सञ्चालन गर्ने घर संख्याको आधारमा सो वर्ष औसतमा ३११ र ३३ पाहुना आएको देखिन्छ । जिल्लागत रूपमा विश्लेषण गर्दा उक्त वर्ष कास्कीमा सबैभन्दा बढी प्रति होमस्टे ७८९ र होमस्टे सञ्चालन गर्ने प्रति घर ८४ र सबैभन्दा कम पर्वतमा प्रति होमस्टे १६ र होमस्टे सञ्चालन गर्ने प्रति घर २ मात्र आएको देखिन्छ । गोरखा, बागलुङ र मनाङमा वर्ष भरीमा प्रति घर क्रमशः ५. ७ र ९ जना मात्र पाहुना आएका छन् । पाहुना संख्या र वितरीत अनुदान तुलना गर्दा सो वर्ष प्रति पाहुना औसतमा रु.३ हजार ३९१ अनुदान प्रदान भएकोमा सबैभन्दा बढी पर्वतमा प्रति पाहुना रु.६२ हजार १२१ र सबैभन्दा कम नवलपुरमा प्रति पाहुना रु.७०२ अनुदान प्रदान भएको छ । पाहुना र अनुदान संख्या तुलना गर्दा कम पाहुना आउने पर्वत, गोरखा, बागलुङ लगायतका जिल्लाले बढी अनुदान प्राप्त गरेका छन् । | |
| २३ | **लागत सहभागिताः** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजिगत अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ को परियोजना कार्यान्वयन सम्बन्धी सम्झौतामा होमस्टेमा पूर्वाधार विकास सम्बन्धी अनुदान प्राप्त गर्नका लागि होमस्टे व्यवस्थापन समितिले प्रस्ताव गरेको पर्यटन पूर्वाधारको लागतको कम्तिमा १० प्रतिशत बजेट सम्बन्धित स्थानीय तहले छुट्याएको वा व्यवस्था गरेको सिफरिश पत्र समावेश गर्नुपर्ने उल्लेख छ । परियोजना सम्बन्धी सम्झौता गर्दा स्थानीय तहको सिफारिश पत्र लिएको भएतापनि मन्त्रालयबाट प्राप्त विवरण अनुसार अनुदान प्राप्त गर्ने २७४ होमस्टे मध्ये ११२ मा मात्र स्थानीय तहले रु.१ करोड ५८ लाख ८८ हजार लागत सहभागिता गरेका छन् । अनुदान प्राप्त गर्ने विभिन्न १६२ होमस्टेमा स्थानीय तहको लागत सहभागिता रहेको छैन । स्थानीय तहबाट लागत सहभागिता | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | भएका होमस्टेहरूले प्रदेश र स्थानीय तह दुवैबाट अनुदान प्राप्त गरेको स्थिति छ । स्थानीय तहको प्रतिवद्धता अनुसारको लागत सहभागिताको अभावमा होमस्टे परियोजनाहरूमा प्रस्ताव बमोजिम कार्य सम्पन्न गर्न रकमको कमी हुने अवस्था समेत देखिएको छ । प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रूपमा कार्यान्वयन गरेको भएतापनि स्थानीय तहको प्राथमिकता अन्य क्षेत्रमा हुनसक्ने हुनाले प्रदेशले बनाएको कार्यविधि बमोजिम लागत सहभागिता गराउन बाध्य हुने अवस्था समेत नदेखिएकोले कार्यविधिको उक्त व्यवस्था पुनरावलोकन गर्नुपर्ने देखिन्छ । | |
| २४ | जनशक्ति व्यवस्थापनः पूर्वाधार निर्माण कार्यको लागत अनुमान, कामको मूल्याङ्कन र नापजाँच कार्यसम्पन्न प्रतिवेदन गुणस्तर सुनिश्चितता लगायतका कार्यको लागि सम्बन्धित क्षेत्रका प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ । होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजीगत अनुदान उपलब्ध गराएको रकमबाट सामुदायिक भवन, सांस्कृतिक संग्रहालय, प्रवेशद्वार, पदमार्ग लगायतका पूर्वाधारका कामहरू भएका छन् । कार्यक्रम बमोजिम अनुदान प्रदान गर्ने र प्राप्त अनुदानबाट सम्झौताबमोजिमको कार्य भए नभएको हेर्ने जिम्मेवारी डिभिजन वन कार्यालयबाट हुने गरेकोमा ती कार्यालयहरूमा निर्माण कार्यसँग सम्बन्धित जनशक्ति रहेका छैनन् । जनशक्तिको अभावमा कार्यक्रम कार्यान्वयन गर्न कठिनाई भएको एवं अन्य निकायका प्राविधिक कर्मचारीहरूको सहयोग लिई कार्यसम्पन्न गर्नुपरेको अवस्था छ । यसरी निर्माण कार्यसँग सम्बन्धित जनशक्ति नभएको कार्यालयबाट कार्यक्रम कार्यान्वयन गराउँदा सम्बन्धित कार्यालयहरूलाई कार्यसम्पादनमा कठिनाई परेको देखिएकोले आवश्यक प्राविधिक जनशक्तिको व्यवस्थापन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| २५ | **सुपरिवेक्षण अनुगमन तथा मूल्यांकन** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिने सम्बन्धी कार्यविधि २०७५ मा परियोजनाको सुपरिवेक्षण अनुगमन तथा मूल्यांकन मन्त्रालयको जिल्ला स्थित निकायका प्रमुख वा मन्त्रालयले तोकेको अधिकारी वा मन्त्रालयले बनाएको कार्यदल सम्बन्धित स्थानीय तहको प्रतिनिधि र होमस्टे महासंघ गण्डकी प्रदेशको प्रतिनिधिबाट हुने र सोको प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्ने उल्लेख छ । मन्त्रालय तथा कार्यान्वयन गर्ने निकायबाट कार्यविधि अनुसार सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन भएको छैन । कुनैपनि आयोजना कार्यान्वयनमा देखिएका समस्याको समयमै पहिचान गरी सुधारका उपाय अवलम्वन गर्न सुपरिवेक्षण अनुगमन तथा मूल्यांकनको आवश्यकता हुनेमा सोको अभावमा अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धमा रहेका कमी कमजोरी एवं समस्याको समयमै जानकारी प्राप्त गरी सुधार गर्नसक्ने अवस्था रहेको देखिएन । साथै प्रदान गरिएको अनुदान तोकिएको प्रयोजनमा नै उपयोग भएको आश्वस्तता हुने अवस्था छैन । यस स्थितिले प्रदेश गौरव घोषणा गरी सञ्चालन गरेको कार्यक्रमको सफलतामा नै असरपर्ने देखिएकोले नियमित रूपमा सुपरिवेक्षण अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन लिने व्यवस्था गर्नुपर्दछ ।<br>होमस्टेहरू व्यवसायीक रूपमा दर्ता भई आय आर्जन गर्ने र मुनाफा कमाउने प्रकृतिका समेत भएको, स्थानीय रूपमा आय आर्जन गर्ने अवस्थामा स्थानीय तहबाट साझेदारीमा कार्यक्रम सञ्चालन भई स्थानीय तहको आयस्रोत वृद्धि हुने अवस्थालाई समेत मध्यनजर गरी अनुदान दिनुपर्नेमा लक्षित प्रतिफल निश्चित वर्गमा मात्र पुग्ने, मन्त्रालय र कार्यालय एवं स्थानीय तहबाट अनुदान उपलब्ध गराउँदा दोहोरो समेत | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | पर्ने अवस्था रहेकोले निश्चित वर्गलाई मात्र फाइदा हुनेगरी अनुदान उपलब्ध गराउने नीतिमा पुनरावलोकन गर्नुपर्दछ । साथै होमस्टेको संख्या र गुणस्तर, पाहुनाको स्वास्थ्य सुरक्षा र सहज पहुँच, होमस्टेको अन्य क्षेत्रसँगको अन्तर सम्बन्ध एवं महामारी तथा आपतकालीन अवस्थामा होमस्टेको सञ्चालनको व्यवस्था गर्दै होमस्टेलाई व्यवसायिक रूपमा सञ्चालन गर्नुपर्दछ । | |
| | **बेरुजु स्थिति** : मन्त्रालय तथा मातहतका समेत १४ निकायमा रु.२ करोड ४६ लाख ६५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रु.११ लाख १८ हजार फस्यौट गरेकोले रु.२ करोड ३५ लाख ४७ हजार बेरुजु देखिएको छ । | बाँकी रहेको बेरुजु यथाशिघ्र फछ्यौंट गर्न निर्देशन दिने । |

**४.३.४ महालेखा परीक्षकको दोस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७७ उपर मिति २०८०।१०।२४ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | **कार्य सम्पादन अवस्था** - प्रदेश सरकारको कार्य विभाजन सम्बन्धी नियमावली, २०७४ अनुसार श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापनको लागि उद्योग क्षेत्रको भूमिकामा वृद्धि गर्नु र उद्योगको लागि आवश्यक पर्ने कच्चापदार्थको व्यवस्थापन गरी औद्योगिक वातावरण सिर्जना गर्नु प्रदेश सरकारको अधिकार तथा दायित्व रहेको छ । प्रदेशभित्र खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खनन्का कार्यक्रमहरुलाई अगाडि बढाई औद्योगिक क्षेत्र र सीपमूलक रोजगारी अगाडि बढाउनु पर्ने जस्ता कार्य प्रदेश सरकारको जिम्मेवारीमा रहेको छ । प्रदेश अन्तर्गत यस सम्बन्धी कार्य प्रारम्भ भएको छैन । | उपरोक्त कार्य यथाशिघ्र सुचारु गर्ने निर्देशन दिने । |
| २ | **कार्यकम कार्यान्वयन** - उद्यमशिलता विकासका लागि युवा लक्षित चुनौती कोष, साना, | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | लघु तथा घरेलु उद्योगका लागि साझा सुविधा केन्द्र स्थापना, उद्योग तथा पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रलाई आकर्षित गर्न एकल विन्दु सेवा स्थापना र सञ्चालन लगायतका १० कार्यक्रम अन्तर्गत २५८ क्रियाकलापको लागि रु.७ करोड ७८ लाख ५० हजार बजेट व्यवस्था भएकोमा कार्यक्रमहरु सञ्चालन भएको देखिएन । तोकिएको कार्यक्रम निर्धारित समयमा सम्पन्न गर्नुपर्दछ । | गर्न निर्देशन दिने । |
| ३ | **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने र दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। मन्त्रालयले यो वर्ष औद्योगिक क्षेत्र निर्माण र पर्यटन क्षेत्रको गुरुयोजना लगायतको कार्यको लागि रु.२० लाखको सीमामा १९ टुक्रामा लागत अनुमान बनाई प्रस्तावका आधारमा परामर्श सेवा खरिद गरी रु.३ करोड ११ लाख ९३ हजार खर्च गरेको छ। यस सम्बन्धी व्यहोरा निम्न छन :<br>३.१. आयोजनाले वार्षिक खरिद योजनाका आधारमा प्याकेज बनाई प्रतिस्पर्धी खरिद गर्नुपर्नेमा छुट्टाछुट्टै रुपमा पटक पटक खरिद गरेकोले खरिद कार्य मितव्ययी र प्रतिस्पधी देखिएन ।<br>३.२. सम्झौता अनुसार प्रारम्भिक रिर्पोट, ड्राफ्ट रिर्पोट र अन्तिम रिर्पोट पेश गर्नुपर्नेमा अधिकांश परामर्शदाताले प्रारम्भिक र ड्राफ्ट रिपॅाट पेश गरेको देखिएन ।<br>३.३. आयोजना संचालन गरिने समय, वजेट, कार्यक्रम एवं कार्यनीति तयार नभएको अवस्थामा आगामी वर्षमा संचालन गरिने बजेटबाट कार्य गर्न तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन बमोजिम योजना कार्यान्वयनमा आउने अवस्था एकिन भएको | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | छैन । विस्तृत परियोजना प्रतिवेदनको कार्यान्वयन गर्ने प्रतिवद्धता नजनाएको एवं योजना कार्यान्वयनको सुनिश्चितता वेगर खर्च गरेकोले सो को उपलव्धी अनिश्चित छ। परामर्श सेवामा भएको खर्चलाई उपलव्धिमुलक वनाउनुपर्दछ । | |
| ४ | **कार्यबिधि** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्वन्धीत सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्शसेवा खरिद गर्न सकिने उल्लेख छ । मन्त्रालयले गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन मस्यौदा, प्रादेशिक औद्योगिक व्यवसाय ऐनको मस्यौदा तयारी र प्रदेशमा विज्ञान तथा प्रविधि विकासको लागि व्यवसायीक कार्ययोजना लगायतका ८ कार्यविधि तयार गर्दा विद्यमान जनशक्तिबाट काम हुने नहुने यकिन नगरी प्रतिष्पर्धा वेगर परामर्शदाता मार्फत कार्य गराई रु. २२ लाख ७८ हजार खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | कार्यालयको आफ्नै जनशक्तिबाट गर्न सकिने काम परामर्शदाताबाट गराउने व्यवस्था खरिद कानून विपरित भएकोले यस्ता काम नगर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ५ | **खरिदको प्याकेज** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । मन्त्रालयले वार्षिक खरिद योजना अनुसार खरिदको प्याकेज नवनाई फर्निचरमा रु.२० लाख १२ हजार, उपकरणमा रु.१७ लाख ४३ हजार, छपाईमा रु.१६ लाख ६८ हजार समेत रु.५४ लाख २२ हजारको सामग्री सोझै खरिद गरेको छ । यसवाट खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी देखिएन । | खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी बनाउन खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद नगर्न नगराउन निर्देशन दिने । |
| **जिल्ला बन कार्यालयहरु** | | |
| ६ | **काठ दाउराको लगत** - जिल्ला वन कार्यालयहरुले गत विगतको काठ दाउरा मौज्दात, वार्षिक रुपमा संकलन गरेको काठ दाउरा तथा अन्य वन सम्पदाको चालु | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | वर्षमा विक्रि वितरण भएको र मौज्दातको विवरण तयार गरी सो को मूल्य उल्लेख गरी राजश्वको आर्थिक विवरणमा खुलासा गरेको छैन । काठ दाउराको लगत व्यवस्थित गर्नुपर्दछ । | |
| ७ | **७. प्रतिस्पर्धा बेगर खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाख रुपैंयाभन्दा बढीको मालसामान बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, म्याग्दीले सूचना प्रकाशन गरी लिएको दररेटले टिमुर, सतुवा, लोठसल्ला अम्रिसो, अलैंची लगायतका १ लाख ४ हजार ८०९ थान विरुवा विभिन्न १० सप्लायर्सवाट रु.५६ लाख १६ हजारमा सोझै खरिद गरेको छ । वितरण गर्दा एउटै व्यक्तिलाई ३६ हजार ४३० विरुवा उपलब्ध गराइएको छ। विरुवा वितरण गर्ने व्यक्ति छनौटको आधार तयार गरेको छैन । प्रतिस्पर्धात्मक तवरले खरिद गरी वितरणको आधार तयार गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **होमस्टे अनुदान** - होमस्टे पूर्वाधार विकास सञ्चालन, व्यवस्थापन एवं पर्यटन प्रवर्द्धनका लागि यो वर्ष ११ जिल्ला वन कार्यालयहरुवाट २७४ होमस्टेलाई रु.२७ करोड ८९ लाख २८ हजार उपलव्ध गराएका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन :<br>८.१. होमस्टेलाई अनुदान दिन गण्डकी प्रदेशको होमस्टे पर्यटन तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिने कार्यविधि, २०७५ वनाएको छ। निर्मित कार्यविधिको कानुनी आधार स्पष्ट छैन ।<br>८.२. मन्त्रालयवाट प्राप्त तथ्यांक अनुसार प्रदेश भित्र ६ हजार ८८५ होटलहरु संचालनमा रहेका छन् । निजि क्षेत्रवाट संचालित उक्त होटलहरु पुर्ण | होमस्टेलाई अनुदान उपलब्ध गराउने नीतिमा पुनरावलोकन तथा महालेखा परीक्षकका अन्य सुझावहरुलाई समेत कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | क्षमतामा संचालनमा नआएको अवस्थामा सरकारले निजी तथा समुहमा दर्ता भएका होमस्टेहरुलाई अनुदान दिएको, उक्त अनुदानवाट केहीले सामुदायिक भवन, पदमार्ग निर्माण गरेतापनि १५ स्वागतद्वार, १०७ दृष्यावलोकन टावर जस्ता कार्यमा समेत अनुदानको रकम खर्च गरेको छ ।<br>८.३. कार्यविधिका आधारमा होमस्टे सञ्चालन गर्न प्रस्ताव माग गरी वन कार्यालय, कास्कीले ३६ होमस्टेलाई रु.३ करोड ७२ लाख ८२ हजार पूँजीगत अनुदान उपलब्ध गराएको छ। ती होमस्टेहरुमध्ये पोखरा महानगरमा १३ र माछापुच्छे गाउँपालिकामा १५ रहेका छन् । प्रवेशद्वार निर्माण, ७ घरमा शौचालय तथा स्नान घर निर्माण, पिकनिक स्पोर्टस् निर्माण, टोलटोलमा डष्ट विन वितरण, घरहरुमा सोलार बत्ती जडान, वाई-फाई जडान, डाइनिङ्ग, बाथरुम निर्माण जस्ता कार्यमा अनुदान रकम परिचालन भएको उल्लेख गरेका छन् ।जिल्ला वन कार्यालय, तनहुँले प्रत्येक स्थानीय तहमा कम्तीमा १ परियोजना पर्ने गरी आयोजना छनौट गर्नुपर्ने उल्लेख गरी होमस्टे सञ्चालन गर्न ४७ होमस्टेहरुलाई रु.४ करोड ८५ लाख ७९ हजार उपलब्ध गराएको छ ।<br>८.४. होमस्टे सञ्चालन कार्यविधि, २०७५ को दफा ५ बमोजिम होमस्टे सञ्चालनको लागि तोकिएको आधारभूत मापदण्ड पूरा भएमा मात्र होमस्टे दर्ता गरिने उल्लेख छ। डिभिजन वन कार्यालय, पर्वतले ४८ होमस्टेलाई रु.४ करोड २० लाख ५८ हजार उपलब्ध गराएको छ । होमस्टे सञ्चालन गर्नको लागि न्यूनतम मापदण्ड भित्र पर्ने वेन्च, लो वेड, सिरक कभर, सिरक, टावेल, चेयर, आदि अनिवार्य हुनुपर्नेमा २ होमस्टेलाई उक्त सामानहरु खरिद गर्न रु.९ लाख | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | ४२ हजार, ६ होमस्टेलाई इन्टरनेट जडान गर्न रु.१२ लाख ७८ हजार, १ होमस्टेलाई प्लाष्टिक कुर्सी खरिदमा रु.१ लाख ९७ हजार अनुदान दिएको छ ।डिभिजन वन कार्यालय, म्याग्दीले ३ होमस्टेलाई इन्टरनेट जडान गर्न रु.५ लाख ८० हजार र जिल्ला वन कार्यालय, लमजुङ्गले ६ होमस्टेलाई रु.६० लाख अनुदान दिइसकेपछि पुनः फर्निचर खरिद गर्न प्रति होमस्टे रु.५ लाखको दरले रु.३० लाख अनुदान दिएको छ ।<br>८.५. फिल्ड अध्ययन गरी होमस्टे छनौट गर्नुपर्नेमा दर्ता मात्र गरेको आधारमा छनोट गरेको छ । स्याङ्जा जिल्लामा कुल ४४ होमस्टेलाई रु. ४ करोड ९० लाख ४१ हजार अनुदान दिएकोमध्ये रु.२ करोड ५ लाख अनुदान दिएका १७ होमस्टे गल्याङ नगरपालिका भित्र रहेको देखियो। एउटै नगरपालिकामा १७ होमस्टे सञ्चालन हुन सक्ने आधार विश्लेषण नगरी होमस्टे छनौट गर्दा उक्त रकम होमस्टेको अवधारणा विपरीत व्यक्तिगत प्रयोजनको लागि प्रयोग हुन सक्ने अवस्था देखिएको छ ।<br>८.६. पूँजीगत अनुदान दिने कार्यविधि, २०७५ मा होमस्टेको योगदान न्यूनतम २० प्रतिशत र सम्बन्धित स्थानीय तहको योगदान न्यूनतम १० प्रतिशत रहने उल्लेख छ। सो व्यवस्था अनुसार वन कार्यालय, स्याङ्जाले ३९ होमस्टेलाई कार्यसम्पन्न रकमको बढीमा ७० प्रतिशतले हुने रु.३ करोड ८६ लाख ८७ हजार मात्र भुक्तानी गर्नुपर्नेमा रु.४ करोड ३४ लाख १९ हजार भुक्तानी गरेकोले रु.४७ लाख ३२ हजार बढी भुक्तानी गरेको छ।<br>८.७. कार्यविधिमा होमस्टे सञ्चालनका लागि आधारभूत मापदण्ड तोकेको छ । | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अनुदान दिएका म्याग्दीको एक होमस्टेको अनुगमन गर्दा होमस्टे संचालन मापदण्डमा उल्लेख भए अनुसार शौचालय, स्नान घर, भूईँमा राखेको कार्पेट, राडी, कुर्सी, टेबुल, डोरम्याट, साबुन, रुमाल आदिको राम्रो व्यवस्था नभएको र उक्त होमस्टे व्यवस्थित रुपमा सञ्चालनमा रहेको देखिएन ।<br>८.८. होमस्टेहरु व्यावसायीक रुपमा दर्ता भई आय आर्जन गर्ने र मुनाफा कमाउने प्रकृतिका समेत भएको, स्थानीय रुपमा आय आर्जन गर्ने अवस्थामा स्थानीय तहबाट साझेदारीमा कार्यक्रम सञ्चालन भई स्थानीय तहको आयस्रोत वृद्धि हुने अवस्थालाई समेत मध्यनजर गरी अनुदान दिनुपर्नेमा लक्षित प्रतिफल निश्चित वर्गमा मात्र पुग्ने, मन्त्रालय र कार्यालय एवं स्थानीय तहबाट अनुदान उपलब्ध गराउँदा दोहोरो समेत पर्ने अवस्था रहेकोले निश्चित वर्गलाई मात्र फाइदा हुनेगरी यस्तो अनुदान वितरण पद्धतिमा सुधार हुनुपर्ने देखिन्छ । होमस्टेलाई अनुदान उपलब्ध गराउने नीतिमा पुनरावलोकन गर्नुपर्दछ । | |
| **भू तथा जलाधार व्यवस्थापन कार्यालय, पर्वत** | | |
| ९ | **उपभोक्ता समितिको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको काम निर्माण व्यवसायीबाट गर्न नहुने उल्लेख छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, पर्वतले शालिग्राम संग्रहालय निर्माणको लागि उपभोक्ता समितिलाई रु.७३ लाख ६५ हजार भुक्तानी दिएको छ । कुल लागत अनुमान रु.९५ लाख २ हजार रहेको उक्त कार्यको सम्पूर्ण काम एक इन्फ्रास्ट्रक्चर प्रा.लि. काठमाडौबाट गराएको छ। यस काममा टनेल निर्माण समेत गर्ने भएकोले जटिल प्रकृतिको कार्य भएको र उपभोक्ता समिति मार्फत गर्न नहुने अवस्थामा उपभोक्ता | यस्तो किन भएको हो छानबिन गरी छानबिनको निष्कर्ष अनुसार आवश्यक कारवाही गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | समिति मार्फत गराएको र उपभोक्ता समितिले समेत निर्माण व्यवसायी प्रयोग गरी कार्य गराएको हुदा उक्त कार्य नियमसम्मत देखिएन । | |
| १० | **बेरुजू स्थिति** - मन्त्रालय तथा मातहतका समेत ३० निकायमा रु. ५ करोड ८१ लाख ७२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रु. ५५ लाख २२ हजार फछ्यौट गरेकोले रु. ५ करोड २६ लाख ५० हजार बेरुजू देखिएको छ। सो मध्ये रु. ५ लाख २१ हजार पेश्की बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ । | बाँकी रहेको बेरुजु यथाशिघ्र फछ्यौंट गर्न निर्देशन दिने । |

**४.३.५ महालेखा परीक्षकको पहिलो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७५ उपर मिति २०८०।१०।२४ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | **वन, जल र वातावरण** - प्रदेशको दीगो विकासमा वन क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काष्ठ वनपैदावारहरुको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिंचाईमा समेत वनक्षेत्रको भूमिका उल्लेखनीय रहेको छ। वन अतिक्रमण तथा डढेलो नियन्त्रण, वन सम्वन्धी द्वन्द्व व्यवस्थापन, वन फडाँनी, विपद् जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दीगो अनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्नु प्रदेश सरकार समक्ष धेरै चुनौति रहेका छन् । प्रदेश सरकारले वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **सिण्डीकेट तथा कार्टेलिङ्गः** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार व्यापार, वाणीज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी कानुनको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । तर उक्त कानुन निर्माण नभएकोले प्रदेश स्तरीय कानुनको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ३ | जैविक विविधताको अध्ययन, अनुसन्धान कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँडको नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। विगत वर्षहरुमा संघीय सरकारले जैविक विविधताको सन्दर्भमा गरेका अनुसन्धानात्मक कार्यहरुको स्वामित्व लिई व्यवस्थापन, नियमन र लाभांश बाँडफाँडको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकिय पद्धति** वन्यजन्तु तथा संरक्षण क्षेत्रको कार्य संघीय सरकारको मातहत रहेको सन्दर्भमा कार्य विभाजन नियमावली, २०७४ को नियम ५४ मा उल्लेखित संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकिय पद्धति निर्धारणको लागि प्रदेश स्तरमा थप संरक्षण क्षेत्रको पहिचान गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **अतिथिदेवो भवः** अभियान सञ्चालन आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यको बुँदा नं. १४ मा गुणस्तरीय पर्यटकको आगमनमा वृद्धि गरी उनीहरुको बसाई लम्बाउन गुणस्तरीय पर्यटन विकास र सेवालाई प्रर्वद्धन गर्दै पर्यटकहरुलाई अतिथिको रुपमा सम्मान गर्न अतिथिदेवो भवः अभियान सञ्चालन गर्ने उल्लेख भएकोमा उक्त कार्यक्रम सञ्चालनमा आएको पाइएन । वजेट वक्तव्यमा उल्लेखित कार्यक्रम कार्यान्वयनमा ल्याई पर्यटनको प्रवर्द्धन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **मोनोरेलः** नीति तथा कार्यक्रममा स्थानीय तह र निजी क्षेत्रसंगको सहकार्यमा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आकर्षक पर्यटकीय गन्तव्यका रुपमा रहेका फेवाताल, वेगनासताल, रुपाताल कनेक्टिभिटीका लगि मोनोरेल सञ्चालनको सम्भाव्यता अध्ययन गर्न रु.२० लाख बजेट विनियोजन गरेकोमा उक्त कार्यक्रम सञ्चालनमा आएको पाईएन । आकर्षक पर्यटकीय गन्तव्यको विकासको लागि यस प्रकारको कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । | गर्न निर्देशन दिने । |
| ७ | **खर्च शिर्षक** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ २) क अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्चको लागि निकासा दिन सक्नेमा ४ वटा शिर्षकबाट असम्बन्धित खर्च शिर्षकमा रु.१५ लाख ६९ हजार खर्च लेखेको नियमसंगत नदेखिएकोले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ । | यस्तो कार्य नगर्न/नगराउन निर्देशन दिने । |
| ८ | **सेवा प्रवाह** - राज्यवाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयवाट | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन। मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवाप्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ । | |
| ९ | **आन्तरिक नियन्त्रण** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन उद्योग, पर्यटन, वन तथा वातवरण मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १० | **बेरुजू स्थिति** - मन्त्रालयको लेखापरीक्षणवाट लगती बेरुजु देखिएको छैन । | केही गर्नु नपर्ने । |

### ४.४ प्रदेश लोक सेवा आयोग

**४.४.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **दरबन्दी र पदपूर्ति** - आयोगमा कुल कर्मचारी दरबन्दी ४९ रहेकोमा ३९ मात्र पदपूर्ति भई १० पद रिक्त रहेको पाईयो । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर पर्ने हुँदा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गरिनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **पाठ्यक्रम तयारी** - प्रदेश लोकसेवा आयोग कार्य सञ्चालन निर्देशिका), २०७८ को | सबै पदको पाठ्यक्रम तयार गर्न निर्देशन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | दफा ५ मा पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था छ । आयोगले हालसम्म विभिन्न सेवा समूहका प्राविधिक र अप्राविधिक तर्फका चौथो तहदेखि नवौं तहसम्म ३७ प्रकारका पदहरूको पाठ्यक्रम निर्माण गरेको छ। तोकिएको सबै पदको पाठ्यक्रम तयार गर्नुपर्दछ । | दिने । |
| ३ | **अतिरिक्त भत्ता** - प्रदेश लोकसेवा आयोग खर्च व्यवस्थापन) कार्यविधि , २०७८ को दफा ३ मा आयोगको कामको प्रकृति र कार्य बोझको आधारमा कर्मचारीलाई अतिरिक्त समय काममा लगाई विद्युतीय हाजिरीको आधारमा भत्ता उपलब्ध गराउन सक्ने व्यवस्था छ। आयोगले विद्युतीय हाजिर बेगर आर्थिक वर्ष २०७८।७९ मा रू.४४ लाख ६४ हजार भत्ता खर्च लेखेको छ। आयोगको कार्यविधिमा भएको व्यवस्था बमोजिम हाजिरी लगायत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई अतिरिक्त भत्ता खर्चलाई व्यवस्थित बनाउनु पर्दछ । | अतिरिक्त भत्ता खर्चलाई कार्यविधि अनुसार व्यवस्थित बनाई लागू गर्न निर्देशन दिने । |
| ४ | **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ । प्रदेश लोकसेवा आयोगले बजेट विनियोजन नभएको शीर्षकमा ३ आयोजनाको लागि रू.८० लाख बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये बजेट नभएको खर्च शीर्षकमा रू.३५ लाख रकमान्तर गरी एक सवारी साधन रू.३४ लाख ९० हजारमा खरिद गरेको छ । प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगबाट रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७" को नियम ३२ को उपनियम १) को तदारुकताका साथ कार्यान्वयन गरी सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर नगर्न प्रदेश सरकारलाई निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ५ | **बेरुजु स्थिति** - आयोगको यो वर्ष रू.२० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फस्यौंट नभएकोले सो बेरुजु बाँकी रहेको छ । | बेरुजु फर्छ्यौटको जानकारी प्राप्त भएकोले केही गर्नु नपर्ने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| **४.४.२ महालेखा परीक्षकको चौथौं बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७९ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **दरबन्दी र पदपूर्ति** - आयोगमा कूल कर्मचारी दरबन्दी ४९ रहेकोमा २० मात्र पदपूर्ती भई २९ पद रिक्त रहेको पाईयो । पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर पर्ने हुँदा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गरिनुपर्दछ । | समयमै पदपूर्ति प्रक्रिया अगाडी बढाउन निर्देशन दिने । |
| २ | **परीक्षा संचालन** - कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमा पदपूर्तिका लागि सम्बन्धित निकायबाट माग भई नआएकोले २०७७ । ७८ मा पदपूर्ति सम्बन्धी कार्य भएको छैन। | हाल संचालन भईरहेको जानकारी प्राप्त भएको । |
| ३ | **बेरुजु स्थिति** - आयोगको यो वर्ष रु. ४१ लाख ३७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.३८ लाख ५३ हजार फस्र्यौट गरेकोले रु.२ लाख ८४ हजार बेरुजु बाँकी रहेको छ । | बेरुजु फर्छ्यौटको जानकारी प्राप्त भएकोले केही गर्नु नपर्ने । |
| **४.४.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७८ उपर मिति २०८०।१०।१६ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **कार्यालयको स्थापना** : प्रदेश मन्त्रिपरिषद्ले २०७६।८।१९ मा प्रदेश लोक सेवा आयोगको स्थापना गर्ने निर्णय अनुसार कार्यालय सञ्चालनको लागि आवश्यक | - |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | कर्मचारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयबाट खटाई २०७६।११।१२ मा कार्यालयको स्थापना भएको छ । आयोगको गठन २०७७।१२।११ मा मात्र भएकोले यो वर्ष कुनै काम भएको छैन । | |
| २ | **दरबन्दी र पदपूर्तिः** प्रदेश लोकसेवा आयोगको प्रस्तावित १६ दरबन्दी स्वीकृत भएकोमा १ पद मात्र पदपूर्ति भएको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को २०७६।११।११ को निर्णय अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट ४ कर्मचारी काजमा खटाई आयोगको कार्यसम्पादन भएको छ । स्वीकृत दरबन्दी बमोजिम पदपूर्तिको व्यवस्था गर्नुपर्दछ । | - |
| ३ | **बेरुजु स्थिति** : आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन । | - |

**४.५ मुख्य न्याधिवक्ताको कार्यालय**

**४.५.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।११।०२ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| १ | **दरबन्दी तथा पदपूर्ति** - सार्वजनिक सेवालाई प्रभावकारी र चुस्त बनाउन समयमै स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । कार्यालयको स्वीकृत दरबन्दी ११ रहेकोमा ८ पदपूर्ति भई ३ पद रिक्त रहेको छ । पदपूर्तिमध्ये ४ जना करारमा रहेका छन् । रिक्त दरबन्दी समयमानै पदपूर्ति हुनुपर्दछ । | समयमै पदपूर्ति गर्ने निकायसँग पदपूर्तिका लागि माग गरी पठाउन निर्देशन दिने । |
| २ | **बहस पैरवी** - कार्यालयले २०७८।७९ को वार्षिक प्रतिवेदन अनुसार गण्डकी प्रदेश सरकार र यस अन्तर्गतका कार्यालयहरूलाई विपक्षी बनाई दर्ता गरिएका उत्प्रेषण, | - |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | परमादेश, प्रतिषेध, अधिकारपृच्छा, निषेधाज्ञा अदालतको अवहेलना रिट निवेदन तथा अन्य १२७ मुद्दाको लगत रहेकोमा कार्यालयलये यस वर्ष प्रदेश र मातहत निकायको तर्फबाट ४७ मुद्दाको बहस पैरवी गरेको छ । फस्यौंट हुन ८० मुद्दा बाँकी देखिन्छन् । | |
| ३ | **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मुख्य न्यायधिवक्ताको कार्यालयले बजेट विनियोजन नभएको शीर्षकमा २ आयोजनाको लागि रू.४ लाख १३ हजार बजेट रकमान्तर गरी खर्च गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७" को नियम ३२ को उपनियम १) को तदारुकताका साथ कार्यान्वयन गरी सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर नगर्न प्रदेश सरकारलाई निर्देशन दिने । |
| ४ | **बेरुजु स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन । | |
| **४.५.२ महालेखा परीक्षकको चौथौं बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७९ उपर मिति २०८०।११।०२ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **दरवन्दी तथा पदपुर्ति** - सार्वजनिक सेवालाई प्रभावकारी र चुस्त बनाउन समयमानै स्वीकृत दरवन्दी अनुसार पदपुर्ति हुनुपर्दछ । कार्यालयको स्वीकृत दरबन्दी ११ रहेकोमा ८ पदपूर्ति भई ३ पद रिक्त रहेको छ । पदपूर्तिमध्ये ३ जना करारमा रहेका छन् । रिक्त दरवन्दी समयमानै पदपुर्ति हुनुपर्दछ । | समयमै पदपूर्ति गर्ने निकायसँग पदपूर्तिका लागि माग गरी पठाउन निर्देशन दिने । |
| २ | **बहस पैरवी** - कार्यालयले २०७७।७८ को वार्षिक प्रतिवेदन अनुसार गण्डकी प्रदेश | - |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सरकार र यस अन्तर्गतका कार्यालयहरूलाई विपक्षी बनाई दर्ता गरिएका उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, निषेधाज्ञा अदालतको अवहेलना रिट निवेदन तथा अन्य ७१ मुद्दाको लगत रहेकोमा कार्यालयलये यस वर्ष प्रदेश र मातहत निकायको तर्फबाट १८ मुद्दाको बहस पैरवी गरेको छ । फस्यौट हुन ५३ मुद्दा बाँकी देखिन्छन् । | |
| ३ | **बेरुजु स्थिति** - कार्यालयको यो वर्ष लेखापरीक्षणवाट लगती बेरुजु देखिएको छैन । | - |
| **४.५.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७८ उपर मिति २०८०।११।०२ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **लक्ष्य तथा प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० बमोजिम कार्यालयले परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत गर्नुपर्नेमा सो नगरी चालु तथा पूँजीगततर्फका कार्यक्रममा खर्च गरेको छ । स्वीकृत वार्षिक कार्यक्रमको आधारमा खर्च गरी लागत र परिमाण खुल्ने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **बहस पैरवी** : कार्यालयले यस वर्ष उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा र निषेधाज्ञा समेत ३१, अदालतको अवहेलना सम्बन्धी ३. पुनरावेदन सम्बन्धी ३ र किर्ते जालसाजी सम्बन्धी १ गरी जम्मा ३८ रिट निवेदन तथा मुद्दाको प्रतिरक्षा सम्बन्धी बहस पैरवी गरेको छ । | - |
| ३ | **सम्झौता वेगरको भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा खरिद सम्झौताका शर्तबमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयको भवन विस्तार र बगैंचा मर्मत सुधार कार्यको लागि शहरी विकास तथा भवन डिभिजन कार्यालय र | स्वीकृत कार्यक्रम बेगर अन्य निकायको भुक्तानी नगर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | एक निर्माण व्यावसायी विच सम्झौता भएकोमा दोस्रो रनिङ बिल भुक्तानीमा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट रु.९ लाख ५४ हजार भुक्तानी भएको छ । यसरी स्वीकृत कार्यक्रम बेगर अन्य निकायको भुक्तानी दिनु उपयुक्त देखिएन । | |
| ४ | **बेरुजु स्थिति** : कार्यालयको यो वर्ष रु.२ लाख २१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फस्यौंट नभई सोही बेरुजु बाँकी रहेको छ । | बाँकी रहेको बेरुजु यथाशिघ्र फछ्यौंट गर्न निर्देशन दिने । |
| **४.५.४ महालेखा परीक्षकको दोस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७७ उपर मिति २०८०।११।०२ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **दरबन्दी र पदपूर्ति** : स्वीकृत दरवन्दी ११ रहेकोमा ६ पदपूर्ति भएको देखिन्छ । पदपूर्तिमध्ये ४ करारमा कार्यरत रहेको पाइयो । कार्यालयको दरबन्दी र पदपूर्ति अवस्था अद्यावधिक गरी पद रिक्त नहुने गरी दरवन्दी पदपुर्ति गर्नुपर्दछ । | समयमै पदपूर्ति गर्ने निकायसँग पदपूर्तिका लागि माग गरी पठाउन निर्देशन दिने । |
| २ | **लक्ष्य तथा प्रगति** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ वमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली नवनिसकेको अवस्थामा आर्थिक कार्यविधि नियमावली, २०६४ आकर्षित हुने देखिन्छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित आगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेको छ । वार्षिक कार्यक्रमको आधारमा कार्यान्वयन गरी लागत र परिमाण खुल्ने गरी प्रगति प्रतिवेदन तयार | सुझाव अनुसार आवधिक रुपमा प्रगति प्रतिवेदन तयार गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गर्नुपर्दछ । | |
| ३ | **मुद्दा विवरण** - कार्यालयमा दर्ता भएका १५ मुद्दामध्ये ४ फछ्यौट भई ११ बाँकी रहेको छ। समयमै मुद्दा फछ्यौट गर्ने कार्यमा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **सोझै खरिद** - सार्वजनिक खदि ऐन, २०६३ को दफा ८२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष रु.४३ लाख ६१ हजारको फर्निचर तथा फिक्स्चर, सवारी साधन तथा मेशिन औजार र निर्माण कार्य सोझै खरिद गरेको छ । प्रतिस्पर्धा सीमित गर्ने गरी खरिद गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ । | प्रतिस्पर्धा सीमित गर्ने गरी खरिद गर्ने कार्य नगर्न/नगराउन निर्देशन दिने । |
| ५ | **बेरुजू स्थिति** - कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजू देखिएको छैन। | |

**४.५.५ महालेखा परीक्षकको पहिलो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७५ उपर मिति २०८०।११।०२ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | **लक्ष्य तथा प्रगति** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली ननिसकेको अवस्थामा आर्थिक कार्यविधि नियमावली, २०६४ आकर्षित हुने भएवाट आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०० ८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित आगामी वर्षमा पनि चालु राखुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले बजेट उपशिर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समिक्षा गर्न नसकिएकोले नियमानुसार प्रगति विवरण तयार गरिनुपर्दछ । | |
| २ | **मुद्दाको स्थिति** : २०७४।७५ मा प्रदेश सभा सचिवालय, सभामुख र उपसभामुख विरुद्ध परेको १ मुद्दा मुख्य महान्यायधिवक्ताले तयार गरेको लिखित जवाफ महान्यायधिवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालतमा पेश भएको छ । | - |
| ३ | **परमादेशको कार्यान्वयनः** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ ग) मा प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतवाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तोकेको छ । सर्वोच्च अदालतको २०७५।१।१६ गतेको उत्प्रेषण युक्त परमादेश अन्तरगत भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३१) अनुसार फेवातालालाई संरक्षित जलाधार घोषित गर्न गराउन आवश्यक निर्णय गर्ने र विभिन्न समयमा भएका अध्ययन प्रतिवेदनमा दिइएका सुझावहरुको कार्यान्वयन गरी ताल संरक्षणको अन्य कार्य गर्न परमादेश भएकोमा उक्त परमादेश कार्यान्वयनको लागि सरोकारवाला निकायसंग पत्राचार तथा फैसलाको कार्यान्वयनकोलागि अनुगमन गरेको पाइएन। नियमानुसार परमादेशको कार्यान्वयन गरिनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस को लागि पहिचान गरिएका नयाँ कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, कार्यालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | रहेको, कार्यालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण कार्यालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । कार्यालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ । | |
| ५ | **आन्तरिक नियन्त्रण** - आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेशमन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । | - |
| ६ | **बेरुजू स्थिति** - कार्यालयको लेखापरीक्षणबाट फछ्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन। | - |

### ४.६ प्रदेश नीति तथा योजना आयोग

**४.६.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।११।०२ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **दरबन्दी र पदपूर्ति** - आयोगको स्वीकृत कर्मचारी दरबन्दी २३ मध्ये १६ पदपूर्ति भई ७ पद रिक्त रहेको देखिन्छ । जनशक्तिको अभावमा आयोगको कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त दरबन्दी पूर्ति गर्नुपर्दछ । | समयमै पदपूर्ति गर्ने निकायसँग पदपूर्तिका लागि माग गरी पठाउन निर्देशन दिने । |
| २ | **प्रतिवेदन कार्यान्वयन** - आर्थिक वर्ष २०७८/७९ को बजेटमा व्यवस्था भए बमोजिम विभिन्न ३ विषयमा अध्ययन, अनुसन्धान, सर्वेक्षण कार्यमा रू.३५ लाख ८५ हजार खर्च गरेकोमा अध्ययन अनुसन्धानबाट तयार गरिएको प्रतिवेदनको पूर्ण रुपमा कार्यान्वयन भएको पाईएन। प्रतिवेदनको कार्यान्वयन नहुँदा उत्पादन र उत्पादकत्वमा सकारात्मक वृद्धि हुने, थप आय तथा रोजगारीका अवसरहरू बृद्धि हुने, गरिबी न्यूनीकरणमा सघाउ पुग्ने र समृद्ध प्रदेश निर्माणमा सहयोग पुग्ने अवस्था देखिएन। उपलब्धी प्राप्त नहुने कार्यमा गरिने खर्चमा नियन्त्रण र अध्ययन, अनुसन्धान, सर्वेक्षणबाट प्राप्त प्रतिवेदनको कार्यान्वयन गरिनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **प्रदेश एकीकृत तथ्याङ्क प्रणाली नभएको** - गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन आदेश, २०७८ को दफा ८ मा आयोगको काम कर्तव्य तथा अधिकारको व्यवस्था गरिएको छ। जसअनुसार आयोगले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, तहगत समन्वय, अध्ययन अनुसन्धान तथा अन्वेषण र राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुकुल प्रदेश तथ्याङ्क प्रणालीको विकास | एकीकृत तथ्याङ्क प्रणालीको विकास गरी विश्वसनीय तथा भरपर्दो तथ्याङ्कका आधारमा आफ्ना काम कारबाही अगाडि बढाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | र व्यवस्थापन गर्ने गराउने जस्ता कार्यहरू कानुनमा नै व्यवस्था गरी अधिकार तथा जिम्मेवारी प्रदान गरेको देखिन्छ। आयोगले हालसम्म प्रदेशको एकीकृत तथ्याङ्क व्यवस्थापनको लागि कुनै पनि संयन्त्र स्थापना गरेको छैन भने वार्षिक प्रतिवेदन तथा विभिन्न अनुसन्धानात्मक कार्यहरू केन्द्रीय तथ्याङ्क र मन्त्रालयबाट पटके रुपमा विवरण माग गरी तयार गर्ने गरेको देखिन्छ। विगत वर्षमा परामर्शदाताबाट गण्डकी डाटा पोर्टल नामको एकीकृत तथ्याङ्क पोर्टल स्थापना गरेता पनि अद्यावधिक नभएको तथा सम्बन्धित मन्त्रालयबाट तथ्यांक प्रविष्टी नहुँदा निस्क्रिय रहेको छ। कार्यालयले एकीकृत तथ्याङ्क प्रणालीको विकास गरी विश्वसनीय तथा भरपर्दो तथ्याङ्कका आधारमा आफ्ना काम कारबाही अगाडि बढाउनु पर्दछ । | |
| ४ | निर्णय कार्यान्वयनको अवस्था प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७७ को परिच्छेद-२ मा गण्डकी प्रदेशका विकास नीति योजना कार्यक्रम तथा आयोजना कार्यान्वयनको प्रगति समीक्षा, समस्याको समाधान तथा नीतिगत विषयमा काम गर्नको लागि अनुगमन तथा मूल्यांकन सम्बन्धी सर्वोच्च संयन्त्रका रुपमा मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश विकास समस्या समाधान समिति रहने तथा उक्त समितिको बैठक प्रत्येक चौमासिकमा एक पटक गरी ३ पटकसम्म बस्ने, विभिन्न तहबाट प्राप्त समस्या समाधानका लागि आवश्यक निर्णय गर्ने र निर्णय कार्यान्वयनको अनुगमन समेत गर्ने व्यवस्था रहेकोमा यस वर्ष २ पटक समितिको बैठक बसी विभिन्न निर्णय गरेकोमा साविक कृषि कार्यालयका सम्पत्तिहरू हालका कृषि ज्ञान केन्द्रहरूलाई हस्तान्तरण गर्ने, सिँचाई कार्यालय, कास्कीको अतिक्रमित जग्गा फिर्ता ल्याउने, प्रशासनिक भवन निर्माण गर्ने, यातायात व्यवस्था | आयोगबाट भएका निर्णयको अभिलेखिकरण र सो को कार्यान्वयनको अवस्थाको लगत राखी प्रभावकारी कार्यान्वयन गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यालयहरूमा प्रयोग हुने सफ्टवेयर व्यवस्थापन गर्ने, भू-संरक्षण कार्यालयबाट प्रवाह हुने सेवामा पहुँच वृद्धि गर्ने, प्रदेशमा एकीकृत तथ्याङ्क प्रणाली विकास गर्ने, प्रदेश औद्योगिक क्षेत्र निर्माण गर्ने निर्णयहरू कार्यान्वयन भएको छैन्। आयोगबाट भएका निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| ५ | **अनुगमन तथा मूल्यांकन** - प्रदेश नीति तथा योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७८ को परिच्छेद २ को दफा ८ को ख) को अनुगमन तथा मूल्यांकनमा प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मुल्याकंन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागु गरी संस्थागत गराउने व्यवस्था रहेको छ। आयोगका कर्मचारी तथा पदाधिकारीहरूले यो वर्ष प्रदेश गौरवका योजना तथा अन्य विभिन्न आयोजनाहरूमा अनुगमन तथा मुल्याकंन गरिएको भनी अनुगमन तथा मूल्यांकन शीर्षकमा रू.१० लाख ५० हजार खर्च लेखेकोमा अनुगमन गरिएका कामहरूको यथार्थ अवस्था देखिने कुनै पनि प्रतिवेदन तयार गरेको देखिएन। अनुगमन तथा मूल्यांकनको प्रतिवेदन तयार गरी कार्यान्वयन गर्नुपर्दछ । | अनुगमन तथा मूल्यांकनको प्रतिवेदन तयार गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ । मन्त्रालयले बजेट विनियोजन नभएको खर्च शीर्षकमा एक आयोजनाको लागि रू.९ लाख ३६ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने | "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७" को नियम ३२ को उपनियम १) को तदारुकताका साथ कार्यान्वयन गरी सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | परिपाटी नियन्त्रण हुनुपर्दछ । | रकमान्तर नगर्न प्रदेश सरकारलाई निर्देशन दिने । |
| ७ | **बेरुजु स्थिति** - आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन । | - |

**४.६.२ महालेखा परीक्षकको चौथौं बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७९ उपर मिति २०८०।११।०२ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **दरबन्दी र पदपूर्ति** - आयोगको स्वीकृत कर्मचारी दरबन्दी २३ मध्ये १५ पदपूर्ति भई एक सचिव सहित ८ पद रिक्त रहेको देखिन्छ । जनशक्तिको अभावमा आयोगको कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त दरबन्दी पूर्ति गर्नुपर्दछ । | समयमै पदपूर्ति गर्ने निकायसँग पदपूर्तिका लागि माग गरी पठाउन निर्देशन दिने । |
| २ | **दिगो विकास लक्ष्य** - आयोगले दिगो विकासका लक्ष्यहरूको आधार रेखा सूचाङ्क तयार गर्न प्रादेशिक तहमा योजना, बजेट निर्माण अनुगमन तथा प्रतिवेदन प्रणालीहरूमा दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्न गण्डकी प्रदेश सरकारबाट प्रयासको थालनी भएको छ । नेपालको संविधानले प्रादेशिक सरकारहरूलाई योजना तथा बजेट तर्जुमा गरी जनताका विकास आकांक्षाहरू पूरा गर्न त्यसलाई कार्यान्वयन गर्ने कार्यदिश प्रदान गरेको छ । यसै कायदिश अनुरुप गण्डकी प्रदेश सरकारले सबै क्षेत्रमा दिगो विकासका लक्ष्यलाई मूल प्रवाहीकरणको अवधारणपत्र तयार गरेको छ । लक्ष्य तथा अवधारणा पत्र अनुसारका कार्यहरू भए नभएको सम्बन्धमा अनुगमन गरी निर्दिष्ट लक्ष्य समयमै हासिल गर्न आयोगले ध्यान दिनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **समितिको बैठक-** प्रदेश विकास समस्या समाधान समितिको बैठक प्रत्येक चौमासिकमा एक पटक गरी ३ पटक बस्ने, विभिन्न तहबाट प्राप्त समस्या समाधानका लागि आवश्यक निर्णय गर्ने र निर्णय कार्यान्वयनको अनुगमन समेत गर्ने व्यवस्था | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रहेको समितिको बैठक आ.व. २०७७।०७८ मा २ पटक बैठक बसेको पाइयो । यस समितिले स्थानीय तहबाट समाधान गर्न सक्ने समस्याको समाधान, प्रदेश सरकारले गर्नुपर्ने समाधान र संघीय सरकारले समाधान गर्नुपर्ने समस्या र समाधानका उपायहरू समेत खोजी गरी निर्णय गर्ने र सो निर्णयहरू कार्यान्वयनको अनुगमनको योजना समेत बनाएर कार्यान्वयन गर्ने गर्दछ । यस वर्ष समितिको बैठकबाट कृषिका नयाँ स्थापना भएका प्रदेश कार्यालयलाई भवन अभाव भएको, निर्माण कार्यको लागि सीप भएका श्रमिकको अभाव भएको, स्वास्थ्य सूचकहरूको खस्कदो अवस्था लगायत १३ वटा समस्याहरूको समाधान गर्न निर्णयहरू भएकोमा आंशिक रुपमा मात्र कार्यान्वयन भएको पाइयो । समितिबाट भएका निर्णयहरू तत्काल कार्यान्वयन गर्ने गराउनेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । | |
| ४ | **बेरुजु स्थिति** - आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन । | |
| **४.६.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७८ उपर मिति २०८०।११।०२ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **दरबन्दी र पदपूर्ति** : आयोगको स्वीकृत कर्मचारी दरबन्दी २१ मध्ये ११ पदपूर्ति भई एक सचिव सहित १० पद रिक्त रहेको देखिन्छ । जनशक्तिको अभावमा आयोगको कार्य सम्पादनमा असरपर्ने देखिएकोले रिक्त दरबन्दी पूर्ति गर्नुपर्दछ । | समयमै पदपूर्ति गर्ने निकायसँग पदपूर्तिका लागि माग गरी पठाउन निर्देशन दिने । |
| २ | **लक्ष्य प्रगति** : प्रदेश योजना अनुगमन, प्रदेशस्तरीय तथ्याङ्कको जिआइएस म्यापिङ, कोरोना रोगको अध्ययन प्रतिवेदन, बहुक्षेत्रीय पोषण सम्बन्धी सरोकारवालहरू सहितको अन्तरक्रिया लगायतका १२ कार्यक्रम सञ्चालन गर्न रु.९९ लाख ४८ हजार प्राप्त भएकोमा स्थानीय तहलाई मध्यमकालीन खर्च संरचना तालिम र प्रतिवेदन | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | छपाई, कोरोना रोगको अध्ययन प्रतिवेदन, प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक लगायतका कार्यमा ४० प्रतिशतसम्म प्रगति भई रु.९ लाख २८ हजार खर्च भएको छ । विभिन्न ७ कार्यक्रमहरू सञ्चालन नभई शून्य प्रगति रहेको छ । | |
| ३ | **दिगो विकास लक्ष्य** आयोगले दिगो विकासका लक्ष्यहरूको आधार रेखा सूचकांक तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेको छैन । दिगो विकासका सूचक र लक्ष्यहरूलाई आन्तरिकीकरण गरी मध्यकालीन सूचकहरू निर्धारण गर्ने र ती सूचकको आधारमा अनुगमन गरी निर्दिष्ट लक्ष्य समयमै हासिल गर्न आयोगले ध्यान दिनुपर्ने देखिन्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **आवधिक योजनाको समीक्षाः** प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना २०७६/७७ देखि कार्यान्वयनमा आएको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा सूचक उल्लेख छ । यस बमोजिम पहिलो वर्ष बहुआयामिक गरिबीमा रहेको जनसंख्या १२.५ प्रतिशतमा झार्ने, गरिबीको रेखामुनी रहेको जनसंख्या १३.५ प्रतिशतमा झार्ने, अपेक्षित आयु ७३ वर्ष पुर्‍याउने, मानव विकास सूचकाङ्क ०.६० पुर्‍याउने, आर्थिक वृद्धिदर ७.८ प्रतिशत, उद्योग क्षेत्रको वृद्धिदर १५ प्रतिशत र प्रतिव्यक्ति आय १ हजार ३११ अमेरिकी डलर पुयाउने लगायतको लक्ष्य राखेकोमा सोको प्रगति समीक्षा गरेको छैन । | हाल समिक्षा भईसकेको जानकारी प्राप्त भएको । |
| ५ | **प्रतिवेदन कार्यान्वयनः** प्रदेश सरकारले २०७६/७७ को बजेटमा प्रदेश नीति तथा योजना आयोगको लागि विभिन्न क्षेत्रमा बजेटको व्यवस्था गरेको छ । प्रदेशले कृषि, पर्यटन, वन, वातारण, शिक्षा, स्वास्थ्य लगायतका विभिन्न विषयगत अध्ययन, अनुसन्धान, | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सर्वेक्षण कार्यक्रममा खर्च गरेको छ । आयोजना अध्ययन, गण्डकी प्रदेशको वेव पोर्टल निर्माण, लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण निर्देशिका, तथ्याङ्क बैंक लगायतका ९ विषयमा अध्ययन, अनुसन्धान, सर्वेक्षण कार्यमा रु.४८ लाख ४१ हजार खर्च भएको छ । अध्ययन अनुसन्धानबाट तयार भएका प्रतिवेदन कार्यान्वयन गरी आयोगको कार्य सम्पादन स्तर बढाउनु पर्दछ । | |
| ६ | **बेरुजु स्थिति** : आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन । | केही गर्नु नपर्ने । |

गण्डकी प्रदेश सभा

**सार्वजनिक लेखा समिति**

**बेरुजु सम्बन्धी उपसमिति २)**

**४.७ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**

**४.७.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।११।०३ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी** - मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका विषयहरूलाई कार्यरूप दिन नीति तथा कार्यक्रम र कार्ययोजनामा समावेश गर्नुपर्नेमा कार्यक्षेत्रभित्र रहेका घर एकीकरण हाउस पुलिङ्ग) सम्बन्धी क्षेत्र विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन नीति तथा मापदण्ड, यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण एंव वातावरणमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री यातायात | कार्यविभाजन नियमावलीले तोकेका कार्यहरु सबैलाई प्राथमिकतामा राखि कार्यान्यवन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्रवर्द्धन विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छैन । अतः जिम्मेवारी भित्रका कार्यलाई नीति र कार्यक्रममा समावेश गर्नुपर्दछ । | |
| २ | **पूँजीगत बजेट र खर्च** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ७ मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको विगत तीन वर्षको संशोधितपुँजीगत बजेट र खर्च यसप्रकार छ ।मन्त्रालयको पूँजीगत खर्चको स्थिति विश्लेषण गर्दा आर्थिक वर्ष २०७६।७७ मा स्वीकृत बजेटको ७०.२५ प्रतिशत, २०७७।७८ मा ८१.२३ प्रतिशत र २०७८।७९ मा ७४.४५ प्रतिशत खर्च गरेको देखिन्छ । स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ । | पुर्ण रुपमा बजेट खर्च हुन नसक्नुका कारण अध्ययन गरी सुधारका उपाय खोजी योजनावद्ध कार्यान्यवन गरी खर्च दक्षता अभिवृद्धि गर्न निर्देशन दिने । |
| ३ | **चौमासिक खर्च** - मन्त्रालय र मातहतका कार्यालयमा पूँजीगततर्फ रू.६ अर्ब ८८ करोड ८३ लाख ७७ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा ७.७७ प्रतिशत, दोश्रो चौमासिकमा २६.०९ प्रतिशत र तेस्रो चौमासिकमा ६६.१४ प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको अन्त्यमा बढी खर्च हुँदा कामको पर्याप्त अनुगमन हुन नसकी गुणस्तरमा समेत असर पर्न सक्ने भएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा खर्च गर्नुपर्दछ । | आर्थिक वर्षको अन्त्यमा मात्रै बढी खर्च हुने प्रवृतिलाई नियन्त्रण गर्न सुधार गर्नुपर्ने कामहरु गरी सवै चौमासिकमा समानुपातिक खर्च हुने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ४ | **ठेक्का व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ ७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथमत्रैमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका पूर्वाधार विकास कार्यालयहरू, शहरी विकास तथा भवन | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यालय र पूर्वाधार निर्देशनालय गरी १३ कार्यालयले यस वर्ष रू.४७ अर्ब २२ करोड ३५ लाखको ३५० खरिद सम्झौता गरेकोमा प्रथम चौमासिकमा रू.४० करोड ८१ लाखको ३४, दोश्रो चौमासिकमा रू.४५ अर्ब ८३ करोड ५० लाखको २३८, तेस्रो चौमासिकमा रू.९८ करोड ४ लाखको ७८ ठेक्का सम्झौता गरेको छ । कानुनी व्यवस्था अनुसार समयमै ठेक्का व्यवस्थापन गर्नुपर्दछ । | |
| ५ | **दरबन्दी र पदपूर्ति** - मन्त्रालय र अन्तर्गत कार्यालयको लागि कुल ३७१ दरबन्दी रहेकोमा १६३ पदपूर्ति भई २०८ रिक्त रहेको छ । स्वीकृतमध्ये प्राविधिक जनशक्तिको दरबन्दी १७१ रहेकोमा ८१ मात्र स्थायी पदपूर्ति भएको छ । कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नहुँदा समयमा कार्य सम्पन्न गर्न कठिनाई हुने भएकोले स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **प्रदेश गौरवका आयोजना** - प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनामा घोषणा गरी कार्यान्वयनमा ल्याएको छ । यस मन्त्रालय अन्तर्गत ६ वटा प्रदेश गौरवका आयोजनाहरूमध्ये एक आयोजना शुरु नभएको र एक आयोजना को प्रगति न्यून रहेकोले मन्त्रालयले प्रदेश गौरवका आयोजना निर्धारित समयमा सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था र सञ्चालित आयोजनाको प्रगति समीक्षा गर्नुपर्दछ । | प्रदेश गौरवका आयोजनालाई प्राथमिकतामा राखि वजेट प्रस्ताव तथा कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **नर्म्स** - मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत सडक, भवन आदि पूर्वाधार निर्माण र त्यससंग सम्वन्धित परामर्श सेवा खरिद कार्यमा यस वर्ष शहरी विकास तथा भवन कार्यालयले रू.११ लाख ५ हजार, पूर्वाधार विकास निर्देशनालयले रू.२ करोड ८६ लाख ५५ | परामर्श सेवा खरिद कार्यको नर्म्स र स्पेशिफिकेशन तयार गरी लागू गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हजार, पूर्वाधार विकास कार्यालय, बर्दघाट सुस्ता पूर्वले रु.४८ लाख ४५ हजार र पूर्वाधार विकास कार्यालय, बाग्लुङ्गले रू.५३ लाख २ हजार गरी कुल रू.३ करोड ९९ लाख ७ हजार खर्च गरेको छ । परामर्श सेवा खरिद कार्यको नर्म्स र स्पेशिफिकेशन तयार गरेको छैन । नर्म्स तयार गरी खर्चमा एकरूपता कायम गर्नुपर्दछ । | |
| ८ | **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७) सँग सम्बन्धित अनुसुची-१ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा बर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। मन्त्रालय मातहतका १३ कार्यालयहरूले यस वर्ष रू.१५ करोड ४ लाख ३९ हजार कन्टिन्जेन्सी खर्च गरेको छ । उक्त खर्च कुलपूँजीगत खर्चको २.१८ प्रतिशत हुन आउँछ । कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख नराखेको र नापी किताबमा पनि उल्लेख नगरेकोले आयोजनाको वास्तविक खर्च एकीन गर्न सकिएन। यसमा सुधार गर्नुपर्दछ । | कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख राखि र नापी किताबमा पनि उल्लेख गरी आयोजनाको वास्तविक खर्च एकीन हुने व्यवस्था गर्न निर्देशन दिने । |
| ९ | <u>**रकमान्तर -**</u> आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ १) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा ९३१ आयोजनाको लागि रू.१ अर्ब ७२ करोड ८१ लाख ३९ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये रू.७५ लाख रकमान्तर गरी एक सवारी साधन रू.७० लाख ७९ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी | प्रदेश सभाले स्वीकृत गरे भन्दा फरक ढंगले बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर नगर्ने नगराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | |
| | **यातायात पूर्वाधार निर्देशनालय** | |
| १० | **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २ ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी मूल्य वृद्धि भुक्तानी हुनुपर्ने उल्लेख छ । मूल्य समायोजन सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:<br>१०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ २) मा एकमुष्ट कार्य सम्पादन लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । ऐनको उक्त व्यवस्था अनुसार ईकाई दर सम्झौता भएको अवस्थामा मात्र मूल्य समायोजन भुक्तानी गर्न मिल्ने देखिन्छ। यातायात पूर्वाधार निर्देशनालय, कास्कीले लमसम प्रकृतिको डिजाईन एण्ड बिल्ट कन्ट्र्याक्टको सम्झौतागर्दा सम्झौतामा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखी ३ ठेक्कामा रू.२ करोड ६९ लाख ९२ मूल्य समायोजन भुक्तानी गरेको नियम विपरित छ ।<br>१०.२ निर्माण व्यवसायीले सम्झौता गर्दा पेश गरेको मुल्य समायोजन डाटामा ट्रान्स्पोर्ट, भेईकल एण्ड मेशीनरी गुड्स उल्लेख भएता पनि नेपाल राष्ट्र बैंकको २०१८ जुलाईमा प्रकाशन गरेको रि-ईन्डेक्समा मेशिनरी एण्ड ईक्युपमेण्ट्स र ट्रान्स्पोर्ट मेशीनरी एण्ड ईक्युपमेण्ट्सको अलग अलग ईन्डेक्स प्रकाशित गरेको छ। | १. महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएको नियम विपरित मूल्य समायोजन भुक्तानी गरेको सम्बन्धमा छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने ।<br>२. उपरोक्त असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मूल्य समायोजन गणना गर्दा २०१८ जुलाई पछि मेशिनरी एण्ड ईक्युपमेण्ट्सको इण्डेक्स प्रयोग गर्नुपर्नेमा ट्रान्सपोर्ट, ईक्युपमेण्ट्स एण्ड मेशीनरीको ईन्डेक्स प्रयोग गरेबाट मिदिम खोला पुल, लमजुङको रनिङ विल भुक्तानी गर्दा बढी दरको ईन्ड्स प्रयोग भई गणना गरेकोले रू.१२ लाख ४६ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ । | |
| ११ | **<u>पुल निर्माण कार्य -</u>** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ मा सार्वजनिक निकायले निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा बोलपत्रदाताले खरिद सम्झौता तथा खरिद सम्बन्धी दायित्व पालना गर्नुपर्ने उल्लेख छ। पूर्वाधार निर्देशनालय, कास्कीले मास्दीघाट पुल निर्माण कार्यका लागि एक निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की रू.१ करोड १९ लाख ९० हजार प्रदान गरेकोमा तनहुँ हाईड्रोको डुवानमा परेको जनाई हालसम्म काम शुरु नगरेकोले उक्त पेश्की असुल हुनुपर्दछ । | उक्त असुल गर्नुपर्ने पेश्की यथाशिघ्र असुल गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| | **<u>शहरी विकास तथा भवन कार्यालय, कास्की</u>** | |
| १२ | **<u>प्रादेशिक सरकारी भवन मर्मत सम्भार</u>** स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रादेशिक सरकारी भवन मर्मत सम्भार तथा निर्माण संरचनागत सुधार गर्नका लागि यो वर्ष रू.६२ लाख बजेट व्यवस्था भएकोमा रु.४८ लाख २२ हजार खर्च गरेको छ। कार्यालयले सरकारी भवनहरूको मर्मत सम्भार गर्नका लागि कार्यालयहरूको मर्मत सम्भार संरक्षण लगत तयार गर्नुपर्ने र प्राप्त बजेटलाई प्राथमिकताको आधारमा कार्यालयगत बजेट वर्गिकरण गरी मर्मत अभिलेख राखी खर्च गर्नुपर्नेमा मर्मतको | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | लगत एवं प्राथमिकीकरण बेगर नै कार्यालय मर्मतमा खर्च गरेको छ। तसर्थ कार्यालयले मर्मत गर्नुपर्ने कार्यालयको प्राथमिकिकरण गरी मर्मत गर्ने र मर्मत पश्चात् अभिलेख राखुपर्ने, एउटै कार्यालय पटक-पटक मर्मत हुने र कुनै कार्यालय लामो समयसम्म मर्मत नै नहुने अवस्था आउन सक्ने हुनाले तालुक निकायले समेत ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **पूर्वाधार विकास कार्यालयहरू** | |
| १३ | **मूल्य समायोजन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २ ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी मूल्य वृद्धि भुक्तानी हुनुपर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, गोरखाले ढुङ्गागाडे भञ्याङ्ग-नामजुङ्ग-धैरुड-मनकामना सडक निर्माणमा विभिन्न निर्माण कार्यको मुल्य समायोजन भुक्तानी गर्दा खरिद सम्झौतामा उल्लेख भएको भन्दा फरक सूचकाङ्कको आधार लिई भुक्तानी दिएको कारण रू.१२ लाख ४४ हजार, पूर्वाधार विकास कार्यालय, म्याग्दीले बेनी दरबाङ्ग सडक स्तरोन्नति कार्यको रू.२ लाख ४२ हजार र गलेश्वर पिप्ले भगवती बेगासडकको कालोपत्रे तथा स्तरोन्नति गर्ने कार्यको रू.२ लाख २० हजार, पूर्वाधार विकास कार्यालय, बाग्लुङ्गले कुस्मीसेरा राङखानी नामदुक शान्तिपुर दोस्रो खण्डको सडक निर्माण तथा स्तरोन्नती कार्यको रू.४ लाख ५७ र लामाबगर काठेखोला पुल निर्माण कार्यको रू.२० लाख १३ हजार, पूर्वाधार विकास कार्यालय स्याङ्जाले शुक्लागण्डकी दुलेगौडा ढोरवाराही मार्ग निर्माण कार्यको रू.६४ हजार, पूर्वाधार विकास कार्यालय, लमजुङले बागलुङ घलेगाँउ-भुजुङ सडक | उक्त असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | निर्माण तथा स्तरोन्नती कार्यको लागि रू.१ लाख २१ हजार र उदिपूर रिठ्ठवगर रामचोक वेशीको रू.२ लाख २८ हजार र पूर्वाधार विकास कार्यालय, तनहुँले आँबु छिम्केश्वरी सडक स्तरोन्नती कार्यको रू.७२ हजार समेत जम्मा रू.४६ लाख ६१ हजार बढी भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ । | |
| १४ | **<u>समाग्री खरिद</u>** प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि) नियमावली २०७८ को नियम ६ मा उल्लेख भए अनुसार आयोजनाका किसिमहरूको विवरण तयार गरी नियम ७ अनुसारको प्राथमिकताका अनुसार योजना छनौट गर्नुपर्ने उल्लेख छ । जसअनुसार निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट पाईप, जाली, जस्तापाता, कम्प्युटर लगायतका सामग्री खरिद गरी वितरण गर्न पाउने देखिएन । पूर्वाधार विकास कार्यालय पर्वतले निर्वाचन क्षेत्र विकास कार्यक्रमले तोके भन्दा फरक हुने गरी सामग्रीहरू खरिद एवं वितरण गर्ने गरी कार्यक्रम तयार गरी रू.४७ लाख ५३ हजार खर्च गरेको छ। यसमा सुधार हुनुपर्दछ । | किन यस्तो भएको हो सो सम्बन्धमा छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । साथै भविष्यमा यस्तो नहुने अवस्था निर्माण गर्न समेत निर्देशन दिने । |
| १५ | **<u>डिपिआर भन्दा फरक चेनेजमा कार्य</u>** - पूर्वाधार विकास कार्यालय, गोरखाले संशोधित लागत अनुमान रू.६१ करोड ३५ लाख ६ हजार रहेको माछाखोला लप्सीबोट यामगाँउ गुम्दा सडक ग्रावेल कार्यको लागि रू.३२ करोड १० लाख ८७ हजारमा एक जेभीसँग २०७९।४।१६ मा सम्पन्न गर्ने गरी २०७७।५।१ मा सम्झौता गरेको थियो। यस कार्यको विस्तृत आयोजना प्रतिवेदन डि.पि.आर.) मा ०+०० देखि ०+५८० सम्म ढुङ्गाको पर्खाल लगाउने काम उल्लेख नभएकोमा सो च्यानेजमा ढुङ्गाको पर्खाल लगाई रू.१ करोड २२ लाख ९ हजार खर्च गरेको रकम उचित देखिएन। डिपिआर अनुसार काम गर्नुपर्दछ । | किन यस्तो भएको हो सो सम्बन्धमा छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । साथै भविष्यमा यस्तो नहुने अवस्था निर्माण गर्न समेत निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| १६ | **<u>दरौदी जरेवर सडकपुल</u>** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा सार्वजनिक निकायलेनिर्माण स्थलको व्यवस्था नभई, हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता, मुआब्जा वा क्षतिपुर्ति वितरणको लागि बजेटको सुनिश्चितता एवं वातावरणीय अध्ययनको प्रतिवेदनस्विकृत नगराई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, गोरखाले बहुबर्षिय आयोजना अन्तर्गत दरौदी जरेवर सडकपुल निर्माणको लागि एक जेभिसँग रू.५ करोड ३९ लाख ८१ हजारमा सम्झौता गरी हालसम्म रू.४ करोड ८७ लाख ७७ हजार भुक्तानी गरेको छ। निर्माण कार्यकोकार्य परिमाण सुची वि. ओ. क्यु.) अनुसार पुलको दाँयातर्फ १५० मिटर बाटो तथा वाँयातर्फ ११० मिटर बाटोको कार्य गर्ने उल्लेख छ। पुलको बाँया तर्फको ११० मिटर सडक सामुदायिक वन क्षेत्रमापर्नेमा वातावरणीय प्रभाव अध्ययन नगरी पुल निर्माण कार्य सुरु गरेको देखिन्छ। सम्झौता पश्चात् पुलको८४ प्रतिशत कार्य सम्पन्न भएपछि निर्माण स्थलमा अवरोध आएकोले वातावरणीय प्रभाव अध्ययन गर्नमन्त्रालयबाट कार्यक्षेत्रगत शर्त स्विकृत गरेको छ। निर्माण स्थलको सुनिश्चितता नभई तथा खरिद पुर्वगर्नुपर्ने कार्य नगरी खरिद सम्झौता गर्दा निर्माण कार्य सम्पन्न हुन सकेको छैन। निर्माण स्थलको सुनिश्चितता गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ। | निर्माण स्थलको सुनिश्चितता नभई तथा खरिद पुर्व गर्नुपर्ने कार्य नगरी खरिद सम्झौता नगर्न नगराउन निर्देशन दिने । |
| १७ | **<u>योजना कार्यान्वयन -</u>** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौता- बमोजिमको काम सम्झौता अवधिभित्र पुरा गर्न नसकेमा कार्यालयले आवश्यक जाँचबुझ गरी गराई म्याद थप गर्न सक्ने प्रावधान रहेको छ। म्याद थप गर्नु अगाडि सम्बन्धित निर्माण व्यवसायीले समयमै काम सम्पन्न गर्ने प्रयास गरे | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | नगरेको, काबु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरू उपलब्ध गराए नगराएको जस्ता कुराहरूको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्न सक्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, मुस्ताङ्गको कालीगण्डकी पुल एक्लेभट्टी) निर्माण कार्य गर्न तत्कालीन जिल्ला विकास समिति, मुस्ताङ्गबाट रू.११ करोड ७४ लाख ६८ हजारमा १८ महिना भित्र सम्पन्न गर्ने गरी २०७२/३/३१ मा सम्झौता भएको थियो । खरिद सम्झौताको म्याद ६ पटक गरी ८५ महिना थप भई २०७९।४।३० सम्म म्याद कायम देखिन्छ । पुल निर्माणको लागि हालसम्म रू.१० करोड ५४ लाख ७ हजार खर्च गरेको छ । पुलको ४ वटा स्तम्भमध्ये २ वटा एबुटमेण्ट तथा १ वटा पायर बनाइसकेपछि निर्माण व्यवसायीले पुलको डिजाइनमा समस्या रहेको, पुलको डिजाइन एवं सम्झौतामा पुलको जग खन्ने कार्यमा सबै प्रकारको माटो खन्ने भन्ने उल्लेख भएकोमा कडा चट्टान भेटिएकोले भेरिएशन आदेश माग गरेको र भेरिएशनको निर्णय समयमा नभएको कारण रू.९ करोड ९९ लाख ९९ हजार क्षतिपूर्ति दाबी भुक्तानीको माग सहित मध्यस्थताको लागि अनुरोध गरेकोमा तत्कालीन पूर्वाधार विकास कार्यालय, म्याग्दीबाट २०७६।७।१५ मा मध्यस्थकर्ता नियुक्ति भएको देखिन्छ । मध्यस्थकर्ताको निर्णय बदरको माग गरी निर्माण व्यवसायीले उच्च अदालत ललितपुरमा निवेदन दिएकोले सो विषय अदालतमा विचाराधीन रहेको अवस्था छ । सार्वजनिक निर्माणमा अतिरिक्त सरकारी दायित्व तथा व्ययभारमा न्यून गरी कार्यसम्पन्न गराउनुपर्दछ । | |
| | <u>यातायात व्यवस्था कार्यालयहरू</u> | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १८ | घर जग्गा बहाल प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २६ र २७ मा राजस्वको व्यवस्थित लेखा राखुपर्ने व्यवस्था रहेको छ । साविक नेशनल कन्स्ट्रक्सन कम्पनी लि. र शहीद स्मृति स्वास्थ्य सहकारी संस्था लि. अन्तर्गतको शहीद मेमोरियल सामुदायिक अस्पताल बिच यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र) कास्कीको स्वामित्वमा रहेको जग्गा बहालमा लिने गरी २०७१ साल असार २५ गते सम्झौता गरेको देखियो। सम्झौताको बुँदा नं १ ख) बमोजिम व्यापारिक भवन तथा कार्यालय भवन र ४ रोपनी जग्गा समेतको पहिलो र दोस्रो वर्षको लागि मासिक भाडा रू.२ लाख ५० हजार र तेस्रो वर्ष देखि भाडामा १० प्रतिशतको दरले वृद्धि हुने र घर जग्गाको सम्झौता अवधि ३ वर्षसम्म हुने उल्लेख छ। उक्त सामुदायिक अस्पताल आर्थिक वर्ष २०७०।७१ देखि नै बहालमा रहेको र अर्को सम्झौता गरेको नदेखिएकोले २०७५। ७६ देखिको मासिक भाडा रू.२ लाख ५० हजारले वार्षिक रू.३० लाखको १० प्रतिशतले वृद्धि गर्दा २०७५ । ७६ देखि २०७८।७९ सम्म रू.२ करोड ३ लाख ८५ हजार भाडा बापत बुझाउनु पर्नेमा रू.८० लाख बुझाएकोले बाँकी रू.१ करोड २३ लाख ८५ हजारमा नियमानुसारको ब्याज सहित गणना गरी असुल गर्नुपर्दछ । | यसमा रु १६६४ असुल उपर ,८४,२३, भएको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयवाट जानकारी आएको छ। वाँकी वेरुजु समेतयथाशिघ्र असुल गर्न निर्देशन दिने । |
| १९ | **<u>सेवा प्रवाह</u>** यातायात सवारी कार्यालयबाट रुट पर्मिट प्रक्रिया अन्तर्गत् सार्वजनिक यातायात सञ्चालन हुने सवारी साधनहरूलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ताप्राविधिक पक्षहरूमा पर्याप्त ध्यान नपुर्‍याइएको, पूर्ण रूपमा सडक पूर्वाधार सम्पन्न भई नसकेको अवस्थामा पनि बाटो अनुमतिपत्र दिएको, विना इजाजत सवारी साधन सञ्चालन हुने गरेको, यातायात व्यवसायीहरूबिच अस्वस्थ | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्रतिस्पर्धा एवं सिण्डिकेट प्रणालीबाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो यातायात सुविधाबाट बञ्चित रहनु परेको, रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेको जस्ता समस्या रहेको देखिन्छ । सार्वजनिक यातायात सेवालाई व्यवस्थित, स्वच्छ र प्रभावकारी बनाउनको लागि बाटो इजाजत लगायतका सेवा प्रवाह प्रक्रियालाई सरल र चुस्त बनाउनु पर्दछ । | |
| २० | **<u>बेरुजु स्थिति -</u>** मन्त्रालय तथा मातहत समेत १७ निकायमा यो वर्ष रू.२६ करोड ३४ लाख ९३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायबाट रू.८० लाख ३९ हजार फस्योट गरेकोले रू.२५ करोड ५४ लाख ५४ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रू.६ करोड ३३ लाख ८ हजार म्याद नाघेको पेश्की रहेको छ। | फछ्र्यौट हुन बाँकी बेरुजु तदारुकताका साथ फछ्र्यौट गरी सो को जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |
| २१ | **<u>नीति निर्माण</u>** - देश लोकमार्ग सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, मर्मत संभार र आवास तथा भवन सम्वन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन, सुरक्षित वसोवास र जग्गा एकीकरण सम्वन्धी नीति तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन तथा नियमन, यातायात सुरक्षा सम्बन्धी योजना निर्माण एवं वातावरणमैत्री, अपांगमैत्री तथा लैंगिकमैत्री यातायात प्रवर्द्धन जस्ता विषयलाई कार्यान्वयन गरेको देखिएन । | महालेखा परीक्षकको सुझाव अनुसार कार्यान्वयन नभएका विषयलाई समेत कार्यान्वयन गर्न निर्देशन दिने । |
| २२ | **उपलब्धि** - भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गत का पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार विकास कार्यालयहरूको ५ वर्षको | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | अवधिमा प्रदेशभित्र पक्की कालोपत्रे/ढलान) ५१० कि.मि. र ग्राभेल ५३० कि. मि. सडक निर्माण सम्पन्न भएको, "एक निर्वाचनक्षेत्र-एक सडक" कार्यक्रम अन्तर्गत ३५ वटा सडक आयोजनाको ३३२ कि.मि. कालोपत्रे र ३७ कि.मि. ग्राभेल स्तरमा स्तरोन्नति गर्ने कार्य भइरहेको छ। प्रादेशिक सडक "क" वर्ग कार्यक्रम अन्तर्गतका नौ वटा सडक आयोजनाको कुल ६७ कि.मि. कालोपत्रे र २१ कि.मि. सडकको ग्राभेल स्तरमा स्तरोन्नति गर्न ठेक्का सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका छन्। प्रदेश सरकारको गौरवको आयोजनाको रूपमा रहेको स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रम अन्तर्गत ११ वटा सडक आयोजनाको कुल ९६ कि.मि. कालोपत्रे स्तरमा स्तरोन्नति गर्न ठेक्का सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका छन्। सडक पुल ७२ वटा, झोलुङ्गे पुल ५१ वटा निर्माण भएको छ ।<br>नेपालको संविधान प्रदेश सरकारले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू विगत पाँच वर्षको समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ । | |

**४.७.२ महालेखा परीक्षकको चौथौं बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।११।०३ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी**: मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका विषयहरूलाई कार्यरूप दिन नीति तथाकार्यक्रम र कार्ययोजनामा समावेश गर्नुपर्नेमा कार्यक्षेत्रभित्र रहेका घर एकीकरण हाउस पुलिङ्ग) सम्बन्धी नीति, खानेपानी तथा सरसफाई सम्बन्धी प्रादेशिक नीति, खानेपानी तथा सरसफाई क्षेत्र विस्तारमा निजी क्षेत्रको सहभागिता प्रबर्द्धन नीति तथा मापदण्ड, यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण एंव वातावरणमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री यातायात प्रबर्द्धन विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छैन । अतः जिम्मेवारी भित्रका कार्यलाई नीति र कार्यक्रममा समावेश गर्नुपर्दछ । | कार्यविभाजन नियमावलीले तोकेका कार्यहरु सबैलाई प्राथमिकतामा राखि कार्यान्यवन गर्न निर्देशन दिने । |
| २ | **पुँजीगत बजेट र खर्च**: प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको पूँजीगत खर्चको स्थिति विश्लेषण गर्दा २०७५। ७६ मा स्वीकृत बजेटको ६९.७७ र आ व २०७६।७७ मा ७०.२५ प्रतिशत र २०७७।७८ मा ८१.२३ प्रतिशत खर्च गरेतापनि बजेटको तुलनामा खर्च न्यून नै देखिन्छ । स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी पूँजीगत खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **चौमासिक खर्च** - मन्त्रालय र मातहतका निकायले बिभिन्न १० कार्यक्रममा पूँजीगततर्फ रु.१४ अर्ब ४८ करोड ९५ लाख १७ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा ९.०५ प्रतिशत, दोश्रो चौमासिकमा २५.९८ प्रतिशत र तेस्रो | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | चौमासिकमा ६४.९६ प्रतिशत खर्च भएको र आषाढमा मात्र ३९.७५ प्रतिशत खर्च छ । आर्थिक वर्षको अन्त्यमा बढी खर्च हुँदा कामको पर्याप्त अनुगमन हुन नसकी गुणस्तरमा समेत असर पर्न सक्ने भएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा खर्च गर्नुपर्दछ । | |
| ४ | **ठेक्का व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ ७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम त्रैमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका १८ निकायले यस वर्ष रु.४ अर्ब १४ करोड ९६ लाखको ५८० खरिद सम्झौता गरेकोमा प्रथम चौमासिकमा रु.१ अर्ब ११ करोड ४९ लाखको ६९. दोश्रो चौमासिकमा रु.७१ करोड ४७ लाखको २४०, तेस्रो चौमासिकमा रु.२ अर्ब ३२ करोडको २७१ र आषाढमा रु.९८ करोड ३३ लाखको ८५ सम्झौता गरेको छ । कानुनी व्यवस्था अनुसार समयमै ठेक्का व्यवस्थापन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **दरबन्दी र पदपूर्ति** - मन्त्रालय र अन्तर्गतका ३५ कार्यालयको लागि कुल ५७५ दरबन्दी रहेकोमा ३२१ पदपूर्ति भई २५४ रिक्त रहेको छ । स्वीकृतमध्ये प्राविधिक जनशक्तिको दरबन्दी ३१७ रहेकोमा १६३ मात्र पदपूर्ति भएको छ । कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नहुँदा समयमा कार्य सम्पन्न गर्न कठिनाई हुने भएकोले स्वीकृत दरवन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **प्रदेश गौरवका आयोजना** - प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनामा घोषणा गरी कार्यान्वयनमा ल्याएको छ । यस मन्त्रालयले कार्यान्वयन गर्ने जिम्मेवारी पाएको ४ वटा प्रदेश गौरवका आयोजनाहरूमध्ये २ शुरु नभएको र २ को प्रगति न्यून रहेकोले मन्त्रालयले प्रदेश गौरवका आयोजनाको निर्धारित समयमा सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था र संचालित आयोजनाको प्रगति समीक्षा गर्नुपर्दछ । | गर्न निर्देशन दिने । |
| ७ | **मापदण्ड पालना** - संघ, प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ को उर्जा जलस्रोत तथा सिँचाइ सम्बन्धी मापदण्डमा तराई मधेशमा २०० हेक्टरदेखि ५ हजार हेक्टर, पहाडी क्षेत्रमा ५० देखि १०० हेक्टर र हिमालमा २० देखि ५० हेक्टर भूमि सिंचित हुने आयोजनाको छनौट तथा कार्यान्वयन प्रदेशस्तरबाट हुने व्यवस्था भएकोमा मन्त्रालयले सो मापदण्डभन्दा घटीका आयोजना स्वीकृत गरी कार्यान्वयन गरेकोछ । जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीबाट यस वर्ष हिमालमा २० हेक्टरभन्दा तलका ७ योजना सञ्चालन भएका छन् । मन्त्रालयले आयोजना स्वीकृत गर्दा उल्लिखित मापदण्डको पालना गरी आफ्नो क्षेत्राधिकार भित्रका आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **पोल खरिदको शेयर** - काठेपोल प्रतिस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा काठेपोल प्रतिस्थापन कार्यमा प्रदेश सरकारबाट लगानी गर्ने रकमको शेयर गण्डकी प्रदेश सरकारको नाममा आउने व्यवस्थाको लागि नेपाल विद्युत प्राधिकरणलाई मन्त्रालयबाट लेखी पठाउने उल्लेख छ । यस कार्यविधि अन्तर्गत रही मन्त्रालयले विभिन्न सिँचाइ कार्यालयहरूबाट पोल खरिद गर्न रु.८ करोड ८५ लाख ७४ हजार | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | निकासा गरेको छ । मन्त्रालयले विद्युत प्राधिकरणसँग लिखित सहमति नगरी एकतर्फी रूपमा कार्यविधि बनाएको कारणले शेयर प्राप्त गर्न सकेको छैन । प्रदेशले लगानी गरेको रकमको शेयर एवं प्रतिफल लिने व्यवस्था मिलाउनुपर्दछ । | |
| ९ | **नर्म्स** - मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत सडक, सिँचाइ, भवन, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन, भूमिगत सिंचाइ आदि पूर्वाधार निर्माण र त्यससंग सम्वन्धित परामर्श सेवा खरिद कार्यमा रु.२१ करोड ३१ लाख ९४ हजार खर्च गरेको छ । परामर्श सेवा खरिद कार्यको नर्म्स र स्पेशिफिकेशन तयार गरेको छैन । नर्म्स तयार गरी खर्चमा एकरूपता कायम गर्नुपर्दछ । | परामर्श सेवा खरिद कार्यको नर्म्स र स्पेशिफिकेशन तयार गरी खर्चमा एकरूपता कायम गर्न निर्देशन दिने । |
| १० | **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। मन्त्रालय र मातहतका २४ कार्यालयहरूले यस वर्ष रु.२६ करोड १८ लाख २ हजार कन्टिन्जेन्सी खर्च गरेको छ । उक्त खर्च कुल पूँजीगत खर्चको १.८१ प्रतिशत हुन आउँछ । कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख नराखेको र नापी किताबमा पनि उल्लेख नगरेकोले आयोजनाको वास्तविक खर्च एकिन गर्न सकिएन। | कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख राखी र नापी किताबमा पनि उल्लेख गरी आयोजनाको वास्तविक खर्च एकीन हुने व्यवस्था गर्न निर्देशन दिने । |
| ११ | **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा विनियोजन ऐनमा तोकिएको कुनैशीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै शीर्षकमा बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । | प्रदेश सभाले स्वीकृत गरे भन्दा फरक ढंगले बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर नगर्न नगराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मन्त्रालय अन्तर्गतका विभिन्न ६ बजेट उपशीर्षकहरूमा रु.१४ अर्ब ४६ करोड ९७ लाख ३४ हजार विनियोजन भएकोमा रु.६ अर्ब २८ करोड ४४ लाख ४२ हजार रकमान्तर गरी बजेट थप गरेकोमा ४ वटा बजेट उपशीर्षकहरूमा रु.८८ करोड ४३ लाख ११ हजार घटाई बजेट खर्च भएको छ। सुरु बजेटमै आयोजना, योजना र कार्यक्रमलाई लाग्ने लागत अनुमान गरी बजेट व्यवस्था गर्नुपर्नेमा शुरु बजेटमा रु.५ अर्ब ४० करोड ७१ हजार अर्थात ३७.३२ प्रतिशत रकमान्तर गरिएको देखिएकाले बजेट व्यवस्था यथार्थपरक देखिएन । | |
| | <u>यातायात पूर्वाधार निर्देशनालय</u> | |
| १२ | **निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ । यातयात पूर्वाधार निर्देशनालय कास्कीलेनाल्दिघाट पुल डिजाईन एण्ड बिल्डमा निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७९।०७।०१ भित्र कार्य सम्पन्न गर्ने गरी २०७६।७।७ मा रु.२० करोड ४९ लाख ६८ हजारको सम्झौता गरी रु.१ करोड ४४ लाख पेस्की भुक्तानी दिएको छ । सम्झौतामा माईलस्टोन १ अनुसार सम्झौता भएको मितिले ६ महिना भित्र सर्भे कार्य सम्पन्न गरी डिजाईन पेश गर्नुपर्ने उल्लेख भएकोमा सर्भेक्षण गरी डिजाईन पेश नभएको र सम्झौता अवधिको करिव ८० प्रतिशत समय व्यतीत भईसक्दा समेत निर्माण कार्य शुरु हुन सकेको छैन । यस सम्बन्धमा स्थानीय जमीन विवाद र साइट उपलब्ध हुन नसकेकोले काम हुन नसकेको कार्यालयको भनाई छ । यसरी सम्झौता बमोजिम कार्य हुन नसकेकोले निर्माण व्यवसायीको नाममा रहेको पेस्की फछ्र्यौट गर्नुका साथै सम्झौताको शर्त | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बमोजिम कारबाही गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १३ | **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ २) मा एकमुष्ट कार्य सम्पादन लम्म सम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । ऐनको उक्त व्यवस्था अनुसार एकाई दर सम्झौता युनिट रेट कन्ट्रयाक्ट) भएको अवस्थामा मात्र मूल्य समायोजन भुक्तानी गर्न मिल्ने देखिन्छ । यातायात पूर्वाधार निर्देशनालय कास्कीले लम्मसम प्रकृतिको डिजाईन एण्ड बिल्ट कन्ट्रयाक्टको सम्झौता गर्दा सम्झौतामा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखी ३ ठेक्कामा रु.६१ लाख २९ मूल्य समायोजन भुक्तानी गरेकोले थप व्ययभार परेको छ । | किन यस्तो भएको हो सो सम्बन्धमा छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । साथै भविष्यमा यस्तो नहुने अवस्था निर्माण गर्न समेत निर्देशन दिने । |
| | <u>पूर्वाधार विकास कार्यालयहरू</u> | |
| १४ | **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २ ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी मूल्य वृद्धि भुक्तानी हुनुपर्ने उल्लेख छ । मूल्य समायोजन सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्ः-<br>१४.१. पूर्वाधार विकास कार्यालय, तनहुँले मानपुर डेढगाँउ सडक निर्माण कार्यको लागि मूल्य समायोजन गणना गर्दा फरक सूचकांकको आधारमा गणना गरेको कारण मूल्य समायोजन फ्याक्टर फरक परी रु.९ लाख २९ हजार, पूर्वाधार विकास कार्यालय, मुस्ताङले लोमान्थाङ ठिङ्गगर किम्लिङ चुङचुङ सडक निर्माण कार्यको रु.३ लाख ८७ हजार र पूर्वाधार विकास कार्यालय, | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | म्याग्दीले बेनी दरवाङ्ग सडक आयोजनामा रु.४ लाख ५५ हजार समेत जम्मा रु.१७ लाख ७१ हजार बढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।<br>१४.२. पूर्वाधार विकास कार्यालय, स्याङ्जाले फ्याक्टर फरक पारी तथा पेस्की कट्टा गर्नुपर्नेमा कट्टा नगरी र भेरिएसन गरेको आइटममा समेत मूल्य समायोजन भुक्तानी गरेकोले विभिन्न ७ आयोजनामा रु.१४ लाख ९९ हजार वढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ । | |
| १५ | **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा पूर्वाधार विकास कार्यालय लमजुङले रु.१ लाख १५ हजार, तनहुँले रु.३ लाख ४० हजार,मनाङले रु.३ लाख ९४ हजार र म्याग्दीले रु.३ लाख २४ हजार समेत रु.११ लाख ७३ हजार नापी किताबको परिमाण र स्विकृत नर्म्सभन्दा वढी भुक्तानी गरेको देखिएकोले असुल हुनुपर्दछ । | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| १६ | **निर्माण कार्यको समन्वय** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई मुआव्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई वोलपत्र आह्वान | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गर्न नहुने व्यवस्था रहेको छ । पूर्वाधार विकास कार्यालय तनहुँले परेवाडाँडा झोलुङ्गे पुल निर्माण गर्न एक निर्माण सेवासंग रु.२ करोड ६३ लाख १२ हजारमा २०७७।०९।०७ भित्र सम्पन्न गर्ने गरी २०७६।०९।०७ मा सम्झौता गरेको थियो । सम्झौतापश्चात निर्माण व्यवसायीलाई पुलको लागि आवश्यक स्टिल पार्टस खरिद गरी निर्माणस्थल पुर्‍याएको भनी २०७७।०८।३० मा प्रथम रनिङ विल रु.१ करोड ८४ लाख १८ हजार भुक्तानी भएको छ । झोलुङ्गे पुल निर्माणको ठेक्का सम्झौता भईसकेपछि निर्माणस्थलमा ३३ के भि प्रसारण लाईनको टावर निर्माण हुन लागेको कारण निर्माण व्यवसायीले कार्य गर्न नसकेको भनी कार्यालयलाई जानाकारी गराएको र झोलुङ्गे पुलको लागि आवश्यक लट्ठा ट्रेल ब्रिज सपोर्ट युनिटवाट प्राप्त हुने भनिएकोमा हालसम्म पनि प्राप्त नभएकोले निर्माण कार्य सम्पन्न हुन सकेको देखिएन । ठेक्का रकमको ७० प्रतिशत रकम भुक्तानी भएकोमा अत्यावश्यक सामाग्री लट्ठा नआइपुग्नु र एउटा निकायबाट कार्य भइरहेको स्थानमा समन्वय विना अर्को निकायवाट संरचना निर्माण गर्नु र समयमा प्रसारण लाइन नहटाइदिनुले ठेक्का सम्झौता कार्यान्वयन हुन सकेको छैन । कार्यालयले सरोकारवाला निकायसंग समन्वय गरी समयमै निर्माण कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १७ | **जनता आवास कार्यक्रम** - जनता आवास कार्यक्रम कार्यान्वय कार्यविधि, २०७५ को बुंदा नं ५ मासाधारणतया दश लाभग्राही परिवार वसोवास भएको स्थान वा बस्तीमा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। २०७६।७७ सम्म शहरी विकास तथा भवन कार्यालय बाग्लुङ र पूर्वाधार विकास कार्यालय, म्याग्दीबाट ११८ लाभग्राहीको आवास निर्माण गर्न रु.४ करोड २३ लाख ५० हजारको सम्झौता भएकोमा प्रथम | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | किस्ता सबैले, दोस्रो किस्ता ११५ ले र तेस्रो किस्ता ७३ ले मात्र लिएकोले हालसम्म रु.३ करोड ५० हजार भुक्तानी भएको छ । प्रथम तथा दोस्रो किस्ता लिई आवास निर्माण कार्यमा निरन्तरता नदिएका लाभग्राहीको पहिचान गरी बाँकी कार्य सम्पन्न गराउनुपर्दछ । | |
| १८ | **काली गण्डकी पुल एक्लेभट्टी)** - जिल्ला विकास समिति मुस्ताङवाट २०७१।७२ मा एक निर्माणव्यवसायीसँग रु.११ करोड ७५ लाख ६८ हजारमा १८ महिनामा ठेक्का सम्पन्न गर्ने गरी सम्झौता भएको र हाल पूर्वाधार विकास कार्यालय, मुस्ताङमा कार्यान्वयनको चरणमा रहेको पुल निर्माण कार्यको ४ पटकसम्म ७३ महिना म्याद थप भई २०७८ श्रावण २९ सम्म म्याद कायम भएकोमा हालसम्म रु.३ करोड २३ लाख ५५ हजार भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन्:<br>१८.१. निर्माण व्यवासयीसँग भएको सम्झौता वमोजिम खरिद सम्झौता कार्यान्वयनका क्रममा कुनै विवाद भएमा दुवै पक्षको आपसी सहमतीमा मध्यस्तकर्ता नियुक्त गर्न सकिने व्यवस्था अनुसार पूर्वाधार विकास कार्यालय म्याग्दीवाट २०७६।७।१५ मा मध्यस्तकर्ता नियुक्त गरिएको र मध्यस्तकर्ताको ५० प्रतिशतखर्च वापत पूर्वाधार विकास कार्यालय मुस्ताङवाट रु.५ लाख ८९ हजार भुक्तानी भएको छ । पुलको ४ वटा स्तम्भ मध्ये २ वटा एवुटमेण्ट तथा १ वटा पायर बनाइसकेपछि निर्माण व्यवसायीले पुलको डिजाइनमा समस्या रहेको, विल अफ क्वान्टिटि सम्झौताअनुसार पुलको जग खन्ने कार्यमा सबै प्रकारको माटो खन्ने उल्लेख भएकोमा कडा चट्टान समेत भेटीएकोले | महालेखा परीक्षकको सुझाव यथाशिघ्र कार्यान्वयन गरी सोको प्रगति विवरण समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | खन्ने कार्यको दर तथा परिमाण संशोधन गर्नुपर्ने भनी भेरिएसन आदेश समेत माग गरेको र समयमा भेरिएसन निर्णय नभएको भनी रु.९ करोड ९९ लाख ९९ हजारको दावी भुक्तानीको माग सहित नेपाल मध्यस्तता परिषदमा निवेदन दिएको देखिन्छ। मध्यस्तता नियुक्त भएको २ वर्षसम्म मध्यस्थकर्ताबाट निर्माण व्यवसायीको दाबी रकम सम्बन्धमा कुनै प्रतिवेदन प्राप्त भएको छैन । मध्यस्तकर्ताबाट प्रतिवेदन लिई आयोजना कार्यान्वयन अगाडि बढाउनुपर्दछ ।<br>१८.२. उक्त पुल निर्माण कार्य १८ महिनाभित्र सम्पन्न गर्ने गरी मिति २०७२।३।३१ मा सम्झौता भएकोमा खरिद सम्झौताको म्याद ४ पटक गरी ७३ महिना थप भएको देखिन्छ । उक्त ठेक्का कार्यसम्पन्न गर्ने म्याद २०७८।०४। २९ सम्म कायम भएकोमा २०७८ असाढ मसान्तसम्म भौतिक प्रगति ३७ प्रतिशत मात्र रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा मिति २०७८।०६।०७ मा उक्त पुल निर्माण स्थलको स्थलगत अनुगमन गर्दा २ वटा एवुटमेण्ट तथा दायाँ तर्फको पायरको स्टेमसम्मको कार्य भएको, एउटा पायरको फाउण्डेशनको कार्य समेत नभएको साथै निर्माण स्थलमा निर्माण व्यवसायीका प्रतिनिधि तथा कामदार रहेको देखिएन । सम्झौता अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिई निर्माण कार्य गराउने वा खरिद सम्झौताको अन्त्य गर्ने सम्वन्धमा आवश्यक निर्णय लिनुपर्दछ । | |
| १९ | **योजना कार्यान्वयन नभएको** - चालु आर्थिक वर्षमा पूर्वाधार विकास कार्यालय मुस्ताङवाट कार्यान्वयन हुने गरी देहायबमोजिम आयोजनालाई बजेट व्यवस्था | महालेखा परीक्षकको सुझाव यथाशिघ्र कार्यान्वयन गरी सोको प्रगति विवरण |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | भएकोमा कुनै पनि भौतिक प्रगती भएको देखिदैन। यस सम्वन्धमा देखिएका व्हयोराहरू निम्नानुसार रहेका छन।<br>१९.१. मुस्ताङको लेते तथा कुञ्जो जोड्ने कालीगण्डकी पुल निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७५।०५।१८ भित्र सम्पन्न गर्ने गरी २०७३।०५।१९ मा रु.११ करोड ३७ लाख ७३ हजार को सम्झौता भएको थियो । उक्त खरिद सम्झौताको म्याद २ पटक गरी ३४ महिना थप भई कार्य सम्पन्न गर्ने म्याद २०७८।०३।१३ सम्म कायम भएको देखिन्छ । निर्माण व्यवसायीलाई गत आर्थिक वर्षसम्म मोबिलाइजेशन पेस्की रु.१ करोड ४८ लाख तथा प्रथम रनिङ्ग बिल रु.१ करोड १० लाख ५७ हजार भुक्तानी भएको देखिन्छ । यो वर्ष रु.१ करोड ७५ लाख बजेट विनियोजन भएकोमा खर्च भएको छैन । पुल निर्माण कार्य अवरुद्ध रहेको सम्बन्धमा सम्बन्धित साइट इञ्चार्ज तथा कार्यालय प्रमुखसँग छलफल गर्दा निर्माण व्यवसायीसँग खरिद सम्झौता भई २ वटा एबुटमेण्टको ५० प्रतिशत काम भएको अवस्थामा २०७५ श्रावणको बाढीबाट नदीले धार परिवर्तन गरेका कारण पूर्वनिर्धारित डिजाइनमा कार्य गर्न समस्या देखिएको पुल निर्माणमा प्राविधिक सहायता गर्ने संस्थाले स्थलगत अवलोकन गरी यथास्थितिमा निर्माण कार्य रोक्ने र उपयुक्त विकल्प पहिचान पछि मात्र निर्माण कार्य अघि बढाउने र बनिसकेको संरचनालाई समेत उपयोग गर्दै थप क्षति हुन नदिने संरचना थप गरी पुलको डिजाइनमा केही परिवर्तन गरी निर्माण कार्य अघि बढाउने सिफारिश गरेको देखियो । यस सम्बन्धमा | समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सार्वजनिक कानुन अनुसार यथाशीघ्र आवश्यक निर्णय लिई पुल निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।<br>१९.२. मुस्ताङको मार्फा तथा छैरो जोड्ने कालीगण्डकी पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७८।११।२८ भित्र सम्पन्न गर्ने गरी २०७६।११।२९ मा रु.७ करोड ८० लाख २४ हजारको सम्झौता भएको थियो । निर्माण व्यवसायीलाई गत वर्ष मोबिलाइजेशन पेस्की रु.१ करोड ३४ लाख भुक्तानी भएको देखिन्छ । त्यस्तै मुस्ताङको लेते तथा धम्पु जोड्ने कालीगण्डकी पुल निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७८।०५। २८ भित्र सम्पन्न गर्ने गरी २०७६।११।२९ मा रु. ५ करोड ५ लाख २६ हजारको सम्झौता भएको थियो । निर्माण व्यवसायीलाई गत आर्थिक वर्षमा मोबिलाइजेशन पेस्की बापत रु.८७ लाख ७७ हजार भुक्तानी भएको देखिन्छ । दुई आयोजनाको लागि रु.२ करोड बजेट विनियोजन भएपनि काम हुन सकेको देखिदैन । कोभिड १९ का कारण सिर्जित लकडाउन, चिसो मौसम लगायतका कारण काम हुन नसकेको कार्यालयको भनाई रहेता पनि वर्षातमा नदी तथा खोलामा पानीको बहाव बढ्ने, हिमाली भेगमा हिउँदमा चिसो बढ्ने तथा हिमपात हुने कुरा पूर्व अनुमान गरी निर्माण कार्यतालिका तय हुने हुँदा त्यस्ता कारणबाट निर्माण कार्यमा हुने ढिलाइलाई स्वाभाविक मान्न सकिँदैन। कार्यालयले कार्यतालिका बमोजिम निर्माण कार्य गराउनुपर्दछ । | |
| | | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | **<u>जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू</u>** | |
| २० | **धरौटी रकम राजश्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ १) मा धरौटी रकम नियम ६५ बमोजिम जफत वा कट्टा नहुने वा नियम ६७ बमोजिम राजश्व दाखिला नहुने भएमा सम्वन्धित व्यक्तिलाई फिर्ता दिने, उपनियम २) मा धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानुन बमोजिम अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम सम्पन्न भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाण सहित सम्बन्धित व्यक्ति तथा संस्थाले धरौटी फिर्ताको लागि निवेदन दिनुपर्ने तथा उल्लिखित अवधिभित्र धरौटी रकम फिर्ता लिन नआएमा कार्यालयले धरौटी रकम राजश्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । जलस्रोत तथा सिञ्चाई विकास डिभिजन कार्यालय स्याङ्जामा करिव २५ वर्ष अगाडि देखिको अवधि नाघेका ७७ व्यक्ति तथा संस्थाको नाममा रहेको रु.१७ लाख ४६ हजार धरौटी रकम प्रत्येक आर्थिक वर्षमा जिम्मेवारी सारी आम्दानी बाँधेको पाइयो । नियमावलीमा भएको व्यवस्था अनुसार उक्त धरौटी रकम राजश्वमा आम्दानी वाध्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव यथाशिघ्र कार्यान्वयन गरी सोको प्रगति विवरण समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| २१ | **सीमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायमा रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने, एक करोड रुपैयाँसम्मको लागत अनुमानमा | किन यस्तो भएको हो सो सम्बन्धमा छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मूल्य अभिवृद्धिकर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । जलस्रोत तथा सिञ्चाई विकास डिभिजन कार्यालय स्याङ्जाले रु.७ करोड ४९ लाख ९६ हजार लागत अनुमान भएको विभिन्न ७ योजनाहरूको मूल्य अभिवृद्धी कर, ओभरहेड र कन्टिन्जेन्सी वाहेक रु.५ करोड ७६ लाख ४५ हजारमा सम्झौता गरी भुक्तानी दिएको रकम अनियमित देखिन्छ । | |
| २२ | **काठेपोल प्रतिस्थापन** - काठेपोल प्रतिस्थापन सम्बन्धी कार्यविधि, २०७५ अनुसार सम्बन्धित स्थानीय तहले स्टील पोल जडान कार्य सम्पन्न भएको ७ दिनभित्र त्यसको जानकारी वा प्रगति विवरण कार्यालयलाई पठाउनुपर्ने, यस सम्बन्धी निर्माण कार्य एक आर्थिक वर्षभित्र सम्पन्न गरी सक्नुपर्ने र मन्त्रालय र स्थानीय तहले काठेपोल प्रतिस्थापन कार्यको अनुगमन गर्नुपर्ने व्यवस्था छ । यस वर्ष जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू गोरखा, कास्की, तनहुँ, म्याग्दी, पर्वत, लमजुङ, स्याङ्जा र बागलुङले स्टील पोल खरिदमा रु.८ करोड ८५ लाख ७४ हजार खर्च लेखेका छन् । कार्यालयहरूले उक्त पोल स्थानीय तहलाई पठाएकोमा कास्की र बाग्लुङ बाहेक अन्य कार्यालयमा जडान गरेको कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन । पोल प्रयोगको सुनिश्चितता गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २३ | **अनुपातिक कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ४) मा उपभोक्ता समिति वालाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । जस अनुसार उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा उपभोक्ता समिति र कार्यालयले बेहार्ने | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा जलस्रोत तथा सिञ्चाई विकास डिभिजन कार्यालय स्याङ्जाले १७ योजनाको अनुपातिक कट्टी नगरी रु.२२ लाख ६ हजार बढी भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ । | |
| | <u>खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू</u> | |
| २४ | **जडानभन्दा बढी खर्च** - खानेपानी आयोजनामा प्रयोग भएको पाइप नापी किताबमा जडान भए बमोजिम जिन्सी खाताबाट मौज्दात घटाउनु पर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जाले १८, तनहुँले १२, गोरखाले ८, बागलुङले १८ र मुस्ताङका ५ खानेपानी आयोजनामा नापी किताबमा जडान देखाएको परिमाण भन्दा रु.२ करोड २७ लाख ४९ हजार बढी मूल्यका विभिन्न साइजका पाइप जिन्सी खाताबाट खर्च घटाएकोले उक्त पाइप प्रयोगको प्रमाण पेस गर्नुपर्दछ । | पाइप प्रयोगको प्रमाण पेश गरी उक्त वेरुजु संपरीक्षण गर्न निर्देशन दिने । |
| २५ | **पाइप मौज्दात** - खानेपानी आयोजनाहरूको लागि पाइप तथा फिटिङ्ग/ औजार गत विगतको मौज्दातकोउपयोग गर्ने र अत्यावश्यक भएमा मात्र मौज्दात नरहने गरी खरिद गर्नुपर्दछ । यस वर्षको अन्त्यमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गोरखामा रु.७ करोड ६५ लाख, तनहुँमा रु.७ करोड २८ लाख र स्याङ्जामा रु.१ करोड १६ लाख को पाइप मौज्दात रहने गरी खरिद गरेको देखिन्छ । त्यस्तै खानेपानी, जलश्रोत, सिंचाई विकास सवडिभिजन कार्यालय मनाङ्गले गत विगतमा खरिद गरेको समेत रु.७२ लाख १३ हजारको ७९ हजार ८२ मिटर पाईप र रु.७८ लाख १ हजारको फिटिङ्गस लमजुङ्गको वेशिसहरमा मौज्दात रहेको छ। न्यूनतम मौज्दात तोकी बढी नहुने गरी खरिद व्यवस्थापन गर्नु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| २६ | **मुहान विवाद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ ३) मा सार्वजनिक निकायले निर्माण स्थलको सुनिश्चितता नभई वोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जाले कास्कीको थुमाको डाँडा खानेपानी आयोजनाको निर्माणको लागि एक निर्माण व्यवसायीसँग रु.४ करोड ६१ लाख १० हजारमा सम्झौता गरेको छ । सम्झौता पश्चात निर्माण व्यवसायीलाई रु.३८ लाख ८८ हजार पेस्की समेत भुक्तानी भएकोमा आयोजनाको मुहान विवादले२०७७।७८ मा रु.४४ लाख ९० हजारको पाइप खरिद बाहेक अन्य भौतिक तथा वित्तीय प्रगति हुन सकेको देखिदैन । यसरी मुहान विवाद हुँदा विवादित स्थानमा कार्यालयबाट भएको लगानी खेर जाने भएकोले मुहान विवाद समाधान गरी आयोजना सञ्चालनको प्रक्रिया अगाडि बढाउनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २७ | **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायमा रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय गोरखाले रु.४ करोड ७२ लाख ८८ हजार लागत अनुमान भएका विभिन्न ४ योजनाहरूको सम्झौता गरी रु.३ करोड ३७ लाख २१ हजार भुक्तानी दिएको पाइयो । नियमावलीमा भएको व्यवस्था पालना गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २८ | **सामाग्री दाखिला र हस्तान्तरण** - प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४८ मा कार्यालय प्रमुखले खरिद गरी वा हस्तान्तरण भई वा अन्य कुनै प्रकारबाट प्राप्त | महालेखा परीक्षकको सुझाव अनुसार उपभोक्ता समितिको अध्यक्षलाई बुझाएको |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हुन आएको जिन्सी मालसामान जिन्सी आम्दानी बाँधी खर्च गर्नु गराउनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङ्जाले सिमखोला सिमखेत सिद्धको थान खानेपानी आयोजना निर्माण कार्यको लागी एकै आयोजनामा दुई फरक फरक निर्माण कम्पनीसंग संम्झौता गरी रु.२ करोड १ लाख ८० हजार खर्च लेखेको देखिन्छ । एउटा ठेक्का सम्झौता अनुसार पाइप तथा फिटिङ खरिद गरेकोमा अर्को ठेक्कामार्फत आंशिक जडान कार्य गराएको छ । एकै आयोजनामा दुई फरक फरक निर्माण व्यवसायीलाई एकै प्रकृतिको कार्य गराउँदा कार्यमा दोहोरोपना हुने सम्भावना रहन्छ । २०७७।७८ मा कार्यालय र उपभोक्ता समितिबीच कार्य गर्ने कुनै सम्झौता नभएको अवस्थामा उक्त आयोजनाको लागि एक निर्माण व्यवसायीद्धारा खरिद भएका रु.५० लाख ६ हजारका २८ प्रकारका सामाग्री सिमखोला सिमखेत सिद्धको थान खानेपानी उपभोक्ता समितीको अध्यक्षलाई बुझाएको छ। कार्यालयले ठेक्कामार्फत खरिद गरेको सामाग्री जिन्सी दाखिला नगरी उपभोक्ता समितिको अध्यक्षलाई बुझाएको सामाग्रीको जिन्सी दाखिला तथा जडान भएको प्रमाण पेश गर्नुपर्दछ । | सामाग्रीको जिन्सी दाखिला तथा जडान भएको प्रमाण राखि उक्त वेरुजु फछ्यौंट गर्न निर्देशन दिने। |
| | <u>**यातायात व्यवस्था कार्यालयहरू**</u> | |
| २९ | **घर जग्गा वहाल** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे वा नरहेको सोको अभिलेख अद्यावधिक गर्न लगाउनुपर्ने व्यवस्था रहेको छ । यातायात | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र) कास्कीको परिसरमा रहेको जग्गा तथा भवन प्रयोग गरी पश्चिमाञ्चल सामुदायिक अस्पताल सञ्चालनमा रहेको र अस्पतालबाट २०७४।७५ मा उक्त वर्षको वहाल २०७५ जेठ १४ र २९ मा रु.२७ लाख प्राप्त गरी आम्दानी वाँधेको देखिन्छ । अस्पतालले २०७४। ७५ पश्चात हालसम्म वहाल बुझाएको देखिदैन । २०७५। ७६ देखि २०७७ । ७८ सम्म रु. ८१ लाख बहाल वुझाउनुपर्नेमा नवुझाएकोले उक्त रकम र सोको व्याज समेत असुल गर्नुपर्ने देखिन्छ । | |
| ३० | **सेवा प्रवाह** - यातायात सवारी कार्यालयबाट रुट पर्मिट प्रक्रिया अन्तर्गत सार्वजनिक यातायात सञ्चालन हुने सवारी साधनहरूलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ता प्राविधिक पक्षहरूमा पर्याप्त ध्यान नपु-याइएको, पूर्ण रूपमा सडक पूर्वाधार सम्पन्न भई नसकेको अवस्थामा पनि बाटो अनुमतिपत्र दिनुपर्ने अवस्था रहेको, विना इजाजत सवारी साधन सञ्चालन हुने गरेको, यातायात व्यवसायीहरूबीच अस्वस्थ प्रतिस्पर्धा एवं सीण्डिकेट प्रणालीबाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो यातायात सुविधाबाट बञ्चित रहनु परेको, रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेको जस्ता समस्या रहेको देखिन्छ । सार्वजनिक यातायात सेवालाई व्यवस्थित, स्वच्छ र प्रभावकारी बनाउनको लागि बाटो इजाजत लगायतका सेवा प्रवाह प्रक्रियालाई सरल र चुस्त बनाउनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३१ | **बेरुजु स्थिति** - मन्त्रालय तथा मातहत ३३ निकायको रु.३४ करोड ८७ लाख ४४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ६ निकायले रु.२ करोड ९१ लाख फस्यौंट गरेकोले रु.३१ करोड ९६ लाख ४४ हजार बाँकी बेरुजु देखिएको छ | फछ्र्यौंट हुन बाँकी वेरुजु दारुकताका साथ फछ्र्यौंट गरी सो को जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | । सो मध्ये रु. ८ करोड १ लाख १० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । | |

**४.७.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) उपर मिति २०८०।११।१३ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी** : मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका विषयहरूलाई कार्यरूप दिन नीति तथा कार्यक्रम र कार्ययोजनामा समावेश गर्नुपर्नेमा कार्यक्षेत्रभित्र रहेका घर एकीकरण हाउस पुलिङ्ग) सम्बन्धी नीति, खानेपानी तथा सरसफाई सम्वन्धी प्रादेशिक नीति, खानेपानी तथा सरसफाई क्षेत्र विस्तारमा निजि क्षेत्रको सहभागिता प्रबर्द्धन नीति तथा मापदण्ड, यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण एंव वातावरण मैत्री अपाङ्ग मैत्री तथा लैङ्गिकमैत्री यातायात प्रबर्द्धन विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छैन । अतः जिम्मेवारी भित्रका कार्यलाई नीति र कार्यक्रममा समावेश गर्नुपर्दछ । | कार्यविभाजन नियमावलीले तोकेका कार्यहरु सबैलाई प्राथमिकतामा राखि कार्यान्यवन गर्न निर्देशन दिने । |
| २ | **बजेट र खर्चको अवस्था** : विनियोजन ऐन, २०७६ अनुसार २०७६।७७ को लागि रु.१५ अर्ब ५९ करोड ५ लाख ६४ हजार विनियोजन भएकोमा रकमान्तर गरी रु.१७ अर्ब ५४ करोड ४७ लाख २७ हजार बजेट कायम भएकोमा रु.१२ अर्ब ५ करोड १४ लाख ३० हजार खर्च भई संशोधित बजेटको ६८.६९ प्रतिशत खर्च भएको छ । विनियोजित बजेटमध्ये रु.५ अर्ब ४९ करोड ३२ लाख ९७ हजार खर्च भएको छैन । लक्षित कार्यक्रमहरू सञ्चालन गरी बजेट खर्च गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **पूँजीगत बजेट र खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र | - |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । | |
| ४ | **मन्त्रालयको पूँजीगत खर्चको स्थिति** - पूँजीगत खर्चको स्थिति विश्लेषण गर्दा २०७५।७६ मा स्वीकृत बजेटको ६९.७७ प्रतिशत मात्र खर्च भएकोमा २०७६।७७ मा खर्चको प्रतिशत वृद्धि भई ७०.२५ प्रतिशत पुगेतापनि बजेटको तुलनामा खर्च न्यून नै देखिन्छ । आयोजना एवं कार्यालय प्रमुखसँग गर्नुपर्ने काम र समयसीमा सहितको कार्यसम्पादन सम्झौता एवं स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी पूँजीगत खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **रकमान्तर** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै शीर्षकमा बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। मन्त्रालय अन्तर्गतका विभिन्न ७ बजेट उपशीर्षकहरूमा रु.२३ करोड १ लाख ४० हजार रकमान्तर गरी बजेट थप गरेकोमा सुरु विनियोजित बजेटको ६८.१५ प्रतिशत मात्र खर्च भएको छ । सुरु बजेट नै खर्च नहुने अवस्थामा रकमान्तरबाट बजेट थप गरेको उचित देखिएन । | प्रदेश सभाले स्वीकृत गरे भन्दा फरक ढंगले बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर नगर्न नगराउन निर्देशन दिने । |
| ६ | **चौमासिक खर्च** : मन्त्रालय र मातहतका निकायको पूँजीगततर्फ रु.११ अर्ब ७२ करोड ३८ लाख ६७ हजार भएकोमा निम्नानुसार प्रथम चौमासिकमा १५ प्रतिशत, दोश्रो चौमासिकमा ३५ प्रतिशत र तेस्रो चौमासिकमा ५० प्रतिशत खर्च भएको र आषाढमा मात्र २७.१९ प्रतिशत खर्च छ ।आर्थिक वर्षको अन्त्यमा बढी खर्च हुँदा कामको पर्याप्त अनुगमन हुन नसकी गुणस्तरमा समेत असर पर्न सक्ने भएकोले | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा खर्च गर्नुपर्दछ । | |
| ७ | **ठेक्का व्यवस्थापन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० १) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका १७ निकायले यस वर्ष ९ अर्ब ९७ करोड ५६ लाख ८० हजारका ८०७ खरिद सम्झौता गरेकोमा प्रथम चौमासिकमा रु.२ अर्ब ४६ करोड ७५ लाख ७२ हजारका ८५, दोश्रो चौमासिकमा रु.३ अर्ब १६ करोड ७३ लाख ३ हजारका ३३७, तेस्रो चौमासिकमा रु.४ अर्ब ३४ करोड ८ लाख ५ हजारका ३८५ र आषाढमा रु.२ अर्व ४ करोड २ लाख ६३ हजारका २०९ सम्झौता गरेको छ । कानूनी व्यवस्था अनुसार समयमै ठेक्का व्यवस्थापन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **दरबन्दी र पदपूर्ति** : मन्त्रालय र अन्तर्गतका ३२ कार्यालयको लागि कुल ५७५ दरबन्दी रहेकोमा ३२१ पदपूर्ति भई २५४ रिक्त रहेको छ । स्वीकृत मध्ये प्राविधिक जनशक्तिको दरबन्दी ३१७ रहेकोमा १६३ मात्र पदपूर्ति भएको छ । कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नहुँदा समयमा कार्य सम्पन्न गर्न कठिनाई हुने भएकोले स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापनमा गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ९ | **लक्ष्य तथा प्रगति** : मन्त्रालय र अन्तर्गत निकायबाट संचालित कार्यक्रम मध्ये १ हजार ७४ खानेपानी आयोजना निर्माण गर्ने लक्ष्य भएकोमा १ हजार ५५ योजना सञ्चालनमा रहेको र ७४ योजना मात्र सम्पन्न भई बाँकी योजना निर्माणाधीन रहेका छन् । ढल व्यवस्थापनतर्फ ४ आयोजना सञ्चालन गर्ने लक्ष्य लिएकोमा प्रगति शुन्य | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रहेको छ । सिंचाई योजना ६२४ निर्माण गर्ने लक्ष्य भएकोमा ४४३ मात्र निर्माण शुरु भएको र सो मध्ये १८५ योजना मात्र सम्पन्न भएको छ । सिंचित क्षेत्रफल ८ हजार ५२० हेक्टर पुर्‍याउने लक्ष्य लिएकोमा ७ हजार १३१ हेक्टरमा मात्र सिंचाई सुविधा पुगेको छ । यसैगरी २१५ कि. मी. ग्राभेल सडक, १५० कि. मी. कालोपत्रे सडक पुयाउने लक्ष्य रहेकोमा क्रमश ५३.०४ र २०.९१ कि. मी. मात्र प्रगति भएको छ । सडक पुल ७० र झोलुङ्गे पुल ५० निर्माण गर्ने लक्ष्य भएकोमा क्रमशः २५ र १ मात्र सम्पन्न भएको छ । अधिकांश क्षेत्रमा लक्ष्यको तुलनामा प्रगति न्यून छ। समयमै कार्य सम्पादन गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ । | |
| १० | **प्रदेश गौरवका आयोजना** - प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनामा घोषणा गरी कार्यान्वयनमा ल्याएको छ । यस मन्त्रालयले कार्यान्वयन गर्ने जिम्मेवारी पाएको आयोजनाको कार्यान्वयन अवस्था निम्नानुसार छः<br>१०.१. ट्र्याक नभएको ठाउँमा ट्र्याक खोल्ने, मौसमी सडक भएकोलाई ग्राभेल गर्ने र ग्राभेल भएकोलाई कालोपत्रे गर्ने उद्देश्य रहेको प्रदेश सदरमुकाम पोखरादेखि स्थानीय तहका केन्द्र जोड्ने करिब १ हजार २६० किलोमिटर लामो सडक निर्माण आयोजनामा हालसम्म रु.३६ करोड ४० लाख ५८ हजार खर्च भएको छ ।<br>१०.२. प्रदेशका सबै मन्त्रालय र अन्य प्रदेशस्तरीय कार्यलय एकै ठाउँमा अटाउने नमूना प्रदेश प्रशासनिक केन्द्रको निर्माण गर्ने उद्देश्य भएको एकीकृत प्रदेश प्रशासनिक केन्द्रको संघ सरकारसँगको सहलगानीमा भवन निर्माणका लागि प्रस्ताव र विस्तृत आयोजनामा प्रतिवेदन तयार भएको उल्लेख गरेतापनि | प्रदेश गौरवका आयोजनालाई प्राथमिकतामा राखि वजेट प्रस्ताव तथा कार्यान्वयन गर्न निर्देशन<br>दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बजेटको व्यवस्था गरेको छैन ।<br>१०.३. बाग्लुङ्ग जिल्लाको ढोरपाटन क्षेत्रमा जलाशययुक्त विद्युत आयोजना निर्माण गरी प्रदेशको सन्तुलित विकास र औद्योगीकरण गर्ने उद्देश्य रहेको उत्तरगंगा जलाशयुक्त विद्युत आयोजनाको आयोजना पहिचान मात्र भएको तर हालसम्म बजेटको व्यवस्था भएको छैन । विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ ।<br>१०.४. शालिग्राम कोरीडोर लोकमार्ग निर्माण गर्ने उद्देश्य रहेको वैडी रुपटार खण्ड (शालिग्राम कोरीडोर लोकमार्ग) योजना अन्तर्गत ४१ कि.मि. सडकको निर्माण कार्य शुरु भएको छ ।<br>१०.५. मुस्ताङ्गको कोरलादेखि नवलपुरको त्रिवेणीसम्म पूरा प्रदेशलाई जोडने र प्रदेशको दक्षिणी क्षेत्रमा औद्योगीकरण गर्न सघाउने उद्देश्य रहेको पोखरा-डेडगाउँ-दुम्किबास-त्रिवेणी सडकको भिमाददेखि डेडगाउँ खण्ड २३ कि.मि. प्रदेश सरकारबाट स्तरोन्नति भई रहेको छ भने डेडगाउँदेखि दुम्किबाससम्मको सडकको डिपिआर तयारीको चरणमा छ ।मन्त्रालयले प्रदेश गौरवका आयोजनाको निर्धारित समयमा सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था र संचालित आयोजनाको प्रगति समीक्षा गर्नुपर्दछ । | |
| ११ | **आयोजना स्वीकृति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ १) अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ। | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | यस वर्ष रु.१० अर्ब ९५ करोड ५१ लाख ५ हजार बजेट भएका साना ठूला २ हजार ७६७ योजनाहरू मध्ये अधिकांश योजनाहरू सो प्रकृया पूरा नगरीकन बजेटमा राखेर कार्यान्वयन गरी रु.८ अर्ब ७ करोड ४७ लाख ३३ हजार खर्च भएको छ । विगतमा सञ्चालन भएका २७९ योजनाहरू कार्यान्वयनमा नआएको र अधुरो रहेका छन् । मन्त्रालयले निर्धारित प्रक्रियाको पालना गरेर आयोजना स्वीकृत गरी सञ्चालन गर्नुपर्दछ । | |
| १२ | **मापदण्ड पालना** - संघ, प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ को उर्जा जलस्रोत तथा सिँचाइ सम्बन्धी मापदण्डमा तराई मधेशमा २०० हेक्टरदेखि ५ हजार हेक्टर र पहाडी क्षेत्रमा ५० देखि १०० हेक्टर भूमि सिंचित हुने आयोजनाको छनौट तथा कार्यान्वयन प्रदेशस्तरबाट हुने व्यवस्था भएकोमा मन्त्रालयले सो मापदण्डभन्दा घटीका आयोजना स्वीकृत गरी कार्यान्वयनको लागि कार्यालयहरूमा पठाएको छ । जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयहरूबाट यस वर्ष पहाडमा १० हेक्टर भन्दा तलका २४ र तराईमा २५ हेक्टर भन्दा तलका २० योजना सञ्चालन गरेका छन् । मन्त्रालयले आयोजना स्वीकृत गर्दा उल्लेखित मापदण्डको पालना गरी आफ्नो क्षेत्राधिकार भित्रका आयोजना छनौट गरी कार्यान्वयनका लागि पठाउनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १३ | **पोल खरिदको शेयर** - काठेपोल प्रतिस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा काठेपोल प्रतिस्थापन कार्यमा प्रदेश सरकारबाट लगानी गर्ने रकमको शेयर गण्डकी प्रदेश सरकारको नाममा आउने व्यवस्थाको लागि नेपाल विद्युत प्राधिकरणलाई | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | मन्त्रालयबाट लेखी पठाउने उल्लेख छ । यस कार्यविधि अन्तर्गत रही मन्त्रालयले विभिन्न सिँचाइ कार्यालयहरूबाट पोल खरिद गर्न रु.२२ करोड २१ लाख निकासा गरेको छ । मन्त्रालयले विद्युत प्राधिकरणसँग लिखित सहमति नगरी एकतर्फी रूपमा कार्यविधि बनाएको कारणले शेयर प्राप्त गर्न सकेको छैन । प्रदेशले लगानी गरेको रकमको शेयर एवं प्रतिफल लिने व्यवस्था मिलाउनुपर्दछ । | |
| १४ | **नर्म्स** : मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत सडक, सिँचाइ, भवन, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन, भूमिगत सिंचाइ आदि पूर्वाधार निर्माण सम्बन्धी कार्य रहेकोमा उक्त पूर्वाधारहरूको कार्य गर्ने गरी स्ट्यान्डर्ड नर्म्स र स्पेशिफिकेशन तयार गरेको छैन । नर्म्स तयार गरी खर्चमा एकरूपता ल्याई पूर्वाधार विकासको कार्य गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १५ | **विस्तृत आयोजना प्रतिवेदन** : मन्त्रालयले आ.व. २०७५।७६ रु.१२ लाख १६ हजारमा लागतमा तातोपानी पाउद्वार झोलुङ्गे पुल, म्याग्दीको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको छ । पुल निर्माणको लागि पूर्वाधार विकास कार्यालय, म्याग्दीले एक निर्माण व्यवसायीसँग २०७७।३।१५ मा काम सम्पन्न गर्ने गरी रु.४५ लाख ७० हजारमा सम्झौता गरी आवश्यक स्टील पार्टशहरू समेत खरिद गरी हस्तान्तरण गरी सकेकोमा कार्यालयले उक्त पुलको निर्माण स्थलमा पटक पटक रेखाङ्कन गर्ने प्रयास गर्दा पनि निर्माण गर्न सम्भव नभएको कारण निर्माण व्यवसायीलाई साइट उपलब्ध गराउन सकेको छैन । परामर्शदाताको गलत विस्तृत आयोजना प्रतिवेदनको कारण काम हुन नसक्दा हस्तान्तरित मालसमान जोखिममा पर्ने देखिन्छ भने अर्को ठाँउमा पुल स्थानान्तरण गरी बनाउनको लागि पुनः विस्तृत | किन यस्तो भएको हो अध्ययन गरी असुल उपर गर्नपर्ने रकम यथाशिघ्र असुल गरी समितिलाई समेत जानकारी गराउने । साथै भविष्यमा यस्तो अवस्था नआउने सुनिश्चित हुने गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आयोजना प्रतिवेदन तयार गर्नुपर्दा थप व्ययभार पर्न जाने देखिएको छ । निर्माण स्थलको भौगोलिक बनौटलाई ध्यान नदिई प्रतिवेदन तयार गर्ने परामर्शदातालाई जिम्मेवार बनाई उक्त रकम असूल गर्नुपर्दछ । | |
| १६ | **सप्टवेयर प्रयोग विहीन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार लेखा सम्बन्धी प्रणाली विकास गर्नुपर्ने भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयको स्वीकृत लिनुपर्ने व्यवस्था छ । मन्त्रालयले आफ्नो र अन्तर्गतका ३२ निकायबाट गरिने खर्चको समग्र प्रगति स्थितिको जानकारी हासिल गर्ने उद्देश्यले ३३ वटा एकाउन्टिङ्ग म्यानेजमेन्ट सिस्टम खरिद गरी रु.९ लाख ९० हजार खर्च लेखेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट स्वीकृत गराएको छैन । महालेखा नियन्त्रक कार्यालयले २०७७।७८ देखि सबै संघीय र प्रदेश कार्यालयमा लेखा राख्दा एकरूपता कायम गर्ने उद्देश्यले कम्प्युटराइज्ट गभरमेन्ट एकाउन्टिङ्ग सिस्टम लागू गरेकोले कार्यालयहरूले ३ महिना मात्र प्रयोग गरी हाल उक्त सफ्टवेयर प्रयोग विहिन अवस्थामा रहेको छ । | किन यस्तो भएको हो अध्ययन गरी भविष्यमा यस्तो अवस्था नआउने सुनिश्चित गरी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने । |
| १७ | **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । मन्त्रालय र मातहतका २६ कार्यालयहरूले यस वर्ष रु.३७ करोड ३५ लाख ५० हजार कन्टिन्जेन्सी खर्च गरेका छन् । कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा नियम १० ७) अनुसार अनुसुची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । वर्क | कन्टिन्जेन्सी खर्च सम्बन्धमा स्पष्ट कार्यविधि तयार गरी कार्यान्वय गर्न निर्देशन दिने ।<br><br>सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्रै परामर्श सेवा खरिदमा जान र |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | चार्ट र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्च समावेश हुने हो सो सम्बन्धमा स्पष्ट उल्लेख छैन । कन्टिन्जेन्सी खर्च सम्बन्धमा स्पष्ट कार्यविधि तयार हुनुपर्दछ । १७.१. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने र दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखाले ९५ खानेपानी योजनाको सर्भेका लागि रु.२० लाखभित्रका १० लागत अनुमान तयार गरी मौजुदा सूचीमा रहेका १० परामर्शदाताबाट रु.१ करोड ३७ लाख ८३ हजार लागत अनुमान तयार गरी रु.१ करोड २८ लाख १३ हजार भुक्तानी भएको छ । सार्वजनिक खरिद कानुन बमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी परामर्श सेवा खरिद गर्नुपर्दछ । | प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद नगरी सार्वजनिक खरिद कानुन बमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी परामर्श सेवा खरिद गर्न निर्देशन दिने । यसको अनुगमन सम्बन्धित मन्त्रालयले गर्ने व्यवस्था मिलाई नियमित अनुगमन गर्न निर्देशन दिने । |
| १८ | **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० १) मा समयमा कार्यसम्पन्न गर्न नसकिने मनासिव कारण भएमा म्याद सकिनु २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने, नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई १० प्रतिशतमा नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय नवलपरासी ब.सु.पू) ले नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिएको छैन । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेको छन्ः<br>१८.१. सिन्धु मार्ग चापाघाट सडक स्तरोन्नत्ति कार्यका लागि मिति २०७४।६।८ | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सम्म काम सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.८ करोड ७२ लाख ३४ हजारमा सम्झौता भई म्याद थप समेत कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति २०७६।५।२० भएकोमा कार्यालयले उक्त मिति पश्चातपनि भुक्तानी गर्दा दशौं बिलसम्म रु.४० लाख ५६ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको छ । एघारौ रनिङ्ग बिल भुक्तानी गर्दा कार्यालयले २४ दिनको दैनिक रु.४३ हजार ६१७ का दरले रु.१० लाख ४६ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा रु.३ लाख ५ हजार मात्र कट्टा गरी भुक्तानी गरेकोले नपुग रु.७ लाख ४१ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।<br>१८.२. कृष्ण मार्ग, सवुङ् देउराली केदालीघाट सडक कार्यका लागि मिति २०७४।६।२३ सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.९ करोड ५२ लाख २३ हजारमा सम्झौता भई म्याद थप समेत कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति २०७६।५।२१ भएकोमा कार्यालयले तस्रो रनिङ्ग बिल भुक्तानीमा रु.७४ लाख २७ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको छ । तेस्रो बिल पेस गरको मितिले १५४ पछि निर्माण व्यवसायीले चौथो रनिङ्ग बिल भुक्तानीको लागि निवेदन पेस गरेकोमा कार्यालयले पूर्वनिर्धारित क्षतिपूर्ति नलिएकोले सम्झौता रकमको १० प्रतिशत रु.९५ लाख २२ हजारमा तेस्रो रनिङ्ग बिलमा कट्टा गरेको रु.७४ लाख २७ हजार कट्टा गरी नपुग रु.२० लाख ९५ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ । | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | १८.३. भिमाद भिरकोट सडक स्तरउन्नत्ति कार्यका लागि मिति २०७५। ६।७ सम्म काम सम्पन्न गर्ने एक निर्माण व्यवासायीसँग रु.९ करोड ८९ लाख ७५ हजारमा सम्झौता भएकोमा म्याद थप समेत कार्य सम्पन्न गर्नुपर्ने मिति २०७५।६।७ सम्म रहेको छ । कार्यालयले मिति २०७४।१।२९ मा भेरियशन आदेश स्वीकृत गरी भेरियशन पछि रु.९ करोड ४४ लाख ८० हजार कायम भएको भएको छ । निर्माण व्यवसायीले समयमा काम सम्पन्न गर्न नसकेको कारण कार्यालयले सुरु सम्झौता रकम मूल्य अभिवृद्धि कर बाहेक रु.८ करोड ७५ लाख ८८ हजारको १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.८७ लाख ५८ हजार असुल गरेको छ । कार्यालयले भेरिएशन पछि कायम भएको सम्झौता रकमको १० प्रतिशत रु.९४ लाख ४८ हजार असुल गर्नुपर्नेमा नगरेकोले नपुग रु.६ लाख ८९ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।<br>१८.४. विभिन्न योजना निर्माण एवं डि.पि.आर. तयार गर्नका लागि चार निर्माण व्यवसायी र तीन परामर्शदातासँग सम्झौता गरी रकम भुक्तानी गरेकोमा निर्माण व्यवसायी/परामर्शदाताहरूको सम्झौता अनुसार निर्धारित अवधिकमा काम सम्पन्न नगरेको र म्याद थप समेत नभएकोले म्याद समाप्त भएपछि अन्तिम बिल भुक्तानी गर्दा नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेकोले रु.४ लाख ६१ हजार सम्बन्धित निर्माण व्यवसायी/परामर्शदाताहरूबाट असुल हुनुपर्दछ । | |
| १९ | **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उपनियम २ ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गर्नुपर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी सोही आधारमा मूल्य वृद्धि भुक्तानी हुनुपर्ने उल्लेख छ । मूल्य समायोजन सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्ः-<br>१९.१. पूर्वाधार विकास कार्यालय, म्याग्दीले बागलुङ-बेनी सडक र बेनी-दरबाङ्ग सडक निर्माण कार्यको लागि मूल्य समायोजन गणना गर्दा फरक सूचकांकको आधारमा गणना गरेको कारण मूल्य समायोजन फ्याक्टर फरक पारी रु.२१ लाख ३८ हजार बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।<br>१९.२. पूर्वाधार विकास कार्यालय, म्याग्दीले बेनी-दरवाङ्ग सडक र बेनी-गलेश्वर सडक निर्माण कार्यको दुई निर्माण व्यवसायीबीच भएको सम्झौताको विशेष शर्तमा मोविलाइजेशन पेस्की कट्टा गरि सकेपछिको बिल रकममा मूल्य समायोजन भुक्तानी गर्ने उल्लेख छ । कार्यालयले पेस्की कट्टा नगरी मूल्य समायोजन भुक्तानी गरेकोले पेस्की रकममा दिएको मूल्य समायोजन रु.३७ लाख ८९ हजार असुल हुनुपर्दछ । | असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| २० | **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा पूर्वाधार विकास कार्यालय, कास्कीको रु.१९ लाख ३० हजार, म्याग्दीले रु.४ लाख ५६ हजार र लमजुङ्गले रु.३ लाख २२ हजार समेत रु.२७ लाख ८ हजार नापी किताब र | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | स्वीकृत नर्श भन्दा बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ । | |
| २१ | **आयोजना स्वीकृति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ ३) अनुसार सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माणस्थलबाट हटाउनुपर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नगरी तथा प्रचलित कानुन बमोजिम गर्नुपर्न वातारणीय अध्ययनको प्रतिवेदन स्वीकृत गराई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, नवलपरासी ब.सु.पू) ले २०७८।१०।१५ मा सम्पन्न गर्ने गरी मुकुन्दपुर आहाले रत्नपुर कोथार डाँडाझेरीदेखि बुलिङ्गटार सडक खण्ड निर्माण कार्य रु.२४ करोड ८१ लाख ७ हजारमा सम्झौता गरेको छ । २०७६।१०।२९ मा रु.१ करोड ८५ लाख पेस्की दिएको र भौतिक प्रगति १० प्रतिशत मात्र भई काम स्थगित भएकोले आयोजना अलपत्र परेको अवस्था छ । बहुवर्षीय आयोजनाको पूर्व तयारी नगरी निर्माण कार्यको प्रक्रिया अगाडि बढाएकोले उक्त निर्माण कार्यबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको अवस्था छ। | पूर्व तयारी पुरा नगरी निर्माण कार्यको प्रक्रिया अगाडि नबढाउन निर्देशन दिने । |
| २२ | **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ ४) अनुसार बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गर्दा लागत अनुमानभन्दा १५ प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबुल अङ्कको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानतवापत रकम दाखिला गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, नवलपुरले रु.४९ करोड ३१ लाख ४९ हजार लागत अनुमान भएको आवु भागे छिम्केश्वरी हिले बाहुन भञ्याङ्ग छिम्केश्वरी पर्यटन मार्ग निर्माण | उक्त कार्य सम्पादन जमानत यथाशिघ्र पेश गर्न लगाई वेरुजु संपरिक्षण गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | २०७८।११।१३ मा सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग रु.३४ करोड ८० लाख ८९ हजारमा सम्झौतामा गरेको छ । निर्माण व्यवसायीले ऐनमा भएको व्यवस्थानुसार रु.५ करोड २९ लाख ४८ हजार कार्यसम्पादन जमानत राख्नुपर्नेमा रु.५ करोड १९ लाख ८८ हजारको कार्यसम्पादन जमानत पेस गरेकोले नपुग रु.९ लाख ६० हजार को कार्य सम्पादन जमानत पेस गर्नुपर्दछ । | |
| २३ | **सीमाभन्दा बढीको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, स्याङ्जाले रु.१ करोड १५ लाख लागत अनुमान भएको चापाकोट सिंचाई योजना, रु.१ करोड ६ लाखको सेतीखोला स्थानेश्वर सिंचाई योजना, रु.१ करोड ५ लाख को बाह्रविसे सिंचाई योजना र रु.१ करोड ९ लाख लागत अनुमान भएको बगरखेत सिँचाइ योजना समेत ४ योजना उपभोक्ता समिति मार्फत रु.१ करोडभन्दा बढी अनुमान रहेको निर्माण गराएको छ । नियमले तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समिति मार्फत गराएको अनियमित देखिन्छ । | नियमले तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समिति मार्फत किन गराईएको हो सो सम्बन्धमा छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडि वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |
| २४ | **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग) मा ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, नवलपुरले ५, म्याग्दीले ९ र कास्कीले १ निर्माण व्यवसायी तथा परामर्शदातालाई भुक्तानी दिँदा पचास प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.११ लाख ६२ हजार कट्टा नगरी | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | भुक्तानी दिएको छ ।उक्त रकम राजस्वमा जम्मा भएको सुनिश्चित गर्नुपर्दछ । | |
| २५ | **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, गोरखाले घुन्चकटार सिँचाइ आयोजनाको निर्माण कार्य वापत एक निर्माण व्यवसायीलाई भुक्तानी गर्दा प्राविधिक मूल्याङ्कन भन्दा रु.५ लाख ३ हजार बढी भुक्तानी भएकोले सम्बन्धित निर्माण सेवाबाट असुल गर्नुपर्दछ । | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| २६ | **काठेपोल प्रतिस्थापनः** काठेपोल प्रतिस्थापन सम्बन्धी कार्यविधि, २०७५ अनुसार सम्बन्धित स्थानीय तहले स्टील पोल जडान कार्य सम्पन्न भएको ७ दिनभित्र त्यसको जानकारी वा प्रगति विवरण कार्यालयलाई पठाउनुपर्ने, यस सम्बन्धी निर्माण कार्य एक आर्थिक वर्षभित्र सम्पन्न गरी सक्नुपर्ने र मन्त्रालय र स्थानीय तहले काठेपोल प्रतिस्थापन कार्यको अनुगमन गर्नुपर्ने व्यवस्था छ । यस वर्ष जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू गोरखा, कास्की, तनहुँ, म्याग्दी, पर्वत, स्याङ्जा र बागलुङले स्टील पोल खरिदमा रु.१८ करोड ६६ लाख २४ हजार खर्च लेखेका छन् । कार्यालयहरूले उक्त पोल स्थानीय तहलाई पठाएकोमा जडान कार्य सम्पन्न भएको प्रगति विवरण प्राप्त भएको छैन । विद्युत प्राधिकरणसँग समन्वय नगरी गरेको उक्त कार्यको अनुगमन गरी पोल प्रयोगको सुनिश्चितता गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने |
| २७ | **जडानभन्दा बढी खर्चः** खानेपानी आयोजनामा प्रयोग भएको पाइप नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्दछ । खानेपानी तथा | महालेखा परीक्षकको सुझाव अनुसार प्रमाण पेश गर्न लगाई संपरिक्षण गर्न निर्देशन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सरसफाई डिभिजन कार्यालय, स्याङ्जाले १३. तनहुँले ३६, गोरखाले १९ र बागलुङले ४ खानेपानी आयोजनामा नापी कितावमा उल्लेख भएको परिमाण भन्दा रु.३ करोड २ लाख ९३ हजार बढी मूल्यका विभिन्न साइजका १ लाख ७० हजार ७३६ मिटर पाइप जिन्सी खाताबाट खर्च भएकोले उक्त पाइप प्रयोगको प्रमाण पेस गर्नुपर्दछ । | दिने। |
| २८ | **पाइप मौज्दात** - खानेपानी आयोजनाहरूको लागि पाइप तथा फिटिङ्ग औजार गत विगतको मौज्दातको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र मौज्दात नरहने गरी खरिद गर्नुपर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखामा गत वर्ष रु.५ करोड ९ लाख ९७ हजारको पाइप तथा फिटिङ्गस् मौज्दात रहेकोमा यस वर्ष रु.३८ करोड ७१ लाख ३५ हजारको खरिद र रु.२९ करोड ५९ लाख ७० हजारको पाइप तथा फिटिङ्ग आयोजनामा खर्च भई रु.१४ करोड २१ लाख ६२ हजारको मौज्दात रहेको छ । गत वर्षको तुलनामा १७८ प्रतिशतले मौज्दात वृद्धि भएको छ । कार्यालयले न्यूनतम मौज्दात तोकी बढी नहुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २९ | **घटी लागत सहभागिताः** सहलगानी कार्यान्वयन निर्देशिका, २०७२ दोस्रो संशोधन २०७४) को बुदाँ नं. ५.१ क) मा मौजुदा खानेपानी आयोजनाको सेवा क्षेत्र वा सेवास्तर वृद्धि वा क्रमागत वा नयाँ योजनाको निर्माण कार्यमा उपभोक्ता संस्थाले कुल लागतको कम्तिमा ३० प्रतिशत र नेपाल सरकारले ७० प्रतिशत पूँजीगत लगानी गर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जाले लेखनाथ दोस्रो सहलगानी खानेपानी तथा सरसफाई आयोजनाको लागि एक निर्माण व्यवसायीसँग | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उपभोक्ता संस्थाको लागत सझेदारीमा रु.८ करोड १३ लाख ६२ हजारमा सम्झौता गरेको छ । उक्त निर्माण कार्यको पाचौं रनिङ्ग विलसम्मको कुल मूल्याङ्कन रु.५ करोड २१ लाख २९ हजारमा उपभोक्ता समितिको ३० प्रतिशत जनसहभागिता कट्टा गरी रु.३ करोड ६४ लाख ९० हजार मात्र भुक्तानी गर्नुपर्नेमा रु.४ करोड ५६ लाख १२ हजार भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.९१ लाख २२ हजार सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ । | |
| ३० | **मुहान विवाद :** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जाले सेतीदोभान खानेपानी आयोजनाको निर्माणको लागि एक निर्माण व्यवसायीसँग रु.१ करोड ८५ लाख २० हजारमा सम्झौता गरेको छ । स्थानीयस्तरमा अवरोध सृजना भएपछि निर्माण व्यवसायीलाई रु.६७ लाख १५ हजार भुक्तानी पश्चात उक्त स्थानमा काम गर्न नसकिएकोले पहिलेको स्थानबाट २ किलोमिटर परको अर्को स्थानमा संरचना निर्माण भईरहेको छ । यसरी मुहान विवाद हुँदा विवादित स्थानमा कार्यालयबाट भएको लगानी खेर जाने भएकोले आयोजना सञ्चालन गर्नु पूर्व नै मुहान विवाद नहुने गरी आयोजना सञ्चालनको प्रक्रिया अगाडि बढाउनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३१ | **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८९ ३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको रु.५० लाख भन्दा बढीको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतको दरले कर कट्टी गर्नुपर्नेमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जाले उपभोक्ता समितिमार्फत गरेको ११ योजनामा रु.५० लाख भन्दा बढीको भुक्तानीमा कर कट्टी नगरेको र घटी कट्टी गरेको रु.८ लाख ७८ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव अनुसारको रकम असुल उपर गरी राजस्व दाखिला गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ३२ | **जनता आवास कार्यक्रम** - जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं. ६ ११) मा लाभग्राहीसँग भएको सम्झौता बमोजिम कार्य प्रगतिको आधारमा विल भरपाई प्राप्त भएपछि किस्ताबन्दी रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्कीका ५७, पर्वतका ६२ र स्याङ्जाका १५६ लाभग्राहीलाई पहिलो किस्ताबाट भएको कार्यको बिल भरपाई र प्राविधिक मूल्याङ्कन बेगर रु.२ करोड ७५ लाख ५४ हजार भुक्तानी दिएको छ । पहिलो किस्ताबाट भएको कार्यको प्राविधिक मूल्याङ्कन पेस गर्नुपर्दछ । | उपरोक्त सुझावअनुसार प्राविधिक मूल्याङ्कन बेगर भुक्तानी नगर्न निर्देशन दिने । |
| ३३ | **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग) मा ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्कीले २० र गोरखाले ६ निर्माण व्यवसायी तथा परामर्शदातालाई भुक्तानी दिंदा ५० प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.१६ लाख ५८ हजार कट्टा नगरी भुक्तानी दिएका छन् । उक्त रकम राजस्वमा जम्मा भएको सुनिश्चित गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३४ | **सेवा प्रवाह** : यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र) बाट २ पाङ्ग्रे तथा ४ पाङ्ग्रे सवारी साधनको नयाँ सवारी चालक अनुमतिपत्र वितरण, नवीकरण तथा विदेशी सवारी चालक अनुमति पत्रको नेपालीकरण जस्ता सेवा प्रवाह हुँदै आईरहेको छ । यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र) गण्डकी, कास्कीले यस वर्ष २० हजार ३५० नयाँ सवारी चालक अनुमतिपत्र जारी, नवीकरण लगायतबाट रु.१६ करोड १८ लाख ७५ हजार राजस्व आम्दानी गरेको छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हरेक वर्ष सवारी चालक अनुमतिपत्र लिने सेवाग्राहीको संख्या बढ्दो छ । कार्यबोझका तुलनामा कर्मचारीको संख्या कम रहेको, सूचना प्रविधिमैत्री जनशक्तिको न्यूनता रहेको, स्मार्ट कार्ड सवारीचालक अनुमतिपत्र) वितरणमा ढिलाई, प्रयोगमा ल्याएको सफ्टवेयरको कनेक्टिभिटीमा बारम्बार समस्या आउने गरेको, सफ्टवेयरमा एकै सेवाग्राहीको दुई वा दुई पटक भन्दा बढी इन्ट्री हुने समस्या रहेको, प्रयोगात्मक परीक्षा सञ्चालनका लागि आफ्नै पर्याप्त ट्रायल सेण्टर नरहेको जस्ता समस्या तथा कठिनाई रहेको देखिन्छ । कार्यालयले सेवाग्राहीलाई प्रदान गर्ने विद्युतीय सवारी चालक अनुमतिपत्रको अभिलेख राखी समयमै सेवा उपलब्ध गर्नुपर्दछ ।<br>३४.१. यातायात सवारी कार्यालयबाट रुट पर्मिट प्रक्रिया अन्तर्गत सार्वजनिक यातायात सञ्चालन हुने सवारी साधनहरूलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ता प्राविधिक पक्षहरूमा पर्याप्त ध्यान नपुर्‍याइएको, पूर्ण रूपमा सडक पूर्वाधार सम्पन्न नभइसकेको अवस्थामा पनि बाटो अनुमतिपत्र दिनुपर्ने अवस्था रहेको, विना इजाजत सवारी साधन सञ्चालन हुने गरेको, यातायात व्यवसायीहरूबीच अस्वस्थ प्रतिस्पर्धा एवं सीण्डिकेट प्रणालीबाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो यातायात सुविधाबाट बञ्चित रहनु परेको, रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेको जस्ता समस्या रहेको देखिन्छ । सार्वजनिक यातायात सेवालाई व्यवस्थित, स्वच्छ र प्रभावकारी बनाउनको लागि बाटो इजाजत लगायतका सेवा प्रवाह प्रक्रियालाई सरल र चुस्त बनाउनु पर्दछ । | |
| ३५ | **राजस्व रकम भिडान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा | तत्काल छानविन गरी छानवीनको निष्कर्ष |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्रचलित कानुन बमोजिम प्राप्त भएको राजस्व सरकारी कारोवार गर्न तोकिएको बैंकमा नन् अपरेटिभ रेभिन्यू एकाउण्टमा मात्र जम्मा गरी सोको अभिलेख राखुपर्ने व्यवस्था छ । यातायात व्यवस्था कार्यालय सवारी साधन अनुमतिपत्र) गण्डकी, कास्कीले यस आर्थिक वर्षमा ७ शीर्षकमा यातायात व्यवस्था विभागको नेपाल इलेक्ट्रोनिक ड्राइभिङ् लाइसेन्स एण्ड भेइकल रजिष्ट्रेशन सिस्टमबाट रु.१५ करोड १६ लाख ८ हजार, प्रदेश आर्थिक ऐन, २०७६ को अनुसूची २ मा तोकिएको थप दर अनुसार कार्यालयले प्रयोग गरेको रु.१०० र रु.२०० को छापबाट प्राप्त भएको रु.१ करोड १९ लाख ८३ हजार एवं नगदी रसिद प्रयोग गरी रु.५ लाख ३६ हजार समेत रु.१६ करोड ४१ लाख २८ हजार आम्दानी हुनुपर्ने देखिन्छ । कार्यालयको प्रमाणित आर्थिक विवरणमा राजस्व दाखिला रु.१६ करोड १८ लाख ७५ हजार मात्रै भएकोले रु.२२ लाख ५२ हजार कम आम्दानी बाँधेको देखियो । कार्यालयले आर्थिक ऐन, २०७६ बमोजिमको थप दस्तुर लिँदा रु.१०० र रु.२०० को छाप बनाई सेवाग्राहीको रसिदमा मात्र छाप हानी रकम संकलन गर्ने गरेको कारण छाप हानेर के कति रकम संकलन भएको स्पष्ट नखुलेको र कुन मितिबाट सवारी चालक अनुमतिपत्रको नवीकरण शुल्क र प्रतिलिपि दस्तुरमा थप रकम नलिएको सम्बन्धमा कार्यालयको निर्णय वा अन्य कुनै अभिलेख समेत राखेको छैन । यस सम्बन्धमा छानविन गरी घटी दाखिला देखिएको रकम असुल गर्नुपर्दछ । | अनुसार दाखिला रकम घटी देखिएमा घटी दाखिला देखिएको रकम यथाशिघ्र असुल उपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| ३६ | **बेरुजु स्थिति** : मन्त्रालय तथा मातहत २९ निकायको रु.५५ करोड ६६ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १६ निकायले रु.१६ करोड ९७ लाख ९५ हजार फस्यौट गरेकोले रु.३८ करोड ६८ लाख ८८ | वेरुजु फछ्यौंटको प्रक्रियामा रहेको जानकारी प्राप्त भएकाले प्रक्रियालाई छिटो टुङ्गयाई यथाशिघ्र वेरुजु फछ्यौंट गरी |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हजार बाँकी बेरुजु देखिएको छ । सो मध्ये रु.१३ करोड ८६ लाख ८७ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । | समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

**४.७.४ महालेखा परीक्षकको दोस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) उपर मिति २०८०।११।१३ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **नीति कार्यान्वयन** - गण्डकी प्रदेश कार्यविभाजन) नियमावली, २०७४ मा उल्लेख भएका प्रदेश स्तरको उर्जा, विद्युत, सिंचाइ, खानेपानी, जलउत्पन्न प्रकोप नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, राष्ट्रिय जलस्रोत नीति, जलाधार संरक्षण नीति, यातायात व्यवस्था नीति, विपद् व्यवस्थापन नीति, प्रदेश लोकमार्ग सम्वन्धी नीति, राष्ट्रिय भवन संहिता निर्माण, जग्गा एकीकरण सम्बन्धी नीति, सडक सुरक्षा नीति, प्रादेशिक शहरी विकास तथा आवास नीति तर्जुमा गर्ने तथा सोको कार्यान्वयन गर्न आवश्यक प्रादेशिक विद्युत ऐन, प्रादेशिक जलस्रोत ऐन लगायतका कानुन तथा कार्यविधि तर्जुमा जस्ता कार्यहरु हुन सकेको देखिएन । | कार्यविभाजन नियमावलीले तोकेका कार्यहरु सबैलाई प्राथमिकतामा राखि कार्यान्यवन गर्न निर्देशन दिने । |
| २ | **बजेट** - विनियोजन र खर्च विनियोजन विधेयक, २०७५ अनुसार २०७५।७६ को लागि रु. १० अर्व ८ .करोड ७२ लाख विनियोजन भएकोमा रकमान्तर गरी रु 5 ७ अर्व ५८ करोड ७१ .१२ अर्व १३ करोड ९४ लाख वजेट कायम भएकोमा रु ५०.लाख खर्च भई बजेटको ६२प्रतिशत खर्च भएको छ। विनियोजित बजेटमध्ये रु.४ अर्व ५५ करोड २३ लाख खर्च भएको देखिएन। लक्षित कार्यक्रमहरु संचालन गरी बजेटको सदुपयोग गर्नुपर्दछ। | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **ढिला अख्तियारी** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १५ २) मा तालुक निकायले विनियोजन ऐन जारी भएको ७ दिनभित्र अख्तियारी बाँडफाँड गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनुपर्ने र एक पटक बाँडफाँड गरिसकेपछी पटक पटक बाँडफाँड गर्न नसकिने उल्लेख छ । मन्त्रालयले यस वर्ष शुरु अख्तियारी दिइसकेपछि पटक पटक गरी अख्तियारी दिएको छ। अख्तियारीमध्ये २०७६ जेष्ठ | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | र असारमा मात्र कुल रु.२ अर्ब ७० करोड ४९ लाख दिएको छ। समयमा अख्तियारी उपलब्ध नगराउदा कार्यसञ्चालनमा कठिनाई हुने एवं छोटो समयमा खर्च गर्नुपर्दा निर्माण कार्यको गुणस्तर नहुने भएकोले समयमै अख्तियारी दिने व्यवस्था मिलाउनुपर्दछ । | |
| ४ | **अवण्डा** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १५ २) मा विनियोजन ऐनको अनुसूचीमा उल्लेखित रकम तालुक निकायले विनियोजन ऐन जारी भएको ७ दिनभित्र बाँडफाँड गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनुपर्ने र एक पटक बाँडफाँड गरिसकेपछि पटक पटक बाँडफाँड गर्न नसकिने उल्लेख छ । मन्त्रालयले पटक पटक अख्तियारी दिएको देखिन्छ । एकैपटक अख्तियारी नदिएको कारण रु.१ अर्ब १५ करोड ३५ लाख ४१ हजार अवण्डाको रुपमा रहेको देखियो। यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । | अवण्डा रकम नराख्न निर्देशन दिने । |
| ५ | **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै शीर्षकमा बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । तीन शीर्षकमा शुरु विनियोजनमा रकमान्तरवाट थप गरी अन्तिम बजेट कायम गरेतापनि आर्थिक वर्षको अन्त्यमा शुरु विनियोजित रकम नै खर्च नभई वित्तीय प्रगति न्यून देखिएको छ । योजना र बजेटमा उल्लेखित कार्यक्रमको तोकिए बमोजिम वित्तिय तथा भौतिक प्रर्गात हासिल गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **खरिद योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ तथा नियम | खरिद गुरुयोजना र वार्षिक खरिद योजना |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | बमोजिम मन्त्रालयले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरीदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख गरेकोमा गुरुयोजना र वार्षिक खरिद योजना बनाएको छैन। नियममा तोकिए बमोजिम योजना बनाउनु पर्दछ । | वनाई कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **दरवन्दी र पदपूर्ति** - यो वर्ष मन्त्रालय अन्तर्गतका ३३ कार्यालयको लागि कुल ५८६ दरवन्दी रहेकोमा ४२० पदपूर्ति भई १६६ रिक्त रहेको देखिन्छ । नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी अनुसार र्मचारीको पदपुर्ति गर्नुपर्नेमा हालसम्म प्रदेश सरकारले प्रदेश लोकसेवा आयोग समेत गठन गरेको छैन ।सेवा प्रवाहमा प्रभावकारीता ल्याउन आवश्यक दरबन्दी यकिन गरी दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **कार्यक्रम कार्यान्वयन र प्रगति** - आर्थिक वर्ष २०७५।७६ को बजेटको प्रभावकारी कार्यान्वयनको लागि आर्थिक मामिला तथा योजना मन्त्रीको संयोजकत्वमा बजेटको मासिक समिक्षा गरिने र प्रत्येक २ महिनामा मन्त्रीस्तरीय समस्या समाधान समिति र मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरीय विकास समस्या समाधान समिति गठन गरी आयोजना तथा कार्यक्रमको प्रगति समिक्षा गरिने उल्लेख छ । बजेट कार्यान्वयनको अवस्था परीक्षण गर्दा प्रदेशस्तरीय सडक संजाल निर्माण गर्ने कार्यमा सडक गुरुयोजना निर्माणको आधार तयार हुदै गरेको, प्रदेश गौरवको आयोजनाको रूपमा बुढीगण्डकी, देवघाट, मरुयाङ्दी, सालिग्राम सांस्कृतिक करीडोर निर्माण गर्ने कार्य शुरु हुने कममा रहेको, पोखरा चक्रपथको विस्तृत प्रतिवेदन निर्माण गर्ने कार्यमा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सम्भाव्यता अध्ययनको कार्य मात्र शुरु भएको, पोखरा महानगरपालिकासंगको सहकार्यमा मेट्रोबस टर्मिनल र अन्तर वसपार्क निर्माण कार्यमा जग्गा प्राप्तिको प्रक्रिया चलिरहेको छ ।विजयपुरमा कलात्मक पुल आर्क, सिग्नेचर) निर्माण गर्ने, प्रादेशिक भवन निर्माण आचार संहिता तथा मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउने, वहुउपयोगी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको स्थापना गर्ने, मनाङ, मुस्ताङ र बाग्लुङमा सौर्य उर्जाको विकास गर्न सम्भाव्यता अध्ययन गर्ने जस्ता कार्य शुरुवातनै भएको छैन । प्रदेश सरकारले बजेट मार्फत घोषणा गरेका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| 9 | **वार्षिक लक्ष्य तथा प्रगति** - यो वर्ष निर्मित भवनको संरचनात्मक सुधारको लागि रु.६ करोड १४ लाख ५० हजार विनियोजन भएकोमा सो सम्बन्धी कार्य भएको छैन। ३० मेशिनरी औजार खरिद गर्ने गरी कार्यक्रम तयार भएकोमा १० मात्र खरिद भएको देखिन्छ । ४ स्थानमा जग्गा विकासको कार्य गर्ने उद्देश्य रहेकोमा २ स्थानको मात्र जग्गा विकास भएको देखिन्छ । ४ पटक क्षेत्रगत नीति तर्जुमा कार्यक्रम गर्ने उद्देश्य रहेकोमा १ पटक मात्र कार्यक्रम सञ्चालन भएको छ ।<br>मन्त्रालयले सडक पुर्वाधार अन्तर्गत २०० कि.मी. कच्ची सडक निर्माण, १७० कि.मी. ग्राभेलस्तरमा स्तरोन्नती, १०० कि.मी. पक्की सडक निर्माण गर्ने लक्ष्य लिएकोमा क्रमशः १९६ कि.मी., ९५० कि.मी. र ६९ कि.मी., निर्माण भएको र ७ झोलुंगे पुल तयार गर्ने लक्ष्य लिएकोमा ३ झोलुंगे पुल निर्माण भएको देखिन्छ । लक्ष्य अनुसार प्रगति गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| 10 | **पोल खरिद** - प्रदेश सरकारले तयार गरेको काठेपोल प्रतिस्थापन सम्बन्धी कार्यविधि, | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | २०७५ को दफा ७ मा काठेपोल प्रतिस्थापन कार्यमा प्रदेश सरकारवाट लगानी गरिने रकमको शेयर गण्डकी प्रदेश सरकारको नाममा आउने व्यवस्थाको लागि नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाउने उल्लेख छ । प्रदेश सरकारले बनाएको यस कार्यविधि अन्तर्गत रही मन्त्रालयले विभिन्न सिँचाइ कार्यालयहरुबाट पोल खरिद गर्ने कार्य गरेको देखिन्छ । उक्त कार्यको लागि रु.१६ करोड ६७ लाख २४ हजार खर्च भएको विवरण पेश गरेको छ। नीति तथा कार्यक्रम, बजेट तथा कार्यविधिमा स्थानीय तहको सहकार्यमा पोल खरिद गर्ने उल्लेख भएकोमा कुनै पनि स्थानीय तहले वित्तीय सहकार्य गरेको देखिएन । नेपाल विद्युत प्राधिकरणको कार्यक्षेत्रमा प्रदेश सरकारले लगानी गरेकोमा समन्वय समेत भएको छैन। प्रदेशले लगानी गरेको रकमको शेयर एवं प्रतिफल लिने व्यवस्था मिलाउनुपर्दछ । | गर्न निर्देशन दिने । |
| ११ | **विद्युत विस्तार** - मन्त्रालयले यो वर्ष विद्युत सेवा नपुगेका विभिन्न ठाउँमा विद्युत पुऱ्याउने उद्देश्यले रु. ७५ करोड ७० लाखको लागत अनुमान तयार गरी नेपाल विद्युत प्राधिकरणका पोखरा र बुटवल शाखालाई काम गर्ने जिम्मेवारी दिएको छ । यो वर्ष उक्त कामको लागि रु. २५ करोड २३ लाख ८ हजार पेश्की दिएको छ । नेपाल विद्युत प्राधिकरणले गर्नुपर्ने काम यस मन्त्रालयले गरेकोमा उक्त रकमको समेत शेयर एवं प्रतिफल प्राप्त गर्ने व्यवस्था मिलाएको छैन । | महालेखा परीक्षकको सुझाव अनुसार शेयर एवं प्रतिफल प्राप्त गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| १२ | **स्रोतको सुनिश्चितता** - मन्त्रालयबाट प्राप्त बहुवर्षीय ठेक्काको विवरण अनुसार ४० सडकको लागि रु ९ अर्व ३७ करोड ५६ लाख ७६ हजारका बहुवर्षीय ठेक्का सम्झौता भएको उल्लेख छ। उक्त ठेक्का बहुवर्षीय ठेक्का सम्बन्धी निर्देशिका, २०७५ वमोजिम कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयवाट सहमति लिएको | स्रोतको सुनिश्चितता गरेर मात्र बहुवर्षीय ठेक्का लगाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | छैन । स्रोतको सुनिश्चित हुने गरी मध्यकालीन खर्च संरचनामा उल्लेख भएको समेत देखिदैन । मन्त्रालयले आगामी वर्षको नियमित बजेटवाट कार्यक्रम गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति लिने जनाएको छ। स्रोतको सुनिश्चितता गरेर मात्र बहुवर्षीय ठेक्का लगाउनुपर्दछ । | |
| १३ | **नर्म्स** - मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत सडक, सिंचाइ, भवन, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन, भूमिगत सिंचाइ आदि पूर्वाधार निर्माण सम्बन्धी कार्य रहेकोमा उक्त पूर्वाधारहरुको कार्य गर्ने गरी स्ट्यान्डर्ड नसं र स्पेशिफिकेशन तयार गरेको छैन । नर्म्स तयार गरी खर्चमा एकरुपता ल्याई पूर्वाधार विकासको कार्य गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १४ | परामर्श सेवा - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने र दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । मन्त्रालयले यो वर्ष रु.३ करोड ९५ हजारको लागत अनुमान तयार गरी विभिन्न १८ फर्मबाट सोझै परामर्श सेवा खरिद गरी रु.२ करोड ९६ लाख ९ हजार खर्च गरेको छ । यस सम्बन्धमा मन्त्रालय मातहत देखिएका व्यहोरा निम्न छन् :<br>१४.१. भौतिक पूर्वाधार विकास मन्त्रालयमा ११ जना प्राविधिक जनशक्ति उपलब्ध हुँदाहुँदै झोलुङ्गे पुल तथा सडकको सम्भाव्यता अध्ययन, विस्तृत सर्भेक्षण, डिजाइन र लागत अनुमान तयारी जस्ता कार्य वाय परामर्शदाताबाट गराएको कारण मन्त्रालयको लागत खर्च बढेको छ। विभागीय जनशक्तिको उपयोग नगरी परामर्शदाताबाट काम गराएको मनासीव देखिदैन । यस्तो कार्यमा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | नियन्त्रण गर्नुपर्दछ ।<br>१४.२. वार्षिक खरिद योजना स्वीकृत भई कार्यान्वयन प्रकृयामा गएका योजनाहरुको अवस्था र स्रोतको आंकलन जस्ता पक्षलाइ मध्यनजर राखेर संस्थागत अपनत्व लिनेगरी यस प्रकारका अध्ययन गरेर कार्य सम्पादन प्रक्रिया अगाडि बढाउनुपर्नेमा परामर्शदाताबाट अध्ययन गराउने, तर सोको अभिलेखिकरण नगर्ने अवस्थामा संस्थागत स्मरण जस्ता कारणले यस्ता खर्च प्रतिफलमूखी हुने अवस्था छैन ।<br>१४.३. शहरी विकास तथा भवन कार्यालय, गोरखाले प्रतिस्पर्धा वेगर पटक पटक १० परामर्श सेवा लिई रु.१ करोड ४ लाख ७ हजार खर्च गरेको छ भने शहरी विकास तथा भवन कार्यालय, कास्कीले ४ परामर्शसेवा वापत ६४ लाख ४९ हजार खर्च गरेको छ। उक्त प्रतिवेदन कार्यान्वयन समेत भएको छैन । सोझै परामर्श सेवा खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १५ | **बोलपत्र र सोझै खरीदको तुलना** - यातायात पूर्वाधार निर्देशनालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० बमोजिम खुला रुपमा आसय पत्र माग गरी विभिन्न प्याकेजका ३ ठेक्का लगाएकोमा लागत अनुमान र ठेक्का रकमको २४ मोटरेवल पुलको डिटेल डिजाइन कार्य प्रतिस्पर्धा गदां लागत अनुमानको तुलनामा औषतमा ४८.३१ प्रतिशतले घटेको तर प्रतिस्पर्धा वेगर प्रस्ताव माग गर्दा १.१८ प्रतिशत घटेको देखिन्छ । प्रस्ताव माग गरी छनोट गरेका ठेक्कामा प्रतिस्पर्धा गरेको भए रु.१ करोड ५५ लाख २९ हजारको लागत अनुमानमा औषत ४८.३१ ले रु.७५ लाख २ हजार घटीमा कार्य हुने अवस्था रहेको छ । परामर्शदातासंग | खुल्ला रुपमा आशयपत्र माग गरी खरिद कार्य गर्दा आर्थिक रुपमा समेत उपयुक्त देखिएकाले टुक्रा टुक्रा पारी सोझै खरिद गर्ने कार्य नगर्न नगराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आर्थिक प्रस्ताव माग गरी सोझै सेवा खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १६ | **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी थप गर्ने व्यवस्था छ । एकीकृत आर्थिक सङ्केत बर्गीकरण तथा व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाइन गर्नुपर्ने रकमहरु जस्तै दैनिक भ्रमण भत्ता, इन्धन खर्च, मर्मत, कार्यालय संचालन तथा स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता चालु प्रकृतिको खर्चमा पूर्वाधार विकास कार्यालय, पोखराले रु.१ करोड ३९ लाख ६८ हजार, पर्वतले रु.१ करोड ४८ लाख ७१ हजार, नवलपुरले रु.९० लाख २६ हजार, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, कास्कीले रु.९४ लाख ८१ हजार, पर्वतले ७० लाख ३२ हजार, स्याङ्जाले रु.८३ लाख ४९ हजार, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जाले रु.१ करोड ४७ लाख ९९ हजार, गोरखाले रु.२ करोड ९५ लाख समेत रु.१० करोड ७० लाख २६ हजार खर्च लेखेका छन्, जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिदैन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि चालु खर्चमा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको नियमसंगत देखिएन ।<br>१६.१. सामाग्री खरिद कार्यको लागत अनुमानमा कन्टिन्जेन्सी खर्च समावेश गर्ने व्यवस्था छैन । जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, म्याग्दीले विद्युत सामाग्री खरिदमा रु.३ लाख ३८ हजार, तारजाली खरिदमा रु.२ | किन यस्तो भएको हो सो सम्बन्धमा छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । साथै भविष्यमा यस्तो नहुने अवस्था निर्माण गर्न समेत निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | लाख ६८ हजार र पाइप खरिदमा रु.१ लाख ६३ हजार समेत रु.७ लाख ६९ हजार कन्टिजेन्सी खर्च गरेको छ। यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १७ | **मूल्य अभिबृद्धि कर** - आर्थिक ऐन, २०७६ मा सार्वजनिक निकायले २०७६/२०१६ देखिको ठेक्का वा करार अन्तंगतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। देहायका कार्यालयले २०७६।२।१६ देखिको भुक्तानीमा ५० प्रतिशत राजस्व शीर्षकमा दाखिला नगरी रु. ५१ लाख ३७ हजार फर्मलाई नै भुक्तानी दिएकोले मूल्य अभिवृद्धिकर वितरणमा समायोजन नभएको रकम असुल हुनुपर्दछ । | महालेखा परीक्षकको सुझाव अनुसार मूल्य अभिवृद्धिकर वितरणमा समायोजन नभएको रकम असुल गर्न निर्देशन दिने । |
| १८ | **जटिल प्रकृतिका कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना हुने तथा आयोजनाको उद्देश्य नै रोजगारी सृजना गर्ने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ । जटिल प्राविधिक पक्ष समावेश भएको कार्य प्राविधिक ज्ञान सीप भएका विज्ञ वा निर्माण सेवाबाट नगराई उपभोक्ता समिति मार्फत गराउनु कानुनतः मिल्ने देखिदैन । उपभोक्ता समितिले त्यस्ता कार्य पूर्ण मेशिन प्रयोग गरेर मात्र सम्पन्न गर्ने भएकोले रोजगारी सृजना समेत नहुने अवस्था छ । यस वर्ष विभिन्न ४ निकायका रु १७ करोड ४६ लाख १९ हजार संझौताका २५ काम उपभोक्ता समिति मार्फत गराई रु १५ करोड २१ लाख ३८ हजार भुक्तानी दिएकोमा यस्ता केही कार्यको विवरण यस प्रकार रहेको छ : | ऐन तथा नियमको प्रतिकूल हुने गरी किन यस्तो कार्य गरिएको हो सो सम्बन्धमा छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । साथै भविष्यमा यस्तो नहुने अवस्था निर्माण गर्न समेत निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | १८.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७१९) मा उपभोक्ता समितिले हेभी मेशीन प्रयोग गर्न नपाइने व्यवस्था छ साथै नेपाल सरकारले रु.१ करोडसम्मका आयोजनाको निर्माण कार्यमा मेशीन प्रयोग नगर्ने नीति लिएको छ । पूर्वाधार विकास कार्यालय म्याग्दीले उपभोक्ता समितिमार्फत सडक निर्माणको काम गराई रु.४ करोड ४९ लाख ९७ हजार भुक्तानी दिएको मध्ये हेभी मेशीनको प्रयोगमा मात्र रु.३ करोड ७ लाख १३ हजार ६८.२५ प्रतिशत) रहेको छ ।<br>१८.२. पूर्वाधार विकास कार्यालय लमजुङले ३ उपभोक्ता समितिवाट सडक निर्माण गराई रु.२ करोड २७ लाख १३ हजार भुक्तानी गरेकोमा निर्माण कार्यमा १०० प्रतिशत हेभी मेशिन प्रयोग गरेको देखियो । ऐन तथा नियमको प्रतिकूल हुने गरी गरिने यस्ता कार्य पूर्णतया नियन्त्रण गरिनु पर्दछ । | |
| १९ | **साझेदारी** -स्थानीय तह साझेदारी अन्तर्गत पूर्वाधार विकास कार्यालय म्याग्दीले यस वर्ष ८ स्थानीय तहसँग रु.१ करोड ४९ लाख ८६ हजारको संझौता गरी सम्बन्धित स्थानीय तहलाई भुक्तानी दिएको छ । यस्ता कार्यक्रमका लागि प्रदेश सरकारले सम्बन्धित स्थानीय तहलाई अनुदान स्वरुप खर्च गर्ने अख्तियारी दिने व्यवस्था गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २० | **मूल्य समायोजन**- पूर्वाधार विकास कार्यालय कास्कीले एक जेभीलाई एक निर्माण कार्यमा मूल्य समायोजन बापत कुल रु.२ करोड ७ लाख ८ हजार भुक्तानी दिएको छ। राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम आयोजना कार्यान्वयन इकाई बुटवलले म्याद थपको सहमति दिंदा "नो कष्ट इम्पीलिकेशन दु एक्स्टेन्सन अफ | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | टाइम" भनी उल्लेख गरेकोले थपिएको अवधिको फ्याक्टर प्रयोग गर्न नमिल्ने गरी म्याद थपको सहमति दिएको देखिन्छ। तसर्थ मूल्य समायोजन दिँदा शुरु सम्झौताको अन्तिम मितिको समायोजन फ्याक्टरमा नबढ्ने गरी मूल्य समायोजन दिनुपर्नेमा कार्यालयले शुरु सम्झौताको अन्तिम मितिभन्दा पछिको फ्याक्टर प्रयोग गरी रु.२८ लाख ८१ हजार बढी भुक्तानी गरेकाले उक्त रकम असुल गर्नुपर्दछ। | |
| २१ | **कर विवरण-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ मा अकर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय म्याग्दीसंग खरिद सम्झौता गरेका ७ निर्माण व्यवसायीहरुले कार्यालयबाट रु.५६ लाख ४ हजार मुल्य अभिवृद्धि कर भुक्तानी लिएकोमा उक्त फर्महरुले मासिक कर विवरण समेत नबुझाई नन्फाइलर देखाएको त्यस्तै पूर्वाधार विकास कार्यालय, तनहुँसंग रु.१६ लाख ६७ हजार मू.अ.कर भुक्तानी लिने निर्माण व्यवसायीहरुले समेत कर समायोजन गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ । | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| २२ | **बैठक भत्ता** - अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७५ मा स्पष्ट विषय बस्तु र कार्य योजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय बाहिर हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, विशेषज्ञ सेवा आवश्यक परेमा बाहेक आमन्त्रित सदस्यलाई भत्ता प्रदान नगर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय कास्कीले यस वर्ष निमांण कार्यको प्राविधिक तथा आर्थिक मूल्याङ्कनमा कम्तिमा १० जनासम्म कर्मचारी सहभागी भई मूल्याङ्कन कार्य गरेको उल्लेख गरी प्रत्येक कर्मचारीले १ देखी ७० बटासम्म मुल्यांकन कार्य गरेको देखाई | अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७५ पुर्ण रुपमा कार्यान्यवन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रु.१३ लाख ८६ हजार बैठक भत्ता खर्च लेखेको छ । त्यस्तै यातायात पूर्वाधार निर्देशनालयले मूल्याङ्कनमा आवश्यक पर्ने सदस्य संख्या यकिन नगरी कार्यालयका मात्र कर्मचारीहरु सहभागि भएको बैठकको रु.३ लाख १४ हजार खर्च लेखेको छ । यस्ता कार्यमा नियन्त्रण गरिनु पर्दछ । | |
| २३ | **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० १) मा समयमा कार्यसम्पन्न गर्न नसकिने मनासिव कारण भएमा म्याद सकिनु २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने, नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाइ १० प्रतिशतमा नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय पर्वतका एक निर्णाण व्यवसायीले २०७५।३३१५ मा सम्पन्न गर्नुपर्नेमा यो वर्ष कुनै काम पनि नगरेको र म्याद थप समेत नभएकोले २ ठेक्काको रु.२० लाख २० हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।<br>२३.१. पूर्वाधार विकास कार्यालय, नवलपुर अन्तर्गत श्रृङ्गपथ सडक भिमाद-तनहुँ) को एक जे.भी संग २०७३३६।२९ मा काम सम्पन्न गर्ने गरी रु.९ करोड ८९ लाख ७५ हजार मा सम्झौता गरेकोमा म्याद समाप्त भएको ३ वर्ष ३ महिनाभन्दा बढी अवधि व्यतित भएको अवस्थामा पनि कामसम्पन्न नगरेकोले सम्झौता रकमको १० प्रतिशतले हुने रु.८७ लाख ५९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।<br>२३.२. पूर्वाधार विकास कार्यालय, लमजुङको एक सडकपुल २०७६।४।४ मा | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सम्पन्न गर्ने गरी रु.३ करोड ४४ लाख ३१ हजारमा सम्झौता भएको छ। प्रथम र दोस्रो रनिङ्ग विलबाट २०७६ आषाढ मसान्तसम्म रु.७६ लाख ५३ हजार भुक्तानी भएकोमा निर्माण व्यावसायीले माइलस्टोन अनुसार ८ महिनाभित्र उक्त संझौताको ५० प्रतिशत काम पूरा नगरेकोले २०७५/१२/१ देखि २०७६।३।३१ सम्मको दैनिक ०.०२५ प्रतिशतका दरले हुने क्षतिपूर्ति रु.१० लाख ३३ हजार असुल हुनुपर्दछ । | |
| **डिभिजन सडक कार्यालय** | | |
| २४ | **निर्माण कार्य शुरु नभएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ मा सार्वजनिक निकायले निर्माण कार्य निर्धारित समयमा गुणस्तरीय रुपमा सम्पन्न गर्नुपर्ने व्यवस्था छ। डिभिजन सडक कार्यलय तनहुँबाट २०७०।७१ देखि २०७२।७३ सम्ममा खरिद सम्झौता भएका र १ वर्ष अवधि तोकिएका ११ ठेक्का २०७६ अषाढ मसान्तसम्म निर्माण शुरु नै गरेको देखिएन । निर्माण अवधि १ वर्ष तोकिएका रु.१ करोड ११ लाख ५४ हजारका उक्त ठेक्काहरु सार्वजनिक खरिद ऐन नियम अनुसार कारबाही गरी टुङ्गो लगाउनु पर्ने देखिन्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २५ | **अधुरा योजना** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा वोलपत्रदाताले खरिद संझौता तथा खरिद सम्वन्धी अन्य लिखतमा उल्लेख भए अनुसारको दायित्व पालना गर्नुपर्ने उल्लेख छ। डिभिजन सडक कार्यलय, तनहुँबाट गत विगत वर्षमा ४२ योजनाहरु निर्माणको लागि रु.५० करोड १३ लाख ३५ हजारको सम्झौता भएकोमा २०७४।७५ सम्म रु.२२ करोड ९६ लाख १६ हजार भुक्तानी भएको छ। उक्त योजना प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको भनि यो वर्ष संघीय | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सरकारको बजेट तथा कार्यक्रममा बजेट विनियोजन नभएको एवं प्रदेशले समेत बजेट विनियोजन नगरेबाट योजनाहरु अलपत्र परेको देखियो । अधुरा योजनाहरु सम्पन्न गर्नु गराउनु पर्दछ । | |
| २६ | **ड्रिलिङ कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार वास्तविक भएको कार्यको आधारमा विलको भुक्तानी गर्नुपर्ने उल्लेख छ । भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालय, कास्कीबाट लागत अनुमान तयार गर्दा डीप बोरीड कार्यका लागि गरिने ड्रिलिङको लम्बाई र खपत हुने पाइपको लम्बाई समान रहने उल्लेख भएकोमा कार्यालयले निर्माण कार्य गराएका ४ योजनामा ८५५ मी पाइप खपत भएकोमा १ हजार १०२ मि ड्रिलिङको भुक्तानी दिएकोले २४७ मिटर ड्रिलिङ कार्य बढी देखाई बढी भुक्तानी दिएको रु.१९ लाख ७१ हजार छानविन गरी असुल गर्नुपर्दछ । | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| २७ | **प्रतिफल विहिन खर्च** - भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालय, कास्कीले खत्रिटार पौवाटार सिंचाइ योजनाको डीप बोरीड कार्यको लागि रु.३१ लाख ४२ हजार भुक्तानी दिएको छ। डीप बोरीङ्ग कार्यको लागि नापी किताव र रनिङ विल परीक्षण गर्दा पाइप खपत परिमाण १७२ मिटर र उक्त डीप बोरीड कार्यको लागि ड्रिलिङ गर्ने कार्य ३२० मिटर देखिएकोले पाइप खपतको तुलनामा ड्रिलिङ कार्य १४८ मिटर बढी देखाई रु.१० लाख ३३ हजार बढी खर्च लेखेको पाइयो। यस सम्बन्धमा छानविन गर्नुपर्ने देखिन्छ । | यसमा यथाशिघ्र छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |
| २८ | **असफल योजना** - भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालय, कास्कीबाट कोटथर डीप टयूववेल सिंचाइ योजना, कास्कीको डीप बोरीङ कार्य २०७६।२।१५ मा सम्पन्न | यसमा यथाशिघ्र छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गर्ने गरी एक कन्स्ट्रक्सन प्रा.लि. संग २०७५।१२।१ मा सम्झौता भएको थियो । ७० मीटर ड्रिलिङ गर्ने गरी लागत अनुमान तयार गरी सोही बमोजिम सम्झौता भएकोमा ६६ मिटर ड्रिलिङ र ६६ मिटर पाइपको खर्च वापत निर्माण सेवालाई रु.११ लाख ७६ हजार भुक्तानी दिएको छ । उक्त डीप बोरीङ कार्य असफल भएकोले सञ्चालनमा नआएको कारण डीप बोरीङ कार्यमा भएको लगानी व्यर्थ भएको छ । जियोलोजिकल सर्भे पश्चात मात्र डीप बोरीङ सम्बन्धी कार्य गरिने भएकोले डीप बोरीङ कार्य असफल हुनु उपयुक्त होइन । यसमा सम्बद्ध पदाधिकारी तथा परामर्शदातालाई जिम्मेवार बनाउनु पर्दछ । | अगाडि वढाउन र सोको जानकारी समितिलाई समेत गराउन तथा यसमा सम्बद्ध पदाधिकारी तथा परामर्शदातालाई उक्त कार्यको जिम्मेवार बनाउन निर्देशन दिने । |
| २९ | **बुङ्गाको खपत बढी देखाएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनका आधारमा नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बागलुङले नदी नियन्त्रण सम्बन्धी विभिन्न कार्यहरुको भुक्तानी गर्दा जालीमा प्रयोग हुने ढुङ्गाभन्दा बढी लाग्ने गरी मुल्यांकन गरेकोले ८ उपभोक्ता समितिलाइ रु.११ लाख ३२ हजार बढी भुक्तानी भएको देखिन्छ । उक्त रकम असुल गर्नुपर्दछ । | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| ३० | **उपभोक्ता समितिको योगदान** - गण्डकी प्रदेशको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ ३) को क) मा सिंचाइमा कुल लागत अनुमानको ३ प्रतिशत वा उपभोक्ता समितिले गर्ने कार्यको कम्तीमा १० प्रतिशत मध्ये जुन बढी हुन्छ उक्त रकम उपभोक्ता समितिको लागत सहभागिता रहने व्यवस्था छ । त्यस्तै सोही दफाको ख) मा जलउत्पन्नतर्फ कम्तीमा १० प्रतिशत रकम उपभोक्ता समितिको लागत सहभागिता हुनुपर्ने उल्लेख छ । जलस्रोत तथा | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुलउपर गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सिंचाइ विकास डिभिजन कार्यालय, कास्कीले १०, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, पर्वतले ७ र स्याङ्जाले १५ सिंचाइ आयोजनाको निर्माण कार्यमा न्यूनतम १० प्रतिशत लागत सहभागिता नगराएकोले उपभोक्ता समितिले व्यहोर्नुपर्ने अंशको रु. ४३ लाख ७७ हजार असुल गर्नुपर्दछ । | |
| **खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु** | | |
| ३१ | **उपभोक्ता समितिको योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राहीले व्यहोर्नुपर्ने रकम उल्लेख गरी सम्झौता गर्नुपर्ने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङजाले विभिन्न खानेपानी आयोजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ता समितिको अंश रहेको देखिदैन । उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ अनुसार खानेपानीको पाइपलाईन खन्ने काममा उपभोक्ताको योगदान रहने र ट्रान्समिसन लाइनको कार्यमा उपभोक्ता समितिको योगदान सम्बन्धमा केही उल्लेख नगरेकोले उपभोक्ताको योगदान नरहेको जानकारी गराएको छ। यस वर्ष रु.४५ करोड ५१ लाख ५८ हजारको सम्झौता भएकोमा रु.३२ करोड ७५ लाख ९८ हजारका १३९ योजनाहरुको काममा कार्यालयको मात्र खर्च रहेको देखियो । सिंचाइमा कुल लागत अनुमानको ३ प्रतिशत वा उपभोक्ता समितिले गर्ने कार्यको कम्तीमा १० प्रतिशत जुन बढी हुन्छ उक्त रकम उपभोक्ता समितिको लागत सहभागिता रहने व्यवस्थाका आधारमा यो बर्ष यी खानेपानी आयोजनामा लागत सहभागिता नहुँदा रु.३ करोड २७ लाख ६० हजार बढी व्ययभार परेको छ । | किन यस्तो भएको हो यसमा यथाशिघ्र छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ३२ | **जडानभन्दा बढी खर्च** - नेपाल सरकारको २०६२।११।८ को निर्णयमा पाइप तथा फिटिङ्स औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँले २१ खानेपानी आयोजनामा नापी कितावमा उल्लेख भएको परिमाण भन्दा रु.४२ लाख ७७ हजार वढी मूल्यका पाइप जिन्सी खातावाट खर्च भएकोले छानबिन गरी यथार्थता यकिन गर्नुपर्दछ । | किन यस्तो भएको हो यसमा यथाशिघ्र छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडी वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |
| **शहरी विकास तथा भवन कार्यालयहरु** | | |
| ३३ | **अभिलेख** - जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ६ ११) मा शहरी तथा भवन कार्यालय र लाभग्राहीबीच भएको सम्झौता बमोजिम कार्य प्रगतिको आधारमा विल भरपाई प्राप्त भएपछि किस्ताबन्दी रकम उपलव्ध गराउनुपर्ने व्यवस्था छ। भवन निर्माण तथा जनता आवास कार्यक्रम गोरखाबाट यस वर्ष रु.१४ करोड ५० लाख ७६ हजार खर्च भएकोमा गतवर्षको तेस्रो किस्ता भुक्तानी उल्लेख गरी तनहुँका १२ समितिलाई रु.१ करोड ८ हजार भुक्तानी भएको छ। अर्को वर्षको लागि जिम्मेवारी सरेको किस्ता रकमको विवरण पेश नगरेकोले यकिन गर्न सकिएन। प्रथम किस्तादेखि चौथो किस्तासम्म क कसले कहिले कुन कुन किस्ता प्राप्त गरे, सोको अभिलेख नराखेको कारणले दोहोरो भुक्तानी हुन सक्ने र भुक्तानी हुन बाँकी भएका निर्माण समिति वा लाभग्राहीले पाए नपाएको सम्बन्धमा यकिन हुन सकिएन । सो अभिलेखलाई व्यवस्थित गरेर कार्यविधिको पालना गर्नुपर्ने देखिन्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३४ | **साझेदारी** - स्थानीय तह साझेदारी कार्यकम अन्तर्गत शहरी विकास तथा भवन कार्यालय, | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कास्कीले १८ वटा स्थानीय तहसँग रु.२ करोड १ लाख ४२ हजारको संझौता गरी खर्च लेखेकोमा सो कार्यका लागि स्थानीय तहलाई भुक्तानी दिएको छ। यस्ता कार्यक्रमका लागि प्रदेश सरकारले सम्बन्धित स्थानीय तहलाई नै अनुदान स्वरुप खर्च गर्ने अख्तियारी दिई सम्बन्धित स्थानीय तहले लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्दछ । | गर्न निर्देशन दिने । |
| **यातायात व्यवस्था कार्यालयहरु** | | |
| ३५ | **सेवा प्रवाह स्थिति** - यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र, कास्कीवाट २ पाठ्ये तथा ४ पाङ्ग्रे सवारी साधनको नयाँ सवारीचालक अनुमति पत्र वितरण, नवीकरण तथा विदेशी सवारीचालक अनुमति पत्रको नेपालीकरण जस्ता सेवा प्रवाह हुँदै आइरहेको छ। यस वर्ष २९ हजार ७१८ वटा नयाँ सवारीचालक अनुमति पत्र जारी, नवीकरण जस्ता सेवा प्रवाहबाट रु.१८ करोड १ लाख ४६ हजार राजस्व प्राप्त भएको छ । सवारी चालक अनुमति पत्र लिनेको संख्यामा भएको वृद्धि अनुरुप सवारी चालक अनुमति पत्र वितरण प्रक्रिया सरल र प्रभावकारी हुन सकेको छैन । कार्यबोझका तुलनामा कर्मचारीको संख्या कम रहेको, सूचना प्रविधिमैत्री जनशक्तिको न्यूनता रहेको, नियमित तालिमको व्यवस्था नभएको, ट्रायल पासपछि स्मार्ट कार्ड सवारीचालक अनुमति पत्र) समयमा नपाउँदा सेवाग्राहीको असन्तुष्टि रहेको, प्रयोगमा ल्याइएको सफ्टवेयरको कनेक्टिभिटीमा बारम्बार समस्या आउने गरेको, सफ्टवेयरमा एकै सेवाग्राहीको दुई वा दुइ पटक भन्दा बढी इन्ट्री हुने समस्या रहेको, प्रयोगात्मक परीक्षा सञ्चालनका लागि आफ्नै पर्याप्त ट्रायल सेण्टर नरहेको जस्ता समस्या तथा कठिनाई रहेको देखिन्छ । कार्यालयले सेवाग्राहीलाई प्रदान गर्ने विद्युतिय सवारी चालक अनुमति पत्रको अभिलेख राखि समयमै सेवा उपलब्ध गराउने | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यमा प्रभावकारीता ल्याउनुपर्दछ । साथै यातायात सवारी कार्यालयबाट यस बर्ष चार पाने सवारी ८५ हजार २०८, दुई पाङ्गे ५६ हजार २३७ समेत जम्मा १ लाख ४१ हजार ४४५ नयाँ दर्ता भएका, नामसारी ४० हजार ६३२, रुट इजाजत ५९०, जाँचपास १०२३६, प्रतिलिपि ६७३५, प्रदुषण जाँच १९६३ लगायतबाट रु.९९ करोड ३७ लाख ६३ हजार राजस्व आर्जन गरेको छ । रुट पर्मिट प्रक्रिया अन्तर्गत सार्वजनिक यातायात सञ्चालन हुने सवारी साधनहरुलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ता प्राविधिक पक्षहरुमा पर्याप्त ध्यान नपुर्‍याइएको, पूर्ण रुपमा सडक पूर्वाधार सम्पन्न नभइसकेको अवस्थामा पनि बाटो अनुमति पत्र दिनुपर्ने अवस्था रहेको, बिना इजाजत सवारी साधन सञ्चालन हुने गरेको, यातायात व्यवसायीहरुबीच अस्वस्थ प्रतिस्पर्धा एवं सीण्डिकेट प्रणालीवाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो यातायात सुविधाबाट बञ्चित रहनु परेको, रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेको जस्ता समस्या रहेको देखिन्छ । सार्वजनिक यातायात सेवालाई व्यवस्थित, स्वच्छ र प्रभावकारी बनाउनको लागि बाटो इजाजत प्रक्रिया सरल, पारदर्शी, वैज्ञानिक, यथार्थपरक र वस्तुनिष्ठ हुन जरुरी छ । | |
| ३६ | **बेरुजू स्थिति** - मन्त्रालय तथा मातहत ३३ निकायको रु. १ अर्व ४६ करोड ४४ लाख ८४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ९ निकायले रु. ७५ लाख २९ हजार फछ्यौट गरेकोले रु. १ अर्व ४५ करोड ६९ लाख ५५ हजार बाँकी बेरुजू देखिएको छ । सो मध्ये रु. १ अर्व ११ करोड ३७ लाख ४१ हजार पेश्की बाँकी रहेको छ । | वेरुजु फर्छ्यौटको प्रक्रियामा रहेको जानकारी प्राप्त भएकाले प्रक्रियालाई छिटो टुङ्ग्याई यथाशिघ्र वेरुजु फर्छ्यौट गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

### ४.७.५ महालेखा परीक्षकको पहिलो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) उपर मिति २०८०।११।१३ गते भएका छलफलका निर्णयहरुः

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **लक्ष्य तथा प्रगति** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० ८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशिर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुजिगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समिक्षा गर्न नसकिएकोले नियमानुसार प्रगति विवरण तयार गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **कार्यसम्पादन** : प्रदेश सरकार गण्डकी प्रदेश कार्यविभाजन) नियमावली, २०७४ बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्नु पर्ने कार्यहरुमध्ये प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमती, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन, प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्गनिर्देशन र प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छतासम्बन्धी प्रदेशको नीति, कानुन तथा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमनजस्ता प्रमुख कार्यक्रमहरुको नीति, कानुन तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गरेको नदेखिदा तोकिए बमोजिम कार्य सम्पादन गर्नुपर्दछ । | |
| ३ | **स्मार्ट सिटीः** प्रदेशभित्रका सबै नगरपालिकालाई व्यवस्थित र आधुनिक शहरका रुपमा विकास गर्न पोखरा आसपासका मध्यनेपाल, शुक्लागण्डकी, भिमाद, पुतलीबजार, कुस्मा र फलेवास नगरपालिकालाई स्मार्टलाइट सिटीका रुपमा विकास गर्न विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि रु.२० लाखको कार्यक्रम स्वीकृत भएकोमा उल्लेखित ५ स्थानका लागि परामर्शदातासंग सम्झौता गरी रु.१९ लाख ८९ हजार भुक्तानी दिएको छ । परामर्शदाताले दिएको प्रतिवेदन कार्यान्वयन भएको नदेखिँदा प्रतिवेदनको आधारमा कार्यान्वयन गरिनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **सिधै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९ क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा कामपिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजवाट हुनसक्ने रु.२३ लाख ६४ हजारको कार्य सिधै पटक पटक खरिद गरेको नियमसम्मत नदेखिएकोले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ । | एउटै प्याकेजमा हुन सक्ने खरिद सिधै पटक पटक खरिद गरिएको सम्बन्धमा यथाशिघ्र छानविन गरी छानविनको प्रतिवेदनको निष्कर्ष अनुसार काम कारवाही अगाडि वढाउन र सोको जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |
| ५ | **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य वाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन। मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ । | गर्न निर्देशन दिने । |
| ६ | आन्तरिक नियन्त्रण आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन भौतिक पुर्वाधार विकास मन्त्रालय र अन्तर्गत निकायवाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । | आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्न निर्देशन दिने । |
| ७ | **बेरुजू स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । | केही गर्नु नपर्ने । |

### ४.८ उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय

**४.८.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।११।१८ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारीः** प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयको कार्य जिम्मेवारी तोकिएको छ। उक्त कार्य जिम्मेवारी मध्ये प्रदेशस्तरको उर्जा, विद्युत, सिँचाई, खानेपानी, जल उत्पन्न प्रकोप, नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन सञ्चालन, सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन, सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन, राष्ट्रिय जलश्रोत नीति र संघीय योजना बमोजिम प्रदेशका नदी तथा सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन र व्यवस्थापन, आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वन, अनुगमन र सञ्चालनमा समन्वय, लगायतका प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जूमा लगायतका काम रहेकोमा २ कानुन मात्र निर्माण गरेको देखिन्छ। अतः तोकिएको कार्यजिम्मेवारी पुरा गर्नुपर्दछ । | मन्त्रालयको कार्य जिम्मेवारी अनुरुप नीति तथा कार्यक्रम बनाई सम्पूर्ण जिम्मेवारी कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **बजेट र खर्चः** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको यस वर्ष संशोधित बजेट रू.५ अर्ब ६५ करोड ७९ लाख रहेकोमा रू.५ अर्ब ७ | प्रतिवेदनको सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | करोड ३ लाख अर्थात् कुल बजेटको ८९.६१ प्रतिशत खर्च गरेता पनि बजेटको तुलनामा खर्च हुन नसकेको देखिन्छ । स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी खर्च दक्षतामा अभिवृद्धि गर्नुपर्दछ । | |
| ३ | **चौमासिक खर्च** - मन्त्रालय र मातहतका १६ निकायले विभिन्न सिँचाई खानेपानी र नदी नियन्त्रण कार्यक्रममापूँजीगत तर्फ रू.४ अर्ब ७७ करोड ६४ लाख ४ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा ११.७ प्रतिशत, दोश्रो चौमासिकमा १७.९ प्रतिशत र तेस्रो चौमासिकमा ७०.४ प्रतिशत खर्च भएको र आषाढमा मात्र ४५.२ प्रतिशत खर्च छ । आर्थिक वर्षको अन्त्यमा बढी खर्च हुँदा कामको पर्याप्त अनुगमन हुन नसकी गुणस्तरमा समेत असर पर्न सक्ने भएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा खर्च गर्नुपर्दछ । | खर्च योजना तयार गरी चौमासिक खर्च अनुपात मिल्ने गरी कार्यक्रम कार्यान्वयन गर्न र समानुपातिक खर्च प्रणाली अवलम्बन गर्न आवश्यक गृहकार्य गरी कार्य सञ्चालन गर्न निर्देशन दिने । |
| ४ | **ठेक्का व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ ७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेतप्रथम त्रैमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका १० निकायले यस वर्ष रू.१ अर्ब ४० करोड ४ लाख ६४ हजारको खरिद सम्झौता गरेकोमा प्रथम चौमासिकमा रू.२ करोड ८९ लाख ३९ हजारको ३. दोश्रो चौमासिकमा रू.३३ करोड २१ लाख ४५ हजारको ७१, तेस्रो चौमासिकमा रू.२१ करोड ४१ लाख ८६ हजारको ६९ र आषाढमा रू.७ करोड ५४ लाख ८२ हजारको १२ वटा सम्झौता गरेको छ। कानुनी व्यवस्था अनुसार समयमै ठेक्का व्यवस्थापन गर्नुपर्दछ । | ठेक्का व्यवस्थापन योजनाको लागि वार्षिक कार्ययोजना तयार गरी व्यवस्थापकीय कार्य प्रथम चौमासिक अवधि भित्रै सम्पन्न गरी खरीद सम्झौता मार्फत समयमै कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| ५ | **दरबन्दी र पदपूर्ति** - मन्त्रालय तथा मातहत १७ वटा कार्यालयहरूको लागि कुल | रिक्त स्वीकृत दरवन्दी पदपूर्तिको लागि |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | २४७ दरबन्दी रहेकोमा १५६ स्थायी र ७५ जना करार गरी २३१ पदपूर्ति भई १६ जना रिक्त रहेको देखिन्छ। कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नहुँदा समयमा कार्य सम्पन्न गर्न कठिनाई हुने भएकोले स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । | पदपूर्ति गर्ने निकायसँग समयमै पदपूर्ति गर्न माग गरी पठाउन निर्देशन दिने । |
| ६ | **अनुगमन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा सम्बन्धित मन्त्री वा सचिवले आफ्नो मातहतको आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्यांकन क्रमश त्रैमासिक तथा मासिक रुपमा गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयको राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान तथा विशेष अनुदान, मन्त्रालयको लागि प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्थाको बारेमा मूल्यांकन गरी यथार्थ नतिजाको विवरण तयार गरेको छैन। बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्थाको तोकिएको समयमा मूल्यांकन र सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनुपर्दछ । | प्रतिवेदनको सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देश दिने । |
| ७ | **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्नेमा खर्च सिर्जना गर्ने स्पष्ट आधार बेगर बजेट अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो। यस वर्ष मन्त्रालय र मातहतका कार्यालयको रू.५ अर्व ६५ करोड ७९ | प्रतिवेदनको सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | लाख ३१ हजार बजेट मध्ये ८९.६२ प्रतिशत मात्र खर्च भएको छ भने मन्त्रालयको लागि मात्र रू.१३ करोड ६५ लाख ५९ हजार बजेट विनियोजन भएकोमा ७६.६६ प्रतिशत मात्र खर्च भएको छ। बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण मार्फत् विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ। | |
| ८ | **दिगो विकास लक्ष्य** - कार्यान्वयनको अवस्था - संयुक्त राष्ट्रसङ्घको महासभाले विश्व रुपान्तरणकोआकाङ्क्षा लिएर सन् २०१६ देखि २०३० वि.सं २०७२ देखि २०८७) सम्मका लागि घोषणा गरेको दिगो विकास लक्ष्यअनुसार गण्डकी प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूलाई पनि समेट्ने प्रयास गरेको छ। गण्डकी प्रदेशको आवधिक योजनामा मन्त्रालयसंग सम्बन्धित दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी कुल आ. व. २०८०।८१सम्मका परिमाणात्मक लक्ष्य तोकिएकोमा कुल खेतीयोग्य भुमिमध्ये वर्षैभरी सिँचाई सुविधा पुगेको भुमि १५.३ प्रतिशत पुर्‍याउने लक्ष्य तोकिएकोमा हालसम्म १२.६७ प्रतिशत पुगेको, आधारभुत खानेपानीपुगेको जनसंख्या शत प्रतिशत पु-याउने लक्ष्य भएकोमा ९३.७४ प्रतिशत पुगेको, जलविद्युत उत्पादन जडित क्षमता १५०० मेगावाट पुयाउने लक्ष्य भएकोमा ६८७ मेगाबाट मात्र पुगेको छ। आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित लक्ष्य हासिल गर्न आवश्यक साधन स्रोतको व्यवस्थापन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | प्रतिवेदनको सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ९ | **प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना** - प्रदेशको चालु पञ्चवर्षीय योजनाले उर्जा जलस्रोत तथाखानेपानी मन्त्रालय अन्तर्गत उत्तरगंगा जलाशययुक्त विद्युत आयोजनालाई रुपान्तरणकारी प्रदेश गौरवको योजना भनि उल्लेख गरेको छ । | वार्षिक नीति तथा कार्यक्रममा प्रदेश गौरवका आयोजनाको रुपमा राखिए पश्चात उक्त कार्यक्रमहरुमा बजेट व्यवस्थापन हुनु |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बाग्लुङ्ग जिल्लाको ढोरपाटन क्षेत्रमा जलाशययुक्त विद्युत आयोजनाको निर्माण गरी प्रदेशको सन्तुलित विकास र औद्योगीकरण गर्ने उद्देश्य रहेको ८२८ मेगावाटको उत्तरगंगा जलाशययुक्त विद्युत आयोजनाको कुल लागत १.३ खर्व लागत हुने प्रारम्भिक अनुमान रहेको छ। नेपाल विद्युत प्राधिकरण, नेपाल सरकार, प्रदेश सरकार र समुदायको समेत लगानीमा सञ्चालन गर्ने परिकल्पना गरिएको आयोजना आर्थिक वर्ष २०७७।७८ मा सुरु गरी आ.व. २०८२।८३ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म सम्भाव्यता अध्ययनको काम समेत भएको छैन। निर्धारित समयमा आयोजना सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरी काम अघि बढाउनु पर्दछ । | पर्ने र कार्यक्रम कार्यान्यिवनको सुनिश्चितता हुनेपर्नेमा सो नदेखिएकाले गौरवका आयोजनाहरुको छनौटको स्पष्ट मापदण्ड निर्माण गरी सो आयोजनाको लागत विश्लेषण तथा कार्यान्वयनको पूर्ण खाका सहित छनौट गर्न निर्देशन दिने। |
| १० | **नर्म्स** - मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत उर्जा, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन, भूमिगत सिँचाइ आदि पूर्वाधार निर्माण र त्यससंग सम्बन्धित परामर्श सेवा खरिद कार्यमा मन्त्रालय मातहतका १२ निकायले रू.५ करोड २३ लाख ४४ हजार खर्च गरेको छ । परामर्श सेवा खरिद कार्यको नर्म्स र स्पेशिफिकेशन तयार गरेको छैन । नर्म्स तयार गरी खर्चमा मितव्ययीता एवं एकरूपता कायम गर्नुपर्दछ । | परामर्श सेवा खरिद कार्यको नर्म्स र स्पेशिफिकेशन यथाशिघ्र तयार गरी लागू गर्न निर्देशन दिने । |
| ११ | **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७) सँगसम्बन्धित अनुसुची-१ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। मन्त्रालय र मातहतका १४ कार्यालयहरूले यस वर्ष रू.९ करोड ५० लाख ८९ हजार कन्टिन्जेन्सी खर्च गरेको छ । उक्त खर्च कुलपुँजीगत खर्चको ३.८५ प्रतिशत हुन आउँछ । कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख नराखेको र नापी किताबमा पनि | कन्टिजेन्सी खर्च गर्दा अनिवार्य आयोजनागत अभिलेख राख्ने र नापी किताबमा उल्लेख गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उल्लेख नगरेकोले आयोजनाको वास्तविक खर्च एकीन गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ । | |
| १२ | **कार्यसञ्चालन स्तरीय कार्य** - मन्त्रालयले विद्युतीय तथा नवीकरणीय उर्जा, जलस्रोत, सिँचाई, खानेपानीतथा सरसफाई, सम्बन्धी नीतिहरू तर्जुमा गर्ने, कार्यक्रम तयार गरी मातहत कार्यालयहरूलाई पठाउने, मातहत कार्यालयबाट भएको कामको अनुगमन गरी सुझाव दिने लगायतका कार्यविभाजन नियमावली, २०७४ अनुसारका काम मात्र गर्नुपर्नेमा भवन निर्माण, सोलार बत्ती जडान जस्ता कार्यहरू मन्त्रालयबाट सञ्चालन गरी रू.५ करोड ७० हजारको कार्य गरी खर्च लेखेको छ। मन्त्रालय मातहत १६ कार्यालयहरू रहेकोमा आफैले कार्यसञ्चालन स्तरीय कार्यक्रम सन्चालन गर्नु उचित देखिएन । मन्त्रालयले कार्यविभाजन नियमावली, २०७४ अनुसार तोकिएका कार्यहरूलाई प्राथमिकता दिई कार्य गर्नुपर्दछ । | प्रतिवेदनको सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देश दिने । |
| १३ | **सिंचाईको अवस्था** - प्रदेशको चालु पञ्चवर्षीय योजना अनुसार गण्डकी प्रदेशको कुल भू-भाग २१ लाख९७ हजार ३६८ हेक्टर मध्ये २२.२ प्रतिशत अर्थात् ४ लाख ८७ हजार ८१६ हेक्टर जमिन खेतीयोग्य रहेको छ। कुल खेतीयोग्य जमिनको ७६ प्रतिशत जमिनमा खेती गरिएको छ भने बाँकी २४ प्रतिशत जमिन बाँझो रहेको छ। खेती गरिएको जमिनमध्ये कुल सिञ्चित जमिन ३६.१ प्रतिशत अर्थात् १ लाख ३३ हजार ८६३ हेक्टर रहेको छ। जसमा हालसम्म ६५ हजार ६७२ हेक्टर भू-भागमा भरपदों सिँचाई सुविधा पुगेको छ भने ६८ हजार १९१ हेक्टर मौसमी सिँचाईमा भर पर्नुपर्ने अवस्था रहेको छ। नयाँ खेतीका विधि तथा ढाँचाहरूको अभ्यास गर्न र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिवी निवारणमा योगदान | प्रतिवेदनको सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देश दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | पुर्याउन सिँचाईको मुख्य भुमिका रहने हुँदा उच्च प्राथमिकताका साथ सिँचाई योजनाहरूलाई अगाडि बढाउनुपर्ने देखिन्छ । | |
| १४ | **खानेपानीको अवस्था** - मन्त्रालयबाट प्राप्त विवरण अनुसार गण्डकी प्रदेशको कुल जनसंख्या २४ लाख७५ हजार ४१३ रहेकोमा उच्च तथा मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या ५ लाख ७६ हजार ३४५ अर्थात् २३.२८ प्रतिशत पुगेको देखिन्छ । प्रदेश नीति तथा योजना आयोगबाट प्रकाशित प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षा प्रतिवेदन अनुसार आधारभुत खानेपानी पहुँच पुगेको जनसंख्या ९३.७४ प्रतिशत रहेको छ। गण्डकी प्रदेशका ११ जिल्लामा अहिले पनि ट्युबवेल वा ह्याण्डपम्प, ढाकिएको इनार, कुवा, मौसमी पानी, खोला नदी स्रोतबाट पानी पिउने जनसंख्या १ लाख २१ हजार २८१ रहेको, अन्य स्रोतबाट पानी खाने घरपरिवार २ हजार २३४ रहेको देखिन्छ । प्रदेशमा उच्च तथा मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार २३ प्रतिशत मात्र रहेकोले खानेपानी सुविधामा पहुँच वृद्धि गर्न नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ । | प्रतिवेदनको सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| १५ | **उर्जा विकास तथा विस्तार** - उज्यालो गण्डकी प्रदेश कार्यक्रम अन्तर्गत बत्ती बाल्न आधुनिक उर्जाको प्रयोग गर्ने घरधुरी संख्या ९९.५ प्रतिशत पुगेको छ । ५ लाख ७४ हजार ७९८ घरधुरीमा विद्युत सुविधा पुगेको र २ हजार ८८४ घर धुरीमा विद्युत सुविधा पुग्न बाँकी देखिन्छ । यो वर्ष उर्जा क्षेत्रको विकासको लागि ४७ योजनामा रू.६ करोड ९९ लाख विनियोजन भएकोमा रू.५ करोड ७३ लाख ५७ हजार खर्च भई ३९ योजना सम्पन्न भएको र ८ योजना सम्पन्न हुन बाँकीरहेको छ। विद्युत सुविधाको पहुँच शत प्रतिशत पु-याउने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । | प्रतिवेदनको सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १६ | **सरकारी सम्पत्तिको लगत तथा प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा सरकारी सम्पत्तिको लगत तथा प्रतिवेदन सम्बन्धि व्यवस्था छ। मन्त्रालयले मातहत कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय भित्र पठाउनु पर्ने व्यवस्था अनुसार एकीकृत प्रतिवेदन तयार गरेको छैन । साथै सरकारी सम्पत्तिहरूको लेखाङ्कन र प्रतिवेदन गर्न महालेखा नियन्त्रक कार्यालयले २०७७।४।७ देखि अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS) लागु गरेकोमा मन्त्रालयले हालसम्म पुर्ण रुपले लागु गरेको छैन । ऐनमा व्यवस्था भए अनुरुप एकीकृत प्रतिवेदन तयार गर्नु पर्दछ र पाम्सको पुर्ण प्रयोग गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ । | प्रतिवेदनको सुझाव अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| १७ | **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ १) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ । मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा ५८६ आयोजनाको लागि रू.८३ करोड ६७ लाख ५६ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये रू. ७० लाख रकमान्तर गरी एक सवारी साधन रू.६९ लाख ९८ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन । प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर नगर्न/नगराउन निर्देशन दिने । |
| १८ | **कार्यक्रममा दोहोरोपना** - संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास | संघप्रदेश र स्थानीय तहसँग समन्वय , |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यक्रम तथाआयोजनाको वर्गिकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ को खानेपानी आयोजना अन्तर्गत संघले पहाडी क्षेत्रमा ५ हजार, प्रदेशले ३ देखि ५ हजार र स्थानीय तहले ३ हजारसम्म जनसंख्यालाई खानेपानी सेवा पु-याउने खानेपानी आयोजनाको कार्यान्वयन गर्ने गरी मापदण्ड तर्जुमा भएको देखिन्छ । खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय, गोरखाले कार्यान्वयन गरेका ३ आयोजनामा संघबाट रू.१ करोड २३ लाख ५० हजार विनियोजन भई रू.१ करोड ९ लाख ८९ हजार खर्च भएकोमा प्रदेशबाट रू.८१ लाख १५ हजार विनियोजन गरी रू.६२ लाख १९ हजार खर्च गरिएको छ। मन्त्रालयले आयोजना शिफारिस गर्दा दोहोरो नपर्ने गरी तथा मापदण्ड बमोजिम गर्नुपर्ने देखिन्छ । | गरी दोहोरो नपर्ने गरी तथा मापदण्ड बमोजिम आयोजना सिफारिश गर्न निर्देशन दिने । |
| १९ | **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ १) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधि उल्लेख गरेको छ। सार्वजनिक खरिद तथा नियमावली बमोजिमखरिद गर्दा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। नियमावलीको नियम ७ मा खरिदको गुरुयोजना र नियम ८ मा वार्षिक खरिद योजना स्विकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरू रहेका छन। मन्त्रालयले वार्षिक खरिद योजना बनाई वार्षिक खरिद योजना अनुसार एकै प्रकृतिको सामग्री खरिद गर्दा एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा फर्निचर र कम्प्युटरजन्य सामग्री पटक पटक एउटै फर्मबाट खरिद गरी रू.६२ लाख १६ हजार खर्च गरेको छ। खरिद कार्यलाई कानुनमा व्यवस्था भएअनुसार प्रतिस्पर्धात्मक बनाउनुपर्दछ । | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| २० | **अन्य संस्थाबाट कार्य** - मन्त्रालयले कार्य गराउँदा विशिष्टीकृत संस्थाबाट कार्य गराउनुपर्दछ । मन्त्रालय अन्तर्गत भुमिगत जलस्रोतको कार्य गर्न ११ जिल्लाभर कार्यक्षेत्र रहेको भुमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा रू.६० लाख रकमको ३ भुमिगत जलस्रोत सिंचाई सम्बन्धी कार्यक्रम भुमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट नगराई जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय नवलपुरमार्फत् कार्यान्वयन गरेको छ। मन्त्रालयले कार्य जिम्मेवारी अनुसार विशिष्टीकृत एवं विषयगत कार्यालयबाट कार्यक्रम कार्यान्वयन गराउनुपर्दछ । | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |
| २१ | **योजना कार्यान्वयन** - मन्त्रालयले उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय मातहत १६ कार्यालय स्थापना गरी कार्य गर्दै आएको छ। मन्त्रालय मातहत कार्यान्वयन भएका भुमिगत जलस्रोत सम्बन्धी २ योजनामा भुमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयमा रू.१० लाख १० हजार विनियोजन भएको र जलस्रोत तथा सिँचाई बिकास डिभिजन कार्यालय नवलपुरमा सोहि योजनाको लागि ४० लाख विनियोजित गरी कार्यान्वयन गरेको छ। एउटै योजनाको कार्य प्रदेश सरकार मातहतकै फरक फरक कार्यालयबाट कार्यान्वयन गराउँदा कार्यमा दोहोरोपना पर्ने सम्भावना रहने तथा योजनाको कार्यमा विशिष्टकरण समेत नहुने हुँदा मन्त्रालयले बजेट तथा कार्यक्रम बनाउँदा कार्यमा विशिष्टीकरण हासिल हुने गरी कार्यजिम्मेवारी प्रदान गर्नुपर्ने देखिन्छ । | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |
| | <u>**जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू**</u> | |
| २२ | **स्वीकृत कार्यक्रम बेगर खर्च** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व | किन यस्तो गर्नु परेको हो आवश्यक |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | ऐन, २०७८ को दफा १७ मा विनियोजन ऐन वा पेश्की खर्च ऐन प्रारम्भ भएपछि कार्यालयले स्विकृत बजेट र वार्षिक कार्यक्रमका आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। खानेपानी, जलस्रोत तथा सिँचाई विकास सब डिभिजन कार्यालय मुस्ताङ्गले स्विकृत कार्यक्रम बेगर कालिगण्डकी नदीको सम्भाव्यता अध्ययन गर्न रू.१९ लाख ८९ हजारको परामर्श सेवा खरिद गरी खर्च लेखेको छ। स्वीकृत कार्यक्रम बेगर खर्च गरेको उचित देखिएन। स्वीकृत बजेट तथा कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ । | छानविन गरी छानविनको निष्कर्ष अनुसार आवश्यक कारवाही गर्न निर्देशन दिने । |
| २३ | **एकीकृत लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्बजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्विकृत नगरी बोलपत्र आह्वान गर्न नहुने व्यवस्था रहेको छ। जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय कास्कीले एक सिंचाई योजनाको रू.१० करोड ३४ लाख ७ हजारको लागत अनुमान तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गरेकोमा निर्माण स्थलमा वन क्षेत्र पर्ने तथा सोको वातावरणीय अध्ययन गर्नुपर्ने र बजेटको सुनिश्चितता समेत नभएको भनी रू.३ करोड ९४ लाख ७० हजारको आर्थिक लागत अनुमान स्विकृत गरी एक निर्माण व्यवसायीलाई रू.७५ लाख १९ हजार भुक्तानी गरेको छ। योजनाको प्रारम्भिक वातावरणीय अध्ययन नगरी कार्य गर्दा साबिक सिंचाई विभागबाट उक्त योजनामा खर्च भएको रू.२ करोड २४ लाख रकमको संरचना समेत प्रयोग हुन नसकेको देखिन्छ । आयोजनाको एकीकृत लागत अनुमान स्विकृत गरी कार्यान्वयन गर्नुपर्दछ । | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| २४ | **प्रगति स्थिति** - स्वीकृत वार्षिक कार्यक्रम अनुसार लक्ष्य निर्धारण गरिएका कार्यहरू तोकिएको समयमा सञ्चालन गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम अनुसुची-२ को ढाँचामा बजेट खर्च समेत देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय गोरखामा १४ आयोजनाको कार्यान्वयन गर्न रू.१ करोड ९२ लाख बजेट विनियोजन भएकोमा खर्च भएको छैन् । कार्यान्वयनको सुनिश्चितता हुने योजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |
| २५ | **निर्माण स्थलमा अवरोध** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपुर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानुन बमोजिम गर्नुपर्ने बातावरणीय अध्ययनको प्रतिवेदन स्विकृत नगरी बोलपत्र आह्वान गर्न नहुने व्यवस्था रहेको छ। जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय स्याङ्जाले सेराफाँट सिँचाई आयोजनाको निर्माण गर्न मिति २०७७।०३।०८ मा निर्माणसुरु गरि ०७८।१२।३० सम्म सम्पन्न गर्ने गरी एक निमार्ण व्यवसायीसँग रू.३४ लाख २२ हजारमा सम्झौता गरेकोमा ०७९ वैशाख सम्म म्याद थप गरी रू.१७ लाख ७७ हजार भुक्तानी गरेको छ । २०७९ वैशाख पश्चात् ठेक्का सम्झौताको म्याद थप नभएको तथा निर्माण स्थलको विवादको कारण योजनाको कार्य अगाडि वढाउन नसक्ने भनी निर्माण व्यवसायीले सम्झौता रद्द गर्न निवेदन दिएकोमा ठेक्का फरफारक सम्बन्धमा कारबाही अगाडि बढेको देखिँदैन । कार्यालयले | ठेक्का आव्हान गर्दा ठेक्का पुर्वका सम्पूर्ण कार्य पुरा गरे पश्चात मात्रै बोलपत्र आव्हान गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ठेक्का आह्वान गर्नु पुर्वका सम्पूर्ण कार्य पुरा गरे पश्चात् मात्र बोलपत्र आह्वान गर्नुपर्दछ । | |
| २६ | **स्थायी लेखा नम्बर** - मुल्य अभिवृद्धि कर ऐन, २०५३ को दफा १० ख) मा संयुक्त उपक्रम जुनप्रयोजनको लागि दर्ता भएको हो, उक्त प्रयोजनमा उल्लेखित सम्झौता अवधि सकिएपछि दर्ता खारेज गराउनुपर्ने उल्लेख छ। जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय गोरखाले जरेवर देखि गोरखा सिमाना लामजराइ फाँटसम्म र दरौदी प्याकेज ६ गोरखा तथा सिरानचोक गाउँपालिकाको नदी नियन्त्रण कार्यको लागि एउटा ज्वाईन्ट भेन्चरसँग सम्झौता गरी मु. अ. कर. समेत रू.२ करोड ७७ लाख २० हजार भुक्तानी गरेको छ। फरक फरक ठेक्का सम्झौताको लागि एउटै स्थायी लेखा नम्बर प्रयोग गरेको देखिँदा मूल्य अभिवृद्धि कर बापत यस वर्षमा भुक्तानी भएको रू.२५ लाख २२ हजार मूल्य अभिवृद्धि करको कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्दछ । | यथाशिघ्र सुझाव कार्यान्वयन गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| | <u>**खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू**</u> | |
| २७ | **जडानभन्दा बढी खर्च** - खानेपानी आयोजनामा प्रयोग भएको पाइप नापी किताबमा जडान भए बमोजिम जिन्सी खाताबाट मौज्दात घटाउनु पर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जाले २४. तनहुँले ९, गोरखाले ११. बागलुङले १८ र मुस्ताङ्गका ५ खानेपानी आयोजनामा नापी किताबमा जडान देखाएको परिमाण भन्दा रू.१ करोड ९२ लाख २ हजार मूल्यका विभिन्न साइजका १ लाख ९१ हजार ९१२ मिटर पाईप जिन्सी खाताबाट खर्च गरेकोले उक्त पाइप प्रयोग भएको नापी किताव पेश गर्नुपर्दछ । | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| २८ | **पाइप मौज्दात** - खानेपानी आयोजनाहरूको लागि पाइप तथा फिटिङ्ग/ औजार गत विगतको मौज्दातकोउपयोग गर्ने र अत्यावश्यक भएमा मात्र मौज्दात नरहने गरी खरिद गर्नुपर्दछ । यस वर्षको अन्त्यमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गोरखामा रू.९३ लाख, ६५ हजारका ४९ हजार ५३२ मिटर, तनहुँमा रू.१ करोड ५० लाख २८ हजारको १ लाख ४८ हजार २३१ मिटर, स्याङ्जामा रू.१ करोड ५७ लाख ९१ हजारको १ लाख ५० हजार २६३ मिटर पाइप तथा ९० लाख ९५ हजारको फिटिङ्स र खानेपानी, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय म्याग्दीले रू.२५ लाख १८ हजारको ३९ हजार ९१० मिटर पाइप मौज्दात रहने गरी खरिद गरेको देखिन्छ । न्यूनतम मौज्दात तोकी बढी नहुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ । | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |
| २९ | **प्रगति स्थिति** - स्वीकृत वार्षिक कार्यक्रम अनुसार लक्ष्य निर्धारण गरिएका कार्यहरू तोकिएको समयमा सञ्चालन गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम अनुसुची-२ को ढाँचामा बजेट खर्च समेत देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङ्जाले ८ र तनहुँले २ आयोजनाको कार्यान्वयन गर्न रू.१ करोड ११ लाख ५० हजार बजेट विनियोजन भएकोमा शून्यवित्तीय प्रगति भएकोदेखिन्छ। मातहत कार्यालयबाट कार्यान्वयन गर्न सक्ने आयोजनामा मात्र बजेट विनियोजन गर्न सिफारिस गर्ने तथा कार्यान्वयनको सुनिश्चितता हुने योजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३० | **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार एक | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | करोड रुपैयाँसम्मलागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायमा रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय, तनहुँले रू.५ करोड १६ लाख १० हजार लागत अनुमान भएका विभिन्न ४ योजनाहरूको ओभरहेड, कन्टिन्जेन्सी र मु.अ.कर बाहेक रू.३ करोड ९० लाख ९९ हजारमा सम्झौता गरी रू.३ करोड ५१ लाख ४१ हजार र खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय स्याङ्जाले रू.३३ करोड ६ लाख १३ हजार लागत अनुमान भएका ७ योजना उपभोक्ता समितिबाट गराई रू.८ करोड ८७ लाख ५३ हजार भुक्तानी दिएको छ । नियमावलीमा भएको व्यवस्था पालना गर्नुपर्दछ । | गर्न निर्देशन दिने । |
| ३१ | **उपभोक्ता समितिबाट सामग्री खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा निर्माण कार्य वा सो सम्बन्धी कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ। यस व्यवस्था बमोजिम उपभोक्ता समितिबाट निर्माण बाहेकका खरिद कार्य गराउने कानुनी आधार देखिदैन। खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय स्याङ्जाले विभिन्न ८ योजनामा रू.१ करोड ८ लाख ४७ हजारको र तनहुँले ७ योजनामा रू.९७ लाखको सामग्री उपभोक्ता समितिबाट खरिद गराई उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। उपभोक्ता समितिबाट सामग्री खरिद गराउँदा खरिदमा प्रतिष्पर्धा नहुने तथा खरिद सामग्रीको गुणस्तर बारे प्राविधिक ज्ञानको अभाव हुने हुँदा कार्यालयले नियमावलीको व्यवस्था बमोजिम खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को व्यवस्थाअनुरसार खरिद कार्य गर्न गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ३२ | **वितरण लाइनको कार्य नहुँदै धारा निर्माणमा खर्च** - आयोजनाहरूले स्विकृत कार्यक्रम भित्रको रकमखर्च गर्दा हानी नोक्सानी नहुने तथा सिलसिलेवार रुपमा हुने गरी खर्च गर्नुपर्दछ । खानेपानी तथा सरसफाई विकास डिभिजन बाग्लुङ्गले कार्यान्वयन गरेका विभिन्न ७ योजनामा श्रमदानबाट वितरण प्रणालीको पाइपलाइन खन्ने पुर्ने कार्य नगरी ४५७ निजी धारा निर्माण बापत रू.९२ लाख ४ हजार खर्च लेखेको छ। उपभोक्ता समितिले जनश्रमदान व्यहोर्नु नपर्ने ट्रान्समिसन लाइन तथा स्ट्रक्चरको कार्य कार्यालयबाट भएको र खानेपानी वितरण व्यवस्थाको लागि वितरण लाइनको काम उपभोक्ता समितिबाट हुनुपर्नेमा सो काम उपभोक्ता समितिले गरेको देखिदैन। वितरण पाइप लाइनको कार्य नै नभएको अवस्थामा निजी धारा निर्माणमा खर्च गर्दा धाराको खर्च अनुत्पादक हुने तथा धारा विग्रने सम्भावना रहन्छ । तसर्थ धारामा पानी उपलब्ध गराउने निश्चित गरी पाइप लाइनको विस्तार पछि धारा निर्माण गरी खर्च लेखु उपयुक्त हुने हुदा यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखियो । | प्रतिवेदनको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |

## ४.९ आर्थिक मामिला मन्त्रालय

### ४.९.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।११।२२ गते भएका छलफलका निर्णयहरुः

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी** - प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेका देखिन्छ । यसैगरी प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयारी, सशर्त अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयारी, प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन लगायतको काम हुन बाँकी देखिन्छ। तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ । | कार्यविभाजन नियमावलीले तोकेका कार्यहरु सबैलाई प्राथमिकतामा राखि कार्यान्यवन गर्न निर्देशन दिने । |
| २ | **समष्टिगत सूचकहरू** - नेपाल सरकारको चालु पञ्चवर्षीय योजना अनुरुप प्रदेश पञ्चवर्षीय योजनाले लक्ष्य प्राप्ति गर्नुपर्ने र प्रदेश पञ्चवर्षीय योजनाको लक्ष्य प्राप्तिको लागि वार्षिक योजनाका क्षेत्रगत लक्ष्य प्राप्ति हुनु पर्ने हुन्छ । प्रदेश नीति योजना आयोगको आर्थिक वर्ष २०७८ । ७९ को वार्षिक प्रतिवेदन अनसार गण्डकी प्रदेशले लिएको लक्ष्य तथा प्रगति सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।<br>२.१. वार्षिक आर्थिक वृद्धिदर लक्ष्य ७ प्रतिशत रहेकोमा प्रगति ६.१७ प्रतिशत रहेकोले प्रदेश पञ्चवर्षीय लक्ष्यमा असर पर्ने देखिन्छ । आर्थिक वृद्धि दर उच्च बनाउन उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेगरी विकास कार्यक्रममा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | खर्च गर्नुपर्दछ ।<br>२.२. आधारभूत खानेपानी पुगेको परिवार सूचकाङ्क लक्ष्यभन्दा कम प्रगति देखिएकोले नागरिकको गुणस्तरीय जीवनमा असर परेको देखिन्छ ।<br>२.३. गत वर्ष कृषि अनुदानमा रू.६२ करोड ६१ लाख ४५ हजार बजेट विनियोजन भएकोमा रू.२८ करोड ३६ लाख ५७ हजार खर्च गरेको र चालु आर्थिक वर्षमा कृषि अनुदानमा रू.६ करोड ३८ लाख ६५ हजार बजेट विनियोजन भएकोमा रू.५ करोड ११ लाख ६८ हजार खर्च गरेको छ । गत वर्षको तुलनामा पर्याप्त बजेट विनियोजन नगरेको तथा लक्ष्य अनुसार खर्च नभएको कारण खाद्यान्न उत्पादन र आधारभूत खाद्य सुरक्षाको स्थितिमा सुधार भएको पाइएन।<br>२.४. पूँजीगत तर्फ रू.१८ अर्ब ५२ करोड ९५ लाख बजेट मध्ये ७८.१५ प्रतिशत खर्च गरेको छ । पूँजीगत बजेट खर्चमा वृद्धि गरी दिगो विकासको लक्ष्य प्राप्तिमा ध्यान दिनुपर्दछ । प्रदेश पञ्चवर्षीय योजनाले लिएको लक्ष्य प्राप्तिको लागि आवश्यक बजेट र खर्च गर्ने दक्षताको विकास गरी कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्नुपर्दछ। | |
| ३ | **आय-व्यय** - प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको प्रदेश सञ्चित कोषको विवरण अनुसार गत वर्षको मौज्दात रू.२ अर्ब ८५ करोड ८९ लाख २४ हजार, यस वर्षको कर राजस्व रू.८ अर्ब ८० करोड ९ लाख ३३ हजार, गैर कर राजस्व रू.१ अर्ब ६० करोड ७७ लाख ३८ हजार, अन्य राजस्व रू.८८ करोड ९३ लाख २ हजार र संघीय अनुदान रू.१३ अर्ब ८७ करोड ४४ लाख ८० हजार समेत | केही गर्नु नपर्ने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रू.२८ अर्ब ३ करोड १३ लाख ७७ हजार आयमध्ये रू.१ अर्ब ६५ करोड ६५ लाख १० हजार संघीय सञ्चित कोषमा फिर्ता समेत रू.२३ अर्ब ७० करोड ४ लाख ४४ हजार खर्च भई रू.४ अर्ब ३३ करोड ९ लाख ३३ हजार बचत रहेको छ । | |
| ४ | **बजेट खर्च** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हाँसिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । आ.व. २०७६।७७ मा ६३.५२ प्रतिशत, २०७७।७८ मा ७३.५४ प्रतिशत र २०७८ । ७९ मा ७०.३० प्रतिशत खर्च भई तीन वर्षमा औसत खर्च ६९.१२ प्रतिशत भएको छ । बजेटको तुलनामा न्यून खर्च भएको कारण प्रत्येक वर्ष बचत रहन गएको छ। खर्च गर्ने क्षमतामा वृद्धि नभएको कारण बजेट कार्यान्वयनको अवस्था कमजोर रहेको देखिन्छ। बजेटलाई यथार्थपरक बनाई कार्यान्वयन दक्षता वृद्धि गर्नुपर्दछ । | वजेट निर्माण पुर्व पर्याप्त छलफलअध्ययन , तथा विश्लेषण गरी वजेटलाई यथार्थपरक वनाई कार्यान्वयन दक्षता वृद्धि गर्न निर्देशन दिने । |
| ५ | **बजेट अनुमान र प्राप्ति** - प्रदेश सरकारले आर्थिक वर्ष २०७८ । ७९ मा रू.३१ अर्ब ३५ करोड २८ लाख बजेट अनुमान गरेकोमा रू.२८ अर्ब ३ करोड १३ लाख ७७ हजार अनुमानको ८२.७५) प्रतिशत प्राप्त भई रू.२२ अर्ब ४ करोड ३९ लाख ३४ हजार बजेटको ७०.३१) प्रतिशत खर्च गरेको छ । पञ्चवर्षीय योजनामा समृद्धि र सुखका राष्ट्रिय तथा गण्डकी प्रदेशका लक्ष्यहरू प्राप्त गर्नको लागि वार्षिक विनियोजन मध्ये कुल खर्च ९९ प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ । यस वर्ष विनियोजित बजेट मध्ये चालुतर्फ ९४ र पुँजीगततर्फ ९१ प्रतिशत खर्च गर्ने लक्ष्य मध्यमकालीन खर्च संरचनाले लिएको छ । चालुतर्फ रू.१२ अर्ब ८४ करोड ४२ | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | लाख १० हजार र पूँजीगततर्फ रू.१८ अर्ब ५० करोड ८६ लाख ७५ हजार बजेट विनियोजन भएकोमा क्रमशः ५९.०१ प्रतिशत र ७८.१५ प्रतिशत मात्र खर्च गरेको छ । वित्तीय व्यवस्थातर्फ रू.२४ करोड व्यवस्था भएकोमा खर्च भएको छैन । कुल प्राप्तिमध्ये रू.१३ अर्ब ८७ करोड ४४ लाख ८० हजार ५३.४७ प्रतिशत) संघीय हस्तान्तरित अनुदान र २ अर्ब ८५ करोड ८९ लाख २४ हजार ११.०१ प्रतिशत) गत वर्षको मौज्दात रहेको छ । आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिदै समृद्धी र सुखका राष्ट्रिय तथा गण्डकी प्रदेशका लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ। | |
| ६ | **राजश्व प्रक्षेपण तथा असुली** - बजेट वक्तव्य २०७८।०७९ मा प्रदेशको आन्तरिक राजश्व परिचालनबाट रू.१४ अर्ब १२ करोड ७० लाख आर्जन हुने उल्लेख गरेकोमा रू.११ अर्ब २९ करोड ७९ लाख ७४ हजार अर्थात् ७९.९७ प्रतिशत प्राप्त गरेको छ । प्रदेश सरकारले राजश्वका दिगो एवं नयाँ श्रोत पहिचान गरी राजश्व असुलीमा वृद्धि गर्नुपर्दछ । | राजश्वका नयाँ श्रोत पहिचानको लागि अध्ययन अनुसन्धान गरी राजस्व असुलीमा वृद्धि गर्न निर्देशन दिने । |
| ७ | **वित्तीय हस्तान्तरण** - यो वर्ष प्रदेश सरकारले वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारबाट रू.१३ अर्ब २ करोड ९७ लाख प्राप्त हुने लक्ष्य राखेकोमा रू.१३ अर्ब ८७ करोड ८४ लाख अनुदान प्राप्त गरेको छ। वार्षिक बजेटको तुलनामा सशर्त अनुदान १२०.१९ प्रतिशत, समानीकरण अनुदान, विशेष अनुदान र समपुरक अनुदान शतप्रतिशत प्राप्त भएको छ। वित्तीय हस्तान्तरण अन्तर्गत वार्षिक बजेट अनुमानभन्दा बढी रकम प्राप्त भएको तर रू.३ अर्ब ९७ करोड ८३ लाख बजेटको ७८.४ प्रतिशत) खर्च भएको छ। खर्च गर्ने दक्षतामा सुधार गर्नुपर्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ८ | **आयोजना स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ १) ख अनुसार नयाँ योजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा पूँजीगत प्रकृतिको भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टायाँई सहितको प्रस्ताव गर्नु पर्ने व्यवस्था रहेको छ । आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय उपयुक्तताको आधारमा प्रतिफल समेतको विचार गरी त्यस्तो आयोजना स्वीकृत भएको गर्नुपर्दछ । जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ। स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रईङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्नेमा मन्त्रालयले उल्लिखित प्रक्रिया पूरा नगरी कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ । कानुनी प्रक्रिया पूरा गरी आयोजना स्वीकृत तथा सञ्चालन गर्नुपर्दछ । | पूँजीगत प्रकृतिको वजेट प्रस्ताव गर्दा स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टायाँई सहितको प्रस्ताव माग गर्ने र उक्त प्रस्ताव प्राप्त गरी मात्रै कार्यक्रम तथा बजेट स्वीकृत गर्न निर्देशन दिने । |
| ९ | **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सरकारले सभामा पेश गरेको नीति तथा कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १० | **अवण्डा बजेट** - अर्थ मन्त्रालयले अर्थ विविधमा रू.३ अर्ब १५ करोड १० लाख बजेट अवण्डाको रूपमा राखेको छ। सोमध्ये भैपरी आउने पूँजीगत तर्फ रू. ८५ करोड १ लाख ६८ हजार विभिन्न कार्यक्रम तथा आयोजनाहरूमा बजेटमा उल्लेख नगरी खर्च गरेको छ । त्यसैगरी मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले रू.३२ | पूँजीगत अबन्डाको रुपमा वजेट नराख्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | करोड ६० लाख, पर्यटन उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले रू.४ करोड ५० लाख, भौतिक पूर्वाधार सहरी विकास तथा यातायात मन्त्रालयले रू.२४ करोड ३४ लाख ५५ हजार, भूमि व्यवस्था कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालयले रू.२२ करोड ११ लाख ६५ हजार, शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले रू. ३ करोड गरी जम्मा रू. ८६ करोड ५६ लाख २० हजार अबण्डामा बजेट राखेर पटक पटक बाँडफाँड गरी खर्च गरेको बजेट सिद्धान्त विपरित देखिन्छ। यसमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | **बजेट समर्पण** - बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७८ मा आर्थिक वर्षको दोस्रो चौमासिक अबधिसम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएका वा हुन नसक्ने कार्यक्रमको सम्पूर्ण बजेट चैत्र १ गतेभित्र अनिवार्य रुपमा समर्पण गर्नुपर्ने व्यवस्था रहेको छ । गण्डकी प्रदेश सरकारका विभिन्न निकायको लागि विनियोजित बजेट कार्यान्वयनको क्रममा विविध कारणले सन्तोषजनक प्रगति नभएको अवस्थामा उक्त बजेट पूर्ण वा आशिंक रुपमा बजेट समर्पण गरेका छन । समर्पण गरेको बजेटलाई अर्थ मन्त्रालयले अर्थ विविधमा रकमान्तर गरी व्यवस्थापन गरेको छ । अर्थ विविध, स्थानीय तहबाट रकमान्तर गरेको बाहेक ११ मन्त्रालय तथा प्रदेश सभा, प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोगमा रू.१० अर्ब १९ करोड ३५ लाख थप र रू.७ अर्ब ८० करोड ३६ लाख ९७ हजार घट बजेट समर्पण नगरी रकमान्तर गरेको देखिन्छ । जसमध्ये रू.१ अर्ब ५ करोड ४१ लाख ४२ हजार प्रदेश सरकारका विभिन्न ९ निकायबाट समर्पण भएको देखिन्छ । कानुनको पालना गरी बजेट समर्पण र रकमान्तर गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १२ | **आयोजनाको म्याद थप** - बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ५ ३) मा वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका आयोजना तथा कार्यक्रमलाई समयमै सम्पन्न गर्न आर्थिक वर्षको पहिलो चौमासिकमा सम्पूर्ण प्रक्रिया पुरा गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतका १५३ बहुवर्षीय योजनाहरू मध्ये २२ वटा आयोजना र उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गतका ७६ वटा बहुबर्षिय आयोजना मध्ये ८ वटा आयोजनाको म्याद समाप्त भएता पनि कार्यसम्पन्न भएको देखिदैन । सम्झौता अनुसार समयमा नै कार्यसम्पन्न गर्नु गराउनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १३ | **स्रोत सुनिश्चितता** - बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ९ मा बहुवर्षीय १३ ठेक्का स्वीकृत भएका र कार्यान्वयनमा रहेका आयोजनाहरूको लागि बजेट व्यवस्था गरेर मात्र नयाँ आयोजनामा बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । स्रोतको सुनिश्चतता नहुँदा योजनाहरू अधुरो हुन गई लक्षित उद्देश्य प्राप्तिमा असर पर्ने देखिएकोले स्रोतको सुनिश्चितता प्रदान गर्नुपर्दछ । | स्रोतको सुनिश्चतता गरी मात्र नयाँ आयोजना थप गर्न निर्देशन दिने । |
| १४ | **बहुबर्षीय आयोजना** - वहुवर्षीय आयोजना भनि स्वीकृत गरिएका आयोजनाहरूमा म्याद भित्र कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्नु पर्नेमा ११ आयोजनामा आर्थिक वर्ष २०७८ । ७९ मा बजेट नै विनियोजन गरेको देखिदैन । जसमध्ये ६ वटा योजनाको सम्झौता मिति तथा सम्पन्न गर्नु पर्ने मिति पनि उल्लेख छैन । योजना सम्पन्न गर्न सम्झौता अनुसार रू.५३ करोड ९२ लाख ७८ हजार मध्ये हाल सम्म रू.२० करोड २८ लाख ४२ हजार खर्च गरी रू.३३ करोड ६४ लाख ३६ | वहुवर्षीय आयोजना भनि स्वीकृत गरिएका आयोजनाका लागि आवश्यक वजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा वजेट विनियोजन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हजार बजेट आवश्यक पर्नेमा विनियोजन नगरेकोले योजना समयमा नै सम्पन्न नहुने भई कार्य अधुरो रहने तथा लाभग्राही वर्गले लाभ प्राप्तिमा ढिलो हुन जाने देखिन्छ । आवश्यक बजेट विनियोजन गरी समयमा नै कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ १) मा संघीय सञ्चित कोषबाट प्रदेशमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेमा सोही आर्थिक वर्ष भित्र संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष सशर्त, विशेष तथा समपुरक अनुदानतर्फ रू.६ अर्ब ४५ करोड १६ लाख प्राप्त भएकोमा रू.४ अर्ब ७९ करोड ५१ लाख खर्च भई बाँकी रहेको रू.१ अर्ब ६५ करोड ६५ लाख संघीय सरकारलाई २०७९ मसिंर २५ मा फिर्ता गरेको छ । बचत रकम समयमै फिर्ता नगर्नु र बजेटको ठूलो रकम खर्च नगर्नु उचित देखिएन । | बचत रकम समयमै फिर्ता गर्न निर्देशन दिने । |
| १६ | **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँड गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रू.१ अर्ब ४८ करोड २१ लाख संकलन मध्ये रू.३० करोड ३५ लाख ६ हजार अर्को आर्थिक वर्षमा बाँडफाँड गरेको देखिन्छ । यसरी बाँडफाँड नै नभएको रकमलाई समेत समावेश गरी ६० प्रतिशतले हुन आउने रू.८८ करोड ९३ लाख १ हजार प्रदेश संचितकोषमा आम्दानी बाँधेको छ । वास्तविक आय भएको वर्षमा नै प्रदेश सञ्चितकोषमा आम्दानी बाँध्नुपर्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १७ | **मध्यमकालिन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: <br>१७.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ को उपदफा १ अनुसार प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको खर्च संरचना तयार गर्दा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनुपर्ने व्यवस्था छ। मध्यमकालिन खर्च संरचना अनुसार आर्थिक वर्ष २०७८।०७९ को लागि रू.३८ अर्ब ३२ करोड ६३ लाख बजेट प्रक्षेपण गरेकोमा रू.३१ अर्ब ३५ करोड २८ लाखको बजेट तर्जुमा गरी रू.२२ अर्ब ४ करोड ३९ लाख मात्र खर्च गरेको छ । २०७९।८० को लागि रु.४२ अर्ब १५ करोड ९० लाख प्रक्षेपण गरेकोमा रू.३५ अर्ब ९० करोड ९० लाखको बजेट निर्माण गरेको देखिन्छ । यसरी पञ्चवर्षीय योजना र वार्षिक योजनाबिच तादम्यता कायम गर्ने, बहुबर्षिय ठेक्का सम्झौता भएका तथा प्राथमिकतामा परेका आयोजनाको लागि स्रोत साधनको सुनिश्चितता गर्नु र विषयगत मन्त्रालय तथा निकायका बजेट बाँडफाँडलाई वस्तुपरक र यथार्थपरक बनाउनु यसको उद्देश्य रहेकोमा घट्दो बजेट प्रक्षेपण तथा व्यय अनुमानले सो विषयलाई आत्मसात गरेको देखिदैन । विकास योजनालाई मार्गदर्शनको रुपमा लिई पञ्चवर्षीय योजनाका लक्ष्य हासिल गर्ने कार्यको लागि मध्यमकालिन खर्च संरचना तयार गरिनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | १७.२. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ को उपदफा ३ मा मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना र कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने उल्लेख छ । भौतिक पूर्वाधार क्षेत्रका ३५, सामाजिक विकास क्षेत्रका ४०, शासकीय व्यवस्था र अन्तरसम्बन्धित क्षेत्रका ५ र आर्थिक मामिला योजना अनुगमन र मूल्यांकन क्षेत्रका ९, आन्तरिक मामिला तथा कानुन क्षेत्रका १ गरी जम्मा ९० आयोजना तथा कार्यक्रमहरूको शुरु र सम्पन्न हुने अवधि तथा लागत खुलाएको पाईएन। कानुनमा भएको व्यवस्थाको प्रभावकारी पालना गर्नुपर्दछ ।<br>१७.३. मध्यमकालीन खर्च संरचनामा दिगो विकासका १७ लक्ष्यमध्ये सामुन्द्रिक श्रोतको उपयोग र दिगो विकासको लागि साझेदारी बाहेक अन्यलाई यो वर्षको बजेटमा रकम विनियोजन गरेको देखिन्छ। सबै प्रकारका गरिबीको अन्त्य र असमानता न्यूनिकरणको लक्ष्य प्राप्तिको लागि क्रमशः रू.१ अर्ब ६९ करोड ७८ लाख र रू.११ करोड ३९ लाख व्यवस्था गरेको छ । गरिबी र असमानता बहुआयामिक विषय भएकोले सो विषयमा कार्यक्रम तथा योजनाबिचको तादाम्यता तथा लगानी सम्बन्धमा केही खुलाएको पाईएन । | |
| १८ | **आन्तरिक ऋण** - घाटा बजेट पूर्ति गर्न रू.१ अर्ब आन्तरिक र रू.१ अर्ब नेपाल सरकारबाट ऋण लिने उल्लेख गरेकोमा उक्त ऋण लिएको छैन साथै आन्तरिक | आन्तरिक ऋण प्राप्ति गर्नको लागि चाहिने कानुन निर्माण गर्ने प्रक्रिया सुरु गर्न |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ऋण प्राप्ति गर्नको लागि चाहिने कानुनहरू समेत निर्माण भएको छैन । | निर्देशन दिने । |
| १९ | **संघीय कार्यालय तथा स्थानीय तहलाई बजेट** - प्रदेश सरकार विनियोजन ऐन, २०७८ को दफा ५ १) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको पुँजीगत बजेट नेपाल सरकारको पूर्व सहमति लिई माघ मसान्तभित्र लेखी आएमा गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी र सहमति दिनसक्ने तर प्रशासनिक खर्च तथा चालुतर्फका कार्यक्रम लागि नेपाल सरकारका निकायलाई कुनै रकम उपलब्ध गराउन नपाईने कानुनी व्यवस्था रहेको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले ४ मन्त्रालयमा विनियोजन गरेको बजेटबाट संघीय कार्यक्रम सञ्चालन गर्न ५३ संघीय कार्यालयलाई रू.८८ करोड ३१ लाख ४७ हजार बजेट निकासा दिएको छ भने स्थानीय सरकारका कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारका ४ मन्त्रालयबाट रू.१४ करोड ३५ लाख बजेट निकासा गरेको छ । यसरी कार्यक्षेत्र बाहिरको निकायहरूलाई बजेट विनियोजन गर्नु उचित देखिएन् । कानुनी व्यवस्था पालना गरी बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | कार्यक्षेत्र बाहिरको निकायहरूलाई बजेट विनियोजन नगर्न निर्देशन दिने । |
| २० | **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ १) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ । मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा ४ आयोजनाको लागि रू.१ करोड १० लाख ८० हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। प्रदेश | प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी अन्त्य गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | |
| २१ | **प्रदेश सञ्चित कोष** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३ १) बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राखे तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेशको सञ्चित कोषको हिसाब विवरण निम्नानुसार रहेको छ ।<br>२१.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ २) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले नेपाल सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँड अन्तर्गत प्राप्त रकम, प्रदेश सरकारको आय, ऋण तथा अनुदान र खर्चको विवरण साथै प्रदेश अन्तर्गतका स्थानीय तहहरूको एकीकृत वित्तीय प्रतिवेदन तयार गरी महालेखा परीक्षकले तोकेको ढाँचामा महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्कीले स्थानीय सरकारको एकीकृत प्रतिवेदन तयार नगरी प्रदेश सरकारको आर्थिक कारोबारको मात्र प्रतिवेदन पेश गरेको छ । कानुनमा तोकिए बमोजिम एकीकृत प्रतिवेदन तयार गर्नुपर्दछ ।<br>२१.२. स्थानीय तहलाई यस आर्थिक वर्षमा कुल रू.१ अर्ब ६९ करोड ४३ लाख वित्तीय हस्तान्तरण  समानिकरण, सशर्त, समपुरक र विशेष अनुदान) गरेको | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | छ । उक्त रकम सबै खर्च भए नभएको एकीन तथ्याङ्क नराखी हस्तान्तरण भएको रकमलाई खर्चमा उल्लेख गरेको कारण प्रस्तुत वित्तीय विवरणले खर्चको यथार्थ चित्रण गर्दैन । यसरी हस्तान्तरण भएको सबै रकम खर्च भएको उल्लेख गर्नु उचित देखिएन।<br>२१.३. प्रदेश विनियोजन ऐन अनुसार स्थानीय तहलाई वित्तीय हस्तान्तरण भएको रकम मध्ये सशर्त, समपुरक र विशेष अनुदानको रकम खर्च नभई बाँकी भएमा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने उल्लेख भएकोमा स्थानीय तहलाई पठाएको रकममध्ये खर्च नभई बाँकी रहेको रकम फिर्ता प्राप्त भएको अभिलेख नै राखेको छैन । यो वर्ष खर्च नभई बाँकी रकम फिर्ता गर्नुपर्ने गरी अनुदान शीर्षकमा कुल रू.५९ करोड ४३ लाख वित्तीय हस्तान्तरण भएकोमा सोको खर्चको अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयसँग छैन। खर्च नभई बाँकी रहेको रकम एकीन गरी फिर्ता गर्नुपर्दछ ।<br>२१.४. स्थानीय तहहरूले संकलन गरी प्रदेश सरकारलाई पठाउनुपर्ने रकम विभाज्य कोषमा राख्नुपर्नेमा विभाज्य कोषमा राखे नराखेको एकीन गरेको छैन भने विभाज्य कोषमा राखेको रकम मध्येबाट प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने र प्राप्त हुन बाँकीरकमको अभिलेख नराखी प्राप्त भएको रकम मात्र आम्दानी बाँधको अवस्था छ । कार्यालयले प्राप्त हुनुपर्ने रकमको समेत अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।<br>२१.५. प्रदेश सरकारले स्थानीय तहलाई समानिकरण सशर्त, समपुरक र विशेष अनुदान) बाहेक पटके अख्तियारी समेत प्रदान गरी रकम निकासा दिएकोमा | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सोको तथ्याङ्क अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयसँग छैन भने उक्त व्यहोरालाई वित्तीय प्रतिवेदनमा समावेश गरेको छैन। यस वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले १० स्थानीय तहलाई रू.७ करोड ५० लाख बजेट विनियोजन गरेकोमा रू.२ करोड २५ लाख २४ हजार खर्च गरेको, शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले ६ पालिकालाई रू.३ करोड ५० लाख विनियोजन गरेकोमा रू.३६ लाख ५७ हजार खर्च गरेको, पर्यटन, स्वास्थ्य तथा जनसङख्या मन्त्रालयले ५ पालिकालाई रू.१ करोड ८५ लाख विनियोजन गरेकोमा रू.५८ लाख ८० हजार खर्च भएको, उघोग बाणिज्य तथा आपूर्ति मन्त्रालयले १० स्थानीय तहलाई रू. १ करोड ५० लाख विनियोजन गरेकोमा रू.३० लाख खर्च गरी कुल बिनियोजन रू.१४ करोड ३५ लाख भएकोमा खर्च रू.३ करोड ५० लाख ६१ हजार भएकोछ। | |
| | २१.६. प्रदेश सरकारले संघीय कार्यालयलाई आर्थिक वर्ष २०७८।७९ मा रू.८८ करोड ३१ लाख ४७ हजार विनियोजन गरी रू.६४ करोड ३७ लाख २५ हजार खर्च गरेको छ । सम्बन्धित निकायबिच समन्वय गरी दोहोरो नपर्ने गरी बजेट निकासा गर्नुपर्दछ। | |
| | २१.७. राजस्व तथा अनुदानतर्फ कुल रू.२५ अर्ब १७ करोड २४ लाख प्राप्त देखाएकोमा सवारी साधन कर रू.८८ करोड ९३ लाख २ हजार, प्राकृतिक श्रोतको रोयल्टी रू.३१ करोड ८१ लाख ८६ हजार र मूल्य अभिवृद्धि करको रू.६६ करोड ६६ लाख ९९ हजार २०७८।७९ को राजश्व | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | व्यवस्थापन सूचना प्रणाली रिम्स) मा समावेश भएको छ । प्राप्त रकमलाई समयमै राजस्व व्यवस्थापन प्रणालीमा समावेश गर्नुपर्दछ । | |
| २२ | **समपुरक अनुदान** - प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ उपदफा १ मा प्रदेशलाई कुल लागतको अधिकतम ५० प्रतिशत रकम समपुरक अनुदान प्रदान गर्ने उल्लेख भएकोले प्रदेश सरकार र संघीय सरकारको लागत सहभागितामा योजना तथा कार्यक्रम सशालन गर्नुपर्ने हुन्छ । यो वर्ष संघीय सरकारबाट समपुरक अनुदान रू.८७ करोड ३६ लाख प्राप्त भएको छ । प्रदेश सरकारको योगदान खुल्ने गरी खर्चको अद्यावधिक अभिलेख नभएको कारण प्रदेश सरकारको योगदान एकीन गर्न सकिएन । संघ र प्रदेशको अनुपात मिल्ने गरी खर्च गर्ने र सोको अभिलेख अद्यावधिक गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । | प्रदेश सरकारको योगदान खुल्ने गरी खर्चको अद्यावधिक अभिलेख राख्न निर्देशन दिने । |
| २३ | **अनुदानको विवरण** - विनियोजन ऐन, २०७८ को दफा ४ ४) मा स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १५, माघ १५ र वैशाख १५ गतेभित्र वित्तीय समानिकरण अनुदानबाट खर्च भएको रकमको विवरण र अर्को आर्थिक वर्षको श्रावण मसान्तभित्र वार्षिक आर्थिक विवरण बुझाई सक्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाएको छैन। कानुनको परिपालना गरी तोकिएको समयमा विवरण पेश गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न गराउन निर्देशन दिने । |
| २४ | **प्रदेश आकस्मिक कोष** - प्रदेश सरकारले रू.२ करोड प्रदेश आकस्मिक कोषमा जम्मा गरेकोमा हालसम्म उक्त रकम खर्च गर्नको लागि कार्यविधि तयार गरेको देखिदैन । उक्त कोषको मौज्दात रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनमा समावेश गरेको छ। कार्यविधि बनाई कोष | कार्यविधि बनाई प्रदेश आकस्मिक कोष सञ्चालन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सञ्चालन गर्नुपर्दछ। | |
| २५ | **कार्य सञ्चालन कोष** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ ५) मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । श्रेस्ता अनुसार बैंक हिसाब मिलान गरी उक्त कोष अद्यावधिक गर्नुपर्दछ ।<br>२५.१. आन्तरिक लेखापरीक्षण प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३२ मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणबाट औंल्याईएको व्यहोराहरूलाई सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्ने र प्रदेश लेखानियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिना भित्र अर्थमन्त्री समक्ष पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन अर्थ मन्त्रालय समक्ष पेश गरेको छैन । कानूनको पालना गरी आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नेतर्फ ध्यान दिनु पर्दछ । | नियमित तोकिएको समयमम नै आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन अर्थ मन्त्रालय समक्ष पेश गर्न निर्देशन दिने । |
| २६ | **बेरुजुको लगत** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा ३६ २) मा प्रदेशस्तरको केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी बेरुजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउने उल्लेख छ। सो बमोजिमको एकीकृत लगत राखेको छैन । कानुनी व्यवस्थाको पालन गरी बेरुजुको एकीकृत लगत राख्नुपर्दछ । | कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी बेरुजुको एकीकृत लगत राखी समितिलाई समेत समय समयमा जानकारी गराउन निर्देशन दिने । |

**४.९.२ महालेखा परीक्षकको चौथो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।११।२२ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी**-प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेका देखिन्छ । यसैगरी प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयारी, सशर्त अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयारी, प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, बीमा र बीमा व्यवसायको विस्तार र नियमन लगायतको काम हुन बाँकी देखिन्छ। तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ । | कार्यविभाजन नियमावलीले तोकेका कार्यहरु सबैलाई प्राथमिकतामा राखि कार्यान्यवन गर्न निर्देशन दिने । |
| २ | **समष्टिगत आर्थिक तथा दिगो विकासको मुख्य सुचक** - पन्ध्रौं योजना अनुरुप प्रदेश पञ्चवर्षीय योजनाले लक्ष्य प्राप्ती गर्नुपर्ने र प्रदेश पञ्चवर्षीय योजनाको लक्ष्य प्राप्तीको लागि वार्षिक योजनाका क्षेत्रगत लक्ष्य प्राप्त गर्नुपर्दछ । गण्डकी प्रदेशले लिएको लक्ष्य तथा प्रगति सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।<br>२.१. आर्थिक मामिला तथा योजना मन्त्रालय वार्षिक आर्थिक वृद्धिदर लक्ष्य ७ प्रतिशत रहेकोमा प्रगती ३.५६ प्रतिशत रहेकोले प्रदेश पञ्चवर्षिय लक्ष्य १०.२ प्रतिशत पुराउने लक्ष्यमा असर पर्ने देखिन्छ । आर्थिक वृद्धि दर उच्च बनाउन उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेगरी विकास कार्यक्रममा खर्च | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गर्नुपर्दछ ।<br>२.२. बहुआयमिक गरिबी, प्रति व्यक्ति खाद्यान्न उतपादनका सूचाङ्क तथा सामाजिक विकासका सुचाङ्कहरू मानव विकास, साक्षरता दर, आधारभूत खानेपानी पुगेको परिवार लगायत सूचाकाङ्कहरू लक्ष्यभन्दा कम प्रगति भएकोले नागरिकको जीवनस्तरमा सुधार भएको देखिदैन ।<br>२.३. चालु बजेट अन्तर्गत कृषि अनुदानमा रु.४२ करोड ६१ लाख ४५ हजार बजेट विनियोजन भएकोमा रु.२८ करोड ३६ लाख ५७ हजार खर्च गरेको छ । लक्ष्य अनुसार खर्च नगरेको कारण व्यक्तिगत खाद्यान्न उत्पादन र आधारभूत खाद्य सुरक्षाको स्थितिमा सुधार भएको पाइएन ।<br>२.४. पुँजीगततर्फ रु.१९ अर्ब ९९ करोड ९४ लाख बजेट विनियोजन भएकोमा रु.१७ अर्ब ५९ करोड ५५ लाख  ८७.९८ प्रतिशत) खर्च गरेको छ । पुँजीगत बजेट खर्चमा वृद्धि गरी दिगो बिकासमा ध्यान दिनुपर्दछ ।<br>प्रदेश पञ्चवर्षीय योजनाले लिएको लक्ष्य प्राप्तिको लागि आवश्यक बजेट र खर्च गर्ने क्षमताको विकास गरी कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्नुपर्दछ । | |
| ३ | **आय- व्यय-** प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको आय-व्यय विवरण अनुसार गत वर्षको मौज्दात रु.६ अर्ब १८ करोड २८ लाख ५१ हजार, यस वर्षको कर राजस्व रु.८ अर्ब ४१ करोड ९७ लाख ६६ हजार, गैर कर राजस्व रु.१ अर्ब ३८ करोड ९५ लाख ६३ हजार र संघीय अनुदान रु.१३ अर्ब ९६ करोड ८४ लाख ६० हजार समेत रु.२९ अर्ब ९६ करोड ६ लाख ४० हजार आयमध्ये रु.२५ अर्ब ६२ करोड ३४ लाख १८ हजार खर्च भई रु.४ अर्ब ३३ करोड ७२ लाख २२ | केही गर्नु नपर्ने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हजार बचत रहेको छ । सो मध्ये रु.१ अर्ब ४७ करोड ८२ लाख ९८ हजार संघीय सञ्चित कोषमा फिर्ता भएको छ । | |
| ४ | **बजेट खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट संचालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । वजेट अनुमानको तुलनामा २०७५/७६ मा ५७.९७, २०७६/७७ मा ६३.५२ र २०७७/७८ मा ७३.५४ प्रतिशत, खर्च भई तीन वर्षमा औसत ६०.५७ प्रतिशत खर्च भएको छ । बजेटको तुलनामा न्यून खर्च भएको कारण प्रत्येक वर्ष बचत रहन गएको छ। खर्च गर्ने क्षमता वृद्धि नभएको कारण बजेट कार्यान्वयनको अवस्था कमजोर रहेको देखिन्छ । बजेटलाई यथार्थपरक बनाई कार्यान्वयन दक्षता बढाउनु पर्दछ। | वजेट निर्माण पुर्व पर्याप्त छलफल अध्ययन तथा विश्लेषण गरी वजेटलाई यथार्थपरक वनाई कार्यान्वयन दक्षता वृद्धि गर्न निर्देशन दिने । |
| ५ | **बजेट अनुमान र प्राप्ति** - प्रदेश सरकारले २०७७।७८ मा रु.३४ अर्ब ८४ करोड २२ लाख बजेट अनुमान गरेकोमा रु.२९ अर्ब ९६ करोड ६ लाख अनुमानको ८५.९९ प्रतिशत प्राप्त भई रु.२५ अर्ब ६२ करोड ३४ लाख बजेटको ७३.५४ प्रतिशत खर्च गरेको छ । समृद्धि र सुखका राष्ट्रिय तथा गण्डकी प्रदेशका लक्ष्यहरू प्राप्त गर्नको लागि यस बर्ष बिनियोजित मध्ये चालुतर्फ ९५ प्रतिशत र पुँजीगततर्फ ९० प्रतिशत खर्च गर्ने लक्ष्य राखेको थियो । चालुतर्फ रु.१४ अर्ब ३४ करोड २६ लाख र पुँजीगततर्फ रु.१९ अर्ब ९९ करोड ९४ लाख बजेट विनियोजन भएकोमा क्रमशः ५४.०९ प्रतिशत ८७.९८ प्रतिशत मात्र खर्च गरेको छ । वित्तीय व्यवस्थातर्फ रु.५० करोड व्यवस्था भएकोमा खर्च भएको छैन । कुल प्राप्तिमध्ये | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रु.१३ अर्ब ९६ करोड ८४ लाख ४६.७३ प्रतिशत) संघीय हस्तान्तरित अनुदान र २०.६८ प्रतिशत गत वर्षको मौज्दात रहेको छ । आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिंदै सम्वृद्धी र सुखका राष्ट्रिय तथा गण्डकी प्रदेशका लक्ष्य अनुसार प्रगती हासिल गर्नुपर्दछ । | |
| ६ | **राजश्व प्रक्षेपण तथा असुली** - बजेट वक्तव्य २०७७।०७८ मा प्रदेशको आन्तरिक राजश्व परिचालनबाट रु.१२ अर्ब ८८ करोड २२ लाख ६० हजार आर्जन हुने उल्लेख गरेकोमा रु.९ अर्ब ८० करोड ९३ लाख २९ हजार अर्थात ७६.१५ प्रतिशत प्राप्त गरेको छ । प्रदेश सरकारले राजश्वका नयाँ श्रोत पहिचान गरी राजश्व असुलिमा वृद्धि गर्नुपर्दछ । | राजश्वका नयाँ श्रोत पहिचानको लागि अध्ययन अनुसन्धान गरी राजस्व असुलीमा वृद्धि गर्न निर्देशन दिने । |
| ७ | **वित्तीय हस्तान्तरण** - यो वर्ष प्रदेश सरकारले वित्तीय हस्तान्तरण अन्तर्गत रु.१३ अर्ब ३५ करोड ९९ लाख प्राप्त हुने लक्ष्य राखेकोमा रु.१३ अर्ब ९६ करोड ८५ लाख अनुदान प्राप्त गरेको छ। वार्षिक बजेटको तुलनामा सशर्त अनुदान ११४.४६ प्रतिशत, समानीकरण अनुदान, विशेष अनुदान र समपुरक अनुदान शतप्रतिशत प्राप्त भएको छ । वित्तीय हस्तान्तरण अन्तर्गत वार्षिक बजेट अनुमानभन्दा बढी रकम प्राप्त भएको तर रु.११ अर्ब १६ करोड ७९ लाख बजेटको ८३.५ प्रतिशत) खर्च भएको छ। खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **राजस्वको प्रक्षेपण** - प्राप्त हुने मूल्य अभिवृद्धि करबाट रु.३ अर्ब ७८ करोड ६८ लाख प्राप्त गर्ने लक्ष्य राखेकोमा रु.५ अर्ब ३६ करोड ९७ लाख अर्थात १४१.८ प्रतिशत तथा अन्तशुल्कबाट रु.३ अर्ब ७८ करोड ६९ लाख को लक्ष्य रहेकोमा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रु.१ अर्ब ५२ करोड ६९ लाख अर्थात ४०.३२ प्रतिशत मात्र प्राप्त गरेको अवस्था छ । प्रदेश सरकारले प्राप्त गर्ने राजस्वको प्रक्षेपण प्रभावकारी हुनुपर्दछ। | |
| ९ | **रजिष्ट्रेशन शुल्क** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा घरजग्गा रजिष्ट्रेशन सम्बन्धी दस्तुर वापत प्राप्त हुने राजस्व सम्बन्धित स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने कानुनी व्यवस्था छ । हाल रजिष्ट्रेशन दस्तुर बापतको राजस्व जिल्लास्थित मालपोत कार्यालयहरूबाट संकलन भई सोको बाँडफाँट भएको अवस्था छ । रजिष्ट्रेशन दस्तुर वापत यस वर्ष रु.४० करोड प्राप्त गर्ने लक्ष्य रहेकोमा रु.६९ करोड ५९ लाख ११ हजार प्राप्त भई लक्ष्यको तुलनामा ७३.९७ प्रतिशत बढी राजस्व प्राप्त भएको अवस्था छ । मन्त्रालयले यथार्थपरक ढंगले राजश्व अनुमान गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १० | **आयोजना स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय उपयुक्तताको आधारमा प्रतिफल समेतको विचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्दछ । जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रईन, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्नेमा मन्त्रालयले उल्लिखित प्रकृया पुरा नगरी कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ । कानुनी प्रक्रिया पुरा गरी आयोजना स्वीकृत तथा सञ्चालन गर्नुपर्दछ । | पूँजीगत प्रकृतिको वजेट प्रस्ताव गर्दा स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टायाँई सहितको प्रस्ताव माग गर्ने र उक्त प्रस्ताव प्राप्त गरी मात्रै कार्यक्रम तथा बजेट स्वीकृत गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ११ | **नीति तथा कार्यक्रम कार्यान्वयन** - सरकारले प्रदेश सभामा पेश गरेको नीति तथा कार्यक्रम प्राथमिकतासाथ कार्यान्वयन गर्नुपर्दछ । नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था अध्ययन गर्दा स्थानीय तहसँगको साझेदारीमा नसर्ने रोगको रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि एकीकृत जनस्वास्थ्य प्रवर्द्धन, विघालय तहमा मातृभाषाको पाठ्यक्रम निर्माण, शैक्षिक तथ्याङ्क व्यवस्थापन, कृषि तथा पशुपंक्षी विकास सम्बन्धी सेवाको पहुँच विस्तार गरिने तथा कृषि व्यवसाय गर्न चाहने कृषकलाई बीउबिजन कृषि औजार, अर्गानिक खेती विस्तार गर्न प्राङ्गारिक मल तथा बायोचार उत्पादनलाई प्रोत्साहन, मुख्य कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने तथा कृषि उत्पादनको बजार सुनिश्चितताका लागि कृषक र व्यापारीबिच अग्रिम करार गर्न प्रोत्साहन, दुध तथा दुग्धजन्य पदार्थको प्रवर्द्धन गर्न प्रादेशिक दुग्ध नीति तर्जुमा, खाद्यान्न आपूर्ति सुनिश्चित गर्न प्रदेश र स्थानीय तहमा खाद्य बैङ्क स्थापन गर्ने नेपाल सरकार र स्थानीय तहसँग सहकार्य, विपन्न परिवारलाई सुपथ मूल्य कार्ड वितरण, प्रदेशमा लगानीमैत्रि वातावरण सिर्जना गर्न सार्वजनिक निजी संवाद र सहकार्य, नेपाल सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा विद्युतीय सवारी साधन संचालन गर्न आवश्यक पूर्वाधार निर्माण, सामूहिक र एकीकृत आबास निर्माणका लागि निजी क्षेत्रलाई आकर्षण गर्न आवश्यक नीतिगत व्यवस्था, गैरआवसीय नेपालीले आर्जन गरेको ज्ञान, सीप, पूँजी, प्रविधिलाई प्रदेशको विकासमा उपयोग गर्न तथा स्वरोजगारी प्रवर्द्धन गर्न प्रोत्साहन गरिने जस्ता नीति तथा कार्यक्रम कार्यान्वयन गरेको देखिएन । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२ | **बजेट वक्तव्य** - कार्यान्वयन प्रदेश सरकारको २०७७/७८ को बजेट वक्तव्यमा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | समावेश भएका मातृ तथा बालरोग सम्बन्धी विशिष्टिकृत अस्पताल निमार्ण गर्न रु.२ करोड, नेपाल सरकारसँगको सहकार्यमा सबै जिल्ला अस्पताललाई २५ देखि ५० शय्या र धौलागिरी अस्पताललाई दई सय शय्याको जनरल अस्पतालमा स्तरोन्नति गर्ने, प्रदेश स्तरीय बहुउद्देश्यीय रङ्गशाला, क्रिकेट रङ्गशाला, गल्फकोर्स, स्की, उच्च उचाई खेलकुद तालिम केन्द्र, जिल्लास्तरीय रङ्गशाला र एक स्थानीय तह एक खेलकुद मैदान निर्माण गर्ने, कृषि उद्यमशिलता अभिवृद्धि गर्न सहुलियत व्याजदरमा कृषि ऋण उपलब्ध गराउने, पशुपंक्षीको लागि आवश्यक दानाको सहज र सर्वसुलभ आपूर्ति गर्न तथा निजी क्षेत्रको साझेदारीमा दाना र साइलेज उघोग स्थापना गर्न रु.१ करोड १२ लाख, पशु रोग नियन्त्रणका लागि खोप बैङ्कङ्ग स्थापना गरी पशुखोप कार्यक्रम, नवलपुरको कावासोतीमा एकिकृत नमुना प्रशासनिक केन्द्र निर्माण गर्न रु.२ करोड, आयोजनाको छनौट संभाव्यता अध्ययन वित्तीय स्रोत व्यवस्थापन गरी आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना गर्न रु.११ करोड, प्रदेशस्तरीय आयोजना बैङ्ग संचालन गर्न रु.५ करोड विनियोजन भएकोमा सोको कार्यान्वयन गरेको छैन । कार्यान्वयनयोग्य कार्यक्रम मात्र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ । | गर्न निर्देशन दिने । |
| १३ | **अवण्डा बजेट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा संचित कोषमाथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले कुल बजेट रु.३४ अर्ब ८४ अवण्डा बजेट अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा संचित कोषमाथि व्ययभार | पूँजीगत अबन्डाको रुपमा वजेट नराख्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले कुल बजेट रु.३४ अर्ब ८४ करोड २२ लाखमध्ये अर्थ विविधमा रु.४ अर्ब ५० करोड ६४ लाख बजेट अवण्डाको रूपमा राखेको छ । सोमध्ये भैपरी आउने पुँजीगततर्फ रु.६९ करोड ९७ लाख ५५ हजार राखी विभिन्न कार्यक्रम तथा आयोजनाहरूमा खर्च गरेको छ । यस वर्ष कुल बजेटको १२.९३ प्रतिशत रकम अवण्डाको रूपमा राखेको र पछि रकमान्तर गरी निकासा दिएको छ । अवण्डा राखी खर्च गर्ने कार्य बजेट सिद्धान्त विपरीत देखिँदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १४ | **आयोजना कार्यान्वयन** - बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ५ ३) मा वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका आयोजना तथा कार्यक्रमलाई समयमै सम्पन्न गर्न आर्थिक वर्षको पहिलो चौमासिकमा सम्पूर्ण प्रक्रिया पुरा गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। प्रदेश नीति तथा योजना आयोगको वार्षिक प्रतिवेदन २०७७।७८ अनुसार बार्षिक बजेटमा भएका विभिन्न मन्त्रालयहरूका ४ हजार २५६ आयोजनामध्ये सामाजिक विकास मन्त्रालयको ३६२ मध्ये १८१ र भौतिक पूर्वाधार विकास मन्त्रालयको २ हजार ९२० मध्ये ३६४ गरी ५४५ कार्यान्वयनमा ल्याएको देखिदैन । यसरी बजेट व्यवस्था गरी कार्यान्वयन नगर्ने परीपाटीको अन्त्य हुनुपर्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १५ | **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ मा प्रदेश विनियोजन ऐनमा समावेश भएको रकम र सो रकमबाट सशालन हुने कार्यक्रमको | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथ योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाई आवश्यक अन्य शीर्षकमा रकमान्तर गर्न सक्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत समर्पण गरिएको बजेटको विवरण अनुसार शहरी विकास तथा भवन कार्यालय कास्कीबाट रु.८ करोड ४८ लाख, पूर्वाधार विकास कार्यालय मुस्ताङ्गबाट रु.६ करोड ५३ लाख ७८ हजार, पूर्वाधार विकास कार्यालय म्याग्दीबाट रु.८ करोड ८१ लाख ९१ हजार र पूर्वाधार विकास कार्यालय तनहुँबाट रु.५ करोड १८ लाख ३३ हजार गरी जम्मा रु.२९ करोड २ लाख २ हजार समर्पण गरेकोमा अर्थ मन्त्रालयसँग यस सम्बन्धी विवरण छैन । यसरी समग्रमा पुँजीगत बजेटतर्फ समर्पण नगरी ६ मन्त्रालय २ आयोग र एक प्रदेश सचिवालय गरी जम्मा ९ निकायको रु.८ अर्ब ४५ करोड १५ लाख ६४ हजार रकमान्तर गरेको छ । कानुनको पालना गरी बजेट समर्पण र रकमान्तर गर्नुपर्दछ । | |
| १६ | **स्रोत सुनिश्चितता** - बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ९ मा बहुवर्षीय ठेक्का स्वीकृत भएका र कार्यान्वयनमा रहेका आयोजनाहरूको लागि बजेट व्यवस्था गरेर मात्र नयाँ आयोजनामा बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत खानेपानी आयोजनाको लागि संघबाट सशर्त अनुदानतर्फ रु.४ अर्ब ५३ करोड ९६ लाख र विशेष अनुदानतर्फ हस्तान्तरण भएका रु.८० करोड ९६ लाखको श्रोत सुनिश्चितताको व्यवस्था मिलाउनु पर्ने प्रगति विवरणमा उल्लेख छ । श्रोतको सुनिश्चतता नहुँदा योजनाहरू अधुरो हुन गई लक्षित | स्रोतको सुनिश्चतता गरेर मात्र नयाँ आयोजना थप गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उद्देश्य प्राप्तीमा असर पुग्ने देखिएकोले स्रोतको सुनिश्चितता प्रदान गर्नुपर्दछ । | |
| १७ | **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ १) मा संघीय सञ्चित कोषवाट प्रदेशमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई वाँकी रहेको रकम सोही आर्थिक वर्ष भित्र संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष सशर्त, विशेष तथा समपुरक अनुदानतर्फ रु.६ अर्ब ८५ करोड ५८ लाख प्राप्त भएकोमा रु.५ अर्व ४४ करोड ३५ लाख खर्च भई बाँकी रहेको रु.१ अर्ब ४१ करोड २२ लाख संघीय सरकारलाई २०७८ पुष १३ मा फिर्ता गरेको छ । खर्च गर्न नसकी बाँकी रहेको रकम समयमै फिर्ता नगरी आर्थिक वर्ष समाप्त भएको ६ महिना पछि फिर्ता गर्नु उचित देखिएन। | बचत रकम समयमै फिर्ता गर्न निर्देशन दिने । |
| १८ | **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रु.१ अर्ब ३७ करोड ८६ लाख संकलन भएकोमा प्रदेश संचित कोषमा ६० प्रतिशतले हुने रु.८२ करोड ७२ लाख १४ हजार र स्थानीय विभाज्य कोषमा ४० प्रतिशतले हुने रु.५५ करोड १४ लाख ७६ हजार ट्रान्सफर गरेको छ। प्रदेश संचित कोषमा ६० प्रतिशतले हुने रु.८२ करोड ७२ लाख १४ हजार कुल आम्दानीमा समावेश गरेपनि आर्थिक वर्ष २०७८ । ७९ मा मात्र राजश्व व्यवस्थापन प्रणालीमा समावेश गरेको छ । | केही गर्न नपर्ने । |
| १९ | **मध्यमकालिन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ५ मा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन।<br>१९.१. प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ५ को उपदफा १ अनुसार प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको खर्च संरचना तयार गर्दा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनुपर्ने व्यवस्था छ। २०७६।७७ मा २०७७। ७८ को लागि रु.३८ अर्ब ५३ करोड ६४ लाख बजेट प्रक्षेपण गरेकोमा रु.३४ अर्ब ८४ करोड २२ लाख बजेट विनियोजन भई रु.२५ अर्व ६२ करोड ३४ लाख मात्र खर्च गरेको छ । ०७६।७७ मा ०७८। ७९ को लागि रु.४६ अर्ब २४ करोड ३७ लाख, ०७७ । ७८ मा ०७८ । ७९ को लागि रु.३८ अर्ब ३२ करोड ६४ लाख प्रक्षेपण गरेकोमा ०७८ । ७९ को लागि व्यय अनुमान रु.३० अर्ब ५ करोड ६७ लाख गरेको देखिन्छ । यसरी पञ्चवर्षिय योजना र वार्षिक योजनाबीच तादम्यता कायम गर्ने, बहुवर्षिय ठेक्का सम्झौता भएका तथा प्राथमिकतामा परेका आयोजनाको लागि स्रोत साधनको सुनिश्चितता गर्नु र विषयगत मन्त्रालय तथा निकायका बजेट बाँडफाँटलाई वस्तुपरक र यथार्थपरक बनाउनु यसको उद्देश्य रहेकोमा घट्दो बजेट प्रक्षेपण तथा व्यय अनुमानले सो विषयलाई आत्मसात गरेको देखिदैन । विकास योजनालाई मार्गदर्शन मानी पञ्चवर्षिय योजनाका लक्ष्य हासिल गर्ने कार्यको लागि मध्यमकालिन खर्च संरचना तयार गरिनुपर्दछ । | गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | १९.२. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ को उपदफा २ मा मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत समालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना र कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने उल्लेख छ । पूर्वाधार विकास क्षेत्रका ३६, सामाजिक विकास क्षेत्रका ५०, शासकीय व्यवस्था र अन्तरसम्बन्धित क्षेत्रका ५ र आन्तरिक मामिला तथा कानुन क्षेत्रका १ गरी ९२ आयोजना तथा कार्यक्रमहरूको शुरु र सम्पन्न हुने अवधि तथा लागत खुलाएको पाईएन। कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।<br>१९.३. मध्यमकालिन खर्च संरचना २०७७। ७८ मा दिगो विकासका १७ लक्ष्यमध्ये सामुन्द्रिक श्रोतको उपयोग र दिगो विकासको लागि साझेदारी बाहेक अन्यलाई २०७७। ७८ को बजेटमा रकम विनियोजन गरेको देखिन्छ। लक्ष्य नं १ को सबै प्रकारका गरिबीको अन्त्य र लक्ष्य नं १० मा असमानता न्यूनिकरणको लक्ष्य प्राप्तीको लागि कमशः रु.१ अर्ब ५६ करोड ७८ लाख र रु.१३ करोड ९३ लाख व्यवस्था गरेको छ । गरिबी र असमानता बहुआयामिक विषय भएकोले सो विषयमा कार्यक्रम तथा योजनाबीचको तादम्यता तथा लगानी सम्बन्धमा केही खुलाएको पाईएन । | |
| २० | **आन्तरिक ऋण** - २०७७।७८ को घाटा बजेट पूर्ति गर्न रु.१ अर्व आन्तरिक र रु.१ अर्ब नेपाल सरकारबाट ऋण लिने उल्लेख गरेकोमा उक्त ऋण लिएको छैन | आन्तरिक ऋण प्राप्त गर्नको लागि चाहिने कानुन निर्माण गर्ने प्रक्रिया सुरु |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | साथै आन्तरिक ऋण प्राप्ती गर्नको लागि चाहिने कानुनहरू समेत निर्माण भएको छैन । | गर्न निर्देशन दिने । |
| २१ | **पेस्की** - प्रदेश सरकारले पुँजीगततर्फ रु.१७ अर्ब ५९ करोड ५६ लाख खर्च गरेको मध्ये रु.२ अर्ब २३ करोड १४ लाख मोविलाइजेशन पेस्की रहेको प्रदेशको आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिन्छ । उक्त पेस्की रकम कुल पूँजीगत खर्चको १२.६८ प्रतिशत रहेको छ । बजेट खर्चमा वृद्धि गर्न पेस्की दिने तर समयमा फछ्र्योट नगर्ने परिपाटीमा सुधार हुनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २२ | **रकमान्तर** - विनियोजन ऐन, २०७७ को दफा ७ को व्यवस्था बमोजिम मन्त्रालयले २०७७।७८ मा ९ हजार ३८१ वटा कार्यक्रममा रु.१३ अर्ब ७३ करोड १७ लाख शुरु बजेटको ३९.४१ प्रतिशत) रकमान्तर गरेको छ । सोमध्ये चालुतर्फ ३ हजार २१० कार्यक्रममा रु.२ अर्ब ७५ करोड ९२ लाख र पुँजीगततर्फ ६ हजार १७१ कार्यक्रममा रु.१० अर्ब ९७ करोड २५ लाख रहेको छ। रकमान्तर सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।<br>२२.१. मन्त्रालयले २०७७।७८ मा गरेको कुल रकमान्तरमध्ये प्रथम चौमासिकमा ३० प्रतिशत, दोस्रो चौमासिकमा २० प्रतिशत, तेस्रो चौमासिकमा ५० प्रतिशत, आषाढ महिनामा २८ प्रतिशत र आषाढ महिनाको अन्तिम ४ दिनमा मात्र रु.९४ करोड ६२ लाख १५ हजार अर्थात कुल रकमान्तरको ७ प्रतिशत भन्दा बढी रकमान्तर गरेको छ । आर्थिक वर्षको अन्त्यमा गरिने रकमान्तरले विनियोजित बजेटको प्रभावकारिता घटाउने हुँदा रकमान्तर गर्ने पद्धतिलाई नियन्त्रण गर्नुपर्दछ । | प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी अन्त्य गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | २२.२. विनियोजन ऐन, २०७७ को दफा ७ को उपदफा ८ मा जुन खर्च शीर्षकमा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकमा शुरु विनियोजित रकमको २५ प्रतिशतसम्मको रकमान्तर गर्न सकिने व्यवस्था छ । मन्त्रालयले २०७७ । ७८ मा विभिन्न खर्च शीर्षकमा शुरु विनियोजित बजेटको २५ प्रतिशत भन्दा बढी रु.८ अर्ब ६ करोड ३९ लाख ७ हजार बजेट रकमान्तर गरेको उचित देखिएन । कानुनको परिपालना गरी रकमान्तर गर्नुपर्दछ ।<br>२२.३. विनियोजन ऐन, २०७७ को दफा ७ को उपदफा ८ मा रकमान्तर गर्दा बजेट विनियोजन भएको खर्च शीर्षकमा शुरु बजेटको २५ प्रतिशत सम्म मात्र रकमान्तर गर्न सकिने व्यवस्था भएकोमा शुरुमा बजेट विनियोजन नगरेका ३ खर्च शीर्षकमा रु.३५ लाख ६० हजार रकमान्तर गरेको नियम सम्मत देखिएन । फर्निचर तथा फिक्चर्स खरिद गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कास्कीलाई रु.२० लाख ९५ हजार, कृषि विकास निर्देशनालय, पोखरालाई फर्निचर तथा फिक्चर्स खरिद गर्न रु.५ लाख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत एक पर्वतारोहीलाई पर्वतारोहण सहायताका लागि रु.८ लाख, सामाजिक विकास मन्त्रालयलाई पदाधिकारी अन्य भत्ताका लागि रु.१ लाख ६५ हजार बजेटमा उल्लेख नभएको खर्च शीर्षकमा रकमान्तर गरेको देखिन्छ । कानुनको परिपालना गरी रकमान्तर गर्नुपर्दछ ।<br>२२.४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ १) मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। पहिलो त्रैमासिकमा अर्थ विविधबाट रु.८ करोड ९५ लाख ८७ हजार र अन्य कार्यकम बजेटबाट रु.२ अर्ब ९९ करोड ५४ लाख रकमान्तर गरेको छ । उदाहरणको रुपमा कास्कीको इलाका प्रहरी कार्यालय/प्रहरी चौकी निर्माणका लागि रु.१७ करोड ५६ लाख ९७ हजार, पर्यटन कार्यालय पोखरा कास्कीलाई प्याराग्लाइडिङ पूर्वाधार निर्माणका लागि रु.१ करोड, कृषि ज्ञान केन्द्र तनहुँलाई नयाँ व्यबसायिक कृषि उत्पादन केन्द्र ब्लक) विकास कार्यक्रम सभालनका लागि रु.३ करोड ८५ लाख, पूर्वाधार विकास कार्यालय, गोरखालाई नाल्याङ्ग छेकाम्पार सिर्दिबास सडकको लागि रु.६ करोड, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान कास्कीलाई भवन मर्मत सम्भार कार्यको लागि रु.५ करोड, शिक्षा विकास निर्देशनालय कास्कीलाई एस. ई. ई. परीक्षा सनालन गर्नका लागि रु.४ करोड ८२ हजार प्रथम त्रैमासिकमा रकमान्तर गरेको देखिन्छ । श्रावणमा भदौ असोजमा रकमान्तर गरी बजेट व्यवस्था गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत छ। यसरी रकमान्तर गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ । | |
| २३ | **वित्तीय सुशासन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु सरकारको दायित्व हुने उल्लेख छ। समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना, ठेक्का बन्दोवस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा चुनौती रहेका छन् । चुनौती सम्बोधन गर्न बजेट | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्यूटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ । | |
| २४ | प्रदेश संचित कोष प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेशको संचित कोषको हिसाब विवरण निम्नानुसार रहेको छ ।<br>२४.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा प्रदेश लेखा नियन्त्रक २) कार्यालयले नेपाल सरकारवाट प्राप्त अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, प्रदेश सरकारको आय, ऋण तथा अनुदान र खर्चको विवरण साथै प्रदेश अन्तर्गतका स्थानीय तहहरूको एकिकृत वित्तीय प्रतिवेदन तयार गरी महालेखा परीक्षकले तोकेको ढाँचामा महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्कीले स्थानीय सरकारको एकीकृत प्रतिवेदन तयार नगरी प्रदेश सरकारको आर्थिक कारोवारको मात्र प्रतिवेदन पेश गरेको छ । कानुनमा तोकिएबमोजिम एकीकृत प्रतिवेदन तयार गर्नुपर्दछ।<br>२४.२. स्थानीय तहलाई यस आर्थिक वर्षमा कुल रु.१ अर्ब ९३ करोड १२ लाख वित्तीय हस्तान्तरण समानिकरण, सशर्त, समपुरक र विशेष अनुदान) गरेको छ । उक्त रकम सबै खर्च भए नभएको यकिन तथ्यांक नराखी हस्तान्तरण भएको रकमलाई खर्चमा उल्लेख गरेको कारण प्रस्तुत वित्तीय विवरणले | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | खर्चको यथार्थ चित्रण गर्दैन । यसरी हस्तान्तरण भएको सबै रकम खर्च भएको उल्लेख गर्नु उचित देखिएन। | |
| | २४.३. प्रदेश विनियोजन ऐन अनुसार स्थानीय तहलाई वित्तीय हस्तान्तरण भएको रकम मध्ये सशर्त, समपुरक र विशेष अनुदानको रकम खर्च नभई बाँकी भएमा प्रदेश सरकारलाइ फिर्ता गर्नुपर्ने उल्लेख भएकोमा स्थानीय तहलाई पठाएको रकममध्ये खर्च नभई बाँकी रहेको रकम फिर्ता प्राप्त भएको अभिलेख नै राखेको छैन । यो वर्ष खर्च नभई बाँकी रकम फिर्ता गर्नुपर्ने गरी अनुदान शीर्षकमा कुल रु.८८ करोड ११ लाख वित्तीय हस्तान्तरण भएकोमा सोको खर्चको अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयसँग छैन। खर्च नभई बाँकी रहेको रकम यकिन गरी फिर्ता गर्नुपर्दछ। | |
| | २४.४. स्थानीय तहहरूले संकलन गरी प्रदेश सरकारलाई पठाउनुपर्ने रकम विभाज्य कोषमा राख्नुपर्नेमा विभाज्य कोषमा राखे नराखेको यकिन गरेको छैन भने विभाज्य कोषमा राखेको रकम मध्येवाट प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने र प्राप्त हुन बाँकी रकमको अभिलेख नराखी प्राप्त भएको रकम मात्र आम्दानी बाँधको अवस्था छ । कार्यालयले प्राप्त हुनुपर्ने रकमको समेत अभिलेख व्यवस्थापन गर्नुपर्दछ । | |
| | २४.५. प्रदेश सरकारले स्थानीय तहलाई  समानिकरण, सशर्त, समपुरक र विशेष अनुदान) बाहेक पटके अख्तियारी समेत प्रदान गरी रकम निकासा दिएकोमा सोको तथ्यांक अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयसँग छैन भने उक्त व्यहोरालाई वित्तीय प्रतिवेदनमा समावेश गरेको छैन। यस वर्ष आन्तरिक | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मामिला तथा कानुन मन्त्रालयले ६७ पालिकालाई रु.७८ लाख ८१ हजार बजेट विनियोजन गरेकोमा रु.७६ लाख ६८ हजार खर्च गरेको, सामाजिक विकास मन्त्रालयले ७८ पालिकालाई रु.३९ करोड ३९ लाख ५० हजार विनियोजन गरेकोमा रु.२८ करोड ३० लाख ३८ हजार खर्च गरेको, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले १९ स्थानीय तहलाई रु.५ करोड ७० लाख बिनियोजन गरेकोमध्ये रु.३ करोड ५४ लाख १५ हजार खर्च गरेको छ ।<br>२४.६. प्रदेश सरकारले २०७७ । ७८ मा ५१ संघीय कार्यालयलाई रु.१ अर्ब १२ करोड १८ लाख ६० हजार विनियोजन गरी रु.७६ करोड २९ लाख २६ हजार खर्च गरेको छ । सम्बन्धित निकायबीच समन्वय गरी दोहोरो नपर्ने गरी बजेट निकासा गर्नुपर्दछ ।<br>२४.७. राजस्व तथा अनुदानतर्फ कुल रु.२३ अर्ब ७७ करोड ७७ लाख प्राप्त देखाएकोमा सवारी साधन कर रु.८२ करोड ७२ लाख १४ हजार, प्राकृतिक श्रोतको रोयल्टी रु.२५ करोड १८ लाख ८६ हजार र मूल्य अभिवृद्धि करको रु.४० करोड ५४ लाख ९९ हजार आर्थिक वर्ष २०७८।७९ को राजश्व व्यवस्थापन सूचना प्रणाली रिम्स) मा समावेश भएको छ । प्राप्त रकमलाई समयमै राजस्व व्यवस्थापन प्रणाली समावेश गर्नुपर्दछ। | |
| २५ | **समपूरक अनुदान** - प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ उपदफा १ मा प्रदेशलाई कल लागतको अधिकतम ५० प्रतिशत रकम समपूरक | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अनुदान प्रदान गर्ने उल्लेख भएकोले प्रदेश सरकार र संघीय सरकारको लागत सहभागितामा योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । यो वर्ष संघीय सरकारपाट समपूरक अनुदान रु.१ अर्ष ४९ करोड ८९ लाख प्राप्त भएको छ । प्रदेश सरकारको योगदान खुल्ने गरी खर्चको अधावधिक अभिलेख नभएको कारण प्रदेश सरकारको योगदान एकिन गर्न सकिएन । संघ र प्रदेशको अनुपात मिल्ने गरी खर्च गर्ने र सोको अभिलेख अद्यावधिक गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| २६ | **अनुदानको विवरण** - विनियोजन ऐन, २०७७ को दफा ४ ४) मा स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १५, माघ १५, वैशाख १५ गतेभित्र वित्तीय समानीकरण अनुदानमाट खर्च भएको रकमको विवरण र अर्को आर्थिक वर्षको श्रावण मसान्तभित्र वार्षिक आर्थिक विवरण मुझाई सक्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा पुझाएको छैन। कानुनको परिपालना गरी तोकिएको समयमा विवरण पेश गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २७ | **प्रदेश आकस्मिक कोष** - प्रदेश सरकारले गत वर्ष रु.१ करोड र यस वर्ष रु.१ करोड समेत रु.२ करोड प्रदेश आकस्मिक कोषमा जम्मा गरेकोमा हालसम्म उक्त रकम खर्च गर्नको लागि कार्यविधि तयार गरेको देखिदैन । उक्त कोषको मौज्दात रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनमा समावेश गरेको छ । कार्यविधि वनाई कोष सञ्चालन गर्नुपर्दछ । | कार्यविधि वनाई प्रदेश आकस्मिक कोष सञ्चालन गर्न निर्देशन दिने । |
| २६ | **जिल्लागत बजेट र खर्च** - प्रदेश सरकारको कुल खर्च मध्ये जिल्लागत बजेट र खर्चको विवरण अनुसार २०७७।७८ मा प्रदेश सरकार अन्तर्गतका ११ जिल्लाहरूको खर्चको तयाङ्कलाई विश्लेषण गर्दा गोरखा, वाग्लुङ्ग र नवलपुर जिल्ला | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कुल विनियोजनको तुलनामा क्रमश पहिलो, दोश्रो र तेश्रो स्थानमा छन् । कास्की जिल्ला सयभन्दा कम अर्थात वजेटको ५३.०७ प्रतिशत खर्च गरेको छ । प्रदेश सरकारको कुल बजेट रु.३४ वर्ष ८४ करोड २२ लाख रहेकोमा जिल्लागत रुपमा प्राप्त वित्तीय विवरणमा कुल वजेट रु.३६ नर्ष ७० करोड ८८ लाख देखाएको छ । प्रदेशको कुल बजेटको तुलनामा रु.१ जर्म ८६ करोड ६७ लाख पढी देखिएकोले जिल्लागत बजेटको अभिलेखांकन यथार्थपरक छैन। जिल्लागत कुल बजेट विनियोजनमध्ये कास्की जिल्लामा ३७.५८ प्रतिशत र मनाङमा २.१७ प्रतिशत वजेट विनियोजन गरेको देखिन्छ । एकीकृत वित्तीय विवरण र जिल्लागत एकीकृत विवरणमा तालमेल हुनुपर्दछ । | |
| २७ | **कार्यसंचालन कोष** - गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको विवरण अनुसार ११ जिल्लामा कार्यसंचालन कोषको कारोबार सञ्चालनमा रहेको छ । कार्यसंचालन कोषमा स्रेस्ता अनुसार गत वर्षको मौज्दात रु.२७ करोड ६७ लाख र यस वर्षको आम्दानी रु.१ अर्ब २३ करोड ५१ लाख समेत जम्मा आय रु.१ अर्व ५१ करोड १८ लाख मध्ये रु.८९ करोड ३३ लाख खर्च भई रु.६१ करोड ८५ लाख मौज्दात रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले रु.६१ करोड ८२ लाख मौज्दात देखाएको छ । गोरखा जिल्लास्थित कार्यालयको स्रेस्ता तथा प्रदेश लेखा नियन्त्रक कार्यालयको स्रेस्ता फरक पर्न गएको रु.३ लाख समायोजन गरी हिसाव मिलान गर्नुपर्दछ । गत वर्ष प्रदेश एकल कोष खाताले | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रु.३१ करोड ७७ लाख ३८ हजार मौज्दात देखाएकोमा यो वर्ष रु.२७ करोड ६७ लाख २५ हजार मात्र शुरु मोज्दात देखाएको छ । यसरी रु.४ करोड १० लाख १३ हजार घटी जिम्मेवारी देखिएकोले कार्यसञ्चालन कोषको केन्द्रीय हिसाब यथार्थपरक देखिएन । | |
| २८ | **जिल्लागत बजेट र खर्च**- प्रदेश सरकारको कुल खर्चमध्ये जिल्लागत बजेट र खर्चको विवरण अनुसार २०७७।७८ मा प्रदेश सरकार अन्तर्गतका ११ जिल्लाहरूको खर्चको तयाङ्कलाई विश्लेषण गर्दा गोरखा, बाग्लुङ्ग र नवलपुर जिल्ला कुल विनियोजनको तुलनामा क्रमश पहिलो, दोश्रो र तेश्रो स्थानमा छन् । कास्की जिल्ला सयभन्दा कम अर्थात बजेटको ५३.०७ प्रतिशत खर्च गरेको छ । प्रदेश सरकारको कुल बजेट रु.३४ अर्ब ८४ करोड २२ लाख रहेकोमा जिल्लागत रुपमा प्राप्त वित्तीय विवरणमा कुल बजेट रु.३६ वर्ष ७० करोड ८८ लाख देखाएको छ । प्रदेशको कुल बजेटको तुलनामा रु.१ जर्ब ८६ करोड ६७ लाख बढी देखिएकोले जिल्लागत बजेटको अभिलेखांकन यथार्थपरक छैन। जिल्लागत कुल बजेट विनियोजनमध्ये कास्की जिल्लामा ३७.५८ प्रतिशत र मनाङमा २.१७ प्रतिशत मजेट विनियोजन गरेको देखिन्छ । एकीकृत वित्तीय विवरण र जिल्लागत एकीकृत विवरणमा तालमेल हुनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २९ | **कार्यसंचालन कोष** - गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको विवरण अनुसार ११ जिल्लामा कार्यसंचालन कोषको कारोबार सञ्चालनमा | महालेखा परीक्षकको सुझावअनुसार यथार्थपरक विवरण कायम गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रहेको छ । कार्यसंचालन कोषमा स्रेस्ता अनुसार गत वर्षको मौज्दात रु.२७ करोड ६७ लाख र यस वर्षको आम्दानी रु.१ अर्ष २३ करोड ५१ लाख समेत जम्मा आय रु.१ अर्व ५१ करोड १८ लाख मध्ये रु.८९ करोड ३३ लाख खर्च भई रु.६१ करोड ८५ लाख मौज्दात रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले रु.६१ करोड ८२ लाख मौज्दात देखाएको छ । गोरखा जिल्लास्थित कार्यालयको स्रेस्ता तथा प्रदेश लेखा नियन्त्रक कार्यालयको स्रेस्तामा फरक पर्न गएको रु.३ लाख समायोजन गरी हिसाव मिलान गर्नुपर्दछ । गत वर्ष प्रदेश एकल कोष खाताले रु.३१ करोड ७७ लाख ३८ हजार मौज्दात देखाएकोमा यो वर्ष रु.२७ करोड ६७ लाख २५ हजार मात्र शुरु मोज्दात देखाएको छ । यसरी रु.४ करोड १० लाख १३ हजार घटी जिम्मेवारी देखिएकोले कार्यसञ्चालन कोषको केन्द्रीय हिसाब यथार्थपरक देखिएन । | |
| ३० | **धरौटी** - प्रदेश अन्तर्गत ११ मन्त्रालय तथा निकायमा गत वर्षको धरौटी जिम्मेवारी रु.७६ करोड ३६ लाख ४३ हजार र यस वर्ष प्राप्त रु. ७४ करोड ९७ लाख ४३ हजार समेत रु.१ अर्ब ५१ करोड ३३ लाख ८६ हजार धरौटी आम्दानी भएकोमा सदरस्याहा र फिर्ता समेत रु.२९ करोड ३२ लाख ४ हजार खर्च भई रु.१ अर्ब २२ करोड १ लाख ८२ हजार बाँकी रहेको देखिन्छ । प्रदेश एकल कोष खाताले गत वर्षको मौज्दात रु.७४ करोड ९३ लाख ५३ हजार देखाएको छ । यसरी रु.१ करोड ४२ लाख ९० हजार जिम्मेवारी फरक देखिएकोले धरौटीको केन्द्रीय हिसाब यथार्थपरक देखिएन ।<br>३०.१. प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश मन्त्रालय अन्तर्गतको निकाय वा | महालेखा परीक्षकको सुझावअनुसार यथार्थपरक विवरण कायम गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यालयभित्र नपर्ने ६ संघीय कार्यालयहरूको धरौटी रकम रु.३५ लाख ३० हजार सामाजिक विकास मन्त्रालयको धरौटीमा समावेश गरी एकीकृत आर्थिक विवरण तयार गरेको छ । प्रदेश अन्तर्गत नपरेका कार्यालयहरूको धरौटी रकम समेत समावेश गरी प्रमाणित गरेको आर्थिक विवरण यथार्थपरक देखिएन। | |
| ३१ | **सरकारी सम्पत्तिको अभिलेख तथा प्रतिवेदन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घर जग्गा, सवारी साधन लगायतका जिन्सी मालसामानको लगत अद्यावधिक गरी राखुपर्ने, मन्त्रालय लगायतका तालुक निकायले आफ्नो मातहतका सम्पुर्ण कार्यालयको जिन्सीको एकीकृत प्रतिवेदन तयार गर्नुपर्ने तथा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्पूर्ण प्रदेश सरकारी कार्यालयको सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले एकिकृत सम्पत्तिको विवरण तयार नगरेको कारण कुल सम्पत्ति कति छ यकिन हुन सकेन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । | कार्यालयले एकिकृत सम्पत्तिको विवरण तयार गर्न निर्देशन दिने । |
| ३२ | **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ १) मा प्रदेशभित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरूप कर्मचारीको व्यवस्था गरेको छैन । ऐनमा भएको व्यवस्थाको पालना गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनु पर्दछ । | नियमित तोकिएको समयमम नै आन्तरिक लेखापरीक्षणको एकिकृत वार्षिक प्रतिवेदन अर्थ मन्त्रालय समक्ष पेश गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ३३ | **बेरुजुको लगत** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ २) मा प्रदेशस्तरको केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने र कार्यालयले यसरी प्राप्त बेरुजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउने प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तअनुरूप कर्मचारीको व्यवस्था गरेको छैन । ऐनमा भएको व्यवस्थाको पालना गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनु पर्दछ । | कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी बेरुजुको एकीकृत लगत राखी समितिलाई समेत समय समयमा जानकारी गराउन निर्देशन दिने । |
| ३४ | **बेरुजुको लगत** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ २) मा प्रदेशस्तरको केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने र कार्यालयले यसरी प्राप्त बेरुजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउने उल्लेख छ। सो बमोजिमको एकीकृत लगत राखेको छैन । कानुनी व्यवस्थाको पालन गरी बेरुजुको एकीकृत लगत राख्नुपर्दछ । | कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी बेरुजुको एकीकृत लगत राखी समितिलाई समेत समय समयमा जानकारी गराउन निर्देशन दिने । |
| ३५ | **बेरुजु स्थितिः-** मन्त्रालय तथा मातहतका १३ कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन। | |

**४.९.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) उपर मिति २०८०।११।२२ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी** : प्रदेश सरकार कार्यविभाजन नियमावली अनुसार मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य | कार्यविभाजन नियमावलीले तोकेका कार्यहरु सबैलाई प्राथमिकतामा राखि |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेका छन् । यसैगरी प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयारी, सशर्त अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयारी, प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, बीमा र बीमा व्यवसायको विस्तार र नियमन लगायतको काम हुन बाँकी देखिन्छ। तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ । | कार्यान्यवन गर्न निर्देशन दिने । |
| २ | **बजेट र खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशवाट संचालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ। शुरु वर्ष संघले मात्र विनियोजन गरेको रकमलाई आम्दानी बाँधकोले अनुमान र वास्तविक आय बराबर भएतापनि त्यस पश्चातका वर्षमा अनुमान गरे भन्दा कम आय प्राप्त भएको छ । अनुमानको तुलनामा २०७४/७५ मा २८.९५ प्रतिशत, २०७५/७६ मा ५७.९७ प्रतिशत र २०७६/७७ मा ६३.५२ प्रतिशत खर्च भई तीन वर्षमा औसत ६०.५७ प्रतिशत खर्च भएको छ । बजेटको तुलनामा न्यून खर्च भएको कारण प्रत्येक वर्ष बचत रहन गएको छ । खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित देखिएन। खर्च दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनु पर्दछ । | वजेट निर्माण पुर्व पर्याप्त छलफल , अध्ययन तथा विश्लेषण गरी वजेटलाई यथार्थपरक वनाई कार्यान्वयन दक्षता वृद्धि गर्न निर्देशन दिने । |
| ३ | **राजस्व प्राप्तिः** यस वर्ष रु.३२ अर्ब १३ करोड ४७ लाख ९२ हजार बजेट अनुमान | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | भएकोमा रु.२९ अर्ब ६२ करोड ५३ लाख ८३ हजार ९२.१९ प्रतिशत) आम्दानी भएको छ । आम्दानी मध्ये रु.१५ अर्ब १० करोड ७८ लाख ३३ हजार ५१ प्रतिशत) संघीय हस्तान्तरित अनुदान रहेको र २४.११ प्रतिशत गत वर्षको मौज्दात रहेको छ । आयको उल्लेखनिय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिनुपर्दछ । | गर्न निर्देशन दिने । |
| ४ | **वित्तीय हस्तान्तरण**- यो वर्ष प्रदेश सरकारले वित्तीय हस्तान्तरण अन्तर्गत रु.१३ अर्ब ९६ करोड ३८ लाख प्राप्त हुने लक्ष्य राखेकोमा रु.१५ अर्ब १० करोड ७८ लाख ३३ हजार अनुदान प्राप्त गरेको छ । वार्षिक बजेटको तुलनामा समानीकरण अनुदान १०० प्रतिशत, सशर्त अनुदान ११२.५६ प्रतिशत, विशेष अनुदान ११४.६६ प्रतिशत र समपुरक अनुदान १४८.२१ प्रतिशत प्राप्त भएको छ । वित्तीय हस्तान्तरण अन्तर्गत लक्ष्यको तुलनामा धेरै रकम प्राप्त भएको तर खर्च रु.८ अर्ब ९२ करोड ६४ लाख ९७ हजार मात्र गरेकोले शुरु लक्ष्यभन्दा ६३.९२ प्रतिशत खर्च भएको अवस्था छ । खर्च दक्षता अभिवृद्धि गर्नुपर्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **राजस्व बाँडफाँट** : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सङ्घीय सरकारबाट बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि करबाट रु.३ अर्ब ८५ करोड २५ लाखको लक्ष्य राखेकोमा लक्ष्यको तुलनामा ९६.३६ प्रतिशत तथा बाँडफाँट भई प्राप्त हुने अन्त शुल्कबाट रु.३ अर्ब ८५ करोड २६ लाखको लक्ष्य रहेकोमा लक्ष्यको तुलनामा २८.६७ प्रतिशत गरी कुल लक्ष्यको ६२.५२ प्रतिशत मात्र प्राप्ति भएको अवस्था छ । प्रदेश सरकारले प्राप्त गर्नुपर्ने राजस्वको हिसाब राखेको छैन । | प्रदेश सरकारले प्राप्त गर्नुपर्ने राजस्वको हिसाब चुस्त दुरुस्त राख्न निर्देशन दिने । |
| ६ | **रजिष्ट्रेशन शुल्क** : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा | रजिष्ट्रेशन दस्तुर असुली र प्राप्ति |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | घरजग्गा रजिष्ट्रेशन सम्बन्धी दस्तुर वापत प्राप्त हुने राजस्व सम्बन्धित स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने कानूनी व्यवस्था छ । हाल रजिष्ट्रशन दस्तुर वापतको राजस्व जिल्लास्थित मालपोत कार्यालयहरूबाट संकलन भई सोको बाँडफाँट भएको अवस्था छ । रजिष्ट्रेशन दस्तुर वापत यस वर्ष रु.१ अर्व ६५ करोड प्राप्त गर्ने लक्ष्य रहेकोमा ३४.६९ प्रतिशत मात्र प्रगति भई लक्ष्यको तुलनामा अन्यन्त न्यून राजस्व प्राप्त भएको अवस्था छ । रजिष्ट्रेशन दस्तुर असुली र प्राप्ति सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नुपर्दछ। | सम्बन्धमा मन्त्रालयले नियमित अनुगमन गर्न निर्देशन दिने । |
| ७ | **आयोजना स्वीकृति** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय उपयुक्तताको आधारमा प्रतिफल समेतको विचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्दछ । जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्नेमा मन्त्रालयले उल्लिखित प्रकृया पूरा नगरी कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ । कानूनी प्रक्रिया पूरा गरी आयोजना स्वीकृत तथा सञ्चालन गर्नुपर्दछ । | पूँजीगत प्रकृतिको बजेट प्रस्ताव गर्दा स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टायाँई सहितको प्रस्ताव माग गर्ने र उक्त प्रस्ताव प्राप्त गरी मात्रै कार्यक्रम तथा बजेट स्वीकृत गर्न निर्देशन दिने । |
| ८ | **बजेट वक्तव्यको कार्यान्वयन** - प्रदेश सरकारको २०७६/७७ को बजेट वक्तव्यमा समावेश भएका एक स्थानीय तह एक अस्पताल, एक हजार बेडको प्रदेश अस्पताल, विशिष्टीकृत मुटु, मृगौला, क्यान्सर अस्पताल निर्माण, प्रदेश खेलकुद एकेडेमी र | वजेट निर्माण पुर्व पर्याप्त छलफल , अध्ययन तथा विश्लेषण गरी वजेटलाई यथार्थपरक वनाई कार्यान्वयन दक्षता |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बहुउद्देश्यीय रङ्गशाला स्थापना, प्रदेश औद्योगिक क्षेत्रको स्थापना, मेट्रोबस टर्मिनल निर्माण, स्याटेलाइट सिटी सम्बन्धी कार्य, प्रदेश सरकारको प्रशासकीय भवन, प्रदेश सभा भवन र विशिष्ट पदाधिकारी भवन निर्माण लगायतका कार्यको लागि बजेट समेत व्यवस्था गरेकोमा कार्यान्वयनमा गएको छैन । मन्त्रालयको समीक्षा प्रतिवेदनमा अधिकांश निर्माण कार्य जग्गा उपलब्ध नभएकोले हुन नसकेको उल्लेख छ । कार्यान्वयन गर्न सकिने कार्यक्रम मात्र बजेटमा समावेश गर्नुपर्दछ । | वृद्धि गर्न निर्देशन दिने । |
| ९ | **अवण्डा बजेट** : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा संचितकोषमाथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले अर्थ विविध समेत विभिन्न मन्त्रालयमा कुल रु.४ अर्ब ९३ करोड १० लाख बजेट अवण्डाको रूपमा राखेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले प्राप्त अख्तियारी रकम मध्ये रु.७ करोड २९ लाख सुरुमै बाँडफाँट नगरी पटक-पटक बाँडफाँट गरेको छ । यस वर्ष कुल बजेटको १५ प्रतिशत रकम अवण्डाको रूपमा राखी पछि रकमान्तर गरी निकासा दिएको अवस्था छ । अवण्डा राखी खर्च गर्ने कार्य बजेट सिद्धान्त विपरीत देखिँदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । | पूँजीगत अबन्डाको रुपमा वजेट नराख्न निर्देशन दिने । |
| १० | **समपूरक अनुदान** - नेपाल सरकारको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ६ मा प्रदेशलाई कुल लागतको अधिकत्तम ४० प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । प्रदेश सरकारका १६ योजनाको लागि रु.१ अर्ब ११ करोड १६ लाख बजेट प्राप्त भएकोमा रु.१ अर्ब १ करोड १८ लाख ९४ | केही गर्नु नपर्ने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हजार खर्च भएको छ । कार्यविधि अनुसार खर्च गर्दा कुल खर्चको ४० प्रतिशतले हुने रु.४० करोड ४७ लाख ५८ हजार खर्च हुनुपर्नेमा रु.४७ करोड ८ लाख ५३ हजार खर्च भई रु.६ करोड ६० लाख ९५ हजार बढी खर्च भएको छ । | |
| ११ | **कार्यक्रम संशोधन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यक्रम संशोधन गर्नुपरेमा स्पष्ट कारण खोली आवश्यक संशोधन गर्न सक्ने उल्लेख छ । बजेट तयारी गर्दा कार्यक्रम संशोधन गर्न नपर्ने गरी तलदेखि माथि जाने गरी मागमा आधारित कार्यक्रम तयार गरी सोही कार्यक्रमका आधारमा बजेट दिनुपर्नेमा अनुमानित बजेट राखी कार्यक्रम तयार गरी स्वीकृत गर्ने तर पछि पटक पटक कार्यक्रम संशोधन गरेको देखिन्छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका कार्यालयहरूको शुरु कार्यक्रममा परिवर्तन गरी आर्थिक वर्षको अन्त्यमा रु.४५ करोड ८१ लाख ३८ हजारको कार्यक्रम संशोधन तथा रकमान्तर गरी खर्च गरेको छ। यसमा सुधार गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२ | **स्रोत सुनिश्चितता** - बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ६ र ७ मा बहुवर्षीय ठेक्काको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति लिनुपर्ने, बुँदा नं. ९ मा बहुवर्षीय ठेक्का स्वीकृत भएका र कार्यान्वयनमा रहेका आयोजनाहरूको लागि बजेट व्यवस्था गरेर मात्र नयाँ आयोजनामा बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको ३०६ योजनाको लागि रु.२९ अर्ब ४४ करोड ८३ लाख बजेट सुनिश्चितता भएको छ । ठूलो रकमको श्रोतको सुनिश्चतता हुँदा नयाँ महत्त्वपूर्ण कार्यक्रम आउने सम्भावना न्यून हुने तथा प्रदेशलाई प्राप्त हुने अनुदान तथा राजस्वमा कमी आएमा उक्त योजनाहरू | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अलपत्र पर्ने हुँदा अति आवश्यक योजनालाई मात्र स्रोतको सुनिश्चितता प्रदान गर्नुपर्दछ । | |
| १३ | **रकमान्तर** - प्रदेश विनियोजन ऐन, २०७६ अनुसार शुरु विनियोजित रकमको २५ प्रतिशतसम्म रकमान्तर गर्न सक्ने व्यवस्था उल्लेख छ । मन्त्रालयले यस वर्ष कुल रु.४ अर्व ९३ करोड १० लाख बजेट अवण्डा  अर्थ बजेट) मा राखेको मध्ये यसबाट कुल रु.२ अर्ब ६८ करोड ६१ लाख २८ हजार विभिन्न मन्त्रालय तथा निकायमा रकमान्तर गरेको छ । जसमध्ये चालु शीर्षकमा रु.१ अर्ब ५३ करोड ६७ लाख ७३ हजार र पूँजीगत शीर्षकमा रु.१ अर्ब १४ करोड ९३ लाख ५५ हजार रकमान्तर गरेको छ। आषाढमा मात्र रु.५७ करोड ७७ लाख ७ हजार रकमान्तर गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः<br>१३.१. अर्थ बजेटवाट यस मन्त्रालयलाई रु.१ करोड ७ लाख बजेट छुट्याई प्रदेश आकस्मिक कोष गठन गर्नको लागि आषाढ ३१ गते रु.१ करोड रकमान्तर गरेको छ ।<br>१३.२. अर्थ बजेटबाट आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई रु.२ करोड ८४ लाख ९१ हजार रकमान्तर गरेको छ । उक्त रकम कोभिड रोकथामको लागि जिल्ला प्रशासन कार्यालयहरूलाई रु.२ करोड २५ लाख भुक्तानी दिएको छ भने बाँकी रकम प्रहरी कार्यालय तथा नेपाली सेनालाई दिएको छ ।<br>१३.३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई कुल रु.१५ करोड ९८ लाख १७ हजार रकमान्तर भएकोमा उक्त रकम मध्ये फेवातालको | प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी अन्त्य गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सिल्टेसन ड्यामको लागि २०७७।३।४ मा रु.१४ करोड ८ लाख ५ हजार रकमान्तर भएको छ ।<br>१३.४. भौतिक पूर्वाधार विकास मन्त्रालयलाई अर्थ बजेटबाट रु.१ अर्ब ५५ करोड २६ लाख ९५ हजार रकमान्तर गरेको छ । जसमा संघीय सशर्तको थप रकम रु.१४ करोड ४ लाख २०७७।३।२८ मा विभिन्न खानेपानी कार्यालयहरूलाई रकमान्तर गरेको छ ।<br>१३.५. सामाजिक विकास मन्त्रालयलाई रु.६० करोड ६३ लाख ३५ हजार रकमान्तर गरेको छ । जसमा रु.३० करोड कोरोना रोकथामको लागि कोरोना कोषमा मात्र रकमान्तर भएको छ । उक्त कोषबाट हुने खर्च एकल कोष खातामा आवद्ध गरेको छैन ।<br>अधिकांश रकम तेश्रो चौमासिकमा रकमान्तर गरी खर्च गरेकोले आर्थिक वर्षको अन्त्यमा खर्चको चाप परेको छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १४ | संघीय सरकारवाट प्राप्त रकम मध्ये रु.२ अर्ब २०७७ आषाढ ३१ मा र बाँकी रकम २०७७ श्रावणमा फिर्ता भएको छ । अतः बजेटको ठूलो अंश फिर्ता गर्नु उचित देखिएन । | प्राप्त गर्न रकम समयमै उचित तरिकाले खर्च गर्न निर्देशन दिने । |
| १५ | **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ बमोजिम तयार गरेको मध्यमकालीन खर्च संरचनाले ३ आर्थिक वर्षको खर्च विश्लेषण गर्नुपर्नेमा रुपान्तरणकारी आयोजना घोषित उत्तरगंगा जलाशययुक्त आयोजना र प्रदेश गौरव आयोजनामा समावेश प्रदेश सदरमुकाम पोखरादेखि स्थानीय तहका केन्द्र जोड्ने | महालेखा परीक्षकको सुझाव अनुसार आयोजनाको प्राथमिकीकरण यथार्थपरक वनाउन निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सडक निर्माण आयोजनाको लागि बजेटको अनुमान नै गरेको छैन । बजेट बनाउँदा मध्यमकालीन खर्च संरचनालाई आधार मानी बजेट तयार गर्नुपर्ने अवस्थामा मध्यमकालीन खर्च संरचनामा रुपान्तरणकारी र गौरवका आयोजनामा रकम नछुटयाउनु उचित देखिएन ।<br>यसैगरी मध्यमकालीन खर्च संरचनाले २०७६।७७ को लागि रु.३४ अर्ब ८४ करोड २१ लाख ६० हजार बजेट खर्च हुने अनुमान गरेकोमा पहिलो प्राथमिकताक्रमको लागि नै रु.३४ अर्ब ८० करोड १० लाख ४२ हजार ९९.८८ प्रतिशत) बजेट रहेको छ । बजेटको अधिकांश रकम पहिलो प्राथमिकताक्रम अन्तर्गत हुने तर खर्च नगर्ने परिपाटी रहेको छ । आयोजनाको प्राथमिकीकरण यथार्थपरक बनाउनु पर्दछ । | |
| १६ | **प्रदेश आर्थिक प्रशासन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेशभित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरूप कर्मचारीको व्यवस्था गरेको छैन । ऐनमा भएको व्यवस्थाको पालना गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनु पर्दछ । | आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था मिलाउन निर्देशन दिने। |
| १७ | **आन्तरिक ऋण** : आ. व. २०७६।७७ को बजेटमा घाटा बजेट पूर्ति गर्न रु.९८ करोड ८३ लाख ९२ हजार आन्तरिक ऋण लिने तथा रु. १ अर्ब नेपाल सरकारबाट ऋण लिने उल्लेख गरेकोमा उक्त ऋण लिएको छैन भने आन्तरिक ऋण | आन्तरिक ऋण प्राप्ति गर्नको लागि चाहिने कानुन निर्माण गर्ने प्रक्रिया सुरु गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्राप्ति गर्नको लागि चाहिने कानुनहरूको समेत निर्माण भएको छैन । | |
| १८ | **पेस्की :** प्रदेश सरकारले पूँजीगततर्फ रु.१३ अर्ब ९८ करोड ६६ लाख ९६ हजार खर्च गरेको मध्ये रु.२ अर्ब २८ करोड ५२ लाख ९९ हजार मोविलाइजेशन पेस्की रहेको प्रदेशको आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिन्छ । उक्त पेस्की रकम कुल पूँजीगत खर्चको १६.३४ प्रतिशत रहेको छ। बजेट खर्चमा वृद्धि गर्नको लागि आर्थिक वर्षको अन्त्यमा पेस्की दिनु उचित देखिएन । | बजेट खर्चमा वृद्धि गर्नको लागि आर्थिक वर्षको अन्त्यमा पेस्की दिने काम नगर्न नगराउन निर्देशन दिने । |
| १९ | **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ तथा २२ मा प्रदेशको संचितकोषको सञ्चालन, प्रदेश सरकारको एकीकृत लेखा राख्ने र वित्तीय विवरण तयार गर्ने र मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय तथा महालेखापरीक्षक समक्ष पेस गर्ने दायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेमा यस कार्यालयले धरौटी र कार्यसञ्चालन कोषको एकीकृत हिसाव तयार गरेको छैन । जसले प्रदेशिभत्रको धरौटी र कार्यसञ्चालन कोषको यकिन विवरण प्राप्त हुन सकेन । राजस्वको समेत मन्त्रालयगत विवरण तयार नगरी जिल्लागत रूपमा एकमुष्ट विवरण मात्र तयार गरेको छ । यसमा सुधार गरी हरेक कारोवारको एकीकृत हिसाब तयार गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २० | यस वर्ष भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयवाट नापी तथा मालपोत कार्यालयलाई, आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयहरूलाई, सामाजिक विकास मन्त्रालयवाट समेत विभिन्न स्थानीय तहहरूलाई अख्तियारी प्रदान गरेकोमा उक्त रकमको तथ्यांक प्रदेश लेखा नियन्त्रक कार्यालयसँग छैन । यसमा सुधार गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | २०.५. प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७५।७६ को अन्तिम वित्तीयमा खर्च नभई बाँकी रहेको मौज्दात प्रतिवेदनमा रु.७ अर्ब २४ करोड ८५ लाख २९ हजार देखाएकोमा २०७६।७७ को एकीकृत वित्तीय प्रतिवेदनमा रु.७ अर्ब १४ करोड ३५ लाख ६५ हजार देखाई गत वर्षको एकीकृत वित्तीय प्रतिवेदनको तुलनामा रु.१० करोड ४९ लाख ६४ हजार घटी जिम्मेवारी सारेको छ । आर्थिक वर्ष व्यतित भएको लामो समयपछि मात्र एकीकृत वित्तीय विवरण तयार गरेकोमा उक्त समयमा समेत यथार्थ विवरण तयार नगर्नु उचित देखिएन ।<br>२०.६. राजस्व तथा अनुदानतर्फ रु.२२ अर्ब २३ करोड ५७ लाख प्राप्त भएको उल्लेख छ । सो मध्ये प्राकृतिक श्रोत वापतको रोयल्टी रु.३० करोड ६७ लाख ५६ हजार प्रतिवेदन तयार गर्दासम्म प्राप्त नभएकोमा उक्त रकम संघीय सरकारबाट बाँडफाँट भई प्राप्त हुने प्राकृतिक श्रोत वापतको रोयल्टी रकम २०७७ पौष मसान्तभित्र प्राप्त हुने गरी वित्तीय विवरणमा उल्लेख गरेको छ । प्राप्त नभएको रकम वित्तीय विवरणमा उल्लेख गरेवाट राजस्व हिसाब यथार्थपरक देखिँदैन । उक्त रकम समयमा प्राप्त गर्नुपर्दछ । | |
| २१ | **सरकारी सम्पत्तिको अभिलेख** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घर जग्गा, सवारी साधन लगायतका जिन्सी मालसामानको लगत अद्यावधिक गरी राख्नुपर्ने, मन्त्रालय लगायतका तालुक निकायले आफ्नो मातहतका सम्पूर्ण कार्यालयको जिन्सीको एकिकृत प्रतिवेदन तयार गर्नुपर्ने तथा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्पूर्ण प्रदेश सरकारी कार्यालयको | प्रदेश सरकारका सबै कार्यालयको एकिकृत सम्पत्तिको विवरण तयार गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ । कार्यालयले एकिकृत सम्पत्तिको विवरण तयार गरेको छैन। ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । | |
| २२ | **जिल्लागत बजेट र खर्च** - प्रदेश सरकारको कुल बजेट रु.३२ अर्ब १३ करोड ४७ लाख ९२ हजार रहेकोमा जिल्लागत रूपमा प्राप्त एकीकृत वित्तीय विवरणमा कुल रु.३३ अर्ब ८९ करोड ३७ लाख ५१ हजार देखाएको छ । जुन प्रदेशको कुल बजेटको तुलनामा रु.१ अर्ब ७५ करोड ८९ लाख ५९ हजार बढी हो । जसले गर्दा जिल्लागत बजेट त्रुटीपूर्ण देखिएको छ । जिल्लागत रूपमा प्राप्त बजेटको तुलनामा पर्वत जिल्लाले कुल बजेटको ८१.७१ प्रतिशत खर्च गरी बजेटको तुलनामा सबैभन्दा बढी खर्च गर्ने जिल्ला बनेको छ भने सबैभन्दा कम खर्च गर्ने जिल्ला कास्की रहेको छ । कास्की जिल्लामा कुल बजेटको ४०.५३ प्रतिशत मात्र खर्च गरेको छ । | कार्यालयको अभिलेख त्रुटी नहुने गरी राख्न निर्देशन दिने । |
| २३ | **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा विभाज्य कोषमा संकलन हुने सवारी साधन कर वापत प्राप्त हुने राजस्व प्रदेश सरकारले संकलन गरी प्रदेश तथा स्थानीय तहबीच बाडँफाट गर्नुपर्ने व्यवस्था छ । जसअनुसार प्रदेशले यस वर्ष प्रदेश आर्थिक ऐनले निर्धारण गरेको करको दर बमोजिम यस वर्ष कुल रु.१ अर्व १ करोड ६० लाख १५ हजार संकलन गरेको तथा गत वर्षको बाँडफाँट गर्न बाँकी रु.२ करोड ११ लाख ६१ हजार समेत कुल रु.१ अर्व ३ करोड ७१ लाख ७६ हजारको ४० प्रतिशत रकम ८५ स्थानीय तहलाई रु.४१ करोड ४८ लाख ७० हजार स्थानीय संचितकोषमा पठाएको छ भने | केही गर्न नपर्ने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बाँकी ६० प्रतिशत रकम प्रदेश संचितकोषमा दाखिला गरेको छ । | |
| २४ | **प्रदेश आकस्मिक कोष** - प्रदेश सरकारले यस वर्ष अर्थ विविध शीर्षकबाट आर्थिक मामिला तथा योजना मन्त्रालयलाई रु.१ करोड रकमान्तर गरी प्रदेश आकस्मिक कोषमा राखेको छ। कोष परिचालन कार्यविधि तयार गरेको छैन भने कोषमा रहेको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनमा समावेश छैन । कोषको रकम एकीकृत वित्तीय प्रतिवेदनमा समावेश गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २५ | **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ १) मा सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था भएकोमा चौमासिक रूपमा लेखापरीक्षण नगरेको, कानुनको परिपालना, स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरूमा सुझाव सहितको टिप्पणी नगरेको लगायतका अवस्था देखिएको छ । यसबाट आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाउनु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २६ | **बेरुजुको लगत** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ २) मा प्रदेशस्तरको केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने र कार्यालयले यसरी प्राप्त बेरुजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउने उल्लेख छ । सो बमोजिमको एकीकृत लगत राखेको छैन। कानूनी व्यवस्थाको पालन गरी बेरुजुको एकीकृत लगत राख्नुपर्दछ । | कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी बेरुजुको एकीकृत लगत राखी समितिलाई समेत समय समयमा जानकारी गराउन निर्देशन दिने । |
| २७ | **वित्तीय सुशासन** - प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो। सार्वजनिक वित्तीय व्यवस्थापन प्रभावकारी बनाउन सार्वजनिक आय र व्ययको अद्यावधिक स्थितिको लेखाङ्कन गर्दा प्रतिवेदन प्रणाली व्यवस्थित बनाउनु आवश्यक छ । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने, ठेक्का बन्दोबस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा चुनौती रहेका छन् । चुनौती सम्बोधन गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्यूटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ ।<br>**बेरुजु स्थितिः** मन्त्रालय तथा मातहत समेत २ निकायमा यो वर्ष रु.६ करोड ७२ लाख २५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायबाट रु.१० लाख ३५ हजार फस्यौट गरेकोले रु.६ करोड ५१ लाख ९० हजार बेरुजु बाँकी रहेको छ । | बेरुजू स्थितिमा उल्लेखित वेरुजु मध्ये फछ्र्यौट गर्न वाँकी वेरुजु ९४ हजार देखिएकाले उक्त वेरुजु समेत यथाशिघ्र फछ्र्यौट गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने |

४.९.३ महालेखा परीक्षकको दोस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) उपर मिति २०८०।११।२२ गते भएका छलफलका निर्णयहरुः

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | कार्य जिम्मेवारी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ मा मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थाि‍त, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, प्राक्षिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेका छन । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ । | कार्यविभाजन नियमावलीले तोकेका कार्यहरु सबैलाई प्राथमिकतामा राखि कार्यान्यवन गर्न निर्देशन दिने । |
| २ | बजेट कार्यान्वयन वजेट कार्यान्वयन सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br>२.१. यस वर्षको लागि रु.२४ अर्ब २ करोड ३३ लाख विनियोजन भएको मध्ये चालु खर्चतर्फ रु ८ अर्व ११ करोड ५५ लाख १५ हजार मध्ये रु.५ अब २१ करोड १० लाख ३० हजार अर्थात् बिनियोजनको ६४ २१ प्रतिशत र पूँजीगततर्फ रु. १५ अर्व ९० करोड ७८ लाख ३३ हजार विनियोजन भएकोमा रु.८ अर्ब ७१ करोड ७० लाख १ हजार अर्थात् बिनियोजनको ५४७९ प्रतिशत खच भएको छ । पूँजीगततर्फ खर्च देखाएको मध्ये रु. १ अर्ब ५ करोड १८ बाख ४२ हजार प्रदेश अन्तगतका स्थानीय निकायहरुलाई दिएको वित्तिय समानीकरण अनुदान समेत समावेश छ। चालु खर्च न्यून राख्न सुरुदेखि नै सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ ।<br>२.२. यो बर्ष बजेट रु.२४ वर्ष २ करोड ३३ लाखमा रु.१३ अर्व ९२ करोड ८० लाख खर्च भएको विवरण पेश भएपनि शशर्त अनुदान फिर्ता रु.८८ करोड | वजेट निर्माण पुर्व पर्याप्त छलफल, अध्ययन तथा विश्लेषण गरी वजेटलाई यथार्थपरक वनाई कार्यान्वयन दक्षता वृद्धि गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ६४ लाख पटाउँदा रु.१३ अर्व ४ करोड १६ लाख अर्थात ५४.२८ प्रतिशत खर्च भएको छ। जिल्लागत रुपमा सबैभन्दा बढी कास्कीमा ३९.४० र सबैभन्दा कम मनाङमा १.२४ प्रतिशत खर्च भएको छ। गत बर्षको वर्षान्तमा रु.८२ करोड ९९ लाख ४४ हजार बजेट बचत भएकोमा यो बर्ष रु.७ अर्व २४ करोड ८५ लाख २९ हजार बचत रहन गएको छ। प्रस्ताव गरे अनुसारका कार्यक्रम कार्यान्वयन गर्न नसकेको कारण बजेटको उल्लोखनीय हिस्सा परिचालन हुन सकेको छैन ।<br>२.३. बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खचको प्रक्षेपण सहितको मध्यकालीन खच संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आबधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रुपमा अङ्गीकार गर्नुपर्नेमा २०७५/७६ को बजेट तर्जुमा गर्नु आंघ मन्त्रालयले यस्तो व्यवस्था अपनाएको देखिएन । प्रदेशले रु.८० करोड अन्तरिक ऋण उठाउने विषय बजेटमा समावेश भएतापनि कार्यावधि तय नभएका कारण उठाउन सकेको छैन ।<br>२.४. बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याईंका लागि आवश्यक विवरण समेत खुल्नेगरी तयार गर्नुपर्नेमा तयार नहुँदा विनियोजन दक्षता कमजोर देखिएको छ । | |
| ३ | **स्रोतको यथार्थता** - प्रदेश प्रार्थिक कार्यावधि ऐन, २०७४ मा प्रदेशवाट सञ्चाचित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं प्रार्थिक स्रोत समेतलाई मध्यनजर | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | राखी बजेट बनाउनुपर्ने व्यवस्था छ। आर्थिक मामिला मन्त्रीले प्रदेश सभामा पेश गरेको बजेटमा रु.२४ अर्व २ करोड ३३ लाख ४८ हजार खर्च हुने अनुमान गरेकोमा राजश्वबाट रु.८ अर्व २७ करोड ५५ लाख ७ हजार, संघीय सरकारको अनुदान रु१४ अर्व ३४ करोड ७८ लाख ४१ हजार, गत वर्षको मौज्दात ६० करोड र आन्तरिक ऋण रु ८० करोड हुने गरी बजेट तयार गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको सञ्चित कोषको हिसावमा रु.७ अर्ब २४ करोड ८५ लाख ३० हजार धनात्मक रहेको देखिंदा स्रोत र बजेट यथार्थमा आधारित देखिएन । यथार्थमा आधारित रहने गरी बजेट बनाउनुपर्दछ । | |
| ४ | **कारोबारको लेखा** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम लेखाउत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाव तयार गरी प्रत्येक वर्षको कार्तिक १ गते प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनुपर्नेमा मन्त्रालयहरुले एकीकृत विवरण तयार गरी पठाएका छैनन् । यस मन्त्रालयले पनि प्रदेशको एकिकृत विवरण तयार गरेको छैन । सोबाट समानीकरण, शशतं, विशेष तथा समपूरक अनुदानको यथार्थ खर्चको विश्लेषण हुन सकेन । | महालेखा परीक्षकको सुझावअनुसार विवरण तयार गर्न निर्देशन दिने । |
| ५ | **बजेट तथा कार्यकमको मूल्याङ्कन** - मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको - २ महिना अर्थात फाल्गुण र भाद मसान्तभित्र राजस्व, खर्च एवं आयोजना र कार्यक्रमको अनुमान, प्राप्ति र परिचालनको यथार्थ विवरण सार्वजनिक गर्नुपर्नेमा वित्तीय विवरण नै तयार नभएको अवस्थामा सार्वजनिकीकरण हुने अवस्था | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रहेन । प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको यथार्थ विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ । | |
| ६ | **सञ्चित कोष दाखिला** - संघबाट प्राप्त शशतं, समपुरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत संघीय सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था रहेकोमा मन्त्रालयले मातहत कार्यालयलाई दिएको शशतंको बजेट खर्च भई बाँकी हिसाव संघीय सञ्चित कोष दाखिला गरेको स्थिति खुल्ने एकीकृत वित्तीय विवरण २०७६ कार्तिक मसान्तसम्म पनि तयार नगरेकोले संचित कोषमा दाखिला गर्ने रकम यकिन भएको छैन । समानिकरण अनुदानबाट रु.६ अर्व ७७ करोड ६७ लाख र सशर्त अनुदान रु.६ अर्व ४ करोड ५६ लाख ११ हजार समेत रु.१२ अर्व ८२ करोड २३ लाख ११ हजार प्राप्त भएको छ । सशर्त अनुदानमध्ये प्रदेश सरकारले गरेको खर्च रु.५ अर्व १५ करोड ९४ लाख १८ हजार घटाई बाँकी रहेको रु. ८८ करोड ६१ लाख ९३ हजार संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **स्थानीय तहमा हस्तान्तरण** - प्रदेश सरकारले ८५ स्थानीय तहलाई समानीकरणमा रु.१ अर्ब, समपुरकमा रु. १ करोड ८९ लाख ५२ हजार र विशेषमा रु. ३ करोड २८ लाख ९० हजार समेत र १ अर्ब ५ करोड १८ लाख ४२ हजार अनुदान उपलव्ध गराएको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय बाट प्राप्त भएको छ । समानीकरण मध्ये रु. ६० करोड ८६ लाख ५३ हजार अर्थात ५७.८७ प्रतिशत खर्च भएको छ । विशेष अनुदान तर्फको रु ३ करोड २८ लाख ९० हजार मध्ये रु. १ करोड ६७ लाख ८३ हजार खर्च भई रु. १ करोड ६१ लाख ७ हजार | बचत रकम समयमै फिर्ता गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | फिर्ता गर्नुपर्ने देखिन्छ भने समपुरक अनुदान तर्फ रु. १ करोड ८९ लाख ५२ हजार मध्ये रु. १ करोड २ लाख ९५ हजार खर्च भई रु. ८६ लाख ५७ हजार फिर्ता गर्न बाँकी रहेको देखिएकोमा फिर्ता भएको छैन । बाँकी रकम फिर्ता गर्नुपर्दछ । यो बर्ष प्रदेश विभाज्य कोषबाट सवारी साधन कर र ३० करोड ५२ लाख स्थानीय तहहरुलाई हस्तान्तरण गरेपनि स्थानीय तहको विभाज्य कोषबाट प्राप्त आयको लेखांकन गरेको नदेखिदा सबै हिसाव तयार गरी आय लेखांकन गर्नुपर्दछ । | |
| ४ | **आयोजना स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्दछ । जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्नेछ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपरोक्त अनुसारको प्रकृया पूरा नगरी कार्यक्रम तथा वजेट स्वीकृत गरेकोले कानुनी प्रक्रिया पूरा गरेर आयोजना स्वीकृत तथा संचालन गर्नुपर्दछ । | पूँजीगत प्रकृतिको वजेट प्रस्ताव गर्दा स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टायाँई सहितको प्रस्ताव माग गर्ने र उक्त प्रस्ताव प्राप्त गरी मात्रै कार्यक्रम तथा बजेट स्वीकृत गर्न निर्देशन दिने । |
| ९ | **वैदेशिक सहायता** - महालेखा नियन्त्रक कार्यलयबाट प्राप्त विवरण अनुसार संघीय सरकारवाट वैदेशिक सहायता प्राप्त गरी प्रदेशलाई उपलब्ध गराएको सोधभर्ना हुने ऋणबाट रु.३ अर्ब ६५ करोड २४ लाख र सोधभना हुने अनुदानबाट रु.७३ करोड | यसमा केही गर्नु नपर्ने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ७८ लाखलाई स्रोतगत विवरण बेगर अनुदान उपलब्ध गराएकोमा प्रदेशले ऋण लगानी तथा दायित्व सम्बन्धी कुनै अभिलेख नराखेकोले खर्च भएको रकम समेत दातागत अभिलेखमा नजनिने र सो को सोधभर्ना समेत हुने अवस्था छैन । प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्ति र अभिलेखको कुनैपनि कार्य नगरेको कारण बजेट सम्बन्धी स्रोतगत विवरण नदेखिनाले सबै आय र व्ययमा नेपाल सरकारको स्रोत कायम भएको अवस्था छ । | |
| 10 | **सेवा प्रवाह** - जनताले प्राप्त गर्ने सेवा प्रवाह चुस्त र भरपर्दो बनाउन आर्थिक पक्ष सवल, अनुशासित र व्यवस्थित हुनुपर्दछ । आर्थिक कार्यविधि नियमावली तयार नभएको, विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा र राजस्व चुहावट सम्बन्धी नीतिको कानुन तथा मापदण्ड तर्जुमा गरेको छैन । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ११ | **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा एकभन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही कुनै एक शीर्षकबाट अको शीर्षकमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । मंत्रालयले यो वर्ष रु.१४ करोड ६५ लाख ३७ हजार रकमान्तर गरेको मध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयमा र.८ करोड ५१ लाख ७२ हजार थप गरेकोमा रु.१ करोड ९८ लाख अन्तिम चौमासिकमा थप गरेको छ । अन्तिम चौमासिकमा रकमान्तर गरी खर्च गर्दा अनुगमन र गुणस्तर नियन्त्रणमा कठीनाई हुने भएकोले खर्च प्रणालीलाई व्यवस्थित बनाउन समयमा | प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी अन्त्य गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रकमान्तर गर्नुपर्दछ । | |
| १२ | **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत हस्तान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गर्ने कार्य भएको छैन । मन्त्रालयले कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ । | कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्न निर्देशन दिने । |
| १३ | **लेखाङ्कन तथा प्रतिवेदन** - कारोबारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वितिय क्षेत्र प्रतिवेदन लेखामानको ढाँचा २०७५ मार्गमा स्वीकृत भइसकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रीय निकायहरुले स्वीकृत भए वमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव अनुसार तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन दिने । |
| १४ | **प्रतिवेदन प्रणाली** - अन्तरसरकारी वित व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीय तहले आफुले गरेको आय व्ययको चौमासीक विवरण त्यस्तो अबधि समाप्त भएको १५ दिन भित्र प्रदेशमा पेश गर्नुपर्ने र प्रदेशले स्थानीय तह समेतको आय व्ययको विवरण चौमासिक अवधि समाप्त भएको ३० दिन भित्र नेपाल सरकार अर्थ मंत्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेशले यस्तो बिबरण स्थानीय तहबाट | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | संकलन गरी अर्थ मन्त्रालयमा नपठाएकोले सरकारका तिनवटै निकायले गरेको क्षेत्रगत खर्च यकिन हुन सकेन । सरकारका तिनवटै निकायले गरेको आय र खर्चको एकिकृत अभिलेख तयार गरी प्रतिबेदन गर्नुपर्ने कानुनी व्यवस्थाको कार्यन्वयन गर्नुपर्दछ । | |
| १५ | **दीगो विकास लक्ष्य** - प्रदेशमा दीगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दीगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, अनुभवहरूबाट सिक्ने, स्थानीयतहका विकासका क्रियाकलपाहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दीगो विकासका सूचकहरुलाई समाहित गराइ सोको आधारमा संचालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य शुरु भएको छैन । नीति अयोग मार्फत संघीय सरकार एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दीगो विकास लक्ष्य २०१६- २०३० का सूचकहरूलाई आन्तरिकीकरण गर्नु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १६ | **सबारी साधन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा स्थानीय बजारभाउ एवं जिल्लाका अन्य निकायले खरिद गरेको लगायतका आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले नियमावलीमा उल्लेख भएका प्रक्रिया अवलम्बन नगरी हेभी इक्यूपमेन्ट कार्यालयका मेकानिकल इन्जिनियरबाट अन्दाजी मूल्य रु.१ करोड ७२ लाखको लागत अनुमान तयार गरी रु.१ करोड ७० लाखमा हाईटप जिप खरिद गरेको छ । अन्दाजी मूल्य उल्लेख गरेको आधारमा | लागत अनुमान तयार गर्दा स्थानीय बजारभाउ एवं जिल्लाका अन्य निकायले खरिद गरेको लगायतका आधारमा तयार गर्ने गराउने व्यवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गरिएको खरिद प्रक्रिया कानुनसम्मत देखिएन । | |
| १७ | **प्रदेश आर्थिक प्रशासन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्धनुरुप कर्मचारीको व्यवस्था गरेको पाइएन । | आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था मिलाउन निर्देशन दिने। |
| १८ | **आन्तरिक लेखापरीक्षण** - प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था भएकोमा चौमासिक रुपमा लेखापरीक्षण नगरेको, कानुनको परिपालन, स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरुमा सुझाव सहितको टिप्पणी नगरेको, आन्तरिक लेखापरीक्षणको बार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार नगरेको जस्ता कारणले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएन । | नियमित तोकिएको समयमम नै आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन अर्थ मन्त्रालय समक्ष पेश गर्न निर्देशन दिने । |
| १९ | **विभाज्य कोषको हिसाव** - संघ र प्रदेश तथा प्रदेश र स्थानीय तहको साझा अधिकार सूचिमा रहेका विषयवाट संकलन हुने राजस्वको अद्यावधिक अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नुपर्दछ । वन रोयल्टी, संघीय सरकारवाट प्राप्त हुने सवारी साधन कर लगायत प्रदेशले संकलन गर्ने विज्ञापन, मनोरन्जन तथा नदीजत्य पदार्थ वाट स्थानीय तहले उठाउने राजस्वको लगत अद्यावधिक गरेको छैन । स्थानीय तहको विभाज्य कोषवाट प्राप्त आय र २६ करोड ८ लाख ७० हजार देखाएकोमा शीर्षकगत बिबरण खुलाएको छैन । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| २० | **कार्य संचालन कोष** - गत बर्ष सम्म संघीय कार्यालयको रुपमा रही यो बर्ष प्रदेशमाताहत समायोजन भइ कारोबार गरेका प्रदेश अन्तरगतका कार्यालयहरुको अत्त्य कारोबारको आय-व्यय देखिने हिसाब प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट एकिकृत गरेको छैन । यो बर्ष प्रदेश मातहत आएका ६६ कार्यालयहरुले कार्यसंचालन तर्फ गत बर्षको मौज्दात र.११ करोड ९६ लाख ७ हजारमा यो बर्ष प्राप्त रु.१९ करोड ४४ लाख ६६ हजार समेत रु. ३१ करोड ४० लाख ७३ हजारमा रु. १४ करोड ४ लाख ९४ हजार खर्च भई बाँकी रहेको र.१७ करोड ३५ लाख ७९ हजार एकीकृत हिसावमा समाबेश गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २१ | **वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ । प्रदेश सञ्चित कोषको सञ्चालन, एकीकृत लेखा वित्तीय विवरण २०७६ कार्तिक मसान्तभित्र महालेखा नियन्त्रक तथा महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्नेमा सो अवधिभित्र पेश गरेको छैन । तोकिएको समयमा वित्तीय विवरण पेश गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
|  | **प्रदेश संचित कोषको हिसाब** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश सरकारले २०७५।०७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र प्रदेश सरकार संचालनको क्रममा भएका व्ययहर समेत समग्र संचित कोष रहेको छ। प्रदेश सञ्चित कोषको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्।<br>२२.१. गतबर्षको सचितकोषले रु.७२ करोड ५० लाख ६८ हजार बाँकी | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | देखाएकोमा यो वर्ष रु. ७२ करोड ५१ लाख ४६ हजार जिम्मेवारी सारेको देखिन्छ ।<br>२२.२. प्रदेश लेखा नियन्त्रक कार्यालयचे पेश गरेको एकीकृत आर्थिक विवरणमा रु.१ लाख ८६ हजारको मात्र चेक साउन बाँकी देखाएकोमा संचित कोषको हिसाबमा रु.१६ लाख ९७ हजार समायोजन गरेको छ। मौज्दात रु.१५ लाख ११ हजार फरक परेको देखाएकोले संचितकोषको हिसाबले यथार्थ चित्रण गरेको छैन ।<br>२२.३. स्थानीय तह र अन्य सरकारी एवं गैर सरकारी निकायहरुलाई गएको अनुदान रकमको निकासालाई नै खर्च खुलासा गरेको छ । प्रदेश सञ्चित कोषमा खच भएको रकम मध्ये स्थानीय तहमा वित्तीय समानिकरण अनुदान वापत रु १ अर्व पठाएको छ । निकासाको आधारमा खर्च देखाएकोले सञ्चित कोषको खच यथार्थपरक रहेको छैन ।<br>२२.४. प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अध्यावधिक अभिलेख राखेको छैन ।<br>२२.५. संघीय विभाज्य कोषमा आम्दानी बाँधेको मध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम किन गरी आम्दानी बाँध्नुपर्दछ।<br>२२.६. राजस्व व्यवस्थापन सूचना प्रणालीमा आम्दानी भएको तर प्रदेश सञ्चित कोष तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर गर्न बाँकी रहेको रकमलाई विभाज्य कोषको आर्थिक विवरणमा मौज्दातको रुपमा देखाएको र राजस्व व्यवस्थापन सूचना प्रणालीमा सवारी साधन कर शीर्षकमा आम्दानी देखिएको सबै रकम | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | महालेखा नियन्त्रक कार्यालबाट प्रदेश विभाज्य कोषमा ट्रान्सफर भइसकेको छैन । | |
| २२ | **लेखा नीति र टिप्पणी** - प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्नेगरी वित्तीय विवरण तयार गर्ने कार्य प्रदेश सरकारको आर्थिक कार्यविधि ऐनमा उल्लेख छ । ऐनमा उल्लिखित प्रावधान अनुसार बजेट अनुमान, प्राप्ति र भुक्तानी विवरण तथा सोसँग सम्बन्धित चार्ट अफ एकाउन्टस सहितको लेखा टिप्पणीसमेतको विवरण बनाई लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशको केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी पूर्ण रुपले उल्लेख गरेको देखिएन । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २३ | **वित्तीय सुशासन** - प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो। सार्वजनिक वित्तीय व्यवस्थापन प्रभावकारी बनाउन सार्वजनिक आय र व्ययको अद्यावधिक स्थितिको लेखाइन गर्दा प्रतिवेदन प्रणाली व्यवस्थित बनाउनु आवश्यक छ । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने, ठेक्का बन्दोवस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुद्धीकरण गर्ने जस्ता क्षेत्रमा चुनौति रहेका छन् । चुनौति सम्बोधन गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्यूटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।<br><br>बेरुजू वेरुजु यथाशिघ्र फछ्यौंट गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ । **बेरुजू स्थिति** - मन्त्रालय र मातहत समेत १२ निकायको लेखापरीक्षणबाट रु १४ लाख २ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फछ्यौट नभई सोही रकम बाँकी रहेको छ । | |

### ४.९.३ महालेखा परीक्षकको पहिलो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) उपर मिति २०८०।११।२२ गते भएका छलफलका निर्णयहरुः

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **बजेट कार्यान्वयन** - सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भए तापनि २०७४/७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा कुनै प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण बजेट) मा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस आर्थिक वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान मात्र रहेको देखियो । जस अनुसार संघीय सरकारवाट प्राप्त हुने अनुदान रु.१ अर्व २ करोड ५ लाख प्रदेश सरकारको कुल बजेट रहेको देखिन्छ । विनियोजनमध्ये रु. ७७ करोड ७४ लाख ३८ हजार अर्थात् ७६.१८ प्रतिशत अर्थ बजेट व्यवस्था गरेकोमा सो खर्च भएको देखिएन । वर्षभरीमा रु.२९ करोड ५४ लाख ३२ हजार बजेट खर्च भई बर्षान्तमा रु ७२ करोड ५० लाख ६८ हजार बजेट बचत हुन गएको पाइयो। छोटो अवधिको लागि बजेट निर्माण गरेको र नयाँ स्थापना भएका मन्त्रालयलगायतका संरचनाहरुले बजेटमा प्रस्ताव गरेअनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको एवं वार्षिक बजेटको उल्लेखनीय हिस्सा अर्थ | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बजेटको रुपमा राखिएकोमा सोको परिचालन नभएको कारण प्रस्तावित बजेटको ३८.०० प्रतिशत खर्च भएको छ ।<br>१.१. यस आर्थिक वर्षको लागि रु.१ अर्ब २ करोड ५ लाख विनियोजन भएकोमध्ये चालु खर्चतर्फ रु.१४ करोड ४७ लाख ९५ हजार अर्थात् १४१२ प्रतिशत र पुँजीगततर्फ रु.१५ करोड ६ लाख ३७ हजार अर्थात् १४.६७ प्रतिशत खर्च भएको छ । प्रदेश मन्त्रालय र निकायहरु यसै आर्थिक वर्षमा स्थापना भएका कारण ती निकायको स्थापना र सञ्चालनको लागि चालु खर्च बढी हुने भएतापनि यस्तो खर्चलाई न्युनतम राख्न सुरुदेखि नै सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ ।<br>१.२. प्रदेशको आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गढां आबधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रुपमा अङ्गीकार गर्नुपर्नेमा २०७४।७५ को बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले यस्तो व्यवस्था अपनाएको देखिएन ।<br>१.३. यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै कार्य अगाडि नबढेकोले सोको विवरण प्रस्तुत गरेको देखिएन । साथै प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्तिको कुनैपनि कार्य अगाडि नबढाएको कारण बजेटमा सो सम्बन्धी विवरण समेत समावेश भएको पाइएन । प्रदेशले अन्तरिक ऋण उठाउने विषय समेत बजेटमा समावेश नभएको स्थिति देखिएको छ । | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | १.४. यस वर्ष प्रदेशलाई समानीकरण अनुदान मात्र प्राप्त भएकोले सो मात्र बजेटमा समावेश गरेको देखिन्छ । यो वर्ष प्रदेशलाई समपुरक र अनुदान प्राप्त भएको देखिएन । | |
| २ | **लेखा नीति र टिप्पणी** - प्रदेश सरकारले स्वीकृत गरेको मापदण्डबमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षकसमेत खुल्नेगरी वित्तीय विवरणको तयारी गर्ने कार्य प्रदेश सरकारको आर्थिक कार्यविधि ऐनमा उल्लेख छ । शीर्षकको आधारमा बनाएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकीसमेत खुलाएको प्राप्ति र भुक्तानी विवरण तथा सोसँग सम्बन्धित लेखा टिप्पणी र खुलासालाई समेटी प्रदेशको प्राप्ति र भुक्तानी विवरण बनाई लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशको केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी उल्लेख भएको देखिएन । | प्रदेश सरकारको आर्थिक कार्यविधि ऐनमा उल्लेख भएअनुसार नियमित वित्तीय विवरणको तयारी गर्न निर्देशन दिने । |
| ३ | **प्रतिबद्धता** - लेखा कानुनको अधिनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारवाट सम्झौता तथा निर्णय भई हस्तान्तरण भई आएका वा प्रदेश सरकारबाट राजस्व छुट दिन प्रतिबद्धता जनाएको रकमको व्यहोरा देखिने गरी लेखा तथा सोको अभिलेख राख्नुपने व्यवस्था छ । यो वर्ष यस्तोस्थिति नदेखिएको भएतापनि यस व्यवस्थालाई ध्यानमा राखी भविष्यमा अवलम्वन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **वित्तीय सुशासन** - प्रभावकारी वित्तीय व्यवस्थापनमार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, त्यसको लेखाइन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | । सार्वजनिक वित्तीय व्यवस्थापनलाई जवाफदेही बनाउन सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिकस्थितिको लेखाइन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउन आवश्यक छ । बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक बनाउनु पर्ने अवस्था छ । समयमै प्रदेशस्तरको कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने प्रक्रियालाई अगाडि बढाउनु पर्ने त्यत्तिकै आवश्यक देखिन्छ । समयमा ठेक्का बन्दोवस्त, चालु खर्चको मात्रात्मक वृद्धिलाई कमी ल्याउन आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढीकरण गर्न, बेरुजुको मात्रा घटाई बेरुजू नै हुन नदिने जस्ता खर्च व्यवस्थापकीय पक्षमा प्रदेश सरकार समक्ष धेरै वित्तीय चुनौति रहेका छन् । यी चुनौति पूरा गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीको संस्थागत विकास, लागत लाभको विश्लेषणसहितको योजना तथा कार्यक्रम, बहुवर्षीय ठेक्का व्यवस्थापन प्रक्रिया, सार्वजनिक सेवा लेखामानको प्रयोग, शुत्रको प्रयोग, स्तरीय वित्तीय प्रतिवेदन प्रणालीमा आमूलरुपमा सुधार गरी प्रदेशको वित्तीय व्यवस्थापनमा जवाफदेहिताको स्थितिलाई सुधार गर्न यस मन्त्रालयले आवश्यक ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ ७) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तरगत रहेका कृषि, वन, सिचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तरगत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको | कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य नभएकोले कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ । | |
| ६ | **कर र गैर** - कर प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ १) अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य सञ्चालन गर्ने उल्लेख भएकोमा आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक श्रोत परिचालन गरी प्रदेश आर्थिक विधेयक प्रस्तुत गर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा २०७४।७५ मा कर तथा गैर कर सम्बन्धी ऐन तर्जुमा भएतापनि आर्थिक ऐन जारी भएको पाईएन । यद्यपी चालु वर्ष २०७५।७६ को बजेटमा आर्थिक ऐन समेत जारी भै कार्यान्वयनमा आएको छ । | केही गर्नु नपर्ने । |
| ७ | **आकस्मिक र युवा लक्षित चुनौती कोष** - प्रदेश आकस्मिक कोष स्थापना र युवा लक्षित चुनौती कोष स्थापनाको लागि रु. एक-एक करोड विनियोजन भएकोमा उक्त कोषको कार्यविधि ऐन तर्जुमा नभएको कारण कार्यान्वयनमा नआएकोले निर्दिष्ट लक्ष्यहर कार्यान्वयनको लागि प्रदेश आकष्मिक कोष स्थापना र युवा लक्षित चुनौती कोष कानुनको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । | प्रदेश आकष्मिक कोष स्थापना र युवा लक्षित चुनौती कोष कानुनको निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **सिधै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद | एउटै प्याकेज गर्न सकिने खरिद के कारणले टुक्रा टुक्रा पारी सिधै खरिद गरिएको हो यस सम्बन्धमा छानविन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गर्नुपर्ने र सोही नियमावलीको नियम ९ क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा कामपिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट हुनसक्ने रु.४२ लाख ४१ हजारको कार्य सिधै पटकपटक गरी खरिद गरेको नियमसम्मत नदेखिएकाले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ । | गरी सो को सुझाव अनुसार कार्यवाही अगाडी वढाउन तथा सो को जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |
| ९ | **सेवा प्रवाह** - राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको जागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यात्त्वयत्त अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १० | आन्तरिक नियन्त्रण आत्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आत्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यात्त्वयन गर्नुपर्दछ। | |
| ११ | प्रदेश आर्थिक प्रशासन प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयको जिम्मेवारी प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने रहेको छ। प्रदेश तहका सबै कार्यालयमा लेखा अभिलेख व्यवस्थित गर्न प्रयाप्त लेखा समूहका कर्मचारीको व्यवस्था हुनु पर्दछ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निस्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्धनुरुप कर्मचारीको व्यवस्था गरेको नदेखिदा आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी भएको पाइएन ।<br>**बेरुजू स्थितिः-** मन्त्रालय र मातहत कार्यालयको लेखापरीक्षणबाट जगती बेरुजु देखिएको छैन । | आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था मिलाउन निर्देशन दिने। |

गण्डकी प्रदेश सभा

**सार्वजनिक लेखा समिति**

**बेरुजु सम्बन्धी उपसमिति ३)**

**४.१० भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

**४.१०.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।१०।२५ गते भएका छलफलका निर्णयहरुः**

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारीः-** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमध्ये कृषि उपजको न्यूनतम समर्थन मूल्य तय गरी कार्यान्वयन, चरन तथा खर्क सम्वन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कृषिजन्य र पशुपंक्षीजन्य औषधि, विषादी र उपयोग सम्वन्धी प्रादेशिक नीति, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तया चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा नियमन, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख, भूमिहिन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा, चरवा आदि वर्गको वसोवास, जीविकोपार्जन र पुनः स्थापना सम्वन्धी प्रादेशिक नीति तथा कानुन, गरिवी निवारण सम्वन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा लगायतका काम हुन सकेको छैन। कार्य योजना वनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ।<br>उक्त नियमावलीमा प्रदेशस्तरको सिंचाई व्यवस्थापन सम्वन्धी नीति, कानुन तर्जुमा, योजना तथा आयोजना निर्माण कार्यान्वयन, सचालन, मर्मत सम्भार, समन्वय र नियमन तथा अनुगमन मूल्यांकन लागयतका सिचाईसँग सम्बन्धित कार्य मन्त्रालयलाई तोकिएकोमा यस वर्षको नीति कार्यक्रम र बजेट वक्तव्यमा खेतीयोग्य जमिनमा वाहे | • महालेखा परीक्षकको सुझाव अनुसार कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पुरा गर्न निर्दैशन दिने ।<br>• मन्त्रालयलाई तोकिएको जिम्मेवारी पुरा नगरी आफ्नो जिम्मेवारीमा नभएको काममा बजेट विनियोजन गरी कार्यक्रम संचालन नगर्न नगराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | महिना सिंचाई सुविधा पुरयाउन साना सिंचाईका नयाँ योजना निर्माण, पुराना आयोजनाको स्तरोन्नति र मर्मत सम्भार तथा प्रभावकारी व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरताको लागि मन्त्रालयलाई रु.४ करोड २४ लाख बजेट विनियोजन भएकोमा रु.४ करोड ३ लाख खर्च भएको छ। यसरी कार्य जिम्मेवारीमा तोकिएको कार्य बाँकी रहने र कार्य जिम्मेवारीमा नभएको काममा बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नु उपर्युक्त देखिएन। | |
| २ | **नीति तथा कार्यक्रम कार्यान्वयन -** नीति तथा कार्यक्रम कार्यान्वयन वार्षिक बजेट तयार गर्दा नीति तथा कार्यक्रमलाई आधार लिनुपर्दछ। यस वर्षको नीति तथा कार्यक्रममा कृषि नीति तथा गुरुयोजना तर्जुमा गर्ने, स्थानीय तहमा उत्पादित कृषि उपज तथा वस्तुहरुलाई बजारसम्म पु-याउन तथा उत्पादित वस्तुलाई खेर जान नदिन कृषि एम्बुलेन्स सेवा सञ्चालन गरिने, स्थानीय तहसँगको सहकार्यमा प्रत्येक बढ़ामा पशु तथा कृषि प्राविधिक स्वयंमसेवक परिचालन गर्ने, नेपाल सरकारसँग समन्वय गरी मुस्ताङ्ग जिल्लामा कस्तुरी मृग संरक्षण तथा प्रजनन केन्द्र स्थापना गरिने भनी नीति तथा कार्यक्रममा उत्ल्लेख भएता पनि उल्लेखित कार्यक्रमलाई वजेटमा समावेश गरेको देखिदैन। नीति तथा कार्यक्रमका विषयहरू समावेश गरी वार्षिक बजेट तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ। | नीति तथा कार्यक्रममा उल्लेख भएका विषयमा अनिवार्य बजेट विनियोजन गर्न गराउन निर्देशन दिने । |
| ३ | **बजेट वक्तव्यको कार्यान्वयनः-** प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्यमा समावेश भएका भौगोलिक सूचना प्रणाली मार्फत् भू-उपयोगको तथ्याङ्क अद्यावधिक गरी प्रदेशस्तरीय भू-उपयोग योजना तयार गर्ने, सरकारी तथा सार्वजनिक, निजी र गुठी जग्गाको अभिलेख अद्यावधिक गर्ने, एक सहकारी एक उत्पादन कार्यक्रमलाई प्रवर्द्धन | कार्यान्वयन योग्य कार्यक्रममा मात्रै बजेट समावेश गरी सतप्रतिशत भौतिक र वित्तीय प्रगति हुने गरी कार्यक्रम कार्यान्वयन गर्न गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गर्ने कार्यक्रम कार्यान्वयन भएको छैन। कार्यान्वयन योग्य कार्यक्रम मात्र वजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ। | |
| ४ | **बिनियोजन दक्षताः** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्षको दक्षता बढाउनुपर्नेमा खर्च सिर्जना गर्ने स्पष्ट आधार वेगर बजेट अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो। यस वर्ष मन्त्रालय र मातहतका कार्यालयको लागि रु.२ अर्व १४ करोड ६६ लाख ७६ हजार बजेट विनियोजन भएकोमा ७३.६० प्रतिशत मात्र खर्च भएको अवस्था छ। उक्त खर्च मध्ये ८६.८२ प्रतिशत चालु खर्च रहेको छ भने १३.१७पुँजीगत खर्च रहेको छ। मन्त्रालयको लागि मात्र विनियोजित बजेट रु.२३ करोड २१ लाख ५२ हजारको ५१.५४ प्रतिशत मात्र खर्च भएको छ। बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण मार्फत् विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **कर्मचारी दरबन्दीः-** मन्त्रालय तथा मातहत कुल ३५ वटा कार्यालयहरूको लागि कुल ४१८ दरवन्दी रहेकोमा ३१५ मात्र पदपूर्ति भई १०३ रिक्ता रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **सरकारी सम्पतिको लगत वा प्रतिवेदनः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ वमोजिम प्रत्येक सरकारी कार्यालयले आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्तिहरुको विवरण अद्यावधिक गरी राख्नु पर्ने र त्यस्तो | मन्त्रालय अन्तर्गत रहेका सार्वजनिक सम्पत्तिहरुको विवरण नियमित रुपमा अध्यावधिक गर्ने तथा अन्य विषयमा |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | लगतको वार्षिक रुपमा तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ। साथै उपदफा २ मा तालुक मन्त्रालयले उपदफा १ बमोजिम प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय भित्र पठाउनु पर्ने व्यवस्था छ।<br>६.१ मन्त्रालयले एकीकृत प्रतिवेदन तयार गरेको छैन। साथै मन्त्रालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS) समेत पूर्णरुपमा लागू गरेको पाइएन। मन्त्रालयले ऐनमा भएको व्यवस्था अनुरुप एकीकृत प्रतिवेदन तयार गर्नु पर्दछ र पाम्सको प्रयोग गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।<br>६.२ मन्त्रालय मातहतका साविकका कृषि कार्यालयहरू जस्तै बाग्लुङ्गको नगरपालिकाले र मुस्ताङ्गको कालीगण्डकी करिडोर निर्माण आयोजनाले प्रयोग गरिरहेको हुनाले सम्बन्धित निकायहरुसँग सहजीकरण गरी प्रदेश अन्तर्गत स्थापना भएका कृषि कार्यालयहरुलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने सम्वन्धमा मिति २०७८।०४।१९ मा प्रदेशश विकास समस्या समाधान समितिले निर्णय गरेकोमा हालसम्म मन्त्रालय मातहत तथा प्रदेश सरकारको स्वामित्वमा आएको छैन। मन्त्रालयले सम्वन्धित निकायसंग समन्वय गरी आफु मातहत कार्यालय रहेको जग्गा तथा भवनको स्वामित्व प्रदेश मन्त्रालय मातहत ल्याई सेवा प्रवाह प्रभावकारी वनाउनु पर्दछ। | महालेखा परीक्षकले दिएका सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **पञ्चवर्षीय योजनाको कार्यान्वयनः-** प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६।७७- | पञ्चवर्षिय योजना, वार्षिक नीति तथा |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | २०८०।८१) मा कृषि तर्फ ७०, पशुपंक्षी तथा मत्स्य विकासतर्फ ६७, खाद्य सुरक्षा तर्फ १५, भूमि व्यवस्थापन तर्क १९ र सहकारी क्षेत्र तर्फ २० गरी जम्मा १२१ कार्यकमको ५ वर्षको लक्ष्य निर्धारण गरी जिम्मेवार निकाय/मन्त्रालयलाई तोकिएकोमा मन्त्रालयले यस वर्ष कृषि क्षेत्रसँग सम्वन्धित २७ कार्यक्रमको मात्र प्रगति विवरण पेश गरेको छ। प्राप्त प्रगति प्रतिवेदन अनुसार यस वर्ष कृषिमा रु.१ अर्ष ४० करोड लगानी गर्ने लक्ष्य राखेकोमा रु.१ अर्व २ करोड लगानी गरेको, प्रति व्यक्ति प्रति वर्ष खाद्यन्न उपलब्धता २४६ केजी लक्ष्य रहेकोमा १९० केजी मात्र पुगेको, सिंचित क्षेत्रफलको लक्ष्य १५० हेक्टर रहेकोमा ११८ हेक्टरमा मात्र पुगेको, १०० हेक्टरमा चक्लाबन्दी कार्यक्रम सचालन गर्ने लक्ष्य रहेकोमा ५२ हेक्टरमा मात्र सवालन भएको देखिन्छ। योजना कार्यान्वयन गर्न वार्षिक लक्ष्य अनुसारका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | कार्यक्रम र बजेट बीच तादाम्यता कायम गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **प्रदेश गौरवका आयोजनाको स्थितिः-** प्रदेशको चालु पचवर्षीय योजनाले कृषि मन्त्रालय अन्तर्गतका ३ योजनालाई प्रदेश गौरवको योजना भनी उल्लेख गरेको छ।<br>८.१ जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा हुने जोखिम न्युनीकरण गर्न स्थानीय स्रोत साधनको उचित व्यवस्थापन मार्फत् कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गर्ने उद्देश्य राखी २०७५।७६ देखि मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना कार्यान्वयनमा आएको हो। हालसम्म ६ हजार ३५३ कृषकहरु लाभान्वित भएको देखिन्छ। प्रदेश गौरवको रुपमा आयोजना कार्यान्वयन भएता पनि हालसम्म परियोजनाको कुल लागत र अपेक्षित उपलब्धी विश्लेषण गरेको छैन। | प्रदेश गौरवका आयोजनाले लिएको विकास लक्ष्य र अपेक्षित उपलब्धि प्राप्त हुने गरी कार्यक्रमहरु छनौट गर्न र ती कार्यक्रमको कार्यान्वयन गर्नका साथै लक्ष्य अनुरुप कार्यान्वयन भए नभएको अनुगमन गरी समस्या समाधान गर्ने, सम्पुर्ण कामहरुको चुस्त दुरुस्त अभिलेख राख्न तथा कार्यक्रमको आवधिक रुपमा मुल्याङ्कन गरी मुल्याङ्कनको पृष्ठपोषण |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ८.२ गत वर्ष मनाङ्ग, मुस्ताङ्ग र गोरखामा ६७ हजार ३०० र यो वर्ष विभिन्न ४ जिल्लामा ६८ हजार ११० वटा स्याउका विरुवा कृषक एवं कृषक समूहलाई वितरण गरेको देखिन्छ। उक्त विरुवाको रोपण तथा हालको अवस्थाको सम्वन्धमा मन्त्रालयले अनुगमन गरेको छैन। स्याउमा आत्मनिर्भर हुने आयोजना अन्तर्गत स्याउको विरुवा खरिद गरी वितरण गरेपछि अपेक्षित प्रतिफल हासिल गरे नगरेको सम्वन्धमा नियमित अनुगमन गर्नुपर्दछ ।<br>८.३ चीन सरकारको सहकार्यमा सार्वजनिक निजी साझेदारी मोडेलमा गण्डकी गाई फार्म र दुग्ध विकास संस्थाको विकास गरी प्रदेशलाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले स्वापना भएको गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजनाको हालसम्म कार्यक्रम कार्यान्वयन मोडालिटी स्पष्ट नभएको र कानुनी आधार तयार नभएकोले खर्च नभएको अवस्था छ। प्रदेश गौरवको योजनामा समावेश गरी वार्षिक रुपमा बजेट व्यवस्था गार्ने तर कार्यान्वयन नगार्ने परिपाटीमा सुधार गरी लक्षित उद्देश्य हासिल गर्नुपर्दछ। | मार्फत कार्यक्रमलाई थप परिमार्जन गर्दे लैजान निर्देशन दिने । |
| ९ | **कृषि क्षेत्रको समग्र परिसूचकः-** बजार केन्द्रहरु निर्माण, जग्गा एकीकृत गरी वस्ती विकास र कित्ता नापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक कार्यमा प्रगति गरेको छैन। सिंचित क्षेत्र १५० हेक्टरमा विस्तार गर्ने लक्ष्य भएकोमा ११८ हेक्टरमा मात्र विस्तार भएको छ। कृषि व्यवसायमा थप रोजगारी सिर्जना गर्ने कार्यमा ८० प्रतिशत र चक्लाबन्दी प्रवर्द्धन कार्यमा ५२ प्रतिशत मात्र प्रगति भएको छ। समयमै कार्यकम सालन गरी लक्षित प्रगति हासिल गर्नुपर्दछ। | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १० | **अनुदानमा एकद्वार नीतिः-** कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान | एकद्वार नीति बनाई अनुदान दिने |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | एकद्वार प्रणालीबाट सञ्चालन हुँदा पारदर्शीता हुने र दोहोरो वितरणको अवस्था रहदैन। यस वर्ष मन्त्रालय र मातहतका निकायवाट अन्य संस्थालाई रु.५ करोड ११ लाख ६८ हजार अनुदान दिएको छ। संघीय सरकार, प्रदेश सरकार मन्त्रालय , पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र) तथा स्थानीय तहबाट समेत स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकभन्दा बढी निकायबाट एकै प्रकृतिका कार्यक्रममा अनुदान दिने र दिएको अनुदानको अभिलेख राखे नगरेबाट एउटै अनुदानग्राहीलाई बिभिन्न तहबाट पटक-पटक अनुदान प्राप्त हुने अवस्था रहेको छ। एकद्वार नीति बनाई अनुदान दिने व्यवस्था गर्नुपर्दछ । | व्यवस्था मिलाउने तथा अनुदानको अध्यावधिक अभिलेख राखि अभिलेख समय समयमा वेवसाइट मार्फत प्रकाशन गर्ने व्यवस्था मिलाउने र अनुगमन प्रतिवेदनमा रहेका मुख्य मुख्य विषयहरु आवधिक रुपमा प्रकाशन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ११ | **कार्य सञ्चालनस्तरको कार्यः-** प्रदेश सरकार कार्य विभाजन नियमावली), २०७४ अनुसार मन्त्रालयले नीति तथा कार्यक्रमको निर्माण, कार्यान्वयनको अनुगमन लगायतको कार्यमा केन्द्रित रहनु पर्नेमा चक्लाबन्दी कार्यक्रम, चक्लाबन्दी जग्गामा पुनः अनुदान कार्यक्रम, नापि नक्सामा सार्वजनिक बाटो अद्यावधिक कार्यक्रम, चक्लाबन्दी जग्गामा यान्त्रिकीकरण अनुदान र कृषि ऋणमा व्याज अनुदान कार्यक्रम मन्त्रालय आफैले सञ्चालन गरी रू.४ करोड ८० लाख १३ हजार खर्च गरेको छ। मन्त्रालयले मातहतका कार्यालयलाई कार्यक्रम सञ्चालन गर्न अख्तियारी नदिई आफैले कार्यक्रम सञ्चालन गरेको उचित देखिएन। मन्त्रालयले यस वर्ष सञ्चालित कार्यक्रमको अनुगमनमा रू.४२ लाख ८७ हजार खर्च गरेकोमा अनुगमनबाट देखिएका कमी कमजोरीमा गरिएको सुधारको अवस्था जानकारी हुने अभिलेख राखेको छैन । मन्त्रालयले कार्य विभाजन नियमावली, २०७४ अनुसार तोकिएको | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यहरूलाई प्राथमिकता दिई कार्य सञ्चालन गर्नुपर्दछ । | |
| १२ | **सवारी साधन खरिदः-** अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा ९ २) मा नेपाल सरकारको श्रोत, वैदेशिक अनुदान तथा ऋणबाट स्वास्थ्य सेवा सञ्चालन र निर्वाचन कार्यक्रम सञ्चालन प्रयोजनका लागि बाहेक अन्य प्रयोजनका लागि सवारी साधन खरिद नगर्ने व्यवस्था रहेकोमा यस वर्ष मन्त्रालयले रू.६४ लाख १९ हजारको सवारी साधन खरिद गरेको छ । सवारी साधन खरिद संगै मर्मत र इन्धन खर्चसमेत वृद्धि हुने भएकोले सवारी साधन खरिदमा मापदण्डको पालना गरी मितव्ययीता कायम गर्नुपर्दछ । सवारी साधन खरिदको मापदण्ड तयार गरी यस्तो खर्च व्यवस्थित गर्नुपर्दछ। | सवारी साधन खरिद,इन्धन र मर्मत खर्चलाई व्यवस्थित गर्न मापदण्ड तयार गरी लागु गर्न निर्देशन दिने । |
| १३ | **मापदण्ड बाँझिएकोः-** सहकारी संघ-संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड, २०७७ को बुँदा न. २ मा सहकारी संघ-संस्थाको मागमा आधारित कार्यक्रम सञ्चालन गर्न मन्त्रालय वा मातहतका कार्यालय र सम्बन्धित संस्था-संघको पचास पचास प्रतिशत लागत साझेदारी हुने व्यवस्था छ। मन्त्रालयले यस वर्ष छुट्टाछुट्टै मापदण्ड बनाई सञ्चालन गरेको चक्लाबन्दी कार्यक्रममा ९० प्रतिशत, चक्लाबन्दी गरेको जग्गामा पुन अनुदान कार्यक्रममा ९० प्रतिशत तथा यान्त्रिकीकरण अनुदान कार्यक्रममा ७५ प्रतिशत अनुपातमा अनुदान दिएको छ। मन्त्रालय तथा मातहतका कार्यालयले समेत सहकारी संस्थालाई अनुदान दिने प्रयोजनार्थ मापदण्ड स्विकृत गरी कार्यान्वयन गरेकोमा १४ सहकारी संस्थालाई अनुदान प्रदान गर्दा पचास प्रतिशत भन्दा बढी अनुपातमा रू.१ करोड ४६ लाख ९९ हजार अनुदान प्रदान गरिएको छ। यसरी | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सहकारी संघ संस्थालाई अनुदान दिने कार्यविधि अनुसार ५० प्रतिशत लागत साझेदारी हुने गरी अनुदान दिनुपर्नेमा रू.१ करोड ४६ लाख ९९ हजार बढी अनुदान दिई थप व्ययभार पारेको छ। मापदण्डमा एकरुपता कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | |
| १४ | **जग्गा चक्लाबन्दी प्रवर्द्धन कार्यक्रमः-** मन्त्रालयले जग्गा चक्लाबन्दी कार्यक्रमको लागि विभिन्न ७ वटा समूह एवं संस्थालाई रू.२ करोड ८० लाख ८९ हजार अनुदान सहयोग बापत रकम उपलब्ध गराएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्: <br> १४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको परामर्श सेवा खरिद गर्दा एक्सप्रेसन अफ इन्ट्रेस्ट इओआई) को आधारमा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन हुने क्षेत्रको डिटेल सर्भे, नक्सा तयारी, प्लट डिजाइन, लागत अनुमान, फिल्ड लेआउट लगायतका १ हजार १४ रोपनीको कार्य परामर्शदाताबाट सोझै गराई रू.३२ लाख ४९ हजार भुक्तानी दिएको छ। ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम मन्त्रालयबाटै प्रतिस्पर्धा गराई परामर्श सेवा खरिद गर्नुपर्दछ । <br> १४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०३ मा सार्वजनिक निकायले विल वा विजकको भुक्तानी गर्दा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । | • महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । <br> • असुलउपर गर्नुपर्ने रकम यथासिध्र असुलउपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । <br> • जग्गा चक्लावन्दी कार्यक्रमका सम्वन्धमा महालेखा परीक्षकको प्रतिवेदन सुझाव तथा कार्यक्रम कार्यान्वयनका क्रममा मन्त्रालयमा रहेका समस्या समाधान गर्न विस्तृत अध्धयन गरी सर्वस्वीकार्य र कार्यान्वयन योग्य मापदण्ड तयार गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मन्त्रालयले यस वर्ष स्याङ्जा, कास्की, गोरखा र बह जिल्लाका ७ स्थानमा अनुदानग्राही छनौट गरी १ हजार १४ रोपनी क्षेत्रफलमा जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन गरेकोमा अनुदान रकम भुक्तानी गर्दा १ संस्थालाई मापदण्ड भन्दा बढी भुक्तानी गरेको रू.२ लाख ३७ हजार, ३ संस्थालाई मापदण्ड विपरित मल विउको भुक्तानी भएको रु.३ लाख १२ हजार र ६ संस्थालाई फिल्ड निरीक्षण प्रतिवेदन भन्दा बढी भुक्तानी भएको रू.४ लाख ५६ हजार समेत बढी भुक्तानी भएको रू.१० लाख ५ हजार असुल गर्नुपर्दछ। | |
| | १४.३ जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ को अनुसूची- १ मा चक्लाबन्दी भएको जमिनलाई कृषि कार्यमा निरन्तर १० वर्षसम्म प्रयोग गर्ने गरी जग्गाधनीले प्रतिवद्धता व्यक्त गर्नुपर्ने र १० वर्ष पश्चात् जग्गाधनीलाई जग्गा फिर्ता गर्दा कुन मोडेलमा फिर्ता गर्ने हो, सोको खाका पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष स्याङ्जा, कास्की, गोरखा र तनहुँ जिल्लाका ७ स्थानमा जम्मा १ हजार १४ रोपनी क्षेत्रफलमा अनुदानग्राही छनौट गरी जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रम सञ्चालन गर्दा जग्गा धनीसँगको अनुमति, प्रतिवद्धता तथा मापदण्ड लगायतका न्यूनतम प्राविधिक पक्षहरूलाई समेत पुरा गरेको देखिएन। मन्त्रालयले नागरिकको व्यक्तिगत सम्पत्तिको अनुमति नलिई कार्यक्रम सञ्चालन गरेको, १० वर्ष पश्चात् कुलो, पैनी, नाला, बाटो, पम्प हाउस लगायतमा प्रयोग भएको जग्गा कटाई जग्गाधनी प्रमाणपुर्जा, नक्सा नापी वा | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्रयोग गरेको क्षेत्रफलमध्ये कुन आधारमा जग्गा फिर्ता गर्ने सोको एकीन नगरी कार्यक्रम सञ्चालन गरेको देखिन्छ । मन्त्रालयले जग्गा फिर्ता मोडालिटी एकीन गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने र कृषि कार्यक्रम उद्देश्य अनुरुप सञ्चालन भए नभएको अनुगमन गर्नुपर्दछ । | |
| १५ | **पुनः अनुदानः-** गण्डकी प्रदेश सरकारले जारी गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ को दफा २१ मा विगतदेखि कार्यान्वयनमा रहेका चकलावन्दी जग्गामा कृषि उत्पादन बढाउन र प्लट सुधार गर्न दुई वर्षसम्म अनुदान उपलब्ध गराउन सकिने व्यवस्था गरेको तथा मन्त्रालयबाट जारी भएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ३) को खण्ड-च मा लाभग्राही समुदायवाट सम्पन्न निर्माण कार्यको संचालन तथा मर्मत सम्भारको कार्य सम्वन्धित लाभग्राही समुदायले नै गर्नुपर्ने व्यवस्था भएकोमा प्रदेश सरकारवाट जारी भएको चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड, २०७७ संघीय कानूनसँग बाँझिएको देखिन्छ। एक पटक अनुदान उपलब्ध गराई सके पश्चात् सोही लाभग्राहीलाई सोही संरचनाको मर्मत सम्भार गर्न मन्त्रालयले यो वर्ष ११ अनुदानग्राहीहरुलाई प्रति रोपनी रु.५ हजारका दरले २ हजार ९११ रोपनी क्षेत्रफलको लागि रु.१ करोड १३ लाख ८४ हजार अनुदान दिएको छ। संरचनाको मर्मत सम्भारमा पुनः अनुदान नदिई लाभग्राही समुदायलाई नै जिम्मेवार जनाउनुपर्ने देखिन्छ। | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १६ | **एउटै संस्थालाई फरक फरक कार्यक्रमबाट अनुदानः-** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १२ ३) मा एउटै कामको लागि एकभन्दा बढी कार्यालयबाट अनुदान रकम उपलब्ध नगराउने | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | व्यवस्था रहेको छ। मन्त्रालयले गत वर्ष चक्लाबन्दी कार्यक्रमवाट रु.२ करोड ९२ लाख ५७ हजार अनुदान प्राप्त गरेका ३ संस्थालाई यस वर्ष पुनः चक्लाबन्दी कार्यक्रमवाट रु.५९ लाख १ हजार र यान्त्रिकीकरण कार्यक्रमबाट रु.४५ लाख ७५ हजार अनुदान उपलब्ध गराएको छ। यसरी एकै संस्थालाई फरक-फरक कार्यकमवाट अनुदान उपलव्ध गराँउदा सीमित व्यक्ति तथा संस्था मात्र लाभान्वित हुने तथा आयको असमान वितरण हुने भएकोले मन्त्रालयले अनुदानका कार्यक्रम बनाउँदा हरेक वर्ष एउटै व्यक्ति तथा संस्था मात्र लाभान्वित हुने नभई समग्रतालाई समेट्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ। | |
| १७ | **रकमान्तरः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२१ ) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा ३९० आयोजनाको लागि रु.५७ करोड १२ लाख ८१ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | प्रदेश सभाले स्वीकृत गरेको बजेटको शीर्षकमा नभएको शीर्षकमा रकमान्तर नगर्न नगराउन निर्देशन दिने । |
| १८ | **सहकारी रजिष्ट्रारको कार्यालयः-** सहकारीको स्थिति तथा अनुगमन प्रदेश सरकारले सहकारीलाइ दर्ता तथा नियमन गर्न सहकारी ऐन, २०७५ तथा सहकारी नियमावली, २०७६ तयार गरी लागू गरेको छ। प्रदेश अन्तर्गत ९३९ सहकारी रहेकोमा ३०३ से मात्र वार्षिक रुपमा विवरण बुझाएको देखिन्छ। सहकारीहरुको कुल शेयर पूँजी | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रु.१० अर्व ६५ करोड २३ लाख ३२ हजार, कुल निक्षेप रु.५५ अर्व ३३ करोड १३ लाख तथा कुल लगानी रु.६० अर्व ३२ करोड ८५ लाख रहेको र कुल शेयर सदस्य संख्या ४ लाख ४८ हजार ८३४ रहेको उल्लेख छ। सहकारी ऐनको दफा ४७ मा सहकारीमा राखेको वचतको व्याज र ऋणको व्याजदरको अन्तर ५ प्रतिशत भन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाइ मुल ऋणमा पूँजीकृत गरी सो को आधारमा व्याज लगाउन नपाइने, सहकारीले अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोवारमा लगानी आदि जस्ता प्रयोजनमा रकम खर्च गर्न नपाइने, कुल ऋण लगानीको ३० प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने जस्ता प्रावधानहरू रहेकोमा सोको कार्यान्वयन अवस्थाको अनुगमन गरेको छैन। अनुगमन गरी उपरोक्त प्रावधान कार्यान्वयन गर्नु गराउनु पर्दछ । | |
| १९ | **बचत तथा ऋण सहकारी संस्थालाई कृषि अनुदानः-** प्रदेश सहकारी ऐन, २०७५ को दफा १८ मा विषयगत आधारमा सहकारी संस्थाको वर्गीकरण गरी क्षेत्रगत कार्यहरू तोकेको छ। कार्यालयले यस वर्ष एक सहकारी एक उत्पादन कार्यकमवाट २ वटा बचत तथा ऋण सहकारी संस्थालाई रु.६ लाख ७५ हजार अनुदान प्रदान गरेको छ। वचत तथा ऋण सहकारी संस्थाको मुख्य कारोवार बचत स्वीकार गर्नु तथा ऋण प्रदान गर्ने हुनेमा त्यस्ता वचत तथा ऋण सहकारी संस्थालाइ समेत कृषि उत्पादन, बजारीकरण तथा प्रशोधनको कार्यमा सहयोग पु-याउने भनी अनुदान दिनु उचित देखिएन। | किन यस्तो भएको हो ? यस सम्वन्धमा आवश्यक छानबिन गरी छानबिनको निष्कर्ष अनुसार आवश्यक काम कारवाही गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| २० | **समन्वय र अन्तरसम्बन्धः-** संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ऐन, २०७७ को दफा २२ मा संघ र प्रदेशका सम्बन्धित कार्यक्षेत्र रहेका मन्त्रालय तथा स्थानीय तह बिचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन नेपाल सरकारको विषयगत मन्त्रालयको मन्त्रीको अध्यक्षता तथा प्रदेश मन्त्रालयका विषयगत मन्त्री र स्थानीय तहको प्रतिनिधि रहने विषयगत समितिको व्यवस्था रहेको छ । दफा २३ मा विषयगत समितिको काम कर्तव्य तथा समन्वय सम्बन्धमा व्यवस्था रहेको छ। गण्डकी प्रदेश अन्तर्गत जम्मा २ हजार ६७१ सहकारी संस्था रहेका र प्रदेश क्षेत्राधिकार भित्र ९२६ सहकारी संस्था रहेकोमा समन्वय तथा अन्तरसम्बन्धको लागि कुनै पनि संयन्त्र गठन भएको पाइएन। अतः कार्यमा दोहोरोपना नहुन तथा क्षमता अभिवृद्धिको लागि विषयगत समिति गठन गरी समन्वयात्मक भुमिका निर्वाह गर्नुपर्दछ । | गर्न निर्देशन दिने । |
| २१ | **कार्यक्षेत्र भन्दा बाहिर अनुदानः-** संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ को बुँदा ६) मा प्रदेशको कार्यक्षेत्र भित्र दुई वा दुई भन्दा बढी स्थानीय निकायमा कार्यक्षेत्र रहेका सहकारीको नियमन तथा क्षमता विकास गर्ने उल्लेख भएकोमा कार्यालयले एक सहकारी एक उत्पादन कार्यक्रम अन्तर्गत स्थानीय तहमा दर्ता तथा नवीकरण भएका र कार्यक्षेत्र समेत एकमात्र स्थानीय तह भएका ११ सहकारी संस्थालाई रु.३६ लाख १५ हजार अनुदान दिएको छ। यसरी प्रदेश क्षेत्राधिकार भएका सहकारी संस्थाको नियमन, अनुगमन, मूल्यांकन गर्नुपर्नेमा सञ्चालन तथा नियमनको जिम्मेवारी स्थानीय तहमा भएका सहकारी संस्थालाई छनौट गरी | किन यस्तो भएको हो ? यस सम्वन्धमा आवश्यक छानबिन गरी छानबिनको निष्कर्ष अनुसार आवश्यक काम कारवाही गरी समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अनुदान दिनु उचित देखिएन । | |
| २२ | **कृषि विकास निर्देशनालयः-** स्याउ बेर्ना खरिद - उच्च घनत्व बगैचा विस्तारका लागि विरुवा खरिद तथा वितरण स्याउ विशेष कार्यक्रमको लागि रू.४ करोड ३ लाख ६५ हजार र शितोष्ण फलफूल विकास आयोजनाको लागि रू.३ करोड ५६ लाख ५० हजार गरी जम्मा रू.७ करोड ६० लाख १५ हजार बजेट व्यवस्था भएकोमा ६८ हजार ११० स्याउको बेर्ना खरिद तथा वितरणको लागि एक प्रा. लि. सँग रू.७ करोड १५ लाख १५ हजारको सम्झौता गरी निर्देशनालयले ७५ प्रतिशतले हुने रकम रू.५ करोड ३६ लाख ३७ हजार भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:<br>२२.१ लागत अनुमानः सार्वजनिक खरिद नियमावलीको नियम ११ २) क) मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले मुस्ताङ्ग जिल्लाको जिल्ला दररेट रू.१ हजार १५०, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई मुस्ताङ्गको दररेट रू.१ हजार १७० र भुमि व्यवस्था कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालयले गत वर्षको खरिद दरको आधारमा उपलब्ध गराएको दररेट रू.९४९ को औषत गरी स्याउको विरुवा प्रतिगोटा रू.१ हजार ८९ लागत अनुमान तयार गरेको छ। सो लागत अनुमानको | स्याउवेर्ना खरिदको विषयमा महालेखा परीक्षकले उठाएका विषयवस्तुमा के भएको हो विस्तृत अध्ययन गर्न र उक्त अध्ययनको निष्कर्ष अनुसार काम कारवाही अगाडि बढाउन तथा सो को जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आधारमा बोलपत्र आह्वान गरी प्रति विरुवा रू.१ हजार ५० को दरले ६८ हजार ११० विरुवाको खरिद गर्न एक निजी फर्मसँग सम्झौता गरेको छ। मन्त्रालयको दररेट लाई आधार मानी लागत अनुमान तयार नगरेको कारण प्रति विरुवा रू.१०१।०० को हिसाबले ६८ हजार ११० विरुवाको रू.६८ लाख ७९ हजार को ७५ प्रतिशतले हुन आउने रू.५१ लाख ५९ हजार थप व्ययभार परेको देखिन्छ । कानुनमा भएको व्यवस्थाको पालना गरी लागत अनुमान तयार गर्नुपर्दछ ।<br>२२.२ कार्यविधि विपरित छनौट तथा भुक्तानीः स्याउ खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ को दफा १ क) र ख) मा उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैचाको हकमा कृषकले कम्तीमा १ रोपनीको क्षेत्रफल र कृषि फर्म कम्पनी, कृषक समुह तथा कृषि सहकारी संस्थाले कम्तिमा ५ रोपनी क्षेत्रफलमा बगैचा स्थापना र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पाँच रोपनी भन्दा कम क्षेत्रफल भएका एकल कृषि फर्महरूलाई कृषकको व्यक्तिगत आवेदन सरह मान्यता दिनेगरी निर्देशनालयले २०७८।१०।२ गते निर्णय गरेको देखिन्छ । १२ फर्महरूले फर्मको रुपमा आवेदन पेश गरेकोमा व्यक्तिगत कृषकको रुपमा छनौट गरी रू.१७ लाख ९६ हजार अनुदान बराबरको २ हजार २८० स्याउ विरुवा वितरण गर्नु उचित देखिएन । मापदण्ड अनुसार फर्म छनौट गरी अनुदान वितरण गर्नुपर्दछ । | |
| २३ | **अदुवा प्रशोधन कार्यक्रम-** गण्डकी प्रदेश सरकार अर्थ मन्त्रालयबाट जारी भएको | महालेखा परीक्षकले उठाएको यस |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० मा मन्त्रालयले वार्षिक विकास कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक मापदण्ड बनाई मन्त्रीस्तरीय निर्णय गराई कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको छ। सोहि व्यवस्था बमोजिम मन्त्रालयले मातहतको कार्यालयलाई समेत लागु हुने गरी सहकारी संस्थालाई अनुदान दिने मापदण्ड, २०७७, विउ प्रशोधन केन्द्र सहयोग सञ्चालन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ र कृषि उत्पादनको प्रशोधन तथा उद्योग स्थापना कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखिन्छ । उपरोक्त ३ वटै कार्यविधिमा कार्यालय र अनुदानग्राही बिच ५०/५० प्रतिशत लागत साझेदारी गर्ने व्यवस्था भएकोमा निर्देशनालयले यस वर्ष अदुवा प्रशोधन केन्द्र सुदृढीकरण कार्यक्रमबाट एक संस्थालाई संरचना निर्माण बापत कुल मूल्यांकन रकमको ९० प्रतिशतले हुने रू.१८ लाख ९८ हजार अनुदान भुक्तानी गरेको छ । सोही संस्थालाई आर्थिक वर्ष २०७७।७८ मा समेत ९० प्रतिशतले हुने रू.२८ लाख ६५ हजार समेत रू.४७ लाख ६३ हजार अनुदान भुक्तानी गरेको देखिन्छ। यसरी सोहि प्रकृतीको कार्य गर्ने अन्य संस्थालाई ५० प्रतिशत अनुदान दिएकोमा त्यस संस्थालाई ९० प्रतिशत अनुदान भुक्तानी दिनु उचित देखिदैन। यसरी कार्यान्वयनमा रहेको मापदण्ड अनुशरण नगरी एकीकृत कार्यविधि भनी बढी भुक्तानी दिँदा सरकारलाई बढी व्ययभार परेको देखिन्छ । यसमा सुधार हुनुपर्दछ । | विषयवस्तुमा के भएको हो विस्तृत अध्ययन गर्न र उक्त अध्ययनको निष्कर्ष अनुसार काम कारवाही अगाडि बढाउन तथा सो को जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |
| २४ | **सहकारी संस्थालाई अनुदानः-** सहकारी संघ-संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड, २०७७ को बुदा नं. २ मा उल्लेखित सहकारी संघ-संस्थाको मागमा आधारित कार्यक्रम सञ्चालन गर्न मन्त्रालय वा कार्यालय र सम्बन्धित संस्था-संघको | महालेखा परीक्षकले उठाएको यस विषयवस्तुमा के भएको हो विस्तृत अध्ययन गर्न र उक्त अध्ययनको निष्कर्ष |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | पचास/पचास प्रतिशत साझेदारी हुने व्यवस्था छ। निर्देशनालयले समुदायमा आधारित कृषि उपज उत्पादन कार्यक्रम अन्तर्गत ८ सहकारी संस्थालाई कृषि उपज उत्पादन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ अनुसार ९० प्रतिशत अनुदान दिई रू.२६ लाख ८३ हजार खर्च लेखेको छ। मन्त्रालय र मातहतका कार्यालयले समेत सहकारी संस्थालाई अनुदान दिने प्रयोजनार्थ कार्यविधि निर्माण गरी लागु गरेकोमा राज्यकोषमा थप व्ययभार पर्ने गरी पुन अर्को कार्यविधि निर्माण गरी अनुदान दिनु उचित देखिदैन। यसरी सहकारी संस्थालाई ५० प्रतिशत अनुदान दिने मापदण्ड संसोधन एवं खारेज नगरी अर्को मापदण्ड निर्माण गरी सो अनुसार ८ सहकारी संस्थालाई ९० प्रतिशत अनुदान दिई थप व्ययभार परेको रू.११ लाख ९३ हजार उचित देखिएन। | अनुसार काम कारवाही अगाडि बढाउन तथा सो को जानकारी समितिलाई समेत गराउन निर्देशन दिने। |
| २५ | **एउटै प्रकृतिको कार्यक्रममा दोहोरो अनुदानः-** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०७७ को दफा १२ ३) मा एउटै कामको लागि एकभन्दा बढी कार्यालयबाट अनुदान रकम उपलब्ध नगराउने व्यवस्था रहेको छ। कार्यालयले चामल प्रशोधन कार्यको लागि संरचना निर्माण तथा मेसिनरी खरिद गर्न यस वर्ष लमजुङको एक संस्थालाई रू.६ लाख ९५ हजार अनुदान उपलब्ध गराएको छ। कृषि ज्ञान केन्द्र लमजुङबाट धान व्लक कार्यक्रम अन्तर्गत सोहि संस्थालाई आर्थिक वर्ष २०७७।७८ मा रू.१२ लाख अनुदान उपलब्ध गराएको देखिन्छ। व्लक विकास कार्यविधि अनुसार पोष्ट हार्भेष्ट क्रियाकलापमा चामल प्रशोधन कार्य समेत पर्ने भएकोले नाम फरक पारी चामल प्रशोधन कार्यलाई अनुदान दिनु कार्यविधी विपरित देखिन्छ । यसरी नाम फरक पारी एउटै प्रकृतीको कार्यमा एउटै संस्थालाई फरक फरक कार्यालयबाट अनुदान दिने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । | महालेखा परीक्षकले उठाएको यस विषयवस्तुमा के भएको हो विस्तृत अध्ययन गर्न र उक्त अध्ययनको निष्कर्ष अनुसार काम कारवाही अगाडि बढाउन तथा सो को जानकारी समितिलाई समेत गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| २६ | **पशु पन्छी तथा मत्स्य विकास निर्देशनालयः-** अनुदानमा एकद्धार नीति कृषि, पशु तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट सञ्चालन हुँदा पारदर्शीता हुने र दोहोरो वितरणको अवस्था रहदैन। संघीय सरकार, प्रदेश मन्त्रालय, पशु तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा स्थानीय तह समेतबाट स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकै प्रकृतिका अनुदान कार्यक्रम एक भन्दा बढी निकायबाट दिने गरेको र दिएको अनुदानको अभिलेख राखे नगरेबाट एकै कृषक पटक-पटक लाभान्वित हुने अवस्था देखिन्छ। साथै अनुदानबाट कृषकको आयस्तरमा परेको प्रभाव, कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि तथा रोजगारी श्रृजना लगायतका विषयमा अनुमगन गरी प्रतिवेदन जारी गरेको छैन। स्पष्ट कार्यक्रम र नीति तथा सीमा निर्धारण गरी एकद्वार प्रणालीबाट अनुदान दिने र दिएको अनुदानको उपयोग र उपलब्धी सम्बन्धमा पारदर्शीता कायम गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २७ | **अनुदानको अनुगमनः-** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३७ मा आयोजना तथा कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले यस वर्ष कोल्ड स्टोर निर्माण, दुग्ध चिस्यान केन्द्र स्थापना र पशु कल्याण कार्यक्रममा ५ संस्थालाई रू.१६ लाख ८८ हजार अनुदान दिएकोमा अनुदानको अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन। गत विगतमा दिएका अनुदानको प्रभावकारिता र कार्यक्रमको निरन्तरता सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गर्नुपर्नेमा सो समेत गरेको पाइएन । यसमा सुधार हुनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। सोको अनुगमन प्रतिवेदन कार्यालयको वेवसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| २८ | **कृषि ज्ञान केन्द्रहरू:-** सहकारी संस्थाको भवन संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने देखिन्छ । नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित् हुनु पर्दछ । कृषि ज्ञान केन्द्र बाग्लुङ्गले एक दूग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई कृषि उपज संकलन केन्द्र भवन निर्माण गर्न ७६.५१ प्रतिशत अनुदान बापत रू.९ लाख ९९ हजार अनुदान दिई खर्च लेखेकोमा संस्थाले निशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराएको सुनिश्चितता भएको देखिएन। समयमा भवन निर्माणको कार्य सम्पन्न नभएकोले २०७९ श्रावण दोस्रो हप्ता भित्र कार्यसम्पन्न गर्ने प्रतिबद्धताको आधारमा कार्यालयले उपरोक्त रकम भुक्तानी गरी खाता रोक्का गरेको छ। निर्माण कार्य पुरा नै नभई भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध नगराउन निर्देशन दिने ।यस्ता संस्थालाई अनुदान दिनुपर्ने विशेष अवस्था भएमा सार्वजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने शर्त राखि मात्रै दिने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २९ | **सम्पत्ति संरक्षण:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्बन्धी व्यवस्था छ । त्यसैगरी नियम ९५ मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । कृषि ज्ञान केन्द्र बाग्लुङ्गको स्वामित्वमा हुनुपर्ने साविक जिल्ला कृषि विकास कार्यालयको स्वामित्वमा ३ रोपनी ११ आना ३ दाम जग्गा तथा सो जग्गामा बनेको भवन लगायतका संरचना, बागवानी शाखा बागलुङ्गको नाममा २ रोपनी ११ आना जग्गा, जे.टि.ए. क्वार्टर हरिचौरमा ९ आना २ दाम जग्गा र भवन सहितको संरचनामध्ये जिल्ला कृषि विकास कार्यालयको नाममा रहेको १२ कोठा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | सहितको भवन बागलुङ्ग नगरपालिकाले उपयोग गरेको देखिन्छ भने बाँकी जग्गा तथा भवन कार्यालयको स्वामित्वमा आएको देखिदैन। कार्यालयले आफ्नो सम्पत्तिको संरक्षण गरी जिन्सी सामानको अभिलेख समेत दुरुस्त गर्नुपर्ने देखिएको छ । | |
| ३० | **मापदण्ड विपरित खर्चः-** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ मा जोन कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले तोकेको बाली/वस्तुमा आधारित रही उपलब्ध हुने सेवा सुविधा बमोजिमको कृषि उत्पादन, प्राविधिक सहयोग, प्रयोगशाला सेवा, कृषि औजार तथा उपकरण, साना सिचाइ पूर्वाधारको सुविधा कार्यान्वयन सम्बन्धित व्यवस्था गरेको छ। कृषि ज्ञान केन्द्र म्याग्दीले प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रमबाट विभिन्न ९ कृषि सहकारी तथा समूहलाई भुक्तानी गर्दा म्यानुअलको व्यवस्था विपरित ढुवानी खर्च तथा व्यवस्थापन खर्च बापत भुक्तानी भएको रू.७ लाख ३२ हजार असुल गर्नुपर्दछ । | यथाशीघ्र असुल गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३१ | **बेरुजु स्थिति -** मन्त्रालय तथा मातहत समेत १७ निकायमा यो वर्ष रू.३ करोड ६४ लाख ४ हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायबाट रू.३१ लाख १७ हजार फस्यौट गरेकोले रू.३ करोड ३२ लाख ८७ हजार बेरुजु बाँकी रहेको छ । | देखिएको बेरुजु नियमित गर्ने तथा असुल उपर गर्नुपर्ने कार्यलाई यथाशीघ्र गर्ने। |
| **४.१०.२ महालेखा परीक्षकको चौथौं बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।१०।२८ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **कार्य जिम्मेवारीः-** प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमध्ये कृषिउपजको न्यूनतम समर्थन मूल्य तय गरी | महालेखा परीक्षकको सुझाव अनुसार कार्ययोजना बनाई तोकिएको जिम्मेवारी |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यान्वयन, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कृषिजन्य र पशुपंक्षीजन्य औषधि, विषादी र उपयोग सम्बन्धी प्रादेशिक नीति, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा नियमन, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा, चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनः स्थापना सम्बन्धी प्रादेशिक नीति तथा कानुन, गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा लगायतका काम हुन सकेको छैन । कार्य योजना बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।<br>उक्त नियमावलीमा प्रदेशस्तरको सिँचाई व्यवस्थापन सम्बन्धी नीति, कानुन तर्जुमा, योजना तथा आयोजना निर्माण कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन तथा अनुगमन मूल्याङ्कन लागयतका सिंचाईसँग सम्बन्धित सम्पुर्ण कार्य भौतिक पूर्वाधार विकास मन्त्रालयलाई तोकिएकोमा यस वर्षको नीति कार्यक्रम र बजेट वक्तव्यमा खेतीयोग्य जमिनमा बाहैमहिना सिंचाई सुविधा पुयाउन साना सिँचाईका नयाँ निर्माण, पुराना आयोजनाको स्तरोन्नति र मर्मत सम्भार तथा प्रभावकारी व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरताको लागि मन्त्रालयलाई रु.२० करोड ४५ लाख बजेट विनियोजन भएकोमा रु.१९ करोड ८० लाख खर्च भएको छ । यसरी कार्य जिम्मेवारीमा तोकिएको कार्य बाँकी रहने र कार्य जिम्मेवारीमा नभएको काममा बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नु उपर्युक्त देखिएन । | पुरा गर्न निर्देशन दिने ।<br>मन्त्रालयलाई तोकिएको जिम्मेवारी पुरा नगरी आफ्नो जिम्मेवारीमा नभएको काममा बजेट विनियोजन गरी कार्यक्रम संचालन नगर्न नगराउन निर्देशन दिने । |
| २ | **नीति तथा कार्यक्रम कार्यान्वयनः-** बजेट बनाउँदा नीति तथा कार्यक्रमलाई आधार लिनुपर्दछ । यस वर्षको नीति तथा कार्यक्रममा कृषि नीति तथा गुरुयोजना तर्जुमा | महालेखा परीक्षकको सुझाव अनुसार कार्ययोजना बनाई तोकिएको जिम्मेवारी |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गर्ने, दुग्ध तथा दुग्धजन्य पदार्थ प्रवर्द्धन गर्न प्रादेशिक दुग्ध नीति तर्जुमा गर्ने, दुग्ध विकास बोर्डलाई क्रियाशिल बनाउने, नेपाल सरकारसँगको सहमतिमा स्वदेशी तथा विदेशी उन्नत नश्लको गाई र प्रविधि भित्र्याई प्रदेशलाई दुग्ध पदार्थमा आत्मनिर्भर बनाउन निजी क्षेत्रसँग सहकार्य गर्ने, खाद्यान्न आपूर्ति सुनिश्चित गर्न प्रदेश र स्थानीय तहमा खाद्य बैंक स्थापना गर्न नेपाल सरकार र स्थानीय तहसँग सहकार्य गर्ने, कृषियोग्य भूमि, कृषि उत्पादन लगायतका तथ्याङ्क संकलन तथा अभिलेखिकरण गर्ने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन। बार्षिक नीति तथा कार्यक्रम अनुसारका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | पुरा गर्न निर्देशन दिने । मन्त्रालयलाई तोकिएको जिम्मेवारी पुरा नगरी आफ्नो जिम्मेवारीमा नभएको काममा बजेट विनियोजन गरी कार्यक्रम संचालन नगर्न नगराउन निर्देशन दिने । |
| ३ | **विनियोजन दक्षताः-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । यस वर्ष मन्त्रालय र मातहतका कार्यालयको लागि रु.३ अर्ब २० करोड ९५ लाख ४४ बजेट विनियोजन भएकोमा रु.२ अर्ब ६ करोड ३३ लाख अर्थात बजेटको ६४.२९ प्रतिशत मात्र खर्च भएको अवस्था छ । उक्त खर्चमध्ये ८३.५८ प्रतिशत चालु खर्च रहेको छ भने १६.४१ पूँजिगत खर्च रहेको छ । मन्त्रालयको लागि मात्र रु.९२ करोड ६२ लाख ३३ हजार बजेट विनियोजन भएकोमा रु.३३ करोड ४८ लाख ७८ हजार अर्थात बजेटको ३६.१५ प्रतिशत मात्र खर्च भएको छ । बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण गरी बिनियोजित बजेट खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| ४ | **रकमान्तरः-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै शीर्षकमा वचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । मन्त्रालय र मातहतको कार्यालयको लागि रु.३ अर्ब १६ करोड १० लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट थप भई रु.३ अर्ब २० करोड ९५ लाख कायम भएको छ । मन्त्रालयलबाट आषाढ १४ गते पछि विभिन्न शीर्षकमा रु.९४ लाख २६ हजार र आषाढ २८ गते मात्र रु.२९ लाख २० हजार रकमान्तर गरेको छ । आषाढको अन्तिममा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **पञ्चवर्षीय योजनाको कार्यान्वयनः-** प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६ । ७७-२०८० । ८१) लागु भएको छ । उक्त योजनामा कृषि तर्फ ७०, पशुपंक्षी तथा मत्स्य विकास तर्फ ६७, खाद्य सुरक्षा तर्फ १५, भूमि व्यवस्थापन तर्फ १९ र सहकारी क्षेत्र तर्फ २० गरी जम्मा १२१ कार्यक्रमको ५ वर्षको लक्ष्य निर्धारण गरी जिम्मेवार निकाय मन्त्रालयलाई तोकिएकोमा मन्त्रालयले यस वर्ष कृषि क्षेत्रसँग सम्बन्धित २२ कार्यक्रमको मात्र प्रगति विवरण पेश गरेको छ । प्राप्त प्रगति प्रतिवेदन अनुसार यस वर्ष १०० जनालाई सुलभ ब्याज दरमा ऋण प्रदान गर्ने लक्ष्य राखेकोमा १ जनालाई मात्र प्रदान गरिएको, १ दाना उद्योग स्थापना गर्ने लक्ष्य राखेकोमा छनौट प्रक्रियामा रहेको, १०० जना कृषकलाई कृषक परिचयपत्र वितरण गर्ने लक्ष्य राखेकोमा सो कार्य संघीय सरकारले गर्ने उल्लेख गरी वितरण कार्य रोकिएको, ६०० वटा मोडल फार्म स्थापना तथा विस्तार गर्ने लक्ष्य भएकोमा ४२० वटा मात्र स्थापना भएको, २०० हेक्टरमा चक्लाबन्दी कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोमा ९८ हेक्टरमा मात्र संचालन भएको देखिन्छ । योजना कार्यान्वयन गर्न वार्षिक लक्ष्य अनुसारका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| ६ | **बजेट वक्तव्यको कार्यान्वयनः-** प्रदेश सरकारको २०७७/७८ को बजेट वक्तव्यमा कोभिड १९ प्रभाव लक्षित कृषि कार्यक्रम, भानुमती बाखा विकास कार्यक्रम, तनहुँ र स्याङ्जामा द्रुत विषादी परीक्षण केन्द्रलाई पशुपंक्षी रोग नियमन गर्ने प्रयोगशालाको रुपमा संचालन गर्ने र एक सहकारी एक उत्पादन सहयोग कार्यक्रमको लागि रु. २४ करोड ७० लाख ८५ हजार बजेट व्यवस्था भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् । कृषि ऋणमा व्याज अनुदानको लागि रु.८६ लाख ५० हजार, कित्ता नापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक गर्ने र कन्ट्रोल प्वाइन्ट स्थापना गर्ने कार्यक्रममा रु.५१ लाख र बालीको बीमा शुल्कमा २५ प्रतिशत अनुदान कार्यक्रममा रु.७ करोड ९८ लाख बजेट बिनियोजन भएकोमा क्रमशः रु.४५ हजार, रु.१७ हजार र रु.२९ लाख ५५ हजार मात्र खर्च भएको छ । | विनियोजित बजेटको खर्च क्षमता बढाउनु पर्ने। |
| ७ | **प्रदेश गौरवका आयोजनाको कार्यान्वयन स्थितिः-** प्रदेशको पन्चवर्षिय योजनाले कृषि मन्त्रालय अन्तर्गतका ३ योजनालाई प्रदेश गौरवको योजना भनी उल्लेख गरेको छ ।<br>• जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा हुने जोखिम न्युनीकरण गर्न स्थानीय स्रोत साधनको उचित व्यवस्थापन मार्फत कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गर्ने उद्देश्य राखी २०७५ । ७६ देखि मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना कार्यान्वयनमा आएको हो । हालसम्म ८० कृषक समूह/सहकारी संस्था लाभान्वित भएको देखिन्छ । प्रदेश गौरवको रुपमा आयोजना कार्यान्वयन भएतापनि हालसम्म परियोजनाको कुल लागत र अपेक्षित उपलव्धी विश्लेषण गरेको छैन।<br>• गत वर्ष मनाङ्ग, मुस्ताङ्ग र गोरखामा ४१ हजार १३० र यो वर्ष मुस्ताङ्ग जिल्लामा २६ हजार १७० वटा स्याउका विरुवा कृषक एवं कृषक समूहलाई | प्रदेश गौरवका आयोजनाले लिएको विकास लक्ष्य र अपेक्षित उपलब्धि प्राप्त हुने गरी कार्यक्रमहरु छनौट गर्न र ती कार्यक्रमको कार्यान्वयन गर्नका साथै लक्ष्य अनुरुप कार्यान्वयन भए नभएको अनुगमन गरी समस्या समाधान गर्ने, सम्पुर्ण कामहरुको चुस्त दुरुस्त अभिलेख राख्न तथा कार्यक्रमको आवधिक रुपमा मुल्यांकन गरी मुल्यांकनको पृष्ठपोषण मार्फत कार्यक्रमलाई थप परिमार्जन गर्दै |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | वितरण गरेको देखिन्छ । उक्त विरुवाको रोपण तथा हालको अवस्थाको सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन । स्याउमा आत्मनिर्भर हुने आयोजना अन्तर्गत स्याउको विरुवा खरिद गरी बितरण गरेपछि अपेक्षित प्रतिफल हासिल गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्दछ ।<br>• चीन सरकारको सहकार्यमा सार्वजनिक निजी मोडेलमा गण्डकी गाई फार्म र दुग्ध विकास संस्थाको विकास गरी प्रदेशलाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले स्थापना भएको गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजनाको हालसम्म कार्यक्रम कार्यान्वयन मोडालिटी स्पष्ट नभएको र कानुनी आधार नवनेकोले खर्च नभएको अवस्था छ । प्रदेश गौरवको योजनामा समावेश गरी वार्षिक रुपमा बजेट व्यवस्था गर्ने तर कार्यान्वयन नगर्ने परिपाटीमा सुधार गरी लक्षित उद्देश्य हासिल गर्नुपर्दछ । | लैजान निर्देशन दिने । |
| ८ | **कृषिको समग्र सूचकः-** बीउ उत्पादन कार्यक्रम र खाद्यान्न बैंकको स्थापना कार्यमा प्रगति गरेको छैन। सिंचित क्षेत्र ३०० हेक्टरमा विस्तार गर्ने लक्ष्य भएकोमा १२५ हेक्टरमा मात्र विस्तार भएको छ । कृषि व्यवसायमा थप रोजगारी सिर्जना गर्ने कार्यमा ६० प्रतिशत मात्र प्रगति भएको छ । समयमै कार्यक्रम सञ्चालन गरी लक्षित प्रगति हासिल गर्नुपर्दछ । | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ९ | **अनुदानमा एकद्वार नीतिः-** कृषि, पशु पन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट सञ्चालन हुँदा पारदर्शीता हुने र दोहोरो वितरणको अवस्था रहँदैन । यस वर्ष मन्त्रालय र मातहतका निकायबाट अन्य संस्थालाई चालु र पुँजीगत अनुदानको लागि रु.४० करोड ६१ लाख ४५ हजार बजेट विनियोजन | एकद्वार नीति बनाई अनुदान दिने व्यवस्था मिलाउने तथा अनुदानको अध्यावधिक अभिलेख राखि अभिलेख समय समयमा वेवसाइट मार्फत प्रकाशन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | भएकोमा रु.२८ करोड ३६ लाख ५७ हजार अनुदान दिएको छ । संघीय सरकार, प्रदेश सरकार मन्त्रालय, पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र) तथा स्थानीय तहबाट समेत स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकभन्दा बढी निकायबाट एकै प्रकृतिका कार्यक्रममा अनुदान दिने र दिएको अनुदानको केन्द्रिकृत अभिलेख राखे नगरेबाट एउटै अनुदानग्राहीलाई बिभिन्न तहबाट पटक पटक अनुदान प्राप्त हुने अवस्था रहेको छ । एकद्वार नीति बनाई अनुदान दिने व्यवस्था गर्नुपर्दछ। | गर्ने व्यवस्था मिलाउने गरी अनुगमन प्रतिवेदनमा रहेका मुख्य मुख्य विषयहरु आवधिक रुपमा प्रकाशन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| १० | **कार्य संचालनस्तरको कार्यः-** प्रदेश सरकार कार्य विभाजन नियमावली), २०७४ अनुसार मन्त्रालयले नीति तथा कार्यक्रमको निर्माण, कार्यान्वयनको अनुगमन लगायतको कार्यमा केन्द्रित रहनुपर्नेमा मुख्यमन्त्री वातावरण मैत्री नमूना कृषि गाउँ कार्यक्रम, स्याउका विरुवा खरिद एवम् वितरण कार्यक्रम र चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम मन्त्रालय आफैंले सञ्चालन गरी रु.२३ करोड २१ लाख २३ हजार खर्च गरेको छ । मन्त्रालयले मातहतका कार्यालयलाई कार्यक्रम सञ्चालन गर्न अख्तियारी नदिई आफैंले कार्यक्रम सञ्चालन गरेको उचित देखिएन । मन्त्रालयले यस वर्ष संचालित कार्यक्रमको अनुगमनमा रु.१९ लाख ७४ हजार खर्च गरेकोमा अनुगमनबाट देखिएका कमी कमजोरीमा गरिएको सुधारको अवस्था जानकारी हुने गरी अभिलेख राखेको छैन । | महालेखा परीक्षकको सुझाव अनुसार अभिलेख राख्न निर्देशन दिने । |
| ११ | **जग्गा चक्लाबन्दी प्रवर्द्धन कार्यक्रमः-** मन्त्रालयले जग्गा चक्लाबन्दी कार्यक्रमको लागि विभिन्न ११ वटा - समूह एंव संस्थालाई जम्मा रु.४ करोड ६७ लाख ९२ | • असुल गर्नुपर्ने रकम यथाशीघ्र असुल गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हजार अनुदान सहयोग वापत रकम उपलब्ध गराएको छ। सो सम्बन्धी देखिएका व्यहोरा देहायअनुसार छन्: | |
| | ११.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ४) मा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा ओभरहेड भुक्तानी गर्न नमिल्ने उल्लेख छ । मन्त्रालयले चार जिल्लामा जग्गा चक्लाबन्दी कार्यक्रम अन्तर्गत प्लटको डिजाइन अनुसार जग्गा सम्याउने कार्यको लागि लागत अनुमानमा १५ प्रतिशत ओभरहेड जोडी सोहि अनुरुप ११ अनुदान ग्राहीहरूलाई ४ लाख ९९ हजार ५२१ घनमिटर कार्यको लागि जम्मा रु.४ करोड ६७ लाख ९२ हजार भुक्तानी गर्दा रु.६० लाख ५७ हजार ओभरहेड वापत भुक्तानी दिएको छ । ओभरहेड बापत भुक्तानी रकम असुल गर्नुपर्दछ । | • एकै प्रकृतिका कार्यक्रमलाई एकमुष्ठ बण्डलिङ गरी प्रतिस्पर्धा गराई सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कार्यसम्पादन गर्न निर्देशन दिने । |
| | ११.२ गण्डकी प्रदेश सरकारले जारी गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकिकृत कार्यविधि, २०७७ को दफा १३ मा लक्षित समूह र समुदायस्तरमा संचालन हुने कार्यक्रममा नब्बे प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिने व्यवस्था छ । मन्त्रालयले विगतमा चक्लाबन्दी कार्यक्रम सम्पन्न भएका अनुदानग्राहीलाई पुनः प्रतिरोपनी रु.५ हजारका दरले अनुदान शतप्रतिशत दिएको छ । कार्यविधि अनुसार लाभग्राहीबाट कम्तिमा १० प्रतिशत अंश लिई मन्त्रालयले प्रतिरोपनी रु.४ हजार ५०० का दरले भुक्तानी दिनुपर्नेमा ८ संस्थालाई जम्मा १ हजार ३९४ रोपनी क्षेत्रफलको लागि थप अनुदान प्रदान गर्दा भुक्तानी भएको रु.६९ लाख | महालेखा परीक्षकको सुझाव अनुसार अभिलेख राख्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | १५ हजारको १० प्रतिशतले हुने रु.६ लाख ९१ हजार असुल गर्नुपर्दछ । | |
| | ११.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको परामर्श सेवा खरिद गर्दा एक्सप्रेसन अफ इन्ट्रेस्ट इओआई) को आधारमा खुल्ला बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । जग्गा चक्लाबन्दी कार्यक्रम संचालन हुने क्षेत्रको डिटेल सर्भे, नक्सा तयारी, प्लट डिजाइन, लागत अनुमान, फिल्ड लेआउट लगाएतका कार्य गर्नको तीन परामर्शदाताले पेश गरेको दररेटका आधारमा प्रतिस्पर्धा वेगर सोझै परामर्शदाता छनौट गरी प्रतिरोपनी रु.३ हजार ३०० का दरले सोझै खरिद गरी १ हजार ६ रोपनीको रु.३३ लाख १९ हजार भुक्तानी दिएको छ । ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम मन्त्रालयबाटै प्रतिस्पर्धा गराई परामर्श सेवा खरिद गर्नुपर्दछ । | |
| | ११.४ जग्गा चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड, २०७७ को अनुसूची- १ मा चक्लाबन्दी भएको जमिनलाई कृषि कार्यमा निरन्तर १० वर्षसम्म प्रयोग गर्ने गरी जग्गाधनीले गर्नुपर्ने प्रतिवद्धताको ढाँचा तोकिएको छ । मापदण्डको बुँदा नं. ३ को खण्ड च) मा १० वर्षपश्चात जग्गाधनीलाई जग्गा फिर्ता गर्दा कुन मोडेलमा फिर्ता गर्ने हो, सोको खाका पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष स्याङजा, कास्की, गोरखा र तनहुँ जिल्लाका ११ स्थानमा जम्मा १ हजार ९६६ रोपनी क्षेत्रफलमा अनुदानग्राही छनौट गरी जग्गा चक्लाबन्दी कार्यक्रम संचालन गरेको छ। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मापदण्ड अनुसार जग्गाधनीको भोग अनुसारको क्षेत्रफल, नक्सामा भएको क्षेत्रफल र जग्गाधनी प्रमाणपुर्जामा भएको क्षेत्रफलको तुलनात्मक अध्ययन गरी सोको विवरण समेत पेश गर्नुपर्नेमा मन्त्रालयले छनौट गरेका ११ अनुदानग्राहीमध्ये तीन अनुदानग्राहीले क्रमशः ६५, ६५ र ६६ रोपनी क्षेत्रफलमा चक्लाबन्दी कार्यक्रम संचालन गर्ने गरी परियोजना प्रस्ताव पेश गरेकोमा मन्त्रालयले उक्त क्षेत्रफल बढाएर क्रमशः ८५, १०२ र ७७ रोपनीमा सो कार्यक्रम संचालन गरेको पाइयो । उक्त कार्यक्रम संचालन भएकोमध्ये प्रस्तावमा उल्लेख भएकोभन्दा बढी जग्गाको जग्गाधनी प्रमाणपुर्जा समेत संलग्न गरेको पाइएन । जग्गा धनीसंगको अनुमति, प्रतिवद्धता तथा मापदण्ड लगायतका न्यूनतम प्राविधिक पक्षहरूलाई समेत पुरा गरेको देखिएन । मन्त्रालयले नागरिकको व्यक्तिगत सम्पत्तिको अनुमति नलिई कार्यक्रम संचालन गरेको, १० वर्ष पश्चात कुलो, पैनी, नाला, बाटो, पम्प हाउस लगाएतमा प्रयोग भएको जग्गा कटाई जग्गाधनी प्रमाणपुर्जा, नक्सा नापी वा प्रयोग गरेको क्षेत्रफलमध्ये कुन आधारमा जग्गा फिर्ता गर्ने सोको एकिन नगरी कार्यक्रम संचालन गरको देखिन्छ । मन्त्रालयले जग्गा फिर्ता मोडालिटी यकिन गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने र कृषि कार्यक्रम सञ्चालन उद्देश्य अनुरुप भए नभएको अनुगमन गर्नुपर्दछ । | |
| १२ | **मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रमः-** मन्त्रालयले यस वर्ष विभिन्न ८० कृषक समूह एवं कृषि सहकारी संस्थालाई रु.१६ करोड ६७ लाख ५ हजार अनुदान वितरण गरेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन्: | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | १२.१ मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा १२ ३) अनुसार नमुना कृषि गाउँ कार्यक्रम कृषक समूह/समिति मार्फत भएको अवस्थामा कार्यक्रम सञ्चालन भएको एक वर्षभित्र प्रत्येक लाभान्वित घरधुरीहरूबाट एक/एक जना सदस्य रहने गरी कृषि सहकारी संस्था दर्ता तथा संचालन गर्नुपर्ने व्यवस्था छ । २०७५।७६ र २०७६ । ७७ मा कार्यक्रम संचालन भएका ३६ कृषक समूह / समिति सहकारी संस्था दर्ता गरेको पाइएन । मन्त्रालयले थप अनुदान प्रदान गर्दा यस विषयमा ध्यान पुर्याउनु पर्ने देखिन्छ । | |
| | १२.२ यो वर्ष मन्त्रालयले २०७५। ७६ मा कार्यक्रम संचालन भएका कृषक समूह एवं कृषि सहकारी संस्थालाई रु.१५ लाख र २०७६।७७ मा कार्यक्रम संचालन भएका कृषक समूह एवं कृषि सहकारी संस्थालाई रु.२५ लाखका दरले अनुदान दिएको छ । उक्त संस्थाहरूलाई अनुदान दिँदा गत विगत वर्षमा उद्देश्य अनुरुप कार्यसम्पादन गरे नगरेको, अनुदानको सदुपयोग भए नभएको एकिन नगरी सबैलाई एकै किसिमले अनुदान प्रदान गरेको देखियो । साथै मन्त्रालयले गत विगतको अनुदानको अनुगमन एवं मूल्याङ्कन गरेको देखिदैन । मन्त्रालयले थप अनुदान प्रदान गर्दा संस्था वा समूहको कार्यसम्पादनको अवस्था र अनुदानको सदुपयोगको अवस्थालाई मूल्याङ्कन गरेर मात्र प्रदान गर्नुपर्ने देखिन्छ । | |
| | १२.३ मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा १८ मा कार्यक्रमको प्रगति प्रतिवदेन, मन्त्रालय वा | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | मातहतका कार्यालयको स्थलगत अनुगमन प्रतिवेदन, कृषि प्राविधिकको सिफारिस सहितको प्राविधिक प्रतिवेदनको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा स्थलगत अनुगमन प्रतिवेदन तयार नगरी अनुदानग्राहीले पेश गरेको विल भरपाईको आधारमा भुक्तानी सिफारिस गरेको देखिन्छ । मन्त्रालयले कार्यविधिमा भएको व्यवस्था बमोजिम अनिवार्य रुपमा स्थलगत अनुगमन गरी कार्य प्रगतिका आधारमा अनुदान सिफारिस गर्नुपर्दछ । | |
| १३ | **स्याउको विरुवा खरिद** - मन्त्रालयले उच्च घनत्वमा आधारित स्याउको विरुवा लाभग्राही समुदायको २५ प्रतिशत सहलगानीमा खरिद गर्न २६ हजार १७० विरुवा वितरणको लागि रु.२ करोड ९९ लाख ९० हजारको लागत अनुमान तयार गरेकोमा रु.२ करोड ४८ लाख ३५ हजारमा एक कम्पनीसंग सम्झौता गरेको पाइयो । मन्त्रालयले ७५ प्रतिशतले हुने रु.१ करोड ८६ लाख २६ हजार खर्च लेखेको छ । सो सम्बन्धी देखिएको व्यहोरा देहाय बमोजिम रहेका छन्;<br>१३.१ सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४ ३) मा मालसमानको विवरण तयार गर्दा कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेटेन्ट, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गर्न नहुने व्यवस्था छ । मन्त्रालयले उच्च घनत्वमा आधारित स्याउको विरुवा खरिद गर्दा तयार गरेको विरुवाको गुणस्तर टेक्निकल स्पेशिफिकेसन) अनुसार स्याउका विरुवाको विभिन्न ५ प्रजातिहरू तोकी बोलपत्र आव्हान गरेकोमा एक जवाइण्टभेञ्चर आपूर्तकको बोलपत्र स्वीकृत गरेको छ । मन्त्रालयले २०७७।११।१९ मा वोलपत्र स्विकृत गर्ने आशयको सुचना प्रकाशन गरी सकेपछि उक्त कम्पनीले | • यस सम्वन्धमा थप अध्ययन गरी अध्ययनको निष्कर्ष अनुसार काम कारवाही अगाडि बढाउने र अनुगमनको निष्कर्ष समितिलाई जानकारी गराउन निर्देशन दिने।<br>• महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | गोल्डेन डेलिसियस मेमा २५२० वटा) र गाला मेमा ८०२० वटा) विरुवा जनरल प्रजातिको नभई इटालीको एक निजी संस्थाको प्रजाति पेटेन्ट) भएको कारण आपुर्ति गर्न नसक्ने र सो को सट्टा अन्य प्रजातिका विरुवा सप्लाई गर्न सक्ने निवेदन दिएको छ । कम्पनीले पेश गरेको म्यानुफ्याचर्स अथोराइजेसन लेटरमा समेत डेलिसियस मेमा र गाला मेमा प्रजातीको स्याउको बिरुवाको सट्टामा डेलिसियस र गाला मात्र उल्लेख छ। सोही निवेदनको आधारमा मन्त्रालयले ६ सदस्यीय स्ट्रेन छनौट समिति गठन गरी समितिले गरेको सिफारिशका आधारमा गोल्डेन डेलिसियस मेमाको सट्टामा गोल्डेन रिन्डर्स र गाला मेमाको सट्टामा गाला डार्क व्यारोन प्रजातीका स्याउका विरुवा खरिद तथा बितरण गरेको छ । तर यस्तो व्यवस्था सार्वजनिक खरिद ऐन, नियमावलीमा छैन । टेक्निकल स्पेशिफिकेसनमा पेटेन्ट अधिकार भएको प्रजाति उल्लेख गरेको कारण प्रतिस्पर्धा समेत सिमित हुन सक्ने देखिन्छ । मन्त्रालयले खरिद ऐन, नियमावलीमा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गरी खरिद गर्नुपर्दछ ।<br>१३.२ यस बर्ष २६ हजार १७० वटा स्याउको विरुवा खरिद गरी मुस्ताङ जिल्लाका कृषक एवं कृषक समूहलाई वितरण गरेको छ । उक्त विरुवाको रोपण तथा हालको अवस्थाको सम्वन्धमा मन्त्रालयले अनुगमन गर्नुपर्नेमा अनुगमन गरेको पाइएन । यसरी विरुवा वितरण मात्र गर्ने र त्यसको अनुगमन नहुँदा सो विरुवा वितरण कार्य प्रभावकारी भएको र अनुदानको उचित सदुपयोग भएको सम्बन्धमा यकिन गर्न सकिएन। | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मन्त्रालयले अनुदानको अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| १४ | <u>कृषि विकास निर्देशनालय</u><br>**अनुदानको अनुगमनः-** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३७ मा आयोजना तथा कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले यस वर्ष ११६ कृषि सहकारी संस्था/कृषक समूह/कृषि समितिलाई साझेदारीमा कृषि उपजको प्रशोधन एवं उद्योगको स्थापना, प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना भवन निर्माण कार्यक्रम, विउ प्रशोधन केन्द्र सहयोग कार्यक्रम, फलफुल विरुवा तथा विउ आलु उत्पादनको लागि तन्तु प्रजनन् प्रयोगशाला लगायतका कार्यक्रमरमा रु.१६ करोड ४३ लाख ३६ हजार अनुदान दिएकोमा अनुदानको अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन। अधिकांश कार्यक्रमहरू ५ देखि २० वर्षसम्म संचालन गर्ने गरी अनुदान दिएकोमा गत विगतमा दिएका अनुदानको प्रभावकारीता र कार्यक्रमको निरन्तरता सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गर्नुपर्नेमा सो समेत गरेको पाइएन । | नियमित अनुदानको अनुगमन गरी सोको प्रतिवेदन अनुसार कार्यक्रमको निरन्तरता सम्वन्धी निर्णय गरी अगाडि बढ्न निर्देशन दिने । |
| १५ | <u>पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय</u><br>**वोयर वोका खरिदः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा आपूर्तिकर्तालाई बैंक जमानतका आधारमा पेस्की दिन सकिने र तोकिएको म्यादभित्र काम पुरा नभई पेस्की वाँकी रहन गएमा त्यस्तो वाँकी पेस्की रकम म्याद नाघेको मितिदेखि वार्षिक १० प्रतिशत व्याज र साँवा एकमुष्ठ वुझाउनुपर्ने व्यवस्था छ । निर्देशनालयले उन्नत जातको ५५ वटा बोयर बोका अष्ट्रेलियाबाट आयतित) खरिदको लागि एक आपूर्तिकर्तासँग मूल्य अभिवृद्धि कर | उपरोक्त रकम यथाशीघ्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | समेत रु.१ करोड २ लाख ८३ हजारमा २०७६।१२।२४ भित्र आपूर्ति गर्ने गरी सम्झौता गरेकोमा समयावधिभित्र कार्य गर्न नसकेकोले पटक पटक गरी मिति २०७७ पौष १९ सम्म म्याद थप गरेको छ । उक्त आपूर्तिकर्तालाई २०७६।८।२७ मा रु.१८ लाख पेस्की दिएकोमा पुनः दोस्रो पटक २०७७।३।१८ मा रु.८४ लाख ८३ हजार पेस्की दिएको छ । पटक पटक म्याद थप पश्चात समेत आपूर्तिकर्ताले सम्झौता अनुसार बोका आपूर्ति गर्न नसकेकाले निर्देशनालयले आपूर्तिकर्तासँग ठेक्का सम्झौता अन्त्य गरी पेस्की दिएको १४ महिना पछि २०७८ माघ मसान्तमा बैंक जमानत खिची पेस्की रु.१ करोड २ लाख ८३ र कार्यसम्पादन जमानत रु.१० लाख समेत रु.१ करोड १२ लाख ८३ हजार असुल गरेको छ । आपूर्तिकर्ताबाट नियमावलीमा भएको व्यवस्था बमोजिम रु.१८ लाखको १४ महिनाको सयकडा १० प्रतिशतका दरले रु.२ लाख १० हजार र रु.८४ लाख ८३ हजारको ७ महिनाको रु.४ लाख ९५ हजार समेत गरी रु.७ लाख ५ हजार व्याज असुल हुनुपर्दछ । | |
| १६ | **बढी भुक्तानीः-** अनुदान रकम भुक्तानी गर्दा स्वीकृत मापदण्ड साथै कार्यालय र अनुदानग्राहीवीच भएको सम्झौता अनुसार भुक्तानी गर्नुपर्दछ । निर्देशनालयले सहकार्यमा बधस्थल निर्माण तथा सुधार कार्यक्रम, पशु हाट बजार स्थापना कार्यक्रम, कोल्डस्टोर र कोल्डरुम निर्माण अनुदान लगायतका कार्यक्रमको लागि ६ अनुदानग्राहीसंग सम्झौता गरेकोमा सम्झौताभन्दा प्राविधिक मूल्याङ्कन कम भएको, मेशिनरी औजार खरिद गरेकोमा सम्झौता अनुरुप खरिद नगरेको कारण रु.७ लाख ४० हजार बढी भुक्तानी भएको छ । उक्त बढी भुक्तानी भएको रकम सम्बन्धित | उपरोक्त रकम यथाशिघ्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | अनुदानग्राहीबाट असुल हुनुपर्दछ । | |
| १७ | **दोहोरो अनुदानः-** गण्डकी प्रदेश सरकारले जारी गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी -<br>एकिकृत कार्यविधि, २०७७ को दफा १२ मा अनुदान प्रवाह गर्दा एउटै कामका लागि एकभन्दा बढी कार्यालयबाट दोहोरो पर्ने गरी अनुदान लिनदिन नमिल्ले व्यवस्था गरेको छ । दुग्ध चिस्यान केन्द्र स्थापना सहयोग कार्यक्रम अन्तर्गत निर्देशनालयले एक सहकारी संस्थालाई रु.९ लाख ४७ हजार अनुदान दिएकोमा उक्त संस्थालाई कावासोती नगरपालिकाबाट समेत जम्मा रु.९ लाख ९२ हजार अनुदान दिएको पाइयो । यसरी एउटै संस्थालाई प्रदेश र स्थानीय तहबाट अनुदान वितरण गर्दा एउटै लाभग्राहीले पटक पटक लाभ लिने अवस्था भएकोले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १८ | **कृषि ज्ञान केन्द्रहरूः-** एकै समूहलाई दुई कार्यक्रमवाट अनुदान - कृषि ज्ञानकेन्द्र लमजुङले एक सहकारी सस्थालाई धान ब्लक विकास कार्यक्रमवाट पावर स्प्रेयर १० थान, मिनिटिलर ६ थान, पावर टिलर २ थान, र धान चुट्ने थ्रेसर मेसिन १ थान खरिदको लागि रु.९ लाख २ हजार अनुदान उपलव्ध गराएकोमा सोही सस्थालाई चैते धान तथा मकै खेती विस्तार कार्यक्रम अन्तर्गत मिनिटिलर १ थान, कम्वाइन मिल १ थान, लगायतका सामाग्री खरिदको लागि रु.३ लाख ६० हजार अनुदान दिएको छ । कार्यालयले एक सस्थालाई एकै प्रकृतिको कार्यमा फरक फरक कार्यक्रमवाट अनुदान दिंदा एकै अनुदानग्राहीले पटक पटक लाभ लिने अवस्था देखिएकोले यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १९ | **सम्झौता पालनाः-** कृषि ज्ञान केन्द्र, स्याङ्जा र अनुदानग्राहीबीच भएको सम्झौताको बुदाँ नं ८ मा अनुदान रकमबाट संचालन हुने सम्पूर्ण कार्यहरू दोस्रो पक्ष अनुदानग्राही) स्वंयले गर्नुपर्ने तथा अनुदानग्राहीले दोस्रो पक्ष वा संस्थालाई ठेक्कापट्टा दिई गराउन नपाइने एंव उक्त कार्यहरू ठेक्कापट्टाबाट गराएमा सो सम्झौता खारेज गरिने ब्यवस्था गरेको छ । कार्यालयले ८५ प्रतिशत प्रदेश सरकारको अनुदानमा संचालित राष्ट्रिय तथा स्थानीय महत्वका बालीको व्यवसायिक कृषि केन्द्र ब्लक) विकास कार्यक्रममा ४ अनुदानग्राहीहरूको निर्माण कार्य एक प्रा.लि मार्फत गराई रु.४५ लाख ५६ हजार भुक्तानी गरेकोले अनुदानग्राहीले गर्नुपर्ने निर्माण कार्य तेस्रो पक्षवाट भुक्तानी भएको नियमसम्मत देखिएन। नियमको पालना गरी कार्य गर्नुपर्दछ। | किन यस्तो भएको हो? छानबिन गरी छानबिनको निष्कर्ष अनुसार आवश्यक कारवाही अगाडि बढाउन निर्देशन दिने । |
| २० | **अनुदानको सीमाः-** प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया, २०७७ को बुँदा नं ३.४ मा प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले छनौट गरेको क्रियाकलापको सहजीकरण सेवा तथा सुविधामा अनुदानको सीमा सम्वन्धित समितिले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरेको छ । कृषि ज्ञानकेन्द्र, स्याङ्जाले उक्त कार्यक्रममा २२ अनुदानग्राहीलाई लागतको ७० प्रतिशतले हुने रु.४३ लाख ४५ हजार अनुदान दिएकोमा समितिले अनुदानको सीमा निर्धारण गरेको छैन । मन्त्रालयको परियोजना कार्यान्वयन म्यानुअलको बुँदा नं ७.१ मा कृषि उत्पादन सामाग्रीहरूमा बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने व्यवस्था रहेकोमा ७० प्रतिशत अनुदान उपलब्ध गराएकोले प्रदेश सरकारलाई रु.१२ लाख ४१ हजार थप ब्ययभार परेको छ । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | किन यस्तो भएको हो? छानवीन गरी छानवीनको निष्कर्ष अनुसार आवश्यक कारवाही अगाडि बढाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| २१ | **अनुदानको उपयोगिताः-** कृषि ज्ञान केन्द्र पर्वत र एक कृषि उपज विक्रि केन्द्र विच भएको सम्झौता अनुसार स्थानीय कृषि उपज बिक्री केन्द्र भवन निर्माणको लागि रु.७ लाख ५० हजार अनुदान दिएकोमा उक्त भवन निर्माण कार्य २०७८ आषाढ मसान्तमा सम्पन्न भएको छ । त्यस्तै अर्को एक कृषि उपज संकलन तथा विक्रि केन्द्र निर्माणका लागि कृषि ज्ञान केन्द्रबाट भवन निर्माणमा रु.९ लाख र फ्रिज, तराजु, क्रेट लगाएतका सामाग्री खरिदको लागी रु.२ लाख ४२ हजार अनुदान उपलब्ध गराई २०७८ असारमा निर्माण सम्पन्न भएको छ । लेखापरीक्षण अवधि २०७९।१।१५ सम्म २ संकलन तथा बिक्री केन्द्रबाट कृषि उपजको संकलन तथा बिक्री भएको देखिएन । सरकारी अनुदानको उपयोग सुनिश्चित गरेर मात्र अनुदान दिनुपर्दछ ।<br>**बेरुजु स्थितिः-** मन्त्रालय तथा मातहत समेत २७ निकायमा यो वर्ष रु.४ करोड ४० लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायबाट रु.१ लाख ३४ हजार फस्यौट गरेकोले रु.४ करोड ३९ लाख ६४ हजार बेरुजु बाँकी रहेको छ । सोमध्ये रु. ५५ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।<br><br>बाँकी रहेको बेरुजु तदारुकताकासाथ फछ्यौंट गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

**४.१०.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७८ उपर मिति २०८०।१०।२९ गते भएका छलफलका निर्णयहरुः**

| | | |
|---|---|---|
| १ | **कार्य जिम्मेवारीः-** प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारी मध्ये कृषिउपजको न्यूनतम समर्थन मूल्य तय गरी कार्यान्वयन, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कृषिजन्य र | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | पशुपंक्षीजन्य औषधि, विषादी र उपयोग सम्बन्धी प्रादेशिक नीति, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा नियमन, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा, चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनः स्थापना सम्बन्धी प्रादेशिक नीति तथा कानुन, गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जूमा लगायतका काम हुन बाँकी देखिन्छ । | |
| २ | **नीति कार्यान्वयनः-** प्रदेश सरकारको २०७६।७७ को नीति तथा कार्यक्रममा मुख्य मुख्य उत्पादनमा तीन वर्षमा आत्मनिर्भर तथा पाँच वर्षमा खाद्यान्न उत्पादन दोब्बर बनाउने लक्ष्य राखेकोमा सोको कार्ययोजना तथा प्रगति तयार गरेको छैन । साथै वैदेशिक लगानी आकर्षित गरी उन्नत नश्लको गाई पालन गरी प्रदेशलाई दुग्ध पदार्थमा आत्मनिर्भर बनाउने, उत्पादित वस्तुको गुणस्तर नियमन गर्ने कानुन तर्जुमा, कृषि ऋण, प्रतिफलमा आधारित बीमा कार्यक्रम, अर्गानिक कृषि उपज प्रमाणिकरण प्रयोगशाला स्थापना गर्ने, सरकारी कार्यालयभित्र बगैंचा पार्क बनाउने लगायतका मुख्य कार्य भएको छैन । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **बजेट वक्तव्यको कार्यान्वयनः-** प्रदेश सरकारको २०७६/७७ को बजेट वक्तव्यमा कृषि, पशुपंक्षी विकास सम्बन्धी सम्भाव्यता अध्ययन, स्थानीय तहको बाउण्ड्री सर्भे, मनाङ मुस्ताङ लगायत ६ जिल्लामा कोल्ड स्टोर निर्माण, स्थानीय तहको सहकार्यमा विपन्न कृषक भूमिहिन लगायतको सुकुम्बासीको पहिचान, नापी कार्यालयको सहकार्यमा कित्तानापी नक्सामा सार्वजनिक बाटो क्रमशः अद्यावधिक गर्ने लगायत विभिन्न ११ | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यक्रमको लागि रु.९ करोड ८३ लाख १० हजार बजेट व्यवस्था भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। | |
| ४ | **पञ्चवर्षीय योजनाको कार्यान्वयनः-** प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६ । ७७-२०८०/८१ लागू भएको छ। योजना अनुसार प्रथम वर्षमा देहायका कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखेकोमा प्रगति शून्य रहेको स्थिकार्यान्वयन गर्न निर्देशन दिने । योजना लागू भएको शुरुवाती अवस्थामा लक्ष्य अनुसार काम हुन नसक्दा यसको असर समग्र योजनाको अवधिभर पर्ने देखिन्छ । अतः योजनाको पूर्ण कार्यान्वयन गर्न वार्षिक लक्ष्य अनुसारका क्रियाकलाप सञ्चालन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **कृषि क्षेत्रको समग्र परिसूचक :** प्रथम पञ्चवर्षीय योजना तथा मध्यमकालिन खर्च संरचनामा उल्लेख भएअनुसार कृषिको प्रमुख परिसूचकतर्फ २०७६/७७ को लक्ष्य र प्रगतिको अवस्थाः<br>- कृषिमा रु.१४० करोड लगानी गर्ने लक्ष्य राखेकोमा रु.१९२ करोड अर्थात् कुल लक्ष्यको १३७ प्रतिशत प्रगति भएको अवस्थामा प्रति व्यक्ति प्रति वर्ष खाद्यान्न उपलब्धता २६० के.जी. लक्ष्य रहेकोमा २३६ के.जी. प्रगति भएकोले लक्ष्यको तुलनामा ९१ प्रतिशत प्रगति भएको अवस्था छ । सिंचित क्षेत्र विस्तारमा १५० हेक्टर लक्ष्य रहेकोमा ७० हेक्टर अर्थात् ४७ प्रतिशत मात्र प्रगति भएको छ । कृषिमा लगानी वृद्धि हुँदै गएकोमा सिँचाइ क्षेत्र विस्तार अपेक्षित रूपमा हुन नसकेको कारण उत्पादनमा वृद्धि हुन नसकेको अवस्था छ । अतः सिँचित क्षेत्र विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ६ | **प्रदेश गौरवका आयोजनाः-** प्रदेशको पञ्चवर्षीय योजनाले कृषि मन्त्रालय अन्तर्गतका ३ योजनालाई प्रदेश गौरवको योजना उल्लेख गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:-<br>६.१. मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ आयोजना अन्तर्गत प्रदेश सभाका प्रत्येक निर्वाचन क्षेत्रका कम्तिमा दुई गाउँमा जलवायु अनुकूलन नमूना कृषि प्रणाली विकास गरी कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने उद्देश्य रहेको यस आयोजना कुल लागत र सञ्चालन अवधि खुलेको छैन ।<br>६.२. चीन सरकारको सहकार्यमा सार्वजनिक निजी मोडेलमा गण्डकी गाई फार्म र दुग्ध विकास संस्थाको विकास गरी प्रदेशलाई दुग्ध उत्पादनमा आत्मनर्भिर बनाउने उद्देश्य रहेको गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना हालसम्म कानूनी आधार नबनेकोले खर्च नभएको अवस्था छ ।<br>६.३. स्याउमा आत्मनिर्भर हुने आयोजना अन्तर्गत यस वर्ष रु.३ करोड २८ लाख २२ हजारका ४१ हजार १३० स्याउ बिरुवा खरिद गरी मनाङ, मुस्ताङ र गोरखाका कृषकलाई वितरण गरेको छ । उक्त बिरुवाको रोपण तथा हालको अवस्थाको सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन । | प्रदेश गौरवका आयोजनाले लिएको विकास लक्ष्य र अपेक्षित उपलब्धि प्राप्त हुने गरी कार्यक्रमहरु छनौट गर्न र ती कार्यक्रमको कार्यान्वयन गर्नका साथै लक्ष्य अनुरुप कार्यान्वयन भए नभएको अनुगमन गरी समस्या समाधान गर्ने, सम्पुर्ण कामहरुको चुस्त दुरुस्त अभिलेख राख्ने तथा कार्यक्रमको आवधिक रुपमा मुल्याङ्कन गरी मुल्याङ्कनको पृष्ठपोषण मार्फत कार्यक्रमलाई थप परिमार्जन गर्दे लैजान निर्देशन दिने |
| ७ | **न्यून खर्चः-** स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गरी लक्ष्य हासिल गर्नुपर्नेमा मन्त्रालय लगायत देहायका ५ कार्यालयहरूले स्वीकृत बजेट रु.१ अर्ब ९ करोड ७५ लाख ५४ हजार मध्ये रु.४८ करोड १४ लाख ३२ हजार ४४ प्रतिशत) मात्र खर्च गरी तोकिएको लक्ष्य हासिल हुन सकेको छैन । | स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गरी लक्ष्य हासिल गर्न निर्देशन दिने । |
| ८ | **अनुदानमा एकद्वार नीतिः-** कृषि, पशु तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार | महालेखा परीक्षकको सुझाव कार्यान्वयन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्रणालीबाट सञ्चालन हुँदा पारदर्शीता हुने र दोहोरो वितरणको अवस्था रहँदैन । यस वर्ष मन्त्रालय र मातहतका निकायबाट रु.१ अर्ब १० करोड ४६ लाख अनुदान दिएको छ । संघीय सरकार, प्रदेश मन्त्रालय, पशु तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा स्थानीय तह समेतबाट स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकै प्रकृतिका अनुदान कार्यक्रम एक भन्दा बढी निकायबाट दिने गरेको र दिएको अनुदानको केन्द्रिकृत अभिलेख राखे नगरेबाट एकै कृषक पटक पटक लाभग्राही हुने अवस्था छ। अनुदान एक सरकारले मात्र दिने गरी एकद्वार नीति बनाउनुपर्ने देखिन्छ । | गर्न निर्देशन दिने । |
| ९ | **कार्यविधिको कानूनी आधारः-** संघीय संसद राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति बार्षिक प्रतिवेदन, २०७६ मा विधायिकी अधिकार संसदमा मात्र निहित हुने, संसदले बनाएको कानुनमा प्रत्यायोजित अधिकार प्रदान गर्न सकिने व्यवस्था रहेको साथै प्रत्यायोजित अधिकार अन्तर्गत बनेका दस्तावेजहरूमध्ये कुन कानुनको कुन दफाले दिएको अधिकार प्रयोग गरी प्रत्यायोजित विधायन बनाइएको हो स्पष्ट नखुलाई जारी भएका निर्देशिका वा कार्यविधि र मापदण्डले कानूनी हैसियत प्राप्त गर्न नसक्ने व्यहोरा उल्लेख छ । मन्त्रालयले अनुदान वितरणका लागि जारी गरेको कुनैपनि कार्यविधिमा प्रत्यायोजित विधायनको स्रोत खुलाएको छैन । यसरी कानूनी हैसियत प्राप्त नहुने कार्यविधिको आधारमा यो वर्ष मन्त्रालय र मातहतका निकाय समेतबाट रु.१ अर्ब १० करोड ४६ लाख अनुदान उपलब्ध गराएको छ । अनुदान वितरणलाई कानुन सम्मत बनाउनु पर्दछ । | कानुनी आधार नभएका कार्यविधि खारेज गर्ने र प्रत्यायोजित कानुनी आधार विनाका कार्यविधि निर्माण नगर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १० | **कार्य संचालन स्तरको कार्यः-** कार्यविभाजन नियमावली अनुसार नीति तथा कार्यक्रमको निर्माण, कार्यान्वयनको अनुगमन लगायतको कार्यमा केन्द्रित रहनुपर्नेमा मुख्यमन्त्री वातावरण मैत्री नमूना कृषि गाउँ कार्यक्रम, सहकारी संस्थालाई अनुदान कार्यक्रम र चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम मन्त्रालय आफैंले सञ्चालन गरी रु.१६ करोड ५३ लाख ५३ हजार अनुदान दिएको छ । मन्त्रालय मातहत २६ कार्यालयहरू रहेकोमा मातहतका कार्यालयबाट कार्यक्रम सञ्चालन गर्न अख्तियारी नदिई आफैले कार्यक्रम सञ्चालन गरेको उचित देखिएन । साथै मन्त्रालयले यस वर्ष संचालित कार्यक्रमको अनुगमनमा रु.४१ लाख ३५ हजार खर्च गरेकोमा अनुगमनबाट देखिएका कमी कमजोरीमा गरिएको सुधारको अवस्था जानकारी हुने गरी अभिलेख राखेको छैन । यसमा सुधार गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ११ | **सहकारीको स्थितिः-** प्रदेश सरकारले सहकारी दर्ता तथा नियमन गर्न सहकारी ऐन, २०७५ तथा सहकारी नियमावली, २०७६ तयार गरी लागू गरेको छ । प्रदेश अन्तर्गत ८०६ सहकारी संस्थाको कुल निक्षेप रु.२ अर्ब ५० करोड ७ लाख, लगानी रु.१ अर्ब ७९ करोड ३९ लाख र शेयर सदस्य संख्या ८९ हजार ३७० रहेको छ ।<br>सहकारी ऐनको दफा ४७ मा सहकारीमा राखेको बचतको व्याज र ऋणको व्याजदरको अन्तर ५ प्रतिशत भन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मुल ऋणमा पूँजीकृत गरी सोको आधारमा व्याज लगाउन नपाइने, सहकारीले अचल सम्पत्ति खरिद गर्न नपाइने, कुल ऋण लगानीको ३० प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | व्यवस्था भएकोमा सोको अनुगमन गरेको छैन । | |
| १२ | मापदण्ड विपरीत अनुदान सहकारी संघ/संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ को बुँदा नं. ६ मा सहकारी खेती गर्ने कृषि सहकारी संस्थालाई बीउ पूँजी अनुदान प्रदान गर्दा त्यस्ता सहकारी संस्थाले उत्पादन, प्रशोधन र बजारीकरणको कार्य गरेको हुनुपर्ने र उपरोक्त तीन कार्य नगरेको सहकारी संस्थाहरूलाई पूँजीगत अनुदान प्रदान नगरिने उल्लेख छ । यस वर्ष ३६ समूहलाई एक सहकारी एक उत्पादन कार्यक्रम अन्तर्गत दिएको रु.१ करोड ५३ लाख ७ हजार पूँजीगत अनुदान मध्ये एक मात्र कार्य गर्ने २ सहकारी संस्थालाई रु.१३ लाख ५ हजार र दुई मात्र कार्य उत्पादन र बिक्रि वा उत्पादन र प्रशोधन वा प्रशोधन र बिक्री गर्ने ३४ सहकारी संस्थालाई रु.१ करोड ४० लाख २ हजार अनुदान उपलब्ध गराएको छ। कार्यविधि अनुसार तीन प्रकारको कार्य नगर्नेलाई अनुदान नदिने स्पष्ट व्यवस्था भएकोमा सोको पालना भएको छैन । अनुदान वितरण गर्दा कार्यविधिको पालना गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन्: | किन यस्तो भएको हो? अध्ययन गरी अध्ययनबाट प्राप्त निष्कर्ष अनुसारको कार्यान्वयन गरी समितिलाई समेत जानकारी दिने । |
| | १२.१. कार्यविधिमा अनुदान रकम खर्च गर्दा सार्वजनिक खरिद कानुनको प्रकृया पूरा गर्नुपर्ने उल्लेख छ । अनुदानग्राही ३६ सहकारी संस्था मध्ये छ संस्थाले रु.६३ लाख ८ हजारको पूँजीगत सामान सोझै खरिद गरेको बिलको आधारमा रु.३५ लाख ९१ हजार अनुदान भुक्तानी गरेको छ । अनुदान रकमबाट खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| | १२.२. कार्यविधिमा कृषिको काम गर्ने सहकारी भनी उल्लेख गरेकोमा वर्गीकरणमा नपरेको बचत तथा ऋण सहकारी सस्थालाई एक सहकारी एक उत्पादन | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यक्रम अन्तर्गत अनुदान वितरण गरेको छ । प्रदेशले सहकारी ऐन, २०७५ को दफा ४७ मा बचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी दर्ता भएका संस्था बाहेक अन्य विषयगत संस्थाले वचत तथा ऋणको मुख्य कारोवार गर्न नपाउने दफा १८ मा कृषि लगायतको काम गर्ने सहकारीलाई उत्पादक सहकारी संस्था र बैङ्क, बचत तथा ऋणको कारोवार गर्ने सहकारीलाई वित्तीय सहकारी संस्थाको रूपमा विषयगत आधारमा वर्गीकरण गरेको छ । यस अनुसार बचत तथा ऋण सहकारी संस्थाको मुख्य कारोवार बचत स्वीकार तथा ऋण प्रदान गर्ने हुनेमा त्यस्ता बचत तथा ऋण सहकारी संस्थालाई समेत कृषि उत्पादन, बजारीकण तथा प्रशोधनको कार्यमा सहयोग पुयाउने भनी ६ संस्थालाई रु.२५ लाख ७५ हजार अनुदान प्रदान गरेको कार्यविधि विपरीत देखिएको छ। कार्यविधिको पालना गरी अनुदान वितरण गर्नुपर्दछ । | |
| १३ | **सोझै अनुदान वितरणः-** अनुदान दिने सम्बन्धमा बनेका सबै कार्यविधिहरूमा सूचना आह्वान गरी, निश्चित मापदण्ड बमोजिम अधिकत्तम अंक प्राप्त गर्नेसँग मात्र सम्झौता गर्नुपर्ने प्रावधान रहेको छ । कार्यविधि अनुसारको छनौट प्रकृया पालना गर्न नपर्ने गरी सोझै वार्षिक कार्यक्रममा नाम तथा ठाउँ नै किटान भएका अनुदानग्राहीलाई यस वर्ष कृषि विकास निर्देशनालय, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय लगायत ५ कार्यालयबाट रु.२ करोड २७ लाख ८ हजार अनुदान प्रदान भएको छ । प्रतिस्पर्धा गर्न नपर्ने गरी सोझै वार्षिक कार्यक्रममा समावेश गरी अनुदान वितरण गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ । | प्रतिस्पर्धा गर्न नपर्ने गरी सोको बार्षिक कार्यक्रममा समावेश गरी अनुदान वितरण नगर्न नगराउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १४ | **विभिन्न निकायबाट एउटै समूहलाई अनुदान :** मुख्यमन्त्री वातावरणमैत्री नमूना गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा प्रदेशको सबै स्थानीय तह समेटिने गरी मन्त्रालयको प्राथमिकताको आधारमा सालवसाली रूपमा क्रमशः अन्य स्थानीय तहहरूमा कार्यक्रम विस्तार गर्दै लैजाने र प्रदेशभित्रका ८५ वटै पालिका समावेश भएपछि क्रमशः पालिकाभित्र दोहोरिने गरी तर एउटै वडामा नपर्ने गरी फरक फरक वडामा कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । मन्त्रालयले हालसम्म सबै पालिकामा कार्यक्रम कार्यान्वयन गर्न नसकेको अवस्थामा तनहुँ भिमादस्थित एउटै पालिकाभित्रको एउटै बडाको एकै कृषक समूहलाई पर्ने गरी मन्त्रालय, कृषि विकास निर्देशनालय लगायत विभिन्न ५ कार्यालयबाट ग्रिन हाउस, स्क्रिन हाउस, बाख्रा खोर, ह्याचिङ्ग लगायतका कार्यको लागि रु.१ करोड १९ लाख १६ हजार अनुदान दिएको छ । अलग अलग कार्यक्रमबाट एउटै समूहलाई अनुदान दिएकोले कार्यविधिको पालना भएको देखिएन । | कार्यविधि किन पालना नभएको हो छानविन गरी आवश्यक कारवाही गर्न निर्देशन दिने । |
| १५ | **बढी अनुदान :** मुख्यमन्त्री वातावरणमैत्री नमूना गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार पूँजीगत उत्पादन सामग्री एवं पूर्वाधारको निर्माण लगायत रु.५ लाख भन्दा माथिका भौतिक संरचना निर्माणमा समुदायको सहभागिता १० प्रतिशत तथा स्थानीय सरकारको २० प्रतिशत योगदान जुटाउनुपर्ने उल्लेख छ । मन्त्रालयले स्थानीय तहको साझेदारी हुनुपर्ने व्यवस्थालाई ध्यान नदिई समग्र कामको ८५ प्रतिशत भुक्तानी दिंदा विभिन्न समूहलाई भौतिक निर्माणका कार्यमा रु.९ लाख ५९ हजार, स्थायी टनेल निर्माणको काममा रु.३१ लाख ९८ हजार तथा भकारो सुधार तथा मलखादको काममा रु.२६ लाख ३७ हजार समेत कुल रु.६७ लाख ९४ | कार्यविधि किन पालना नभएको हो? छानवीन गरी आवश्यक कारवाही गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हजार बढी भुक्तानी भएको छ । कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| १६ | **होमस्टे अनुदानः-** होमस्टे प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ४ मा अनुगमन प्रतिवेदनको आधारमा बढीमा रु.१० लाख सम्म अनुदान सहयोग उपलब्ध गराउने उल्लेख भएअनुसार मन्त्रालयले २०७५।७६ को कामलाई सोही वर्ष रकम भुक्तानी नगरी यस वर्ष भुक्तानी गरेको छ । होमस्टे अनुदान कार्यक्रम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट सञ्चालन भई धेरै रकम अनुदान दिएकोमा यस मन्त्रालयले समेत २५ होमस्टेहरूलाई कृषिको कामको लागि रु.१ करोड ३५ लाख २ हजार अनुदान दिएको छ । एउटै अनुदानग्राहीलाई एक भन्दा बढी निकायबाट अनुदान दिंदा अन्य कृषकले अनुदान नपाउने हुँदा काम गरेका र गर्न उत्सुक वास्तविक कृषकलाई लक्षित गरी कृषि अनुदानका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १७ | **सम्मेलन खर्चः-** विकासोन्मुख राष्ट्रको दिगो पशु विकास सम्बन्धी सातौं अन्तराष्ट्रिय सम्मेलनको सहआयोजना गर्न भेटरिनरी एशोसियसनसँग कार्यक्रमको लागत अनुमान रु.८९ लाख ३३ हजार मध्ये रु.२० लाख अर्थात् २२.३८ प्रतिशत भुक्तानी दिने गरी सम्झौता भएको छ । उक्त कार्यक्रममा कुल खर्च रु.५९ लाख ८४ हजारको २२.३८ प्रतिशतले रु.१३ लाख ३९ हजार मात्र भुक्तानी दिनुपर्नेमा रु.२० लाख नै भुक्तानी दिएकोले रु.६ लाख ६१ हजार बढी भुक्तानी भएको छ । सम्झौताको अनुपातमा भुक्तानी दिनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १८ | **चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम :** कृषि योग्य जग्गाहरूमा आधुनिकीकरण र यान्त्रीकीरण मार्फत उत्पादन लागत कम गर्न र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न | असुल उपर गर्नुपर्ने रकम यथाशिघ्र असुल उपर गरी समितिलाई जानकारी |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ अनुसार यस वर्ष १४ सहकारी/ समूहलाई १ हजार ६८३ रोपनी जग्गा चक्लाबन्दी गरे वापत रु.२ करोड ५२ लाख ५० हजार अनुदान दिएको छ । कार्यविधिमा पहाडीक्षेत्रमा १०१ रोपनी भन्दा माथि २०० रोपनी क्षेत्रफल सम्मको जग्गाको लागि बढीमा रु.२० लाखसम्म उपलब्ध गराइने उल्लेख गरेकोमा अधिकांश लाभग्राहीले तल्लो सीमा अर्थात् १०१ रोपनीको हाराहारीमा मात्र काम गरेकालाई सबै रकम भुक्तानी दिएको अवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः-<br>१८.१. मन्त्रालय र एक सहकारी संस्थाबीच १०५ रोपनी जग्गा चक्लाबन्दी गर्न मन्त्रालयले रु.२० लाख दिने सम्झौता भएकोमा कार्यसम्पन्न हुँदा ३१ प्लटमा ८५.२१ रोपनी क्षेत्रफलमा मात्र चक्लाबन्दी भएकोले कार्यविधि अनुसार रु.१३ लाख मात्र दिनुपर्नेमा रु.२० लाख प्रदान भएकोले बढी भुक्तानी दिएको रु.७ लाख असुल गर्नुपर्दछ ।<br>१८.२. एक सहकारीसँग ५१ रोपनी जग्गामा चक्लाबन्दी गर्नको लागि सम्झौता गरी रु.१० लाख भुक्तानी गरेको छ। जग्गा सम्याउने कार्यमा कुल रु.१३ लाख १३ हजार खर्च भएको प्रतिवेदन पेस भएकोमा जग्गा खन्ने कामको लागि भन्दा जग्गामा माटो भर्ने कामको लागि बढी दर राखी खर्च गर्दा बढी भुक्तानी भएको रु.३ लाख ३६ हजार उक्त रकम असुल गर्नुपर्दछ ।<br>१८.३. मन्त्रालय र एक कृषक समूहबीच ३०१ रोपनी जग्गा चक्लाबन्दी गर्न रु.३० लाख १० हजार अनुदान दिने गरी सम्झौता गरेकोमा २९० रोपनी | गराउन निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | जग्गामा काम गरेकोले कार्यविधि अनुसार रु.२८ लाख ९० हजार भुक्तानी भएको छ । सम्झौता अनुसार भुक्तानी भइसकेको अवस्थामा कार्यविधिले व्यवस्था नगरेको भूगोलको जटिलता उल्लेख गरी मन्त्रिपरिषद्को निर्णय अनुसार पुनः रु.२८ लाख ४६ हजार थप भुक्तानी भएको कानुनसम्मत देखिँदैन। जटिल भूगोल भएकोमा उक्त जग्गा कृषि बाहेक अन्य प्रयोजनमा आउन सक्ने देखिँदा कामको निरन्तर अनुगमन गर्नुपर्दछ । | |
| १९ | **राजस्व र व्ययको विश्लेषणः-** रेशम विकास कार्यक्रम, कास्कीले कुल २२६ के.जी. रेशम बीज कोया उत्पादन गरी रेशम विकास कार्यक्रम खोपासी काभ्रेमा बुझाएको देखिएकोमा उक्त कोयाको रु.१ लाख १३ हजार बजार मूल्य हुने देखिएकोमा खर्च हेर्दा पूँजीगत बाहेक चालुमा मात्र रु.१ करोड ५१ लाख ९७ हजार खर्च गरेको छ। कार्यालयले रेशमको लागि सामान खरिद, ज्यामी ज्याला, फर्म व्यवस्थापन, मलखाद आदि जस्ता तलब बाहेकको प्रत्यक्ष खर्चमा मात्र रु.५७ लाख ६३ हजार खर्च गरेको छ । च्याउको लागि सेड निर्माण तथा केमिकल खरिदमा रु.१० लाख ८० हजार खर्च गरेकोमा रु.४४ हजार मात्र आम्दानी गरेको छ भने मौरी अन्तर्गत घार खरिद, फूल रोपण, एग्रो फरेष्ट्रि, बिरुवा खरिद आदि खरिदमा रु.१० लाख ४४ हजार खर्च गरेकोमा आम्दानी नै भएको छैन । सरकारी कृषि फर्महरूलाई नमूनाको रूपमा सञ्चालन गरी कृषि क्षेत्रमा गरेको लगानीबाट राम्रो आम्दानी हुन्छ भन्ने जानकारी दिन तथा कृषि क्षेत्रमा आकर्षण बढाउने केन्द्रको रूपमा विकास गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २० | **कृषि विकास निर्देशनालयः-** कार्यक्रम संसोधन नगरी खर्च : एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार सशर्त पूँजीगत अनुदान शीर्षक | यस्तो किन गर्नुपरेको हो? छानविन गरी दोषी उपर आवश्यक कारवाही गर्न |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | २६४२३) मा बजेट राखी अनुदान प्रदान गर्नुपर्नेमा निर्देशनालयले कार्यक्रम संशोधन नगरी गैर आवासीय भवन निर्माण ३११२) शीर्षकबाट रु.१ करोड २० लाख अनुदान प्रदान गरेको छ । फरक शीर्षकबाट अनुदान वितरण गरेको अनियमित देखिएको छ । | निर्देशन दिने । |
| २१ | **सार्वजनिक जग्गामा भवनः-** सरकारी जग्गाको सही सदुपयोग गर्नुपर्नेमा भिमादको एक सहकारी संस्थाले नगरपालिकाको सिफारिशमा सार्वजनिक जग्गामा अदुवा संकलन केन्द्र बनाई रु.२० लाख खर्च गरेको छ। अलैची बयरहाउस निर्माण उपभोक्ता समिति लमजुङले सरकारी जग्गामा बयरहाउस निर्माण गर्न रु.५० लाख अनुदान प्राप्त गरेको छ । निजी प्रयोजनमा आउने र साझा सरोकार तथा पहुँच नहुने क्रियाकलापमा सरकारी जग्गा प्रयोग गर्न दिने अधिकार स्थानीय तहलाई नहुने अवस्थामा नगरपालिकाले दिएको जग्गाको आधारमा भण्डारण केन्द्र बनाउन दिई रु.७० लाख खर्च गरेको उचित देखिएन । | यस सम्वन्धमा आवश्यक छानवीन गरी छानविनको निष्कर्ष अनुसारको आवश्यक कारवाही गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| २२ | **स्थानीय तहको साझेदारीः-** वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहको साझेदारीमा प्रशोधन केन्द्र तथा टिस्यु कल्चर ल्याव स्थापना सहयोग तथा कृषि बजार केन्द्र स्थापना समेत २ कार्यक्रम स्वीकृत भएकोमा उक्त कार्यक्रममा स्थानीय तहको साझेदारी नगरी सो काममा रु.४ करोड ६५ लाख ४७ हजार खर्च गरेको छ । स्वीकृत भए अनुसार नै कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २३ | **लाभग्राहीबाट खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ १) मा सार्वजनिक निकायले २० लाख भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । निर्देशनालयले १५ | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | समूहलाई कोल्ड रुमहरू खरिदमा रु.१ करोड ७२ लाख ९७ हजार र एउटै लाभग्राहीलाई स्क्रिनहाउस वापत रु.४९ लाख ९ हजार पेस गरेको बिलको आधारमा भुक्तानी भएको छ । अनुदानबाट सामान खरिद गर्दा प्रतिस्पर्धात्क विधि अवलम्बन गर्नुपर्दछ । | |
| २४ | **कृषकको योगदानः-** स्थानीय तहसँगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना कार्यक्रम अन्तर्गत साझेदारीमा कृषि बजार केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ अन्तर्गत रही प्रस्ताव आव्हान गरेकोमा विभिन्न ४ कृषक/ समूह/सहकारीले प्रस्ताव पेस गर्दा आफ्नो तर्फबाट बढी योगदान हुने गरी प्रस्ताव पेस गरेकोमा निर्णय तथा सम्झौता गर्दा सोही अनुपातमा गर्नुपर्नेमा नगरी प्रस्तावमा उल्लेखित योगदानको प्रतिशत भन्दा बढी प्रतिशत भुक्तानी दिएको कारण रु.९ लाख ५ हजार बढी व्ययभार परेको छ । प्रस्तावको अध्ययन नगरी कार्यविधि अनुरूपको मात्र योगदान कायम गरी निर्णय तथा भुक्तानी दिनेलाई जिम्मेवार बनाउनु पर्दछ | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २५ | **कृषि बीमाः-** साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार अनुदान प्राप्त गर्नेले कामको अनिवार्य रूपमा बीमा गर्नुपर्नेमा कृषि विकास निर्देशनालयले बीमा नगराई १६ कृषक/फर्मलाई रु.१ करोड ५६ लाख ९२ हजार अनुदान दिएको छ । यसैगरी साझेदारीमा प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार बीमा गर्नुपर्नेमा ५ कृषकलाई रु.१ करोड १४ लाख ६५ हजार भुक्तानी दिएकोमा बीमा गरेको छैन ।<br>यसैगरी कृषि, पशुपंक्षी तथा मत्स्य नमूना मोडेल) फार्म कार्यक्रम सञ्चालन कार्यविधि, | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | २०७५ तथा प्राङ्गारीक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा अनुदान प्राप्त गर्नेले अनिवार्य रूपमा बीमा गर्नुपर्ने उल्लेख छ । कृषि ज्ञान केन्द्र, तनहुँले मोडेल फर्म अन्तर्गत ५९ कृषकलाई रु.९४ लाख ८२ हजार तथा प्राङ्गारीक कृषि प्रवर्द्धन अन्तर्गत २९ कृषक/फर्म/समितिलाई रु.१ करोड ४ लाख ४० हजार तथा कृषि ज्ञान केन्द्र, गोरखाले मोडेल फर्म अन्तर्गत २५ कृषकलाई रु.६३ लाख १८ हजार तथा प्राङ्गारिक कृषि प्रवर्द्धन अन्तर्गत २८ कृषक/फर्म/समितिलाई रु.३६ लाख ९ हजार र कृषि ज्ञान केन्द्र, लमजुङले विभिन्न संस्थालाई रु.२५ लाख २१ हजार अनुदान उपलब्ध गराएकोमा बीमा गरेको छैन । कार्यविधि अनुसार कृषि बीमा गर्नुपर्दछ । | |
| २६ | **कृषि ज्ञान केन्द्रहरू:-** माटो परीक्षण : विभिन्न बालीका पकेटचेन प्रवर्द्धन सदुपयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा प्राप्त प्रस्तावहरू उपर भौगोलिक तथा प्राविधिक सम्भाव्यता र माटोको उर्वरा शक्तिको परीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा कृषि ज्ञान केन्द्र, पर्वतले विभिन्न बालीका १०० पकेटमा रु.८ करोड ११ लाख २७ हजार अनुदान दिएको तथा कृषि ज्ञान केन्द्र, स्याङजाले ८४ बाली पकेटमा रु.१३ करोड ३१ लाख ५४ हजार अनुदान दिएकोमा पकेट क्षेत्रको भौगोलिक तथा प्राविधिक सम्भाव्यता र माटोको उर्वरा शक्तिको परीक्षण गरेको छैन । माटो परीक्षण बेगर कार्यक्रम सञ्चालन गर्दा लक्षित उपलब्धि प्राप्तिमा असर पर्न सक्ने भएकोले कार्यविधि अनुसार माटो परीक्षण गर्नुपर्दछ । | |
| २७ | **पकेट विकास कार्यक्रमः-** साना व्यवसाय कृषि उत्पादन केन्द्र पकेट) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ मा मौरीपालन पकेट विकास कार्यक्रम अन्तर्गत | यस सम्वन्धमा छानविन गरी छानविनको निष्कर्ष अनुसार आवश्यक कारवाही |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मौरीको हकमा न्यूनतम ५०० आधुनिक घारमा मौरी पालन गर्नुपर्ने व्यवस्था रहेको छ । कृषि ज्ञान केन्द्र, तनहुँले एक पकेट संचालक समितिलाई रु.८ लाख ७२ हजार भुक्तानी दिएकोमा २५० र अर्को मौरीपालक पकेट क्षेत्र संचालक समितिलाई रु.१३ लाख ३६ हजार भुक्तानी दिएकोमा प्रस्तावनामा ४०० घार मात्र रहेको अवस्था छ । कावासोतीको एक समितिलाई रु.१४ लाख ७७ हजार अनुदान दिएकोमा उक्त समितिले कुल मौरीसहितको घार ६२ मात्र र खाली मौरी घार ५०० खरिद गरेको छ । यसैगरी कृषि ज्ञान केन्द्र, गोरखाले विभिन्न तीन मौरी पकेट संचालक समितिलाई रु.१६ लाख ३९ हजार भुक्तानी गरेको छ । कार्यविधि अनुसार तीन समितिमा न्यूनतम १ हजार ५०० घार हुनुपर्नेमा ७५ मौरी सहितको घार तथा ४४५ खाली मौरी घार मात्र खरिद गरेको देखिन्छ । कार्यविधिमा ५०० आधुनिक घारमा मौरीपालन गर्नेलाई मात्र पकेट क्षेत्र भनी उल्लेख गरेकोमा कार्यालयले कम घार भएकोमा समेत पकेट क्षेत्र भनी अनुदान उपलब्ध गराउनु उचित देखिएन । | अगाडि बढाउन निर्देशन दिने । |
| २८ | **चालु खर्च अनुदानः-** कृषि ज्ञान केन्द्र, गोरखाले एक आलु ब्लक कृषि संचालक समितिले रु.४० लाखको काम गरेकोमा रु.२० लाख अनुदान दिएको छ । जसमा शुरु लागत अनुमानमा पूँजीगततर्फ कुलो निर्माण समेतमा रु.२४ लाख ५० हजार र चालुतर्फ विउ खरिद लगायतमा रु.१५ लाख ५० हजार हुने उल्लेख गरेकोमा काम सम्पन्न हुँदा रु.८ लाख २५ हजार मात्र पूँजीगत कार्यमा खर्च गरेको छ । बाँकी रु.३१ लाख ७५ हजार आलु विउ खरिद, रोप्ने ज्याला, मल, ढुवानी आदिजस्ता चालु प्रकृतिको कार्यमा खर्च गरेको छ । लागत अनुमान तयार हुँदा निर्माणको काम हुने | यस सम्वन्धमा छानविन गरी छानविनको निष्कर्ष अनुसार आवश्यक कारवाही अगाडि बढाउन निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उल्लेख भएकोमा कार्यसम्पन्न हुँदा चालु प्रकृतिको कार्यमा अधिक रकम खर्च गर्नु उचित देखिएन । | |
| २९ | **कार्यविधि कार्यान्वयनः-** कृषि, पशुपंक्षी तथा मत्स्य नमूना मोडेल) फार्म कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं. ७ मा कृषि ज्ञान केन्द्रले स्वीकृत कार्यक्रममा नबढ्ने गरी र रु.५ लाख वा सोभन्दा माथिका प्रस्तावको आधारमा बढीमा ५० प्रतिशत रकम अनुदान दिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ। कृषि ज्ञान केन्द्र, गोरखाले विभिन्न फर्म तथा व्यक्तिलाई अनुदान दिएकोमा कम्तीमा ५ लाख लागत हुनुपर्नेमा उक्त रकमको लागत नभएका १३ फर्मलाई रु.१३ लाख ५३ हजार अनुदान दिएको छ । कार्यविधिको पालना गर्नुपर्दछ। | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३० | **सम्झौताको पालनाः-** कार्यालयले लक्षित उद्देश्य अनुसारको कार्य गरी प्रगति हासिल गर्नुपर्दछ । कृषि ज्ञान केन्द्र, गोरखाबाट प्राप्त विवरण अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नयाँ तथा पूराना ब्लक तथा पकेट कार्यक्रमका लागि सम्झौता भएको अवस्थामा समेत ९ लाभग्राहीले काम नै नगरी रु.१ करोड ४० लाख ५० हजार फ्रिज गरेको अवस्था छ । यसरी सम्झौता गरी काम नगर्ने कृषकले गर्दा काम गर्ने कृषकले अनुदान पाउन कटिन हुने भएकोले लाभग्राही छनौट गर्दा यसमा ध्यान दिनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३१ | **भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूः-** घुम्तीकोष : कृषि तथा पशुपंछी विकास मन्त्रालयको २०७६/५/१२ को पत्रानुसार २०५६/५७ देखि सञ्चालन हुँदै आएको घुम्तीकोष पशु सेवा कार्यालय खारेज भएकोले उक्त पूरानो कार्यालयबाट लगानी भएको घुम्तीकोषको रकम, कोष तथा लेखा नियन्त्रक कार्यालयको विविध | असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | खातामा रहेको मौज्दात तथा कृषकबाट उठेको र उठाउनुपर्ने रकम यथाशीघ्र पशुसेवा विभागको खातामा बेरुजु जम्मा गरिदिने भन्ने परिपत्र गरेको छ। जसअनुसार पशु सेवा विभागबाट भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बागलुङलाई रु.२४ लाख ७० हजार प्राप्त भएकोमा रु.१५ लाख २१ हजार विभागमा फिर्ता गरेको र रु.९ लाख ४९ हजार लगानीमा रहेको देखिएकोले परिपत्र अनुसार उक्त रकम असुल गर्नुपर्दछ । | |
| ३२ | **रेन्बो ट्राउट ब्लकः-** भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङले रेन्बो ट्राउट ब्लक कार्यक्रम अन्तर्गत मनाङ्गको एक रेन्बो ट्राउट फर्मलाई कुल रु.३१ लाख ८२ हजारको काम गरेको आधारमा अनुदान दिएको छ । स्थलगत निरीक्षण गर्दा भुरा माछा खरिद गरेर ट्राउट व्यवसाय प्रवर्द्धन गर्नुपर्नेमा ठूलो माछा नै खरिद गरी उपभोग गरेको छ । ट्राउट माछा फर्मको १४ रेस वे निर्माण गरेकोमा १२ रेस वे प्रयोगमा नै ल्याएको छैन । अतः छनौट गर्दा उपभोग मात्र गर्ने अनुदानग्राही छनौट नगरी उत्पादनमुलक तथा व्यवसायिक अनुदानग्राही छनौट गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । बाँकी बेरुजु यथाशीघ्र फछ्र्यौट गर्न निर्देशन दिने । |
| ३३ | **बेरुजु स्थिति** : मन्त्रालय तथा मातहत समेत १२ निकायमा यो वर्ष रु.५ करोड २ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ७ निकायबाट रु.१ करोड ६८ लाख ६६ हजार फस्यौट गरेकोले रु.३ करोड ३४ लाख २६ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रु.४ लाख म्याद नाघेको पेस्की बाँकी रहेको छ । | बाँकी बेरुजु यथाशीघ्र फछ्र्यौट गर्न निर्देशन दिने । |

४.१०.४ महालेखा परीक्षकको दोस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदे श) - २०७७ उपर मिति २०८०।१०।२९ गते भएका छलफलका निर्णयहरुः

| | | |
|---|---|---|
| १ | **समग्र वित्तीय कार्यसम्पादन -** मन्त्रालयको लागि यो वर्ष रु.९४ करोड ५९ लाख १८ हजार विनियोजन भएकोमध्ये रु.४९ करोड ७८ लाख ९९ हजार ५२ प्रतिशत) खर्च भएको देखिन्छ । चालुतर्फ रु. ४५ करोड ६० लाख ९९ हजार ५४ प्रतिशत) र पूँजीगततर्फ रु.४ करोड १८ लाख ३८ प्रतिशत) मात्र बजेट खर्च भएको छ । बजेट व्यवस्थापन गर्ने तर निर्धारण गरेका कार्यक्रम सञ्चालन नहुनाले प्रगतिमा असर परेको देखिन्छ । बजेट र कार्यक्रम अनुरुप कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **नीति कार्यान्वयनः-** वार्षिक नीति तथा कार्यक्रममा यस मन्त्रालय अन्तर्गत प्रदेश स्तरीय साझेदारी कार्यकम, कृषि वीमा विस्तार, मूल्य श्रृंखलाका कृषि, पशुपंछी तथा जडीबुटी व्यवसाय परियोजना निर्माण, मुख्यमन्त्री वातावरणमैत्री कृषि गाउँ कार्यक्रम सञ्चालन, एक सहकारी एक नमूना उत्पादन कार्यकम, दुग्ध प्रशोधन केन्द्र स्थापना, भूमी बैंकको स्थापना गरी चक्लाबन्दीमा आधारित खेती प्रणालीमा जोड, छुट जग्गा दर्ता र पुनः नापी गरी सार्वजनिक निजी जग्गा यथार्थ अभिलेखीकरण गर्ने उल्लेख भएकोमा उपरोक्त कार्यहरु भएको पाइएन । कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, चरण तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग, कार्यान्वयन र नियमन, जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पूर्जा, दाखिल खारेज, | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन लगायतका विषयहरु कार्यान्वयन हुन सकेको छैन। त्यस्तै वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित खाद्य सुरक्षा सम्बन्धी नीति, पशु विकास सम्बन्धी नीति, भू-उपयोग नीति, सहकारी तथा गरिबी निवारण सम्बन्धी नीति तर्जुमा गर्ने व्यहोरा प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटमा उल्लेख गरेकोमा उल्लेखित नीतिहरु तयार गरेको छैन। नीतिगत प्रतिवद्धताको कार्यान्वयन गर्नुपर्दछ । | |
| ३ | **कृषि कार्यक्रम र नतिजाः-** मन्त्रालयले कुनै संस्था तथा व्यक्तिलाई लागत साझेदारीको आधारमा अनुदान दिंदा सोबाट भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिएको हो सो काममा खर्च भएको र लेखापरीक्षण गराएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले कृषि एवं पशुपंक्षी फर्मको पूर्वाधार सुदृढीकरण अनुदान, मुख्यमन्त्री वातावरणमैत्री नमूना गाउँ कार्यकम, मेशिनरी औजार, हाट बजार, वजार सेड, भवन निर्माण, बजारीकरण, सडक पूर्वाधार, भण्डारण, बधशाला निर्माण, जग्गा चक्लावन्दी, पावर ट्रिलर, स्प्रेयर, ट्र्याक्टर, उपकरण, डिफ्रिज, लगायतका कार्यक्रममा लागत साझेदारीको आधारमा विभिन्न व्यक्ति तथा समुहलाई रु.३७ करोड २७ लाख ३८ हजार अनुदान वितरण गरेको छ । मन्त्रालय कानुन, नीति, मापदण्ड र कार्यविधि बनाई कार्यान्वयनमा ल्याउने निकाय भए तापनि कार्य सञ्चालन स्तरका सीप विकास तालिम, कर्मचारी तालिम, यन्त्र उपकरण खरिद गरी हस्तान्तरण तथा अनुदान वितरण जस्ता कार्यकम समेत आफै सञ्चालन गरेको छ । केन्द्र, प्रदेश र स्थानीय तह समेतका सरकारवाट कृषिमा अनुदान उपलब्ध गराउदै आएको भएतापनि समग्रमा ५ वर्षको अवस्था विष्लेषण गर्दा ५१ अर्व २० करोड अनुदान उपलव्ध गराएको देखिन्छ । कृषिमा सरकारले दिएको अनुदान प्रत्येक वर्ष वृद्धि भइरहेको अवस्थामा कृषकहरु आत्मनिर्भर हुँदै जानुपर्नेमा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | कृषिजन्य उपजको वृद्धि वाट आत्मनिर्भरता हुन नसकेको स्थिति छ । फलस्वरुप ५ वर्षको अवधिमा कृषिजन्य वस्तुमा रु. ७ खर्व ८१ अर्वको आयात भएको छ। कृषि सामाग्री आयातमा सरकारले राजस्व छुट समेत दिएको देखिन्छ। यो तथ्यांकले कृषि अनुदानको रकम लक्षित वर्गमा पुगी प्रतिफल प्राप्त भएको देखिदैन । तसर्थ हालको अनुदान वितरणको प्रक्रियाको मूल्याङ्कन गरी सुलभ ऋण, ब्याज अनुदान, उत्पादित कृषि उपज एवं पशुजन्य उत्पादनमा आधारित अनुदान जस्ता प्रक्रियाबाट वास्तविक किसानको जीवनस्तर उकास्ने गरी परिवर्तनको अनुभूति पुर्‌याउने नीति निर्माण गर्नुपर्दछ । | |
| ४ | **एकद्धार पद्धतिः-** कृषि, पशु तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार प्रणालीवाट सञ्चालन हुँदा पारदर्शीता हुने र दोहोरो वितरणको अवस्था रहदैन। संघीय सरकार, प्रदेश मन्त्रालय, पशु तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, प्रधानमन्त्री कृषि आयोजना तथा स्थानीय निकाय समेत ८ स्थानवाट स्पष्ट नीति तथा कार्यकम र सीमा निर्धारण नगरी एकै प्रकृतिका अनुदान कार्यक्रममा अनुदान दिने गरेको र दिएको अनुदानको केन्द्रिकृत अभिलेख राख्ने नगरेबाट अनुदानको सदुपयोग तथा कृषि उपज प्रतिस्थापनमा परेको प्रभावको विश्लेषण हुने गरेको छैन । स्पष्ट कार्यक्रम र नीति तथा सीमा निर्धारण गरी एकद्वार प्रणालीबाट अनुदान दिने र दिएको अनुदानको उपयोग र उपलब्धी सम्बन्धमा पारदर्शीता कायम गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **कार्यकम अनुदानः-** मन्त्रालयवाट २०७५।७६ मा ७५९ वडामा कृषि उपज सङ्कलन केन्द्र, ८५ पालिकामा कृषि हाटवजार, ११ जिल्लामा हटिकल्य विस्तार, मुख्यमन्त्री नमूना कृषि कार्यक्रम साझेदारीमा कोल्ड स्टोर सहकारीलाई अनुदान पशुवधशाला र प्राङगारिक मल उत्पादनको लागि २८३ संस्थालाई रु. ३६ करोड ३४ लाख १८ | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | हजार अनुदान दिएको छ ।<br>साझेदारीमा कोल्ड स्टोर कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ९ मा अनुदानग्राहीले कम्तिमा २० वर्षसम्म अविच्छिन्न रुपमा कोल्ड स्टोर सञ्चालन गर्नुपर्ने व्यवस्था भएपनि २६ साझेदारसंग १० वर्षको लागि मात्रै संभ्झौता गरेको पाइयो । कूल अवधिको ५० प्रतिशत कम अवधिको लागि भएको सम्झौतामा अनुदानग्राहीबाट १० वर्ष मात्रै आयोजना सञ्चालन भएको खण्डमा अनुदानको सही सदुपयोग नहुने एवं कार्यविधिको पालना समेत नभएकोले बाँकी १० वर्षका लागि कोल्ड स्टोर सञ्चालन गर्नुपर्ने गरी निगरानी र अनुगमनको व्यवस्थालाई प्रभावकारी वनाई कोल्डस्टोर संचालन गराउने व्यवस्था गराउनुपर्दछ ।<br>कार्यविधि वमोजिम एक ट्राउट फर्मलाई कूल लागत रु.३६ लाख २५ हजारको ७० प्रतिशतले रु. २५ लाख ३७ हजार अनुदान भुक्तानी गर्नुपर्नेमा रु.३० लाख दिएकोले बढी भुक्तानी भएको रकम रु.४ लाख ६३ हजार र अर्को ट्राउट फर्मलाई २०७५।३।२४ मा ताराखोला गाउँपालिकावाट रु.१ लाख ९६ हजार भुक्तानी दिएकोमा सोही प्रयोजनको लागि मन्त्रालयवाट समेत रु.३ लाख ८२ हजार भुक्तानी भएकोले दोहोरो रकम समेत रु.८ लाख ४५ हजार असुल गर्नुपर्दछ । | |
| ६ | बोहोरो अनुदान कृषि, पशुपन्छी तथा मस्त्य नमूना फार्म कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ९ मा विगतका वर्षहरुमा सरकारी तथा गैरसरकारी संस्थाबाट अनुदान पाइसकेका आवेदकहरुलाई मूल्याइन प्रक्रियामा समावेश नगरिने व्यवस्था छ। मन्त्रालय र एक कृषि फर्म बीच रु.१ करोडको सम्झौता भएको छ । कृषि ज्ञान केन्द्र पर्वतवाट २०७५।७६ मा सोही फर्मलाई रु. २ लाख अनुदान दिएको पाइयो । छनौट पूर्व स्थलगत अनुगमन गर्नुपर्ने व्यवस्था हुँदा समेत दुई निकायबाट एउटै फर्म वा व्यक्तिलाई अनुदान दिएको छ । | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | एउटै अनुदानग्राहीलाई एकभन्दा बढी निकायबाट अनुदान दिएकोले एउटै कार्यको दोहोरो कार्यसम्पन्न बनाई कार्यविधि विपरीत समेत हुने गरी मन्त्रालयवाट रु.९३ लाख ६३ हजार भुक्तानी भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई दोहोरो अनुदान रकम असुल गर्नुपर्दछ | |
| ७ | **एउटै अनुदानग्राहीलाई एकभन्दा बढी निकायबाट अनुदानः-** एउटै अनुदानग्राहीलाई एकभन्दा बढी निकायबाट अनुदान दिएकोले एउटै कार्यको दोहोरो कार्यसम्पन्न बनाई कार्यविधि विपरीत समेत हुने गरी मन्त्रालयवाट रु.९३ लाख ६३ हजार भुक्तानी भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई दोहोरो अनुदान रकम असुल गर्नुपर्दछ ।<br>मन्त्रालय र एक दुग्ध उत्पादन सहकारी संस्था लिमिटेडवीच २०७६।०३।१५ भित्र कार्यसम्पन्न गर्ने गरी २०७६।२।३० गते रु.१५ लाखको अनुदान रकममा सम्झौता भएकोमा उक्त सहकारी संस्थाले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, वाग्लुङवाट २०७६।१।३१ मा सोही प्रयोजनको लागि रु.१ लाख ६३ हजार भुक्तानी दिएकोछ । यसरी एउटै अनुदानग्राहीलाई एकभन्दा बढी निकायवाट अनुदान उपलब्ध गराएको छ । एउटै कार्य गरी सोही कार्य वापत मन्त्रालयबाट समेत रु.८ लाख ७८ हजार भुक्तानी भएकोले वढी रकम असुल गर्नुपर्दछ । | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल गर्न निर्देशन दिने । |
| ८ | **शीत भण्डारः-** शीत भण्डारण साझेदारीमा कोल्ड स्टोर स्थापना कार्यकम सञ्चालन कार्यविधि, २०७५ को दफा ७ मा अनुदानग्राहीले शीत भण्डारको डिजाइन तथा लागत अनुमान सहित पेश गरेको प्रस्तावनाको आवेदन मूल्याङ्कन गरी छनौट गर्ने व्यवस्था छ। म्याग्दीको एक एग्रो ग्रुप प्रा. लि. लाई पोखरा बुढी बजारमा १ हजार ५०० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माणको लागि रु.२ करोड ५० लाख अनुदान दिने निर्णय भएको पाइयो । उक्त प्रा.लि.ले प्रस्तावनामा उल्लेख गरेअनुसार | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | १ हजार ५०० मेट्रिक टन भण्डारण क्षमताको कोल्ड स्टोर निर्माण गर्न नसकिने भनि ५०० मे.टन क्षमताको कोल्ड स्टोर निर्माण गर्न निवेदन दिएको छ। १ हजार ५०० मे.टन क्षमताको कोल्ड स्टोरका लागि रु २ करोड ५० लाख अनुदान दिने निर्णय भएकोमा ५०० मे. टन क्षमताको मात्र निर्माण भएकोले आनुपातिक रुपमा रु.७९ लाख ६२ हजार भुक्तानी दिनुपर्नेमा रु.२ करोड ३८ लाख ८६ हजार भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१ करोड ५९ लाख २४ हजार सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ । | |
| ९ | **बढी अनुदानः-** साझेदारीमा कोल्ड स्टोर सञ्चालन कार्यविधि, २०७५ को अनुसूची-३ मा प्रस्तावित आयोजनाको कूल खर्चमा अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । अनुदानग्राहीहरुले पेश गरेको ३० आवेदन मध्ये २ अनुदानग्राहीलाई मन्त्रालयले निर्णय गरेको रकम तथा प्रस्तावमा माग गरेको भन्दा रु.१५ लाख ३२ हजार बढी अनुदान रकम स्वीकृत गरी भुक्तानी दिएको पाइयो । यसरी माग गरेकोभन्दा बढी रकम स्वीकृत गरी सम्झौता गर्ने तथा भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई बढी अनुदान दिएको रकम असुल गर्नुपर्दछ। | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल गर्न निर्देशन दिने । |
| १० | **कार्यविधि विपरीत अनुदानः-** कृषि, पशुपन्छी तथा मस्त्य नमूना फार्म कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ९ मा विगतका वर्षहरुमा सरकारी तथा गैरसरकारी संस्थावाट अनुदान पाइसकेका आवेदकहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश नगरिने उल्लेख छ। मन्त्रालयले कास्कीका एक कुखुरा फर्मका संचालकलाई फर्म सञ्चालन गर्नको लागि रु. १ करोड पेश्की दिएको पाइयो । कार्यविधिमा अनुदानग्राहीलाई पेश्की दिने प्रावधान नरहेकोमा पनि पेश्की दिएको देखिदा पेश्की दिनेलाई जिम्मेवार बनाउनुपर्दछ । संचालकले सन् २०१२ जुन २२ | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | मा व्यवसायिक कृषि व्यापार आयोजना काठमाण्डौंवाट एक पोल्ट्री प्रा.लि.को नाममा रु.३९ लाख ७५ हजार अनुदान लिएको व्यहोरा सम्बन्धित निकायवाट प्राप्त भएको छ । एउटै व्यक्तिले दुइवटा फर्म बनाई विभिन्न निकायवाट अनुदान लिई पटक पटक लाभान्वित भएको देखियो । सन् २०१२ मा अनुदान लिएको फर्म हाल अर्कै नामवाट सञ्चालन भएको छ। उक्त मितिमा दुई पक्षबीच भएको सम्झौतामा आयोजना कति वर्ष सञ्चालन गर्नुपर्ने उल्लेख भएको थियो सो सम्बन्धमा मन्त्रालयले आवश्यक छानविन गरी कार्यविधि विपरित दिएको अनुदान रकम असुल गर्नुपर्दछ । | |
| ११ | **नमूना कृषि गाउँ अनुदानः-** मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को ७ मा सम्भाव्य र आवश्यक क्षेत्रहरुमा सहकारी संस्थावाट वातावरणमैत्री नमूना कृषि गाउँ स्थापनामा सहयोग पुर्‍याउन अनुदान दिन कम्तीमा ३५ दिनको म्याद दिई राष्ट्रिय पत्रिका मार्फत प्रस्ताव आव्हान गरी सूचना प्रकाशन गर्नुपर्ने उल्लेख भएकोमा सूचना प्रकाशन नै नगरी वातावरणमैत्री नमूना कृषि गाउँ छनौट गरेर ११ जिल्लामा मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ अनुदानको लागि १५ कृषि उत्पादक सहकारी संस्था र २१ विभिन्न कृषि समूहबीच रु.८ करोड ९६ लाख ६८ हजारमा सम्झौता गरी रु.८ करोड ५८ लाख २१ हजार खर्च लेखेको छ । यसरी खर्च लेख्न मिल्ने देखिदैन ।<br>यसै गरी अनुदान दिएका कार्यक्रमको अनुगमन गरी कार्य प्रगतिको आधारमा कार्यसम्पन्न रकमको ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिने उल्लेख भएकोमा कार्य प्रगति तथा कार्यसम्पन्न परिमाण कम भएको अवस्थामा समेत बढी रकम भुक्तानी दिएको रु.८ लाख ४७ हजार असुल गर्नुपर्दछ । | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल गर्न निर्देशन दिने । |
| १२ | **शतप्रतिशत अनुदानः-** स्थानीय तहसंगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ को दफा ५ मा अनुदान माग गर्ने साझेदार निकायसंग | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र |

| | | |
|---|---|---|
| | कम्तिमा १५ प्रतिशत म्याचिङ्ग फण्ड भएको र भवन निर्माणको कार्ययोजनामा कम्तिमा १५ प्रतिशत लागत अंश व्यहोर्ने क्षमता भएको साझेदार हुनुपर्ने उल्लेख छ। कृषि विकास निर्देशनालय, पोखराबाट छनौट भई सम्झौता भएका ५ थोक हाटवजार तथा सङ्कलन केन्द्रले निर्देशनालयवाट कूल कार्यसम्पन्न प्रतिवेदन एवं सम्झौता बमोजिम ८५ प्रतिशतले हुने रु.७७ लाख ११ हजार र बाँकी १५ प्रतिशत रकम सम्बन्धित स्थानीय तहवाट लिएको पाइयो। परियोजनामा साझेदार निकायको समेत अपनत्व सिर्जना गर्ने उद्देश्यबाट प्रदान गरिने अनुदानमा १०० प्रतिशत नै सरकारी कोषवाट खर्च भएको छ । कार्यविधि विपरीत १५ प्रतिशत अनुदान रु.१४ लाख ५५ हजार वढी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ । | असुल गर्न निर्देशन दिने । |
| १३ | **कार्यविधिको पालनाः-** लाभग्राहीलाई कार्य सम्पन्न रकमको आधारमा ७० प्रतिशत अनुदान दिनुपर्नेमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले लाभग्राहीले ल्याएको सामान तथा निर्माणको विलका आधारमा ७० प्रतिशत अनुदान दिने गरेको पाइयो। यो वर्ष १५८ मोडेल फर्म, १७ चिस्यान केन्द्र, ४ हाटवजार, २ बधशाला, ६ मूल्य श्रृङखला र पास्चराइजेशन समेतमा रु.१० करोड ४८ लाख २७ हजार अनुदान दिएकोमा ३ अनुदानग्राहीको परियोजना प्रस्तावना, लागत अनुमान तथा सम्झौतामा समेत उल्लेख नभएको प्रारम्भिक वातावरणीय मूल्याङ्कन अनुदानमा रु.१६ लाख ९५ हजार भुक्तानी दिएको छ। यसै गरी मोडेल फार्म संचालन कार्यविधि, २०७५ मा विगत वर्षहरुमा अनुदान पाइसकेका अनुदानग्राहीलाई मुल्यांकन प्रकृयामा नै समावेश नगरिने उल्लेख भएकोमा मनाङ र लमुजङका २ फार्मलाई अन्य सरकारी निकायवाट अनुदान लिईसकेकोमा पुनः एउटै कार्यमा रु.८ लाख १० हजार दोहोरो भुक्तानी दिएको देखिएकोले सम्बन्धितलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ । | सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल गर्न निर्देशन दिने । |
| १४ | **टनेल निर्माणः-** प्रोटेक्टेड हर्टिकल्चर प्रविधि विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, | यसमा के यस्तो हो छानविन गर्न र |

| | | |
|---|---|---|
| | २०७४ को दफा ५ बमोजिम उच्च मूल्य जाने तरकारी वाली तथा तरकारी बेर्ना उत्पादनका लागि ग्रिन हाउस, अन्य प्लाष्टिक टनेल निर्माण कार्यमा सरकारका तर्फबाट सहयोग पुर्‍याउन अनुदान दिने उद्देश्यले जिल्लागत प्रकार समेत तोकी कम्तीमा ३० दिनको म्याद दिई राष्ट्रिय पत्रिका मार्फत सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नुपर्ने व्यवस्था छ । कार्यविधि बमोजिम १ हजार ५०० वर्गमिटर जमिन हुनुपर्ने, १५ वर्षसम्म उक्त जमिन निजि वा भाडामा लिएको हुनुपर्ने जस्ता प्रावधान रहेपनि यस सम्बन्धी कुनै प्रक्रिया पूरा नगरी ३ फर्मलाई अनुदान दिएको पाइयो । गण्डकी प्रदेश भित्रका कृषक समूहबीच प्रतिस्पर्धा गराई छनौट भएका कृषकलाई तोकिएको अनुदान दिनुपर्नेमा सिधै राइनास नगरपालिका लमजुङ्गका कृषकलाई अनुदान दिएको छ । यसरी प्रतिस्पर्धा र अनुदान दिने आधार वेगर रू. ४९ लाख २५ हजार अनुदान दिएको छ । साथै सम्बन्धित नगरपालिकाबाट कार्यसम्पन्न भएको सिफारिस प्राप्त भएको छैन। मन्त्रालयवाट लागत लाभ मूल्याइन गरेको र अनुदान प्राप्त गरेपछि कम्तीमा १० वर्ष अविछिन्न रुपमा प्रस्ताव र सम्झौता अनुसार व्यवसाय सञ्चालन गर्नुपर्ने शर्त रहेपनि यी कृषकको अद्यावधिक लगत रहेको पाइएन । | छानविनको निष्कर्ष अनुसार अगाडि कारवाही गर्न निर्देशन दिने । |
| १५ | **राहत वितरणः-** यो वर्ष भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीले मुस्ताङमा भएको अत्याधिक हिमपातका कारण लोमान्थाङ, ल्होधेकर दामोदरकुण्ड, वारागुङ, घरपझोङ र थासाङका ३८९ घरपरिवारका ५ हजार २६ गोटा पशुपन्छी मरी क्षति भएकोले रु.४९ लाख २५ हजार राहत उपलब्ध गराएको पाइयो । प्रदेश सरकारको घोषित नीति अनुसार कृषि तथा पशु बीमाको कार्यकमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्दा क्षतिको रकम व्ययभार परेको छ । वीमा कार्यकमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| १६ | **भूमि व्यवस्थापनः-** भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त, किसानको हितलाई ध्यानमा राखि वैज्ञानिक भूमि व्यवस्थापन, जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि, भू-उपयोग नीति तथा कानुन, भूमिको उत्पादनशीलता र समुचित उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्न प्रदेश सरकारले भूमि व्यवस्थापन गरी जग्गाको अभिलेख व्यवस्थित गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १७ | **बेरुजू स्थिति** - मन्त्रालय तथा मातहत समेत २६ निकायमा यो वर्ष रु. ८ करोड १ लाख ७२ हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ६ निकायवाट रु. ६४ लाख ४९ हजार फछ्र्यौट गरेकोले रु. ७ करोड ३७ लाख २३ हजार बेरुजू बाँकी रहेको छ। सो मध्ये रु. ८ लाख ५० हजार पेश्की वाँकी रहेको छ । यससम्बन्धी विवरण अनसची १० मा रहेको छ । | बाँकी बेरुजु यथाशीघ्र फछ्र्यौट गर्न निर्देशन दिने । |
| **४.१०.५ महालेखा परीक्षकको पहिलो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) - २०७५ उपर मिति २०८०।१०।२९ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **कार्यसम्पादन स्थिति** : प्रदेश सरकार गण्डकी प्रदेश कार्यविभाजन) नियमावली २०७४) बमोजिम भूमि व्यवस्था कृषि सहकारी मन्त्रालयले गर्नु पर्ने कार्यहरु मध्ये कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नविकरण, खारेजी र नियमन, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू उपयोग, वर्गिकरण तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन, जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिला खारेज, स्वामित्व | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन जस्ता प्रमुख कार्यक्रमहरुको नीति, कानुन तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गरेको नदेखिदा तोकिए बमोजिम कार्य सम्पादन गर्नुपर्दछ । | |
| २ | **बजेट कार्यान्वयनः-** आर्थिक वर्ष २०७४।७५ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित कृषि तथा खाद्य सुरक्षा सम्बन्धी नीति, पशु विकास सम्बन्धी नीति, भू उपयोग नीति, सहकारी तथा गरिवी निवारण सम्बन्धी नीति तर्जुमा गर्ने गरी बजेट सहित कार्यक्रम तथा नीति स्वीकृत गरेकोमा उल्लेखित नीतिको लागि गोष्ठीसम्म सञ्चालन भएको तर नीतिहरु बनाइसकेको देखिएन। तोकिए बमोजिम नीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **शीत भण्डारः-** आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा कृषि उत्पादकत्व वृद्धिका लागि व्यवसायिकरण अन्तरगत उच्च हिमाली क्षेत्रमा प्राकृतिक शीत भण्डार निर्माणका लागि सम्भाव्यता अध्ययन गर्दै प्रत्येक स्थानीय तहमा शीत भण्डार स्थापनाका लागि कार्यविधि तयार गर्ने, अर्गानिक कृषिउपजको प्रमाणीकरण तथा खाद्य बस्तुको गुणस्तर परीक्षण गर्ने आधुनिक प्रयोगशाला निर्माणका लागि अध्ययन गर्ने उल्लेख गरेकोमा ती कार्यक्रमहरु कार्यान्वयनमा आएको देखिएन। उल्लेखित नीतिहरु कार्यान्वयन गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **सिधै खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९ क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा कामपिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट हुनसक्ने रु४१ लाख ८३ हजारको कार्यसिधै पटक-पटक खरिद गरेको नियमसम्मत नदेखिएकाले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ। | |
| ५ | **सेवा प्रवाहः-** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन। मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **आन्तरिक नियन्त्रणः-** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **बेरुजु स्थितिः-** मन्त्रालयको लेखापरीक्षणबाट रु. २३ हजार बेरुजु देखिएको छ । | बाँकी बेरुजु फछ्र्यौट गर्न निर्देशन दिने । |

### ४.११ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

### ४.११.१ महालेखा परीक्षकको पाँचौ बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।१२।०४ गते भएका छलफलका निर्णयहरुः

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी**ः-गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ मा तोकिएका मध्ये मन्त्रालयले प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण, प्रदेशस्तरमा पुस्तकालय सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशको शिक्षा ऐन, प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शैक्षिक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन, महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन अनुसन्धान, महिलाहक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्यांकन, प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन, श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तयार, कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन, लगायतका कार्यहरू कार्यान्वयन हुन बाँकी देखिन्छ। तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ । | कार्य विभाजन नियमावलीमा तोकिए बमोजिमको जिम्मेवारीलाई प्राथमिकता दिई कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | **नीति तथा कार्यक्रम**ः-कार्यान्वयन मन्त्रालयले नीति तथा कार्यक्रममा उल्लेखित व्यहोराको | नीति तथा कार्यक्रममा उल्लेखित |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यान्वयन गर्नुपर्दछ । गण्डकी प्रदेशको पुस्तकालय नीति तर्जुमा गरी गण्डकी प्रदेश पुस्तकालय स्थापना र सञ्चालन गरिने, प्रदेशका युवालाई विज्ञान तथा प्रविधिसँग जोड्ने वैज्ञानिक सम्मेलनको आयोजना गर्ने, विश्व शान्ति जैविक विविधता उद्यान, विश्वशान्ति स्तुप, धौलागिरी संरक्षण क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने, सांस्कृतिक तथा व्यापारिक महत्त्वको त्रिवेणी क्षेत्रको विकासको लागि गुरुयोजना तर्जुमा गरिने नीति तथा कार्यक्रममा उल्लेख भएता पनि उल्लेखित कार्यक्रमलाई बजेटमा समावेश गरेको देखिदैन । नीति तथा कार्यक्रमका विषयहरू बजेटमा समावेश गर्नुपर्दछ । | विषयहरुमा बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३ | **कार्यक्रम कार्यान्वयनः-** बजेट वक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ । गण्डकी विश्वविद्यालयमा ३५० शय्याको मुटु रोग, ५० शय्याको अर्बुद रोग, ५० शय्याको मृगौला रोग सहित ५०० शय्याको शिक्षण अस्पताल स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन तयार, गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षा तथा तालिम व्यवसायिक तालिम प्रतिष्ठानको पूर्वाधार विकास, गण्डकी विश्वविद्यालय अन्तर्गत सूचना प्रविधि विषय र शिक्षण अस्पताल स्थापना गरी चिकित्सा विज्ञान विषयको अध्ययन अध्यापन कार्य, प्रदेशमा विज्ञान तथा प्रविधिको अध्ययन, अनुसन्धान र विकासका लागि गण्डकी विज्ञान तथा प्रविधि प्रतिष्ठानको सञ्चालन प्रयोगशाला स्थापना र उपकरण खरिद तथा नारायणी नदी किनारमा बिच पार्क निर्माण गर्न सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् । मन्त्रालयले बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ । | बजेट तथा कार्यक्रममा समावेश भएका विषयहरुलाई कार्यान्वयन गर्न निर्देशन दिने। |
| ४ | **पञ्चवर्षीय योजनाको कार्यान्वयनः-** प्रदेशले प्रथम पञ्चवर्षीय योजना २०७६/७७- | वार्षिक कार्यक्रममा तोकिएका |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ०८०/८१) मा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । उक्त योजनामा आर्थिक वर्ष २०७८ । ७९ मा कार्यान्वयन गर्ने उल्लेख गरेका कार्यक्रममध्ये स्थानीय तहका विषयगत शिक्षक समूह गठन परिचालन, राज्यकोषबाट सुविधा पाएका शिक्षकका सन्तानलाई सामुदायिक विद्यालयमा पढाउन प्रोत्साहन गर्ने, माध्यमिक विद्यालयका लागि ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, उर्जा, उद्योग र पूर्वाधार पेशा व्यवसायसँग सम्बन्धित पाठ्यक्रम विकासका लागि ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, जडिबुटी एवं पेशा व्यवसायका पाठ्यक्रम कार्यान्वयन गर्ने विद्यालयलाई प्रोत्साहन, मातृभाषामा शिक्षण एवं पाठ्यक्रम र पाठ्यपुस्तकको विकास, खुला विद्यालयको सवलीकरणका लागि स्थानीय तहसँग सहकार्य गर्ने, वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न कार्यविधि निर्माण गर्ने, अनौपचारिक प्रौढ विद्यालय तथा वैकल्पिक विद्यालय सम्बन्धी नीति निर्माण गर्ने, बैकल्पिक विद्यालय वातावरण शुद्धिकरणका लागि हरित बाताबरण निर्माण गर्ने, प्रदेशका सबै भौतिक संरचना अपाङ्गमैत्री बनाउने जस्ता कार्यक्रम कार्यान्वयन भएको देखिएन। पञ्चवर्षीय योजना तथा स्वीकृत वार्षिक कार्यक्रममा तोकिएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | कार्यक्रमहरु कार्यान्वयन गर्न निर्देशन दिने। |
| ५ | **दिगो विकास लक्ष्यः-** राष्ट्रिय पञ्चवर्षीय योजना अनुरुप प्रदेश पञ्चवर्षीय योजनाले लक्ष्य प्राप्ति गर्नुपर्ने र प्रदेश पञ्चवर्षीय योजनाको लक्ष्य प्राप्तिको लागि वार्षिक योजनाका क्षेत्रगत लक्ष्य प्राप्ति हुनुपर्ने हुन्छ ।<br>पञ्चवर्षीय योजनाले आधार वर्ष २०७५। ७६) बाट २०८१।०८१ सम्ममा मानव विकास सूचकाङ्क ०.५९ बाट ०.६५, प्रत्यक्ष लैगिक उत्तरदायी बजेट विनियोजन अनुपात ६६ बाट ७० प्रतिशत, आधारभुत तहमा खुद भर्नादर ७३.७ प्रतिशतबाट ९२ प्रतिशत, | मन्त्रालयले निर्धारित उपलब्धि प्राप्त गर्न आवश्यक जनशक्ति, कार्यक्रम तथा रणनीति तर्जुमा गरी लक्ष्य अनुसार प्रगति हासिल गर्ने गरी कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | साक्षरता दर ७४.८ प्रतिशतबाट ९५ प्रतिशत तथा १५ देखि २४ वर्षको साक्षरता दर ९५ प्रतिशतबाट ९९ प्रतिशत पु-याउने लक्ष्य लिएकोमा आर्थिक वर्ष २०७८ । ७९ सम्मको उपलब्धी क्रमश ०.६०, ५६, ९७ प्रतिशत, ७९ प्रतिशत, ८३ प्रतिशत र ९७ प्रतिशत रहेको छ । मन्त्रालयले निर्धारित उपलब्धि प्राप्त गर्न बजेट तथा जनशक्ति योजना, कार्यक्रम तथा रणनीति तर्जुमा एवं कार्यान्वयन गरी लक्ष्य अनुसार प्रगति हुनुपर्दछ । | |
| ६ | **प्रदेश गौरवका आयोजनाः-** प्रदेशको पञ्चवर्षीय योजनाले मन्त्रालय अन्तर्गत देहायका २ आयोजनालाई प्रदेश गौरव आयोजना घोषणा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:<br>६.१. गण्डकी विश्वविद्यालय स्थापना, सञ्चालन र आयोजना अन्तर्गतका क्रियाकलाप सम्पन्न गर्न लाग्ने कुल लागत अनुमान मन्त्रालयले तयार गरेको छैन । उक्त विश्वविद्यालयको लागि गत वर्ष रू.३२ करोड विनियोजन भएकोमा रू.९ करोड ४९ लाख खर्च गरेको र यस वर्ष रू.८ करोड १३ लाख विनियोजन गरेकोमा रू.६ करोड ८४ लाख खर्च गरेको छ । पोखरा महानगरपालिका वडा नं. ३२ मा रू.७ करोडको लागतमा प्रिफ्यावको भवनहरू बनाउन ठेक्का व्यवस्थापन भै कार्यसम्पन्न हुने चरणमा छ । गण्डकी विश्वविद्यालय र गण्डकी शिक्षण अस्पताल भवनहरूको निर्माणस्थलमा तारवार तथा पहिरो तथा नाला संरक्षण गर्ने कार्यलाई निरन्तरता दिदै क्रमागत तथा नयाँ कार्य सम्पन्न भएको, गण्डकी विश्वविद्यालयको अनुसन्धान, अन्वेषण तथा आविष्कार केन्द्रको भौतिक संरचना निर्माण कार्य सम्पन्न भएको, पोखरा महानगरपालिकाको ड्याम साइडमा रहेको भाडाको भवनमा | पञ्चवर्षीय योजनामा प्रदेश गौरवका आयोजना घोषणा भई सकेको अवस्थामा उक्त गौरवका आयोजनामा पर्याप्त बजेट व्यवस्था गरी निर्धारित समयमा आयोजना सम्पन्न गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गण्डकी विश्वविद्यालयको सूचना प्रविधि, फार्मेसी, व्यापार प्रशासन, व्यवस्थापकीय अध्ययन, मानविकी तथा व्यवस्थापकीय कानुन लगायत विषयमा स्नातकोपाधि कार्यक्रम सञ्चालनमा आएको छ ।<br>६.२. गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजनालाई प्रदेश गौरवको योजनाको रुपमा राखी गत वर्ष रू.१० करोड बजेट विनियोजन गरेकोमा रू.१ करोड १७ लाख खर्च भएको र यस वर्ष रू.७५ लाख बजेट विनियोजन गरेकोमा रू.५३ हजार मात्र खर्च भइ प्रतिष्ठानको भवन र संरचना निर्माणको लागि डि.पी.आर. तयारीको प्रक्रिया शुरुवात मात्र भएको छ । यसरी प्राविधिक प्रतिष्ठान निर्माणका लागि गत वर्ष बजेट विनियोजन गरेकोमा खर्च नै नभएको, यस वर्ष विनियोजित बजेटको ०.७ प्रतिशत मात्र खर्च भएको छ । आयोजनाको लागि न्यून बजेट व्यवस्था भएको र खर्च गर्ने दक्षता कमजोर रहेको कारण कार्यान्वयन अवस्था सुस्त देखिएको छ । पर्याप्त बजेट व्यवस्था गरी प्रभावकारी रुपमा आयोजना कार्यान्वयन गर्नुपर्दछ । | |
| ७ | **अवण्डा बजेटः-** मन्त्रालयले यस वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश प्रमुख - शैक्षिक सुधार कार्यक्रममा एकमुष्ठ रू.२२ करोड विनियोजन गरी निर्देशक समितिको निर्णय अनुसार १४ कार्यक्रममा बाँडफाँड गरी रू.१२ करोड ३९ लाख ९६ हजार खर्च गरेको छ। त्यसै गरी एक जिल्ला एक शहीद पार्कको लागि रू.३ करोड यस मन्त्रालयमा अवण्डा बजेटको रुपमा राखेको देखिन्छ। मन्त्रालयले बजेट अबण्डा राखी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । | स्पष्ट कार्यक्रम तोकी बजेट विनियोजन गर्नुपर्ने साथै अबण्डामा बजेट राखि खर्च गर्ने प्रवृत्तिलाई सुधार गर्न निर्देशन दिने। |
| ८ | **राहत वितरणः-** नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको कोभिड-१९ को | संघ, प्रदेश र स्थानीय तह बीच |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | महामाहारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ३ १घ) अनुसार कोभिड- १९ संक्रमणको कारणबाट एकाघरको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक संकट झेल्नुपरेको परिवार तथा अभिभावक गुमाएका असहाय नावालकको स्याहार गर्ने परिवारलाई सम्बन्धित स्थानीय तहमार्फत् प्रति परिवार रू.१० हजारका दरले नगद हस्तान्तरण गरेको छ। साथै ३ २) मा नेपाल सरकार, प्रदेश सरकार, तथा स्थानीय तहबाट एकपटक नगद राहात पाइसकेको व्यक्तिले नगद राहत नपाउने व्यवस्था रहेकोमा मन्त्रालयले यस वर्ष ११ जिल्लाका १५७ बालबालिकालाई प्रति महिना रू.५ हजारका दरले रू.५२ लाख ९० हजार राहत वितरण गरेको छ । संघीय सरकारको कार्यविधि अनुसार एक तहको सरकारबाट नगद राहत पाइसकेको अवस्थामा अन्य तहको सरकारबाट नगद हस्तान्तरण नगर्ने नीति लिएकोमा प्रदेश मन्त्रालयबाट दोहोरो पर्ने गरी नगद हस्तान्तरण गर्नु उचित देखिदैन। मन्त्रालयले संघीय सरकारबाट तर्जुमा भएको कार्यविधिसँग नबाँझिने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने तथा एकद्धार प्रणालीबाट राहात वितरण गर्नुपर्ने देखिन्छ । | समन्वय गरी एकद्धार प्रणालीबाट राहात वितरण गर्न निर्देशन दिने । |
| 9 | **कार्यसञ्चालन स्तरको कार्य:-** गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ बमोजिम - मन्त्रालयले प्रदेशभित्र शिक्षा तथा संस्कृति, विज्ञान तथा प्रविधि र सामजिक विकास र विस्तारको लागि नीति, कानुन, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउने तथा कार्यान्वयनमा ल्याउन सहजीकरण तथा नियमन गर्ने र कार्यान्वयनका क्रममा बाधा परेका विषयलाई फुकाउने जस्ता काम गर्नु पर्ने उल्लेख छ। मन्त्रालय मातहत ११ जिल्लामा नै सामाजिक विकास कार्यालय रहेको अवस्थामा सो कार्यालयबाट काम नगरी मन्त्रालयले स्वयं मठ, मन्दिर, चर्च, निर्माण, जेष्ठ नागरिक दिवा सेवाकेन्द्र, विद्यालय | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | प्रयोगशाला निर्माण लगायतका लागि संघ संस्था समुह छनौट गरी रू.२१ करोड ५८ लाख ८ हजार अनुदान दिने जस्ता कार्य सञ्चालन स्तरको कार्यहरू गर्नु उचित देखिएन। | |
| 10 | **अन्य निकायबाट बजेट तथा खर्चः-** गण्डकी प्रदेश विनियोजन ऐन, २०७८ को दफा ५ २) मा गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम कुनै स्थानीय तह मार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई माघ मसान्त सम्म गण्डकी प्रदेश सरकार अर्थ मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयनको लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्ने व्यवस्था छ। मन्त्रालयबाट कार्यान्वयन गर्न रू.७ करोड ८८ लाख बजेट व्यवस्था भएकोमा अन्य निकायलाई बजेट निकासा गरी रू.३ करोड २२ लाख ३६ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:-<br>१०.१. शहरी विकास तथा भवन कार्यालय कास्की मार्फत् खर्च गर्ने गरी बौद्धिक अपाङ्गता भएका बालवालिकाहरूका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालनका लागि रू.२ करोड रकमान्तर गरी रू.५६ लाख ९४ हजार खर्च गरेको उचित देखिएन ।<br>१०.२. विपि कोइराला अन्तर्राष्ट्रिय खेलकुद मैदान आयोजना उर्जा तथा खानेपानी मन्त्रालय मातहतका जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय नवलपरासी पूर्वबाट कार्यान्वयन हुने गरी रू.२ करोड ३८ लाख बजेट व्यवस्था गरेकोमा रू.२ करोड २८ लाख ८३ हजार खर्च गरेको छ। कार्यविशिष्टिकरण अनुसार भौतिक पूर्वाधार मन्त्रालय मातहतका कार्यालय तथा | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।<br><br>यस्तो किन गर्नु परेको हो? छानबीन गरी निष्कर्ष अनुसार कार्यान्वयन गर्न र यस समितिलाई समेत जानकारी गराउन निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | निकायबाट कार्यान्वयन गर्नु पर्नेमा सो नगरी जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय नवलपरासीबाट कार्यान्वयन गरेको उचित देखिएन।<br>१०.३. पोखरा महानगरपालिका लगायत अन्य ४ स्थानीय तहलाई रू.३ करोड ४० लाख बजेट व्यवस्था गरेकोमा रू.२७ लाख ५ हजार खर्च गरेको देखिन्छ। पोखरा महानगरपालिकाले रु ३ करोड र मनाङको नासो गाउँपालिकाले रु १० लाख प्राप्त गरेकोमा सो खर्च गरेको देखिएन। | |
| ११ | **प्रदेश प्रमुख शैक्षिक सुधारः-** प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रू.२२ करोड विनियोजन भएकोमा विभिन्न १४ कार्यक्रममा रू.१२ करोड ३९ लाख ९६ हजार खर्च लेखेको छ। यस सम्बन्धी देखिएका व्यहोरा देहायअनुसार छन्:<br>११.१. कार्यक्रम कार्यान्वयनः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा सम्बन्धित मन्त्री वा सचिवले आफ्नो मातहतका आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्यांकन त्रैमासिक रुपमा गरी भौतिक र वित्तीय प्रगति भए वा नभएको सम्बन्धमा त्यस्तो नतिजा प्राप्त हुनुको कारण र आधार समेतको समीक्षा गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले यस वर्ष कार्यान्वयन गरेको प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका ६ कार्यक्रममा रू.९ करोड ४६ लाख बजेट विनियोजन गरेकोमा प्रगति शून्य देखिन्छ। मन्त्रालयले कार्यान्वयन गर्न सकिने कार्यक्रममा मात्र बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।<br>११.२. अनुगमनः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा सम्बन्धित मन्त्री वा सचिवले आफ्नो मातहतका आयोजना वा | ✓ शुन्य प्रगति हुने गरी किन बजेट विनियोजन गरिएको हो? सोको अध्ययन गरी सुधार गर्न निर्देशन दिने।<br>✓ दिइएको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्यांकन त्रैमासिक रुपमा गरी आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले यस वर्ष सभालन गरेको प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रमको अनुगमन तथा मूल्यांकन मन्त्रालयले स्वयं नगरी सम्बन्धित स्थानीय तथा जिल्लाको सामाजिक विकास कार्यालय मार्फत् गराई भुक्तानी गरेको छ। मन्त्रालयले तयार गरेको स्पेशिफिकेशन बमोजिम कार्यक्रम संचालन भए नभएकोमा मन्त्रालयले अनुगमन तथा मूल्यांकन गर्नुपर्नेमा उक्त प्रक्रियामा संलग्न नभएको संस्था तथा कर्मचारीमार्फत् अनुगमन गराई खर्च लेख्नु उचित देखिदैन। मन्त्रालय आफैमा नियमनकारी निकाय रहेको अवस्थामा अनुगमन मूल्यांकन अर्को निकाय वा संस्थाबाट गर्ने गरी कार्यक्रम गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ। | ✓ एकै प्रकृतिका सामान खरिद गर्दा टेण्डर मार्फत खरिद गर्ने व्यवस्था मिलाउन निर्देशन दिने। |
| | ११.३. खरिदमा प्रतिष्पर्धाः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। सिकाई सामग्री व्यवस्थापन गर्न ९७ विद्यालयलाई प्रति बालविकास केन्द्र रू.२ लाखका दरले रू.१ करोड ९४ लाख खर्च लेखी प्राविधिक स्फेशिफिकेशन पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। सिकाई सामग्री व्यवस्थापन गर्न ९७ विद्यालयलाई प्रति बालविकास केन्द्र रू.२ लाखका दरले रू.१ करोड ९४ लाख खर्च लेखी प्राविधिक स्फेशिफिकेशन स्वीकृत गरिसकेको अवस्थामा विद्यालयबाट सोझै खरिद गरी बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ। स्पेशिफिकेशन बमोजिम खरिद गरे नगरेको निरीक्षण | ✓ भुक्तानी गर्नुपूर्व खरिद प्रकृया अनुसार माग भए नभएको अनिवार्य जाँच गरी प्रतिवेदन लिएर मात्र भुक्तानी गर्न निर्देशन दिने।<br>✓ कार्यक्षेत्र भन्दा बाहिर गई |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | प्रतिवेदन समेत समावेश गरेको देखिदैन। विद्यालयबाट पेश भएका बिल भरपाई परीक्षण गर्दा फरक आपूर्तिकर्ताबाट खरिद गरेको देखिन्छ। एउटै फर्मबाट एकै प्रकारको सामग्री खरिद गरेको अवस्थामा समेत फरक-फरक दर प्रयोग भएकोले खरिद कानुनको पालना हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । | कार्यक्रम कार्यान्वयन नगर्न निर्देशन दिने। |
| | ११.४. मापदण्ड पालनाः- गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम संचालन मापदण्ड, २०७८ को कार्यक्रम नं ८ मा माध्यमिक विद्यालयमा स्टिम ल्याब स्थापना कार्यक्रम संचालन मापदण्ड अनुसार मन्त्रालयले बिज्ञहरूको उपस्थितिमा स्पेशिफिकेशन तयार गर्ने, सुचना प्रकाशन गर्ने, विद्यालय छनौट गर्ने सामग्री व्यवस्थापनका लागि टेण्डर आह्वान गर्ने, परामर्शदाता संस्था छनौट गर्ने तथा उक्त संस्थामार्फत् विद्यालयहरूमा सामग्री तथा उपकरणहरू जडान गर्ने र बिद्यालयले जिन्सी दाखिला प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। स्थापना कार्यक्रममा रू.३ करोड बजेट विनियोजन गरी ५१ विद्यालयमा ल्याव स्थापना गराई रू.३ करोड खर्च लेखेकोमा प्राविधिक स्पेशिफिकेशन बमोजिम भए नभएको जाँच गरेको देखिएन। विगतमा अनुदान प्राप्त १५ विद्यालयलाई मापदण्ड भित्र समावेश नगरी सोझै रू.३ लाखको दरले रू.४५ लाख भुक्तानी भएको छ। यसमा सुधार हुनुपर्दछ । | |
| | ११.५. क्षेत्राधिकारः- संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गिकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड २०७६ मा शिक्षा, विज्ञान तथा प्रविधि तर्फ उच्च शिक्षा संघको क्षेत्राधिकारमा | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रहेको छ। प्रदेश मन्त्रालय मातहतको गण्डकी विश्वविद्यालयमा शैक्षिक क्रियाकलाप नगरी संघ मातहतको त्रिभुवन विश्वविद्यालयबाट अनुदान प्राप्त हुने पृथ्वीनारायण क्याम्पसमा जर्ज जोन डिजिटल गणित प्रयोगशाला निर्माण बापत रू.४० लाख बजेट विनियोजन गरी गण्डकी प्रदेश सरकारको कार्यक्षेत्रभन्दा बाहिर गई रू.३२ लाख ६५ हजार खर्च गरेको उचित देखिएन। आफ्नो कार्यक्षेत्र अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ। | |
| १२ | **ठेक्का सम्झौताको कार्यान्वयनः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ ७) मा खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम कार्य नगरेमा सार्वजनिक निकायले जुनसुकै बखत सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था रहेको तथा दफा ५९ ८) मा त्यसरी सम्झौताको अन्त्य भएमा सो कामबापत राखिएको पुरै जमानत जफत गरी बाँकी कार्य गर्न लाग्ने रकम समेत सम्बन्धित बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था रहेको छ। विभिन्न विद्यालयहरूको लागि आइ.सि.टि. ल्याव व्यवस्थापनका लागि ५३९ थान डेस्कटप कम्प्युटर र ८३ थान ल्यापटप खरिद गर्न छुट्टाछुट्टै प्याकेज बनाई बोलपत्र आह्वान गरेकोमा कम्प्युटर सप्लाइको रू.४ करोड ५४ लाख ७२ हजार र ल्यापटप सप्लाईको रू.९३ लाख २० हजार कवोल अंकमा एक सप्लायर्ससँग २०७९ श्रावण ५ गते सम्म सम्पूर्ण सामग्री कार्यालयमा उपलब्ध गराउने गरी खरिद सम्झौता भएकोमा हालसम्म पनि उपलब्ध नगराएको र म्याद थप समेत नभएकोले खरिद सम्झौता बमोजिम राखिएको कार्यसम्पादन जमानत रू.२७ लाख ३९ हजार जफत तथा नियमानुसार आवश्यक कारबाही गर्नुपर्दछ। | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १३ | **रकमान्तरः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम | महालेखा परीक्षकको सुझाव |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ३२ १) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट रकमान्तर गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ। | कार्यान्वयन गर्न निर्देशन दिने । |
| १४ | **तथ्याङ्क व्यवस्थापनः-** गण्डकी प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ बमोजिम - निर्देशनालयलाई तोकिएको कार्यविवरण अनुसार संघले तय गरेको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय ढाँचासँग तादात्म्य हुने गरी प्रदेश भित्रका विद्यालय र उच्च शिक्षा तहको शैक्षिक तथ्याङ्क संकलन, प्रशोधन, प्रकाशन तथा अध्यावधिक गर्ने गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने, संघीय सरकारले विश्वव्यापी अनुगमन प्रतिवेदन लगायत अन्तराष्ट्रिय मञ्चमा उपलब्ध गराउनेपर्ने नियमित सूचकगत प्रतिवेदनहरू तयारी गर्नका लागि आवश्यक सूचनाहरू तोकिएको ढाँचामा नियमित रुपमा उपलब्ध गराउने, प्रदेश तहमा शैक्षिक सूचकाङ्कहरूको प्रभावकारिताको विश्लेषण गर्ने, प्रदेशभित्र सबै प्रकारका शैक्षिक निकायमा कार्यरत कर्मचारी जनशक्तिको सूचना प्रणाली व्यवस्थापन गर्ने जिम्मेवारी रहेकोमा निर्देशनालयले विद्यालय तथा उच्च शिक्षा तहको शैक्षिक तथ्याङ्क तयारी तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना नगरेकोले सोको कार्यान्वयन गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| १५ | **अनुगमनः-** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३७ १) मा सम्बन्धित कार्यालयले यस कार्यविधि बमोजिम संचालन हुने आयोजना तथा कार्यक्रमको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। | संचालित आयोजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने र सोको अभिलेख राख्न निर्देशन |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | निर्देशनालयलाई प्रादेशिक स्तरमा शिक्षाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र परीक्षण गर्ने कार्य जिम्मेवारी रहेकोमा शैक्षिक गुणस्तर मापदण्डको अद्यावधिक स्थिति, गुणस्तर मापदण्ड कायम गर्न सम्बन्धित निकायहरूले गरेको प्रयास साथै सो सम्बन्धमा सम्बन्धित निकायलाई दिएको निर्देशन तथा कार्यक्रम कार्यान्वयनमा सुधार भए नभएको सम्बन्धमा प्रतिवेदन गरी अभिलेखन गरेको देखिदैन। अनुगमन मूल्यांकनबाट देखिएका व्यहोरा तथा समाधानको उपाय एवं निर्देशनको व्यहोरा खुल्ने गरी प्रतिवेदन गर्नु पर्दछ। | दिने। |
| १६ | **सम्झौता कार्यान्वयनः-** कार्यालयले एक कम्पनीसँग संग्रहालय परिसरमा पसलकवुल सञ्चालनको लागि मासिक भाडा रू.६५ हजार लिने र प्रत्येक दुई वर्षमा १० प्रतिशत वृद्धि गर्ने गरी २०७७ पौष मसान्त सम्मको लागि २०६७।१०।०३ मा सम्झौता गरेकोमा निम्न व्यहोरा देखियोः<br>**१६.१.** सम्झौताको बुँदा नं १४ मा भाडामा दिएको पसलकवुल पुरातत्व विभाग अन्तर्गत तत्कालीन क्षेत्रीय संग्रहालय तथा हाल प्रदेश संग्रहालयले जुनसुकै बखत एक महिनाको म्यादभित्र पसल खाली गरी चेकजाँच गरी पसलको साँचो बुझाउने उल्लेख गरेकोमा नवीकरण नहुने र पसलकवल खाली गर्न पत्राचार गरेकोमा लेखापरीक्षण अवधिसम्म सो पसलकवुल खाली गरेको देखिएन । त्यसैगरी सम्झौतामा कार्यालयले तोकिदिएको मापदण्ड अनुसार संरचना बनाउने, यसको मर्मत सम्भार गर्ने र ८८ महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन, २०७९ शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय १० वर्ष पश्चात् निर्माण भएका संरचनाहरू कार्यालयलाई हस्तान्तरण गर्ने उल्लेख भएकोमा भवन हस्तान्तरण नगरी तोडफोड गरी जीर्ण बनाएकोले संम्झौतामा | असुल गर्नुपर्ने रकम असुल गरी राजश्व खातामा दाखिला गरी गर्ने सम्परीक्षण गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | उल्लेख भएअनुसार क्षतिको उपयुक्त मुल्याङ्कन गरी सरकारी बाँकी सरह असुल गर्नुपर्ने देखिन्छ ।<br>**१६.२.** सम्झौता बमोजिम लेखापरिक्षण अवधिसम्म पसल बुझाएको नदेखिएकोले लेखापरीक्षण अवधिसम्मको मासिक रू.१ लाख ५ हजार का दरले २०७८/४/१ देखि २०७९/७/३० सम्म १६ महिनाको भाडा रू.१६ लाख ७५ हजार असुल गर्नुपर्दछ । | |
| १७ | **अडिटोरियम सञ्चालनः-** सरकारी सम्पत्तिहरूको उचित सदुपयोग हुनुपर्दछ । शैक्षिक तालिम केन्द्र, तनहुँको परिसरमा रू.६० लाख लागतमा अन्तराष्ट्रिय दातृ संस्था एशियाली विकास बैंक) को ऋण सहयोगमा वि.स. २०५५ मा निर्माण भएको १० कोठा र दुई शौचालयहरू सहित २१० जना सहभागी क्षमताको अडिटोरियम भवन निर्माण सम्पन्न भए देखि नै प्रयोग विहिन अवस्थामा छ। आवश्यक व्यवस्था गरी सञ्चालनमा ल्याउनु पर्ने देखिन्छ।<br>**बेरुजु स्थितिः-** मन्त्रालय तथा मातहत ९ निकायको रू.५ करोड ३० लाख ५७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रू.५० लाख ६२ हजार फस्यौंट गरेकोले रू.४ करोड ७९ लाख ९५ हजार बाँकी बेरुजु देखिएको छ। सो मध्ये रू.८१ लाख म्याद नाघेको पेश्की बाँकी रहेको छ। अन्य संस्था तथा समितितर्फ १ निकायमा रू.३६ लाख १ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फस्यौंट नभएकोले सो बेरुजु कायम गरिएको छ। सो सम्बन्धी विवरण अनुसुची-९ र १० मा रहेको छ। | बेरुजु सम्परीक्षण गरी फरफारक गर्न निर्देशन दिने। |
| | **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| १ | **कार्यजिम्मेवारीः-** प्रदेश सरकार  कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारी तोकिएको छ। उक्त नियमावलीले स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रदेश नीति तथा कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशमा आवश्यक पर्ने प्रवर्द्धनात्माक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन, स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरिय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन, अनुमति र नियमन, प्रदेशस्तरिय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन, राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मुल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगलाई दर्ता, सञ्चालन र नियमन गर्ने लगायतका २१ कार्यजिम्मेवारी निर्धारण गरेको छ। मन्त्रालयले स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रदेश नीति तथा कानून, मापदण्ड तथा योजना तर्जुमा लगायतका सम्बन्धमा १३ कानुन निर्माण गरेको भएता पनि कार्यजिम्मेवारी अनुरुप अधिकांश कार्य हुन बाँकी देखिन्छ । मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा तोकिएका काम समयमा सम्पन्न गर्नुपर्दछ । | महालेखापरीक्षकको सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | **कार्यक्रम कार्यान्वयनः-** बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ। यो वर्ष प्रादेशिक आयुर्वेदिक अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी औषधी उत्पादन तथा प्रशोधन केन्द्रको भवन निर्माण, आँपपिपल अस्पताल स्तरोन्नती, कोभिड-१९ को संक्रमण, महामारी एवं अन्य प्राकृतिक प्रकोपका कारण अभिभावक गुमाएका बालबालिकाहरूलाई निशुल्क स्वास्थ्य उपचार सेवा तथा स्तन क्यान्सर, पाठेघरको क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायतको निशुल्क | बजेट तथा कार्यक्रममा समावेश भएका आयोजनाहरु अनिवार्य रुपमा कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | उपचार कार्यक्रमको लागि रू.२ करोड ६० लाख बजेट विनियोजन भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। मन्त्रालयले बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्दछ। | |
| ३ | **कर्मचारी दरबन्दी तथा पदपूर्तिः-** मन्त्रालय तथा मातहत २७ कार्यालय र १२ समितितर्फ कुल ७९२ दरबन्दी स्वीकृत रहेकोमा ५३२ मात्र पदपूर्ति भई २६० जना रिक्त रहेको देखिन्छ । दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **दिगो विकास लक्ष्यः-** गण्डकी प्रदेश सरकारले चालु प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूलाई पनि गण्डकी प्रदेश आवधिक योजनामा मन्त्रालयसँग सम्बन्धित दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी परिमाणात्मक लक्ष्यहरू तोकिएकोमा हालसम्मको उपलब्धी विश्लेषण गर्दा २ सुचकमा आधार वर्ष २०७५।०७६) को तुलनामा अवस्था खस्केको, ९ सूचकमा कुनै प्रगति नभएको, ५ सूचकमा सामान्य प्रगति भएको देखिन्छ ।<br>**४.१.** आधार वर्षमा अपेक्षित आयु र परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजननयोग्य उमेरका महिला क्रमश ७१.४ वर्ष र ३७.३ प्रतिशत भएको र २०८०।८१ सम्ममा ७७ वर्ष र ५३ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७८ । ७९ सम्मको उपलब्धी ७१ वर्ष र ३७.२ प्रतिशत मात्र रहेकोले आधार वर्षको तुलनामा अवस्था खस्किएको छ।<br>**४.२.** आधार वर्षमा प्रति परिवार औषत जनसंख्या ४.२, शिशु मृत्य दर प्रतिहजार २३, नवजात शिशु मृत्यदर प्रति हजार १५, कुल प्रजनन दर २, किशोरी अवस्थाको प्रजनन दर १४ प्रतिशत र दक्ष स्वास्थ्यकर्मिबाट प्रसुति सेवा लिएका महिला | लक्ष्य बमोजिम प्रगति हासिल गर्न आवश्यक व्यवस्थाको लागि निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ६९.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८। ७९ सम्ममा कुनै प्रगति भएको छैन। | |
| ५ | **प्रदेश गौरवका आयोजनाः-** प्रदेशको पञ्चवर्षीय योजनाले मन्त्रालय अन्तर्गत मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माण आयोजनालाई प्रदेश गौरवको आयोजना उल्लेख गरेको छ। लागत अनुमान रू.१ अर्ब ५० करोड रहेको विशिष्टीकृत अस्पताल निर्माणको लागि सम्भाव्यता अध्ययन गर्न २०७६/७७ मा रू.२० लाख बजेट विनियोजन भएकोमा अस्पताल निर्माण गर्न जग्गा प्राप्त हुन नसकेको कारण उक्त आयोजना अघि बढेको छैन। प्रदेशको पञ्चवर्षीय योजनामा यस आयोजना २०७६।७७ देखि शुरु भई २०८०।८१ भित्र सम्पन्न गर्ने उल्लेख भए पनि हाल सम्म सुरु भएको छैन्। आवश्यक बजेट व्यवस्थापन गरी काम सुचारु गर्नुपर्दछ। | प्रदेश गौरवको आयोजनामा पर्याप्त बजेट व्यवस्था गरी तोकिएको समयमा नै कार्य सम्पन्न गर्न निर्देशन दिने। |
| ६ | **विशेष अनुदानः-** नेपाल सरकारले तयार गरेको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५को बुँदा नं ७ मा प्रदेशको हकमा रू.१० करोड रुपैयाभन्दा कमको लागत भएको आयोजनामा विशेष अनुदानको रकम प्रदान नगरिने उल्लेख छ। यस वर्ष संघीय सरकारबाट स्वास्थ्य क्षेत्र सुदृढिकरण आयोजना अन्तर्गत रू.८ करोड ३० लाख र आमा तथा बालवालिका पोषण सुधार आयोजनामा रू.३ करोड ३२ लाख गरी रू.११ करोड ३२ लाख विशेष अनुदान प्राप्त गरेकोमा कुल रू.७ करोड २८ लाख ६२ प्रतिशत) मात्र खर्च गरेको छ। विशेष अनुदानको लागि प्राप्त भएको रकम अधिकतम प्रगति हासिल गर्ने गरी खर्च व्यवस्थापन गर्नुपर्दछ । | म.ले.प.को सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने। |
| ७ | **सीमित प्रतिस्पर्धाः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ २) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद कार्य गर्न नहुने उल्लेख छ । | खरिद कार्य गर्दा टेण्डर प्रकृयाबाट गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | मन्त्रालयले कार्यालयको लागि फर्निचर, फर्निसिङ, मेशिनरी औजार खरिद गर्नको लागि रू.६९ लाख २८ हजार लागत अनुमान तयार गरी रू.६८ लाख ३० हजारमा सोझै खरिद गरेको छ। खरिद गर्दा ऐन तथा नियमावलीको पालना गरी खरिद गर्नुपर्दछ । | |
| ८ | **कोभिड कोषः-** प्रदेश सरकारले सञ्चालन गरेको कोभिड कोषमा रू. ३७ करोड ३१ लाख १४ हजार आम्दानी र रु १८ करोड ३० लाख ५७ हजार खर्च भई २०७८।०७९ असार मसान्तसम्म रु १९ करोड ५७ हजार मौज्दात रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :<br>८.१. मन्त्रालयले संघीय सरकारका ४ कार्यालयहरूलाई रू.१ करोड १४ लाख ७२ हजार उपलब्ध गराएको छ।<br>८.२. कोषबाट रू.१८ करोड १६ लाख ९० हजार विभिन्न कार्यालयहरूलाई निकासा दिएकोमा खर्च नगरेको रकम मध्ये प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रबाट रू.४ करोड ७३ लाख १४ हजार फिर्ता भएको छ भने अन्य कार्यालयबाट भएको खर्चको विवरण लिई बाँकी रकम फिर्ता प्राप्त गरेको छैन।<br>८.३. कोभिड-१९ को कारण मृतकका परिवारको जीविकोपार्जनलाई सहयोग पुर्‍याउने उद्देश्यले मृतकको परिवारलाई रू.५० हजारको दरले स्वास्थ्य कार्यालय, तनहुँ र गोरखाले २८२ परिवारलाई रु १ करोड ४१ लाख आर्थिक सहायता भुक्तानी गरेको छ।<br>८.४. कोरोना भाइरस कोभिड-१९) संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ अनुसार संक्रमणको शंका लागि आइसोलेशनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरूको उपचारमा प्रत्यक्ष | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | तथा अप्रत्यक्ष संलग्न जनशक्तिलाई जोखिम भत्ता उपलब्ध गराउन सकिने व्यवस्था छ। कोरोना भाइरस कोभिड-१९) संक्रमणको उपचारमा संलग्न जनशक्तिलाई जोमसोम अस्पतालले रू.१० लाख ९० हजार, मध्यविन्दु अस्पतालले ११८ जनालाई रु १ करोड १० लाख ७ हजार र संक्रामक तथा सरुवा रोग अस्पताल कास्कीले १०७ जनालाई रु १ करोड २७ लाख कोभिड भत्ता खर्च लेखेको छ। | |
| | ८.५. कोभिडको असर क्रमशः न्यून भई राज्यले नागरिकको उपचार गर्नुपर्ने अवस्थामा सामान्यीकरण भईसकेको भएता पनि मन्त्रालयले मातहतका निकाय मार्फत् अस्थायी दरबन्दीका कर्मचारीलाई रु ७ करोड २५ लाख १९ हजार अतिरिक्त तलब खर्च लेखेको देखियो। स्वास्थ्यकर्मीले गरेको कार्य सम्पादनको अवस्था मूल्यांकन नगरी अस्थायी दरबन्दीमा कर्मचारी राखी तल भत्ता खर्च लेखे लाई जवाफदेही बनाउनु पर्दछ । | |
| | ८.६. सन् २०१९ देखि शुरु भएको कोभिड माहामारीको अवस्था सामान्य भैसकेको छ। यस्तो अवस्थामा मन्त्रालयले आफ्नो र मातहतको कार्यलाई कोभिड अभियानबाट नयाँ सामान्य अवस्था वाट सञ्चालन गर्नुपर्दछ। सो प्रयोजनको लागि प्रदेश र मातहतका स्वास्थ्य निकायमा प्राप्ति एवं खरिद भएको स्वास्थ्य उपकरण, अक्सिजन प्लान्ट लगायतका संयन्त्र र अन्य पूर्वाधार एवं सामग्रीहरू प्रयोग नभई क्षयिकरण हुने अवस्थामा रहेका छन। मंत्रालयले यस्ता सामग्री र संरचनाको अवस्था अनुगमन गरेर स्वास्थ्य संस्थामा परिचालन तथा अन्य वैकल्पिक व्यवस्था गरेर सरकारी श्रोत तथा सामग्रीको प्रभावकारी उपयोग गर्ने व्यवस्था मिलाउनु | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | पर्दछ । | |
| ९ | **रकमान्तरः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ १) मा बजेट नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा ४५० आयोजनाको लागि रू.९१ करोड ७ लाख ९२ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये रू.७५ लाख रकमान्तर गरी एक सवारी साधन रू. ७३ लाख ७४ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | तोकिएको कार्यक्रम बेगर रकमान्तर गरी खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्न निर्देशन दिने। |
| १० | **सोझै खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १) मा सोझै खरिद सम्बन्धी व्यवस्था छ। मातृशिशु मितेरी अस्पतालले रू.५७ लाख ५८ हजार र संक्रामक तथा सरुवा रोग अस्पताल कास्कीले रू.१ करोड १ लाख ४५ हजार समेत रू.१ करोड ५९ लाख ३ हजारको कार्यालय सामान, औषधि तथा औषधिजन्य उपकरण पटक पटक सोझै खरिद गरेका छन्। प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ । | महालेखा परीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ११ | **बाल सघन उपचार कक्षः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत वा स्थानीय बजारमा प्रचलित दरभाउ वा अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म | खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | लाग्ने अनुमानित ढुवानी खर्च वा उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटलाइ आधार मान्नुपर्ने व्यवस्था छ। म्याग्दी जिल्ला अस्पतालले दुई वटा भेन्टीलेटर सहित ५ शैय्याको बाल सघन उपचार कक्षको ३६ आइटम उपकरणको लागि ६ प्याकेज गरी ३ फर्मबाट दररेट लिइ सोको औषतको आधारमा रू.२ करोड ६१ लाख ६६ हजार लागत अनुमान तयार गरेको छ। उक्त नियमावलीले ३ फर्मबाट दररेट लिइ औसतको आधारमा लागत अनुमान कायम गर्ने व्यवस्था गरेको देखिदैन। अतः उक्त सामानको लागत अनुमान तयार गर्दा कम्तीमा पनि ३ फर्मबाट दररेट लिएको अवस्थामा घटी दररेटलाइ लागत अनुमानको आधार बनाउदा खरिद मितव्ययी हुने तर्फ अस्पतालले बिश्लेषण गरेको देखिएन। यसबाट लागत अनुमान प्रतिस्पर्धात्मक र मितव्ययी भएको देखिएन। उक्त उपकरण बोलपत्रको प्रक्रियाबाट ६ प्याकेजमा ४ आपूर्तकबाट लागत अनुमान भन्दा १३.८८ प्रतिशतले घटी रू.२ करोड २५ लाख ३२ हजारमा सम्झौता गरी सामान आपूर्ति गरेको छ। आपूर्ति गरीएका उपकरणहरूको सम्झौतामा भएको व्यवस्था अनुसार सामान दाखिला गर्नुपूर्व स्पेसिफिकेशन अनुसार भए नभएको परीक्षण गरेको नदेखिएकोले आपूर्ति गरीएका उपकरणहरूको गुणस्तर सम्बन्धमा विश्वस्त हुन सकिएन । | |
| १२ | **मूल्य समायोजनः-** जोमसोम अस्पतालले अस्पताल भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी सँगको सम्झौताको विशेष शर्तको बुँदा नं. ५३.१ मा मुल्य समायोजन गणना गर्दा प्रयोग गरिने कोफिसिएण्ट र इन्डेक्सको भार बोलपत्रदाताले बोलपत्र पेश गर्दा एडजष्टमेन्ट डाटा सिटमा उल्लेख गरी सार्वजनिक निकायको प्रमुखले स्वीकृत गरेको आधारमा हुने उल्लेख छ। अस्पतालले भवन निर्माण कार्यको बोलपत्र सम्बन्धी | सम्बन्धित निर्माण व्यवसायीसँग असुल गराई राजश्व खातामा दाखिला गरी सम्परीक्षण गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कागजात तयार गर्दा मूल्य समायोजन सम्बन्धी कोफिसिएण्टको भारको रेन्ज निर्धारण गरेको देखिएन साथै निर्माण व्यवसायीले समेत आफ्नो प्रस्तावित कोफिसिएण्ट भार उल्लेख गरेको छैन। यस वर्ष एक निर्माण व्यवसायीलाई दोश्रो र तेश्रो रनिङ्ग बिलबाट रू.१४ लाख ४० हजार मूल्य समायोजन भुक्तानी दिएकोमा नेपाल राष्ट्र बैंकको होलसेल प्राइस इण्डेक्सलाई आधार मानी मूल्य समायोजन गणना गरेको देखियो। सम्झौता गर्दाका बखत एडजष्टमेन्ट डाटा सिटमा कोफिसियण्टको भार प्रस्ताव नगरेकोले मूल्य समायोजन भुक्तानी दिन नमिल्ने भएकोले उक्त रकम असुल गर्नु पर्दछ। | |
| | **पारिश्रमिक करः-** आयकर ऐन, २०५८ को दफा ८८ मा पारिश्रमिक कर सम्बन्धी व्यवस्था छ। विभिन्न कर्मचारीहरूको तलब तथा भत्ता भुक्तानी गर्दा दमौली अस्पतालले रू.२ लाख ६२ हजार र पर्वत जिल्ला अस्पतालले रू.८ लाख ९२ हजार, धौलागीरी अस्पतालले रू.२ लाख ८० हजार, जोमसोम अस्पतालले रू.१ लाख २५ हजार समेत रू.१५ लाख ६० हजार पारिश्रमिक कर कट्टा नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नु पर्दछ। | सम्बन्धित कर्मचारीसँग असुल गराई राजश्व खातामा दाखिला गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| १३ | **बेरुजु स्थितिः-** मन्त्रालय र मातहतका सरकारी कार्यालयतर्फ १३ निकायमा यो वर्ष रू.१ करोड ७६ लाख २९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायबाट रू.३२ लाख २२ हजार फस्यौट गरेकोले रू.१ करोड ४४ लाख ७ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रू.७ लाख ४१ हजार म्याद नाघेको पेश्की रहेको छ । अन्य संस्था तथा समितितर्फ ११ निकायमा रू.२ करोड ७० लाख १६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायबाट रू.२ लाख १० हजार फस्यौंट र संपरीक्षणबाट रू. ७४ हजार थप भई रू.२ करोड | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ६८ लाख ८० हजार बेरुजु बाँकी रहेको र सो मध्ये रू.२५ लाख म्याद नाघेको पेश्की रहेको छ। | |
| | **युवा तथा खेलकूद मन्त्रालय** | |
| १ | **कार्यजिम्मेवारीः-** प्रदेश सरकार  कार्य विभाजन) नियमावली, २०७४ ले युवा सम्बन्धी प्रदेश नीति, - कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन, खेलकुद सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन, खेलकुद प्रशासन र सङ्घसंस्थाको समन्वय र नियमन, प्रदेश खेलकुद परिषद् सम्बन्धी, जिल्ला खेलकुद परिषद सम्बन्धी र युवा र खेलकुद सम्बन्धी ६ कार्य जिम्मेवारी निर्धारण गरेको छ। मन्त्रालयले एक ऐन, एक नियम र एक कार्यविधि निर्माण गरेको छ भने युवा तथा खेलकुद सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा लगायतका अधिकांश कार्य हुन बाँकी रहेको छ। मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा तोकिएका काम समयमा सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **कर्मचारी दरबन्दी तथा पदपूर्तिः-** मन्त्रालय तथा प्रदेश खेलकुद परिषदका लागि ४६ दरबन्दी स्वीकृत रहेकोमा १७ मात्र पदपूर्ति भई मन्त्रालय तथा प्रदेश खेलकुद परिषदका लागि ४६ दरबन्दी स्वीकृत २९ पद रिक्त रहेको देखिन्छ । पदपूर्ति मध्ये ११ कर्मचारी स्थायी र ६ जना करारका रहेका छन। दरबन्दी अनुसार रिक्त स्थानमा पदपूर्ति गर्नु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **चौमासिक खर्चको स्थितिः-** स्वीकृत कार्यक्रममा चौमासिक बजेट सीमा निर्धारण भएता पनि मन्त्रालयको रू. १२ करोड ४५ लाखपुँजीगत बजेट मध्ये करिव ५० प्रतिशत खर्च | तोकिए बमोजिमको चौमासिकमा खर्च गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | मध्ये तेश्रो चौमासिक अवधिमा मात्र खर्चको करिव ८४ प्रतिशत खर्च भएको छ। आर्थिक वर्षको अन्तिम महिनामा कुल खर्चको ७४ प्रतिशत अर्थात् रू.४ करोड ४३ लाख ४० हजार खर्च भएको देखिएको छ। ठुलो रकम तेस्रो चौमासिक तथा असार महिनामा भएको देखिन्छ। छोटो समयमा बजेटको ठुलो अंश खर्च गर्ने प्रवृत्तिले सम्पन्न कार्यक्रमको गुणस्तरमा ह्रास आउने तथा कार्यक्रम सञ्चालनमा प्रभावकारिता नआउने हुदा समयमानै खर्च गरी विनियोजन दक्षता बढाउनु पर्दछ। | |
| ४ | **बजेट तथा कार्यक्रमः-** कार्यान्वयन मन्त्रालय र मातहतका निकायले गर्नुपर्ने कामसँग सम्बन्धित वार्षिक बजेटमा भएका व्यहोराको कार्यान्वयन गर्न गराउन तथा अनुगमन गर्नुपर्नेमा मन्त्रालयले सीप दक्षता र रोजगारी युवा पलायन रोक्ने हाम्रो जिम्मेवारी कार्यक्रममा रू.२ करोड ५० लाख र सामूहिक रुपमा उद्यम गर्न चाहने युवाहरूलाई प्रोत्साहन गर्न प्रदेश सरकार र युवा उद्यमीहरू बिच लगानी साझेदारीमा "उद्यमी युवा समृद्ध प्रदेश निर्माणमा टेवा" कार्यक्रममा रू.२ करोड ५० लाख विनियोजन भएकोमा कार्यान्वयन भएको छैन । मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि समयमै कार्ययोजना बनाई तोकिएको कार्यक्रम सञ्चालन गर्नु पर्दछ । | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **प्रदेश गौरवका आयोजनाको कार्यान्वयनः-** प्रदेशको चालु पञ्चवर्षीय योजनाले मन्त्रालय अन्तर्गत अन्तराष्ट्रिय क्रिकेट खेलमैदान निर्माण पशुपतिघाट योजनालाई प्रदेश गौरवको योजना भनि उल्लेख गरेको छ। प्रदेश गौरवका आयोजनाको रुपमा छनौट भई रू.१ अर्ब ६३ करोड लागत अनुमान रहेको यस आयोजनाको डिपिआर गर्न विगत वर्षमा रू.१९ लाख ५० हजार खर्च भएता पनि यस आर्थिक वर्षमा सो योजनाको लागि बजेट व्यवस्था गरिएको छैन। प्रदेश गौरवको योजनाको लागि आवश्यक बजेट व्यवस्थापन | प्रदेश गौरवका आयोजनामा पर्याप्त बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ६ | **पञ्चवर्षीय योजनाको कार्यान्वयनः-** प्रदेश सरकारले तयार गरेको प्रथम पञ्चवर्षीय योजना- २०७६।७७-२०८०।८१) अनुसार आर्थिक वर्ष २०७८।७९ मा मन्त्रालय अन्तर्गत विभिन्न १३ कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखेकोमा युवा लक्षित प्राविधिक तथा व्यावसायीक तालिम सञ्चालन, युवाहरू लक्षित सहुलियत दरमा कर्जा प्रवाह, मैत्रीपूर्ण अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने, मुस्ताङ्गमा उचाई खेलमैदान निर्माण, आँधीखोला गाउँपालिकालाई लो-एभिएसन स्पोर्टसको रुपमा विकास गर्ने, नगरपालिकासँगको समन्वयमा खेलमैदान निर्माण लगायतका ६ कार्यक्रममा बजेट व्यवस्था गरेको छैन। पञ्चवर्षीय योजनाले राखेको उद्देश्य पुरा गर्न आवश्यक बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ। | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **नीति तथा कार्यक्रमः-** मन्त्रालयले आफु तथा मातहतका निकायले गर्नुपर्ने कामसँग सम्बन्धित नीति तथा कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने गराउने तर्फ अग्रसरता लिनुपर्दछ । यस आर्थिक वर्षको प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएका युवाहरूलाई विज्ञान र प्रविधिसँग जोड्ने वैज्ञानिक सम्मेलन, एक पालिका एक खेलमैदान लगायतका ३ वटा कार्यक्रममा बजेट व्यवस्था गरेको छैन्। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरूलाई बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ । | वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरुलाई बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने। |
| ८ | **कार्यसञ्चालन स्तरीय कार्यः-** प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ अनुसार युवा सम्बन्धी प्रदेश नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन लगायतका कार्यजिम्मेवारी तोकेको छ। मन्त्रालयले रू.१३ करोड ८५ लाख खर्च गरी रू.५ लाख | महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | भन्दा कमका १४३ योजना, ५ लाख देखि २० लाख सम्मका ४४ योजना र रू.२० लाख भन्दा बढिका २ वटा योजना समेत १८९ आयोजनाहरू उपभोक्ता समिति मार्फत् सञ्चालन गरी कार्यसञ्चालन स्तरको कार्य गरेको छ। नीतिगत तथा नियमनकारी निकायले कार्यसञ्चालन स्तरको काम गर्दा नीति निर्माण तथा नियमन कार्य प्रभावित हुने भएकोले मातहत निकायहरूबाट यस प्रकारका कार्यहरू गराउनु पर्दछ। | |
| ९ | **समग्र प्रगतिः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक विवरण तयार गर्नुपर्ने र प्राप्त प्रगति विवरणको आधारमा समीक्षा गरी प्रगति कम हुनुका प्रमुख कारणहरू पहिचान गर्नुपर्ने समेत उल्लेख गरिएको छ। मन्त्रालय र मातहतका कार्यालयमा ३५६ वटा कार्यक्रमको लागि रू.१५ करोड ५२ लाख विनियोजन भएकोमा २९१ वटा कार्यक्रम कार्यान्वयन भई रू.१३ करोड १४ लाख ८९ हजार अर्थात् ८५ प्रतिशत भौतिक र ८२ प्रतिशत वित्तीय प्रगति भएको छ। मन्त्रालयले कार्यान्वयन योग्य योजनामा मात्र बजेट विनियोजन गरी लक्ष्य अनुसार प्रगति हाँसिल गर्नु पर्दछ । | मन्त्रालयले लक्ष्य बमोजिम प्रगति हासिल गर्ने गरी बजेट व्यवस्था गर्ने र समयमा नै कार्यान्वयन गर्न निर्देशन दिने। |
| १० | **रकमान्तरः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ १) मा बजेट नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा १४५ आयोजनाको लागि रू.९ करोड ९४ लाख बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये रू.७० लाख रकमान्तर गरी एक सवारी साधन रू.६० लाख १५ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र | रकमान्तर गरी खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनु पर्दछ। | |
| | **प्रदेश खेलकुद परिषद्** | |
| ११ | **भवन निर्माणः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत् गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रदेश खेलकुद परिषद् भवन निर्माणको लगि उपभोक्ता समितिलाई रू.५७ लाख १४ हजार खर्च लेखेको छ। सरकारी भवन निर्माण तथा रङ्गरोगनको काम उपभोक्ता समिति मार्फत् गराइ खर्च गर्नु उचित देखिएन। यसमा सुधार हुनुपर्दछ । | सरकारी भवन निर्माण तथा रङ्गरोगन गर्दा टेण्डर प्रकृयाबाट नै गर्न आवश्यक निर्देशन दिने। |
| | **बेरुजुको स्थितिः-** मन्त्रालयको रू.३४ लाख ३२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फछ्र्योट नभई सो बेरुजु बाँकी रहेको छ । अन्य संस्था तथा समितितर्फ १ निकायमा रू.७३ लाख ८६ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फस्योंट नभएकोले सो बेरुजु बाँकी रहेको छ। | बेरुजु नियमित तथ फछ्र्योट गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| | **४.११.२ महालेखा परीक्षकको चौथौं बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७९ उपर मिति २०८०।१२।०४ गते भएका छलफलका निर्णयहरुः** | |
| १ | **कार्य जिम्मेवारीः-** प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ मा तोकिएकामध्ये मन्त्रालयले शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरको | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | मानव संसाधनको आवश्यकता प्रक्षेपण, प्रदेशको शिक्षा ऐन, प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शैक्षिक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, समाजकल्याण र संघसस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, प्रदेश खेलकुद विकास ऐन, नियम, प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन, श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तयार, कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन, राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामाग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण, नियमन, औषधि निगरानी, औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध न्यूनिकरण लगायतका कार्यहरू कार्यान्वयन हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | **कार्यक्रम कार्यान्वयनः-** बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ। यो बर्ष गोरखा लिगलिगकोटमा नेपालको ऐतिहासिक महत्व झल्काउने प्रदेशस्तरीय संग्रहालय निर्माण, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमान्चल क्षेत्रिय अस्पताल ओ.पि.डि भवन निर्माण, नेपाल सरकारको सहकार्यमा संक्रामक तथा सरुवा रोग अस्पतालको डि.पि.आर. तयारी र निर्माण लगायत १९ कार्यक्रमको लागि रु.९ करोड बजेट विनियोजन भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन गरेका छैनन् । मन्त्रालयले बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरूको अनुमगन गरी कार्यान्वयन गर्नुपर्दछ । | बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लिखित कार्यक्रमहरू तोकिए बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ३ | **पञ्चवर्षीय योजनाको कार्यान्वयनः-** प्रदेशले प्रथम पञ्चवर्षीय योजना २०७६/७७-०८०/८१) मा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ। उक्त योजनामा २०७७।०७८ मा कार्यान्वयन गर्ने उल्लेख गरेका कार्यक्रममध्ये स्थानीय तहका विषयगत शिक्षक समूह गठन परिचालन, राज्यकोषवाट सुविधा पाएकाका सन्तानलाई सामुदायिक विद्यालयमा पढाउन प्रोत्साहन गर्ने, वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न कार्यविधि निर्माण गर्ने, अनौपचारिक प्रौढ विद्यालय तथा वैकल्पिक विद्यालय सम्बन्धी नीति निर्माण गर्ने, अनौपचारिक प्रौढ विद्यालय तथा वैकल्पिक विद्यालय सम्बन्धी नीति निर्माण गर्ने, मानित विश्वविद्यालयको आधार तथा मापदण्ड तयार गर्ने, गण्डकी विश्व विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना र संचालन, देश तथा विदेशका अनुसन्धानकर्ता तथा संस्थाहरूसँग सहकार्य गर्ने, औषधिको गुणस्तर परीक्षण प्रयोगशाला स्थापना, विशिष्टकृत महिला तथा बाल अस्पताल स्थापना, सर्ने तथा नसर्ने रोगको नियन्त्रण सम्बन्धी नीति नियम र मापदण्ड तयारी, प्रदेशका सबै भौतिक संरचना अपाङ्ग मैत्री बनाउने, प्रदेश खेलकुद प्रतिष्ठान स्थापना र संचालन, प्रदेश बालकोष स्थापना र संचालन, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नीति तथा कानुन तर्जुमा जस्ता कार्यक्रम कार्यान्वयन भएको देखिएन। पञ्चबर्षिय योजना तथा स्वीकृत वार्षिक कार्यक्रममा तोकिएका कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ। | पञ्चवर्षीय योजना तथा स्वीकृत वार्षिक बजेट कार्यक्रममा तोकिएका कार्यक्रमहरु कार्यान्वयन गर्न निर्देशन दिने। |
| ४ | **दिगो विकास लक्ष्यः-** दिगो बिकासका राष्ट्रिय लक्ष्यहरूलाई सहयोग र परिपूर्ण गर्न गण्डकी प्रदेश सरकारले सबै क्षेत्रमा दिगो बिकासका लक्ष्यलाई मूल प्रवाहीकरण गर्दै प्रथम पञ्चबर्षिय योजनामा लक्ष्य, रणनीति र सूचकहरू निर्धारण गरेको छ । मन्त्रालयले कतिपय सूचकहरू पञ्चबर्षिय योजनाको आधार बर्ष २०७५।०७६ मा प्राप्त उपलब्धी | लक्ष्य बमोजिम प्रगति हासिल गर्ने गरी कार्यक्रमहरु तोकिएको समयमा कार्यान्वयन गर्ने निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | भन्दा यस बर्षसम्म सुधार गर्न नसकेको देखिन्छ ।<br>४.१. रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा २०७५/७६ को उपलब्धि ३९.९ प्रतिशत रहेको थियो। २०७७।७८ मा ४२ प्रतिशत लक्ष्य राखेता पनि प्रगति भने ३९.७ प्रतिशत मात्र रहेको छ ।<br>४.२. कुल आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा २०७५/०७६ को उपलब्धि ७.८ प्रतिशत रहेको र २०७७।०७८ को लक्ष्य ८.५ प्रतिशत रहेको थियो । तर प्रगति भने ७.८ प्रतिशत मात्र प्राप्त भएकोले सुधार हुन सकेको देखिएन ।<br>४.३. दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिलाको हिस्सा २०७५/७६ को उपलब्धि ६९.९ प्रतिशत रहेको र २०७७ । ७८ मा ७१ प्रतिशत लक्ष्य राखेता पनि ४६ प्रतिशत मात्रले सेवा लिएको देखिएकोले सुधार हुन सकेको छैन ।<br>४.४. विद्यालय शिक्षा १-१२ कक्षा) शिक्षक-विद्यार्थी अनुपात २०७५/७६ मा २२.४ प्रतिशत रहेको थियो। मन्त्रालयले २०७७।७८ मा शिक्षक-विद्यार्थी अनुपातको लक्ष्य १९.८ प्रतिशत राखेतकोमा २२.४ प्रतिशत मात्र प्रगति भई दुई आर्थिक वर्षमा प्रगति प्रतिशत समान रहेको छ।<br>४.५. कुपोषण प्रभावित जनसङ्ख्याको हिस्सा २०७७ । ७८ मा ३५ प्रतिशतमा झार्ने लक्ष्य राखेकोमा ४० प्रतिशतमा मात्र झरेको छ । लक्ष्य अनुसार प्रगति हुनुपर्दछ । | |
| ५ | **प्रदेश गौरवका आयोजनाः-** प्रदेशको पञ्चवर्षीय योजनाले मन्त्रालय अन्तर्गत देहायका ३ | प्रदेश गौरवका आयोजनामा पर्याप्त |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आयोजनालाई प्रदेश गौरव र १ आयोजनालाई रुपान्तरणकारी प्रदेश गौरवको आयोजना घोषणा गरेको छ ।<br>यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः<br>५.१. विश्वविद्यालय स्थापना, सभालन र आयोजना अन्तर्गत कुल लागत अनुमान मन्त्रालयले तयार गरेको छैन। गण्डकी विश्वविद्यालयको लागि गत वर्ष रु.९ करोड विनियोजन भएकोमा रु.७० लाख ३६ हजार खर्च गरेको छ। यस वर्ष रु.३२ करोड विनियोजन गरेकोमा रु.९ करोड ४९ लाख खर्च भई महेन्द्र पुलमा रहेको हुलाक भवनमा बि.आइ.टी. कार्यक्रम संचालनको लागि भवन मर्मत, अनुसन्धान अन्वेषण तथा आविष्कार केन्द्रको भौतिक संरचना निर्माण, विभिन्न पाठ्यक्रम निर्माण, आई सि टी ल्याब सेट अप, अन्तर्राष्ट्रिय गोष्ठी तथा सेमिनार आदि कार्य भएतापनि गैह्र आवाशिय भवन निर्माण हुन सकेको छैन ।<br>५.२. गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सशालन आयोजनालाई प्रदेश गौरवको योजनाको रुपमा राखी गत बर्ष रु.४ करोड बजेट विनियोजन गरेकोमा खर्च गर्न नसकेको र यस वर्ष पुन रु.१० करोड बजेट विनियोजन गरेकोमा रु.१ करोड १७ लाख खर्च भएको छ । प्रतिष्ठानको भवन र संरचना तोकिएको स्थानमा बन्न नसक्ने विज्ञहरूको प्रतिवेदन अनुसार बिनियोजित बजेट खर्च हुन नसकेको देखिन्छ ।<br>५.३. प्रदेश क्रिकेट मैदान निर्माण आयोजना निर्माणको कामको कुल लागत अनुमान रु.१ अर्ब ६३ करोड रहेको छ। गत वर्ष रु.१ करोड विनियोजन भएकोमा रु.१९ लाख ५० हजार खर्च गरेको र यस वर्ष आयोजनालाई रु.२ करोड | बजेट व्यवस्था गरी तोकिएको समयमा नै सम्पन्न गर्नु पर्ने र यदि बजेट व्यवस्था हुँदाहुँदै सो खर्च गर्न नसकेमा सो को आवश्यक अध्ययन गरी किन खर्च हुन नसकेको हो? सोको जानकारी समितिमा पेश गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | विनियोजित बजेट शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय कास्कीलाई पठाएता पनि कोभिडको कारण ठेक्का प्रकृया अगाडि बढाउन नसकेकोले बजेट खर्च भएको छैन ।<br>५.४. मुटु मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माण आयोजनालाई प्रदेश रुपान्तरणकारी गौरवको योजनामा राखी गत वर्ष रु.२० लाख विनियोजन गरेकोमा खर्च गरेको छैन । यो वर्ष अस्पताल निर्माणको लागि रु.२ करोड बजेट प्राप्त भएकोमा अस्पताल निर्माण कार्यमा खर्च नगरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमान्चल क्षेत्रिय अस्पतालको सहकार्यमा सेवा संचालन गर्न मेसिन औजार खरिदमा खर्च गरेको छ ।<br>आयोजनाको लागि न्यून बजेट व्यवस्था भएको र खर्च गर्ने दक्षता कमजोर रहेको कारण कार्यान्वयन अवस्था सुस्त देखिएको छ । पर्याप्त बजेट व्यवस्था गरी प्रभावकारी रुपमा आयोजना कार्यान्वयन गर्नुपर्दछ। | |
| ६ | **विशेष अनुदानः-** संघले तयार गरेको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा प्रदेशको हकमा रु.१० करोड रुपैयाँभन्दा कम लागत भएको आयोजनामा विशेष अनुदान प्रदान नगर्ने उल्लेख छ । यस वर्ष मन्त्रालयले स्वास्थ्य क्षेत्र सुदृढीकरण तथा सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा क्षेत्रको विकास आयोजना अन्तर्गत रु.२२ करोड विशेष अनुदान प्राप्त गरेकोमा रु.१४ करोड ३८ लाख  ६२.७३ प्रतिशत) खर्च गरेको छ । संघीय विशेष अनुदान निश्चित आयोजनाको लागि खर्च गर्नुपर्नेमा स्वास्थ्य क्षेत्र सुदृढीकरण तथा शिक्षा क्षेत्रको विकास आयोजना अन्तर्गतको उक्त अनुदान प्रदेश स्थित सम्पूर्ण कार्यालयलाई बाँडफाँट गरेको छ । यस अनुदानबाट मन्त्रालयले रु.१ | विशेष अनुदानको रकम जुन आयोजनाको लागि निश्चित भएको हो सोही योजनामा मात्र रकम खर्च गर्नेगरी कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | करोड २३ लाख, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई रु.८ करोड ६४ लाख, १२ वटा अस्पतालहरूलाई रु.३ करोड ४५ लाख तथा ११ स्वास्थ्य कार्यालयहरूलाई रु.१ करोड ६ लाख बजेट बाँडफाँट गरेको छ । योजना तयार नगरी रकम बाँडफाँट गर्दा विशेष अनुदानको उद्देश्य अनुरूप उपयोग नहुने देखिएको छ। यसमा नियन्त्रण गरी आयोजना विशेषमा खर्च गर्नुपर्दछ । | |
| ७ | **मूल्य अभिवृद्धि करः-** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग) अनुसार ठेक्का वा करार अन्तर्गत भुक्तानी गर्दा मू.अ.कर रकमको २०७८।२।१५ सम्म ५० प्रतिशत र जेष्ठ १६ देखी ३० प्रतिशत ले हुने रकम राजस्व शीर्षकमा जम्मा गरी बाँकी रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष ७ आपूर्तकलाई रकम भुक्तानी गर्दा नियमानुसार हुने रु.७ लाख ८९ हजार मूल्य अभिवृद्धि कर कट्टी नगरी पुरै रकम भुक्तानी गरेको छ । उक्त रकम राजस्वमा जम्मा भएको सुनिश्चितता गर्नुपर्दछ । | ठेक्का रकम भुक्तानी गर्दा कट्टा गर्नुपर्ने मूल्य अभिवृद्धि कर कट्टा नगरी भुक्तानी दिएकोमा सोको समायोजन भएको सुनिश्चितता गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| 8 | **सीमित प्रतिस्पर्धाः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ २) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद कार्य गर्न नहुने उल्लेख छ । ऐनको व्यवस्था विपरीत मन्त्रालयले रु.९८ लाख ६५ हजारको सामानहरू सोझै खरिद गरेको छ। उक्त खरिदमध्ये मेशिनरी तथा औजारमा रु.३९ लाख १२ हजार र फर्निचरमा रु.२५ लाख ९ हजार रहेको छ। कानुन बमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी खरिद गर्नु पर्दछ। | खरिद कार्य गर्दा खरिद ऐनको पूर्ण रुपमा पालना गर्न निर्देशन दिने। |
| 9 | **उपभोक्ता समितिको योगदानः-** गण्डकी प्रदेशको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ ३च) र उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार मन्त्रालयको अनुदान र उपभोक्ता समितिको श्रमदान लाई | बढी भुक्तानी भएको रकम असुल गराई सम्परीक्षण गरी यस समितिमा जानकारी गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | आधार मानी विल भुक्तानी गर्दा उपभोक्ता समितीको योगदान अंश कट्टा गरी भुक्तानी दिनु पर्दछ। मन्त्रालयले १३ वटा योजनाहरूमा उपभोक्ता समितिलाई भुक्तानी गर्दा सम्झौता अनुसार अनुपातिक रुपमा उपभोक्ताको योगदान कट्टी नगरी रु.३४ लाख ९४ हजार बढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ । | |
| 10 | **रकमान्तरः-** मन्त्रालयको शुरु बजेट रु.३ अर्ब १७ करोड ८२ लाख रहेकोमा रकमान्तरबाट थप भई रु.३ अर्ब ४२ करोड ६० लाख कायम भएको छ । उक्त बजेटबाट रु.२ अर्ब ४३ करोड २५ लाख खर्च भई शुरु बजेटको ७६.५३ प्रतिशत र संशोधित बजेटको ७१ प्रतिशत खर्च भएको छ । शुरु विनियोजन बजेट नै खर्च गर्न नसक्ने अवस्थामा रकमान्तर गरी बजेट थप गर्नुको औचित्य देखिएन । यथार्थपरक बजेट बनाउन ध्यान दिनुपर्दछ । | रकमान्तरको प्रवृत्तिलाई नियन्त्रण गर्दै यथार्थपरक बजेट बनाउन निर्देशन दिने। |
| ११ | **कोभिड कोषः-** कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्नको लागि सामाजिक बिकास मन्त्रालयले कोभिड चल्ती कोष भनी राष्ट्रिय बाणिज्य बैंकमा एक विविध खाता संचालन गरेको छ । उक्त खातामा गत बर्षको मौज्दात रु.१६ करोड १५ लाख ९५ हजार समेत जम्मा रु.२० करोड ६९ लाख ४४ हजार आम्दानी रहेकोमा रु.१५ करोड २४ लाख ४३ हजार खर्च भई रु.५ करोड ४५ लाख १ हजार मौज्दात रहेको छ । त्यस्तै कोभिडको रोकथाम तथा नियन्त्रण गर्नको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा एक विविध खाता सञ्चालन गरेको छ । उक्त खातामा गत बर्षको मौज्दात रु.२ करोड ७० लाख ३७ हजार र यस बर्ष प्राप्त रु.४९ करोड ९ लाख ७८ हजार समेत रु.५१ करोड ८० लाख १५ हजार आम्दानी भएकोमा रु.२३ करोड ४० लाख ७९ हजार खर्च भई रु.२८ करोड ३९ लाख ३६ हजार मौज्दात रहेको छ । यस सम्बन्धी | म.ले.प.को सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | देखिएका व्यहोरा देहाय अनुसार छन्: <br>११.१. सरकारी कारोवार निर्देशिका, २०७६ मा प्रदेश सरकारका सबै निकायहरूले आकस्मिक लगायतका विविध कोषको कारोवार गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा खाता खोल्नुपर्ने उल्लेख छ । सामाजिक विकास मन्त्रालयले कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत राष्ट्रिय बाणिज्य बैंकमा एक विविध खाता सञ्चालन गरेकोमा सोही बैंकमा कोभिड चल्ती कोष भनी छुट्टै खाता संचालन गरेको देखियो । आर्थिक बर्षको अन्तमा उक्त खातामा रु.५ करोड ४५ लाख १ हजार मौज्दात रहेको छ । निर्देशिका विपरित सञ्चालन गरेको खाता बन्द गरी मौज्दात रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमा खोलिएको खातामा जम्मा गर्नुपर्दछ।<br>११.२. कोरोना भाइरस रोग रोगथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन तथा स्वास्थ्य उपकरण खरिद गर्ने कार्यक्रमको लागि रु.२० करोड विनियोजनमध्ये मन्त्रालयले रु.१ करोड ४८ लाख ४८ हजार खर्च गरी बाँकी रकम र.१८ करोड ५१ लाख ५२ हजार प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत रहेको विविध खाता मार्फत कारोवार हुने गरी कोरोना भाइरस संक्रमण रोगथाम, नियन्त्रण तथा उपचार कोषमा जम्मा गरिदिन आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाएकोमा मन्त्रिस्तरको २०७८ । १।२१ को निर्णयले उक्त कोषमा जम्मा गरेको छ। स्वीकृत बार्षिक कार्यक्रम अनुसार खर्च नभएको रकम फिर्ता नगरी कोषमा जम्मा | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गरेको देखियो । | |
| | ११.३. कोषबाट यस बर्ष प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई रु.१५ करोड ५९ लाख ८२ हजार, स्वास्थ्य निर्देशनालयलाई रु.१ करोड १८ लाख ७६ हजार, प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई रु.१ करोड ३९ लाख ५ हजार, क्षयरोग उपचार केन्द्र र स्वास्थ्य तालिम केन्द्रलाई रु.६६ लाख ५२ हजार, ८५ स्थानीय तहलाई रु.८ करोड ३७ लाख ८९ हजार, ११ जिल्ला प्रशासन कार्यालयलाई रु.८५ लाख २५ हजार, ३ मन्त्रालयलाई रु.५२ लाख ६८ हजार, ११ आयुर्वेद स्वास्थ्य केन्द्रलाई रु.२४ लाख, ११ स्वास्थ्य कार्यालयलाई रु.८५ लाख ४९ हजार र १२ अस्पतालहरूलाई रु.७ करोड १७ लाख ५२ हजार समेत जम्मा रु.३६ करोड ८६ लाख ९८ हजार निकासा दिएको छ । मन्त्रालयले उक्त निकासा रकमबाट भएको खर्चको विवरण लिई अभिलेख अद्यावधिक नगरेको र अनुगमन पनि गरेको छैन ।<br>११.४. कोषबाट एक सामुदायिक लायन्स अस्पताललाई रु.९० लाख ३४ हजार, एक रेडक्रस सोसाइटीलाई रु.३ लाख २० हजार र जिपी कोइराला राष्ट्रिय स्वासप्रश्वास उपचार केन्द्रलाई रु.१० लाख उपलब्ध गराएको छ । ती संस्था तथा निकायलाई उपलब्ध गराएको रकमको खर्च र प्रगति विवरण माग नगरेको र मन्त्रालयले अनुगमन समेत गरेको छैन । निकासा दिएको रकमको विवरण लिई अभिलेख अद्यावधिक गर्नुपर्ने र अनुगमन गर्नुपर्ने देखियो।<br>११.५. संक्रामक तथा सरुवा रोग अस्पताल पोखरालाई प्रदेश संचितकोषबाट रु.१ | ✓ मन्त्रालयबाट निकासा भई खर्च भएको रकमको यथार्थ विवरण लिई अद्यावधिक गर्न निर्देशन दिने।<br>✓ महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।<br>✓ महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।<br>✓ खर्च गर्दा प्रतिस्पर्धाको विधि अवलम्बन गरी खर्च गर्न निर्देशन दिने।<br>✓ महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | करोड ८२ लाख, संघीय कोभिड कोषबाट रु.६४ लाख १३ हजार र प्रदेश कोभिड कोषबाट रु.१ करोड ३२ लाख १ हजार गरी जम्मा रु.३ करोड ७८ लाख १४ हजार प्राप्त भएकोमा आईशोलेशन केन्द्र निर्माण तथा व्वस्थापनमा रु.७५ लाख ९१ हजार, जनशक्ति परिचालनमा रु.७९ लाख ४९ हजार, औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिदमा रु.४७ लाख ८३ हजार र अन्य शीर्षकमा रु.३९ लाख ९१ हजार गरी जम्मा रु.२ करोड ४३ लाख १४ हजार खर्च भई रु.१ करोड ३५ लाख मौज्दात रहेको छ । कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि प्राप्त रकम ३५.७ प्रतिशत खर्च नभई बाँकी रहेको छ। | |
| ११.६. | मध्यबिन्दु अस्पतालले महामारी फैलन सक्ने अबस्थालाई मध्यनजर राख्दै जनशक्ती व्यवस्थापनमा रु.४३ लाख १३ हजार, पि.सि. आर. भवन तथा आईसोलेसन केन्द्र भवन स्थापना गर्ने कार्यमा रु.३९ लाख ८५ हजार, औषधीजन्य तथा स्वास्थ्य सामाग्री खरीदमा रु.४६ लाख ५३ हजार, अक्सिजनको व्यवस्थापनमा रु.१४ लाख ३ हजार र औजार उपकरण, सप्टवेयर, कम्प्यूटर पि.सि. आर ल्यावको सेटअप बन्दोवस्ती खाना, नास्ता तथा अन्य व्यवस्थापनमा रु.२९ लाख १२ हजार गरी जम्मा रु.१ करोड ७२ लाख ६६ हजार खर्च गरेको छ । अस्पतालले कोरोना महामारीको पूर्व तयारीमा खर्च गर्दा प्रतिस्पर्धा नगरेको र अन्य शीर्षकमा देखाएको खर्चको बिस्तृत विवरण राखेको छैन । | |
| ११.७. | कोरोना भाइरस कोभिड-१९) संक्रमणको उपचारमा संलग्न जनशक्तिको | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ अनुसार संक्रमणको शंका लागि आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरूको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा अप्रत्यक्ष संलग्न र इमेजिङ्ग सेवा प्रदायक जनशक्ति र उपचाररत बिरामीहरूको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई जोखिम भत्ता उपलब्ध गराउन सकिने व्यवस्था छ । मध्यबिन्दु अस्पतालले वैशाख, जेष्ठ, आषाढमा कोरोना भाइरस कोभिड-१९) संक्रमणको उपचारमा संलग्न स्वास्थ्यकर्मी, प्राविधिक कर्मचारी ८७ र प्रशासनिक कर्मचारी २० सहित १०७ जनालाई रु.१४ लाख ६७ हजार जोखिम भत्ता उपलब्ध गराईएको छ। उपचारमा संलग्न जनशक्तिलाई मात्र जोखिम भत्ता उपलब्ध गराउनुपर्नेमा प्रशासनिक कर्मचारीलाई समेत उपलब्ध गराईएको छ।<br>११.८. कोरोना भाइरस सम्बन्धी क्वारेण्टाइन सगालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ को दफा ११ मा क्वारेण्टाइनको संचालन तथा व्यवस्थापनका निमित्त आवश्यक पर्ने रकम कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोषबाट व्यहोरिने उल्लेख छ । मध्यबिन्दु अस्पताल र एक रेष्टुरेण्ट सचालकबीच २०७७ पौष २९ मा २०७७ माघ १ गते देखि लागु हुने गरी खाना प्रति छाक रु.१२०।- , खाजा रु.१००।-, सिंगल कोठा प्रतिदिन रु.३५०।-, एटेच कोठा प्रति दिन रु.५५०।-, एसि कोठा दुई बेड प्रतिदिन रु.८००।- हुने गरी सम्झौता भएकोमा सोही अनुसार भुक्तानी भएको छ। पिसिआर ल्याब तथा आवास खर्च शीर्षकमा २०७७ फाल्गुन र चैत्रमा | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रु.२ लाख १४ हजार र २०७८ बैशाखदेखि आषाढसम्म रु.६ लाख २९ हजार गरी जम्मा रु.८ लाख ४४ हजार खर्च भएको छ । तर अस्पतालले क्वारेण्टाइन र आइसोलेशनमा बसेको संख्या समेत खुलाई अभिलेख अद्यावधिक गरेको छैन ।<br>११.९. मातृशिशु मितेरी अस्पतालले उपलब्ध गराएको विवरण अनुसार प्रदेश कोभिड समेत रु. ६० लाख ५४ हजार आम्दानी भएकोमा कोरोना रोगथाम तथा नियन्त्रण व्यवस्थापनको लागि रु.५८ लाख ९५ हजार खर्च भइ रु.१ लाख ५९ हजार बाँकी रहेको छ । खर्च मध्ये जनशक्ति परिचालनमा रु.१६ लाख ६५ हजार र औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री सोझै खरिद गरी रु.४२ लाख ३० हजार खर्च भएको विवरण पेश भएको छ । सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित भएको कारणबाट खर्च रकम मितव्ययी भएको देखिएन ।<br>११.१०. दमौली अस्पताल तनहुँले अस्पताल परिसरमा अक्सिजन प्लान्ट स्थापन गर्न विद्युतिय बोलपत्रमार्फत सुचना आह्वान गरी मिति २०७८।१।३० मा एक कम्पनीसंग ३० दिनभित्र कार्यसम्पन्न गर्ने गरी रु.५३ लाख ३९ हजारमा खरिद सम्झौता गरेकोमा सो अवधिमा अक्सिजन प्लान्ट जडान नभएकोले २०७८ आषाढमा अक्सिजन सिलिण्डर खरिद, अक्सिजन भरेको र ढुवानी समेत गरी रु.५ लाख ८५ हजार भुक्तानी गरेको छ । यसरी सम्झौता बमोजिम समयमा अक्सिजन प्लान्ट जडान नभएको कारण कार्यालयलाई थप व्ययभार परेको छ । | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | ११.११. जिल्ला अस्पताल पर्वतलाई प्रदेश संचितकोषबाट रु.७८ लाख ७५ हजार प्राप्त भएकोमा तलब भत्तामा रु.८ लाख ७५ हजार, अक्सिजन रिफिल तथा ढुवानीमा रु.५ लाख, अत्यावश्यक औषधि खरिदमा रु.५ आइसोलेसन संचालनमा रु.१० लाख, अक्सिजन पाइपलाइन निर्माणमा रु.५ लाख, कोभिड संक्रमितका लागि वार्ड निर्माणमा रु.२० लाख, आइसोलेसन सेन्टर विस्तारको लागि अस्थाई प्रिफ्याब भवन निर्माणमा रु.२० लाख खर्च गरेको छ । उक्त खर्चको बिस्तृत विवरण तयार गरी मन्त्रालयमा नपठाएको र अनुगमन गरी प्रगति प्रतिबेदन पनि तयार गरेको छैन । कोषबाट निकासा भएको रकमको विवरण लिई नियमित अनुगमन गर्नुपर्ने देखियो । | |
| | **शिक्षा विकास निर्देशनालय** | |
| १२ | **कार्यक्रम कार्यान्वयनः-** निर्देशनालयको लागि यो बर्ष रु.८ करोड ८६ लाख ८१ हजार बजेट विनियोजन भएकोमा रु.३ करोड १५ लाख २२ हजार बजेटको ३५.५५ प्रतिशत) मात्र खर्च गरेको छ । स्वीकृत कार्यक्रमहरूमध्ये कक्षा १० एस.ई.ई. परिक्षा संचालनको लागि रु.४ करोड २४ लाख बजेट विनियोजन भएकोमा रु.४४ लाख ११ हजार १०.४० प्रतिशत) मात्र खर्च गरेको छ। कोरोना महामारीको कारण एस.ई.ई. परिक्षा हुन नसकेकोले खर्च हुन नसकेको निर्देशनालयको भनाइ रहेको छ। अति सिमान्तकृत तथा लोपउन्मुख जनजाती विद्यार्थीहरूको लागि स्नातक, स्नातकोत्तर छात्रवृत्ति वितरण गर्न रु.१२ लाख, स्थानीय तहमा ३३ जना विषयगत शिक्षक परिचालन गर्न रु.१६ लाख ५० हजार र विद्यार्थी प्रतिभा पहिचान तथा प्रोत्साहन पुरस्कारका लागि रु.३५ लाख बजेट विनियोजन गरे पनि कार्यक्रम सभालन भएको | तोकिएका कार्यक्रमहरु समयमा नै सम्पन्न गर्न आवश्यक निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | छैनन्। स्वीकृत कार्यक्रम संचालन नहुँदा लक्षित विद्यार्थिहरूले सेवा प्राप्त गर्न सकेका छैनन्। लक्षित कार्यक्रम समयमै कार्यान्वयन हुनु पर्दछ। | |
| १३ | **उत्तरपुस्तिका खरिदः**-प्रदेशका ११ जिल्लाभित्र संचालन हुने एस.ई.ई. परीक्षाका लागि निर्देशनालयले गत बर्ष रु.६२ लाख ७१ हजारमा मुल उत्तर पुस्तिका ६ लाख १५ हजार थान र थप उत्तर पुस्तिका ४ लाख ९८ हजार थान खरिद गरेको र सोमध्ये मुल उत्तरपुस्तिका ५ लाख ७५ हजार थान सम्बन्धित जिल्लामा पठाएकोमा कोभिड महामारीको कारण परीक्षा संचालन हुन सकेको थिएन । यस वर्ष नेपाल प्रज्ञा-प्रतिष्ठानबाट मुल उत्तर पुस्तिका प्रतिथान रु.८ का दरले २ लाख ५० हजार थान र थप उत्तर पुस्तिका प्रतिथान रु.२ का दरले २ लाख ५० हजार थान खरिद गरी मूल्य अभिवृद्धि कर समेत रु.२८ लाख २५ हजार भुक्तानी गरेको छ । सोमध्ये मुल उत्तर पुस्तिका १ लाख ९५ हजार र थप उत्तर पुस्तिका १ लाख ५६ हजार सम्बन्धित जिल्लामा ढुवानी गरेको छ ।<br>प्रदेश अन्तर्गत यो बर्ष कुल ४७ हजार २७२ परिक्षार्थी रहेकोले १० विषयको परीक्षा संचालन गर्न ४ लाख ७२ हजार ७२० थान र भविष्यमा जोखिमको लागि १० प्रतिशत थप लाग्ने उल्लेख गरेकोले मूल उतरपुस्तिका जम्मा ५ लाख २० हजार थान आवश्यक पर्ने देखिन्छ । गत वर्ष खरिद गरिएको उत्तरपुस्तिकामध्ये परीक्षा संचालन हुन नसकी बाँकी रहेको अवस्थामा यस वर्ष पुनः उत्तरपुस्तिका खरिद गरेको र यो बर्ष पनि परीक्षा संचालन हुन नसकी मौज्दात रहेको अवस्था छ। ११ जिल्लामा दुई बर्षमा मूल उत्तरपुस्तिका मात्र ७ लाख ७० हजार थान ढुवानी भएको देखिन्छ। बर्षान्तमा निर्देशनालयमा ५५ हजार थान मुल र ९४ हजार थान थप उत्तर पुस्तिका मौज्दात | खरिद भएका सम्पूर्ण उत्तरपुस्तिकाको अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | रहेको छ। ढुवानी भएका सबै केन्द्रबाट उपयोग र बौकीको विवरण लिई अभिलेख अद्यावधिक गर्नु पर्दछ। | |
| | **गण्डकी विश्वविद्यालय** | |
| १४ | **रणनीतिक योजनाः-** गण्डकी विश्व विद्यालय शिक्षक तथा कर्मचारी नियमावली, २०७७ को अनुसुची ३ मा कुलपतिले अध्यक्षता गर्ने बैठकमा प्रति बैठक रु.३ हजारका दरले बैठक भत्ता वितरण गर्ने व्यवस्था छ। विश्वविद्यालयको २०२१-२०३१ सम्मको रणनैतिक योजना निर्माण कार्यको लागि रु.३० लाख बजेट छुट्याएकोमा ५८ बैठकको रु.३ हजारका दरले रु.१७ लाख ४७ हजार खर्च लेखेको छ। रणनैतिक योजना निर्माणको लागि ६ सदस्यीय कार्यदल गठन भएकोमा प्रत्येक बैठकमा कार्यदलभन्दा बाहिरका आमन्त्रित, सहयोगी कर्मचारी समेतको उपस्थिति गराई ११ जना सम्मलाई बैठक भत्ता वितरण गरेको पाइयो। कार्यदलका सदस्य बाहेकका व्यक्तिलाई बैठकमा सहभागी गराई भत्ता भुक्तानी गर्नु नियम सम्मत देखिएन । | गण्डकी प्रदेश सरकारले आएको खर्चको मापदण्ड बमोजिम भत्ता वितरण गर्न निर्देशन दिने। |
| १५ | **ठेक्का व्यवस्थापनः-** गण्डकी प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ५ मा स्वीकृत कार्यक्रम समयमै सम्पन्न गर्न प्रथम चौमासिकभित्र सम्पूर्ण प्रकृया पुरा गरी कार्यान्वयनमा जानुपर्ने उल्लेख छ । यो बर्ष विश्वविद्यालयको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने क्रममा १८ प्याकेजमा विभिन्न निर्माण कार्य गर्न रु.८ करोड २४ लाख ६२ हजारको लागत अनुमान तयार गरी बोलपत्र माग गरेकोमा दोस्रो चौमासिकमा १ तथा तेस्रो चौमासिकमा १६ समेत १७ ठेक्काको रु.६ करोड १८ लाख ४७ हजारमा सम्झौता भएको छ। कुल सम्झौतामध्ये यस बर्ष रु.३ करोड ८८ लाख ३० हजार भुक्तानी भएको छ। ती सबै ठेक्काहरू | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | चैत्रदेखि आषाढभित्र सम्पन्न गर्नुपर्नेमा ११ सम्पन्न गरेको र ६ को कार्य सम्पन्न हुन सकेको छैन। त्यस्तै ३ बटा परामर्श सेवा खरिद गर्न रु.४७ लाख ९ हजारमा सम्झौता गरेकोमा रु.२९ लाख ९२ हजार भुक्तानी गरी एक सम्पन्न गरेको र २ परामर्शदाताले कार्य सम्पन्न गरेका छैनन्। अधिकांश ठेक्का तेस्रो चौमासिकमा गरेकोले कार्यसम्पन्न भएको देखिएन। समयमा नै ठेक्का सम्झौता गरी कार्यतालिका बमोजिम कार्य सम्पन्न गर्नु पर्दछ। | |
| | **अस्पताल** | |
| १६ | **सोझै खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा २० लाख औषधीको हकमा रु.५० लाख) सम्मको सामान शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। पर्वत जिल्ला अस्पतालले यस वर्ष रु.१८ लाख ६० हजार, धौलागिरी अस्पतालले रु.१४ लाख ५८ हजार, गोरखा अस्पतालले रु.५४ लाख ७८ हजार र संक्रामक तथा सरुवा रोग अस्पताल कास्कीले रु.२१ लाख ६० हजार, दमौली अस्पतालले रु.३६ लाख ३७ हजारका कार्यालय सामान, औषधी, उपकरण पटक पटक सोझै खरिद गरेका छन्। प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद कार्य गर्नु पर्दछ। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १७ | **औषधीको मूल्य निर्धारणः-** नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को बुँदा नं ९ मा औषधी र औषधीजन्य पदार्थको बिक्री मूल्य निर्धारण गर्दा २० प्रतिशतमा नबढाई बिक्री मूल्य निर्धारण गर्नुपर्ने एवं यसरी मूल्य निर्धारण गर्दा अधिकतम खुद्रा मूल्यभन्दा बढी हुन | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | नसक्ने व्यबस्था गरेकोमा पर्वत जिल्ला अस्पतालले मोन्टे लुकास १० र फ्लुक्लोसासिलिन सोडियम र धौलागिरी अगल अस्पतालले पेन्टाजोल ४० एम जी र जेफिक्स २०० को ५५ देखि १४३ प्रतिशतसम्म पढी मूल्य कायम गरी सर्वसाधारणलाई मिक्री गरेको पाइयो । औषधी जस्तो सम्बेदनशील विषयमा निर्देशिकाको पालना नहुँदा सर्वसाधारणले सुविधा पाएको देखिएन । निर्देशिकाको पूर्ण पालना गराउनुपर्दछ । | |
| १८ | **बढी भुक्तानीः-** स्याङ्जा जिल्ला अस्पताल व्यवस्थापन समितिले २०७७।०७८ बाट लागु हुने गरी अस्पतालबाट प्रदान भइरहेको भिडियो एक्सरे सेवामाट प्राप्त रकममध्ये सेवा प्रदायकलाई ५० प्रतिशत र समितिमा ५० प्रतिशत रहने गरी २०७७।८।९ मा निर्णय गरेको छ । अस्पतालले एक चिकित्सकलाई २०७७ श्रावण देखि ०७८ अषाढ मसान्त सम्म १ हजार २७९ सेवाग्राहीको रु.३ लाख २० हजार भुक्तानी गर्नुपर्नेमा २०७६ मंसिरदेखि ३ हजार १९८ सेवाग्राहीको हिसाब गरी रु.८ लाख भुक्तानी गरेकाले बढी भुक्तानी गरेको रु.४ लाख ८ हजार असुल गर्नुपर्दछ । | बढी भुक्तानी भएको रकम असुल गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| १९ | **ट्रमा सेन्टर संचालनः-** धौलागिरी अन्चल अस्पतालमा ट्रमा युनिट संचालनको लागि बजेटको व्यवस्था भए अनुरुप रु.४६ लाख ६७ हजार मूल्यका विभिन्न उपकरणहरू खरिद गरेकोमा अस्पतालमा हालसम्म ट्रमा युनिट विस्तार हुन सकेको छैन । ट्रमा युनिटको लागि खरिद गरिएका उपकरणहरू अपरेशन विएटरमा प्रयोग भएको छ । जुन प्रयोजनको लागि खरिद गरिएको हो सो कार्यका लागि उपकरण प्रयोग गर्नुपर्दछ। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| २० | **उपकरणको सञ्चालन र उपयोगः-** सार्वजनिक निकायले खरिद गरेको सामग्रीको समयमै उचित ढंगले उपयोग र व्यवस्थापन गर्नुपर्दछ । धौलागिरी अन्चल अस्पतालमा शथ्या | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | गप गर्ने कार्यका लागि रु५५. लाख ३५ हजार मूल्यका १०० शख्या तथा रु.५ लाख ७७ हजार मूल्यको प्यासेन्ट सिफ्टिङ ट्रली खरिद गरेकोमा लेखापरीक्षण अवधीसम्म पनि प्रयोगमा आउन सकेको छैन । मातृशिशु मितेरी अस्पताल, पोखराले गत वर्ष खरिद गरेको रु.८१ लाख ९२ हजारका भेन्टिलेटर, डिफ्रेविलेटर लगायतका उपकरण विशेषज्ञ चिकित्सकको अभावमा यस वर्ष पनि प्रयोगमा ल्याएको छैन । त्यस्तै मनाङ अस्पतालले गत वर्ष खरिद गरेको रु.४८ लाख ६० हजारको अक्सिजन प्लान्ट यस वर्ष पाईप लाईनको कार्य गरी सञ्चालन गर्न रु.१२ लाख मजेट विनियोजन भएकोमा सो कार्य नभएकोले सञ्चालनमा आएको छैन । उपकरण उपयोगमा नल्याउँदा सामग्रीको गुणस्तरमा हास आउन सक्ने र सेवा प्रवाह समेत प्रभावकारी नहुने भएकोले समयमै प्रयोग ल्याउनुपर्ने देखिन्छ। | |
| २१ | **कार्यक्रम कार्यान्वयनः-** जिल्ला अस्पताल मनाङको लागि यस वर्ष आइसोलेशन सेण्टर निर्माणको लागि रु.३० लाख, औषधी र एम्बुलेन्स खरिदको लागि रु.२७ लाख, अक्सीजन प्लाण्ट जडानको लागि पाइपलाईनको कार्य गर्न रु.१२ लाख र पोषण कक्षमा मेडिकल सामग्री र फर्निचर खरिद गर्न रु.४ लाख मजेट व्यवस्था भएकोमा ती कार्यक्रम कार्यान्वन भएको छैन। यस सम्बन्धमा बाढी पहिरोको कारण आइसोलेशन सेण्टर निर्माण हुन नसकेको, सूचना प्रकाशन गर्दा मोलपत्र नपरेको कारण शव-वाहन र एम्बुलेन्स खरिद गर्न नसकेको, थ्री-फेज लाइनको विद्युत नभएको कारण अक्सीजन प्लाण्ट जडानको कार्य नभएको र भवन अभावका कारण पोषणको सामग्री खरिद गर्न नसकेको अस्पतालको भनाई छ। स्वीकृत बजेट तथा कार्यक्रमहरू समयमै संचालन गरी प्रगति हासिल गर्नु पर्दछ। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| २२ | **पारिश्रमिक करः-** आयकर ऐन, २०५८ को दफा ८ बमोजिम पारिश्रमिक लाग्ने कर कट्टा तथा दाखिला हुनु पर्दछ। विभिन्न कर्मचारीहरूको तलब तथा भत्ता भुक्तानी गर्दा म्याग्दी अस्पतालले रु.१ लाख ८५ हजार, दमौली अस्पतालले रु.३६ हजार र स्याङ्जा जिल्ला अस्पतालले रु.१ लाख ५७ हजार समेत रु.४ लाख ४२ हजार पारिश्रमिक कर कट्टा नगरेकोले असुल गर्नु पर्दछ। | सम्बन्धित कर्मचारीबाट बेरुजु रकम असुल उपपर गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| २३ | **मुद्दती खाताः-** सरकारी कारोबार संचालन निर्देशिका, २०७६ को परिच्छेद-३ मा प्रदेश सरकारले नेपाल राष्ट्रबैंकबाट अनुमती प्राप्त बैंकहरूमा खाताहरू खोली सरकारी कारोबार संचालन गर्न सकिने उल्लेख छ। म्याग्दीको बेनी अस्पतालले अस्पताल विकास समितितर्फको रु.७ लाख ९४ एक सहकारी संस्था लिमिटेडको मुद्दती खातामा राखेको छ। तोकिएका बैंकमा मात्र खाता खोली रकम जम्मा गर्नु पर्दछ।<br><br>**बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ : सरकारी कार्यालयतर्फ ३१ निकायमा यो वर्ष रु.९ करोड ६९ लाख ३० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायबाट रु.२७ लाख ३५ हजार फस्योट गरेकोले रु.९ करोड ४१ लाख ९५ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रु.६ लाख ८९ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ ।<br><br>अन्य संस्था तथा समिति १२ तर्फ रु.२ करोड ७१ लाख ९६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायबाट रु.७७ हजार फस्यौट गरी रु.२ करोड ७१ लाख १९ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रु.१२ लाख ७० | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।<br><br>बेरुजु रकम नियमित तथा फछ्यौट गरी सम्परीक्षण गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । | |
| **४.११.३ महालेखा परीक्षकको तेस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७६/०७७ उपर मिति २०८०।१२।०४ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **कार्य जिम्मेवारी** :- प्रदेश सरकार कार्य विभाजन) नियमावली, २०७४ अनुसार उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरको मानव संसाधनको अवश्यकता प्रक्षेपण, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामाग्रीको उत्पादन तथा संचय, अधिकतम् खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण, सूर्ति, मदिरा र लागूपदार्थजन्य बस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन, लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण, श्रमशक्ति, श्रमबजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना लगायतका कार्यहरू शुरु हुन बाँकी देखिन्छ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | **बजेट वक्तव्यको कार्यान्वयनः**-प्रदेश सरकारको यस वर्षको बजेट वक्तव्यमा घोषणा भएका मन्त्रालयसँग सम्बन्धित प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा, गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना, क्यान्सर मुटु र मृगौला रोगको उपचारको लागि प्रदेशभित्र अत्याधुनिक र सुविधा सम्पन्न विशिष्टीकृत अस्पताल स्थापनाको लागि डिपिआर निर्माण, आयुर्वेदिक तथा एलोप्याथिक औषधी उत्पादन केन्द्र स्थापना, अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान तथा गल्फकोर्स निर्माण, प्रदेशभित्र १० हजार जनालाई रोजगारी श्रृजना हुने गरी सीपमूलक तालिम सञ्चालन लगायत १८ कार्यक्रमको लागि रु.५३ करोड ५५ लाख बजेट व्यवस्था भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएको छैन। बजेटमा समावेश कार्यक्रम | बजेट तथा कार्यक्रम तर्जुमा गर्दा पर्याप्त अध्ययन गरेर मात्र गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | कार्यान्वयन गर्नुपर्दछ। यस वर्ष बजेट वक्तव्यमा आगामी २ वर्षभित्र प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गर्न रु.५ करोड विनियोजन भएकोमा पहिलै नै साक्षर घोषणा भइसकेको भनी कार्यक्रम नभएको अवस्था छ । बजेट बनाउदा पर्याप्त गृहकार्य गरेर मात्र कार्यक्रम तयारी गर्नुपर्नेमा पूर्ण तयारी नभएको कारण पहिले नै घोषणा भइसकेको कार्यक्रम समेत हाल बजेटमा समावेश भएको छ । | |
| ३ | **पञ्चवर्षीय योजनाको कार्यान्वयनः-** प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६/७७ देखि कार्यान्वयनमा आएको छ । योजना लागू भएको शुरुवाती अवस्थामा लक्ष्य अनुसार काम हुन नसक्दा यसको असर समग्र योजनाको अवधिभर पर्ने देखिन्छ । अतः योजनाको पूर्ण कार्यान्वयन गर्न वार्षिक लक्ष्य अनुसारका क्रियाकलाप सञ्चालन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ४ | **प्रदेश गौरवका आयोजनाः-**प्रदेशको पञ्चवर्षीय योजनाले मन्त्रालय अन्तर्गत ३ आयोजनालाई प्रदेश गौरव र १ आयोजनालाई रुपान्तरणकारी प्रदेश गौरवको आयोजना घोषणा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:४.१. गण्डकी विश्वविद्यालय स्थापना र सञ्चालनको कुल लागत अनुमान तयार गरेको छैन । यस वर्ष रु.९ करोड विनियोजन गरेकोमा १३ पाठ्यक्रमको मस्यौदा निर्माण बाहेक अन्य काम भएको छैन । विश्वविद्यालयको लागि हालसम्म कर्मचारी तथा शिक्षकको दरवन्दी स्वीकृत समेत भएको छैन ।<br>४.२. गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालनको रु.४ करोड बजेट विनियोजन भएकोमा परिषद् गठन नभएकोले खर्च भएको छैन ।<br>४.३. प्रदेश क्रिकेट मैदान आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएकोमा | प्रदेश गौरवका आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | श्रोतको सुनिश्चितता हुन बाँकी रहेको छ । आवश्यक बजेट व्यवस्था गरी निर्माण कार्य शुरु गर्नुपर्दछ ।<br>४.४. मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माणको सम्भाव्यता अध्ययन गर्न यो वर्ष रु.२० लाख बजेट विनियोजन भएकोमा खर्च भएको छैन । अस्पताल निर्माण गर्न जग्गा प्राप्त नभएको स्थिति छ। उच्च प्राथमिकता प्राप्त प्रदेश गौरवका आयोजना कार्यान्वयन गर्नुपर्दछ । | |
| ५ | **रकमान्तरः-** मन्त्रालयको शुरु बजेट रु.३ अर्ब ४१ करोड ८८ लाखमा रकमान्तरबाट थप भई रु.४ अर्ब ४३ करोड ६ लाख कायम भएकोमा रु.२ अर्ब ४५ करोड ४३ लाख खर्च भई शुरु बजेटको ७१.७८ प्रतिशत र संशोधित बजेटको ५५.३९ प्रतिशत खर्च भएको छ । शुरु विनियोजन बजेट नै खर्च गर्न नसक्ने अवस्थामा रकमान्तर गरी बजेटको आकार वृद्धि गर्नु उचित देखिएन । यथार्थपरक बजेट बनाउन ध्यान दिनुपर्दछ । | यथार्थपरक बजेट बनाउन निर्देशन दिने। |
| ६ | **विशेष अनुदानः-**संघले तयार गरेको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा प्रदेशको हकमा रु.१० करोड रुपैंयाभन्दा कम लागत भएको आयोजनामा विशेष अनुदान प्रदान नगर्ने उल्लेख छ । यस वर्ष मन्त्रालयले स्वास्थ्य क्षेत्र सुदृढीकरण आयोजना अन्तर्गत रु.३३ करोड विशेष अनुदान प्राप्त गरेकोमा रु.२० करोड ९९ लाख ६४ प्रतिशत) खर्च गरेको छ । संघीय विशेष अनुदान निश्चित आयोजनाको लागि खर्च गर्नुपर्नेमा स्वास्थ्य क्षेत्र सुदृढीकरण आयोजना अन्तर्गतको उक्त अनुदान प्रदेश स्थित सम्पूर्ण कार्यालयलाई बाँडफाँट गरेको छ । यस अनुदानबाट मन्त्रालयले रु.१० लाख, स्वास्थ्य निर्देशनालयले १५ लाख, तालिम केन्द्रले मात्र रु.८ लाख, ११ आयुर्वेद केन्द्रले | विशेष अनुदानको रकम बाँडफाँड गर्दा उपयुक्त योजना तयार गरी बाँडफाँड गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | औषतमा रु.९ लाख ९ हजारको दरले कुल रु.१ करोड बजेट राखेको छ । यसरी योजना तयार नगरी रकम बाँडफाँट गर्दा विशेष अनुदान उद्देश्य अनुरूप खर्च नहुने देखिएको छ । यसमा नियन्त्रण गरी आयोजना विशेषमा खर्च गर्नुपर्दछ । | |
| ७ | **कार्यविधि निर्माण र खर्चः-** संघीय संसद राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति वार्षिक प्रतिवेदन, २०७६ मा विधायिकी अधिकार संसदमा मात्र निहित हुने, संसदले बनाएको कानुनको आधारमा मात्र प्रत्यायोजित कानुन निर्माण गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले यो वर्ष मुख्यमन्त्री उच्चशिक्षा प्रोत्साहन छात्रवृत्ति कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७६ का आधारमा पाँचजना एम.वि.वि.एस. अध्ययनरत विद्यार्थीलाई रु.१५ लाख तथा पूर्ण माध्यमिक विद्यालयलाई रु.७५ लाख अनुदान दिएकोमा आधार उल्लेख गरेको छैन । साथै उक्त माध्यमिक विद्यालयलाई दिएको रु.७५ लाख अनुदान रकमबाट २०१ जना असहाय विद्यार्थीलाई २०७६ श्रावणदेखि २०७७ आषाढ मसान्तसम्मको छात्रवृत्ति प्रदान गरेको छ । विश्वव्यापी कोरोना महामारीको कारण २०७६ चैत्र ११ देखि आषाढसम्म विद्यालय बन्द भएतापनि उक्त अवधिको औषतमा रु.२५ लाख छात्रवृत्ति भुक्तानी भएको छ । बन्दाबन्दीको समयमा समेत मन्त्रालयले छात्रवृत्ति अनुदान उपलब्ध गराउनु नियमसम्मत देखिएन । | मन्त्रालयले प्रत्यायोजित कानुन बमोजिम कार्यविधि बनाई रकम अनुदान तथा वितरण गरेकोमा सो रकम नियमित गराई सम्परीक्षण गर्न निर्देशन दिने। |
| ४ | **कार्यक्रम संचालनः**-खर्च आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा लागत नबढ्ने गरी कार्यक्रममा आवश्यक संशोधन गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले विभिन्न ५ कार्यक्रम सञ्चालन गर्दा तोकिएको भन्दा कम कार्यक्रम संचालन गरेकोमा आनुपातिक रूपमा खर्च गर्नुपर्नेमा सो अनुसार नगरी रु.३४ लाख ७१ हजार बढी खर्च गरेको छ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| ९ | **क्षेत्रगत बजेट तथा खर्चः**-वार्षिक कार्यक्रम अनुसारको प्रगति हासिल गर्नुपर्नेमा मन्त्रालय अन्तर्गतको क्षेत्रगत बजेट तथा खर्चको विश्लेषण गर्दा भाषा कला तथा संस्कृति क्षेत्रमा कुल बजेटको २३ प्रतिशत, शिक्षामा ५५.५६ प्रतिशत, स्वास्थ्यमा ५४.६१ प्रतिशत, सामाजिक विकासतर्फ ८१.५३ प्रतिशत, श्रम तथा रोजगारतर्फ २९.७७ प्रतिशत मात्र खर्च भएको छ । क्षेत्रगत लक्ष्य अनुसार प्रगति गर्नुपर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १० | **अस्पताललाई अनुदानः-** मन्त्रालय र हिमालय आँखा अस्पताल पोखराबीच उपकरण खरिद गर्नको लागि रु.३५ लाखको लागत अनुमान गरी मन्त्रालयले रु.२० लाख व्यहोर्ने गरी २०७६।९।८ मा सम्झौता गरेकोमा सम्झौता बमोजिमको रकमको ५७.१४ प्रतिशत भुक्तानी गर्नुपर्नेमा हिमालय आँखा अस्पतालबाट प्राप्त कुल बिल रकम रु.२० लाख ५० हजार भुक्तानी गरेको छ । सम्झौताको अनुपात अनुसार रु.११ लाख ७१ हजार भुक्तानी गर्नुपर्नेमा रु.२० लाख नै भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.८ लाख २९ हजार असुल गर्नुपर्दछ । | बढी भुक्तानी भएको रकम असुल गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| ११ | **दक्षिण एशियाली खेलकुदमा खर्च :-** अन्तराष्ट्रिय खेलकुद संघको आयोजनामा नेपालमा तेह्रौं दक्षिण एशियाली खेलकुद-२०७६ पोखरामा पनि संचालन भएको र उक्त खेलको सम्पूर्ण खर्च राष्ट्रिय खेलकुद परिषद्ले गरेको छ। मन्त्रालयले स्थानीय व्यवस्थापन तथा सहजीकरण गर्न सुरक्षाकर्मीको खाजाको लागि रु.४ लाख ५ हजार, पदक विजेता खेलाडीलाई रु.२३ लाख ९५ हजार, पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिलाई रु.४५ लाख ११ हजार खर्च गरेको छ । यस खेलकुदमा पोखरा महानगरपालिकाले समेत खर्च गरेको छ । एउटा सरकारको क्षेत्राधिकारमा अर्को सरकारले खर्च गर्दा दोहोरोपना हुन गई मितव्ययितामा असरपर्ने भएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने | एउटै आयोजनाको लागि बजेट व्यवस्था गर्दा दोहोरो नपर्ने गरी संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गरेर मात्र बजेट व्यवस्था गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
| --- | --- | --- |
| | देखिन्छ । | |
| १२ | **बैठक भत्ताः-** खर्चको मापदण्ड, २०७५ मा कानुन अनुसार स्थापित समितिको बैठकमा मात्र बैठक भत्ता भुक्तानी गर्ने र समितिका सदस्य बाहेककालाई आमन्त्रितको रूपमा अन्य व्यक्ति राख्न नपाइने उल्लेख छ। मन्त्रालयले कानुन अनुसार स्थापित समिति बाहेक अन्य समितिमा समेत बैठकमा रु.३ लाख १३ हजार, विद्यालय सञ्चालनको विस्तृत परियोजना प्रतिवेदनको लागि ११ बैठक बसी रु.१ लाख ३२ हजार, सवारी साधन खरिद कार्यका ५ टेक्का बन्दोबस्त गर्दा ४९ पटक बैठक बसी प्राविधिक र आर्थिक पक्षको मूल्याङ्कन वापत रु.४ लाख ७७ हजार बैठक भत्ता खर्च लेखेको छ। यसैगरी स्वास्थ्य तालिम केन्द्र, कास्कीले आयुर्वेद चिकित्सा सम्बन्धी पाठ्यक्रम तयारी तथा मुख स्वास्थ्य सम्बन्धी पाठ्यक्रम तयारीको लागि बैठक बसेकोमा बैठक भत्तामा रु.७ लाख ६४ हजार खर्च गरेको छ । कानुन अनुसार स्थापित समितिको बैठकमा मात्र बैटक भत्ता उपलब्ध गराउनुपर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।<br>सम्परीक्षण भई सकेको हुँदा केही गर्न नसक्ने। |
| १३ | **मूल्य अभिवृद्धि करः-** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग) अनुसार ठेक्का वा करार अन्तर्गत भुक्तानी गर्दा कर रकमको ५० प्रतिशतले हुने रकम राजस्व शीर्षकमा जम्मा गरी बाँकी रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यसवर्ष २५ वटा फर्मलाई रकम भुक्तानी गर्दा ५० प्रतिशतले हुने रु.३० लाख ७६ हजार मूल्य अभिवृद्धि कर कट्टी नगरी पुरै रकम भुक्तानी गरेको छ। उक्त रकम राजस्वमा जम्मा भएको सुनिश्चितता गर्नुपर्दछ। | मूल्य अभिवृद्धि कर वापतको रकम राजश्व खातामा जम्मा भएको सुनिश्चितता गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| १४ | **पव्लिक कम्पनीलाई अनुदानः-** मन्त्रालयले जनक शिक्षा सामग्री केन्द्र लि., प्रादेशिक कार्यालय गण्डकी प्रदेशसँग पुस्तक भण्डारणको लागि भवन निर्माण गर्न रु.१ करोड | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | दिने सम्झौता गरी यस वर्ष रु.६३ लाख ८२ हजार भुक्तानी गरेको छ । पुस्तक तथा अन्य सामग्री छपाई गरी बिक्री गर्ने निकायलाई अनुदान प्रदान गरेको उचित देखिएन । | |
| १५ | **सीमित प्रतिस्पर्धाः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ २) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद कार्य गर्न नहुने उल्लेख छ । ऐनको व्यवस्था विपरीत मन्त्रालयले रु.७८ लाख ४५ हजारको सामानहरू सोझै खरिद गरेको छ । उक्त खरिद मध्ये मेशिनरी तथा औजारमा मात्र रु.५० लाख ५५ हजार रहेको छ । कानुन बमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी खरिद गर्नुपर्दछ। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १६ | **सवारी साधन खरिदः-** सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयारी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा उल्लेख छ । मन्त्रालयले हेभी इक्युपमेन्ट डिभिजन कार्यालय, पोखराका मेकानिकल इन्जिनियरले तयार पारेको सवारी साधनको टेक्निकल स्पेशिफिकेशन र लागत अनुमानको आधारमा रु.३ करोड ८८ लाख ६६ हजारका ९ सवारी साधन खरिद गरेको छ ।<br>ऐनको दफा ६२ क) मा बोलपत्र सम्बन्धी कागजात वा स्पेशिफिकेशन तयार गर्ने कार्यमा संलग्न व्यक्तिले बोलपत्र सम्बन्धी कारवाहीमा भाग लिन नहुने उल्लेख भएकोमा ३ प्याकेजका ९ थान सवारी साधन खरिदको स्पेशिफिकेशन सहित लागत अनुमान तयार गर्ने, प्राविधिक तथा आर्थिक पक्षको मूल्याङ्कन गर्ने र इन्सेप्सन रिपोर्ट तयार गर्ने कार्यमा हेभी इक्वीपमेन्ट डिभिजन पोखराका मेकानिकल इन्जिनियरको संलग्नता रहेको पाइयो । एउटै व्यक्ति एक भन्दा बढी कार्यमा संलग्न हुँदा प्रतिस्पर्धालाई असर गर्ने | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | तथा कानुनमा भएको व्यवस्थाको विपरीत समेत हुने भएकोले यसमा सुधार गर्नुपर्दछ । | |
| १७ | **बजेट निकासाः-** कोभिड १९ को जटिलता व्यवस्थापन र जटिल बिरामीको सघन उपचारको लागि अस्पतालहरूमा ५ बेडको सघन उपचार कक्ष आइसियु सेट-अप तथा सन्चालनको लागि प्रदेश सरकारले २०७७।२।६ मा विभिन्न ९ अस्पताललाई रु.१३ करोड ७८ लाख ५३ हजार तथा धौलागिरी अस्पताललाई भेन्टिलेटर खरिदको लागि रु.१ करोड ६० लाख र अक्सिजन प्लान्टको लागि रु.६० लाख निकासा गरेको छ । यसैगरी संघीय सशर्त अनुदानबाट कर्मचारीको जोखिम भत्ता लगायत कर्मचारी व्यवस्थापन र औषधी तथा औषधीजन्य सामग्रीहरूको लागि मातहतका कार्यालयलाई रु.५ करोड २७ लाख ७३ हजार निकासा गरेको छ। रकम निकासा भएअनुसार कार्य भए नभएको सम्बन्धमा अनुगमन गरेको छैन। | रकम निकासा भएअनुसार कार्य भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्न निर्देशन दिने । |
| १८ | **कोभिड कोषः-** विश्वव्यापी कोरोनाको महामारीसँगै यसलाई नियन्त्रण गर्नको लागि प्रदेश सरकारले कोभिड चल्ती कोष भनी विविध खाता सञ्चालन गरेको छ । जसअनुसार प्रदेश सरकारको विनियोजन बजेटबाट रु.३० करोड तथा बाँकी कर्मचारी तथा पदाधिकारीको तलब कट्टी, विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट समेत गरी कुल रु.३४ करोड ७० लाख ६१ हजार जम्मा भएकोमा यस कोषबाट ३५ कार्यालयलाई रु.१८ करोड ५४ लाख ६७ हजार निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:<br>१८.१. सामाजिक विकास मन्त्रालयमा रहेको यस कोषबाट प्रदेश सरकार बाहेकका अन्य कार्यालय तथा संस्थाहरू जस्तै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरालाई रु.५० लाख, जिपि कोइराला श्वासप्रश्वास रोग अस्पताललाई रु.१० | निकासा भएको रकम तोकिएको |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | लाख, नेपाल रेडक्रस सोसाइटीलाई रु.१ लाख ६० हजार, जिल्ला प्रशासन कार्यालय, लमजुङलाई रु.३० लाख दिएको छ भने विभिन्न ७ पालिकाहरूलाई समेत रु.८० लाख दिएको छ । उक्त निकायलाई रकम दिएकोमा खर्चको विवरण तथा प्रगति माग गरेको छैन । | कार्यमा खर्च भए नभएको नियमित अनुगमन गर्न निर्देशन दिने। |
| | १८.२. यस कोषबाट कुल रु.१८ करोड ५४ लाख ६७ हजार विभिन्न कार्यालयहरूलाई खर्च गर्न दिएकोमा उक्त रकम कति खर्च भयो तथा कति बाँकी छ सोको विवरण मन्त्रालयले तयार गरेको छैन । यसरी रकम मात्र दिने तर खर्चको विवरण नलिनु उचित देखिएन । यस कोषबाट सबैभन्दा धेरै रकम प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रलाई रु.१२ करोड ८५ लाख ८१ हजार दिएकोमा उक्त केन्द्रबाट आर्थिक वर्षको अन्त्यसम्ममा औषधि तथा उपकरणमा रु.४ करोड ७३ लाख ६४ हजार मात्र खर्च गरी रु.८ करोड १२ लाख १७ हजार बाँकी रहेको अवस्था छ । बाँकी रहेको रकम मन्त्रालयले यकिन गरेको छैन । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| | १८.३. यस कोषबाट स्वास्थ्य निर्देशनालय, कास्की, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कास्की, स्वास्थ्य तालिम केन्द्र, कास्की, प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र, कास्की तथा स्वास्थ्य कार्यालय, कास्की समेत ५ कार्यालयलाई भिटिएम खरिदको लागि रु.५ लाख तथा पिसिआर टेष्ट किटको लागि रु.५ लाखको दरले कुल ५० लाख अख्तियारी दिएको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विशेष परिस्थितिमा खरिद गर्ने छुट्टै व्यवस्था भएकोमा समेत सार्वजनिक खरिद नियमावली विपरीत टुक्रा टुक्रा गरी खरिद हुने गरी एउटै आइटमको लागि | |

| दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णय |
|---|---|---|
| | विभिन्न कार्यालयलाई अख्तियारी दिनु उचित देखिएन ।<br>१८.४. मन्त्रालयले प्रदेश अन्तर्गत क्वारेन्टाइन र आइसोलेशन केन्द्र र त्यसमा बस्नेको संख्या, स्वास्थ्य सामग्री एवं उपकरण खरिद, राशन वितरणमा खर्च लगायत कोभिड व्यवस्थापन भएका कार्य एवं खर्चको अभिलेख राखेको छैन । कोभिड व्यवस्थापनमा भएको खर्च अभिलेख राख्नुपर्दछ । | |
| | **शिक्षा विकास निर्देशनालय** | |
| १९ | **उत्तरपुस्तिका खरिदः**-प्रदेशका ११ जिल्लाभित्र संचालन हुने एस.ई.ई. परीक्षाका लागि निर्देशनालयले जनक शिक्षा सामाग्री केन्द्र लि. बाट रु.६२ लाख ७१ हजारको ६ लाख १५ हजार थान मूल उत्तरपुस्तिका र थप उत्तरपुस्तिका ४ लाख ९८ हजार ४०० थान खरिद गरेको छ। प्रदेश अन्तर्गत कुल ४७ हजार ७१३ परिक्षार्थी रहेका र १० विषयको परिक्षाको लागि उत्तरपुस्तिका संख्या ४ लाख ७७ हजार १३० हुनेमा सोमा ५ प्रतिशत थप गर्दा ४ लाख ९८ हजार ८८६ थान उत्तर पुस्तिका छपाई गरे हुनेमा आवश्यकता र औचित्यताको विचार नगरी १ लाख १६ हजार ११४ थान उत्तरपुस्तिका बढी छपाई गरी रु.९ लाख ८३ हजार थप व्ययभार परेको छ। विश्वव्यापी महामारीको कारण परीक्षा नै स्थगन भएकोले उत्तरपुस्तिका सुरक्षित राखी अर्को वर्ष प्रयोगमा ल्याउनु पर्दछ। | खरिद भएका उत्तरपुस्तिकाको अभिलेख चुस्त दुरुस्त राख्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | **प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र** | |
| २० | **औषधी खरिदको मापदण्डः**-प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खरिद गरेको तथा संघबाट प्राप्त गरेका औषधी तथा सर्जिकल सामानहरू प्रदेशका ११ जिल्लाका अस्पताल र स्वास्थ्य कार्यालयलाई हस्तान्तरण गरेको छ । केन्द्र सरकारले खरिद गरी प्रदेशलाई उपलब्ध गराउने औषधीको मापदण्ड भएतापनि प्रदेश र स्थानीय तहले खरिद गर्ने औषधीको मापदण्ड छैन। प्रदेशले अत्यावश्यक भित्र परेका ७० आइटममध्ये ३५ आइटमका औषधीहरू खरिद गरी वितरण गर्ने गरेको छ। सोही प्रकारका औषधी स्थानीय तहलाई हस्तान्तरण गर्ने तथा स्थानीय तहहरूले समेत खरिद गर्ने गरेको देखिदा दोहोरो खर्च हुने सम्भावना रहन्छ। औषधी खरिदको दोहोरोपना हटाउन प्रदेश र स्थानीय तहबीच खरिद गरिने औषधीको मापदण्ड बनाउनुपर्ने देखिन्छ । | औषधीको वर्गीकरण गरी स्थानीय मागका आधारमा दोहोरो नपर्ने गरी स्थानीय तह र प्रदेश सरकारले वितरण गर्ने औषधीको मापदण्ड तयार गरी खरिद गर्न निर्देशन दिने। |
| २१ | **औषधी तथा उपकरणः**-मौज्दात प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा यस आर्थिक वर्षको अन्तमा संघबाट प्राप्त समेत रु.१९ करोड ४४ लाख ४६ हजारका १०५ प्रकारका औषधि, उपकरण र सर्जिकल सामानहरू मौज्दात रहेको छ । लामो समयसम्म औषधि प्रयोगमा नआई मौज्दातमा राख्दा औषधिको म्याद गुर्जने सम्भावना रहन्छ । आवश्यक भन्दा बढी मौज्दात नरहने गरी खरिद तथा आपूर्तिको व्यवस्था गरी समयमै औषधीको वितरणको व्यवस्था मिलाउनुपर्दछ। साथै केन्द्रले औषधी तथा सर्जिकल सामग्री खरिद गर्दा मागमा आधारित रही खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| | **जिल्ला अस्पताल तथा स्वास्थ्य तालिम केन्द्रहरू** | |
| २२ | **सोझै खरिद** :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा २० लाख औषधीको हकमा रु.५० लाख) सम्मको सामान शिलबन्दी दरभाउपत्रको माध्यमबाट | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | खरिद गर्नुपर्ने उल्लेख छ । गोरखा जिल्ला अस्पतालले यस वर्ष रु.३७ लाख ५२ हजार, दमौली अस्पतालले रु.१७ लाख ६४ हजार, धौलागिरी अञ्चल अस्पतालले रु.७६ लाख ६९ हजार र जिल्ला अस्पताल स्याङजाले रु.४८ लाख ९६ हजारका औषधी, उपकरण लागयतका सामानहरू पटक पटक सोझै खरिद गरेका छन् । खरिद कार्य गर्दा नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| २३ | **मूल्य अभिवृद्धि करः**-मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग) मा वस्तु तथा सेवा भुक्तानी गर्दा कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी बाँकी रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा ५० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टा नगरी मध्यविन्दु अस्पतालले रु.११ लाख ५ हजार तथा बेनी अस्पताल म्याग्दीले रु.९ लाख ९६ हजार समेत रु.२१ लाख १ हजार विभिन्न फर्मलाई भुक्तानी गरेको छ । उक्त रकम राजस्वमा जम्मा भएको सुनिश्चित हुनुपर्दछ । | मूल्य अभिवृद्धि कर राजश्व खातामा दाखिला भएको सुनिश्चितता गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| २४ | **प्राविधिक जाँच बैगर भुक्तानीः**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा खरिद योजना तयार गर्दा मालसामान खरिद गर्ने भए स्पेसिफिकेशन तयार गर्नुपर्ने तथा नियम ११५ मा आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमको भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने उल्लेख छ। पर्वत जिल्ला अस्पतालले एक फर्मबाट रु.६३ लाख ८७ हजारको अक्सिजन प्लान्ट खरिद गरेको तथा एक सर्जिकल हाउसबाट रु.१८ लाख ८० हजारका कार्डियाक मोनिटर, सिलिण्डर लगायत १२ प्रकारका उपकरण खरिद गरेकोमा प्राविधिक जाँच तथा स्पेशिफिकेशनको परीक्षण बेगर रकम भुक्तानी गरेको छ। प्राविधिक स्पेशिफिकेशन र गुणस्तरको परीक्षण पश्चात मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ। | विभिन्न सामान खरिद गरि भुक्तानी गर्दा खरिद ऐनको पूर्ण पालना गरी भुक्तानी गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| २५ | **शीर्षक फरक पारी खर्चः**-एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा खर्च संकेतमा व्याख्या गरे अनुसार सम्बन्धित शीर्षकबाट मात्र खर्च गर्नुपर्नेमा धौलागिरी अञ्चल अस्पतालले निर्मित भवनको संरचनात्मक सुधार शीर्षकबाट रु.३३ लाख ३४ हजारको फर्निचर खरिद गरेको छ भने मन्त्रालयले समेत अन्य खर्च शीर्षकबाट रु.१५ लाख ८५ हजार बैठक भत्ता लेखेको छ । शीर्षक फरक पारी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नु पर्दछ । | खर्च शिर्षक फरक गरी खर्च गरेको रकम नियमित गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| २६ | **पारिश्रमिक कर** :-आयकर ऐन, २०५८ को दफा ८ तथा अनुसूची १ मा पारिश्रमिकमा लाग्ने करको दर उल्लेख छ। सोही अनुसार पारिश्रमिक कर निर्धारण गर्नुपर्नेमा धौलागिरी अञ्चल अस्पतालले कर्मचारीको तलब तथा भत्ता भुक्तानी गर्दा रु.७ लाख ४५ हजार तथा स्वास्थ्य कार्यालय, गोरखाले रु.७८ हजार तथा बेनी अस्पताल म्याग्दीले रु.२ लाख ५३ हजार समेत रु.१० लाख ७६ हजार पारिश्रमिक कर कट्टा गरेको छैन। उक्त रकम असुल गर्नु पर्दछ। | कट्टा गर्न बाँकी कर रकम असुल उपर गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| २७ | **मुद्दती खाता** :-बेनी अस्पताल म्याग्दीले अस्पताल विकास समिति तर्फ तीनवटा वित्तीय संस्थामा मुद्दती खाता खोली रकम जम्मा गरेको छ। मुद्दती खातामा रु.१ करोड २३ लाख ९० हजार रहेकोमा प्राप्त व्याज समितिको आय-व्यय विवरणमा आम्दानी देखाएको छैन। उक्त वित्तीय संस्थासँग भएको सम्झौता बमोजिम प्राप्त हुनुपर्ने यस वर्षको व्याज रु.१२ लाख ६८ हजार असुल गर्नु पर्दछ। | प्राप्त हुनुपर्ने ब्याज रकम असुल गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| २८ | **संचालन र उपयोगः**-सार्वजनिक निकायले खरिद गरेका सामाग्रीको समयमै उचित ढंगले उपयोग र व्यवस्थापन गर्नुपर्दछ । मनाङ जिल्ला अस्पतालले विभिन्न व्यवसायीसँग रु.४८ लाख ६० हजारको अक्सिजन प्लान्ट, रु.९६ लाख ७९ हजारको आइ.सि.यु. उपकरण, विद्युतीय मेडिकल रेकर्डर सफ्टवेयर तथा हार्डवयर समेत गरी कुल रु.१ करोड ६४ लाख ४८ हजारको खरिद गरी भुक्तानी गरेकोमा खरिद गरिएका सामाग्रीहरू | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | हालसम्म पनि संचालन र प्रयोग भएको नदेखिएको, सामाग्रीको संचालनका लागि जनशक्ति व्यवस्था नगरेको तथा वारेन्टि अवधि समाप्त हुँदासम्म पनि संचालनमा ल्याउन नसकेको हुँदा प्लान्ट संचालन र सामाग्रीको उपयोग यथाशीघ्र गर्नुपर्ने देखिन्छ। साथै कोभिड १९ रोग नियन्त्रण रोकथाम तथा अन्य रोगको लागि मातृशिशु मितेरी अस्पताल, कास्कीले रु.१ करोड ३२ लाख ५३ हजारको आइ.सि.यु. भेन्टिलेटर लगायतको मेडीकल सामग्री खरिद गरेकोमा कोरोना महामारी फैलिरहेको अबस्थामा समेत उक्त उपकरणहरू प्रयोगमा आएको छैन । | |
| २९ | **कर्मचारी प्रोत्साहन भत्ताः**-कोरोनाको महामारीमा काम गर्ने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई उत्प्रेरित गर्न संघीय सरकारले रकम उपलब्ध गराएकोमा उक्त रकमबाट कोरोना महामारीमा खटेका कर्मचारीलाई यस वर्ष दमौली अस्पताल तनहुँले रु.५० लाख, जिल्ला अस्पताल स्याङजाले रु.५९ लाख ६५ हजार, धौलागिरी अगल अस्पतालले रु.९१ लाख १३ हजार समेत विभिन्न २३ कार्यालयबाट रु.४ करोड ३८ लाख ५३ हजार खर्च गरेका छन् ।स्वास्थ्य मन्त्रालयबाट जारी भएको कोरोना भाइरसको संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७ मा तोकिएका जनशक्तिलाई दफा ९ बमोजिम चैत्र ९ गतेदेखि आषाढ मसान्तसम्म कोभिड १९ जोखिम भत्ता पाउने व्यवस्था भएबमोजिम स्याङ्जा जिल्ला अस्पतालले जोखिम भत्ता भुक्तानी गरेकोमा अस्पताल विकास समिति मार्फत निर्णय गरी थप १५ दिनको तलब बराबर कोभिड जोखिम भत्ता वितरण गर्दा दोहोरो पर्न गएको रु.७ लाख २६ हजार असुल गर्नुपर्दछ । | दोहोरो परेको रकम असुल गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| ३० | **मेडीकल इक्युपमेन्ट खरिदः**-कोभिड १९ रोग नियन्त्रण रोकथाम साथै अन्य रोगको लागि मातृशिशु मितेरी अस्पताल, कास्कीले भेन्टिलेटर लगायतको मेडिकल इक्युपमेन्टको खरिद कार्यमा ३ प्याकेज बनाइ खरिद गरी रु.१ करोड ३२ लाख ५३ हजार खर्च | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | गरेकोमा अस्पतालको उक्त सधन उपचार कक्ष हालसम्म पनि प्रयोगमा ल्याएको छैन । स्वास्थ्य जटिलता हल गर्न बनाएको उपचार कक्ष प्रयोगमा नल्याई निस्कृय राखु उचित देखिएन । | |
| ३१ | **सोझै खरिद** :-गोरखा जिल्ला अस्पतालले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार विशेष परिस्थितिमा खरिद भनी एक बिक्रेताबाट रु.६९ लाख ४४ हजारको आइसियु भेन्टिलेटर सोझै खरिद गरेको छ भने उक्त भेन्टिलेटर सेटअपको लागि एबिजि मेशिन रु.४ लाख ४० हजारमा इ-विडिङबाट खरिद गरेको छ । ठूलो रकमको खरिद सोझै विधिबाट गर्नु उचित देखिएन । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३२ | **प्राविधिक जाँचपास**:-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा खरिद योजना तयार गर्दा मालसामान खरिद गर्ने भए स्पेसिफिकेशन तयार गर्नुपर्ने तथा नियम ११५ मा आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमको भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने उल्लेख छ । कोभिड १९ को व्यवस्थापनका लागि आइ.सि.यू. भेन्टिलेटर लगायतका उपकरण खरिद गर्नका लागि जिल्ला अस्पताल, पर्वतलाई रु.१ करोड ६९ लाख १९ हजार विनियोजन भएको छ । भेन्टिलेटर लगायत १६ प्रकारका सामाग्री खरिद गर्न रु.१ करोड ६९ लाख ९ हजारको लागत अनुमान तयार गरी बोलपत्रमार्फत खरिद गरी रु.१ करोड ३६ लाख १५ हजार भुक्तानी भएको छ। उक्त १६ आइटम खरिद गर्न मिति २०७७ । ३ । ३० मा सम्झौता भएकोमा सोही दिन सामग्री आपूर्ति, दाखिला तथा जडान भएको भनी खर्च लेखेको छ भने एक सप्लायर्सबाट रु.१८ लाख ८० हजारका सामान ल्याएकोमा प्राविधिक जाँचपास नै भएको छैन ।<br>यसैगरी अक्सिजन प्लान्ट एण्ड पाइपलाइन खरिद गर्नको लागि बोलपत्र गरेकोमा एक मात्र फर्मले रु.६३ लाख ८७ हजारको प्रस्ताव गरेकोमा निज फर्मबाट उक्त सामान | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | खरिद गरेको तर प्राविधिक जाँचपास बेगर खरिद भएकोले स्पेशिफिकेशन अनुसार खरिद भएको भनी यकिन गर्न सकिएन । | |
| ३३ | **खर्चको अवस्था :-** धौलागिरी अगल अस्पतालबाट उपलब्ध गराइएको विवरण अनुसार आ.व. २०७६।०७७ को आषाढ मसान्तसम्म प्रदेश संचितकोष, संघीय कोभिड कोष र अन्य श्रोतबाट समेत रु.२ करोड ६६ लाख ३६ हजार आम्दानी भएकोमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र व्यवस्थापन कार्यमा रु.२ करोड ६५ लाख २० हजार खर्च भई रु.१ लाख १६ हजार बाँकी रहेको छ। जसमध्ये क्वारेन्टिन व्यवस्थापनमा रु.९९ लाख ९८ हजार, आइशोलेसन केन्द्र निर्माण तथा व्यवस्थापनमा रु.७३ लाख ९ हजार खर्च गरेको छ।<br>स्वास्थ्य कार्यालय लमजुङले संघीय कोभिड कोषबाट रु.३३ लाख र अन्य श्रोतबाट रु.१६ लाख समेत जम्मा रु.४९ लाख आम्दानी गरेकोमा जोखिम भत्तामा रु.१९ लाख ८४ हजार, पि.पि.इ.मा रु.५ लाख, कन्ट्याक ट्रेसिङमा रु.४ लाख तथा औषधी खरिदमा रु.५ लाख खर्च गरी रु.१३ लाख ३२ हजार कोषमा बाँकी रहेको छ । बेनी अस्पतालले कोषबाट रु.८५ लाख ८३ हजार खर्च गरेको छ। जसबाट आईसोलेशन केन्द्र निर्माणमा रु.३५ लाख ७४ हजार, क्वारेन्टिन निर्माण तथा व्यवस्थापनमा रु.१३ लाख २२ हजार खर्च गरेको छ । आइसोलेशन केन्द्र, क्वारेन्टिन निर्माण तथा राहत आदिमा सबै स्थानीय तहले समेत खर्च गरेकोमा खर्च दोहोरो परे नपरेको सुनिश्चित गरेको छैन । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३४ | **सामानको प्रयोगः-** मनाङ जिल्ला अस्पतालले विभिन्न व्यवसायीसँग रु.४८ लाख ६० हजारको अक्सिजन प्लान्ट तथा रु.९६ लाख ७९ हजारको आइसियु उपकरण खरिद गरी भुक्तानी गरेकोमा खरिद गरिएका सामग्रीहरू हालसम्म पनि सभालन र प्रयोगमा आएको नदेखिएको, सामाग्रीको सशालनका लागि जनशक्ति व्यवस्था नगरेको तथा | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | बारेन्टी अवधि समाप्त हुँदासम्म पनि संचालनमा ल्याउन सकेको छैन । **बेरुजु स्थिति** : मन्त्रालय तथा मातहत समेत १२ निकायमा यो वर्ष रु.६ करोड २९ लाख ८७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ६ निकायबाट रु.२ करोड ४३ लाख ३८ हजार फस्यौट गरेकोले रु.३ करोड ८६ लाख ४९ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रु.६६ लाख १० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यसै गरी अन्य संस्था तथा समिति १० तर्फ रु.५ करोड ९१ लाख ८३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायबाट रु.६२ लाख ४९ हजार फस्यौट गरी रु.५ करोड २९ लाख ३४ हजार बेरुजु बाँकी रहेको छ । | बेरुजु नियमित तथा फछ्यौट गरी सम्परीक्षण गर्न निर्देशन दिने। |

| ४.११.४ महालेखा परीक्षकको दोस्रो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७५/०७६ उपर मिति २०८०।१२।०४ गते भएका छलफलका निर्णयहरुः | | |
|---|---|---|
| १ | **बजेट तथा कार्यक्रमको मूल्याङ्कनः-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। राजस्व, खर्च, आयोजना र कार्यक्रम संचालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण तथा प्रदेश सहकारीको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्था मूल्याङ्कन गरेको देखिएन। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | **नीति कार्यान्वयनः-** प्रादेशिक मन्त्रालयको गठन, आदेश २०७४ अनुसारका महिला तथा बालबालिकाका संविधान प्रदत्त हक अधिकारको रक्षाका लागि आवश्यक नीति तर्जुमा | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | गर्ने, सामाजिक जागरण, सामाजिक बिभेद अन्त्य गर्ने, अपाङ्गता सम्बन्धी, एकल महिला, बृद्ध बृद्धा सम्बन्धी, उच्च शिक्षा नीति तथा शैक्षिक परामर्श सेवा, स्वास्थ्य बीमा, औषधी व्यवस्थापन, सूर्तीं, मदिरा लागूपदार्थ, प्रदेश स्तरका शिक्षक व्यवस्थापन मापदण्ड, तर्जुमा र कार्यान्वयन लगायतका कार्यहरु कार्यान्वयन गरेको देखिएन। मन्त्रालयले नीति, कानुन र मापदण्ड तयार गरी कार्यान्वयनमा पहल गर्नु पर्दछ। | |
| ३ | **कार्यसम्पादन स्थितिः-** गण्डकी प्रदेश कार्यविभाजन नियमावली, २०७४) बमोजिम सामाजिक विकास मन्त्रालयले गर्नुपर्ने कार्यहरु अन्तर्गत प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन, प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन र खेलकुद प्रशासन, संघसंस्थाको समन्वय र नियमन गरेको नदेखिएकोले तोकिए बमोजिमको कार्य सम्पादन गर्नुपर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ४ | **लक्ष्य तथा प्रगतिः-** शुरुमा मन्त्रालयको लागि रु.३ अर्ब १८ करोडको बजेट व्यवस्था भएकोमा थप गरी रु.३ अर्ब २२ करोड कायम भई रु.१ अर्ब ७२ करोड ९ लाख ५० हजार खर्च भएको छ। मन्त्रालयबाट यस वर्ष ६० कार्यक्रम सम्मन्न गर्ने लक्ष्य राखेकोमा ४० कार्यक्रम कार्यान्वयन नै नभएको, २० कार्यक्रमको २५ प्रतिशतसम्म मात्र प्रगति गरेको छ। लक्षित कार्यक्रमको प्रगति हाँसिल गर्नु पर्दछ। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ५ | **प्रदेश खोप कोषः-** चालु वर्षको नीति तथा कार्यक्रममा प्रदेशलाई पूर्ण खोपमुक्त बनाउन प्रदेश खोप कोषको स्थापना गर्न रु.१ करोड गत वर्ष नै विनियोजन भएकोमा यस बर्ष थप रु.१ करोड गरी रु.२ करोड विविध खातामा जम्मा गरेकोमा खर्च भएको छैन । निर्देशिका बमोजिम खोप सेवाको विकास, विस्तार र सुदृढीकरण गरी गुणस्तरीय खोप | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | सेवा प्रदान गनु पर्दछ । | |
| ६ | **खरिद योजनाः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ तथा नियम ८ मा मन्त्रालयले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैंयाभन्दा बढी रकमको स्खरिद गर्दा खरीदको गरुयोजना तयार गर्नपर्ने रु.१० लाखभन्दा बढी रकमको खरिद गर्नुपर्दा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रमलाई ध्यान दिएर खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले खरिद गुरुयोजना, खरिद योजना नवनाई आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि कार्यक्रम संचालन गरेको देखियो। खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाएर मात्र कार्यक्रम संचालन गर्नु पर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ७ | **अनुदानः-** मन्त्रालयबाट सरकारी तथा गैरसरकारी संस्थाहरुलाई दिइने अनुदान सम्वन्धी निर्देशिकामा सरकारी तथा सामुदायिक संस्थाहरुको हकमा प्रदेश स्थित सम्बन्धित स्थानीय तह मार्फत अनुदान उपलब्ध गराउने व्यवस्था छ। संघीय सशर्त अनुदानबाट ४ संस्थालाई रु.४० लाख २ हजार अनुदान उपलब्ध गराएको छ । त्यसैगरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्लाई आर्थिक विवरण समयमै तयार पारी नियमित प्रतिवेदन गर्ने, लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने शर्तमा चालु बजेटबाट रु.१६ करोड १४ लाख ८० हजार र पूँजीगत बजेटबाट रु.६ करोड २० लाख २५ हजार गरी रु.२२ करोड ३५ लाख ५ हजार अनुदान दिएकोमा कुनै प्रतिवेदन पेश गरेको छैन। अनुदानको अनुगमनलाई प्रभावकारी तुल्याउनु पर्दछ। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ८ | **कार्यक्रम संचालनः-** मन्त्रालयबाट प्राप्त अनुदान रकम खर्च गर्दा लागत अनुमान, निर्माण कार्यको दर विश्लेषण सहितको नापीको आधारमा रकम भुक्तानी गर्नुपर्नेमा सो बेगर भवन तथा खेल मैदान निर्माण गरेको उल्लेख गरी दहचोक खेल मैदान पर्वत, काठे खोला खेल | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | मैदान बाग्लुङ्ग, धार्चे खेल मैदान गोरखा, चिन्टुटार रंगशाला तनहुँ, सिद्धार्थ सामुदायिक बहुमुखी क्याम्पस स्याङ्जा, अपाङ्ग समाज भवन निर्माण स्याङ्जा, मुकुन्दपुर कभर्डहल निर्माण नवलपुर र लेखनाथ रंगशाला निर्माण कास्कीलाई रु.१ करोड २५ लाख भुक्तानी भएको छ। ती निकायबाट तोकिएको कार्यसम्पन्न भई प्रतिफल लक्षित बर्गमा पुगेको यकिन हुने विवरण प्राप्त भएको छैन। निर्माण कार्य सम्पन्न भएको सुनिश्चित हुनु पर्दछ। | |
| ९ | **निकासाः-** प्रदेशका सामुदायिक विद्यालय तथा बालसुधार गृह सुधार अन्तगत शौचालय निर्माण, कम्प्युटर ल्याव, विज्ञान ल्याब स्थापनार्थ पूँजीगत अनुदानको लागि रु.३० करोड व्यवस्था गरी प्रदेशभित्रका १३७ सामुदायिक विद्यालय तथा बाल सुधार गृहहरुसंग प्रस्ताव लिएर यो वर्ष रु.२९ करोड ४ लाख ६२ हजार निकासा दिएको छ। रकम निकासा दिदा सामुदायिक विद्यालयहरुको अवस्था यकिन गरेर प्राथमिकता र कार्यप्रगतिको आधारमा निकासा दिनुपर्नेमा एकमुष्ठ प्रस्तावको आधारमा निकासा दिएको, शौचालय निर्माण, कम्प्युटर ल्याव, विज्ञान ल्याब निर्माण सम्पन्न भएको प्रतिवेदन पेश नभएको, अनुदान रकमको विद्यालयवाट लेखापरीक्षण गराई प्रतिवेदन पेश नभएको तथा निर्देशनालय एवं मन्त्रालयबाट अनुगमन मूल्याङ्कन भएको प्रतिबेदन समेत पेश भएको छैन। यस्तै प्रकृतिको रकम स्थानीय तहहरुवाट समेत निकासा हुने गरेको छ। तसर्थ दोहोरो नहुने गरी कार्य सम्पादन हुने व्यवस्था मिलाउनु पर्दछ। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १० | **प्रदेश स्वास्थ्य सेवाः-** नागरिकलाई सुलभ स्वास्थ्य सेवा प्रदान गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने विषय सरकारको प्राथमिक क्षेत्रमा पर्दछ। प्रदेशले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने नीति लिएको छ। जनसंख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाहरुको स्थापना, सेवा प्रवाहको नियमन र अनुगमन, स्वास्थ्य बीमा, उपचार सहयोग प्रभावकारी | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | बनाउन प्रदेशले समन्वय समेत गर्नुपर्ने व्यवस्था छ। दक्ष स्वास्थ्यकमी तथा अत्याधुनिक प्रविधि र उपकरण सहितको स्वास्थ्य सेवा प्रदन गरी पोषणको महत्व बारे जागरण बढाउनु पनि प्रदेश सरकारको भूमिका रहेकोमा यस सम्बन्धी कार्य भएको देखिएन। | |
| ११ | **सोझै खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ १) मा ५ लाखभन्दा माथि रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको माल सामान सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । धवलागिरी अञ्चल अस्पतालले प्रतिस्पर्धालाई सीमित गर्नेगरी रु.५ लाखमा नबढाई पटक पटक गरी रु.४६ लाख १९ हजार, गोरखा अस्पतालले रु.६३ लाख ३९ हजार र स्याङजा अस्पतालले रु. ४३ लाख ४५ हजार समेत कुल रु.१ करोड ५३ लाख ३ हजारको फर्निचर, औषधी, उपकरण सोझै खरिद गरेका छन्। वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धा र मितव्ययी पूर्व खरिद कार्य गर्नुपर्दछ । | सामान खरिद गर्दा खरिद ऐनको पूर्ण पालना गरी खरिद गर्न निर्देशन दिने। |
| १२ | **प्रोत्साहन भत्ताः-** बेनी अस्पताल व्यवस्थापन समितिको २०७५/९/१० को बैठकबाट अस्पतालका कर्मचारीलाई प्रोत्सहान भत्ता दिने निर्णय भएअनुसार यस वर्ष करार समेतका १०५ कर्मचारी दरबन्दी ५९ जना भएपनि) लाई कार्यसम्पादन सुचक वेगर रु.२७ लाख १२ हजार प्रोत्सहान भत्ता वितरण गरेको छ । कर्मचारीलाई भत्ता दिने निर्णय गर्ने अधिकार समितिमा रहेको नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| १३ | **लेखापरीक्षण बक्यौताः-**प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा आर्थिक वर्ष समाप्त भएपश्चात लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । यस वर्ष जिल्ला स्वास्थ्य कार्यालय, म्याग्दीको विनियोजन, राजस्व तथा धरौटी तर्फ रु १ करोड ८० लाख ५३ हजारको श्रेष्ता अनुसन्धानमा रहेको कारण जनाई लेखापरीक्षण गराएको छैन । खर्च गरेको रकम प्रति जवाफदेहीता पुरा गर्न समयमा लेखापरीक्षण गराउनुपर्दछ । | लेखा परीक्षण गर्न बाँकी रकमको लेखा परीक्षण गर्न लगाई सोको जानकारी समितिमा पेश गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| १४ | **बेरुजू स्थितिः—** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ :<br>मन्त्रालय तथा मातहत ३२ निकायको रु. १ करोड ९० लाख ९३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रु. ३ लाख ६७ हजार फछ्यौट गरेकोले रु. १ करोड ८७ लाख २६ हजार वाँकी देखिएको छ । सोमध्ये रु. ६२ लाख ४३ हजार पेश्की वाँकी रहेको छ ।<br>समितितर्फ १० अस्पताल विकास समितिको रु ३ करोड ८६ लाख ८८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ समितिको रु. १ लाख ४२ हजार फछ्यौट गरेकोले रु ३ करोड ८५ लाख ४६ हजार वेरुजु वाँकी रहेको छ । सोमध्ये रु. ३० लाख ३२ हजार पेश्की बाँकी रहेको छ । | बाँकी रहेको बेरुजु नियमित तथा फर्छयौंट गरी सम्परीक्षण गर्न निर्देशन दिने। |
| **४.११.५ महालेखा परीक्षकको पहिलो बार्षिक प्रतिवेदन गण्डकी प्रदेश) २०७४/७५ उपर मिति २०८०।१२।०४ गते भएका छलफलका निर्णयहरुः** | | |
| १ | **कार्यसम्पादन स्थितिः**- प्रदेश सरकार गण्डकी प्रदेश कार्यविभाजन) नियमावली, २०७४ बमोजिम सामाजिक विकास मन्त्रालयले गर्नुपर्ने कार्यहरु मध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियम, प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन जस्ता प्रमुख कार्यक्रमहरुको नीति, कानुन तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गरेको नदेखिँदा तोकिए बमोजिम कार्य सम्पादन गर्नुपर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| २ | **मोडालिटि तयारः-** क्यान्सर, मुटुरोग र मृगौला रोगको उपचारको लागि अत्याधुनिक सुविधासम्पन्न विशिष्टीकृत अस्पताल स्थापनाको लागि संभाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन  डि.पि.आर.) तयारी गर्ने र १००० शैयाको आधुनिक अस्पताल निर्माणको लागि स्थानको पहिचान र अध्ययन कार्यक्रम राखेकोमा कार्यदलबाट प्रतिवेदन दिएतापनि डि.पि.आर. तयारीको कार्य भएको देखिएन। त्यसै गरी प्रत्येक गाउँपालिकामा २५ सैया, नगरपालिकामा ५० शैयाका अस्पतालको स्थापना र विकासका लागि स्थानीय तहसंग सहकार्य गरी उपयुक्त मोडालिटी तयार गर्ने कार्यको लागि रु.१७ लाख खर्च भएतापनि कार्य नभएकोले मोडालिटि तयार गरी कार्यान्वयन गर्नु पर्दछ। | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३ | **खेलकूदः-** गण्डकी प्रदेशको नीति तथा कार्यक्रम २०७४।०७५ मा उल्लेख भै कार्यक्रममा समावेश भएको एकीकृत खेलकूद एकेडेमी स्थापनाको लागि कार्यविधि तयारी, स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह एक खेलमैदान निर्माणका लागि कार्यविधि तर्जुमा, अन्तराष्ट्रिय स्तरको क्रिकेट रंगशाला र गल्फकोर्स निर्माणका लागि स्थान पहिचानसहित कार्य योजनाको तयारी, सुविधा सम्पन्न अन्तरराष्ट्रिय स्तरको बहुउपयोगी खेलमैदान केन्द्र निर्माणका लागि अध्ययन गर्ने प्रयोजनको लागि २०७५।०२।२१ मा कार्यदल गठन भएको तथा कार्यदलबाट पंचासे, कोरला तथा अर्मला लगायतका स्थानको समेत भ्रमण गरेको विल भरपाईको आधारमा रु.१० लाख ४६ हजार खर्च लेखेको छ । एक स्थानीय तह एक खेलकूद मैदान निर्माणको कार्यविधि, २०७५ पेश गरेकोमा सुधार गर्नुपर्ने कार्यहरु उल्लेख नगरेको, अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र गल्फकोर्स निर्माणका लागि स्थान पहिचान र कार्य योजना तयारीको लागि ३० बटा स्थान पहिचान गरेतापनि कार्यदलमा प्राविधिक जनशक्तिविना लागत अनुमानको सही विश्लेषण बेगरनै पहिलो वर्ष सिमाङ्कन गर्ने, दोश्रो वर्ष डिपिआर तयार गर्ने तथा तेश्रो वर्ष पूर्वाधार निर्माण लगायतको कार्य योजना पेश गरेकोमा सोको | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | कार्यान्वयन सम्बन्धमा स्पष्ट उल्लेख नगरेकोले कार्यान्वयनको सुनिश्चितता हुनेगरी कार्ययोजना बनाई कार्य गर्नु पर्दछ । | |
| ४ | **सिधै खरिद** :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९ क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट हुनसक्ने रु.३७ लाख ५६ हजारको कार्य सिधै पटक पटक खरिद गरेकोले नियमसम्मत नदेखिएको नियम अनसार खरिद कार्य गर्न पर्दछ। | खरिद गर्दा खरिद ऐन बमोजिम प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्न निर्देशन दिने। |
| ५ | **खोप कोष**:-चालु वर्षको नीति तथा कार्यक्रममा प्रदेशमा प्रदेशलाई पूर्ण खोपमुक्त बनाउन प्रदेश खोप कोषको स्थापना गर्न रु.१ करोड बजेट विनियोजन भएकोमा कार्यविधि तयार गरी विविध ख ६ खातामा जम्मा गरेको छ। निर्देशिका बमोजिम खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मुलन गरी शिशु बाल मृत्यु तथा अन्य व्यक्तिको मृत्युदर घटाउन तथा खोप सेवाको विकास विस्तार र सुदृढीकरण गरी गुणस्तरीय खोप सेवा प्रदान गर्नुपर्दछ । | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |
| ६ | **सेवा प्रवाह**:- राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्था बमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार संचालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा बितरणको | महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने। |

# अनुसूची

## अनुसूची -१ सार्वनजिक लेखा समितिका पदाधिकारीहरु





माननीय सुधिर कुमार पौडेल, सभापति, सार्वजनिक लेखा समिति










उपसमिति संयोजक एवं समिति सदस्य क्रमशः वाँयाबाट माननीय पञ्चराम गुरुङ, माननीय कृष्ण प्रसाद पाठक र माननीय कल्पना तिवारी

## सार्वजनिक लेखा समिति सदस्यहरु



मा. खगराज अधिकारी




मा. जित बहादुर शेरचन



मा.डा. टकराज गूरुङ



मा. टिकाकुमारी बस्याल



मा. दमयन्ती रुचाल




मा. दोर्ण कुमार कुँवर




मा.नन्दकला दमै नेपाली



मा. निर्मला थापा



मा. भिमबहादुर कार्की




मा. सरस्वती गुरुङ



मा. हरि बहादुर चुमान

## अनुसूची -२ सचिवालयका कर्मचारीहरु



श्री हरिराज पोखरेल
पदेन सचिव/प्रदेश सभा सचिव




श्री प्रेम सुबेदी
समिति सचिव/उपसचिव




श्री इन्दु देवी न्यौपाने
उपसचिव (कानून)



श्री पदमराज बराल
समिति कर्मचारी/लेखा अधिकृत आठौं



श्री शशिधर सुबेदी
समिति कर्मचारी/अधिकृत आठौं



श्री चन्द्रकला बस्नेत
समिति कर्मचारी/अधिकृत छैठौं



श्री सुनिता मोक्तान
समिति कर्मचारी/कार्यालय सहयोगी

## अनुसूची - ३ सार्वजनिक लेखा समितिको बैठकका केही झलकहरु



समितिको बैठक (पदाधिकारी तथा कर्मचारीहरु)




समिति बैठक (बाँयबाट क्रमशः कार्यवहाक महालेखा परीक्षक र सभापति)



समिति बैठक (गण्डकी प्रदेश अन्तर्गत विभिन्न निकायहरुका लेखा उत्तरदायी अधिकृतहरु)